बाग्राकोट उच्चतर माध्यमिक विद्यालयको मुखपत्र

# हिमालफेदी

कौस्तुभ जयन्ती विशेषाङ्क

वर्ष ५२, अङ्क ७, जुलाई – २०२४

**कौस्तुभ जयन्ती विशेषाङ्क**

**❑ संरक्षक**

प्रधानाध्यापक

**❑ प्रधान सम्पादक**

रूपेश शर्मा

**❑ सम्पादकमण्डली**

सागर शर्मा

अजय खड्का

**❑ प्रकाशक**

बाग्राकोट उचतर माध्यमिक विद्यालय

चुनाभट्टी, बाग्राकोट, जिल्ला– कालेबुङ,

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन ।

**प्रकाशकः** बाग्राकोट उच्चतर माध्यमिक विद्यालय
चुनाभट्टी, बाग्राकोट-७३४५०१, जिल्ला-कालेबुङ,
गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन, पश्चिम बङ्गाल
**प्रतिः** १०००
**प्रकाशन कालः** जुलाई, २०२४
**आवरण परिकल्पनाः** अमिर सुन्दास
**डिजाइनः** अतीत थापा, मालबजार
**मुद्रणः** ग्राफिक्स प्रिन्टर्स, दुर्गागढ़ी, सिलगढ़ी।

# विषय खण्ड

सन्देश/४–१०
हेडमास्टर डेक्स/११–१६
सम्पादकीय/१७–२१
इतिहासकाल/२५–७८
विकासकाल/८१–१०२
कोरोनाकाल/१०५–१३६
वर्तमानकाल/१३९–२२४

अनित थापा
ANIT THAPA

सत्यमेव जयते

प्रमुख कार्यपाल
गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन
Chief Executive
Gorkhaland Territorial Administration


मितिः ०६ जुलाई २०२४

## "सन्देश"

बाग्राकोट उच्चतर माध्यमिक विद्यालयमा पाइला टेक्ने सौभाग्य प्राप्त नभए तापनि तपाईंहरूका सिर्जनात्मक कार्यहरूबाट अवगत छु। थुप्रै अवसरहरूमा विद्यालय परिवारका सदस्यहरूसँग भेटेर अन्तरक्रिया गर्ने सुयोग मिलेको छ। विद्यालयले एउटा छुट्टै गरिमा र विरासत बोकेको छ। बद्रीनारायण प्रधानजस्ता स्वनामधन्य व्यक्तित्व तपाईंको विद्यालयका संस्थापक र सुदीर्घ प्रधानाध्यापक रहनु तपाईंहरूको अहोभाग्य हो। उहाँहरूका दूरदर्शी सोच र कार्यप्रणालीले त्यस क्षेत्रलाई साहित्यिक, सांस्कृतिक, साङ्गीतिक, शैक्षणिक, भाषिक, सामाजिक अनि सिर्जनात्मक कार्यमा अग्रता प्रदान गरेको छ। समाजलाई मार्गदर्शन गर्ने सही व्यक्तित्व, बुद्धीजीवी र शैक्षिक घड़ेरी बलियो भएको ठाउँले यसरी नै आफ्नो क्षमता विकासका लागि अवसर र प्रेरणा प्राप्त गर्दछ। यस अर्थमा, तपाईंहरू भाग्यशाली हुनुहुन्छ।

कुनै विद्यालयले आफ्नो गतिशील यात्रामा जब ७५ औं वसन्त टेक्छ, त्यसबेला त्यो क्षेत्रमै खुशीको हरियाली छाउँछ। सयौँ भूतपूर्व विद्यार्थीहरूलाई यो क्षणले गौरवबोध गराउँछ। उनीहरू आफ्नो 'अल्मा मेटर'- प्रति नोस्टाल्जिक हुन्छन्। आफ्नोपनको भावले उनीहरूलाई पुनः विद्यालयतर्फ फर्केर हेर्न प्रेरित गर्छ। अनेकौँ वर्षअघि आफ्नो शैक्षिक जग बसालेर कर्मशील बनेका हजारौं मनहरूलाई यो ऐतिहासिक अवसरले भावनात्मक रूपमा जोड्दछ। अनेकौँ चुनौतीबीच एउटा विद्यालयले ७५ वर्षको यात्रा पूरा गर्नु आफैमा आत्मसम्मानको विषय हो।

यस गौरव-वर्षमा तपाईं हरूले विद्यालयको मुखपत्र 'हिमालफेदी' लाई कौस्तुभ जयन्ती विशेषाङ्कको रूपमा प्रकाशित गर्नलागेको जान्न पाउँदा म धेरै खुशी छु। पत्रिकाले आफ्नो स्थापनादेखिको इतिहासलाई यस अङ्कमा समेट्न सकोस्, त्यस इतिहासले भावी पुस्तालाई प्रेरित गर्न सकोस् अनि आफ्ना पूर्वजहरूका कामप्रति गर्वबोध गर्न सिकाओस् भन्ने कामना राख्दछु। तपाईंहरू एउटा कर्मशील र गतिशील यात्रामा हुनुहुन्छ। यस यात्रामा चुनौतीहरू निश्चय छन्। तर, तपाईंहरूका दृढ़ता र प्रतिबद्धताले त्यसलाई उछिन्ने सामर्थ्य राखोस् भन्ने पनि मेरो कामना छ।

कौस्तुभ जयन्तीको यस पुनित् अवसरमा सम्पूर्ण विद्यालय परिवारमा हार्दिक बधाई एवम् शुभकामना टक्राउँदछु।

सधन्यवाद।

**तपाइको विश्वासी,**

**(अनित थापा)**
**प्रमुख कार्यपाल,**
**गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन,**
**दार्जीलिङ्ग।**


GTA Secretariat, Lalkothi, Darjeeling – 734101
+91 0354 2254434 chiefexecutivegta@gmail.com

**RUDEN SADA LEPCHA**
Member,
West Bengal Legislative Assembly

Relli Mission Tar. B.P.O. Lolay
Dokan Dara, Lolay G.P.
P.O., P.S. & Dist. : Kalimpong
Pin. : 734301
M. : 7001082408
8653454487
e-mail : valentinelepchakalimpong@gmail.com

Date ..........................................
Date: 19th June 2024

# Message

To,
The Headmaster
Bagrakote H.S.School
Kalimpong
Gorkhaland Territorial Administration

Dear Sir,

It is with great pride and exhilaration that I extend my heartfelt congratulations to Bagrakote H.S.School on the momentous occasion of its 75th anniversary. Celebrating 75 years of excellence in education is a remarkable achievement and a testament to the unwavering commitment of the entire school Fraternity.

Since its inception Bagrakote H.S.School has not only been a beacon of knowledge and learning but also a pillar of strength in our community. For generations, it has nurtured and shaped young minds, guiding them to reach their full potential and become responsible, enlightened citizens.

As we mark this Platinum Jubilee, we reflect on the countless contributions made by the dedicated educators, staff, and supporters who have been the backbone of this esteemed institution. Their tireless efforts and passion for fostering an environment of growth and discovery have been instrumental in the school's sustained success.

To the students and alumni, your achievements and endeavors are the living testament to the school's enduring legacy. Your pursuits in academics, sports, arts, and beyond have brought pride to Bagrakote H.S.School and have established its reputation as a cradle of excellence.

On this auspicious occasion, I encourage you all to cherish and celebrate the rich history of Bagrakote H.S.School, to honor its traditions, and to look forward with optimism and confidence. Let this milestone be a reminder of the extraordinary journey that has been traveled and a motivation to continue striving for greatness in the years to come.

Congratulations once again on reaching this incredible milestone. Here's to many more years of success, growth, and achievements!

Warm regards.

RUDEN SADA LEPCHA
22, KALIMPONG A.C.
MEMBER
WEST BENGAL LEGISLATIVE ASSEMBLY

**सञ्चबीर सुब्बा**
**SANCHABIR SUBBA**

**उप-प्रमुख कार्यपाल**
गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन
**Deputy Chief Executive**
**Gorkhaland Territorial Administration**

## सन्देश

सेवामा, मितिः १८ जून, २०२४
प्रधानाध्यापक,
बाग्राकोट उच्चतर माध्यमिक विद्यालय।

**महोदय,**

'हिमालफेदी'-को स्वर्ण जयन्ती विशेषाङ्क प्रकाशित हुनलागेको समाचारले धेरै हर्षित छु। समय-समयमा बाग्राकोट उच्चतर माध्यमिक विद्यालयको सञ्चालन समितिमा रहेर काम गर्न पाउँदाको मेरो अनुभव विशेष छ। विद्यालयसँग मेरो आत्मीय सम्बन्ध मात्र होइन, निजत्वबोध समेत भएकोले मलाई बाउमावि-को हरेक सिर्जनात्मक र नवोन्मेषी कार्यप्रति गर्वबोध हुने गर्दछ।

कुनै विद्यालयले ७५ वर्षको गरिमामयी यात्रा पूरा गर्नु चानचुने कुरा होइन। यो यात्रामा विद्यालयले निर्वाहमुखी भएर मात्र हिँड़ेन, यसले अनेकौँ नयाँ पाइला र फड्कोहरू मारेको हामीले देखेका छौँ। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अधीनस्थ क्षेत्र मात्र होइन, डुवर्स अञ्चलका अनेकौँ चियाबारी र दुर्गम गाउँका विपन्न परिवारका नानीहरूलाई निरन्तर शिक्षादान गरेर यो विद्यालयले तृणमूल स्तरमा गहिरो छाप छोड़ेको छ। हामीलाई लाग्छ, विद्यालयले आम जनमानस र हितधारकहरूमा एउटा 'हेरिटेज'-को स्थान पाइसकेको छ। यो सम्मान र गौरव सबै विद्यालयलाई प्राप्त हुँदैन।

'हिमालफेदी'-को एउटा छुट्टै इतिहास छ। नयाँ कलेबर, विषयवस्तु र परिकल्पना अनुसार विद्यालयको मुखपत्र प्रकाशित हुनलागेको सुन्दा उत्साहित छु। खासगरी, पत्रिकाको यो अङ्क विद्यालयको इतिहास र संस्थापकहरूका योगदानलाई रेखाङ्कित गरेर निकाल्न लागेको जान्न पाउँदा झनै प्रसन्न छु। यस्ता इमानदार प्रयासले नयाँ पुस्तालाई आफ्ना पूर्वज तथा इतिहासनिर्माताहरूप्रति सम्मानका दृष्टिले हेर्न मात्र सिकाउँदैन अपितु उनीहरूका कार्यबाट प्रेरणा लिएर अघि बढ्न पनि अभिमुख गराउँदछ। त्यसकारण इतिहासलेखन र इतिहासपठन दुवै अति नै महत्त्वपूर्ण कुरा हुन्।

यहाँहरूको सत्प्रयासको मुग्धकण्ठले प्रशंसा गर्दै बाउमावि परिवालाई कौस्तुभ जयन्तीको ऐतिहासिक अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु। 'हिमालफेदी'-को यो अङ्कले भावी पुस्तालाई विद्यालयको इतिहाससँग साक्षात्कार गरोस् अनि विद्यालयका नवोन्मेषी कार्यहरूको पनि दस्तावेजीकरण होस् भन्ने कामना राख्दछु।

सधन्यवाद।

सञ्चबीर सुब्बा

**सञ्चवीर सुब्बा**
प्रभारी सभासद्,
शिक्षा विभाग, जीटीए एवम् क्षेत्र सभासद्।

Lalkothi Secretariat, Darjeeling- 734101
(Mobile: + 91 90643 05224) (e-mail: deputychiefexecutivegta@gmail.com)

**OFFICE OF THE DISTRICT MAGISTRATE, KALIMPONG,**
**EDUCATION SECTION**
**PO & PS – KALIMPONG, PIN – 734301**
**E-mail :deossmkalimpong@gmail.com**

---

## Message

Date: 16/06/2024

I am glad to know that Bagrakote Higher Secondary School, Bagrakote, Kalimpong has completed 75 glorious years of its existence and is celebrating Platinum Jubilee this year. To commemorate this historic landmark, the school is bringing out a School Magazine as a Platinum Jubilee Souvenir. I congratulate the students, teaching staff, non-teaching staff and the management body on this auspicious and historic occasion.

I hope that this institute will continue enabling and empowering its students to meet life's challenges with knowledge supported by wisdom, skill and ethical values. I wish the institution all the success and glory in the years to come.

**SUSHMITA SUBBA, WBCS (Exe.)**
District Education Officer
Samagra Siksha Mission
Kalimpong


# OFFICE OF THE DISTRICT INSPECTOR OF SCHOOLS

**SECONDARY EDUCATION**

**Dist. Kalimpong GTA: Pin. 734301**

**Office address: Ringkingpong Road near Kalimpong College; e-mail: dissekpg@gmail.com**

**Memo No: /DI/SE/KPG** Date: 20/06/2024



To
The Headmaster
Bagrakote HS School
Bagrakote, Kalimpong

Sir,

It has been an exhilarant news to be given to know about the publication of the Platinum Jubilee edition of your school's magazine "Himalphedi".

It is understood that the school magazines are the face of the school and displays the personality of the school inmany ways. It plays a role in fostering new talent in writing for children. The school magazine is a historical document of the growth of the school. It informs the future generation of students about the traditions built up of their school. This valuable publication is the opportunity that students require to show their creative talents.May the publication of Himalphedi showcase the strengths and achievements of your strivings.

I wish the team and the school my best wishes for the development and advancement of the school in future.

**District Inspector of schools**
**Secondary EducationKalimpong**

कार्यालय

# असम गोर्खा सम्मेलन

অসম গোর্খা সন্মিলন ASSAM GORKHA SAMMELAN

(Estd. 15th May, 1943)
Moni Kumar Subba Bhawan, K.B. Banerjee Path, Paltan Bazar, Guwahati-781008
Regd. No. RS/KAM/240/H/146 of 1998-99
Chief Gen. Secretary : +91 70025 42383 :: General Secy. (O) +91 99572 25886
Email: asomgokhasammelan@gmail.com :: Website: www.assamgorkhasammelan.org

Ref. No. AGS/MESSAGE/2024/397 Date 17.04.2024

सेवामा,
प्रधान सम्पादक
'हिमालफेदी'
बाग्राकोट उच्चतर माध्यमिक विद्यालय,चुनाभट्टी,बाग्राकोट

जिल्ला- कालेबुङ,जीटीए।

महोदय,

दार्जिलिङ-कालेबुङ अनि डुवर्स भेगमा एक विशिष्ट नेपाली मातृभाषाको शैक्षिकसंस्थानका रूपमा प्रतिष्ठित बाग्राकोट उच्चतर माध्यमिकको यो कौस्तुभ वर्ष रहेछ। यस उपलक्ष्यमा 'हिमालफेदी' स्मारिका प्रकाशित हुने जानकारी पाएर हर्षविभोर बनेका छौँ । हामी जातीय सचेतनाको महाअभियानमा जुटेका छौँ। विराट राष्ट्र भारतमा हामीले उन्नतिको शिखर-आरोहण सफलतापूर्वक गर्न मातृभाषा शिक्षा अत्यन्तै प्रयोजनीय र प्रार्थनीय छ। बाग्राकोट उच्च माध्यमिक विद्यालयले ७५ वर्षको यात्रामा सामाजिक जागरणसँगै सभ्य र संस्कारित समाजनिर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको तथ्यसित हामी अनभिज्ञ छैनौं। देश र समाजका सबल स्तम्भहरूको निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेक्रममा बाग्राकोट उमावि-ले पचत्तर वर्ष पार गर्नु ऐतिहासिक उपलब्धि हो।

यहाँले 'हिमालफेदी- का लागि उपयोगी रचना माग्नुभएको थियो तर अहिले आफू र सम्पूर्ण अगोस हर्ताकर्तानै असममा जातीय अस्तित्वको प्रश्नलाई सार्थक निष्कर्षमा पुऱ्याउने महत अभियानमा न्वारानदेखिको बल लाएर लागिपरेकोले सम्भव हुन सकेन। तथापि केही शुभेच्छा-शब्द भने कार्यव्यस्तताकै माझ फुर्सद पारेर लेख्न जरुरी ठान्यौँ। डुवर्स,बाग्राकोट र यस विद्यालयसित गहिरो आत्मीयता रहेकोले शुभेच्छा शब्द नलेखी सकिएन। हिमालफेदीले ज्ञानोपयोगी सामाग्री पस्कियोस्। किनभने आवेगिक यो जातिलाई सत्यज्ञानको अत्यन्तै खाँचो छ। यथार्थपरक हिँडाइको कमीले हामी अझै पछौटे छौं। तपाईंहरू सुविज्ञ हुनुहुन्छ,दूरगामी महत्त्वका सामग्री छनौट गर्नु हुने नै छ। तपाईंहरूको कार्यतत्परतालाई नमन र अभिनन्दन जनाउँदछौँ। शिक्षणपेशा सर्वश्रेष्ठ पेशा हो। यो पेशाभन्दा अधिक उत्तरदायित्व हो।

विश्वस्त छौँ,यहाँहरू दत्तचित्त हुनुहुन्छ। आँटेको पुगोस्। आगामी कौस्तुभ जयन्तीको उपलक्ष्यमा हुने समारोहमा सशरीर उपस्थित भएर यहाँहरूलाई कदर गर्न उत्साहित छु। हिमालफेदी-सामाजिक जागृति अनि कौस्तुभ जयन्तीको सार्थकतामा कोसेढुंगा साबित होस् भन्ने अन्तरहृदयबाट कामना गर्दछु।

सधन्यवाद-

शुभेच्छासहित-

(कृष्ण भुजेल)
सभापति
असम गोर्खा सम्मेलन

# Message


Dated 17th June 2024

To,
The Headmaster
Bagrakote H.S. School
Chunabhatti, Kalimpong.

It is a matter of immense pleasure and happiness that Bagrakote Higher Secondary School , Chunabhatti, Kalimpong is coming out its Annual School magazine. I wanted to extend my heartfelt appreciation to the headmaster Sagar Sharma, Nodal Teacher Rajen Sunar and entire school team for actively supporting the Kanayshree Prakalpa Scheme. Your commitment of empowering young girls through education and financial assistance is truly commendable.

My best wishes to the students so that they any always brighten the name of the institution.

With best wishes for all your future endeavors.



Smt. Bijay Pradhan
Kanayshree Prakalpa
Kalimpong-1 Dev. Block

**From the Headmaster's Desk**



**Sagar Sharma,** Headmaster

**Dear Students, Parents and well-wishers,**

A warm greetings to all. As we step into the 75th years of glorious existence, we would like to extend good wishes and congratulations to all concerned. Today marks a significant milestone in the history of our school as we celebrate our 75th Foundation Day. It is a momentous occasion that allows us to reflect on the journey we have undertaken, the achievements we have realized together.

Seventy-five years ago, a vision was born, a vision of nurturing young minds, fostering academic excellence, and instilling values that would shape the leaders of tomorrow. As we stand here today, we honor the dedication and hard work of those who laid the foundation of our esteemed institution.

Over the years, our school has evolved and grown, adapting to the changing times while staying true to its core principles. We have witnessed countless success stories, witnessed the transformation of eager learners into confident individuals ready to take on the challenges of the world. As I pen down these words for the special edition of our school magazine, I am reminded of the countless stories of triumph, perseverance, and camaraderie that have defined our community.

This milestone not only signifies longevity but also resilience, innovation, and unwavering commitment to our core values. As we celebrate our past, we also look to the future with hope and determination. We are committed to providing our students with the best possible education equipping them with the skills, knowledge and values they need to thrive in an ever-changing world.

Likewise, we are striving a lot, despite poor and limited resources, to provide quality education as well as to provide different opportunities to our students to build or nurture their skills. The flow of everything was disturbed by the outbreak of COVID. Even the human existence was at stake. Physical attachment and face to face meet had become a matter of distance. Despite all these, we did not want to compromise with the education of the students.

In an effort to contain the COVID-19 Pandemic Prime Minister of India declared a complete lockdown of the entire country for 21 days from March 25, 2020 onwards. Everything was stalled, not even the educational institutions were exempted. It was for the safety and security of the people at large. But, Bagrakote H.S. School came forward to keep the students intact with their studies. From the 27th of March 2020, we started providing home assignments to the students on online mood.We had created an official page on Facebook in 2020 to showcase our activities and to remain in contact with our students and well-wishers. Through the same platform we started to share study materials to the students. Besides the education of the students, we had thought that

the students might not get isolated and indulge in evil habits and damage their lives.

There was complete lockdown all over. All the job sectors were closed down. We feared that our students might not get enough to eat and accordingly we formed a team of teachers and began to proceed towards the villages to have firsthand information and to comprehend the ground reality of our students' condition. We distributed dry Mid-Day Meal materials in different villages reaching out door to door to our students. We collected their phone numbers and, in some stances, we managed the students with their companions and convinced the parents for online classes. We started online classes from 29th April 2020 guided by a well framed class routine from 10 am to 3 pm every day from Monday to Friday. The experience was very exciting and provided learning opportunities even to the teachers. All the teachers began to make the maximum use of available technology and social media platform to create videos related to their lessons and the teaching-learning was entertaining.

Bagrakote H.S. School took different measures to keep in touch with the students in the days of crisis. We thought that the students should not feel isolated and depressed. For that, we organized virtual competitions like art competition, dance competition, poetry recitation competition and the like during the days of virtual classes. Students had to send their performances through WhatsApp Groups, and the response was overwhelming. Even we organized virtual Teachers' Day where students sent their videos of performances and were displayed in the school hall before the presence of the teachers virtually.

Though in the days of COVID-19 pandemic everyone was struggling to survive, our three students= PriyaChhetri, RomiThapa, and PritiDarjee- made us proud by clearing the National Scholarship Exams, from which they have been receiving Rs. 12000/-per annum each as scholarship.

Our team worked towards imparting education even in the risky days of COVID-19 pandemic was outstanding. Despite several infrastructural and resource shortcomings we were able to reach out to 90% of our students with their study materials. Considering our relentless efforts in the field of education and our dedication towards our students during lockdown periods, Bagrakote H.S. School was awarded with Dronacharya Award on the 16th of June 2022 by Darjeeling Universal Campus under the aegis of MAKAUT University. This sort of felicitation and organizational recognition to the school was for the first time in the 75 years of its glorious history.

Likewise, we were supported by the family of AnandLakhotia, well-wisher of our school, by constructing a Library Hall in the fond memory of his nephew, Late Abhishek Lakhotia, ex-student of this school, on 5th September 2020.

Our students are nowadays successfully participating in different district and state level competitions. In January 19, 2021, Sneha Sharma won Kalimpong District level Drawing Competition. Prasanna Khawas won singing competion in District level Kala Utsav along with Sangita Roy in Arts Competition. Our students are being provided platform to expose their talents by NHPC, Kalijhora round the year. Our students are competing with their counterparts of other well-known schools in different fields. They are successfully participating in Science Fairs, Science Congress and many other academic and co-curricular activities under the able guidance and supervision of our teachers. In the year 2022,

Saraswati Singh, student of Class XI of our school, had represented Kalimpong District in the State level in a Project Presentation at Kolkata. Similarly, in the same year, ElinaSunar of Class XI also had represented Kalimpong District at State level in Kolkata under Indian Classical Song category. Those were the moments to be cherished by all of us.

We did not remain there. In order to boost the morale of the students and the teachers in the days of lockdown when everywhere immature corona deaths were being seen and heard, we organized Bhanu Jayanti Program on the 13th July 2021. The program was actively participated only by the teaching and non-teaching staff. Similarly, we conceived that when we re-enter the classes with our students after COVID-19 days, we might face a huge challenge in regard to the educational level of our students. For the same, we thought to develop professional skills of our teachers. That's why we organized two days' workshop on the 7th and 8th of August 2021 under the theme "Teaching Language: Changing the way we teach English". Everyone was benefitted and energized through the workshop. It was one of our several endeavors to provide quality education to our children.

After lockdown, when school re-opened, we faced the problem of drop-out students. We found that many of our students didn't turn up for admission and when contacted they refused to attend school, thus, aggravating the situation. We, in the school, feared that those dropped out students might fall prey to the evil habits and might destroy their lives. So, we formed a team of 10 teachers- Ribika Roka, Durgi Gurung, Anamika Darjee, Rachana Sharma, Dewki Subba, Sangita Rasyli, Shyamal Tamang, Pravesh Ghimiray and Niran Chhetri- to make village-wise survey to find out the exact figure of drop outs and the reasons of their being dropped out. In this way we became successful to bring back 84 dropped out students to the school by providing them free studentship and other related supports. During the survey it was also found out that many students could not complete their studies even up to Matriculation. They have been compelled to help their parents in household choirs to add to the earning of the family because of their economic background leaving behind their studies. So, in order to to help such dropped out students we have started a Study Centre of West Bengal Council of Rabindra Open Schooling at our school on and from 3rd June 2022. This Centre will be going to help the deprived sections of the students in their studies in future.

In our effort to provide modern day facilities and also to upgrade infrastructure in the school, we, a term of teachers, staff, ex-students and present students, came out with a unique program. Our motto behind the program was not only as mentioned above, but it was also to connect the school with the society. The drive was socialization of the school and mobilization of the society/community towards the school. Accordingly, we organized 'Dewsi-Bhailo', a Nepali Hindu Religious Cultural fest observed during Diwali, in different villages of the locality. The first such program was organized on the 6th November 2021 at Chunabhatti Playground under the aegis of Chunabhatti JankalyanSamaj. All the Clubs and Societies of different places supported our cause by providing all sorts of logistic supports. Fund collected from the program was utilized for the development of the School Library and for the construction of Smart Class along with the cash contribution done by the teaching and non-teaching staff of our school and Rs. 1, 31, 251/- donated by our ex-student, Mr. Prashant

Subba, working at present as a Manager in State Bank of India, and his friends on the 20th December 2021.

We have been striving a lot to provide good environment and quality education to our children. Our main objective is to make Bagrakote Higher Secondary School the bast learning center. As we all know, even Rome was not built-in a night, we are toiling hard to improve the educational standard of the school. To provide better alternatives in higher studies, we have introduced Commerce Stream in the school from the 10th of April 2022. It was our sincere effort to have the students from the poorer sections of the locality who could not afford to study those subjects in far off places.

**Educational seminar on the 16th December 2022:**

We faced tremendous challenges in the classes after lockdown. Everywhere, we heard the tantrums of parents, teachers and different stakeholders about the educational crisis aroused due to pandemic. They were worried to find the deteriorated standard of the studies of the pupils. So, in order to find out the solution to the crisis and to develop professional skills not only of our teachers but also of the entire schools of our vicinity, we organized an educational seminar, entitled "Educational Standard of the students in Post Covid days: An observation and solution", on 16th, December 2022. Almost 23 numbers of schools from Kalimpong district and one from terai and attended the seminar, which was interactive one.The seminar provided a new path to the teachers to deal with their curriculum and with the emotions of the students.

**Introduction of Bharat Scouts and Guides:**

As a team, we have been working to improve the educational standard and professional skills of our teachers for the future of our students. In order to make the students active and disciplined, we have introduced Bharat Scouts and Guides from 2023. We organized 7 days training program in our school, where our teachers, Mr. Samir Mukhia and Mr. ShyamalTamang, got the training of Master Guides. School is slowly and gradually stepping forward for achieving holistic development of our students.

**Board Results:**

This school is imparting education to the average and below average students and that also from the economically deprived sections of the society. Children from better family background opt for their studies in Private Institutes. Our teachers toil hard to produce Kohinoor out of the heap of charcoal. That's why we have been securing good pass percentage every year both in MadhyamikPariksha and Higher Secondary Examinations. In the year 2023, 88.95% of our students fared well in their MadhyamikPariksha. Similarly, in Higher Secondary Examination 2023, 93% of the students passed their examinations, with 5 students securing more than 80% and 11 students securing above 75% marks. We hope to do better in the coming days, but cooperation and support from the parents is equally important to achieve the goal. But the irony is that still many of our students are the first-generation learners.

For the proper understanding and to have first-hand information regarding educational problems and hurdles being faced by the teachers and the students, we organized a fortnight long opinion sharing program named "Talks with the Headmaster". The main objective of the program was not only to comprehend the problems, but also to find out collective solutions to the burning issues, if any.

This program gave me, as head of the institute, an opportunity to listen to the grievances of all concerned and their innovative ideas to tackle the issues. The idea was to find innovative approaches to improve the standard of the school and the education.

**Our other initiatives:**

The other improvements that we did for the betterment of our students was the installation of a Filter Plant for drinking water on the 31st May 2023 in the school premises. The RO plant was donated by Mrs. Manju Bajaj, ex-student of the school and now the resident of Sikkim, under the aegis of Lions Club of Siliguri and Bajaj Seva Trust, Siliguri in the fond memory of her deceased father Late JugalKishor Agarwal, resident of Bagrakote Top Line. The Project was conjectured by the able son, Mr. Devendra Bajaj, of Mrs. Manju Bajaj, who had paid a running visit to our school and had witnessed the necessity of the same.

Accordingly, we thought that there should some line of string that must emotionally tie up all together in one feeling of attachment to the legacy of such an institute that has been serving gloriously for the last 75 years to the society. Further, it was felt that everyone should sing the glory of this institution from where they are benefitted from one point or the other. For that very purpose in mind, we formed a team comprising myself, Rupesh Sharma, BasantThapa, Ajay Kharka and Amir Sundas to compose such a song that could unite all together in one string. Finally, Ajay Kharka Sir composed the song with the approval of the team. Music was composed by Sri Gautam Biswakarma, ex-student of the school and a retired defence personnel. We recorded the same in Sound Track Studio, Salbari, on the 6th June 2023 to which the voice was given collectively by Ajay Kharka Sir, Bivek Chhetri Sir, Prasanna Sharma Ma'am (A/T, Shankar H.S. School), Priya Chhetri (student), Elina Sunar (student), Dipen Gadaily (student), and Sri Raj Ghatani (ex-student). The song was released on the 13th July 2023 on the occasion of Bhanu Jayanti.

We worked as a team, and still walking ahead in co-ordination with the teachers, parents and the society. Whatever we do, we do for the betterment of our students. In the field of providing scholarships and other governmental facilities to the students, our Nodal Teachers of different departments are giving their cent percent in their respective fields. In the field of KanyashreePrakalpa, a flagship project of the government of West Bengal, our school has done outstandingly well in the entire district of Kalimpong. On the 14th August 2023, our school was awarded with the Best Performing School in Kalimpong by the District Magistrate.

**Grand Assembly (Re-union of the Alumni):**

As the school has been celebrating its Platinum Jubilee consecutively for three years since 2022, we thought to organize a Re-union of the Alumni so that they might get an opportunity to come back to their Alma matar and have nostalgic memories of their school days. The program was organized on the 9th November 2023 with a name Grand Assembly. It was an emotional moment when we inaugurated the program at the hands of the first Madhyamik batch student, Sri Padam Singh Lama, who was the sole surviving member of the first MP passed student of the school.

This type of programs is being organized to socialize the school and also to mobilize the community for the betterment of both the entities.

Again, from the 16th Nov 2023 we organized a weeklong Dewsi-Bhaili program

jointly with the BagrakoteSanskritikManch, to collect fund for observing Platinum Jubilee programs and to build certain infrastructures in the school. Our ex-students, parents and well-wishers gave us an overwhelming response and for that the program was a grand success. This year, our school donated certain amount collected from the teachers, dewsi program and the contribution received from Sri P. Nirup, senior advocated, Supreme Court of India, to the flood victim students of Totgaon.

The school has been struggling with the poor school building since years. Several prayers to the individual and the departments had fallen into deaf ears. But after the visit of the present GTA, Chief Executive and the M.L.A., Kalimpong, we are blessed with a new school building sanctioned from PBSSM Department and the construction of the same is under process after the foundation stone being laid by Sri RudenSadaLepcha, Hon'ble M.L.A., Kalimpong in presence of Sri SanchabirSubba, Deputy Chief Executive, GTA on the $18^{th}$ December 2023. Still there is a tremendous need of a gigantic school building as the major portion of the existing building is under vulnerable condition.

This year being the Platinum Jubilee year of the school, the school has planned to observe the same with great splendor. We expect the active co-operation and support from all our ex-students, parents and well-wishers. To inaugurate the year's program, we had organized a Road Race of nearly 15 kms from Monpong Check Post to the school premises on the $11^{th}$ February 2024. The event was a grand success with the active support and co-ordination of different Clubs, Organizations, Youths, well-wishers, Army personnels, police administrations and the individuals from different areas of the locality.We have been trying to bring reformations in the management and administrations of the school.

We are trying to involve individuals and the organisations in our efforts to bring changes in the school. In one of our efforts, we appealed to our friends, ex-students and well-wishers for the donation of fans. We received an alarming response where we could collect 42 fans that are now mounted in different classes. We cannot forget the contributions of the Senior Managers of Puthorjhora Tea Garden, Washabari Tea Garden and all other individuals and organizations who donated fans to the school.

We look forwared to work hands in hands with all the individuals and the organizations to improve the educational standard of the students. The school and society is complimentary to each other. None can successfully survive and fulfill the motto of their existence without the co-ordination of one another. As such, we appeal all concerned to reach to the depth of any rumors and allegations before believing into that and before reaching to any conclusion. School always keeps its door open for the healthy suggestions, co-operation and support. Finally, it will be our earnest prayer and appeal, let's work together to make the better tomorrow of our students.

Thank you all.

**सम्पादकीय**

# इतिहास अभिलेखीकरणको प्रयास

यो वर्ष बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि)–को कौस्तुभ वर्ष। बाउमावि–ले ७५ वसन्त पूरा गरेको वर्ष। भारत स्वतन्त्र भएको दुई वर्ष पनि नबित्दै १० मई, १९४९ मा तत्कालीन समाजसचेतकहरूले यो शैक्षिक संस्थानको स्थापना गरेका थिए। उनीहरूका भविष्यदर्शी सोचले हाम्रो समाजलाई दीर्घकालीन लाभ दिएको छ भने त्यो विरासतको संरक्षण गर्ने परवर्ती पुस्ताहरूको प्रयासको फलस्वरूप आज यो बौद्धिक सम्पदाले आफूलाई एक शैक्षिक 'धरोहर' (हेरिटेज)–को रूपमा विकास गर्न सकेको छ। पछिल्लो साढ़े सात दशकमा यस विद्यालयबाट कैयौँ युवा पुस्ता आफ्नो बौद्धिक घड़ेरीको जग बसाल्न समर्थ बनेका छन्। यस विद्यालयका भूतपूर्व विद्यार्थीहरूले समाजलाई अग्रणी नेतृत्व दिएका छन्। धेरै पूर्व विद्यार्थी पेशागत उँचाइमा पुगेका छन्। शिक्षा, कला, साहित्य, संस्कृति, प्रविधि, अभियान्तिकीलगायतका अनेकौँ क्षेत्रमा यस विद्यालयका उत्पाद (प्रोडक्ट)–हरूले उल्लेखनीय प्रगति गरेको देख्दा/सुन्दा हामी गौरवान्वित छौँ। कुनै पनि समाजको निर्माणमा यसकारण पनि शिक्षा र शैक्षिक केन्द्रको दीर्घकालीन महत्त्व रहिआएको हुन्छ। हाम्रा पूर्वजहरूले देखेका सपना यसरी फलिभूत हुँदा निश्चयै उनीहरूका आफन्तजनका शिर पनि आफ्ना अभिभावकका सम्मानमा निहुँरिँदो हो।

७५ वर्षमा विद्यालयले के–कस्तो उपलब्धि हासिल गर्‍यो, त्यसको लेखाजोखा समाजका विज्ञजनले गर्ने कुरा हो। इतिहासको यो धारामा वर्तमान शिक्षकपुस्ता त्यो समृद्ध विरासतको गतिशील संवाहक बनेर शिक्षादान गर्न पाउनु हाम्रा लागि गौरवको विषय हो। मूल्य प्रवर्धनको यो प्रक्रियामा हामी एक गतिशील अङ्ग मात्र हौँ। यो शैक्षिक संस्थानका मुख्य हितधारक (स्टेकहोल्डर) विद्यार्थी पुस्ता, अभिभावक र गोटा समाज हो। शैक्षिक धरोहरको समृद्धि र गुणस्तरीय शिक्षाको विकासमा त्यसकारण अभिभावक, समुदाय र समाजको महत्त्वपूर्ण भूमिका हुन्छ। शिक्षक–अभिभावकको दोहोरो उत्तरदायित्वबिना गुणस्तरीय शिक्षाको अपेक्षित उपलब्धि हासिल गर्न सकिँदैन। त्यसैले वर्तमान शिक्षा पद्धतिमा समुदायको सक्रिय सहभागिता (कम्युनिटी मोबिलाइजेसन)–माथि विशेष जोड़ दिइएको छ। भोलिको समाज र राष्ट्र कस्तो बनाउने भन्ने कुराको जग आजको मानव सम्पदा कसरी तयार गरिँदैछ भन्ने कुरामा निर्भरशील रहन्छ। त्यसैले शिक्षाप्रति उदासीन समाज पछौटे बन्छ।

यस विद्यालयका संस्थापकहरूले धिब्री र चित्राको युगमा शिक्षाको ज्योति छर्ने सोच राखेका थिए, जो आफैमा चुनौतीले भरिएको थियो। 'कसरी पढ्नुपर्छ'

भन्ने भन्दा पनि 'जसरी पनि पढ्नुपर्छ' भन्ने चेतनाले उनीहरूलाई झक्झकाएको हुनसक्छ। त्यसताकका समाजका अगुवाहरू नै जङ्गल–जङ्गल कुदे बाँस खोज्न। काँध पिल्सिउञ्जेल बाँस बोके। बाँसकै चित्रा बाँसकै बेरा बनाए अनि कक्षा सञ्चालन गरे। समाजका लागि यसरी श्रमदान गर्दा न संस्थापकहरूलाई हीनताबोध भयो न चित्राको घरमा पढ्ने विद्यार्थीहरूलाई लघुताबोध। हाम्रो विद्यालयको यस्तो इतिहास पढ्दा–सुन्दा सुख–सुविधामा हुर्किएको वर्तमान पुस्तालाई अपत्यारिलो लाग्न सक्छ। तर हाम्रो शैक्षिक घड़ेरीको जग त्यसरी नै बसेको थियो। कुनै पनि कुराको इतिहास बुझ्नु र पढ्नु किन आवश्यक हुन्छ भने त्यसले हामीलाई निराशाहरूबीच आशावादी हुन सिकाउँछ। कोही कोही बेला हामीलाई लाग्छ, समस्या र सङ्कटहरू हाम्रै पुस्ताले मात्र भोगिरहेको छ। तर इतिहास पढ्दा हामीलाई बोध हुन्छ–हाम्रा पूर्वजहरू कति कठिन दिनहरूको सामना गरेर अघि बढ़ेका थिए। विगतका समृद्ध इतिहासबारे थाहासुद्धी नहुँदा हामी आतेस खान्छौँ। त्यसबेला इतिहासले हामीलाई नयाँ ऊर्जा दिन्छ। दायित्वबोध त्यसबेला दायित्वबोझ बन्दैन। पूर्वजहरूले कसरी गरे होला यस्तो कठिन काम भन्ने चेतनाले हामीलाई प्रेरित गर्छ। यस्तै 'बोध'–ले परवर्ती पुस्तालाई इतिहासको भविष्यमुखी धारातर्फ उन्मुख गराउँछ।

'हिमालफेदी'–को स्वर्ण जयन्ती विशेषाङ्क इतिहासको यही अभिलेखीकरणको उद्देश्यबाट प्रेरित छ। इतिहासमा सत्य–तथ्य निरूपणको जति आवश्यकता हुन्छ, त्यति नै आवश्यक हुन्छ मूल्य प्रवर्धनको पनि। इतिहास भन्नेबित्तिकै विगतका कुरा बुझिन्छ। तर इतिहास पछि फर्कनका लागि अध्ययन गरिँदैन। हामी जति दूरदर्शी भएर सोच्छौँ, हामीलाई त्यति नै इतिहास पढ्नुपर्ने हुन्छ। धनुर्धारीले जति धनु पछि तन्कायो त्यति त्यसले तीव्र रूपमा लक्ष्यभेदन गर्न सक्छ। गुलेली जति पछि तन्कियो त्यति मट्याङ्ग्राको गति तीव्र हुन्छ। कुनै पनि दौड़को नियमै छ–एउटा खुट्टा अघि अर्को खुट्टा पछि। धैरै बलशाली काममा हामी एउटा खुट्टाले पछि पैठ मारेकै हुन्छौँ। यो गतिको नियम हो। इतिहास त्यही गतिको अविश्रान्त धारा हो।

समृद्ध र समाजोपयोगी कार्यको समयमै दस्तावेजीकरण गर्न सकिएन भने त्यसमा बिस्तारै तथ्यगत र सत्यगत प्रमाणीकरणको समस्या देखा पर्नथाल्छ। यस मामिलामा इतिहासका भोक्ता र प्रयोक्ता दुवै सचेत हुनुपर्दछ। समाज सचेत छैन भने मूल्यवान चीजहरू पनि हराएर जान्छन्। त्यसकारण इतिहासको प्रमाणीकरणका लागि हामी बुढ़ापाकाहरूसँग मौखिक इतिहास (ओरल हिस्ट्री) रेकर्ड गराउँछौँ अनि त्यसलाई तथ्यहरूसँग मिलान गर्दछौँ। किनभने उनीहरूपछि इतिहासको जानकारी दिने हामीसँग कोही रहँदैनन्। 'क्रस चेक' इतिहासलेखनमा आवश्यक हुन्छ। यसो नगरिए इतिहासको घटनाक्रम, पात्र–पात्राहरूको योगदान र तथ्यहरूको तरलीकरण (डाइलुसन) हुने सम्भावना बढ़ी रहँदछ। त्यसैले समकालीन पुस्ताले इतिहासको दस्तावेजीकरण गर्दा त्यो प्रमाणीकरणको धेर नजिक हुन्छ। किनभने इतिहासका हितधारकहरूले त्यसमा प्रत्यक्ष आलोचना र सुधारको सुझाउ राख्ने अवकाश पाउँछन्। विद्यालयको इतिहासको दस्तावेजीकरणको क्रममा हामीले केही यस्ता समस्या झेलेका छौँ। त्यसैले समयमै यसको अभिलेखन गर्नुपर्ने जिम्मेवारी बोध गऱ्यौँ। 'कौस्तुभ जयन्ती विशेषाङ्क' यसै दायित्वबोधबाट दिग्दर्शित छ।

प्रायः संस्थापकहरू अहिले हामीमाझ जीवित छैनन्। उसबेला विद्यालय निर्माण गर्नु चानचुने कुरा थिएन। त्यस काममा अग्रसर हुने व्यक्तिहरूले निश्चयै थुप्रै चुनौतीहरू झेले हुनन्। तर उनीहरू एउटा 'टिम' नै भएर यो काममा लागे र भावी पुस्तालाई शिक्षाको ज्योति देखाउन सफल भए। अशिक्षित समाजलाई जगाउन उनीहरूले खेलेको भूमिका सर्वदा स्तुत्य छ। उनीहरूका

परिवारका दोस्रो पुस्तालाई आफ्ना अभिभावकले गरेका सामाजिक कार्यहरूको धेरथोर ज्ञान र जानकारी होला। तर, तेस्रो पुस्तासम्म आइपुग्दा यो जानकारी श्रुतिपरम्परामा पुगिसकेको छ। आफ्ना अभिभावकका सामाजिक कार्य उनीहरूका छोराछोरीले प्रत्यक्ष देख्न पाउँछन्, पिताहरूबाट सुन्न पाउँछन्। यसकारण उनीहरूका कुरा सत्यको नजिक हुन्छ। तर, नाति पुस्ता त्यो विरासतसँग प्रत्यक्ष सम्पर्कमा हुँदैन। उनीहरू आफ्ना बाबा–आमाले भनेका कुरामा निर्भर रहनुपर्छ। इतिहास 'हो हरे'–माथि भर परे त्यसको विश्वसनीयतामा सङ्कट उत्पन्न हुन्छ। विद्यालयका संस्थापकहरूका बारेमा जानकारी बटुल्ने क्रममा हामी यस्तै केही समस्याहरूको सम्मुखिन हुन पुग्यौँ। तथापि थुप्रै सन्दर्भ र स्रोतहरूद्वारा ती जानकारीहरूलाई सही र समृद्ध बनाउने प्रयास गरेका छौँ। खासगरी संस्थापकहरूका बारेमा लेख तयार गर्दा यस्तो समस्या आइपरेको छ।

प्रारम्भिक चरणका धेरै संस्थापक सदस्यहरूबारे हामीलाई जानकारी छैन। लगभग सबै संस्थापक सदस्यहरूको निधन भइसकेको छ। प्रायः बङ्गाली समुदायका परिवारका सदस्यहरूले त्यसबेलै बाग्राकोट छाड़ेकाले उनीहरूका परिवारबारे पनि हामीले जानकारी पाउन सकेनौँ। यसैले 'श्रद्धासुमन' स्तम्भमा उनीहरूलाई समेट्न सकेनौँ। बाउमावि–को स्थापना प्रक्रियाले केही चरण भएर गुज्रन परेको थियो। १० मई, १९४९ लाई यसको प्रस्थान बिन्दु मानिए तापनि साठीको दशकसम्म यसले पूर्ण रूप लिएको थिएन। खासगरी, यहाँका बहुसङ्ख्यक जनगणका हितलाई ध्यानमा राख्दै बङ्गला माध्यमबाट नेपाली माध्यम बनाउने प्रक्रिया पनि यसको स्थापनाको एउटा महत्त्वपूर्ण कड़ी भएर विद्यालयको इतिहासमा अङ्कित छ। त्यसपछि नै यहाँका बहुसङ्ख्यक नेपालीभाषी विद्यार्थीहरूले विद्यालयमा दाखिला लिएपछि अनि यहाँको शैक्षिक आवश्यकताको सम्बोधन भएपछि यसको स्थापनाको वास्तविक औचित्य पूरा भएको थियो। स्थापनाको लगभग डेढ़ दशकसम्म पनि विद्यालयले पूर्णाङ्ग स्वरूप पाएको थिएन। यो प्रशासनिक मान्यताको विषय मात्र थिएन, तर जनआकाङ्क्षालाई ध्यानमा राखेर माध्यम नै परिवर्तन गर्ने मुद्दा थियो। नेपाली माध्यमका लागि आवाज उठाउने, जङ्गलबाट बाँस ल्याएर चित्राले घेरी श्रेणी कोठाहरू बनाउने अनि सरकारी अनुमति प्राप्तिका लागि अहोरात्र खट्ने सबै शिक्षासेवीहरू विद्यालयका 'संस्थापक' हुन्। विद्यालय स्थापना र निर्माणको इतिहासको यो शृङ्खला अविभाज्य भएकोले साठीको दशकसम्म विद्यालयको संस्थापन कार्यमा जुटेका सबै शिक्षासेवी समाजसचेतकहरू हाम्रो विद्यालयका संस्थापकका श्रेणीमा पर्न आउँछन्। यो महान् कर्म इतिहासबाट ओझेल हुन नपाओस् भनेर हामीले सक्दो उनीहरूका नामलाई दस्तावेजीकरणको प्रयास गरेका छौँ। खासगरी, विद्यालय परिसरमा एउटा 'संस्थापक–स्मारक' (फाउण्डर्स स्टानसन) बनाएका छौँ, जहाँ उनीहरूका नाम स्थायी रूपमा ग्रेनाइटमा कुँदिएको छ। यो स्मारकले पुस्ता दरपुस्ता संस्थापकहरूका नाम इतिहासबाट धूमिल हुन दिनेछैन। 'कौस्तुभ जयन्ती विशेषाङ्क'–को उद्देश्य पनि संस्थापकहरूका महान् कार्यलाई अमर राख्नु हो। विद्यालयको मुखपत्र भए पनि 'हिमालफेदी'–को यो अङ्क त्यसकारण विद्यार्थीमुखी छैन।

पहाड़ र डुवर्सको सीमामा रहेको यो विद्यालयले इतिहासको कालखण्डमा अनेकौँ परिस्थिति र जटिलताहरूसँग जुझ्दै आफूलाई अहिलेको अवस्थामा उभ्याउन सकेको छ। पूर्वाधार सुविधा वा नाम चल्ने सन्दर्भमा भन्दा पनि पछिल्लो ७५ वर्षमा वनबस्ती, चियाबगान र दुर्गम गाउँहरूका विद्यार्थीहरूलाई शिक्षित बनाउने काममा यो शैक्षिक संस्थानको अवदान विशेष महत्त्वको छ। चुहुने छानो, जीर्ण भवन र पानीको

आहालबीच पढ़ेर पनि यहाँका विद्यार्थीहरूले अनेकौँ पेशागत अब्बलता हासिल गरेका छन्। यहाँका पूर्व विद्यार्थीहरूले साहित्य–कला–संस्कृति, भाषा, शिक्षा र समाजनिर्माणका थुप्रै क्षेत्रहरूमा नेतृत्वदायी भूमिका निभाउँदै आएका छन्। यसरी विद्यालयको गौरवशाली विरासतले निरन्तरता पाइरहेको छ। हाम्रा लागि सबैभन्दा खुशीको कुरा यही हो। विद्यालयले अनेकौँ होनहार सपुतहरू जन्माएको छ, जसप्रति समाज सधैँ गौरवान्वित छ। पछिल्लो सात दशकमा विद्यालयले निर्माण गरेको यही मानव सम्पदा नै हाम्रो अमूल्य प्राप्ति हो।

इतिहासका दूरगामी कार्यको मूल्य प्रवर्धन, विद्यालयको विकासको गति, सङ्कटका दिनमा विद्यालयले देखाएको साहस र बौद्धिक उद्बोधन एवम् विद्यालयका गतिविधिहरूलाई अलग–अलग प्रकारले केन्द्रित (फोकस) गर्ने उद्देश्यका साथ यो अङ्कलाई चार खण्डमा विभाजित गरिएको छ। इतिहासकाल, विकासकाल, कोरोनाकाल र वर्तमानकालमा लेखहरूलाई खण्डीकृत गरिएको छ। यहाँ 'काल'–ले निर्दिष्ट अवधिको सीमा र सन्धिसमय नाघेर वर्तमान समयसम्म छोएको छ। यो काल विभाजन इतिहासलेखनको सिद्धान्त र पद्धति जस्तो होइन। यहाँ विद्यालयको निर्माणकालदेखि वर्तमानकालसम्मका महत्त्वपूर्ण घटनाशृङ्खला र स्थितिबोधकका रूपमा विभाजन–रेखा बोध गर्न सकिन्छ। शृङ्खलाबद्ध अध्ययन र क्रमभङ्ग विकास बुझ्न यसो गरिएको हो। 'इतिहासकाल' खण्डमा समाविष्ट कतिपय लेख वर्तमानकालसम्म तन्किएका छन्। तर ती लेखको उद्देश्य मूलतः ऐतिहासिक कालखण्ड र घटनाक्रमलाई प्रकाशमान तुल्याउनु नै हो। यो अवधि स्थापनाकालदेखि नब्बेको दशकसम्म विस्तारित मान्न सकिन्छ। कतिपय संस्मरणले त्यो समय पनि नाघेका छन्। यो द्रुततर युगमा व्यक्तिगत जीवनका २०–३० वर्ष अघिको अवधि पनि इतिहास जस्तो लाग्नु स्वाभाविक हो। नब्बेको दशकदेखि उताका केही महत्त्वपूर्ण विकासक्रमलाई 'विकासकाल'–मा समेटिएको छ। यो खण्डमा खासगरी विद्यालयको बढ़ोत्तरी, पूर्वाधार विकास र अन्य योजनाहरूका कार्यान्वयन सम्मिलित छन्।

सन् २०१९ को अन्तदेखि विश्वमा कोरोना महामारीको एउटा आतेसलाग्दो स्थिति निर्माण भयो। कोरोनाको सङ्क्रमणबाट विश्वको कुनै भाग अछुतो रहेन। मानवसुरक्षामा यसले ठूलो चुनौती खड़ा गऱ्यो। स्वास्थ्य, शिक्षा, आजीविका, नोकरीलगायत बँचाइका जम्मै आयामहरूलाई यसले प्रभावित तुल्यायो। गतिको नियमित प्रवाहमा यसले एउटा स्थगन (ब्रेक) र विभाजन ल्यायो। त्यसैले यसलाई एउटा 'विभाजन–रेखा'–को रूपमा हेर्न सकिन्छ। यसअवधि बाउमावि–ले पठनपाठनको क्षेत्रमा धेरै साहसिक र जोखिमपूर्ण कार्य गरेको छ, जसको एउटा विशेष रेकर्ड हुन आवश्यक छ। धेरै दूरगामी र निर्भीक सोचअनुसार विद्यालयले यस कालमा जोखिमपूर्ण निर्णयहरू गरेर शिक्षादानलाई निरन्तरता दिएको थियो। त्यसबेलाका हाम्रा चुनौती र गतिविधिहरू 'कोरोनाकाल' खण्डमा अध्ययन गर्न सकिनेछ। भविष्यमा पनि कठिन घड़ीमा जोखिमले भरिएको निर्णय लिन परे 'कोरोनाकाल'–का कार्यहरू द्विविधा निवारणका लागि प्रेरणाको स्रोत बन्नसक्ने विश्वास राख्न सकिन्छ। 'वर्तमानकाल' खण्डमा बौद्धिक चर्चा–शिक्षा, साहित्य, कला, संस्कृतिसहित विद्यालयका गतिविधि, प्राप्ति (अचिभमेन्ट) र प्रयासहरूलाई समेटेका छौँ। अन्य खण्डको तुलनामा यो खण्ड अलिक विस्तारित क्षेत्रमा विस्फारित छ। हामीले यस अङ्कलाई दस्तावेजमुखी बनाएकोले रचनाका लागि विद्यार्थीहरूलाई आह्वान गरेनौँ। अध्ययनरत एकाध विद्यार्थीका रचना मात्र यहाँ समाविष्ट छन्। यद्यपि, विद्यालयका गतिविधिमा

विद्यार्थीहरूका सहभागितालाई रिपोर्टिङ र फोटोग्राफ दुवैमा समेटिएको छ।

सन् १९७२ देखि अहिलेको सातौँ अङ्क (२०२४)–सम्म आइपुग्दा 'हिमालफेदी'–ले कुल ५२ वर्षको यात्रा पूरा गरेको छ। साठी–सत्तरको दशकबाट यस विद्यालयमा अध्ययन गरेका पूर्व विद्यार्थीहरू साहित्य, समाज र शैक्षिक क्षेत्रमा एउटा प्रभावशाली उपस्थिति छोड्न सक्षम बनेकाले त्यसताक विद्यार्थीकालमा 'हिमालफेदी'–मा छापिएका उनीहरूका रचनाले साहित्यिक मूल्य वहन गरेका छन्। विद्यालयको मुखपत्र भए पनि त्यसले बोक्ने साहित्यिक मूल्यको दीर्घकालीन महत्त्व हुन्छ। त्यसकारण पत्रिकाको मूल्य विद्यालयसम्म मात्र सीमित रहँदैन।

यस अङ्कमा बहुमूल्य लेख र रचनाहरू प्रदान गर्नुहुने सबै सर्जक तथा लेखकहरूप्रति कृतज्ञता प्रकट गर्दछौँ। विद्यालयसँग सम्बन्धित पुराना ऐतिहासिक दसी, घटना र तत्कालीन अवस्था–व्यवस्थाबारे तथ्यपरक लेखहरू लेखिदिएर इतिहास–अभिलेखीकरणको हाम्रो अभीष्टलाई टेवा पुऱ्याइदिनुहुने आदरणीय सर्जकहरूप्रति आभार प्रकट गर्दछौँ। विविध आयामहरू समेटेर सुन्दर रचनाहरूद्वारा यस अङ्कलाई सुशोभित गरिदिनुहुने सम्पूर्ण रचनाकारहरूप्रति हामी कृतज्ञ छौँ। पत्रिकालाई स्तरीय बनाउने सक्दो प्रयास गरिए पनि यो कमी–कमजोरीविहीन छ भन्ने धृष्टता हामी गर्न सक्दैनौँ। खासगरी, ऐतिहासिक तथ्यहरूका दस्तावेजीकरणमा स्रोत, सूचना र प्रमाणीकृत सामग्रीहरूका सीमितताभित्र हामीले यो कार्य गर्न परेकोले यसमा निश्चयै कमी रहनगएको बोध भएको छ। त्यसकारण इतिहासको यो पाटोलाई समृद्ध बनाउने कार्यमा हितधारकहरूबाट सुझाउ अपेक्षित छ। पत्रिकाको परवर्ती अङ्कहरूमा हामी ती सुझाउ, प्रमाण र सूचनाहरूलाई समेट्ने प्रतिश्रुति पनि दिँदछौँ। आदरणीय लेखकहरूका सिर्जनात्मक र रचनात्मक योगदानबाट नै पत्रिकाको 'कौस्तुभ जयन्ती विशेषाङ्क'–ले यसरी मूर्त रूप ग्रहण गरेको छ। यसकारण यसको श्रेयको साँचो हकदार तपाईँहरू हुनुहुन्छ। पत्रिकाका कमी–कमजोरी, अभाव र सीमाहरूको दायित्व सम्पादकमण्डलीले लिँदछ। विज्ञ पाठक र इतिहासका जानिफकारहरूबाट आउने सकारात्मक सुझाउहरूलाई सहर्ष स्वीकार गर्नेछौँ अनि परवर्ती अङ्कहरूमा तिनलाई सम्मानका साथ स्थान दिनेछौँ।

यो अङ्क विद्यालयका श्रद्धेय संस्थापकहरूप्रति ससम्मान समर्पित गर्दछौँ।

**१६ जून, २०२४** **रूपेश शर्मा**

# विद्यालय गीत

शब्दः **अजय खड्का**
सङ्गीतः **गौतम विश्व**

बाग्राकोट हाईस्कूल हाम्रो शान
दिएको छ यसले गौरव सम्मान
टेकी यो आँगन गरौँ वन्दना
यसको उत्थान–उन्नति हाम्रो कामना

डुवर्सको शीरमा
कालेबुङको काखमा
यशोगान गुञ्जेको छ
गाउँ डाँड़ा पाखामा

मानसम्मान प्रतिष्ठा
सबैभन्दा प्यारो छ
जीवनको सार्थकता
यही मूल मान्यता छ ।

जन्मायो कोखले
होनहार अनेकौँ
धन्य छ यो कोखलाई
यो कोखको गौरव गाऔँ।

यो प्राङ्गण हो हाम्रो
विद्यालय सुतीर्थ
जहाँबाट सिक्यौँ
हामीले सत्य चरित्र।

# इतिहासकाल

# विषयसूची


१. **श्रद्धासुमन**/२५–३५
२. **रूपेश शर्माः** ७५ वर्षः इतिहास निर्माताहरूप्रति समर्पित/३६
३. **गोपालसिंह विश्वः** इतिहासको आँखीझ्यालबाट हेर्दा/३८
४. **निर्मल शर्माः** मेरो प्यारो विद्यालय/४६
५. **गङ्गाप्रसाद प्रधानः** स्मृतिका पन्नाबाट/५०
६. **मदन खड्काः** सत्तरको दशकलाई सम्झिँदा/५४
७. **किशोर मोक्तानः** मेरो सपना सजिएको विद्यालय/६१
८. **गणेश छेत्रीः** मेरो शिक्षा र ज्योति बसुलाई बद्री सरको पत्र/६६
९. **एस.के.मोक्तानः** हाम्रो मुद्धाको बौरी उठाई/६८
१०. **अनन्त श्रेष्ठः** सम्झनामा केही पात्र /७२
११. **भूमिका तिम्सिना पराजुलीः** बाग्राकोट हाई स्कूल र अप्रेल फूल/७७

# बनवरीलाल गुप्त



बनवरीलाल गुप्त थिए चालिसकै दशकका एक सचेत व्यक्ति। व्यापारी समुदायका भए पनि व्यापारदेखि बाहिर सामाजिक सेवामा उनको गहिरो निष्ठा थियो। कोइला कम्पनीमा सन् १९४०–५० तिर शिक्षाको आवश्यकता र महत्त्व बुझेर त्यसको बिँड़ो आफ्नै टाउकोमा उठाउने व्यक्तिलाई समाजले सधैँ सम्मानको दृष्टिले हेर्नुपर्दछ। कोइला खानीका मालिक तथा उपल्लो तहका स्टाफहरूलाई सँगै राखेर 'मजदुरका छोराछोरीले पनि पढ्न पाउनुपर्छ' भन्ने कुरा उनले बुझाए। फलतः १९४८ मै जुनियर हाई स्कूलको परिकल्पना तयार भयो। यो जुनियर हाई स्कूललाई सरकारले १० मई, १९४९ मा पाँचौँ र छैटौँ श्रेणीको मान्यता प्रदान गरेपछि स्कूलले औपचारिक सञ्चालनको अनुमति पायो। यसका लागि बनवरीलाल गुप्तले दिलोज्यानले खटे; बुद्धि खियाए। यसकारण यसै दिनलाई स्कूलको स्थापना दिवसको रूपमा मनाइन्छ।


आर्थिक, बौद्धिक, सामाजिक तथा परोपकारी कार्यको प्रभावले समाजमा बनवरीलाल गुप्तको छुट्टै वर्चस्व थियो। न्यायोचित, समाजोपयोगी र सबैका हितमा हुने कुरालाई उनी सधैँ प्राथमिकतामा राख्थे। त्यसताक चिया बगानमा क्लर्क काम गर्ने अनि कोइला खानीमा काम गर्ने बङ्गाली परिवारका छोराछोरीको शिक्षा हेतु यो विद्यालय खोलिएको थियो। तर कोइला उद्योग बन्द भएपछि अनि अधिकांश बङ्गाली परिवारले यो ठाउँ छाड्दै गएपछि बङ्गाली विद्यार्थीहरूको सङ्ख्या धेरै कम भयो जबकि नेपाली विद्यार्थीहरू मातृभाषामा शिक्षाका लागि काकाकुल थिए। उनीहरूलाई आफ्नो भाषामा पठनपाठनको सुलभ व्यवस्था थिएन। यो आवश्यकता पनि बनवरीलाल गुप्तले बुझे। लामो समयसम्म उनी सञ्चालन समितिमा बसे। बद्रीनारायण प्रधान जनवरी, १९५९ मा शिक्षक भएर बाग्राकोट हाई स्कूलमा आउँदा प्रबन्धन समितिका अध्यक्ष थिए बनवरीलाल गुप्त। तर अप्रेल, १९६० देखि हेडमास्टरले स्कूल छाड़ेपछि सङ्कट पऱ्यो। फलतः बनवरीलालले बद्रीसरलाई नै हेडमास्टरको अतिरिक्त पदभार सुम्पिए।

यसबाट बुझिन्छ, उनी विद्यालय सञ्चालन समितिमा एक प्रभावशाली व्यक्तित्व थिए। उनमा साम्प्रदायिक सम्प्रीति र सदभाव बलियो थियो। यसैले बङ्गाली समुदायले आफ्ना आवश्यकताअनुसार विद्यालय खोल्नका लागि जुन रुचि देखाए, त्यसलाई उनले पूर्ण समर्थन र सहयोग गरे। जब बङ्गला माध्यमको विद्यालयको औचित्य समाप्त भएको यथार्थ उनले बुझे, नेपाली माध्यमको विद्यालय रूपान्तरणका लागि उनले सघाए। नेपाली विद्यार्थीहरू मातृभाषामा शिक्षाका लागि तिर्खाएको वास्तविकता उनका आँखाअघि थियो। यसैले आफ्नै अध्यक्षतामा प्रबन्धन समिति हुँदा नेपाली माध्यमको विद्यालय बनाउने स्थानीय बुद्धिजीवी र समाजसेवीहरूको प्रस्तावलाई उनले सहर्ष अनुमोदन गरे। यस्तो थियो बनवरीलाल गुप्तको उदारता, सामाजिक सदभावना अनि जनआकाङ्क्षाप्रति सम्मानभाव। विद्यालय सञ्चालनमा उनले आर्थिक मद्दत पनि गरे।

बाउमावि–को स्थापनामा अतुलनीय योगदान दिने विशिष्ट शिक्षासेवी बनवरीलाल गुप्तलाई विद्यालय परिवारले सदा स्मरण गर्नेछ।

श्रद्धासुमन

# बद्रीनारायण प्रधान



नेपाली संसारका स्वनामधन्य व्यक्तित्व बद्रीनारायण प्रधान बाग्राकोटका सबैभन्दा प्रखर बुद्धिजीवी, सर्वत्र परिचित साहित्यकार, शिक्षाविद् अनि राजनीतिज्ञ थिए। साहित्य, शिक्षा र राजनैतिक क्षेत्रमा उनको अवदानले बाग्राकोटलाई सम्मानित र गौरवपूर्ण स्थानमा पुऱ्याएको छ। उनले विद्यालयको माध्यमद्वारा गोटा समाजलाई मार्गदर्शन गरे। उनको पहिलो कार्य बङ्गला माध्यमको विद्यालयलाई नेपाली माध्यममा रूपान्तरण गर्नु थियो।

बाग्राकोट जस्तो सानो ठाउँबाट राज्यसभाका सांसद समेत बनेका प्रधान एकप्रकारले डुवर्सका 'साइनबोर्ड' हुन्। सीपीएम पार्टीबाट उनी राज्यसभाका मनोनित सांसद थिए सन् १९८२–८४ मा। साहित्य, शिक्षा, राजनीतिको क्षेत्रमा उनको सुनाम अहिले पनि उस्तै छ। दार्जीलिङ जिल्ला स्कूल बोर्डका चेयरमेन हुँदा उनले ५०० भन्दा अधिक युवाहरूलाई प्राथमिक पाठशालामा नोकरी दिए। चिया बगानमा पञ्चायत व्यवस्था लागू हुनुपर्छ भन्ने आन्दोलनलाई नब्बेको दशकमा उनले मार्गदर्शन गरे। उनले ठिटौले उमेरदेखि नै लेख्न थालेका थिए। एक शिक्षाविद्का रूपमा उनको छुट्टै सुनाम छ। उनी शिक्षक मात्र थिएनन्, समाजका अगुवा थिए। त्यसैले थुप्रै विद्यालयहरूलाई मान्यता दिलाउने काममा लागेका शिक्षासेवीहरूलाई उनले बाटो देखाए। बाग्राकोट हाई स्कूलमा उनी १९ जनवरी, १९५९ मा शिक्षक भएर आएका थिए। १०६० बाटै उनले हेडमास्टरको दायित्व निभाउनु पऱ्यो। बङ्गला माध्यममा नेपाली शिक्षक भएर आएपछि बद्रीसर अलमल्ल परे। उनले बिस्तारै बुझे–यहाँ नेपाली माध्यमको खाँचो छ। त्यसताक वार्षिक परीक्षा मार्च महिनामा हुन्थ्यो। अप्रेलदेखि बङ्गाली हेडमास्टर आउन छाड़े। कति खबर र चिट्ठी पठाउँदा पनि उनी आएनन्। त्यसपछि सञ्चालन समितिले बद्रीनारायण प्रधानलाई अप्रेल १९६० देखि नै 'कामचलाऊ' हेडमास्टर बनायो। बीचमा एकजना नेपाली जान्ने बङ्गाली शिक्षक आए, तर उनी पनि त्यहाँ धेर टिकेनन्। बद्रीसरले शर्त राखे–'म हेडमास्टर हुनु हो भने नेपाली माध्यमको मात्र हुन्छु।' त्यसपछि म्यानेजिङ कमिटीमा प्रस्ताव लिइयो अनि अप्रेल, १९६० देखि पाँचौं श्रेणीबाट नेपाली माध्यम शुरु भयो। नेपाली स्कूल हुनेबित्तिकै विद्यार्थीहरूको ओइरो लाग्यो। त्यसपछि बङ्गाली शिक्षक र विद्यालय सञ्चालन समिति सबैले बुझे–यसलाई नेपाली माध्यम नै बनाउनुपर्छ। यसरी १९६६ मा पुग्दा विद्यालय पूर्ण नेपाली माध्यम बन्यो अनि सरकारी मान्यता पनि पायो। त्यसबेला बद्रीनारायण प्रधान मात्र थिए नेपाली शिक्षक। उनले सातै पिरियड पढ़ाउनु पर्थ्यो अनि नेपाली माध्यमका लागि सम्पूर्ण चाँजोपाँजो पनि मिलाउनु पर्थ्यो। यसै अवधि उनले आफ्नो शैक्षिक योग्यता पनि बढ़ाए। ३१ वर्ष ६ महिना प्रधान शिक्षक रहेर उनले यस विद्यालयबाट अवकाश लिए। विभिन्न विद्यालयमा उनले लगभग ४० वर्ष पढ़ाए। बद्रीनारायण प्रधान हाम्रो समाजका बौद्धिक अगुवा थिए। माध्यम नै रूपान्तरण गर्नु त्यससमय क्रान्तिकारी र दूरदर्शी कदम थियो, जसलाई त्यसताकका बङ्गाली शिक्षक र बुद्धिजीवीहरूले पनि स्वीकार गर्नुपरेको थियो।

बद्रीनारायण प्रधान हाम्रा साइनबोर्ड हुन्। युगौंयुगसम्म उनलाई भजाएर हाम्रो समाजले बौद्धिक जगमा इँटा थप्दै जान सक्नेछ। उनी हाम्रो विद्यालयका सान–मान–अभिमान हुन्।

श्रद्धासुमन

# भीमबहादुर लामा



डुवर्सको उर्वर भूमिमा धेरै विज्ञ व्यक्तिहरू जन्मिएका छन्। इतिहास साक्षी छ, चियाबारीको रुखो जीवनशैली र जर्जर परिवेशको विपरीत यहाँ कला, साहित्य, सङ्गीत र राजनीति सदैव मौलाएको छ। डुवर्सले सदैव विभिन्न क्षेत्रमा अनेकौं विभूतिहरू दिँदै आएको छ जसको योगदान इतिहासका पन्नाहरूमा सुनौला अक्षरहरूले लेखिएका छन्। तर धेरै घटना र कार्यहरू यस्ता पनि छन् जो ऐतिहासिक हुँदाहुँदै पनि कालान्तरमा ती विस्मृतिको गर्भमा विलीन हुँदै जानथाले। यस्ता अनेकौं कार्यहरूमध्ये एउटा अलग ऐतिहासिक महत्त्व बोकेको कार्यहरू छन् बाग्राकोट निवासी भीमबहादुर लामाका।

११ जनवरी, १९२३ मा डुवर्सको लङ्कापाड़ामा एउटा मध्यमवर्गीय परिवारमा जन्मिएका भीमबहादुर लामा एकजना सहृदयी, इमानदार, दयालु व्यक्ति थिए। सैद्धान्तिक रूपले कड़ा भए पनि व्यावहारिकतामा उनी धेरै मिलनसार थिए। मौलिक विचारधारालाई अङ्गीकार गर्ने भीमबहादुर लामा सबैलाई समान रूपले हेर्ने गर्दथे। त्यसैले उनलाई गोर्खा, आदिवासीलगायत अन्य सबैले आजसम्म भुल्न सकेका छैनन्। भारतको स्वतन्त्रता सङ्ग्राममा होमिएका, गान्धीवादी आदर्श र विचारधारालाई आत्मसात गरेका उनी डुवर्सबाट त्यसताकका एक सशक्त युवा सङ्ग्रामी हुन्। त्यस समयका कथाहरू साझा गर्दा सहर्ष देशप्रेमको भाव उनमा झल्कन्थ्यो। स्वतन्त्रता सङ्ग्रामदेखि शुरु भएको उनको राजनैतिक यात्रा पछि गएर मजदुर आन्दोलन हुँदै भाषा आन्दोलनसम्म जोड़िन पुगेको थियो। सामाजिक भेदभावलाई पटक्कै नमान्ने लामा जाति र भाषाप्रति गर्व गर्थे। यसको जगेराको निम्ति उनले धेरै कार्यहरू गरेका छन् जसमध्ये बाग्राकोट उच्चतर माध्यमिक विद्यालयको संस्थापक सदस्यका रूपमा उनको योगदान अविस्मरणीय छ। मजदुर नेताका रूपमा बाग्राकोट चिया बगानमा आजपर्यन्त उनलाई श्रद्धा र स्नेहसँग सम्झना गरिन्छ। साधारण जीवनशैली भएका उनी मजदुरहरूका हक र अधिकारका निम्ति निडर भएर इमानदारीपूर्वक बोलिदिन्थे। मजदुरहरूका कष्टमा सदैव सहायता पुऱ्याउँथे। प्रखर वक्ता मात्र नभएर एक इमानदार नेता पनि थिए उनी। उनले बगानमा पञ्चायती व्यवस्था ल्याउने आन्दोलनमा पनि सहभागिता जनाएका थिए। सुनको मन भएका व्यक्ति उनले अनेकन् जरुरतमन्दहरूलाई मद्दत मात्र नगरेर कतिपय असहायलाई आश्रय पनि दिएका थिए। ७ सेप्टेम्बर, २००२ को दिन बाग्राकोटस्थित निजी निवासमा उनको निधन भएको थियो। त्यस दिन सम्पूर्ण डुवर्सले एक असल नेता र अभिभावक गुमाएको थियो।

वर्तमानले उनलाई भुले पनि इतिहासले उनका कीर्ति र यशलाई अमेट बनाएको छ। नेपाली साहित्य जगतका वरिष्ठ साहित्यकार बद्रीनारायण प्रधानले उनको विषयमा लेख्दा स्व. भीमबहादुर लामा 'डुवर्सका अघोषित मुकुटहीन राजा' भनेर लेखेका छन्। साँच्चै भीमबहादुर लामाको जीवन आज धेरैको निम्ति उदाहरण बनेको छ भने राजनैतिक बाटोमा हिँड्नेहरूका निम्ति ठूलो प्रेरणा। समाज, भाषा, जाति र मजदुरहरूप्रतिको उनको निष्ठा र योगदान सदैव समाजमा एउटा अमेट र महत्त्वपूर्ण इतिहास बनेर रहिरहनेछ।

श्रद्धासुमन

# धनपति शर्मा



धनपति शर्मा (भट्टराई)। आफ्नो नामजस्तै कामका पनि धनी। परिवारमा यिनी चार भाइ दुई बहिनीका जेठा।

युवा उमेरमै उनमा रूढ़ीवादी प्रथाको विरोध गर्ने निर्भीकता थियो। सन् १९५६ मा बाग्राकोटको गुम्बा निर्माणको क्रममा तथाकथित 'तल्लो जात' मानिएका मानिसहरूलाई सामूहिक खाना बनाउन लगाएर जातपात र छुवाछुत प्रथाप्रति उनले खुल्ला रूपमा विरोध जनाए, जसले गर्दा उनीसँगै उनका भाइहरू पनि रूढ़ीवादीहरूका आँखाका छारो भए। तर भट्टराई बन्धुलाई नै सामाजिक बहिष्कार गर्ने विरोधीहरूको योजना सफल हुन सकेन। समतावादी र समाजवादी विचारधाराप्रति झुकाउ राख्ने मानिसहरूको प्रभाव समाजमा राम्रो थियो त्यसताक। प्रगतिशील सोच र कार्यशैली भएका धनपति शर्मा त्यसताकका अग्रणी समाजसचेतक भीमबहादुर लामाको प्रेरणाबाट राजनीतिमा प्रवेश गरेका थिए। उनी बाग्राकोट चिया बगानमा कङ्ग्रेसका ट्रेड युनियन नेता थिए। कला, साहित्य, सङ्गीतमा उनको विशेष रुचि थियो अनि कर्मकाण्ड र ज्योतिषविद्यामा गहिरो दखल। धार्मिक र सामाजिक क्षेत्रमा यिनी सुधारवादी थिए। त्यसैले उनले रूढ़ीवादीहरूका आलोचना पनि खप्न पर्थ्यो। भाषा, शिक्षा, साहित्य र समाजका क्षेत्रमा उनको गहिरो अनुराग थियो। पचासको दशकको उत्तरार्धमा गठित बाग्राकोटको सबैभन्दा जेठो संस्था 'नेहरू सङ्घ तथा पुस्तकालय'–का यिनी संस्थापक सदस्य थिए। डुवर्सको माउ संस्था डुवर्स नेपाली साहित्य विकास समिति (१९७४)–का यिनी संस्थापक अध्यक्ष (अस्थायी) बने। १९७२ मा अखिल भारतीय नेपाली भाषा समितिको शाखा डुवर्समा पनि खोलियो। त्यसबेला उनले महत्त्वपूर्ण भूमिका निभाए। भाषा मान्यता आन्दोलनलाई यिनले डुवर्सका जनमानसमा प्रचार गरे। असमको ओदलगुड़ीमा सम्पन्न तेस्रो राष्ट्रिय अधिवेशनमा यिनले सक्रियतापूर्वक सहभागिता जनाए। १९७३ मा प्रकाशित स्तरीय पत्रिका 'प्रयास'–का यिनी व्यवस्थापक थिए। यो पत्रिका १९७८ सम्म पाँच अङ्कसम्म प्रकाशित भएको पाइन्छ।

सबै मानिस शिक्षित हुनुपर्छ भन्ने यिनको सुविचार थियो। त्यसताक सामाजिक नेतृत्वमा रहेका भीमबहादुर लामासँग सहयोगिता बढ़ाउँदै चन्दाकम्पनी, पिलान्सहाट, कालागैंती, फूलबारी आदि ठाउँहरूमा प्राथमिक पाठशाला खोल्नमा यिनले महत्त्वपूर्ण योगदान दिए। बाग्राकोट टी.जी. प्राथमिक पाठशाला निर्माणका लागि यिनले अग्रणी नेतृत्व दिए। बाग्राकोट उच्च विद्यालयलाई नेपाली माध्यममा रूपान्तरण गर्ने कार्यमा धनपति शर्माको उल्लेखनीय भूमिका थियो। उनीहरूले आफै जङ्गल गई बाँस काटेर ल्याएर चित्राको बेरा बनाई श्रेणी कक्षा सञ्चालन गरेका थिए। साठीको दशकको शुरुका वर्षहरूमै एउटा टिमले नै यो अभियानलाई नेतृत्व दिएको थियो। यसरी धनपति शर्मा विद्यालय निर्माणको प्रक्रियामा नेतृत्वदायी संस्थापक भएर कार्य गरेको इतिहास छ। यस क्षेत्रको शैक्षिक घड़ेरी निर्माताका रूपमा उनी सधैँ स्मरणीय छन्।

श्रद्धासुमन

# जेठा छेत्री



जेठा छेत्री बाग्राकोटका केही स्वतन्त्रता सेनानीहरूमध्ये एक थिए। देशको स्वाधीनता आन्दोलनमा उनले सक्रिय भूमिका निभाए। स्वाधीनता सङ्ग्रामको समय उनी लगभग दुई महिना जलपाइगढ़ी जेलमा बसे। देश–काल–परिस्थिति बुझेका उनी महात्मा गान्धीको नेतृत्वमा चलेको 'भारत छोड़ो' आन्दोलनमा सरिक भए। सन् १९४२ दखि उनी ट्रेड युनियनका नेता थिए भने श्रमिक वर्गमा आफ्ना हक र अधिकारका चेतनावाहक।

सन् १९४५ मा इण्डियन नेशनल ट्रेड युनियन कङ्ग्रेसले सम्पूर्ण कमानहरूमा हड़तालको आयोजन गर्‍यो। भारत वर्षको स्वाधीनताको निम्ति गरिएको यो हड़ताल चिया बगानमा सायद पहिलो थियो। अङ्ग्रेज म्यानेजरहरूको दासत्वले थिलथिएका जनतालाई लिएर जेठा छेत्री जस्ता स्वाधीनता सङ्ग्रामीहरू आन्दोलित बने। सन् १९४६ मा मजदुरहरूका विभिन्न दाबीहरू जस्तै बस्ने घर, राशनको व्यवस्था, स्कूलको स्थापना आदि कार्यमा उनी जुटे। कल्याणकारी र सामाजिक उत्थानको भावना लिएर उनको गतिशीलता बढ़ेको थियो। यही हक–अधिकारको निम्ति गरिएको 'टोकन स्ट्राइक'–को निहुँ बनाएर उनीसहित उनका केही सहयोद्धा साथीहरूलाई बेदखली मुद्दा (एजेक्टमेन्ट सुइट) लगाएर ब्रिटिश म्यानेजरहरूले 'हट्टाबाहर' गरे। ब्रिटिश भारतमा 'हट्टाबाहर' एउटा क्रुर प्रथा थियो। 'हट्टाबाहर' भएकै अवधि सन् १९४७ को जून महिनामा उनीसँगै केही साथीहरूलाई पक्राउ गरी जलपाइगढ़ी जेल चलान गरियो। उनी लगभग दुई महिना जेलबन्दी भए। १५ अगस्त, १९४७ मा भारत स्वाधीन भएकै बिहान दश बजे उनीसँगै उनका सहयोद्धाहरूलाई पनि जेलमुक्त गरियो।

जेठा छेत्री र उनका साथीहरूको अथक प्रयासमा सन् १९४६ मा बाग्राकोट टी.जी. प्राथमिक पाठशालाको स्थापना भएको थियो। बाग्राकोट हाई स्कूलका संस्थापकहरूमध्ये उनी पनि एक हुन्। ब्रिटिशको शोषणमा जकड़िएका आम जनगणमा शिक्षा कति जरुरी थियो भन्ने कुरा त्यसताकका समाजसचेतकहरूले राम्रोसँग बुझेका थिए। उनीहरूका प्रयासमा बाग्राकोटमा मजदुर क्लबहरू बनिए। सन् १९४९ मा स्थापित बाग्राकोट हाई स्कूललाई नेपाली माध्यममा रूपान्तरण गरिनुपर्छ भन्ने आवाज उठाउनेहरूमा जेठा छेत्री पनि एक हुन्। स्कूल निर्माणका लागि उनीहरूले गरेको श्रमदानको पनि एउटा छुट्टै कथा छ। भावी पुस्ताहरूले उनका योगदानलाई बिर्सनु हुन्न।

**सौजन्यः निर्मल शर्मा**

# हजुरमान पुरी

नाम ठूलो भए पनि हाम्रा बाबा बाग्राकोट कमानमा काम गर्नुहुन्थ्यो। उहाँको ठाँटबाँठ गजबको थियो। त्यतिबेला ब्रिटिश साहेबहरूको पालामा निक्कै सुटेडबुटेड भएर हिँड्नुहुन्थ्यो। मज्जाले जुँगा मठारेर सेतो हाफपेन्ट–कमिज पहिरिएर साइकल चढ़ी काममा जानुहुन्थ्यो। साहेबजस्तै उहाँको व्यक्तित्व। उहाँका दौंतरेहरूमा थिए भीमबहादुर लामा, जेठा छेत्री, माइला भूजेल आदि। स्मरणीय छ, त्यतिबेला सानोतिनो झ्याउला भए लगत्तै अभियोगको आधारमा 'हट्टाबाहर' अर्थात् कामनिकाला गरिन्थ्यो। बाबा र साथीहरूलाई पनि हट्टाबाहर गरिएछ। त्यो बेला बाबा बर्मा (अहिलेको म्यान्मार) पुग्नुभएछ। त्यहाँको ठूला साहेबले बुवालाई 'क्या नाम है' भनेर सोध्दा उहाँले अङ्ग्रेजीमा 'एचएम पुरी' भनेर लेखेर दिनुभयो अरे। त्यो साहेबले कालो अक्षर भैंसी बराबर जमानामा चकित हुँदै 'धाप मारेर स्याबास' भन्दै सराहना गरेको कुरा बुवाले अदबसाथ सुनाउनु हुन्थ्यो।

बर्मामा केही समय बिताएर बुवा फेरि घरगाउँ फर्किआउनु भयो। आएर स्व. विष्णुप्रसाद गौतम, पराजुली बाजे, स्व धनपति शर्माहरूसित मिलेर प्रजा सोशलिस्ट पार्टी गर्नुभयो। उहाँ कसैको कुभलो नचिताउने एक असल र मान्नेगुन्ने व्यक्ति हुनुहुन्थ्यो। लेबरहरूमाझ पनि उहाँ प्रिय र पूज्य हुनुहुन्थ्यो। हुँदाहुँदा इमानदारीपूर्वक कमानको काम र श्रमिकहरूको कल्याणमा कार्य गर्दै उहाँ सन् १९८३ मा बित्नुभयो। उहाँ भारतीय स्वाधीनता सङ्ग्रामका सेनानी पनि हुनुहुन्थ्यो। उहाँ आफ्नो समकक्षी स्वर्गीय भीमबहादुर लामा, जेठा छेत्री, माइला भूजेल, बनारसी बाहरूसँग स्वाधीनता आन्दोलनमा सहभागी बनेको आरोपमा जलपाइगढ़ी जेलमा थुनिनुभएको थियो। स्वाधीनता दिवस सन् १९४७ को पूर्वसन्ध्यामा अर्थात् मध्यराति उहाँहरूलाई जेलमुक्त गरिएको थियो। स्मरणीय छ, उहाँलाई 'स्वाधीनता सेनानी'–को दर्जा दिई सन् १९४७ को १५ अगस्ट बाग्राकोटमा सम्मान गरिएको थियो।

बुवाको निधन हुँदा म भारतीय सेनामा सेवारत् थिएँ। बुवाको निधनको खबरले आहत भएर म हस्याङ–फस्याङ गर्दै घर आइपुगेको हिजो–अस्ति जस्तो लाग्छ। बुवाले ब्रिटिश साहेबहरूसँग राम्रो तारतम्य राखेर कमानमा एक कर्मठ कर्मचारीको रूपमा कार्य गरेर सेवानिवृत्त हुनुभयो। आज बाग्राकोट हायर सेकेण्डेरी स्कूलले ७५ औँ वर्षगाँठमा कौस्तुभ जयन्ती मनाइरहेछ। यो बड़ो गर्वको कुरा हो। मेरा बुवा यस विद्यालयका संस्थापकमध्ये एक हुनुहुन्थ्यो। स्व. भीमबहादुर लामा,जेठा छेत्री, माइला भूजेल, धनपति शर्मा, चन्द्रु खेस, विष्णुप्रसाद शर्मा, सिल्बानुस लाकराहरूसँगै साथ लागेर बाग्राकोट हाई स्कूललाई खड़ा गर्न योगदान दिनुभएथ्यो। त्यतिबेला पीके रोय, सुधांशु बाबुको पालामा यो स्कूलले खड़ा हुन घड़ेरी तयार गरेको थियो। पहिला बङ्गला मिडियम थियो, पछि बद्रीनारायण प्रधान सर आउनुभएपछि नेपाली मीडियममा परिणत भयो। त्यो बङ्गलाबाट नेपालीमा फेर्ने आन्दोलनमा हाम्रो बुवासहित भीमबहादुर लामा, जेठा छेत्री, माइला भूजेलहरू सामेल हुनुहुन्थ्यो। बुवाले 'तैले पढ्ने, हाम्रा लेबरका नानीहरूले पढ्ने स्कूल हामीले आन्दोलन गरेर बनायौँ। अब लेबरका नानीहरूको सुदिन आयो। पढ़ीगुणी ज्ञानी बन्ने ढोका खोलियो' भन्दै खुशीसाथ सुनाउनुहुन्थ्यो। उहाँको सम्झना यसरी साझा गर्न पाउँदा अत्यन्त हर्षित छु।

**सौजन्यः बलराम पुरी**

**श्रद्धासुमन**

# तेजबहादुर छेत्री (बनारसी बाजे)

तेजबहादुर छेत्री खास नाम। तर सबैले चिन्ने नाम 'बनारसी बाजे'। जुझारू र हक्की स्वभावका यिनको नाम कसरी 'बनारसी बाजे' बन्नपुग्यो? सबैको मनमा यो जिज्ञासा छ। तर हामीले परिवारबाट पनि यसको सटीक उत्तर पाउन सकेनौँ। उनले पनि बाग्राकोटका आफ्ना मित्रहरूले जस्तै अल इण्डिया ट्रेड युनियन कङ्ग्रेसबाट आफ्नो राजनीतिक यात्रा आरम्भ गरेका थिए। तत्कालीन समयमा आफ्ना कङ्ग्रेसी मित्रहरू भीमबहादुर लामा, जेठा छेत्री, हजुरमान पुरी, माइला भूजेल, लालप्रसाद पौड्याल, पराजुली शर्मा, जेठा गहतराज आदिसित मिलेर उनले पनि चिया बगानमा म्यानेजरविरुद्ध मजदुरहरूका हक-हितका मुद्दा चर्को रूपमा उठान गरेका थिए। आन्दोलनको अवधि सहयोद्धाहरू म्यानेजरको कुटिलताबाट पुलिस-प्रशासनको कोपभाजनमा परे। उनीहरूलाई जलपाइगढ़ी जेलमा थुनियो। बनारसी बाजे जेलमा त परेनन्, तर उनलाई ब्रिटिसको कड़ा कानूनअनुसार 'हट्टाबाहर' गरिएको थियो।

भारत स्वतन्त्र भएपछि जयप्रकाश नारायणको नेतृत्वमा सम्पूर्ण भारतवर्षमा सोसलिस्ट पार्टीको स्थापना भयो। यो पार्टीको अग्रणी नेतृत्व भएर घनश्याम मिश्रले डुवर्सका विभिन्न चिया बगानहरूमा सन् १९५३ मा वेस्ट बेंगाल चा मजदुर सभा (डब्ल्युबीसीएमएस)-को ट्रेड युनियन बनाए। यसरी बाग्राकोटमा पनि सोसलिस्ट पार्टीको शाखा खोलियो। मिश्रको निष्कपट व्यक्तित्वको प्रभावले बाग्राकोटका प्रायः मजदुर र युनियनका नेताहरू कङ्ग्रेस पार्टीको युनियन छोड़ेर सोसलिस्ट पार्टीमा सम्मिलित भए। बाग्राकोटमा सोसलिस्ट पार्टीको नेतृत्वमा तेजबहादुर छेत्री (बनारसी बाजे) रहेका थिए। यस युनियनको कार्यशैली अनि घनश्याम मिश्र र बनारसी बाजेको जुझारू नेतृत्वको प्रतिफलस्वरूप त्यस समय कङ्ग्रेसको ट्रेड युनियन लगभग ध्वस्त भएको थियो। पछि सन् १९५८ मा घनश्याम मिश्रलाई दलबलसहित हत्या गरिएपछि बाग्राकोटबाट सोसलिस्ट पार्टी पनि बिस्तारै हराएर गयो।

पराधीन भारतको समयदेखि राजनीतिक रूपले सचेत बनारसी बाजेले बाग्राकोट हाई स्कूलको स्थापनामा महत्त्वपूर्ण योगदान दिएका छन्। उनी चिया बगानका श्रमिकका बुलन्द आवाज थिए। आफ्नो आवाज परसम्म पुगोस् भनेर यिनी काब्राको रुखमा चढ़ेर टिनको धोन्द्रोबाट भाषण दिन्थे। उनी बगानका सरदार थिए। मान्छेलाई बाटोबाटै समातेर काममा लगाइदिन्थे। उनी जनगणका भावनाका संवाहक थिए। यसैले मजदुरका छोराछोरीले पनि पढ़्न पाउनुपर्छ भन्ने आवाजमा उनको चर्को आवाज थपिएको थियो। बाग्राकोट टी.जी. प्राइमेरी स्कूलको स्थापनामा पनि उनको महत्त्वपूर्ण अवदान छ। बाग्राकोट हाई स्कूललाई बङ्गला माध्यमबाट नेपाली माध्यममा रूपान्तरण गर्ने आवाजका यिनी पनि मुखर स्वर थिए। नेपाली माध्यममा विद्यार्थीहरूको सङ्ख्या बढ़्न थालेपछि बनारसी बाजेहरूले जङ्गलबाट बाँस ल्याएर चित्राको बारबेर गरी श्रेणी कक्षाको निर्माण गरेका थिए। शिक्षाप्रति यिनको तीव्र अनुराग थियो। बाग्राकोटमा शिक्षाको जग बसाल्न उनले पुऱ्याएको योगादान चिरकालसम्म स्मरणीय रहनेछ।

**सौजन्यः निर्मल शर्मा**

श्रद्धासुमन

# माइला भूजेल

निडर र हक्की स्वभावका धनी माइला भूजेल आफ्नो समयका एक मानिएका नेता थिए। आफ्ना सहयोद्धा साथीहरूसँग उनले भारतीय स्वाधीनता सङ्ग्राममा कारावासको जीवन बिताउनु परेको थियो। तत्कालीन अङ्ग्रेज म्यानेजर मि.एगरको आँखाका छारो भएका भूजेलले चिया श्रमिकहरूका हक–हितका कुरा गर्दा 'हट्टाबाहर' हुनु परेको थियो। ब्रिटिशकालीन भारतमा चिया बगानमा 'हट्टाबाहर' एउटा क्रुर र अमानवीय शासनको अङ्ग थियो। म्यानेजरले सानो निहुँमा आफूलाई मन नपरेका मान्छे र विरोधीहरूलाई चिया बगान र गाउँबाट हट्टाबाहिर गरिदिन्थे। गाउँ छोड़ेर जानुपर्ने ती व्यक्तिले अन्य कुनै बगानमा पनि काम पाउँदैनथे।

कङ्ग्रेस पार्टीको ट्रेड युनियन सङ्गठन इण्डियन नेशनल ट्रेड युनियन कङ्ग्रेसको एक सक्रिय कार्यकर्ताका रूपमा सन् १९४५ देखि नै आफ्नो भूमिका निभाउँदै आएका माइला भूजेल १९४६ मा बगानमा टोकन स्ट्राइक हुँदा आफ्ना सहयोद्धाहरूसँगै 'हट्टाबाहर' भए। त्यसै सालको जून महिनामा उनी पक्राउ परे र जलपाइगढ़ी जेलमा दुई महिनासम्म बन्दी बने।

चिया श्रमिकका अति सामान्य अधिकारहरू पनि नदिँदा उनीहरू मालिक र म्यानेजरका विरुद्ध आन्दोलित बन्नुपर्थ्यो। त्यसो हुँदा माइला भूजेलहरू सधैँ म्यानेजरको आँखाको कसिङ्गर हुन्थे। त्यसबेला बगानमा म्यानेजर भनेको राजासमान थिए। तरै पनि उनीहरूले आवाज उठाउन छोड़ेनन्। फलस्वरूप बगानसँग सम्बन्धित कतिपय मागसहित बाग्राकोट चिया बगानमा मजदुरका छोराछोरी पढ्ने प्राथमिक पाठशालाको निर्माण हुनसकेको थियो। पछि, बाग्राकोट हाई स्कूललाई साठीको दशकको शुरुमै बङ्गला माध्यमद्वारा नेपाली माध्यममा रूपान्तरण गर्नुपर्ने माग उनीहरूले चर्काए। भीमबहादुर लामा, जेठा छेत्री जस्ता आफ्ना साथीहरूसँग मिलेर माइला भूजेलले पनि यो शैक्षिक व्यवस्थाको निम्ति सक्रियतापूर्वक भूमिका निभाए। यसैको परिणामस्वरूप बाग्राकोट हाई स्कूल नेपाली माध्यममा रूपान्तरण भएको थियो।

माइला भूजेल त्यसताकका सचेत व्यक्तिहरूमध्ये एक थिए। बाग्राकोट हाई स्कूलको स्थापनामा उनको महत्त्वपूर्ण योगदान रहेको थियो। बाग्राकोट जस्तो सानो गाउँमा शिक्षाको जग बसाउन उनले दिएको योगदान भावी पुस्ताले भुल्न हुँदैन।

**सौजन्यः निर्मल शर्मा**

# पराजुली शर्मा

पराजुली शर्मा थिए आफ्नो जाति, समाज र शिक्षालाई राम्रोसँग बुझेका व्यक्ति। हो, उनी 'पराजुली शर्मा'–कै नामबाट चिनिन्थे। उनको खास नाम के थियो भन्ने ज्ञात छैन। निकै खोजतलास गर्दा पनि उनको वास्तविक नाम पत्तो लागेन।

१९४० को दशकमै चिया बगानमा ट्रेड युनियन खोल्ने कार्य शुरु भइसकेको थियो। कङ्ग्रेस पार्टीको अल इण्डिया ट्रेड युनियन कङ्ग्रेस (आईएनटीयुसी), राष्ट्रिय मजदुर कङ्ग्रेस (एचआरसीएमसी), गोर्खा लीग, कङ्ग्रेस सोसलिस्ट पार्टी र हिन्द मजदुर सभा (एचएमएस)–का शाखाहरू चिया बगानतिर खोलिन थालेका थिए। यी सबै सङ्गठनमध्ये कङ्ग्रेसको सङ्गठन सबैभन्दा शक्तिशाली थियो। पराजुली शर्मा यसै कङ्ग्रेसको ट्रेड युनियनका एक सक्रिय स्थानीय नेता थिए। चिया बगान र ट्रेड युनियनसँग सम्बन्धित हरेक गतिविधिमा उनी क्रियाशील रहन्थे। मजदुरहरूका मागलाई लिएर बाग्राकोटमा टोकन स्ट्राइक हुँदा उनी पनि भीमबहादुर लामा, जेठा छेत्री, हजुरमान पुरी, माइला भूजेल आदिसँगै म्यानेजरको कोपभाजनमा परेका थिए। अरू जस्तो पक्राउ परेर उनले जेल जीवन बिताउन परेन। तर 'हट्टाबाहर'–को दण्ड भने भोग्न परेको थियो।

श्रमिकहरूका अधिकारसँगै मजदुरका छोराछोरीले पनि पढ्न पाउनुपर्छ भन्ने मागमा उनीहरूले म्यानेजरलाई दबाउ दिएका थिए। फलस्वरूप बाग्राकोट टी.जी.प्राइमेरी स्कूलको स्थापनामा उनको पनि अन्य जस्तै महत्त्वपूर्ण योगदान रहेको छ। बाग्राकोट हाई स्कूललाई बङ्गलाबाट नेपालीमा रूपान्तरण गर्नुपर्ने मागमा पछिबाट भएको आन्दोलन, दबाउमूलक कार्य र अभियानहरूमा उनी पनि आफ्ना साथीहरूसँगै सक्रियतापूर्वक सरिक बनेका थिए। यो चाप सृष्टि गर्ने कार्यमा पराजुली शर्मासहितको एउटा ठूलो टिम थियो, जसले काम फत्ते गरेर छाड्यो। उनीहरूले बाँस बोकेर, चित्राले बेरेर श्रेणी कक्षाहरू बनाई पठनपाठनलाई व्यवस्थित तुल्याए। पराजुली शर्मा जस्ता शिक्षासेवी हाम्रो समाजले सधैँ सम्झिरहनुपर्ने नाम हो।

**सौजन्यः निर्मल शर्मा**

श्रद्धासुमन

# सिल्बानुस लाकड़ा



सिल्बानुस लाकड़ा थिए शिक्षाका अनुरागी/प्रेमी। ''थालझोड़ानजिक नयाँ साइलीबाट म सन् १९७१ मा उहाँसँग बिहे भएर बाग्राकोट आएँ। घरमा आएर हेर्छु त, कोठाभरि खाटैखाट मात्र छ, अरू त केही मैले देख्दै देखिनँ। केही क्षणमा थाहा भयो, उनले गाउँभरिका बुढ़ापाका र केटाहरूलाई बटुलेर राति घरमा पढ़ाउँदा रहेछन् अनि उनीहरू त्यही सुत्दा रहेछन्'',सिल्बानुस लाकड़ाकी श्रीमती अन्ना मारिया लाकड़ाले बड़ो रोचक प्रसङ्ग सुनाइन्। उनकी श्रीमती घर भित्रिएपछि मात्र सिल्बानुस लाकड़ाका 'बुढ़ा विद्यार्थीहरू' आ–आफ्ना घर गएर सुत्न थालेछन्। कम्तीमा आफ्नो नाम लेखेर ब्याङ्कतिर पैसा झिक्न सिग्नेचर गर्नसम्म सक्ने, नपढ़ेकै कारण कसैले रुपियाँ–पैसामा ठगिहाल्न नसक्ने त हुनुपर्छ साधारण जनता पनि भन्ने उनको चाहना थियो। त्यसैले उनले गाउँभरिका अशिक्षितहरूलाई बटुलेर घरमै निःशुल्क रात्रिपाठशाला चलाउँथे।


साठीकै दशकमा शिक्षाको महत्त्व बुझेका सिल्बानुस लाकड़ाहरू गाउँमा थिए र नै गाउँले केही शैक्षिक संस्थानहरू पायो। सरकारी नोकरीका लागि आएको प्रस्ताव (अफर)–प्रति कुनै चासो नराख्दा पनि उनी गाउँभरिका अशिक्षितहरूका 'मास्टर' थिए। उनको बोलाउने नाम नै 'मास्टर'। शब्दहरू चिनेका यिनले आफ्ना छोरीहरूलाई पनि अक्षरको खेती गर्न सिकाए। उनका पाँचजना छोरीहरू 'ग्रेजुएट' छन्। आदिवासी समाजलाई शिक्षित बनाउन उनको सामाजिक नेतृत्व उल्लेखनीय छ।

२४ दिसम्बर,१९३५ मा झारखण्डको बारवामा जन्मिएका सिल्बानुस लाकड़ा १९५० भन्दा अघि नै बाग्राकोट आएका थिए। किशोर वयमा टेक्दानटेक्दै उनका आमा–बाबा दुवै बिते। त्यसले उनलाई झारखण्ड छोड्न बाध्य बनायो। बाग्राकोट आएर पनि उनले आफ्ना भाइहरूलाई पढ़ाए। बाग्राकोटमा त्यसबेला जङ्गल धेर मान्छे कम्ती थिए। उनले आफ्ना छेउछाउमा धेरै परिवारलाई बसाए। ''हाम्रो बाबाले लगभग ३५० परिवारलाई यहाँ सेटल्ड गराउनुभएको छ'',स्थानीय अङ्ग्रेजी स्कूल सेन्ट एन्ड्रुजमा पढ़ाइरहेकी उनकी कान्छी छोरी शान्ता लाकड़ाले गर्वसाथ भनिन्। त्यसबेला पढ़ेलेखेका मान्छे नै हातका औंलामा गन्न सकिने। बाग्राकोट टी.जी.प्राथमिक पाठशालाको स्थापना भएको केही वर्षपछि उनलाई त्यहाँ पढ़ाउने प्रस्ताव आयो। यसको निम्ति आफ्नो सर्टिफिकेट लिन उनलाई झारखण्ड जानु थियो। उनले त्यो 'प्रस्ताव'–लाई नै बेवास्ता गरे अनि कङ्ग्रेस पार्टीको ट्रेड युनियनमा सक्रिय भए। बगानमा पेन्सन व्यवस्था चालु गर्नुपर्छ भनेर उनी धेरैपटक ट्रेड युनियनबाट कोलकाता कुदे। आदिवासी समाजको उत्थान र विकासका लागि मात्र उनी खटेनन्। नेपाली समुदायसँग पनि नङ्–मासु जस्तै मिसिएर उनले गोटा समाजको हितमा काम गरे। बाग्राकोट हाई स्कूलको स्थापना र निर्माणमा उनको सक्रियता यसै उच्च विचारको परिणाम थियो।

''बाबाले भन्नुहुन्थ्यो–बाग्राकोट हाई स्कूल बनाउनुका लागि उनीहरूले जङ्गलबाट बाँस बोकेका थिए रे। त्यसबेला बाँसको चित्रा बनाई बारबेर गरेर स्कूलमा कक्षाहरू सञ्चालन हुन्थ्यो भनेर बाबाले सुनाइरहनुहुन्थ्यो'',छोरी शान्ताले पितालाई सम्झिँदै भनिन्। स्वर्ण जयन्तीको खास अवसरमा सन् १९९९ मा उनलाई विद्यालयको तर्फबाट सम्मानित गरिएको थियो। ७७ वर्षको उमेरमा ९ अक्टोबर, २०१२ मा बाग्राकोटमा उनको निधन भयो। आफ्नो समाजमा व्याप्त अज्ञानताको अन्धकार हटाउन 'एक काँटी सलाई'–को जस्तै काम गरेका सिल्बानुस लाकड़ा चिर स्मरणीय छन्।

**श्रद्धासुमन**

# चन्द्रु खेस



सिल्बानुस लाकड़ाहरूकै समकालीन थिए चन्द्रु खेस। शिक्षाप्रति मरिमेट्ने। गाउँ–ठाउँ सबै शिक्षित भएको हेर्न चाहने। उनकी नातिनेबुहारी आफ्ना पतिका बाजेलाई सम्झिँदै भन्छिन्–''बाजे बहुतै राम्रो थिए। परिवारका सबैलाई मिलाएर राख्थे। गाउँका धेरै मान्छेसँग उनको राम्रो सम्पर्क थियो। गाउँको मान्छेहरूले हाम्रो बाजेलाई कहिल्यै छोड़ेन।'' त्यसभन्दा धेरै उनले चन्द्रु खेसको बारेमा भन्न सकिनन्। क्रिष्चियन धर्मका अनुयायी उनी तर सबैसँग राम्रो सद्भाव राख्थे। बगानका सरदार थिए उनी। निर्मल शर्माले 'बाग्राकोटः इतिहासका केही पृष्ठहरूबाट' नामक आफ्नो पुस्तकमा चन्द्रु खेसलाई बाग्राकोटका दोस्रो चरणका सचेत तथा राजनीतिक व्यक्तित्व एवम् ट्रेड युनियनिस्टको स्थानमा राखेका छन्।

भीमबहादुर लामा, बद्रीनारायण प्रधानहरू पछिका दोस्रो पुस्तामा सचेत व्यक्तित्वहरूका रूपमा चन्द्रु खेसलाई हेरिन्छ। उनी चिया बगानका एक ट्रेड युनियन नेता थिए। त्यसैले श्रमिकवर्गका दुःख–सुखमा उनको सधैँ साथ र सहयोग हुन्थ्यो। सिल्बानुस लाकड़ा र चन्द्रु खेसहरू कङ्ग्रेसको ट्रेड युनियन गर्थे। ''आदिवासी समाजले आफ्ना हक–अधिकारबाट वञ्चित हुन नपरोस् भनेर उनीहरूले बगानलाई दुईवटा ब्लक इस्ट र वेस्ट बनाउनुपर्ने माग गरे। त्यो माग पूरा पनि भयो। त्यसो हुँदा ब्लकगत हिसाबमा दुवै समुदाय (ब्लक)–का मानिसहरूले सुविधा, अधिकार र फाइदाहरू पाए। अहिले बगानमा सरदार, डफदार, चौकीदार र अन्य ठूलो पदमा नोकरीको व्यवस्था इस्ट र वेस्ट ब्लकका लागि अलग–अलग गरिएको छ। आदिवासी समुदायलाई इस्ट ब्लकमा राखिएको छ'',आदिवासी समाजका अगुवा सतराम कुजुरले चन्द्रु खेसबारे सोधिएको एक प्रश्नको जवाबमा जानकारी दिए। दुवै समाजका लागि उनीहरूको यो महत्त्वपूर्ण देन भएको कुजुरको ठहर छ।

शिक्षाप्रति सचेत व्यक्तिहरूका हाँचमा उभिएर उनले बाग्राकोट उच्च माध्यमिक विद्यालयको स्थापना र विकासकालमा उल्लेखनीय योगदान दिए। बद्रीनारायण प्रधान, भीमबहादुर लामाहरूको नेतृत्वमा बङ्गला माध्यमको विद्यालयलाई नेपाली माध्यममा रूपान्तरण गर्न आवाज उठाउने व्यक्तिहरूमा उनी पनि एक थिए। काँध पिल्सिउञ्जेल जङ्गलबाट बाँस बोकेर चित्रा बनाई श्रेणी कक्षाहरू निर्माण गर्ने योद्धाहरूमध्ये उनी पनि एक थिए भन्ने जानिफकारहरू बताउँछन्। चन्द्रु खेससहितको एउटा बलियो सचेतकहरूको टोलीले शिक्षा क्षेत्रमा दूरगामी कदम चालेकोले आज हाम्रो विद्यालयले एउटा धरोहर विद्यालयको रूपमा विकास गरेको छ। पूर्वजहरूका गुणिलो कामले यसरी हाम्रो समाज दीर्घकालसम्म लाभान्वित भइरहेको छ। एक शिक्षासेवी, समाजसेवी र ट्रेड युनियन नेताका रूपमा उनको सम्झना बाग्राकोटवासीले गरिरहनेछन्।

# ७५ वर्षः इतिहास निर्माताहरूप्रति समर्पित

▣ **रूपेश शर्मा,** सह–शिक्षक

सन् १९०६ मा ब्रिटिश सरकारले बाग्राकोटको चुनाभट्टीमा कोल कम्पनी खोल्यो। अर्थात् यहाँको लिगनाइट कोइला ब्रिटिशको नजरमा पऱ्यो। नजर त मिल्यो, तर व्यापार मिलेन। खानीको कोइला त्यति गुणस्तरीय थिएन। थोरै वर्ष चलेपछि त्यो धेरै वर्ष बन्द भयो। पूर्वाधार, मजदुरका क्वार्टर, अफिस सबै छँदैथिए। भारत स्वतन्त्र हुनभन्दा एक वर्षअघि कोल कम्पनी ब्युँतियो। १९४६ मा यसको मालिकाना हात पारे पीके रोयले। कोइला कम्पनीको काया फेरियो। यसको एक वर्षपछि ब्रिटिशहरू भारतबाट गए। अनि, भारतले स्वतन्त्र रूपले, स्व–विवेकले, स्व–भाग्य निर्माण हेतुले निर्णयहरू लिन थाल्यो। हाम्रो देशले सबै क्षेत्रमा आत्मनिर्भरताको बाटो समात्यो।

एमके रोय केही उदार हृदयका व्यक्ति थिए। त्यस समयका समाजसेवीहरूसँग उनको तालमेल राम्रै थियो। कालो कोइलामा काम गर्ने मजदुरका छोराछोरी पनि 'कालो अक्षर' नै हुनुपर्छ भन्ने श्रमिकले ठानेनन्; समाजका अगुवाहरूले मानेनन्। आफ्ना मजदुर र स्थानीय मानिसहरूका भावनालाई रोयले कदर गरे। रोयका विचारलाई दुई छोरा पीके रोय र एके रोयले सदर गरे। दासत्वको पीड़ा र शिक्षाको महत्त्व दुवैलाई ब्रिटिशबाट भारतीयहरूले बुझिसकेका थिए। कोइला कम्पनीका स्थानीय बङ्गाली र माड़वाड़ी समुदायका अग्रजहरू अघि आए–पी.बी.रोय, पी.के.बक्सी, के.बी.रोय, बी.एल.गुप्ता, एस.सी.शाहा, प्रियव्रत चक्रवर्ती (पातु सर), जी.एच. विश्वास, सुधांशुभूषण चौधरी, सतनारायण झा। यी नामसँगै थिए–भीमबहादुर लामा, धनपति शर्मा, बनारसी बाजे (तेजबहादुर खड्का), जेठा छेत्री, सिल्बानुस लाकड़ा, चन्द्रु खेस, पराजुली शर्मा, हजुरमान पुरी आदि। १० मई, १९४९ मा निम्न माध्यमिक विद्यालयको रूपमा स्कूल सञ्चालनमा आयो। यही दिन बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि)–ले आधिकारिक रूपमा जन्म लियो। प्रथम हेडमास्टर भए भोलानाथ सेनगुप्त। विद्यालय खोल्नुको उद्देश्य थियो–कम्पनीमा काम गर्ने बङ्गाली परिवारका नानीहरूलाई शिक्षादान। स्वाभाविक रूपमा बङ्गला माध्यममा पढ़ाइ शुरु भयो।

सजीव प्राणीमा जस्तै निर्जीव प्राणीमा पनि जन्मनु मात्र ठूलो कुरा हुँदैन। त्यसको क्रमिक विकास महत्त्वपूर्ण हुन्छ। बाउमावि जन्मँदै अनेक चुनौती बोकेर आएथ्यो। जमिनका कागजात, सरकारी शर्त अनि ती सब लिएर अफिसहरूका चक्कर। तत्कालीन समाजसेवीहरू थाकेनन्, गलेनन्। १९५२ मा निम्न माध्यमिक विद्यालयको रूपमा दुई श्रेणी थपियो अनि १९५५ मा सातौँ र आठौँ श्रेणीलाई पनि सरकारले मान्यता दियो। अब बन्यो पक्का जुनियर हाई स्कूल। यो बेला हेडमास्टर थिए नृत्य गोपाल शाह; विद्यालय सञ्चालन समितिका सचिव थिए डा. सतीश चन्द्र शाह। १९५९ सम्म जुनियर हाई स्कूल बङ्गला, हिन्दी र अङ्ग्रेजी माध्यममै सञ्चालित थियो।

निश्चय यो स्कूल कोइला कम्पनी र बङ्गाली समुदायका लागि मात्र थिएन। नेपालीभाषी विद्यार्थीहरू यतिञ्जेल बाक्लैगरी भर्ना हुन थालिसकेका थिए। यस्तो स्थितिमा नेपाली शिक्षकको माग चर्कियो। जनसङ्ख्याको ठूलो हिस्साको चाहनालाई सम्मान गर्नु विद्यालय सञ्चालन

समितिको बुद्धिमत्ता र दूरदर्शिता थियो। १९५९ मा बद्रीनारायण प्रधानलाई नेपाली शिक्षकका रूपमा बाग्राकोट जुनियर हाई स्कूलमा झिकाइयो। उनी यस विद्यालयमा आउनु विद्यालयको कायाकल्प फेरिनु थियो। सञ्चालन समिति फेरिए, हेडमास्टरहरू पनि बद्लिँदै गए। १९६० मा बद्रीनारायण प्रधानलाई हेडमास्टरको जिम्मेवारी आइपर्‍यो। नेपाली माध्यमका लागि अघिबाटै आवाज उठिसकेको थियो। फलतः १९६० को अप्रेल महिनादेखि नेपाली माध्यममा पाँचौं श्रेणीमा दाखिला शुरु भयो। विद्यार्थीको ओइरो बढ़ेपछि प्रधानअध्यापकले वर्षैपिच्छे एक-एकवटा नेपाली माध्यममा क्लास थप्दै गए। १९६६ को पहिलो जनवरीदेखि दशौँ श्रेणीसम्मका लागि विद्यालयले सरकारी मान्यता पायो। यसरी बाग्राकोट उच्च विद्यालयले पूर्ण रूप ग्रहण गर्‍यो। स्थानीय जनगण र बहुसङ्ख्यक मानिसहरूका आवाज, आकाङ्क्षा, आवश्यकतालाई नेतृत्व दिए बद्रीनारायण प्रधान र भीमबहादुर लामाले। उनीहरूलाई शक्ति प्रदान गरे धनपति शर्मा, जेठा छेत्री, सिल्बानुस लाकड़ा, चन्द्र खेस, हजुरमान पुरी, पराजुली शर्मा, बीएल गुप्त आदिले।

यसरी बाग्राकोट उच्चतर माध्यमिक विद्यालय पूर्ण रूपमा नेपाली माध्यमको हाई स्कूलमा परिणत भएथ्यो। यो एक ऐतिहासिक घटना थियो। मातृभाषामा शिक्षाको महत्त्व र त्यसले ल्याउने सुदीर्घ परिणाम त्यस समयका शिक्षासेवीहरूले राम्रोसँग बुझेका थिए। त्यही भविष्यदृष्टि आज मानव संसाधन निर्माणमा यस क्षेत्रकै केन्द्र बनेको छ। सन् २००४ मा बाउमावि-ले उच्चतर माध्यमिक विद्यालयको रूपमा सरकारी मान्यता पायो। हाम्रा पूर्वजहरूका दूरदर्शी सोच र चिन्तनका आजसम्म लाभार्थी बनेका छन् वनबस्ती क्षेत्रका विद्यार्थीहरू; चिया बगान इलाकाका विपन्न परिवारका नानीहरू अनि ३० माइल टाढ़ासम्मका शिक्षार्थीहरू। दूरदर्शी व्यक्ति जन्माउने समाजले उनीहरूका महान् कार्यको लाभांश पुस्ता दरपुस्तासम्म पाइरहन्छ।

बाउमावि-ले २०-२२ फरवरी, १९९९ मा भव्य रूपमा स्वर्ण जयन्ती पालन गर्‍यो। २०२४ मा हामी कौस्तुभ जयन्ती (७५ वर्ष) पालन गरिरहेका छौँ। पछिल्ला पच्चहत्तर वर्षमा बाउमावि-ले समाजबाट धेरै होनहार विद्यार्थीहरू पाएको छ; जाति र समाजलाई नेतृत्व गर्नसक्ने अभियन्ताहरू समाजलाई नै फर्काएको छ। भाषा,साहित्य र जातीय हितका सरोकारहरूमा हाम्रो विद्यालयले कसरी योग दिएको रहेछ भन्ने बुझ्न हाम्रा भूतपूर्व विद्यार्थीहरूले विगत र वर्तमानमा समाजलाई दिइरहेका नेतृत्वदायी कार्यभारलाई हेर्दा हुन्छ। उनीहरूले हाम्रो विद्यालयलाई गौरवान्वित तुल्याएका छन्। विद्यालयको नामसँग यसरी गर्विलो पाटो छुट्टै इतिहास भएर गतिशील रहेको यथार्थ सबैसामु छर्लङ्गै छ। यस वर्ष हामी विद्यालयका गौरवहरूलाई एकसाथ उभ्याउने प्रयास गर्नेछौँ; विद्यालयको दीर्घकालीन हितमा उनीहरूका मूल्यवान सुझाउ र अनुभवहरू ग्रहण गर्नेछौँ। हाम्रा लागि यो अवसर 'रिभर्स ब्रेन ड्रेन'(पलायित प्रतिभाको प्राप्ति) जत्तिकै मूल्यवान हुनेछ।

**स्थानीय जनगण र बहुसङ्ख्यक मानिसहरूका आवाज, आकाङ्क्षा, आवश्यकतालाई नेतृत्व दिए बद्रीनारायण प्रधान र भीमबहादुर लामा अनि धनपति शर्मा, जेठा छेत्री, सिल्बानुस लाकड़ा, चन्द्र खेस, हजुरमान पुरी, पराजुली शर्मा, बीएल गुप्त आदिले।**

ज्ञानको क्षितिजमा बाउमावि-को उड़ान नित्य-निरन्तर छ; अविश्रान्त छ। मानव समाज रहेसम्म असल मानव जन्माउने विद्यालयको सपना तुहिनेछैन। शिक्षक/शिक्षिकाका रूपमा समाजका हरेक पुस्ता विद्यालयको ईन्धन भइरहनेछन्।

यस ऐतिहासिक अवसरमा हामी विद्यालयका सम्पूर्ण संस्थापक सदस्यहरूलाई सश्रद्धा स्मरण गर्दछौँ। उहाँहरूका महान् कार्यको हृदयबाटै सम्झना गर्दछौँ। उहाँहरूलाई शिर झुकाएर नमन गर्दछौँ। उहाँहरूले देखेका सपनामा खरो उत्रने प्रण गर्दछौँ। ●

# इतिहासको आँखीझ्यालबाट हेर्दा



▣ **गोपालसिंह विश्व,** बाग्राकोट

पश्चिम डुवर्सको बाग्राकोट चियाकमानदेखि माथि वर्तमान कालेबुङ जिल्लाको पाब्रिङटार ग्राम पञ्चायत अन्तर्गत पर्ने पहाड़कै काखमा रहेको कोइला कम्पनी भनिने ठाउँ छ जसलाई चुनाभट्टी पनि भनिन्छ। उहिलेदेखि नै यहाँ प्रत्येक सप्ताह शनिबारको दिन हाट लाग्ने गर्थ्यो। यस हाटमा समथर, बरबोट, पेम्लिङ, निम्बोङ, पुबुङ, चुइखिम, ग्यासोक जस्ता पहाड़का गाउँ-बस्ती क्षेत्रबाट त्यहाँका उत्पादित विभिन्न वस्तुहरू साग-सब्जी, सुन्तला, कुचो, अदुवा, घिउ, भटमास, दाल, फापर, घर-तरुल, बन-तरुल, सिमल तरुल आदि बिक्री गर्न गोर्खाली दाजु-भाइ तथा दिदी-बहिनीहरू आउने गर्थे भने मधेसका पैकारी एवम् खुद्रा व्यापारीहरूको पनि जमघट हुन्थ्यो। तर समयको परिवर्तनले होला, हिजआज त्यो जम्जमाहटमा धेरै कमी आएको छ र वर्तमान हाट प्राय: बन्द हुने अवस्थामा पुगेको छ। यसै स्थानसित संलग्न कालेबुङ र जलपाइगढ़ी जिल्लाको दोसाँधमा अवस्थित छ यस भेकको एउटा भरपर्दो शैक्षिक प्रतिष्ठान बाग्राकोट उच्चतर माध्यमिक विद्यालय जसको सञ्चालन वर्तमान गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अधीन पर्दछ। आगामी १० मई, २०२४ मा यस विद्यालयको स्थापना भएको ७५ औँ वर्ष पुगिरहेको उपलक्ष्यमा यहाँ धुमधामसँग कौस्तुभ जयन्ती मनाइने भएको छ। यसका निम्ति तयारीको शुभारम्भ पनि भइसकेको छ। आज भन्दा लगभग ७५ वर्षअघि यस विद्यालयको स्थापना कसरी अनि कुन परिस्थितिमा हुन गयो त्यसलाई बुझ्नको निम्ति यस भेकको ऐतिहासिक पृष्ठभूमि तथा विकासका क्रमिक घटनाक्रमहरूको संक्षिप्त विवरण पनि सरसर्ती नियाल्नुपर्ने हुन्छ।

वास्तवमा सन् १८६४ को ब्रिटिश-भोटाङ युद्धपछि सन् १८६५ मा सम्पन्न भएको सिञ्चौला सन्धि पश्चात ब्रिटिश अधीनभित्र पर्न गएको अधिकतर घना जङ्गलले ढाकिएको यस क्षेत्रमा बिस्तारै जनबस्तीहरूको बसोबास र सामाजिक-अर्थनैतिक विकासको सूत्रपात हुन थालेको पाइन्छ। यसै क्रममा तत्कालीन ब्रिटिश शासन अन्तर्गत दार्जीलिङ जिल्लाभित्र गाभिएको यस पहाड़ी भेकको फेदमै पर्ने चुनाभट्टी नाम गरेको ठाउँमा सन् १८७० तिर जङ्गलको संरक्षण र व्यवस्थापनको निम्ति वन विभागका कार्यालय तथा कर्मचारी एवम् अधिकारीहरूको निम्ति केही आवासहरूको निर्माण भएका तथ्यहरू छन्। सन् १८७४ को नोभेम्बरमा

दार्जीलिङको धोतरिया चियाकमानका मालिक डा. ब्राह्म र म्यानेजर रिचर्ड हफ्टनका उद्योगमा डुवर्स क्षेत्रमा प्रथम चियाकमान टिस्टा नदीको छेउ पर्ने गजलडुबामा स्थापना गरिएको थियो। त्यसबेला कारखानाको निर्माण र चियाका बोट-बिरुवाहरू रोप्ने कार्यको निम्ति धोतरिया चियाकमानका अनुभवी गोर्खे सरदार, बैदार र श्रमिकहरू ल्याइएका थिए। त्यसपछि सन् १८७५ मा कर्णेल एडवर्ड मोनीले फूलबारी (लिसरिभर) चियाकमानको स्थापना गरे। यसका प्रथम म्यानेजर थिए मि.पिलान्स अनि सन् १८७६ मा ब्रिटिश साहेब डब्ल्यु. डी. क्रेस्वेलले बाग्राकोट चियाकमानको स्थापना गरे। यसका प्रथम म्यानेजर थिए मि.नर्थ। त्यसपछि मात्र डुवर्स क्षेत्रमा धमाधम चियाकमानहरू खोलिन थालिए। यसअघि सन् १८७४ सम्म दार्जीलिङको पहाड़ र तराई क्षेत्रमा ७,४०० हेक्टर जमिनमा ११३ वटा चियाबारीहरू खोलिइसकेका थिए। पश्चिम डुवर्स क्षेत्रमा चियाकमानहरूको स्थापना भएपछि माल, मटेली र नगरकट्टा ब्लकका कमान-बस्तीहरूमा गोर्खा बहुल र पछि केही लघुसङ्ख्यक आदिवासी चिया श्रमिकहरूको सामूहिक रूपमा बसोबास आरम्भ भएको मानिन्छ। तथापि त्यसभन्दा धेरै वर्ष अघिदेखि भूटान अधीन रहेको डुवर्सको यस क्षेत्रमा यहाँका रैथाने कोच-राजवंशी, मेच वा बोड़ो, राभा, टोटो आदि जनजातिहरू सँगसँगै नेपालीभाषी गोर्खाहरूको गतिविधि तथा बसोबास रहेको प्रमाणहरू पनि पाइन्छ।

बाग्राकोट चियाकमानको स्थापनापछि डाकसेवाको सुविधाको निम्ति सन् १८८० मा यहाँ एउटा डाक घरको निर्माण गरिएको थियो। त्यसपछि बङ्गाल डुवर्स रेल परिसेवा अन्तर्गत जलापाइगढ़ी-बार्नेसघाटदेखि दोमोहिनी, माल बजार, डामडिम, ओदलाबारी हुँदै १ जनवरी, १९०२ सम्म बाग्राकोटको मध्यस्थल वर्तमान बी.डी.आर. बस्तीसम्म रेल परिसेवाको सूत्रपात गरिएको थियो। त्यसबेला बाग्राकोट बङ्गाल डुवर्स रेलवेको अन्तिम स्टेशन (Terminal Station) थियो। त्यो बेला टिस्टा नदीमाथि न रेलवे पुल बनिएको थियो न मोटर वाहन चल्ने बाघपुल। त्यसबेला

**सन् १८७४ को नोभेम्बरमा दार्जीलिङको धोतरिया चियाकमानका मालिक डा. ब्राह्म र म्यानेजर रिचर्ड हफ्टनका उद्योगमा डुवर्स क्षेत्रमा प्रथम चियाकमान टिस्टा नदीको छेउ पर्ने गजलडुबामा स्थापना गरिएको थियो। त्यसबेला कारखानाको निर्माण र चियाका बोट-बिरुवाहरू रोप्ने कार्यको निम्ति धोतरिया चियाकमानका अनुभवी गोर्खे सरदार, बैदार र श्रमिकहरू ल्याइएका थिए। त्यसपछि सन् १८७५ मा कर्णेल एडवर्ड मोनीले फूलबारी (लिसरिभर) चियाकमानको स्थापना गरे। यसका प्रथम म्यानेजर थिए मि.पिलान्स अनि सन् १८७६ मा ब्रिटिश साहेब डब्ल्यु. डी. क्रेस्वेलले बाग्राकोट चियाकमानको स्थापना गरे।यसका प्रथम म्यानेजर थिए मि.नर्थ। त्यसपछि मात्र डुवर्स क्षेत्रमा धमाधम चियाकमानहरू खोलिन थालिए।**

मालबजारदेखि दक्षिण दिशातिर करिब २७ किमी टाढ़ा पर्ने सीमान्त स्थल च्याङ्राबन्दा हुँदै पूर्व बङ्गालको लालमणिहाट भएर देशका अन्य शहरहरूतिर आवत-जावत गर्ने व्यवस्था थियो भने पूर्वमा चालसा हुँदै

मदारीहाटसम्म अनि पछि १९१५ तिर चाल्सादेखि मटेलीसम्म यसको विस्तार गरिएको थियो। ब्रिटिश सरकारद्वारा यस क्षेत्रको भौगोलिक सर्वेक्षण गरेपछि सन् १९०६ मा यहाँ एउटा कोइला कम्पनी खोलियो। बाग्राकोटको निकट पूर्वतिर रम्ती खोलाको छेउको पहाड़मा अवस्थित कोइलाखानीबाट कोइला निकालेर यहाँ ल्याइन्थ्यो अनि रेल तथा ट्रकद्वारा विभिन्न स्थानमा यहाँबाट कोइला पठाइने गरिन्थ्यो। तर केही वर्षको सञ्चालनपछि यहाँको कोइलाको गुणस्तर निम्न रहेको कारण यसलाई बन्द गरिएको थियो। सड़क मार्गद्वारा डुवर्सलाई सिलगढ़ी एवम् अन्य स्थानहरूसित जोड्न सेभोकको निकट टिस्टा नदीमाथि बाघपुलको निर्माण सन् १९३७ मा शुरु गरेर १९४१ मा पूरा गरिएको थियो।

त्यसबेला बस वा मोटर चल्ने बाटो यही बाग्राकोटको कोइला कम्पनी हुँदै माथि लेसखोलाको पुल भएर आशाबारी निस्कन्थ्यो अनि बाघपुल हुँदै सिलगढ़ी जान्थ्यो। पछि तलबाट अर्को बाटो राष्ट्रिय राजमार्ग बनिएपछि मोटर गाड़ीहरू बाग्राकोट नपसी सोझै तलबाट जान थालेको हो। सन् १९४६ तिर कलकत्ताका एक सज्जन पी.के.रोयको मालिकानामा बाग्राकोटको कोइला कम्पनीलाई पुन: चालु गरियो। त्यस समय यस कम्पनीको सञ्चालन तथा व्यवस्थापनको निम्ति खटिएका अर्थात् बाहिरबाट ल्याइएका कर्मचारीहरूमा बङ्गाली समुदाय अधिक रहनु स्वाभाविक नै थियो। उनीहरूको रहने व्यवस्था पनि कम्पनीले आफ्नै आवासहरू बनाएर मिलाएको थियो। बाग्राकोट चियाकमानको अफिसमा काम गर्ने बाबुहरू पनि प्राय: बङ्गाली समुदायबाट नै हुने गर्थे। उनीहरू शिक्षाप्रति खुबै जागरुक हुन्छन्। भारत सन् १९४७ मा स्वाधीन भए पश्चात यहाँका विशेष बङ्गलाभाषी कर्मचारी तथा बाबुका छोरा–छोरीहरूको शिक्षाको व्यवस्थाको निम्ति एउटा निम्न माध्यमिक विद्यालय खोलिने निश्चय गरियो।

यस अभियानमा प्रथमपल्ट १० मई, १९४९ मा पाँचौँ र छैटौँ श्रेणीको पढ़ाइ बङ्गला माध्यमबाट आरम्भ गरिएको थियो। त्यसबेला एउटा भग्न अवस्थामा रहेको काठको घर जहाँ अहिले बङ्गला माध्यमको प्राथमिक पाठशाला रहेको छ त्यहाँबाट पढ़ाउने कार्यको शुरूआत भयो। विद्यालयका तत्कालीन संस्थापकहरू थिए– स्व.पी.के.रोय. स्व.ए.के.रोय, स्व. कुमुद बिहारी रोय, स्व. सुधांशु चौधरी, डा.सतीशचन्द्र शाहा, स्व.बनवरीलाल गुप्त, स्व.प्रफुल्ल कुमार बक्सी, स्व. प्रियब्रत चक्रवर्ती आदि। त्यसबेला स्कूलको अवस्थान दार्जीलिङ जिल्ला अन्तर्गत रहेको हुनाले नयाँ स्कूल खोलिएको सूचना दार्जीलिङको जिल्ला निरीक्षक कार्यालयमा पठाइयो र कार्यकारी सञ्चालन समितिद्वारा सरकारी मान्यताको निम्ति लेखापढ़ी शुरु गरियो। त्यसको एक वर्षपछि जिल्ला निरीक्षकको तर्फबाट पाँचौँ र छैटौँ श्रेणीसम्मको सरकारी मान्यता प्राप्त भयो। तर एउटा जुनियर हाई स्कूलको निम्ति सरकारी नियम अनुसार विद्यालयको आफ्नो जमिन एवम् छात्र–छात्राहरूको सङ्ख्या लगभग ८० सम्म हुनुपर्थ्यो र स्थायी रूपमा एउटा विद्यालय सञ्चालन समितिको गठन हुनु अनिवार्य थियो। त्यसर्थ स्थानीय समाजसेवी तथा बौद्धिक व्यक्तित्वहरू सहित आशाबारी, लिसरिभर चियाकमान र ओदलाबारी बजारका केही शिक्षित सज्जनहरूलाई लिएर २९ सेप्टेम्बर, १९५० को दिन विद्यालय परिसरमा एउटा सभाको आयोजना गरियो अनि त्यस सभामा एउटा स्थायी सञ्चालन समितिको गठन भयो। सभामा सदस्यहरूको छलफलबाट एउटा निष्कर्ष निस्क्यो कि सञ्चालन समितिले विद्यालय भवनको निर्माण र जमिनको व्यवस्था गर्नेछ। कालेबुङ महकुमाभित्र पर्ने चुनाभट्टी क्षेत्रमा स्कूललाई चाहिने प्रयाप्त जमिन उपलब्ध थिएन अनि त्यहाँको वन विभागले पनि आफ्नो अधीनमा रहेको जमिन उपलब्ध

गराउन सकेन। यसो हुँदा रेन्ज अफिसको छेउमा संलग्न रहेको बाटोको दक्षिण दिशामा जलपाइगढ़ी जिल्ला अन्तर्गत पर्ने बाग्राकोट चिया कमानको खाली जमिनलाई तत्कालीन म्यानेजर मिस्टर ए.इ. एगरबाट निरापत्ति–पत्र (एन.ओ.सी.) लिएर त्यस इलाकालाई घेर्ने काम भयो। पछि विद्यालय सञ्चालन समितिले राज्य सरकारको शरणार्थी विभागबाट त्यसबेलाको ८००० रुपियाँ सहयोग राशि प्राप्त गऱ्यो जसबाट पक्का ढलानसहित टिनको छाना र काठको भित्ता भएको विद्यालय भवनको निर्माण गरियो। यसरी विद्यालय भवनको निर्माणपछि सन् १९५६ मा आठौँ श्रेणीसम्म पढाइने बङ्गला माध्यमको निम्न माध्यमिक विद्यालयको रूपमा सरकारी मान्यता प्राप्त गर्न सफल भयो। तर पनि विद्यालय सञ्चालन समितिको निम्ति समस्याहरू रहेकै थियो। विद्यालय भवनको स्थान दार्जीलिङ जिल्लाको सीमावर्ती क्षेत्रबाट जलपाइगढ़ी जिल्ला अन्तर्गत पर्ने जमिनमा सारिएको थियो।

सन् १९४४ तिर नै तल बाग्राकोट चियाकमानको फुटबल मैदानमा एउटा नेपाली माध्यमको प्राथमिक पाठशाला अनि पछि कोइला कम्पनीमा एउटा बङ्गला माध्यमको प्राथमिक पाठशालाको स्थापना भइसकेको थियो। यसबाहेक आशाबारी, फूलबारी चियाकमानमा रहेका प्राथमिक पाठशालाबाट उत्तीर्ण भएका विद्यार्थीहरूलाई पनि यहाँको निम्न माध्यमिक विद्यालयमा भर्ना लिन सकिन्थ्यो। तर यी छेउछाउका चियाकमानहरूमा नेपालीभाषी र आदिवासीहरू नै अधिक सङ्ख्यामा रहेका थिए अनि यिनीहरूका छोरा–छोरी भाषाको समस्याले गर्दा बङ्गला माध्यमको स्कूलमा पढ्न चाहँदैन थिए। यसो हुँदा बाग्राकोट जुनियर हाई स्कूलमा विद्यार्थीहरूको सङ्ख्या निकै कम थियो अनि नेपाली र हिन्दीभाषी शिक्षकहरू पनि कोही थिएनन्। यस्तो परिस्थितिमा सन् १९५९ को जनवरी महिनामा बद्रीनारायण प्रधान सर यहाँको प्रथम नेपालीभाषी शिक्षकको रूपमा आउनु भयो। त्यसबेला यस स्कूलका हेडमास्टर थिए एकजना बङ्गलाभाषी युवा नृत्य गोपाल साहा अनि स्व. आशुतोष भट्टाचार्य थिए संस्कृतका शिक्षक। विद्यालय सञ्चालन समितिका प्रेसिडेन्ट थिए बनवरीलाल गुप्त अनि सेक्रेटरी थिए डा.सतीशचन्द्र साहा। बद्रीसर शिक्षकका रूपमा नियुक्त भएपश्चात अप्रेल १९५९ तिर नृत्य गोपाल साहा छुट्टी लिएर आफ्नो घर कलकत्ता गए अनि फेरि फर्केर आएनन्। फलस्वरूप विद्यालय सञ्चालन समितिका अध्यक्ष बनवरीलाल गुप्तले बद्रीसरलाई नै प्रधान अध्यापकको भार सम्हाल्ने आदेश दिए। तर बद्रीसर तत्कालीन बङ्गला माध्यमको स्कूलको हेडमास्टर हुन चाहेनन्। उनले अध्यक्षलाई अन्य कुनै शिक्षित बङ्गाली सज्जन खोजेर ल्याउने सल्लाह दिए। केही दिनपछि संयोगवश बर्धमान जिल्लाको कटुवा शहरका वासिन्दा एक सज्जन ताराप्रसन्न चक्रवर्ती यस स्कूलका प्रधानअध्यापक बन्न तयार भए। उनी नेपाली भाषा पनि राम्ररी बोल्न सक्थे। उनका पिता कुनै समयमा दार्जीलिङको टुङ रेलवे स्टेशनका स्टेशन मास्टर थिए। ताराप्रसन्न चक्रवर्तीको जन्म टुङमै भएको थियो। यसैकारण नेपाली भाषामा उनको राम्रो पकड़ थियो। सन् १९५९ मा उनी बाग्राकोट जुनियर हाई स्कूलका हेडमास्टर भएर आए। तर उनको उमेर ५० वर्ष नाघिसकेको थियो अनि उनी प्राय: बिमार भइबस्थे। त्योबेला पनि प्राय: जुनियर हाई स्कूलमा क्लर्क हुँदैन थिए।

हेडमास्टरको अनुपस्थितिमा अध्यापन व्यवस्था तथा सम्पूर्ण कार्यहरूको भार बद्रीसरको काँधमाथि आइपरेको थियो। त्यसबेला स्कूलका विद्यार्थीहरूको कुल सङ्ख्या ३० भन्दा अधिक थिएन। तत्कालीन विद्यालय सञ्चालन समितिका सचिव डा. सतीशचन्द्र साहा बाग्राकोट चियाकमानका चिकित्सक थिए। उनको सेवाकालपछि यस स्कूलको सञ्चालन समितिका सचिव

भएका थिए ट्रेड युनियनका स्थानीय नेता तथा बुद्धिजीवी भीमबहादुर लामा। उनीहरूसित बद्रीसरको राम्रो सम्बन्ध थियो। स्कूलमा पढ़ाइको माध्यम बङ्गला भएको हुनाले चियाकमानका प्राय: नेपालीभाषी र आदिवासीका छोरा–छोरीहरू प्राथमिक शिक्षा पूरा गरेपछि अलपत्र स्थितिमा रहनु पर्थ्यो। बद्रीसरले त्यस परिस्थितिलाई बुझेर एकदिन प्रधानअध्यापक ताराप्रसन्न चक्रवर्तीसित स्कूलमा नेपाली माध्यम पनि चालु गर्न सके चियाकमानका बहुसङ्ख्यक नेपालीभाषी अनि आदिवासी विद्यार्थीहरू भर्ना हुनसक्ने सम्भावना र यस्तो हुनसके श्रमिकवर्गका छोरा–छोरीले पनि शिक्षाको लाभ उठाउन सक्ने थिए भन्ने कुरा उठान गरे। उनले बद्रीसरको सुझावको समर्थन त गरे तर नेपाली शिक्षकको अभाव रहेको हुनाले आइपर्ने समस्याहरूको पनि कुरा उठाए। अन्तत: त्यसको निम्ति बद्रीसरबाट नै सम्पूर्ण व्यवस्था मिलाउन सक्ने भरोसा पाएपछि प्रस्तावलाई अघि बढ़ाइयो।

यसरी विशेष बद्रीसरको प्रयत्न, दूरदृष्टि र सक्रियतामा सञ्चालन समितिका पदाधिकारीहरूसहित यहाँका बुद्धिजीवी भीमबहादुर लामाको सहयोग लिएर स्थानीय अभिभावकहरूसित भेटघाट, सभादि गरी उनीहरूको सहमतिमा यस स्कूलमा १ अप्रेल, १९६० देखि प्रथमपल्ट पाँचौँ श्रेणीमा नेपाली माध्यममा पढ़ाउने व्यवस्था चालु गरियो। त्यसबेला अन्य नेपाली शिक्षक नरहेको कारण बद्रीसर एक्लैले पाँचौँ श्रेणीको नेपाली सेक्सनमा सबै विषयहरूको सातै पिरियड पढाउँथे। फलस्वरूप विस्तारै विद्यार्थीहरूको सङ्ख्या बढ़्दै गयो अनि नेपाली पढ़ाउने शिक्षकहरू पनि थपिँदै गए अनि पछि बद्रीसर नै यस स्कूलका प्रधानअध्यापक भए। त्यसपछि उनले आफ्नो शैक्षिक योग्यता पनि बढ़ाउँदै लगे। कालेबुङ छँदा सन् १९५१ मै उनले बी.ए.पास गरिसकेका थिए। सन् १९६३ मा कलकत्ता विश्वविद्यालयबाट इतिहासमा एम.ए.गरेपश्चात सन् १९६५ मा रामकृष्ण बी.टी. कलेज, दार्जीलिङबाट बी.टी. (अहिलेको बी.एड.) पनि उत्तीर्ण गरे। यसरी बद्रीसर जस्ता एक कर्मठ अनि समर्पित व्यक्ति तथा समाज सचेतक भविष्यद्रष्टा शिक्षकको रूपमा पाएपछि स्कूलको उत्तरोत्तर उन्नति हुँदै गयो। फलस्वरूप सन् १९६६ को पहिलो जनवरीदेखि अपग्रेड भएर यस स्कूलले उच्च विद्यालयको सरकारी मान्यता पनि प्राप्त गऱ्यो।

सन् १९६६ मै विद्यालय भवनको थप विस्तारको निम्ति आर्थिक सहयोग तथा चन्दा सङ्ग्रहबाट एउटा सानो अलग्गै पक्का बिल्डिङको निर्माण पनि गरिएको थियो। जनवरी सन् १९६४ मा म यस स्कूलमा पाँचौँ श्रेणीमा भर्ना भएको थिएँ। पाचौँ र छैटौँ श्रेणी नेपाली माध्यममा पढ़ियो। तर सातौँदेखि अङ्ग्रेजी माध्यममा पढ़ाउन थालिएको थियो। तर पनि द्वितीय भाषा अङ्ग्रेजी बाहेक अन्य विषयहरू नेपाली, हिन्दी र बङ्गला भाषामा लेख्न सकिने प्रावधान पनि थियो। त्यसबेला प्राइमेरी स्कूलदेखि नै एउटा विषय अङ्ग्रेजी पढ़्दै आएको हुनाले त्यति अप्ठ्यारो परेन तर नवौँ–दशौँ श्रेणी पुगेपछि अङ्ग्रेजीमा लेखिएका पुस्तकहरू पढ़ेर सरहरूले नेपालीमा त्यसको उल्था गरी बुझाउने गर्थे र हामी त्यसको नेपालीमा नोट पनि बनाउथ्यौँ अनि स्कूल फाइनल नेपालीमै लेखेर पास गऱ्यौँ। हामीसित बङ्गलाभाषी मित्रहरू पनि थिए। उनीहरूले बङ्गला भाषामा नै परीक्षा दिए। त्यसबेला हामीलाई पढ़ाउने शिक्षकहरू बङ्गलाभाषी, हिन्दीभाषी र नेपालीभाषीहरू थिए। तर अनेपाली सरहरूले पनि नेपाली प्राय: राम्रैसित बोल्न सक्थे। तीमध्ये स्व.सत्यनारायण झा, स्व. अमृत प्रसाद, स्व. सुकुमार बक्सी, स्व. प्रियब्रत चक्रवर्ती (पातु सर) आदि थिए अनि नेपालीभाषी शिक्षकहरूमध्ये स्व. बद्रीनारायण प्रधानसहित स्व. साङ्गे छिरिङ, स्व. गङ्गासिंह राई, स्व. विष्णु शर्मा अधिकारी आदि निकै प्रभावशाली

व्यक्तित्वका थिए। यसरी प्रधानअध्यापक बद्रीसर एवम् अन्य योग्य शिक्षकहरूको सान्निध्यमा रहेर असल शिक्षा आर्जन गर्ने अवसर पाएको हुनाले नै आज आफू जीवनमा केही गर्न सक्षम हुन सकेको जस्तो अनुभव हुन्छ। हामीलाई गर्व हुन्छ कि उनीहरू जस्ता समाजसचेतक, शिक्षा र साहित्यमा दक्षता हासिल गरेका बौद्धिक व्यक्तित्वहरू हामीले पाउन सक्यौँ।

सन् १९७३ मा विद्यालय स्थापना दिवसको २५ औँ वर्ष धुमधामसित रजत जयन्तीको रूपमा मनाइएको थियो। त्यस समारोहमा हामी भूतपूर्व विद्यार्थीहरू पनि उपस्थित भएका थियौँ। दार्जीलिङबाट विशिष्ट अतिथिका रूपमा कवि वीरेन्द्र सुब्बा आएका थिए। त्यसबेला हामीले साहित्य सम्बन्धी उनका वक्तव्यहरू सुन्ने अवसर पाएका थियौँ। उनका चित्रकलाको पनि प्रदर्शनी भएको थियो। त्यसबेला वीरेन्द्र सुब्बाले आफ्ना नेपाली कविताहरू सहित स्वरचित केही बङ्गला कविताहरू पनि सुनाएका थिए। उनको उपस्थितिले विद्यालयको त्यो रजत जयन्ती स्मरणीय रहेको छ। बद्रीसरले लगभग ३२ वर्ष यस स्कूलमा सेवा पुऱ्याएर जून १९९० मा अवकाशग्रहण गरे। उनीपछि यस विद्यालयका प्रधानाध्यापक भए स्व. ब्रुनो लेप्चा। उनले पनि लगभग २० वर्ष प्रधानाध्यापक रहेर यस स्कूलको शैक्षिक विकास, विद्यालय भवन तथा अन्य आवश्यक पूर्वाधारहरूको निर्माणमा निकै राम्रो भूमिका निभाए। सन् १९९१ देखि दार्जीलिङ जिल्लाका अन्य स्कूलहरूको शिक्षण व्यवस्था अनुरूप यस स्कूलमा अङ्ग्रेजी र नेपाली दुई भाषा माध्यममा पढ़ाउने व्यवस्था राखियो। उनकै सेवाकालमा सन् १९९९ मा यस विद्यालयको स्थापनाको ५० वर्ष पुगेको खुशियालीमा स्वर्ण जयन्ती समारोह धुमधामसँग मनाइएको थियो अनि त्यही वर्षदेखि एघारौँ र बाह्रौँ श्रेणीको कला विभागको अध्यापन पनि शुरु गरिएको थियो। विद्यार्थीहरूको सूचना प्रविधिको ज्ञान बढ़ाउन कम्प्युटर शिक्षालाई पनि पाठ्यक्रममा सामेल गरियो। उनकै प्रयत्नमा सन् २००३ तिर स्कूल विस्तार र नयाँ भवनको निर्माण गर्न राज्य सरकारबाट लगभग ४५ लाख रुपियाँ सहयोग राशि पनि प्राप्त गर्न सकेको थियो। यसबाहेक बद्रीसर र सुखमन मोक्तानको प्रभाव र प्रयासमा सांसद फण्ड र अन्य स्रोतहरूबाट पनि आर्थिक सहयोग प्राप्त गर्न सम्भव भयो। यस विद्यालयले सन् २००४ मा राज्य सरकारबाट उच्चतर माध्यमिक विद्यालयको रूपमा सरकारी मान्यता पनि प्राप्त गऱ्यो। प्रधानअध्यापक ब्रुनो लेप्चाले दिसम्बर २०१० मा अवकाश ग्रहण गरेपछि शिक्षक प्रभारीको रूपमा क्रमश: श्री माइकल तामाङ, श्री अशोक नेवार, स्व. एस. के.लकान्द्री अनि श्री निर्मल शर्मा रहेका थिए। त्यसपछि सितम्बर सन् २०१९ देखि श्री सागर शर्मा यस विद्यालयका प्रधानअध्यापकको रूपमा नियुक्त भएका छन्। हालैमा उनले विद्यालयमा एउटा अलग्गै पुस्तकालयको स्थापना गरेर विद्यार्थीहरूमाझ पठन संस्कृतिको वृद्धि तथा शिक्षा र साहित्यमा विद्यार्थीमाझ जागरुकता ल्याउने जमर्को गरेका छन्।

तुलनात्मक दृष्टिले हेर्दा विद्यालयका पूर्वाधारहरू (infrastructures) पहिलेको भन्दा अहिले धेरै राम्रो छ तर विद्यार्थीहरूको सङ्ख्याको हिसाबले अझै धेरै सुधार ल्याउनु पर्ने आवश्यकतालाई ध्यानमा राखेर पश्चिम बङ्ग समग्र शिक्षा मिशन अन्तर्गत लगभग ६४ लाख रुपियाँको सहयोगमा दुईतले विद्यालय भवनको नवनिर्माणको शुरूआत भइसकेको छ जसको शिलान्यास २०२३ को १६ दिसम्बरको दिन कालेबुङका विधायक रुदेन सादा लेप्चाका बाहुलीबाट भएको थियो। वर्तमान यस विद्यालयमा लगभग २५०० विद्यार्थीहरू छन् अनि स्थायी शिक्षकहरूको सङ्ख्या ४५ र अस्थायी शिक्षकहरूको सङ्ख्या ८ रहेको छ भने अशिक्षण कर्मचारीहरू स्थायी २ र अस्थायी २ रहेका छन्। सन् २०२२ को जुलाईदेखि एघारौँ र

बाह्रौँ श्रेणीका निम्ति वाणिज्य विभागको पढ़ाइ पनि आरम्भ गरिएको छ। निकट भविष्यमा विज्ञान विभाग पनि खोल्न सकिए डुवर्स क्षेत्रका अन्य नेपाली स्कूलहरूका निम्ति एउटा उदाहरण नै हुन सक्ने थियो। हाम्रा विद्यार्थीहरू पनि विज्ञान तथा गणित जस्ता विषयहरू पढ़ेर भविष्यमा डाक्टर, इन्जीनियर बन्न सके अझ राम्रो शिक्षा लाभ गर्ने र आकर्षक रोजगारहरू प्राप्त गर्न सक्ने सम्भावना रहने थियो।

विद्यालयका विद्यार्थीहरूलाई पाठ्यक्रमदेखि बाहिरको विविध शैक्षणिक एवं सांस्कृतिक कार्यक्रमहरूप्रति जागरुकता ल्याउन र शिक्षाप्रति सचेतना तथा उत्साह प्रदान गर्नको निम्ति बद्रीसरको सेवाकालदेखि नै प्रत्येक वर्ष स्कूलको स्थापना दिवस मनाउने परम्परा बसालिएको थियो। यसमा एकाङ्की नाटकसहित सांस्कृतिक कार्यक्रमहरू लोकनृत्य, गीत, कविता, वक्तव्य प्रतियोगिता आदिको प्रस्तुति हुने गरिन्थ्यो अनि स्थापना दिवसको उपलक्ष्यमा वार्षिक परीक्षामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने पाँचौँदेखि दशौँ र पछि बाह्रौँ श्रेणीसम्मका विद्यार्थीहरूलाई पुरस्कार स्वरूप राम्रा–राम्रा पुस्तक तथा शब्दकोशहरू वितरण गर्ने परम्परा पनि चल्दै आएको छ। हाल विद्यालयमा कम्प्युटर साइन्स विषय पनि पढ़ाइन्छ। यस्ता उत्साहवर्धक कार्यक्रमहरूले विद्यार्थीहरूलाई ठूलो प्रेरणा मिल्दछ। यसबाहेक सामयिक रूपमा भए पनि विद्यालयको पत्रिका (School Magazine) पनि प्रकाशित हुने गरेको छ। यस दिशामा प्रथमपल्ट सन् १९७२ मा 'हिमालफेदी' वर्ष १ अङ्क १ प्रकाशित भएको थियो। यसका प्रधान सम्पादक स्व. साङ्गे छिरिङ सर थिए। यसमा चार भाषामा रचनाहरू प्रकाशित भएका थिए। यस अङ्कमा बद्रीसरको अङ्ग्रेजी भाषामा लेखिएको रचना 'Poet Bhanubhakta Acharya' उल्लेखनीय रहेको छ। यसै अङ्कको विद्यार्थी कलममा अशोक रोकाको प्रथम कथा 'पैसा' प्रकाशित भएको थियो जो आज डुवर्सका एक वरिष्ठ प्रतिनिधि कथाकारका रूपमा परिचित छन्। यसरी नै पत्रिकाको दोस्रो अङ्क सन् १९९२ मा अनि तेस्रो अङ्क सन् १९९९ मा स्वर्ण जयन्ती विशेषाङ्कको रूपमा प्रकाशित भएको थियो। दोस्रो अङ्कमा प्रधान अध्यापक श्री ब्रुनो लेप्चाका दुईवटा अङ्ग्रेजी कविता र शिक्षक एस.के. लकान्द्रीको अङ्ग्रेजी निबन्ध 'Is English essential in Indian Education System?' बाहेक विद्यार्थी कलमहरूलाई नै अधिक प्राथमिकता दिइएको भए तापनि तेस्रो अङ्कमा भूतपूर्व छात्र–छात्राहरूसहित भूतपूर्व शिक्षक तथा अन्य स्थापित लेखकहरूका स्तरीय रचनाहरू पनि प्रकाशित भएका छन्। तीमध्ये बद्रीसरको संस्मरण 'बाग्राकोट उच्च विद्यालय ऐतिहासिक दृष्टिमा' पनि उपयोगी र पठनीय रहेको पाइन्छ। अङ्ग्रेजीमा ब्रुनो लेप्चाको कविता 'Human Rights', भूतपूर्व शिक्षक गङ्गासिंह राईको निबन्ध 'What is Education for?',सी.बी.घलेको'Love of Teaching', एस.के.लकान्द्रीको 'Virtue and Student's Life' आदि उल्लेखनीय रहेका छन्। अन्य स्थापित लेखकहरूमा कितापसिंह राई, चुन्निलाल घिमिरे, मनप्रसाद सुब्बा, नोर्जाङ स्याङ्देन, धनवीर पुरी, ज्ञानेन्द्र खतिवड़ा, केदार गुरुङ, बुद्ध कुमार मोक्तान, बी.आर. छेत्री, सञ्जय बान्तवा, सुरेन्द्र थीङ, मोहन ठकुरी, श्रीनारायण प्रधान, डा.जीवन नामदुङ, डा.जगत छेत्री, कालूसिंह रनपहेंली, अमृतलाल श्रेष्ठ, अर्जुन पीयूष, वीरभद्र कार्कीढोली, मोतीप्रसाद शर्मा, केवलचन्द्र लामा, लक्ष्मण श्रीमल, डी.बी.घिसिङ, पूर्ण योञ्जन, माधव बुढ़ाथोकी, इन्द्रबहादुर गुरुङ आदिका रचनाहरूले पत्रिकाको स्तरीयता बढ़ाएको छ। यसबाहेक भूतपूर्व विद्यार्थीहरू स्व. माइचाङ तामाङ, गङ्गादेवी शर्मा, एस.एम.ब्लोन, अशोक विश्व, वेगवशन्त थापा, अनन्त श्रेष्ठ, रूपेश शर्मा, अजय खड्का, प्रदीप पतझड़, मदन वियोगी आदिका रचनाहरू प्रकाशित छन्। त्यसपछि सन् २००५ को मई महिनामा अङ्क ४ प्रकाशित हुन्छ। यसमा अङ्ग्रेजीमा प्रकाशित रचनाहरूमध्ये बद्रीसरको

'Some Reminiscence', शङ्करसिंह कुमाईको 'Duties of Parents towards their children', सागर शर्माको 'Literature and its characteristics', अमित थापाको 'Mars the other Earth' अनि नेपालीमा श्रीमती गङ्गादेवी शर्माको 'नकारात्मक विचार: विकासको वाधक', डी.बी.छेत्रीको 'उत्तर-आधुनिकवाद: सैद्धान्तिक विश्लेषण र नेपाली साहित्य', स्व.एस.के.लकान्द्रीको 'आफ्नै आँखीझ्यालमा: बाग्राकोट' आदि पठनीय र शिक्षाप्रद रहेका छन्। सन् २००७ मा 'हिमालफेदी' अङ्क ५ प्रकाशित हुन्छ। यसमा बद्रीसरको 'कृश्नचन्दर र नेपाली भाषामा तिनका कृतिहरू', एस.एम.ब्लोनको 'बाग्राकोट उच्चतर माध्यमिक विद्यालयः हिजो आज भोलि', श्रीमती गङ्गादेवी शर्माको कविता 'शहीद तिमीलाई आलिङ्गन गर्छु', सागर शर्माको 'More About English' आदि सहित दुवै अङ्कमा प्रकाशित विद्यार्थी कलमका रचनाहरू पनि सराहनीय पाइन्छ। त्यसपछि लगभग बाह्र वर्षको अन्तरालमा सन् २०१९ को दिसम्बरमा 'हिमालफेदी'-को छैटौँ अङ्क प्रकाशित हुनसक्यो।

यसपल्ट पछिल्ला अङ्कहरूका तुलनामा पत्रिकाको आवरण र आकार निकै आकर्षक रूपमा देखा पऱ्यो। यस अङ्कको प्रधान सम्पादक निर्मल शर्मा र सम्पादक मण्डलीमा डी.बी.छेत्री, गङ्गादेवी शर्मा, शङ्करसिंह कुमाई, अभय शर्मा, लीलाबहादुर छेत्री र रूपेश शर्मा रहेका छन्। पत्रिकाको विद्यार्थी कलममा २४ जनाका रचनाहरूमध्ये एउटा कथा, एउटा लघु कथा, एउटा निबन्ध र बाँकी सबै कविताहरू समावेश गरी विद्यार्थीहरूको उत्साह बढ़ाउने कार्य भएको छ। भूतपूर्व विद्यार्थी कलममा साहित्य क्षेत्रका विविध विधामा अहिलेसम्म निकै दक्षता हासिल गरिसकेका कलमकारहरू गणेश गजमेर, वेगवशन्त थापा, अनन्त श्रेष्ठ, शङ्कर प्रधान, छुदेन काविमो, अशोक रोका, लीलाबहादुर छेत्री, अमीर सुन्दास, सिमरन कौरका राम्रा-राम्रा गीत, कविता र संस्मरणसहित निगम बस्ताकोटी र विनय शर्मा जस्ता नयाँ उदाउँदै गरेका उज्याला अनुहारहरू पनि देख्न पाइयो। शिक्षक कलममा गङ्गादेवी शर्मा, अर्पणा गुरुङ, राजेन सुनार, शङ्करसिंह कुमाई र भीमबहादुर राईका कविताहरू, रूपेश शर्माको लेख 'विज्ञान, विद्यार्थी र अन्धविश्वास', डी.बी.छेत्रीको 'कवि कालूसिंह रनपहेंलीकृत 'फेरि अर्को मेघदूत'-मा पर्यावरणीय चेतना',सञ्जय थापाको 'युवाशक्ति-केही मन्तव्य केही सुझाउ',निर्मल शर्माको 'पदार्थदेखि हिग्स बोसोनसम्म', देवराज राईको 'ओझेलमा परेका एक महान स्वतन्त्रता सङ्ग्रामी-स्व. प्रतिमान सिंह लामा' र अमित गुरुङको 'मेरो विद्यालय' आदिले पत्रिका खुबै उपयोगी र सङ्ग्रहनीय भएको छ। अङ्ग्रेजी कलममा पारस शर्माको लेख 'The Invisible Chains of Tea Garden' अनि विद्यार्थीहरूका अङ्ग्रेजी कविताहरू पनि प्रभावशाली छन्।

यसरी बाग्राकोट उच्चतर माध्यमिक विद्यालय एउटा विरासतकै रूपमा हामीले पाएका छौँ। यसले अतीतदेखि वर्तमानसम्म जुन गरिमा र कीर्ति वहन गर्दै आएको छ त्यो आउँदा दिनहरूमा पनि कायम रहन सकोस् भन्ने कामना गर्दछु। यस विद्यालयको उत्तरोत्तर प्रगति हुँदै जावोस्। यस वर्षको विराट् कौस्तुभ जयन्तीको उपलक्ष्यमा हामी सबैको यही शुभकामना छ। ●

*(बाउमावि-का भूतपूर्व विद्यार्थी विश्व भारतीय नेपाली साहित्यका एक सुपरिचित लेखक हुन्। उनका पाँचवटा कृति प्रकाशित छन्। **'सन्दर्भः डुवर्स र गोर्खा'** उनको इतिहासपरक चर्चित कृति हो। रेलवेमा उच्चपदस्थ अधिकारीसमेत बन्न पुगेका उनी अनुसन्धानमूलक र अन्वेषणात्मक लेखनमा सक्रिय छन्।)*

संस्मरण

# मेरो प्यारो विद्यालय



▣ **निर्मल शर्मा,** बाग्राकोट

मेरो प्यारो विद्यालय, जहाँ मैले पाँचौँदेखि दशौँ श्रेणीसम्म विद्यार्जन गरेँ। पछिबाट यही विद्यालयलाई आफ्नो कर्मक्षेत्र बनाएँ। पूर्व विद्यार्थी जब सोही विद्यालयमा शिक्षक भएर जान्छ, त्यसबेला यो सौभाग्यको विषय बन्छ। किनभने यस्तो सौभाग्य जीवनमा थोरैले मात्र पाउँछन्।

म १९७४ मा बाग्राकोट चिया कमानको प्राथमिक पाठशालाबाट माथि उक्लिएँ र बाग्राकोट हाई स्कूलमा भर्ना भएँ पाँचौँ श्रेणीमा। प्राथमिक पाठशालामा मेरा सहपाठीहरू पनि मसँग हाई स्कूलमा गए। सम्झनाहरू रहेका केही साथीहरू हुन्–स्व. हेमलाल शर्मा, अशोक विश्व, अशोक एक्का, स्व. अशोक अग्रवाल, रतन थापा, गीता शशांकर, गोमा छेत्री, श्याम प्रधान, सीताराम काफ्ले, श्याम विष्ट, स्व. बुद्ध तामाङ, स्व. नारद जोगी, जीवन प्रधान, मेरा मामाका छोरा उदय शर्मा (हाल काठमाडौँ), प्रभातसिंह तामाङ आदि। पाचौँ श्रेणीमा पुगेपछि गाउँबाहिरका साथीहरू पनि भेटेँ। यिनमा प्रमुख थिए–आशाबारीका दलबहादुर सुब्बा, पत्थरझोड़ाका अमृत बराइली आदि। सानैदेखि म पढ्नमा अलिक तेजिलो थिएँ। प्रथम, दोस्रो र तेस्रो स्थान आफ्नो भागमा पार्थेँ। श्याम विष्ट, गीता शशांकर र म बीच प्रायः नै पढ़ाइमा प्रतिस्पर्धा हुन्थ्यो।

बाग्राकोट उच्च विद्यालयमा भर्ना भएपछि मेरो दैनिक कार्य विद्यालय जानु भयो। म मिडल लाइन कमानको घरमा बस्थेँ जहाँ म जन्मेको थिएँ। मेरा केही साथीहरू फेल हुँदै गए अनि पढ्न छोड़े। टिफिन खान हिँड़ेर घरमै आउँथेँ अनि फेरि स्कूल जान्थेँ। यसो गर्दा हस्याङपस्याङ धेरै हुन्थ्यो। गाँस निल्न धौ पर्थ्यो। मेरो हिँड़ने बाटो सुखमन दाइको घरको गोरेटो थियो अनि बाटैबाटो बद्रीनारायण प्रधान सर (हेडसर)–को घरअघि हुँदै म स्कूल पुग्थेँ। बीडीआर बस्तीबाट उकालो लागेपछि धेरै फाँटिलो बारी भेटिन्थ्यो। रोड नपुगिन्जेल बारी नै बारी थियो। बगानका घरहरूबाहेक अहिलेजस्तो बाक्ला घरहरू अरू थिएनन्। मकै र कोदो मनग्ये फल्ने। तर फसल मौलाएपछि हिँड्नै डर लाग्ने। कोदोबारी चाहिँ हेर्न लायकको हुन्थ्यो। जतातत्तै खाली बारीमा कोदो फलाउने भएकोले होला,मानिसहरू यो ठाउँलाई 'कोदोबारी' भन्थे। बीडीआर बस्तीदेखि अहिलेको टप लाइनको माथ्लो गल्लीसम्म कोदोमात्र फल्थ्यो। त्यत्रा खाली बारी कहाँ गएजस्तो लाग्छ अहिले। कोदोको ठाउँ अहिले घरहरूले लिएका छन्। कोहीबेला सोच्छु, यत्तिका मान्छे कहाँबाट आए? घरको पट्टेरले अहिले त रुख–पात पनि उम्रने ठाउँ रहेको छैन। खेतीपातीको कुरा त परै जाओस्। अझैँ पनि कोदोबारीहरू मेरो आँखामा नाच्छन् कहिलेकाहीं।

सातौँ श्रेणी पुगेपछि मेरो जीवनमा ठूलो वज्रपात भयो। बुवा बित्नुभयो। सातौँ श्रेणीमा म कत्रो पो थिए

होला! त्यसकारण धेरै कुरा मेरो स्मरणमा छैन। स्कूलबाट टिफिन खान आएको बेला बुवा बित्नुभएको थियो। बुवा बिते पनि मेरो अध्ययन चलिरह्यो। पाँचौँदेखि सातौँ श्रेणीसम्म भूगोल पढ़ाउने सरले खुब घुँड़ा टेकाउँथे। कि पाठ रट्नुपर्थ्यो कि घुँड़ा टेक्नुपर्थ्यो। सर कान कम्ती सुन्थे अनि दुवै कानमा रुवा खाँदेर बस्थे। चलाख साथीहरू मुख मात्र चलाएर पाठ जानेको अभिनय गर्थे। म भने जहिले पनि पाठ घोकेर जान्थेँ। बिहानै उठेर कामै पाठ घोक्नु हुन्थ्यो। कक्षासँगै पढ़ाइका बोझहरू पनि थपिँदै गए। नवौँ श्रेणी पढ्दाको मेरो रोचक अनुभव छ। भूगोल पढ़ाउने सरले एक दिन

> गुरुहरूका पनि थरीथरी व्यवहार हुँदा रहेछन्। कोही विद्यार्थीहरूलाई हिर्काएरै, थर्काएरै शासनमा राख्न चाहने; कोही हकार्नु र पिट्नु त परै जाओस् ठूलो आवाजले समेत नबोल्ने। ...विद्यार्थीहरूलाई चाहिने त प्रेम नै रहेछ। खराब व्यवहारले उनीहरूमा हीन भावना अनि सरहरूप्रति विद्वेष र विद्रोह जाग्दो रहेछ। विष्णु सरले व्याकरणका सूत्रहरू 'यमताराजभानसलगम' गणको नियमबाट बुझाउँथे। यो तरिका बड़ो सरल थियो।

आएर महासागर र महादेशहरूका नाम घरमा पढ़ेर आउनू भनी होम वर्क दिए। भोलिपल्ट सर आए र पालैपालो सबैलाई सोध्न थाले। दुईतिरको बीचबाट हिँड्दै सरले अन्तिम बेञ्चतिर सोध्न थाले। एकाधबाहेक कसैले भन्न सकेनन्। नसक्नेहरू बेञ्चीमाथि उभेर कान समात्नेमा परे, साथमा धुलाई पनि। प्रथम लहरको बेञ्चीमा बस्थे कोइला कम्पनीका साथीहरू दिन्नु, लिलु, सुभास आदि। उनीहरूलाई पनि सरले सोधे। सकेनन् अनि सरले सारा रिस उनीहरूमाथि पोखे। अरू नजान्नेले भन्दा दोब्बर कुटाई उनीहरूले खाए। दुखाई र लाजले उनीहरूको अनुहार रातो-पिरो भयो। अर्को लहरमा प्रथम बेञ्चमा म थिएँ। सरले सोध्नेबित्तिकै मैले घोकेको कुरा तुरुन्तै बताइदिएँ। तरै, सरको कसिलो झापड़ मेरो गालामा बज्रियो र टाउको जोड़सित भित्तामा ठोक्कियो। यो घटना अप्रत्यासित भयो मेरा लागि। कुटाई खान्छु भनेर मैले दशमा मनमा एक मन पनि सोचेको थिइनँ। सरको अर्को प्रहार हुनै आँटेको थियो, मैले रुँदै अलिक ठूलो स्वरमा भने-'सर, मैले सबै उत्तर ठिकै त भनेँ।' सरले सुनेछन्। भने,'ए, हो। बस्।' धन्न अर्को झापट गालामा पड्किएन। एउटै झापटले तिनिनी बनाइसकेको थियो। दोस्रो भेटेको भए म बेहोश हुन्थेँ सायद। पछि साथी-भाइहरूबाट बुझ्दा माड़वाड़ी साथीहरूले सरसँग ट्युसन पढ्न छाड़ेका रहेछन् र नै त्यस्तो धुलाई भेटेका रहेछन्। म पनि त्यै रिसको चपेटमा परेँ।

गुरुहरूका पनि थरीथरी व्यवहार हुँदा रहेछन्। कोही विद्यार्थीहरूलाई हिर्काएरै, थर्काएरै शासनमा राख्न चाहने; कोही हकार्नु र पिट्नु त परै जाओस् ठूलो आवाजले समेत नबोल्ने। आदरणीय गुरुबाहरू विष्णु शर्मा, देवान सर, मुकुन्द सर आदिले बड़ो प्रेमले पढ़ाउँथेँ। आफ्नो सब्जेक्टमा उनीहरूको निपुणता देखेर हामी प्रभावित हुन्थ्यौँ। उनीहरू आउँदा कक्षा सुनसान हुन्थ्यो। पढ़ाउन शुरु गरिहालुन् भन्ने लाग्थ्यो। विद्यार्थीहरूलाई चाहिने त प्रेम नै रहेछ। खराब व्यवहारले उनीहरूमा हीन भावना अनि सरहरूप्रति विद्वेष र विद्रोह जाग्दो रहेछ। नवौँ श्रेणीदेखि नेपाली विषयमा चाख बढ्नुको कारण विष्णु सरको पढ़ाउने शैली थियो। कथा, कविता, व्याकरण उनी छर्लङ्ग हुनेगरी बुझाउँथे। व्याकरणका सूत्रहरू

'यमताराजभानसलगम' गणको नियमबाट बुझाउँथे। यो तरिका बड़ो सरल थियो। अर्का गुरुबा थिए राई सर। राई सरको रिसै कड़ा। तर विद्यार्थीहरूलाई मौरी पालन गरेर धरी देखाउने। न्यू रोडबाट बाँस ल्याउन लाउँथे अनि विद्यालयमा बारबेर गरेर अदुवा रोप्न लगाउँथे। मौरीको डुँड़ बनाएर मौरी कसरी पाल्नु, चाका कसरी निकाल्नु आदि कुरा सिकाउँथे। एकदमै व्यावहारिक। यसले विद्यार्थीहरूमा कामप्रति हीन भावना जाग्न दिँदैनथ्यो।

यसरी पढ्दै म दशौँ कक्षामा पुगेँ। शुरु भयो माध्यमिक परीक्षाको तयारी। दशौँ श्रेणीमा हामी २९ जना विद्यार्थी थियौँ। सेन्टअपमा तीनजना फेल भएँ। माध्यमिक दिने २६ जना भयौँ। पहिलो बोर्ड परीक्षा नै पऱ्यो सिलगढ़ी बोयज हाई स्कूलमा। नौलो ठाउँ, मन निकै डराएको र नर्भस थियो। परीक्षा राम्रै भयो। २६ जनामा छ जनामात्र पास भएछौँ। मेरो खुशीको सीमा रहेन। साथीहरूले आई.ए.को लागि कलेजमा भर्ना लिए। मेरो घरको आर्थिक स्थिति कलेज जानसक्ने थिएन र म एक वर्ष नपढ़ी बसेँ। पढ़ाइप्रतिको मेरो लगाव र उत्साह नमरेको देखेर आमा–दिदीले हिम्मत गरे। अर्को वर्ष १९८१ मा मैले सिलगढ़ी कलेज अफ् कमर्समा भर्ना लिए आई.ए.को लागि। सिलगढ़ीका एक सहृदयी आफन्तले खोराकीको पैसा नलिई मलाई राखे। बेलुकी चार बजेदेखि राति करिब दश बजेसम्म क्लास हुन्थ्यो। मैले राम्रैसँग पढ़ेर आई.ए.पास गरेँ। अनि सिलगढ़ी कलेजबाट १९८५ मा बी.ए. गरेँ।

अब फर्कौँ आफ्नै विद्यालयतिर। सन् १९८६ को फरवरी महिनादेखि हामी तीन साथीहरू किशोर मोक्तान, महेन्द्र बुढ़ाथोकी र म स्वयंसेवी शिक्षकका रूपमा नियुक्त भयौँ हाई स्कूलमा। विद्यालय सञ्चालन समितिले नियुक्ति–पत्र दियो। बाग्राकोट चिया कमानका श्रमिकहरूको खुजुरा पैसा काटेर हामीले महिनाको तलब पाउँथ्यौँ। शिक्षकको रूपमा मेरो यो पहिलो अनुभव थियो। १९८६ को मार्चदेखि नै डुवर्समा 'गोर्खाल्याण्ड' आन्दोलन शुरु भयो। हामी तीन भाइ नै आन्दोलनमा सक्रिय रूपमा सरिक थियौँ। जातीय भावनाको उद्वेलनले हामीलाई पनि अछुतो राख्न सकेन। यो वर्ष पढ़ाउन जाने क्रम यथावत नै रह्यो। १९८७ को शुरुमै सीआरपीएफ–को एउटा दस्ताले टप लाइनको एउटा भवनमा क्याम्प हाल्यो। हामी तीनैजना तारगेटमा परेका। मुश्किल पऱ्यो विद्यालय आउन र जान। विद्यालयबाटै सीआरपीएफ–ले पक्रेर लाने सम्भावना बढ़ेर गयो। हामीले आदरणीय हेडमास्टर बद्रीसरलाई बुझाउने चेष्टा गऱ्यौँ। बद्रीसर कट्टर कम्युनिस्ट। उनले आफूले केही गर्न नसक्ने भनेर स्पष्ट पारे।

**ब्रुनो सर गफ गर्नमा खप्पिस। अपत्यारिला कुरा पनि निसंकोच गर्न सक्थे उनी। उनका कुरामध्ये 'पचास प्रतिशत'–लाई मात्र सही मान्न सकिन्छ भन्ने हामीबीच कुरा हुन्थ्यो। तर ब्रुनो सर अत्यन्त सहृदयी र दयावान थिए। जस्तै समस्या आइपरे पनि उनी पार लाउँथे। विद्यालयको काम सकेपछि उनी थिए साधारण मानिस। सबैसँग मिल्ने। 'हेडमास्टर'–को विशिष्टता उनमा थिएन। बाटोमा भेट्दा कसैले 'हेडमास्टर' भनेर नपत्याउने। खेलकुदमा उनी ज्यान फ्याल्थे। क्रिकेट, भलिबल, फुटबल र बेडमिन्टनमा उनी रिप्पु।**

हामी विद्यालय जान छाड्यौँ। तर घरमै बस्ने कुरा पनि भएन। यसैले निर्वासित जीवन बिताउन बाध्य भयौँ। म डेढ़ वर्ष नेपाल र सिक्किममा निर्वासनमा परेको बेला सिक्किम सरकारले कन्ट्राक्चुअल शिक्षकको विज्ञापन निकाल्यो। मैले गान्तोकमा अन्तर्वार्ता दिएँ। दुई महिनामा मैले अस्थायी शिक्षकको नियुक्ति पनि पाएँ। मेरो नियुक्ति पश्चिम सिक्किमस्थित मालबाँसे पक्कीगाउँ विद्यालयमा भयो। सिक्किम सरकारको अधीनमा रहेर तीन वर्ष शिक्षण कार्य गरेँ।

१९९१ मा मेरो कन्ट्राक्ट सकियो र घर फर्किएँ। फेरि बाउमावि–मा म स्वेच्छिक शिक्षक भएर काम गर्न थालेँ। एक–डेढ़ वर्ष काम गरेपछि कतिपय कारणले मैले पढ़ाउन छाड़े। पछि धैरै सङ्घर्षपछि १९९४ को ४ अगस्तदेखि म स्थायी रूपमा नेपाली शिक्षकको रूपमा यसै विद्यालयमा शिक्षक भएर आएँ।

आफूले पढ़ेकै स्कूलमा यसरी स्थायी शिक्षक भएर आएपछि मेरो पेशाले स्थिरता पायो। यहाँ प्रायः मलाई पढ़ाउने शिक्षकहरू नै भएकाले मैले साह्रै अघि बढ़ेर काम गरिनँ। ब्रुनो लेप्चा त्यसबेला प्रधानाध्यापक थिए। समय बित्दै गएपछि आफूलाई पढ़ाउने सरहरू प्रायः सेवानिवृत्त हुँदै गए। ब्रुनो सरको नेतृत्वमा हामीले सबै कार्यक्रमतिर सक्रिय रूपमा भाग लिन थाल्यौँ। ब्रुनो सर गफ गर्नमा खप्पिस। हामीलाई हसाएर हुरुक्कै पार्ने। उनको गफमा समय बितेको पनि थाहा हुँदैनथ्यो। अपत्यारिला कुरा पनि निसंकोच गर्न सक्थे उनी। उनका कुरामध्ये 'पचास प्रतिशत'–लाई मात्र सही मान्न सकिन्छ भन्ने हामीबीच कुरा हुन्थ्यो। तर ब्रुनो सर अत्यन्त सहृदयी र दयावान थिए। जस्तै समस्या आइपरे पनि उनी पार लाउँथे। विद्यालयको काम सकेपछि उनी थिए साधारण मानिस। सबैसँग मिल्ने। 'हेडमास्टर'–को विशिष्टता उनमा थिएन। बाटोमा भेट्दा कसैले 'हेडमास्टर' भनेर नपत्याउने। खेलकुदमा उनी ज्यान फ्याल्थे। क्रिकेट, भलिबल, फुटबल र बेडमिन्टनमा उनी रिप्पु। मैले ब्रुनो सरलाई नजिकबाट नियाल्दा तीनवटा मुख्य गुणसम्पन्न पाएँ–मुखले जे भने पनि मनले दयाशील; अङ्ग्रेजी, नेपाली, बङ्गला, साद्री, माड़वाड़ी, बिहारी, हिन्दी आदि भाषा सहजै बोल्नसक्ने अनि उद्भिद, फूल र पौधाहरूका वैज्ञानिक नामसमेत जान्ने। यो उनमा भएको विलक्षणता थियो। यस्तो प्रतिभा देखेर विज्ञान पढ़ाउने सरहरू पनि छक्क पर्थे। उनको जीवनशैली र ज्ञान अद्भूत थियो। हेडमास्टर तर साधारण; साधारण जीवनशैली तर असाधारण ज्ञान।

ब्रुनो सरले २००४ मा विद्यालयलाई उच्चतर माध्यमिकको मान्यता दिलाए। यसो हुँदा विद्यालयमा विद्यार्थीहरूको सङ्ख्याा निक्कै वृद्धि भयो। विद्यालयको भवनको ढाँचा कमजोर थियो। एउटै क्लासमा १६५ जनासम्म नानीहरू पढ्थे। तरै, शिक्षक–शिक्षिकाहरूले हार खाएनन्। क्लासमा विद्यार्थीहरूको अटेसमटेस अहिले पनि उस्तै छ। साँच्चै यो अति नै चुनौतीपूर्ण कार्य हो। मलाई लाग्छ, अन्य विद्यालयका शिक्षकहरू यहाँ आए भने क्लासभित्र पस्ने आँटसम्म गर्न सक्दैनन्।

विद्यालयको सेवाकालीन अवस्थामै मैले उत्तर बङ्गाल विश्वविद्यालयबाट नेपालीमा स्नातकोत्तर गरेँ। रामकृष्ण बी.एड. कलेज, दार्जीलिङबाट बी.एड. पनि सकेँ। यसै अवधि दुईवटा इतिहासका पुस्तक लेख्न भ्याएँ। बद्रीसर र विष्णु सरले खड़ा गरेको साहित्यिक विरासतको हिस्सा बन्न पाएँ। प्रत्येक भाषा शिक्षकहरूले यो विरासत पहिल्याउनुपर्छ भन्ने मलाई लाग्दछ। एउटा भाषा शिक्षकले आफ्नो अनुभव र कल्पनाशीलतालाई मूर्त रूप दिने प्रयास गर्नुपर्दछ। यसो गर्न सकेको खण्डमा आफ्नो प्रतिभाले प्रकाश पाउनेछ।

समयक्रममा सन् २०१६ देखि २०१९ सम्म विद्यालयमा प्रभारी शिक्षक भएर काम गरेँ। २०२२ को फरवरी महिनादेखि सेवानिवृत्त भएँ। अहिले आएर स्वयंलाई प्रश्न गर्छु–विद्यालयले मलाई के दियो? उत्तर एक होइन अनेक पाउँछु। यो विद्यालयले मलाई माम दियो। मेरो छोराछोरीको शिक्षा दियो। मेरो घर दियो। समाजमा मान–प्रतिष्ठा दियो। सबल आर्थिक घड़ेरी दियो। समाजमा एक इज्जतिलो र सम्मानपूर्ण जीवन दियो। त्यसभन्दा पर पनि अनेकौँ थोक दियो, जो म बयान गर्न सक्दिनँ। धन्य छ मेरो प्यारो विद्यालय। मेरो विद्यालयको सदा जय होस्। ●

*(इतिहासलेखकका रूपमा परिचित शर्मा बाउमावि–का पूर्व छात्र एवम् पूर्व प्रभारी शिक्षक हुन्। उनका दुईवटा इतिहासका कृति प्रकाशित छन्। खोजमूलक र सोधमूलक लेखनमा उनको सक्रियता थप अपेक्षित छ।)*

**संस्मरण**

# स्मृतिका पन्नाबाट



▣ **गङ्गाप्रसाद प्रधान,** बाग्राकोट

मेरो शिक्षाको प्रारम्भ गर्दै मेरा बुवाले मलाई बाग्राकोट टी.जी.फ्रि प्राइमेरी स्कूलको शिशु श्रेणीमा भर्ना गरिदिए १९५७ सालमा। त्यसबेला मेरो उमेर ८ वर्ष भएथ्यो। नेपाली सर (अम्बुशसिंह दीक्षित)–ले एडमिशन रेजिस्टरमा उमेर लेखिदिएछन् ६ वर्ष। पाँच वर्ष यो स्कूलमा पढ़ेर १९६१ को नोभेम्बर वा दिसम्बर महिनामा प्राइमेरी फाइनल इक्जाममा बसेर पास सर्टिफिकेट लिएर १९६२ को जनवरीमा मलाई बाग्राकोट जुनियर हाई स्कूलको पाचौँ श्रेणीमा भर्ना गरिदिए बुवाले। त्यस समय यो स्कूलले जुनियर हाई स्कूलको मान्यता पाएर आठौँ श्रेणीसम्म श्रेणी सञ्चालन गर्ने स्वीकृति पाइसकेथ्यो।

यो स्कूलबारे भन्नपर्दा, यसको स्थापना केही बङ्गाली भद्रलोक र मारवाड़ी व्यवसायीहरूको सत्प्रयासमा भएको थियो। यो चुनाभट्टी वा कोइला कम्पनीमा एउटा कोलियरी चालु थियो जसको मालिक थिए कलकत्ताका एक जियोलोजिस्ट पी.के.रोय। यो कम्पनीले यहाँ कोइला खनन, भण्डारन र विपनन कार्य गर्थ्यो। त्यसर्थ यस कम्पनीका मजदूरहरू र दफ्तरमा काम गर्ने अनेकौं कारिन्दाहरू कार्यरत् थिए। खनन कार्यमा संलग्न सबै मजदूर उड़िसाका थिए भने अफिसमा सेवारत् कारिन्दाहरू जम्मै कलकत्तातिरका बङ्गाली बाबुहरू थिए। यसबाहेक स्थानीय रेल स्टेशनका अधिकांश कर्मचारीहरू,चिया बगानका अधिकांश बाबुहरू,वन विभागका रेञ्जर,बिटबाबुहरू,पी.डब्ल्यु.डी.का मुन्शी र अन्य कर्मचारी अनि मारवाड़ी दोकानदारहरू सबैका छोराछोरीलाई शिक्षा दिनको लागि एउटा बङ्गला माध्यमको प्राथमिक पाठशाला र यो जुनियर हाई स्कूलको स्थापना भएथ्यो। यिनीहरू सबै शिक्षाप्रति आग्रही समुदाय हुनाले उनीहरूलाई स्कूलको आवश्यकता बोध भएथ्यो। त्यसर्थ केही उत्साही व्यक्तिहरू अग्रसर भई स्कूल स्थापनामा सक्रिय भए। तिनीहरूमा थिए–सर्वश्री एम.के.रोय, पी.बी. रोय,ए.के.रोय, पी.के.बक्सी, के.बी. रोय,पी.बी.चक्रवर्ती, बी.एल. गुप्ता र सुधांशु चौधरी। यो स्कूललाई १० मई,१९४९ मा पाँचौं र छैटौं श्रेणी सञ्चालन गर्ने मान्यता सरकारबाट प्राप्त भएथ्यो। श्रेणी सञ्चालनार्थ विद्यालय भवन पी.के.रोयले वन विभागका रेञ्जरको सहयोगितामा निर्माण गरिदिएका थिए।

विद्यालय भवन निर्माणार्थ जमिन उपलब्ध गराउनमा विद्यालय कर्तृपक्षका सञ्चालन समितिका सचिव डा.सतिशचन्द्र साहाको योगदान रहेको छ। उनले जलपाइगढ़ीका वकिल विपुल ब्यानर्जीको सहयोगमा यो काम फत्ते गरे। दश वर्ष स्कूल चलेपछि सन् १९५९–मा अष्टम श्रेणीसम्मको मान्यता प्राप्त भएर यो स्कूल जुनियर हाई स्कूल बन्यो। जुनियर हाई स्कूलको मान्यताको लागि आवश्यक सरकारी मानकमध्ये निर्दिष्ट सङ्ख्यक रोल–स्ट्रेन्थ हुनु जरुरी थियो जसको अभावमा यो मान्यता रद्द हुनेथियो। तर स्कूलको रोल–स्ट्रेन्थ त्यो निर्दिष्ट सङ्ख्यादेखि धेरै कम थियो। यसो हुँदा स्कूलको मान्यता टिकाएर राख्न स्कूल कर्तृपक्षलाई धौधौ पऱ्यो। त्यसर्थ स्कूल

कर्तृपक्षले स्थानीय बाग्राकोट चिया बगानका ट्रेड युनियनका नेतृवृन्द र बुद्धिजीवीहरूलाई निवेदन गरी नेपाली विद्यार्थीहरूलाई भर्ना गरिदिन अनुरोध जनाए। नेतृवर्गले स्कूल कर्तृपक्षलाई शर्त राखे–नेपाली शिक्षकहरू नियुक्त गरेमात्र आफ्ना नेपाली विद्यार्थीहरू पठाउने। यही शर्त बमोजिम नेपाली शिक्षक नियुक्त गर्न विज्ञापन हुँदा सन् १९५९ मा बद्रीनारायण प्रधानलाई यो स्कूलको सहायक शिक्षकको पदमा नियुक्त गरियो। उनी आएपछि यस स्कूलमा बङ्गाली विद्यार्थीसँगै नेपाली विद्यार्थीहरूले पनि आफ्नो मातृभाषामा पढ्ने सुयोग पाए। शुरुमा स्कूलको विद्यार्थी सङ्ख्या नगण्य थियो। पछि,बद्री सरले भनेअनुसार उनले पढ़ाउन शुरु गर्दा स्कूलको मोठ छात्रसङ्ख्या तीसमात्र थियो तर आधिकारिक रूपमा नक्कली नामहरू थपेर अस्सीसम्म देखाइन्थ्यो।

यसरी मान्यताप्राप्त विद्यालयहरूले ग्रान्ट–इन–एड पाउथे सरकारबाट। तर यसले शिक्षक–शिक्षिकाहरूको वेतन पूरा हुँदैनथ्यो। अतएव स्कूलहरूले विद्यार्थीहरूबाट मासिक ट्युसन फी सङ्ग्रह गर्थे। म १९६२ सालमा यो स्कूलको पाँचौँ श्रेणीमा भर्ना भएको बेला ट्युसन फी ४ रुपियाँ, गेम्स फी २ रुपियाँ, लाइब्रेरी फी २ रुपियाँ, सेसन फी २ रुपियाँ र अरू फीसहरू लगाएर जम्मा १४–१५ रुपियाँ भर्नाको बेला तिर्नुपर्थ्यो। वार्षिक परीक्षामा उत्तीर्ण भएर क्लास बढ्दै जाँदा प्रत्येक क्लासमा ५० पैसा ट्युसन फी बढ़ी तिर्नुपर्थ्यो। यो ट्युसन फी चाहिँ प्रत्येक महिना सबैले दिनुपर्थ्यो। यसरी ट्युसन फी नउठाए शिक्षकहरूलाई वेतन दिन सकिन्नथ्यो। एकपटक, उठाएको ट्युसन फी अनि ग्रान्ट–इन–एड–ले पनि नपुगेर स्कूलको आर्थिक स्थिति कमजोर हुँदा बद्री सरले चिया बगानका नेतृवर्गलाई अनुरोध गरी मजदूरहरूको मासिक वेतनबाट अल्प रकम स्कूललाई दान माग्नु परेको कुरा उनले बताएका थिए। यो दान स्कूलले कहिलेदेखि कहिलेसम्म प्राप्त गऱ्यो त्यो थाहा भएन। पछिबाट सम्पूर्ण शिक्षक–शिक्षिकासहित अशिक्षण कर्मचारीहरूको पनि वेतन सरकारले वहन गरेपछि उक्त समस्यादेखि स्कूलले राहत पायो।

सन् १९६२ सालमा हामी पाँचौँ श्रेणीमा पढ्दा यो श्रेणीमा बङ्गला माध्यमको पनि मिलाएर २४/२५ जना छात्र–छात्राहरू थिए। बाग्राकोटका बाहेक आशाबारी, लिसरिभर, तोरीबारी, पत्थरझोड़ा चियाबारीका विद्यार्थीहरू पनि यस स्कूलमा पढ्थे। नेपाली विद्यार्थीहरूको सङ्ख्या बढ्नासाथै नेपाली शिक्षकहरू अस्थायी रूपमै भए पनि नियुक्त गरिए। पाँचौँ श्रेणीमा नेपाली पाठ्यपुस्तकहरू बाहेक तेस्रो भाषाको रूपमा बङ्गला भाषाका 'सहज पाठ' र 'बाङ्ला व्याकरण ओ रचना' भन्ने पुस्तकहरू पनि पाठ्य थिए। छेटौँ श्रेणीमा तेस्रो भाषा हिन्दी पढ्यौ अनि एउटा नयाँ विषय, जियोमेट्री अन्तर्मुक्त गरियो, तर अङ्ग्रेजी भाषामा। अरिथमेटिक चाहिँ नेपालीमा के.बी.गुरुङको 'अङ्कगणित'। जियोमेट्री वीरेन सर भन्ने एक बङ्गाली सरले पढ़ाउँथे जसले स्ट्रेट लाइन, कर्भ्ड लाइन र एक्युट एङ्गल, राइट एङ्गल र अब्ट्युस एङ्गल सबैको डिफिनेशन रटेर याद गर्न लाउँथे।

सप्तम श्रेणीमा माध्यम अझ खिचड़ी भयो। पाठ्य विषयहरू अझ थपिए। इतिहास, भूगोल र विज्ञान नेपालीमा पढ़िए। गणितमा एउटा विषय अझ थपियो अलजेब्रा र तीनवटा भए-सबै अङ्ग्रेजीमा। जे.सी.चक्रवर्तीको अरिथमेटिक,के.पी.बासुको अलजेब्रा हल एण्ड स्टेभेन्सनको जियोमेट्री। पहिले मोटा–मोटा किताबहरू बोकेर हिँड्न पाउँदा गजक्क परियो, पछि पढ्न र प्राक्सिट गर्न पर्दा दाँतबाट पसिना छुट्यो। त्यहीमाथि शिक्षकहरू बङ्गलाभाषी। बङ्गलामा बुझाएको कुरा बुझ्नै गाह्रो। कोही शिक्षक गला भासिएझैँ स्वर भएकोले हामीसम्म आवाज नै आइनपुग्ने। अलजेब्राको महत्त्व नै बुझेनौँ। किन सङ्ख्याको बदली वर्णहरूलाई लिएर हिसाब गर्नु? चित्त बुझ्दैथ्यो। कसैले बुझाएन पनि। उसमाथि अनेकौँ फर्मूलाहरू कण्ठस्थ गर्नुपर्ने। कुनै कुरो नबुझेर अलमल्ल परियो। आफ्नै चेष्टामा जे–जति सिकियो त्यसैको बलमा परीक्षा दिएर पास मात्र भइयो। अष्टम

श्रेणीमा पुगेर पुरै अङ्ग्रेजी माध्यममा पढ्नुपर्यो। म्याथम्याटिक्सका तीनै शाखा अङ्ग्रेजीमा हुँदै थिए, अब भूगोल, विज्ञान र इतिहास पनि अङ्ग्रेजीमै भए। यो श्रेणीमा थर्ड ल्याङ्ग्वेज पनि बदलिएर संस्कृत भयो। संस्कृतका पाठ्यपुस्तक बाहेक व्याकरण पनि थियो बाङ्लामा। संस्कृत पाठ पढाउँथे एकजना वृद्ध भद्रलोक, निरेशचन्द्र घोष महोदयले। उनी मिष्टभाषी र छात्र–छात्राहरूप्रति सदय थिए। तिनले कतिपय संस्कृत शब्दहरूका रूप, तीनै वचन र सबै कारकहरू रटेर याद गर्न लाउँथे।

नवौँ श्रेणीमा पुग्दा कतिपय नयाँ विषयहरू समावेश गरिए, इकोनोमिक्स एण्ड सिभिक्स र गणितमा ट्रिगोनोमेट्री, मेन्सुरेशन, स्टाटिस्टिक्स र ग्राफ। नवौँ श्रेणीदेखि स्कूल फाइनल (माध्यमिक) तहको पाठ्यतालिका अनुसार तयारी गर्नुपर्ने हुँदा अधिकाधिक तन्मयतापूर्वक पठन–पाठनमा व्यस्त भएर १९६८ मा स्कूल फाइनल इक्जाममा बसियो।

हामी बाग्राकोट जुनियर हाई स्कूलको नवौँ श्रेणीमा हुँदै १९६६ मा यो स्कूल जुनियर हाई स्कूलदेखि अपग्रेड भएर पूर्णाङ्ग हाई स्कूल बनेथ्यो। हामीदेखि दुई ब्याच अघिका यस स्कूलका विद्यार्थीहरूले सिलगढ़ीको कृष्णमाया मेमोरियल हाई स्कूलको विद्यार्थीका रूपमा स्कूल फाइनल दिएथे। हामीदेखि एक ब्याच अघिका विद्यार्थीहरूले चाहिँ आफ्नै स्कूलबाट स्कूल फाइनल दिए। स्कूलको बढ़ोत्तरी भएपछि हामी दोस्रो ब्याच थियौँ स्कूल फाइनल दिने।

यो ठाउँमा कोइला उद्योग चलिरहेको कुरो अघिबाटै उल्लेख गरिसकिएको छ। यो उद्योग १९६३/६४ सालतिर बन्द भयो। बन्द हुनुको कारण यसमा कार्यरत् अफिस स्टाफहरूको वेतन वृद्धि र अन्यान्य सहुलियतहरूको मागमा गरिएको आन्दोलन थियो। यो कम्पनीका प्रोप्राइटर पी.के.रोयले काम बन्द गरेकाले यसमा कार्यरत बाबुहरू सबै आ–आफ्ना घर फर्केपछि यो स्कूलमा अध्ययनरत बङ्गाली विद्यार्थीहरू अधिकांश घटेर गए। केही सङ्ख्यक विद्यार्थीहरू, वन विभागका रेञ्जर र बिटबाबु अनि स्थानीय चिया बगानका क्लरिकल स्टाफ, डाक्टर, कम्पाउण्डर, रेल–स्टेशनका कारिन्दा र अन्यान्य कर्मचारी, स्थानीय मारवाड़ी व्यापारीहरूका छोराछोरीहरू मात्र बङ्गला माध्यममा अध्ययन गर्नेहरू रहे। यता नेपाली माध्यममा विद्यार्थीहरूको सङ्ख्या दिन दुईगुणा रात चौगुणा बढ़ेर गयो। बिस्तारै बङ्गलाभाषी विद्यार्थीहरू ओदलाबारी हायर सेकेण्डरी स्कूलतिर लागे अनि यहाँ बङ्गला माध्यम आफै बन्द भयो। कालान्तरमा यस स्कूलमा सेवारत बङ्गलाभाषी शिक्षक–शिक्षिकाहरू अवकाश ग्रहण गरी निस्कँदै गए र उनीहरूका सङ्ख्या शून्य बन्यो।

यस स्कूलमा पाँचदेखि दशौँ श्रेणीसम्मै बङ्गला र नेपाली माध्यमका क्लास एउटै कक्षामा चल्थे। भाषा–साहित्यको क्लास मात्र अलग हुन्थ्यो, अरू जम्मै विषयका क्लास एकैसाथ चल्थे। बङ्गाली साथीहरूसँग बसेर पढ्नु रमाइलो लाग्थ्यो। उनीहरूबाट धेरै राम्रा कुराहरू सिक्न पाइन्थ्यो। उनीहरू शिक्षानुरागी, पढ़ाइमा मनोयोगी, व्यवहारमा भद्र र बोलीमा शिष्ट हुन्छन्। प्रतिदिन नुहाएर सफा बस्ने, सफा लुगाफाटा लाउने, गीत–सङ्गीतमा रुचि राख्ने, कविता आवृत्ति गर्न रुचाउने, खेलकुदमा चासो राख्ने हुन्छन्। स्कूलका विभिन्न अनुष्ठानहरू–स्थापना दिवस, रवीन्द्र जयन्ती, नेताजी जयन्ती, गान्धी जयन्ती, स्वाधीनता दिवस,गणतन्त्र दिवस खुबै रौनकतापूर्वक सम्पन्न हुन्थे। केटाहरू धोती–कुर्ता लाएर अनि केटीहरू

यस स्कूलमा पाँचदेखि दशौँ श्रेणीसम्मै बङ्गला र नेपाली माध्यमका क्लास एउटै कक्षामा चल्थे। भाषा–साहित्यको क्लास मात्र अलग हुन्थ्यो, अरू जम्मै विषयका क्लास एकैसाथ चल्थे। बङ्गाली साथीहरूसँग बसेर पढ्नु रमाइलो लाग्थ्यो। उनीहरूबाट धेरै राम्रा कुराहरू सिक्न पाइन्थ्यो।

रातो पारी भएको सेतो साड़ी लाएर कविता आवृत्ति गर्थे अनि रवीन्द्र सङ्गीत गाउँथे। नेताजी जयन्तीमा गाना गाउँथे– 'नेताजी सुभाष तोमारो जीवन सुरे,लिखि आछे जय हिन्द गान..।' उनीहरू धार्मिक उत्सवहरू जस्तै सरस्वती पूजा, दुर्गा पूजा, काली पूजा बड़ो निष्ठापूर्वक गर्छन्।

यो चुनाभट्टी गाउँमा यहाँका बङ्गाली समुदायको तत्परतामा वर्षेनी दुर्गा–पूजा आयोजन गरिन्थ्यो। एक महिना अघिदेखि कारिगर बोलाएर यहीं प्रतिमा तयार गरिन्थ्यो। आफ्नै पुरोहित लाएर आफ्नो रीति अनुसार पूजा गर्थे। पूजाको विशेष आकर्षण अष्टमी र नवमीका दिन साँझदेखि धूप नृत्य हुन्थ्यो–प्रतियोगितात्मक रूपमा। प्रतियोगीहरू दुवै हातमा लामो बिड़ भएका ज्वलन्त धुपौराहरू लिएर विभिन्न हावभाव देखाउँदै नाच्दथे। घरी मुखमा दाँतले च्यापेर, घरी निधारमा राखेर आफ्नो कौशल देखाउँदै नाच्थे। नाचको समाप्तिपछि पहिलो, दोस्रो, तेस्रो र सान्त्वना पुरस्कारहरू विजयी प्रतियोगीहरूलाई प्रदान गरिन्थ्यो।

यिनीहरूको यो विद्या, शिक्षा अनुराग र उपरिउल्लिखित गुणहरू अनुकरणीय छन्। यो समुदायसितको सान्निध्यले होला स्कूलमा बङ्गला माध्यम मात्र रहेको बेला पनि केही नेपाली छात्रहरू यो स्कूलमा पढ्थे। उनीहरू हुन्–स्व. विष्णुलाल शर्मा, पूर्णप्रसाद ब्राह्मण, लालवीर तामङ, तुलसीदास छेत्री आदि। पछि यिनै विष्णुलाल शर्मा यसै स्कूलका सहायक शिक्षक बने; डुवर्सका एक नामी नेपाली साहित्यका उपन्यासकार र कथाकार बने।

राष्ट्रीय राजमार्ग– ३१ (नेशनल हाईवे–३१)–ले बाग्राकोटलाई चिरेर माझबाट गएको थियो। यो सड़क करोनेशन ब्रिज (बाघ पुल)–बाट शुरु भई आशाबारीको मिशिन डाँड़ा हुदै लिस नदीको स्टील ब्रिज (फलामे पुल) पार गरेर कालेबुङ जिल्ला अन्तर्गत चुनाभट्टीबाट सिधैँ बाग्राकोटको टाउकोबाटै प्रवेश गरेथ्यो अनि बरगाछदेखि देब्रेतिर लागेर पुलिस आउटपोस्ट नाघेर जुरन्ती पुल पार गर्थ्यो। बरगाछदेखि मिनामोड़सम्मको सड़क बगानको कच्चा बाटो थियो जो लिसरिभर चिया बगानदेखि सउगाउँ (एयरफिल्ड)–सम्म पुगेथ्यो।

यो राष्ट्रीय राजमार्ग–३१ खोलिन अघि नै एन.एफ. रेल्वेको एउटा रूट माल,डामडिम र ओदलाबारी हुँदै बाग्राकोटसम्म आएथ्यो अनि यो रूटको टर्मिनल स्टेशन हुनाले यहींबाट फर्कन्थ्यो।

बाग्राकोटमा रेल र सड़क मार्गको राम्रो सम्पर्क हुनाले यहाँ वन विभागको रेञ्ज अफिस, पी.डब्ल्यु.डी.को डिभिसनल अफिस, कोलियरीको कोइला उत्पादन उद्योग, चिया उद्योग इत्यादि फस्टाएथ्यो अनि त्यसैले एउटा जुनियर हाई स्कूल र पछि यही हाई स्कूल हुन सम्भव भएथ्यो। अहिले यी दुवै सड़क र रेल मार्ग एक–डेढ़ किलोमिटर तलतिर सारिएका छन्। त्यस बखत, भारत स्वाधीन भएपछि र पूर्व पाकिस्तान (अहिले बङ्गलादेश) भएपछि यो मार्ग नै पूर्वी भारतलाई पश्चिमी भारतसँग जोड्ने एकमात्र मार्ग थियो।

चिया बगान, वन–बस्ती र नाम मात्रको डी.आई. फण्ड क्षेत्रमा अवस्थित यो बाग्राकोट हाई स्कूलले यस क्षेत्रलाई मात्र नभई छिमेकका गाउँ, बस्ती, चिया बगानहरूका जनताको निम्ति यो शिक्षाको एक ज्योतिपुञ्ज भएको छ जसको प्रकाश दूरदूरसम्म फैलिएर धेरै प्रतिभाहरू जन्माएको छ। यो मेरो पनि 'अल्मा मेटर' (मातृ विद्यालय) हो। यसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु। यो विद्याको मन्दिरलाई, मेरो सरस्वती मातालाई शतशत नमन। ●

*(बाउमावि–का भूतपूर्व विद्यार्थी प्रधान एक अन्तरमुखी प्रतिभा हुन्। स्थानीय मानिसहरू उनलाई काष्ठकलाका एक निपुण कालीगढ़का रूपमा चिन्दछन्। उनी एक अध्ययनशील लेखक तथा कुशल अनुवादक हुन्। उनका एउटा कविता सङ्ग्रह, एउटा कथा सङ्ग्रह र एउटा अनुवाद कृति प्रकाशित छन्। चुनाभट्टी प्राथमिक पाठशालाबाट प्रधान शिक्षकका रूपमा सेवानिवृत्त प्रधान अहिलेघरी लेखनमा निकै सक्रियतापूर्वक अघि आएका छन्।)*

संस्मरण

# सत्तरको दशकलाई सम्झिँदा



▣ **मदन खड्का,** बाग्राकोट

समयको गतिलाई रोक्न सकिँदैन। समय आफ्नै रफ्तारमा अघि बढ़िरहन्छ। हामी पनि समयको रफ्तार साथसाथ अघि बढ़िरहनु पर्ने हुँदोरहेछ। समय बलवान हुन्छ। हामीले पढ़ेको उच्च विद्यालयको ढाँचा अहिले अर्कै छ। उच्चबाट उन्नति भएर उच्चतर माध्यमिक विद्यालय भएको छ। त्यसताक बनिएको पाठशालाका कक्षाहरू काठका थिए भने अहिले जम्मै पक्का भइसकेका छन्। विद्यालय अर्थात् विद्या आर्जन गरिने ठाँउ, एक शब्दमा यसलाई विद्यामन्दिर पनि भनिन्छ। कसलाई के कस्तो लाग्छ, मलाई भने आफूले पढ़ेको विद्यालयको नौलो रूप नै भए पनि खुबै माया लाग्छ। जब-जब म विद्यालय प्राङ्गणमा पुग्छु तब-तब अतीतमा डुब्छु। आफू विद्यार्थी जीवनमा हुँदाका दिनहरूको झझल्को आउँछ। त्यसताक विद्यार्थीहरू कम मात्रामा थिए भने अहिले अपार सङ्ख्यामा छन्।

बाग्राकोट चियाबारी प्राथमिक पाठशालामा सन् १९६६ मा तेस्रो श्रेणीबाट चौथो श्रेणीमा उत्तीर्ण हुनेसाथ केही घरेलु कारणवश हामी बसाइँ सऱ्यौँ। तोरीबारीमा हाम्रो घर, जग्गा-जमिन थियो। हामी (म, मामा, जिबा, माताजी, पिताजी) ओदलाबारीदेखि प्रायः चार किलोमिटर टाढ़ा तोरीबारी भन्ने ठाउँमा बसाइँ सर्न पुग्यौँ। मलाई बाबाले तोरीबारी प्राथमिक पाठशालामा भर्ना गराइदिए। त्यस पाठशालाका प्रधानअध्यापक उमाकान्त झा अनि सहयोगी अध्यापक ईश्वर ठाकुर थिए। म चौथो श्रेणीमा पढ्न थालेँ। सहपाठीहरू मधु तामाङ, मदन राई, मदन राया छेत्री, जनार्दन शर्मासहित अरू पनि धेरै थिए। त्यस समय चौथोबाट पाँचौँमा पुग्नलाई बोर्ड परीक्षा दिनु पर्थ्यो। बोर्ड परीक्षा ओदलाबारी बङ्गला उच्च विद्यालयमा हुन्थ्यो। उक्त बोर्ड परीक्षाको समयमा हाम्रो जिबा परलोक गमन भए। म परीक्षामा बस्न सकिनँ। सन् १९६७ मा हामी पुनः बाग्राकोट चियाबारीमै फर्कियौँ। पिताजीले मलाई बाग्राकोट उच्च विद्यालयमा पाँचौं श्रेणीमा भर्ना गराउन साथमै लिएर गए। हामी विद्यालयको कार्यालयअघि पुग्यौँ। त्यसबेला कार्यालय उत्तरपट्टि काठको एकतले भवनमा थियो। एकजना भद्र व्यक्ति बाहिर निस्किए। उनी शिक्षक नै हुनुपर्छ भन्ने अड्कल काटेँ। पिताजीले उनलाई नमस्कार गरेर प्रधानअध्यापकको कक्षमा जाने कुरा गरे। उनले औंलाले इसारा गरेर कक्ष देखाइदिए। प्रधानअध्यापकको कक्षमा पस्ने द्वारमाथि अङ्ग्रेजीमा 'हेड मास्टर्स रूम' लेखिएको थियो। कुर्सीमा एक अर्धवयस्क तिलचामले केशराशि भएका व्यक्ति विराजमान थिए। मैले अनुमान लगाएँ-उनी नै प्रधानअध्यापक हुन्। त्यसबेला उनको कक्षमा प्रवेश गर्दा मलाई एक प्रकारको डरले मुटु ढुकढुक भइरहेको थियो। हाम्रो समयमा हामी विद्यालयका सबै शिक्षक-शिक्षिकाहरूसित डर राखेर हिँड्ने गर्थ्यौँ।

पहिलोपटक उच्च विद्यालयमा प्रवेश गर्नु भनेको मेरो निम्ति अपार खुशीको क्षण थियो। बाग्राकोट उच्च विद्यालयको कार्यालय प्रवेशद्वारको दाहिनेपट्टि अर्थात्

उत्तर पश्चिम कुनामा प्रधानअध्यापकको एउटा ठूलो टेबल–कुर्सी, टेबलमाथि काठको एउटा ट्रेमा केही आवश्यक कागजपत्र, अर्को ट्रेमा केही रबर स्ट्याम्पहरू अनि कलमदानीमा भरी कलमहरू; दाहिनेतिरको एउटा आलमारीमा लस्करै ट्रफीहरू अनि आलमारीमाथि सिल्डहरू सजाएर राखिएको थियो। ती सिल्डहरू सायद कुनै खेलकुद प्रतियोगितामा विद्यालयको विजेता–सिल्ड थियो। प्रधानअध्यापकको कुर्सी पछिल्तिर एउटा ठूलो भारतको मानचित्र टाँगिएको थियो। एकछेउमा एउटा ठूलो भूमण्डल (ग्लोब) थियो। टेबल अघिल्तिर दुईवटा काठका कुर्सीहरू राखिएका थिए। पिताजीको पछिपछि केही धक मान्दै म पनि त्यस कक्षमा पुगेँ। पिताजीले उनलाई दुई कर जोड़ेर अभिवादन गरे। मैले पनि दुई कर जोड़ी सरलाई प्रणाम गरेँ। उनले पिताजीलाई अघिल्तिरको कुर्सीमा बस्ने इसारा गरे। पिताजीले उनलाई बिस्तारै खै के भने–मैले बुझिन। उनले एउटा फाइल पल्टाउँदै मेरो लिखित परीक्षा (रिटन टेस्ट) लिने अनि त्यसमा उत्तीर्ण भएमात्र भर्ना लिने कुरा गरे। उनले एकजना सरलाई भने–'यो केटो पाँचौँमा भर्ना हुन आएको रहेछ। यसलाई टेस्ट लिनुहोस् त मुखिया सर।' अलिअलि खोल्च्याङ गरेर हिँड्ने एकजना सरलाई हेडमास्टरले निर्देश दिए। पछि थाहा भयो, उनी इन्द्रमान मुखिया सर रहेछन्। सबैले चिनेको नाम–'मुखिया सर'। उनले मलाई अर्को कक्षमा लगेर एउटा सादा कागज दिए अनि नेपाली र अङ्ग्रेजीको श्रुतिलेखन परीक्षा (डिक्टेसन) र अङ्क गणितका केही प्रश्नहरूको पालैपालो लिखित उत्तर लिए। त्यसपछि मौखिक केही प्रश्नहरू पनि सोधे। मैले आफूले जाने जति सबै प्रश्नहरूका उत्तर लेखेँ। परीक्षा सकिएपछि सरले प्रधानअध्यापक कक्षमा गएर के भने कोनि अनि हेडसरलाई मैले लेखेको उत्तर–पत्र देखाए। त्यो हेरिसकेपछि प्रधानअध्यापकले पिताजीलाई मुखिया सरको टेबलमा जाने इसारा गरे। मुखिया सरले पिताजीलाई उनको टेबलअघिको एउटा कुर्सीमा बसाए अनि मलाई बाहिर गएर बस्दै गर्न भने। बाहिर मण्डल दाजुलाई हातमा एउटा फाइल लिएर आउँदै गरेको देखेँ। दाजुले मलाई मुसुक्क हाँस्दै सोधे–'फाइभमा एडमिसन हो?' मैले टाउको हल्लाएर 'हो' भन्ने सङ्केत दिएँ। यसै त समस्त बाग्राकोटका मानिसहरूलाई मण्डल दाजुको असल नाम थाहा थिएन। उनको असल नाम चाहिँ के.बी.छेत्री रहेछ। केही बेरपछि पिताजी बाहिर निस्किए। पिताजीले त्यसदिन सायद सन्तोष मानेर होला–'धन्न टेस्टमा पास गरेछस्, नभए फेरि चारमै बस्नुपर्ने थियो' भने। पिताजी र म घर फर्क्यौँ। घरमा पुगेपछि पिताजीले 'भोलि बिहान १० बजे स्कूल पुग्नु, त्यहाँ सरले किताबहरू दिन्छन्, लिएर आउनू' भने। त्यस समय विद्यालयमा मासिक शुल्क (मन्थली फी) तिर्नु पर्थ्यो। विशेष: बाग्राकोट उच्च विद्यालय जलपाइगढ़ी जिल्लाको जमिनमा निर्मित भए तापनि दार्जीलिङ जिल्ला स्कूल बोर्ड अधीनस्थ रहेको थियो जो अहिले पनि यथावत छ।

मलाई रातभरि निद्रा परेन। अब यो उच्च विद्यालयमा नयाँ–नयाँ सहपाठीहरू बनिनेछन्। कस्ता–कस्ता साथीहरू भेटिने हुन्। सरहरू पनि सबै नयाँ हुनेछन् आदि–इत्यादि कुराहरू मनमा उब्जिएकाले राति निकैबेर घोरिएर सोचिरहेँ। कतिबेला उज्यालो हुन्छ भनेझैँ भयो। भोलिपल्ट एउटा खाममा केही हालेर 'यो लगेर मुखिया सरलाई दिनू' भने पिजातीले। नौ बजे नै विद्यालय पुगेँ। बाहिर फटाकफुटुक दुई–चारजना विद्यार्थी यताउता घुमिरहेका थिए। प्रायः आधा घण्टापछि मुखिया सर आए अनि मलाई भित्र बोलाए। मैले सरलाई खाम दिएँ। सरले खाम खोलेर हेरे। किताबको मूल्य र प्रवेश शुल्क रहेछ। उनले नेपाली, अङ्ग्रेजी साहित्य, अङ्कगणित, भूगोल र विज्ञान गरि जम्मा पाँचवटा पाठ्यपुस्तकहरू दिए र भने–'अरू किताब आएपछि दिउँला। सोमबारदेखि क्लास शुरु हुन्छ। बिहान ९.३० मा स्कूल आइपुग्नु। ९.४५ बजे प्रार्थना सभा (एसेम्बली) आरम्भ हुन्छ। स्कूल युनिफर्म चैँ झट्टै बनाइहाल्नु' भने। किताबहरू हातमा पर्दा मलाई अब उच्च विद्यालयको छात्र भएँ भन्ने एकप्रकारको गर्वबोध

भयो। पुस्तकहरू च्यापेर म घरतिर लागेँ।

त्यसबेला भने आफूले बाग्राकोट उच्च विद्यालयमा पढ्दा यसले उच्चतर विद्यालयको मर्यादा पाएको थिएन। यसै त सन् १९७५ देखि नै पश्चिम बङ्गालमा 'वेस्ट बेंगाल काउन्सिल अफ् हायर सेकेण्डेरी एडुकेसन'–को गठन भए तापनि विद्यालयमा भने एघारौँ र बाह्रौँ श्रेणीको पठन–पाठन आरम्भ भएको थिएन। त्यसबेला एघारौँ र बाह्रौँ श्रेणी कलेजमै पढ्नुपर्थ्यो।। हाम्रो स्कूल एक उच्च विद्यालय मात्र थियो।

भोलिपल्ट म स्कूल पुग्दापुग्दै घण्टी बज्यो। श्रेणी कक्षामा रहेका सबै विद्यार्थीहरू बाहिर कार्यालयअघि मैदानमा प्रार्थना सभामा श्रेणीबद्ध भएर उभिएको देखेँ। म पनि हतार–हतार गएर पाँचौँ श्रेणीको पङ्क्तिमा उभिएँ। सबै सरहरू प्रार्थना सभामा आएपछि राष्ट्रीय गीत आरम्भ भयो। त्यसपछि हेडसरले विद्यालयको नियमावली र अनुशासन पूर्ण रूपले पालन गर्नुपर्ने नियमहरूबारे हामी विद्यार्थीलाई केही क्षण सम्झाए। हामी पङ्क्तिबद्ध भएर श्रेणी कक्षामा प्रवेश गर्‍यौँ। पहिलो दिन उच्च विद्यालयको श्रेणी कक्षामा प्रवेश गरेकोले मैले अघिल्लो बेञ्चको डेस्कमा किताबहरू राखेर कक्षालाई नियालेँ। एउटा सानो कोठाभित्र दश–बाह्रवटा डेस्क र बेञ्च दुवैपट्टि सजाएर राखिएको रहेछ। अघिल्लो भागमा एउटा सानो टेबल, कुर्सी र भित्तामा एउटा ब्ल्याक बोर्ड टाँगिएको रहेछ। त्यत्ति नै बेला एकजना सर श्रेणी कक्षामा प्रवेश गरे। सबैले उठेर 'गुड मर्निङ सर' भनेर अभिवादन जनायौँ। हातले सबैलाई बस्ने इसारा गर्दै सर आफ्नो कुर्सीमा बसे। सरले हाम्रो हाजिरी (रोल कल) लिए। मेरो क्रमिक सङ्ख्या (रोल नम्बर) १७ परेछ। पहिलो दिन श्रेणी कक्षामा केवल १६ जना उपस्थित रहेछौँ। यसै त हाम्रो पाचौँ श्रेणीमा अट्ठाइसजना छात्र र सात जना छात्रा गरि मोठ ३५ जना रहेछौँ। हाम्रो श्रेणी शिक्षकको नाम डिगवीर तामाङ रहेछ तर उनलाई सबैले डी.बी.सर भनि चिन्थ्यौँ। सरले हाजिरी उठाइसकेपछि सबैलाई नाम र घर कहाँ हो भनी सोधे। सेतो रङ्गको चुस पेन्ट सेतै सर्ट, कालो पेटी, केश पफ कटिङ अर्थात् बलिउडका नायक देव आनन्द झैँ हेयरस्टाइल भएका डी.बी.सर झट्ट हेर्दा कुनै चलचित्रका नायक झैँ लाग्ने। उनले रोचक ढङ्गले नेपाली साहित्य पढाउथे। कहिलेकाहीँ हामीलाई दुई दल बनाएर तर्क प्रतियोगिता सञ्चालन गर्थे। रसिक स्वभावका उनी दयालु पनि थिए। कुनै दिन डी.बी.सरको अनुपस्थितिमा मुखिया सर हाम्रो क्लास लिन आउँथे। उनले पनि रोचक ढङ्गले नै पढाउँथे। यसै त उनी विद्यालयका अशिक्षण कर्मचारी अर्थात् लेखापाल थिए। तर समय–समयमा सरहरूको अनुपस्थितिमा उनी पढाउन आउँथे।

हिन्दी साहित्य विषयका शिक्षक अमृत प्रसाद थिए जसलाई 'हिन्दी सर' भनेर हामी सबै चिन्दथ्यौँ। त्यसबेला उनको असल नाम प्रायजसोलाई नै थाह थिएन। मैले पनि आठौँ श्रेणीमा पुगेपछि मात्र थाहा पाएँ। उनको खास

**त्यस समय हाम्रो विद्यालयमा एकजना फत्तेसिंह नाम गरेका जादुगर आएर जादु देखाए। उनले हिन्दी सरलाई बोलाए अनि एउटा काठको कुर्सीमा बसाए। केही क्षण अरू खेला देखाएपछि सरलाई उठेर जाने अनुरोध गरे तर सर कुर्सीबाट उठ्न सकेनन्। त्यहीँ टाँसिएको टाँसिएकै भए। सबै गलल हाँस्यौँ। केहीबेरपछि जादुगरले मन्त्र गरेर उठ्नु भनेपछि सर जुरुक्क उठे। जादुगरले दर्शकलाई हसाउँने काम गरेका हुन्। सरहरूले पहिल्यै आ–आफ्ना श्रेणीका सबै विद्यार्थीहरूबाट आठ आना (पचास पैसा) गरि उठाएर जादुगरलाई दिनलाई राखेका थिए।**

नाम अमृत प्रसाद। हिन्दी सरले हामीलाई हिन्दीबाहेक अङ्कगणित पनि पढ़ाउथे। उनले कहिलेकाहीँ हामीलाई शारीरिक प्रशिक्षण(पी.टी.) पनि गराउँथे। हाम्रा पाँचौँ श्रेणीका सहपाठीहरूमध्ये कुलप्रसाद धिताल, काजीराम छेत्री, देवबहादुर बराइली, किशोर बराइली, काजीराम छेत्री, लक्ष्मीप्रसाद शर्मा, कृष्णप्रसाद शर्मा, सतराम कुजुर, जोकिम केरकेट्टा, जगन्नाथ प्रसाद, रिता छेत्री, सतीश दीक्षित, ममता तामाङ,कपिलमणि श्रेष्ठ आदि थिए। भूगोल विषय चाहिँ सुकुमार बाक्ची सरले पढ़ाउथे अनि विज्ञान विषय साङ्गे छिरिङ सरले। उनलाई हामी 'छिरिङ सर'–को रूपमा चिन्दथ्यौँ। अङ्ग्रेजी साहित्यको विषय गङ्गासिंह राई सरले पढ़ाउँथे। उनलाई पनि हामी 'राई सर' भनि चिन्थ्यौँ। साधारण ज्ञानको समयमा कहिलेकाहीँ प्रधानअध्यापक बद्रीनारायण प्रधान सर स्वयम् आउँथे कक्षा लिन। उनी श्रेणी कक्षामा आउँदा उनको व्यक्तित्व देखेर डरले हाम्रो सास बन्द होलाजस्तो हुन्थ्यो। त्यसबेला हाम्रो विद्यालय अघिल्तिर एकजना रघुवीर भन्ने व्यक्तिले चानाचुर,पापड़ इत्यादि बेच्न ल्याउँथे। सड़क पारि कुमार मुखिया काकाको चिया पसलमा सिलगढ़ीबाट ल्याइएका विभिन्न किसिमका बेकरी बिस्कुटहरू पाइन्थ्यो। वारीपट्टि हाल मिड–डे मिल कक्ष भएठाउँमा रिट्ठे तामाङको खाजाभुजाको पसल थियो। त्यहाँ घुगुनी,चिउरा–मुरै, बनरोटी, चिया इत्यादि पाइन्थ्यो। केही माथि रामविलास महेश्वरी (उनलाई 'विलाश काका' भनि चिनिन्छ)–को पसलअघि नत्थुराम मोदी उर्फ 'नथुवा' (तर मानिसहरूले भन्न नजानेर होला, 'लठुवा' भन्थे)–को मिठाइको पसल थियो। यसैले हामी पनि 'लठुवाको दोकान' भन्ने गर्थ्यौँ।

छैटौँ श्रेणीमा हाम्रो पाठ्यक्रममा तेस्रो भाषामा संस्कृत पढ्नु पर्ने भयो। संस्कृत हामीलाई विष्णु सरले पढ़ाउँथे। उनले विद्यार्थीहरूलाई कहिल्यै 'तँ' भनेनन्। सबैलाई 'तिमी' सम्बोधन गर्थे। संस्कृत पढ्नमा साह्रै कठिन लाग्थ्यो। यसको व्याकरणका पाठहरू कण्ठस्थ पारेर सरलाई सुनाउनु पर्थ्यो। सुनाउन नसके पछिल्लो अवधिमा पाठ सुनाएर मात्र घर जान पाइन्थ्यो। यसरी नै सास्ती दिन्थे उनी।

त्यस समय हाम्रो विद्यालयमा एकजना फत्तेसिंह नाम गरेका जादुगर आएर जादु देखाए। उनले हिन्दी सरलाई बोलाए अनि एउटा काठको कुर्सीमा बसाए। केही क्षण अरू खेला देखाएपछि सरलाई उठेर जाने अनुरोध गरे तर सर कुर्सीबाट उठ्न सकेनन्। त्यहीँ टाँसिएको टाँसिएकै भए। सबै गलल हाँस्यौँ। केहीबेरपछि जादुगरले मन्त्र गरेर उठ्नु भनेपछि सर जुरुक्क उठे। जादुगरले दर्शकलाई हसाउँने काम गरेका हुन्। सरहरूले पहिल्यै आ–आफ्ना श्रेणीका सबै विद्यार्थीहरूबाट आठ आना (पचास पैसा) गरि उठाएर जादुगरलाई दिनलाई राखेका थिए। कहिलेकाहीँ बाहिरबाट अनेपाली मानिसहरू लुगामा नक्सा बनाउने सामग्री लिएर बेच्न आउँथे। उनीहरूले हाम्रै आँखाअघि रुमालमा नक्सा बनाएर देखापछि सबैलाई किनौँ किनौँ पार्थे। मैले किनेर घरमा लगेँ पनि। बिक्रेताले झैँ मैले बनाउन सकिनँ।

त्यही वर्ष चन्द्रबहादुर (सी.बी.) घले हाम्रो विद्यालयमा अङ्ग्रेजी विषयका शिक्षक भएर आए। उनलाई हामी 'घले सर' भनि चिन्थ्यौँ। उनले आठौँ श्रेणीमा अङ्ग्रेजी विषय पढ़ाउँथे। उनी शिक्षकका साथसाथै एक कुशल फुटबल खेलाड़ी पनि थिए। सन् ७० को दशकमा बाग्राकोट चियाबारी खेल मैदान (जो हाल 'भानु मैदान'–को नामले प्रसिद्ध छ)–मा भारतीय सेनाको ५ गोर्खा राईफल्स (५ गोर्खा रेजिमेन्ट)–का फुटबल टोलीविरुद्ध बाग्राकोट चियाबारी फुटबल टोलीको पक्षबाट खेलेका सी.बी.घले सरलाई सर्वश्रेष्ठ खेलाड़ी भनि भारतका तत्कालीन दिग्गज खेलाड़ी श्याम थापाले घोषणा गरेका थिए। त्यसबेला श्याम थापा ५ गोर्खा राइफल्सको टोलीमा थिए। त्यसताक उक्त टोलीलाई उत्तर बङ्गालभरिका कुनै पनि टोलीले गोल दिन सकेको थिएन अरे। घले सरले गोल गरेर बाग्राकोटमा इतिहास नै कायम गरेका थिए। ती रोमाञ्चक खेलहरू हेर्ने सुयोग मैले पनि पाएको थिएँ। त्यसताक उनी डुवर्समा 'फुटबल स्टार' नै थिए भन्दा अत्युक्ति नहोला। बाग्राकोट उच्च विद्यालयमा नियुक्तिपछि

उनको अथक प्रयासमा विद्यालयको फुटबल टोलीले धेरै ठाँउमा उत्कृष्ट प्रदर्शन गरेर विजेता ट्रफीहरू हत्याउन सफल पनि बनेको थियो।

छैटौँबाट उत्तीर्ण भएर सन् १९७० मा म सातौँ श्रेणीमा पुगेँ। यस वार्षिक परीक्षामा पनि दुई–तीनजना साथीहरू अनुत्तीर्ण भएकाले छोड़िए। सातौँ श्रेणीमा पुगेपछि पहिले दुई–चार महिना त ठिकै थियो, तर मई महिनादेखि मलाई पटक–पटक मुर्छा पर्ने एउटा जटिल रोगले ग्रस्त बनायो। धेरै लामो समयसम्म उपचार चल्यो र मेरो पढ़ाइ स्थगित रह्यो। त्यस दुई वर्ष मेरो पढ़ाइमा ठूलो धक्का पऱ्यो। म सन् १९७० र १९७१ मा सातौँको वार्षिक परीक्षामा बस्न असमर्थ भएँ। प्राय: दुई वर्षपछि केही स्वस्थ भएँ र सन् १९७२ देखि मैले सातौँ श्रेणी नै दोहोऱ्याउन थालेँ। त्यसै वर्ष हाम्रो स्कूलमा हेडसरकी जेठी छोरी श्रीमती इन्दिरा प्रधान अस्थायी शिक्षिकाको रूपमा आइन्। उनले केही महिना हामीलाई पढ़ाइन्। त्यसकै केही महिनापछि एकदिन हाम्रो स्कूलमा हेडसरसित एकजना नयाँ शिक्षक हाम्रो श्रेणी कक्षामा आए। उनले हामीलाई 'टी.एन.सर' भनेर चिनाए अनि अबउसो उनले हामीलाई इतिहास पढ़ाउने जानकारी दिए। पछि थाह पायौँ,उनको पूरा नाम तेजनारायण प्रधान रहेछ। तर हामी सबैले उनलाई 'टी.एन.सर' भनेरै चिन्थ्यौँ। उनी हाम्रो इतिहास विषयका शिक्षक। श्रेणीमा प्रवेश गरेपछि इतिहासको कुन अध्याय पढ़ाउनु छ, एकपल्ट शीर्षक हेर्थे अनि सबैलाई भन्थे–'कसैले किताब खोल्ने छैन। मैले के भन्दैछु त्यसलाई ध्यान दिएर सुन। कसैले हाई नकाढ्नु। यो हाई काढ़ेको मलाई पटक्कै मन पर्दैन।' हुन पनि उनले यति रोचक ढङ्गले पढ़ाउँथे कि हाम्रो मानसपटमा टाइप गरेझैँ छाप बस्थ्यो। बीचमा कसैले हाई काढ्यो भने उनी श्रेणी कक्षाबाट निस्केर जाइहाल्थे। सर श्रेणी कक्षाबाट निस्किएपछि हाई काढ्नेलाई सरसित क्षमा माग्न पठाउँथ्यौँ। त्यसपछि मात्र सर कक्षामा फर्किन्थे। अन्तमा भन्थे– 'तिमीहरूले मैले पढ़ाएको के–कति बुझ्यौँ ? हल्ला नगरी आफ्नै पारामा कसैको नहेरी लेख्नू। म एकक्षणमा आउँछु।' सबै एकाग्र भएर लेख्न थाल्थ्यौँ। केही बेरपछि सबैका खाता टेबलमा थुप्रिएको हुन्थ्यो। सर आएपछि पालैसित हाम्रो खाता हेर्दै टिप्पणी लेख्थे। पालैपालो सरको टिप्पणी पढ़ेर हामीलाई पढ़ाइमा थप ऊर्जा प्राप्त हुन्थ्यो।

त्यही वर्ष हाम्रो स्कूलमा अझ एकजना सर आए। एक दिन हेडसरसित नयाँ व्यक्ति हाम्रो श्रेणी कक्षमा प्रवेश गरे। हेडसरले हामीलाई चिनाए–उनी मुकुन्द सर हुन्। उनले हामीलाई गणित पढ़ाउनेछन्। त्यसपछि सरसित भने,'ओके मुकुन्द सर। टेक योर क्लास।' नयाँ सरले हाम्रो नाम–ठेगाना सोधे। मुकुन्द सर पढ़ाइको विषयदेखि बाहिर अरू कुरा बोल्दैनथे।

समय–समयमा विद्यार्थीहरूलाई मनोरञ्जनको निम्ति विभिन्न किसिमका खेल–तमासा देखाउनेहरू आउँथ्ये। एक दिन राजस्थानबाट आएका भट्ट समुदायका मानिसहरू कठपुतलीको खेल देखाउन आए। हेडसरले टिफिनपछि कठपुतली खेल देखाइने घोषणा गरेकाले हामी रमायौँ। त्यसताक विद्यालयको प्रेक्षागृह (हल) थिएन। श्रेणी कक्षाका काठका अस्थायी भित्ता(पार्टीसन) खोलेर काम चलाउनु पर्थ्यो। जीवनमा भनौँ पहिलोपटक कठपुतलीको खेल हेर्ने सौभाग्य प्राप्त भयो। यो खेल विशेषगरि ऐतिहासिक घटनामा आधारित थियो।

त्यसपछि भने रोगकै कारणले होला, मेरो स्मरणशक्ति क्रमशः घट्दै गयो। त्यस रोगले मेरो पढ़ाइमा निकै क्षति पुऱ्यायो। र पनि मैले पढ़ाइमा निरन्तरता राख्दै गएँ। सन् १९७३ मा आठौँ श्रेणीमा पुगेँ। आठौँ श्रेणीमा पनि विज्ञान विषय छिरिङ सरले नै पढ़ाउँथे। म सायद आठौँमै हुँदा उनले बाग्राकोट उच्च विद्यालयबाट शिक्षण पेशा छोड़ेर विदा लिए। इनकम टेक्स विभागमा गए रे भन्ने अरू सरहरूबाट सुन्न पाएँ।

सन् १९७४ मा नवौँ श्रेणीमा पुगेँ। मसित वीरबहादुर महत, छिरिङ लामा, नन्दकिशोर मोक्तान, मदन मोक्तान, जङ्गे सुनार, मनबहादुर शर्मा, जोहन केरकेट्टा, शिलाचन

एक्का, अञ्जली भगत, हिरा लामा, अशोक प्रधान, किशोर प्रधान, मिना छेत्री, सुमित्रा शर्मा, धनकुमार विश्वकर्मा, प्रह्लाद गोले, मदन छेत्री, कामिनी तामाङ, अमरनाथ सुनार, मालती सुब्बा, मायादेवी चौधरी, सतीश छेत्री, अभिकेशर मगर, मणिकुमार विश्वकर्मा, भरत दर्जी आदि अनि बङ्गला माध्यमका तारा मजुमदार, सन्ध्या मजुमदार, तपति सरकार, अर्पिता फौजदार, मोहन कुमाई, चन्द्रा सरकार आदि पनि नवौँमा पुगेका थिए। बङ्गला माध्यमका विद्यार्थीहरू नेपाली माध्यमको तुलनामा कम मात्रामा थिए।

त्यसवर्ष बाहिरका स्कूलहरू युद्धवीर जुनियर हाई स्कूलबाट आठौँ उत्तीर्ण गरेर आउने साथीहरूमा प्रेमबहादुर अधिकारी, रवीन्द्र शर्मा, वेधनाथ अगरवाल, चन्द्रा राणा, पिताम्बर शर्मा, कुमार प्रधान, प्रेमप्रसाद शर्मा; सामसिङ जुनियर हाई स्कूलबाट दिलकुमार भूजेल, मायादेवी चौधरी, रतन छेत्री, विष्णु ब्राह्मीण, शङ्खमणि प्रधान आदि थिए। पहिलो दिन नवौँको श्रेणी कक्षामा अन्य स्कूलबाट आउने साथीहरूसित परिचय आदान–प्रदान खुब जोड़तोड़ले चल्यो। बिस्तारै सबैसित घनिष्ठता बढ्दै गयो।

सन् १९४९ मा स्थापित भएको हाम्रो बाग्राकोट उच्च विद्यालयको स्थापना दिवसले १९७४ मा २५ वर्ष टेकेको हुनाले रजत जयन्ती वर्ष परेको थियो। रजत जयन्ती वर्षको उपलक्ष्यमा विद्यालयले दुइदिने भव्य उत्सव आयोजना गरेको थियो जसमा मेरो स्मरणमा रहे अनुसार यहाँ वर्णन गर्दैछु।

८ मई, १९७४ को दिन विश्वकवि रवीन्द्रनाथ ठाकुरको जन्म–जयन्ती अनि विद्यालयको स्थापना दिवस १० मई परेको हुनाले सुविधाको निम्ति ८ को साटो ९ मईको दिन रवीन्द्र जयन्ती अनि १० मईको दिन स्थापना दिवस मनाइने गरिन्थ्यो। प्रबन्धन समितिका अध्यक्ष स्व. बनवरीलाल गुप्ता, सचिव स्व.भीमबहादुर लामा,पूर्व अध्यक्ष स्व. सुधांशुभूषण चौधरी, संस्थापक सदस्य स्व. प्रफुल्लचन्द्र बाग्ची (बाग्ची बाबु, कतिले त 'बाग्ची' उच्चारण गर्न नजानेर 'बोक्सी बाउ' पनि भन्थे), सदस्य स्व. पराजुली शर्मा (नाटककार टीका पराजुलीका पिता) अनि बाग्राकोट सेना छाउनीबाट तत्कालीन ब्रिगेडियर साहेब आमन्त्रित थिए। ब्रिगेडियरको नाम स्मरणमा छैन। अतिथिहरूले मञ्चमा आसन ग्रहण र व्याज धारण गरेपछि प्रधानअध्यापकलगायत सम्पूर्ण  शिक्षकगण र आमन्त्रित अतिथिगण एवम् विद्यार्थीहरूको उपस्थितिमा बनवारीलाल गुप्ताले विद्यालयको पताका उत्तोलन गरे। मञ्चमा विश्वकवि रवीन्द्रनाथ ठाकुरको तस्विरमा दीप प्रज्वलन र माल्यार्पण भयो। पुनः आशन ग्रहण गराएपछि प्रधानअध्यापकले स्वागत वक्तव्य राखे। त्यस समय विद्यालय सञ्चालनको निम्ति प्रबन्धन समितिमा समाजका विज्ञ व्यक्तिहरूलाई नियुक्त गरिन्थ्यो। किनभने विद्यालयको आर्थिक अवस्था सुदृढ़ बनाउन समाजका गण्यमान्य व्यक्तिहरूको आवश्यकता पर्दथ्यो। त्यस समय विद्यालय सञ्चालन समितिमा बनवारीलाल गुप्त, भीमबहादुर लामा, चन्द्र खेस, शिल्बानुस लाकड़ा, पराजुली शर्मा आदि थिए।

पहिलो दिन अर्थात् ९ मईमा रवीन्द्र सङ्गीत, कविता आवृत्ति साथै नाटकको कार्यक्रम थियो। त्यस दिन जोहन डी. मेकडोनाल्डद्वारा रचित 'डेथ ट्रेप'–लाई प्रधानअध्यापकको कुशल निर्देशनमा (हामीले) शङ्खमणि प्रधान, पिताम्बर शर्माले र मैले मञ्चन गरेका थियौँ। अरू पनि थुप्रै कार्यक्रम गीत, नृत्य र कविताहरू प्रस्तुत गरिए तर क–कसले गरे, स्मृतिमा रहेन। ९ मईको दिन विद्यालयले चित्रकला र मूर्तिकला प्रदर्शनी साथै प्रतियोगिता पनि आयोजन गरेको थियो जसमा वरिष्ठ कवि तथा चित्रकार वीरेन्द्र सुब्बाद्वारा राखिएका उनका चित्रहरू प्रदर्शनीमा आकर्षणको केन्द्रमा थियो। भनौँ भने उनका चित्रहरू त्यसै हेर्दा बुझ्नै नसकिने। उनले त्यस चित्रबारे नबुझाएसम्म बुझ्नै कठिन। यता विद्यार्थीहरूको निम्ति भने चित्र तथा मूर्तिकला प्रतियोगिता पनि आयोजन गरिएको थियो। उक्त प्रतियोगितामा मैले पनि सुभाषचन्द्र बोसको एउटा

तस्विर बनाएर प्रदर्शनीमा राखेको थिएँ अनि आठौँ श्रेणीका भाइ छेडुप वाङ्दी लामाले काठको ठुटा खोपेर बनाइएको रवीन्द्रनाथ ठाकुरको एउटा मूर्ति राखेका थिए। परिदर्शन गर्न आउनेहरूले त्यहाँ राखिएको एउटा ठूलो रेजिस्टरमा आ–आफ्ना मन्तव्य लेख्दै जाँदैथिए। चित्रकलामा मैले दोस्रो पुरस्कार अनि मूर्तिकलामा छेडुपले प्रथम पुरस्कार प्राप्त गऱ्यौँ। प्रथम र तृतीय चाहिँ को भएका थिए, मेरो स्मृतिमा छैन।

भोलिपल्ट अर्थात् १० मईको दिन विद्यालयको स्थापना दिवस। त्यस वर्ष विद्यालयले पच्चीसौँ स्थापना दिवस अर्थात् रजत जयन्ती वर्ष पालन गरिरहेको हुनाले सांस्कृतिक कार्यक्रम, नाटक, क्यारिकेचरसहित मेधावी विद्यार्थीहरूलाई सम्मानको कार्यक्रम पनि समावेश गरिएको थियो। यसरी समस्त शिक्षक अनि विद्यार्थीहरूले तनमन दिएर विद्यालयको पच्चीसौँ स्थापना दिवस सफल पारेका थियौँ।

सन् १९७५ मा नवौँ श्रेणी उत्तीर्ण गरि दशौँमा पुगेँ। पश्चिम बङ्गाल बोर्डमा प्रथम माध्यमिक परीक्षाको परीक्षार्थी हुने भएकोले हाम्रो पढ़ाइ जोड़तोड़ले चल्न थाल्यो। हामीभन्दा अघिल्लो टोली (ब्याच) जसले स्कूल फाइनल (एस.एफ) परीक्षा दिए, उनीहरूको पालोमा उत्तीर्ण हुनलाई ३४ प्रतिशत अर्थात् १०० अङ्कको लिखित परीक्षा हुन्थ्यो जसमा पास हुनलाई ३४ लिखितमै ल्याउन पर्थ्यो। मौखिक परीक्षाको व्यवस्था थिएन। तर माध्यमिक परीक्षामा भने १०० मा ८० अङ्को लिखित परीक्षा अनि २० अङ्को मौखिक परीक्षा गरी कुल १०० अङ्को परीक्षा हुन्थ्यो। विषयहरूलाई तीन समूह (ग्रुप)–मा विभाजित गरिएको थियो। १) भाषा समूह(ल्याङ्ग्वेज ग्रुप),२) विज्ञान समूह (साइन्स ग्रुप) र ३) भारत र उसका जनता (इण्डिया एण्ड हर पिपल ग्रुप)। भाषा समूहमा नेपाली प्रथम पत्र(फर्स्ट पेपर), दोस्रो पत्र (सेकेण्ड पेपर) र तेस्रो भाषामा हिन्दी/संस्कृत/बङ्गला भाषा रहेको हुन्थ्यो। यसबाहेक एउटा अतिरिक्त विषय (एडिशनल सब्जेक्ट) पनि हुन्थ्यो। तर यो विषय चाहिँ बाध्यतामूलक थिएन। इच्छा अनुसार लिन सकिने।

यसै वर्ष एकजना नयाँ शिक्षक आए। उनी थिए एस.एम.सर। सरको पूरा नाम सूर्यमान तामाङ रहेछ। उनी भद्र एवम् शान्त प्रकृतिका, कम बोल्ने तर मिलनसार थिए। उनी गणित विषयका शिक्षक हुनाले हामीलाई दशौँ श्रेणीमा गणित पढ़ाउँथे। म अङ्कमा कमजोर हुनाले उनीसित मैले ट्युशन पनि पढ़ेँ। उनी आएको केही महिनापछि बङ्गला माध्यमका निम्ति शिक्षिका मञ्जुश्री मानिक आइन्। म अलिअलि बङ्गला बोल्न जान्ने भएकोले मञ्जु गुरुमासित बेलाबेला बातचित हुन्थ्यो। उनी पनि मिलनसार थिइन्।

दिसम्बर महिनामा हाम्रो सेन्टअप टेस्ट भयो। यसमा हामी प्राय: सबै नै उत्तीर्ण भयौँ। पश्चिम बङ्ग माध्यमिक शिक्षा बोर्ड (वेस्ट बेंगाल बोर्ड अफ् सेकेण्डेरी एडुकेशन) अन्तर्गत हामी माध्यमिक परीक्षाका निम्ति फारम भऱ्यौँ। एक महिनापछि हाम्रो प्रवेश पत्र (एडमिट कार्ड) आयो। सिलगढ़ीको पानीट्याङ्की मोड़ नजिक अवस्थित निलनलिनी विद्यामन्दिर उच्च विद्यालयमा हाम्रो परीक्षा केन्द्र परेको थियो। ४ अप्रेल, १९७६ मा हामी पहिलो माध्यमिक परीक्षार्थी रहेका थियौँ। हामीलाई एकप्रकारको डर लागिरहेको थियो। आखिर निलनलिनी विद्यामन्दिरको कठिन निगरानीमा माध्यमिक परीक्षा सम्पन्न भयो। त्यसपछि परीक्षा–फल (रिजल्ट) नहुन्जेल हामीले स्वतन्त्ररूपले घुमफिर गर्न पायौँ। अन्तमा दुई महिनापछि परीक्षा–फल आयो। म विज्ञान समूह (साइन्स ग्रुप)–मा अनुत्तीर्ण अर्थात् कम्पार्ट भएछु।

बाग्राकोट उच्च विद्यालयका तत्कालीन गुरुजनहरूबाट प्राप्त शिक्षा अनि उनीहरूसित बिताएका क्षणहरू आजीवन स्मृतिमा रहनेछ। ●

*(बाउमावि–का पूर्व छात्र खड्का एक परिचित कथाकार हुन्। उनका दुईवटा कथा सङ्ग्रह प्रकाशित छन्।)*

संस्मरण

# मेरो सपना सजिएको विद्यालय



▣ **किशोर मोक्तान,** गान्तोक

बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि) एउटा संस्था मात्र होइन, यो विद्यालय उद्देश्य र सम्बन्धको साझा भावनाले सँगै बाँधिएको एक नजिकको समुदाय हो। हामी सबैको मुटुमा बसेको एउटा घर हो। आफ्नो घर, जहाँ भावनाहरूको मेल हुँदछ र प्रगतिको भऱ्याङमा उक्लिने अवसरहरू प्राप्त हुँदछ। यसले सम्मान, अखण्डता र करुणाका सिद्धान्तहरूद्वारा निर्देशित भिन्नताहरू अँगाल्न र व्यक्तित्व निखार्न सिकाउँछ। हाँसो र सिकाइ, चुनौती र विजयका सम्झनाहरू एकसाथ बुन्दै मेरो शैक्षिक यात्राको टेपेस्ट्रीमा मेरो विद्यालयले एक प्रमुख स्थान ओगटेको छ। यो मैले शिक्षा प्राप्त गरेको ठाउँ मात्र होइन; यो घरबाट टाढ़ाको घर हो, एउटा अभयारण्य हो जहाँ म सपना देख्न, आकाङ्क्षा गर्न र उड्नको लागि सशक्त भएँ। मेरो जीवन-यात्राको अर्को अध्याय शुरु गर्दा, मैले मेरो विद्यालयको पवित्रतामा हुर्केका अमूल्य पाठ र अनुभवहरू बोकेर ल्याएको छु। जुन जग बसालेको छु त्यसले मलाई एउटा निर्बाध उड़ान भर्ने आत्मविश्वासका पखेटाहरू दिएको छ। यो पखेटाले नै उड़ान भर्दै मैले व्यावसायिक पत्रकारितामा आफ्नो जीवनलाई समर्पित गरेर जीवनको यो मोड़सम्म आइपुग्ने चुनौतीपूर्ण घुम्तीहरू पार गर्न सकेको छु।

सन् १९६५-६६ साल। भारत स्वतन्त्र भएर आधुनिक भारततर्फ बामे सर्दै गरेको समय। हामी बाग्राकोट उच्च विद्यालयमा प्रवेश लिइसकेका साना हाँच थियौँ। अहिलेको जस्तो हात-हातमा मोबाइल थिएन। सूचना प्रौद्योगिकीको जग नै बसिसकेको थिएन। शिक्षा आर्जन गर्नुपर्ने सचेतनासम्म पनि सबैमा आइसकेको थिएन। सन् १९४७ मा भारतले स्वतन्त्रता प्राप्त गरेपछि सरकारले शिक्षा प्रणालीमा सुधार र विकास गर्न विभिन्न पहलहरू थालेको थियो। प्रमुख घटनाक्रमहरू मध्ये एक १९४८ को शिक्षा नीतिको निर्माण थियो, जसले देशमा पछिल्ला शैक्षिक सुधारहरूको लागि जग खड़ा गरेको थियो। हामी यही शिक्षा नीतिअन्तर्गत शिक्षा पाउने विद्यार्थीहरूमा पर्छौं भन्दा दुईमत नहोला। धेरै कठिनाइहरूको सामना गर्दै पनि बाग्राकोट उच्च विद्यालयमा हामी अघि बढ्न थाल्छौं। हाम्रा प्रधानाचार्य श्री बद्रीनारायण प्रधान हाम्रो निम्ति एक सशक्त स्तम्भ थिए जसले हामीलाई कस्तै आँधी-हुरीमा पनि सफलतातर्फ अघि बढ्ने प्रेरणा दिइरहे। दशौं श्रेणीमा हुँदा उनले पढ़ाएको अङ्ग्रेजी पाठहरू अहिले पनि मुखस्त छन्। 'जजमेन्ट सिट अफ् विक्रमादित्य', 'अन्टोनियो', 'प्रोडिगल सन' जस्ता पाठहरू अहिले पनि मुखस्त छन् र यसमा भएका कथाका सारले मलाई जीवनमा अघि बढ्ने प्रेरणासमेत दिएको छ। जसरी जीवनमा खुशी र वेदना दुई पाटा हुन् उसरी नै स्कूले जीवनमा पनि यही दुई पाटालाई समेट्दै म माध्यमिक परीक्षा उत्तीर्ण गर्न सफल भएँ। धेरै साथीहरू दार्जीलिङ पढ्न गइसकेका थिए। म भने सिलगढ़ी महाविद्यालय पुगेँ। भनौँ, आर्थिक समस्याको कारण पहाड़ उक्लिन सोच्न पनि सकिनँ। बाग्राकोटबाट दिनहुँ बसमा चढ़ेर

स्नातकसम्मको पढ़ाई पूरा गरेपछि सन् १९८५–८६ सालतिर बाग्राकोट उच्च विद्यालयमा नै अस्थायी रूपमा शिक्षक पदमा नियुक्त हुन पाउँदा खुशीको पराकाष्ठा नाघेको अहिले पनि मेरो मन–मस्तिष्कमा आलो छ। आठौँ श्रेणीमा अङ्ग्रेजी र इतिहास पढ़ाउने अवसर पाएँ। म एकजना राम्रो शिक्षक बन्न चाहन्थेँ। अघिल्लो दिन पढ़ाउनुपर्ने विषय घरमा आफै पढ़ेर जान्थेँ। कुनै पनि विषय पढ़ाउनअघि सम्बन्धित विषयबारे विद्यार्थीहरूलाई बुझाएर मात्र मूल पाठ शुरु गर्थें। मेरो यस्तो अभ्यासले विद्यार्थीहरूले चाँड़ो सिक्छन् भन्ने मेरो सोच थियो। नभन्दै यस्तै भयो पनि। विद्यार्थीहरू घरमा कुरा गर्दा रहेछन्, अभिभावकहरू बाटामा भेट्दा मसँग यसबारे कुरा गर्थे। म खुशी हुन्थेँ।

तर यो खुशी धेरै दिनसम्म टिक्न सकेन। १९८६–८७ सालतिर सुवास घिसिङको नेतृत्वमा पृथक राज्य गोर्खाल्याण्डको माग चरममा पुग्यो। म त्यसबेला अल्लरे ठिटो। चिन्हारीको त्यो आन्दोलनले मलाई नछुने कुरै थिएन। सुवास घिसिङलाई भेट्न दार्जीलिङ पुगेको सम्झना पनि आलै छ। डुवर्समा गोर्खाल्याण्ड राज्यको मागलाई लिएर हामी आन्दोलनमा उत्रियौँ। युवा मोर्चालाई नेतृत्व दिँदै अघि बढ्न थालेपछि गोर्खाल्याण्डको विरोधमा रहेकाहरूको चाँडै आँखाको कसिङ्गर पनि बनिसकेछु। थाहै भएन। पुलिस अनि सीआरपीएफको सूचीमा 'आतङ्कवादी' जस्तै नाम चढ़िसकेछ, थाहै भएन। वन–जङ्गल लुक्दै हिँड्नुपर्ने बाध्यता आयो। त्यसैताका एकपल्ट खरसाङ गएको बेला सीआरपीएफ–ले पक्राउ गर्छ भन्ने भयले हिँड़ेरै सातघुम्ती हुँदै पंखाबारी आइपुगेको सम्झना मनभरि छ। पंखाबारीमा राजेश थापा मेरा मित्र थिए। मैले सोचेँ–आज मित्र राजेशको घरमा पाहुना बस्छु। उनको घरमा सुत्न पाइने भो भनेर हर्षित भएँ। चारैतिर सीआरपीएफ–को जगजगी थियो। हाम्रो नाम पक्राउ सूचीमा भएकोले गोली ठोक्ला कि भन्ने त्रासमा ज्यान जोगाएर हिँड्नुपर्ने बाध्यता थियो। मित्र राजेशले मलाई अतिथि सत्कार दिए। गोर्खाल्याण्डकै कुरा गर्दागर्दै रात पऱ्यो। बेलुकीको खाना खाएपछि अब राजेशजीले ओछ्यान देलान् भनी सोच्दै मात्र थिएँ राजेशजीले बेडिङ कसे। म छक्क परेँ। बेडिङ काँधमा हाल्दै उनले भने–'जौँ किशोरजी सुत्न।' मैले सोधेँ–'कहाँ?' उनले भने–'जङ्गलमा।' हे भगवान! यहाँ पनि जङ्गल? मैले मनमनै भनेँ। हामी जङ्गल पुग्यौँ। राजेशजी सधैँ जङ्गलमा नै सुत्नपर्ने भएकाले एउटा राम्रो स्थान बनाएका रहेछन्। रातभरि मलाई सुत्न दिएर आफू चाहिँ कतै सीआरपीएफ पो आउला कि भनेर मेरो सुरक्षा गरिरहे। राजेशजी अब यो संसारमा छैनन्। राजेशजीसँगै उनकी बङ्गाली श्रीमती पनि गोर्खाल्याण्ड आन्दोलनप्रति समर्पित थिइन्। राजेशजीसँगको सम्झना कहिले मेरो मुटुबाट मेटिएर जाँदैन। उनीप्रति हार्दिक श्रद्धाञ्जली।

पुलिसको डरले बाग्रकोट उच्च विद्यालयमा लुकेर पढ़ाउन जान्थेँ। पुलिसलाई सुइँको दिनेहरू धेरै थिए। आशाबारी चिया कमानमा अजीत थापा, गणेश छेत्रीको घरमा लुकेर लेस खोला तरेर विद्यालय पढ़ाउन आउँथे अनि बेलुकी फेरि उतै फर्किन्थेँ। मेरो ठूल्दाइ सुखमन मोक्तान र दाजु आशिक मोक्तान अनि जेबी छेत्री, बेणु रोकाहरू पनि उतै बसेका थिए। पछि नेपाल चारआली पुग्यौँ। यता बाग्राकोटमा सीआरपीएफ–को शिविर नै बसिसकेको थियो। कुनै पनि समय पक्राउ पर्ने ठूलो डर थियो। कालेबुङबाट त्यस समय श्री सीके श्रेष्ठको सम्पादनमा 'अब' पाक्षिक पत्रिका प्रकाशित हुन्थ्यो। 'अब'–मा गोर्खाल्याण्ड सम्बन्धी सबै प्रकारका लेखहरू प्रकाशित हुन्थे। म डुवर्सका प्रतिवेदनहरू 'अब'–मा पठाउँथेँ। गोर्खाल्याणडबारे नै कविताहरू पनि लेख्थेँ। 'अब'–मा छापिन पनि थाले। म धेरै उत्साहित हुन्थेँ। एकदिन कालेबुङ तोपखानास्थित 'अब'–को कार्यालय पुगेँ। त्यहीँ नै सीके दाइको पनि घर। उनकी श्रीमती हिरण (म उहाँलाई भाउजु भन्थेँ)–सँग रमाइलो भेट भयो। त्यसबेला 'चारकुने आँगन' क्यासेट बनाउन सीके दाइको घरमा कलाकारहरूको रिहर्सल चल्दै थियो। 'अब'–लाई डुवर्समा बिक्री गर्ने जिम्मेवारी मेरो थियो। जति ल्याए पनि 'अब' हातहात बिक्री हुन्थ्यो। 'अब'–ले पहाड़ हल्लायो। प्रशासनको आँखामा बिझ्न थाल्यो 'अब'। तर दुःखको कुरा के भयो भने प्रशासनसँगै कतिपय नेताहरूको आँखामा पनि 'अब' कसिङ्गर बन्न थाल्यो। खुलेआम 'अब' बन्द गर्ने धम्की

नआएको पनि होइन। त्यसबेला सीआरपीएफ–को डरले प्रत्येक रात घरलौरी घरको एकजना गाउँको सुरक्षामा खटिन पर्थ्यो। तोपखानामा एक रात सीके दाइको पनि घरलौरी पालो आयो। म त्यसबेला सीके दाइसँगै थिएँ। मैले पनि सीके दाइसँगै राति खटिने निश्चय गरेँ। खुकुरी भिरेर घरलौरी जानुपर्ने। हामीले दिनभरि सिरुपाते खुकुरी उध्यायौँ अनि राति घरलौरी गयौँ। अघि नै भनिहालेँ नि 'अब'–लाई बन्द गर्ने चारैतिर दबाउ आइसकेको थियो। अन्तमा 'अब' बन्द भयो। यसपछि मैले डुवर्सबाट 'अब' जस्तै 'चिन्हारी' निकाल्ने निश्चय गरेँ। सीके दाजुको 'अजम्बरी प्रेस'–बाट मेरो सम्पादनमा 'चिन्हारी' पाक्षिक रूपमा प्रकाशित हुन थाल्यो।

त्यसबेला दार्जीलिङमा गोर्खाल्याण्ड मागलाई दबाउन पुलिस एसपी आरके हण्डा सक्रिय थिए। यो भन्न हिच्किचाउँदिनँ कि एसपी हण्डाकै उग्र रूपको कारण गोर्खाल्याण्ड आन्दोलन उग्र भएको थियो, हिंसात्मक भएको थियो। 'चिन्हारी'–मा मैले हण्डालाई चुनौती दिँदै लेखेँ–'बंगालले हण्डालाई किन साँढ़ जस्तो खुल्ला छोड़ेको?' यो कुरा किन मैले यहाँ उल्लेख गरेको हो भने त्रिपक्षीय सम्झौतापछि सिक्किम डीजीको पदमा स्थानान्तरित भएर आउँदा उनीसँग मैले लिएको अन्तर्वार्तामा उनले यो कुरा उल्लेख गरेका छन्। यो अन्तर्वार्ता 'सुनचरी' र 'हिमाली बेला' प्रकाशित भएको पनि छ।

'चिन्हारी' पाक्षिक पत्रिकाको म प्रमुख सम्पादक थिएँ भने बोर्डमा विन्दु निवासी भक्त जैरु, रोङ्गो दलपचन्द निवासी दावा पाख्रीन, जलढाका निवासी चन्द्र तामाङ थिए। पछि भक्त जैरु विन्दुबाट काउन्सिलर पनि भए। हामी विभिन्न पक्षबाट आन्दोलनमा सक्रिय भएर गइरेहका थियौँ। गैरीवास, कुमाई, परेङटार, रोङ्गो, जलढाकाहरूतिर जनसभाहरू हुन्थे। श्री सीके श्रेष्ठको भाषण सुन्न सबै आतुर हुन्थे। म उनीहरूसँगै मञ्च साझा गरेर बस्थेँ। म पनि भाषण दिन कम थिइनँ। सुखमन दाइ, जेबी दाइ, कुमाईका होमनाथ छेत्री आदिसँगै भाषण दिएर हिँड़ेका ती दिनहरू म कहिले भुल्दिनँ।

यसरी आन्दोलनमा होमिएर दिन बित्दै जाँदा एक दिन सिलगढ़ी जाँदै गर्दा म पक्राउ परेँ। बाग्राकोट शिविरमा बसेको सीआरपीएफ–को टोलीले मलाई बरगाछमा समात्यो। त्यसबेला सीआरपीएफ–ले पक्राउ गर्नु भनेको ज्यान जानुसरह थियो। म पक्राउ पर्नासाथ बाग्राकोट रित्तो भयो। घरमा भएका पुरुषहरू कतिपय जंगल पसे, कतिपय नेपाल पसे भने कतिपय अन्य ठाउँहरूमा लुके। यो घटना १९८७ सालको हो। मलाई डोरीले बाँधेर सीआरपीएफ शिविरमा पुऱ्याइयो। मैले सोचेँ–आज सायद मेरो जीवनको अन्तिम

**'अब म तिमीलाई कुट्दिनँ। पिस्तोलमा एउटा गोली छ र त्यो कहाँनेर छ मलाई थाहा छैन। एकपल्ट ट्रिगर दबाउँछु बाँचे तिम्रो भाग्य, मरे तिमी आज सकिन्छौ।' मैले आँखा चिम्लिएँ। पूर्ण रूपमा ब्ल्याङ्क भएँ।**

दिन हो। म २६ वर्षको अल्लरे ठिटो। माटोको निम्ति ज्यानै वलिदान दिनपरे पनि पछि नहट्ने प्रण लिएर आन्दोलनमा होमिएको युवा। मेरो शरीरमा सीआरपीएफ–को डण्ठा बज्रिन लाग्यो। जवान शरीर भएकोले मैले यी सबै झेलेँ। सीआरपीएफ अफिसर बर्मा (पूरा नाम थाहा भएन)–ले मलाई धेरै यातना दिन थाले। मैले मनमनै सोचेँ–अब मर्ने नै हो भने किन योसँग डराउने? मैले भनेँ–'मैले आफ्नो देशभित्रै अलग राज्य माग्नु के मेरो संवैधानिक हक होइन? के मैले कसैलाई मारेको छ? दंगा गरेको छु? हातहतियार लिएर जाई लागेको छु? तपाईँ अफिसर पदमा हुनुहुन्छ, शिक्षित हुनुहुन्छ। म पनि एक शिक्षित व्यक्ति हुँ। एक शिक्षितले अर्को शिक्षितसँग तपाईँ कस्तो व्यवहार गर्नु हुँदैछ? यदि तपाईँलाई मेरो हत्या गर्नु छ भने गर्नुहोस्'– मैले एकैसासमा यति कुरा भनेछु। तपाईँहरूलाई यहाँनेर एउटा कुरा भनिराख्छु–म त्यसबेला पटक्क डराउदिन थिएँ। तर आजभोलि कुन्नि किन हो डर लाग्छ। जीवनको प्रत्येक पाइलामा गरेका सम्झौताहरूले मलाई धेरै कातर बनाएको छ। हो! यसरी मैले आफ्नो कुरा एकैसासमा भनिसकेछु। मैले यति बहादुरीसँग राखेको कुराले उनी

केही प्रभावित भएछन् क्यारे। डण्ठा वर्षाउन छाड़े। ड्रमको मैला पानी खुवाउन छाड़े। त्यसपछि उनले कम्मरबाट पिस्तोल निकालेर च्याम्बरमा एउटा मात्र गोली राखेर अरू सबै बाहिर निकाले। त्यसपछि शोलेको गब्बर स्टाइलमा एउटा गोलीलाई बेस्सरी घुमाएपछि मेरो कनपटीमा पिस्तोलको नाल तेर्साउँदै भने–'अब म तिमीलाई कुट्दिनँ। पिस्तोलमा एउटा गोली छ र त्यो कहाँनेर छ मलाई थाहा छैन। एकपल्ट ट्रिगर दबाउँछु बाँचे तिम्रो भाग्य, मरे तिमी आज सकिन्छौ।' मैले आँखा चिम्लिएँ। पूर्ण रूपमा ब्ल्याङ्क भएँ। त्यसले मेरो कनपटीमा पिस्तोलको नाल छुवायो। म अनुभूति गर्दैछु। संसार शून्य भएको महसुस गरेँ। साँचो भन्छु, कसैको सम्झना आएन। अँध्यारो भयो चारैतिर। एकाएक खटक–को आवाज आयो। ट्रिगर दबाएछ त्यसले। गोली पड्किएन। म बाँचे। आँखा खोलेर हेर्दा मेरो शरीर पसिनाले लथपथ थियो। त्यसपछि मलाई त्यसले कुटेन। चिया खान्छौ भनेर सोध्यो। मैले खादिनँ भनेँ। पुलिसलाई जिम्मा देऊ मात्र भनेँ। त्यसले फोन गरेर पुलिस बोलायो। आम्मामा... जलपाइगढ़ीबाट पुलिसको लश्कर नै आइपुग्यो। ठुलै आतंकवादी पक्राउ परेको जस्तै भयो। म छक्क परेँ। ठूल्ठूला पुलिस अधिकारीहरू लाम लागेरै आए अनि मलाई लिएर गए। एक रात माल थानामा बिताएपछि भोलिपल्ट म जलपाइगढ़ी जेल पुगेँ। जेलभित्र थुनामा परेका सबै गोर्खाल्याण्डप्रेमीहरू थिए। मलाई केही ढुक्क भयो। भोलिपल्ट सिलगढ़ीबाट प्रकाशित हुने हिन्दी दैनिक 'जनपथ'–मा लिड न्यूज छापिएछ–'डुवर्सका युवा नेता किशोर मोक्तान गिरफ्तार।' राज्य गुप्तचर विभागका एक अधिकारी मलाई भेट्न जेल अफिसमा आउनुहुँदा उनले 'जनपथ'–को उक्त प्रति ल्याएका थिए। जेलमा हुँदा तोरीबारीबाट 'उग्रवादी'–को आरोपमा पक्राउ परेका सातजना आरा काट्ने नेपालका नेपालीहरूलाई मैले मुक्त गराउन सकेँ। त्यो मेरो जीवनको ठूलो सुखद् क्षण थियो। जेल अफिसबाट पाइने विशेष फर्मेटमा जजलाई उनीहरूको पक्षमा सोझै मैले पत्र लेखेँ। उनीहरूको पक्षमा उभिदिने अधिवक्ता छैनन्। उनीहरू यहाँ पक्राउ परेका कुरा उनीहरूका परिवारसम्मलाई पनि थाहा नभएको कुरा लेखेर मजदुरी काम गर्न आएकाहरूलाई मुक्ति दिने बिन्ती बिसाएँ। १५ दिनको कोर्ट डेटमा उभिँदा दयालु जजले उनीहरू सबैलाई मुक्त गरे। म साह्रै खुशी भएँ।

यसपछि प्रायः एक महिना जेलमा बिताएपछि हत्याको मुद्दा नभएकोले मैले जमानत पाएँ। जमानत पाएपछि दुई दिन मात्र घर बस्न पाएँ। गाउँमा कोही थिएनन्। चारैतिर सीआरपीएफ छ्यापछ्याप्ती थिए। फेरि पक्राउ पर्ने डरले म सिक्किम राज्य पसेँ। गान्तोक पहिलोपल्ट आउँदा म गान्तोकमा कसैलाई चिन्दिन थिएँ। स्थानीय पत्र–पत्रिका पढ्ने मेरो बानीले गान्तोक बस्दा सबै स्थानीय पत्र–पत्रिका पढ्थेँ। एकदिन मेरो हातमा 'हिमाली बेला' (त्यसबेला 'हिमाली बेला' साप्ताहिक थियो) आइपुग्यो। यसो हेरेको त सम्पादक सीके श्रेष्ठ लेखिएको पाएँ। मलाई ढुक्क लाग्यो। एकजना चिनेको व्यक्ति त भेटेँ भन्दै म उहाँलाई भेट्न नामनाङस्थित कार्यालय पुगेँ। मलाई देखेर सीके दाइ छक्क पर्नुभयो। मैले सबै कुरा बताएँ। उहाँले मलाई साथमा लिनुभयो। सीडी राई सरले 'हिमाली बेला'–मा संवाददाताको काम दिनुभयो। मेरो व्यावसायिक पत्रकारिता जीवन यसरी आरम्भ भयो। यसै क्रममा नेपाली भाषालाई संवैधानिक मान्यता दिलाउन सिक्किमका तत्कालीन मुख्यमन्त्री एनबी भण्डारीको नेतृत्वमा भारतीय नेपाली राष्ट्रिय परिषद (भानेराप) गठन भएपछि सीके सर मूल सचिव बन्नुभयो र पूर्ण समय भानेराप–लाई दिन 'हिमाली बेला' मलाई जिम्मा लगाउनु भयो। यसै क्रममा नेपाली समाजको हातमा एउटै पनि दैनिक नभएकोले 'त्रिनेत्र इन्टरनेशनल' (एनबी भण्डारी, डा. कुमार प्रधान, सीके श्रेष्ठ) संस्थान स्थापना गरेर नेपाली दैनिक 'सुनचरी' प्रकाशित हुन थालेपछि सिक्किम राज्यबाट समाचार पठाउने कार्यमा म जुटेँ। 'सुनचरी' अघि 'हिमालचुली', 'हिमाली आभा', 'सगरमाथा' नेपाली दैनिक प्रकाशित भए तापनि भानेराप गठन हुँदासम्म यी सबैको प्रकाशन बन्द भइसकेको थियो। दिल्लीमा नेपाली भाषाको संवैधानिक मान्यताको निम्ति माग राख्दा एउटासम्म नेपाली दैनिक देखाउनु अनिवार्य नै

भएकोले पनि ‘सुनचरी’ प्रकाशनको परिकल्पना गरिएको थियो। ‘सुनचरी’ नेपाली दैनिकमा सिक्किम संवाददाताको रूपमा कार्य गर्दै जाँदा यसै क्रममा भोटानबाट नेपाली जाति खेदुवा लागेर मेची बगर पुग्दा ‘सुनचरी’–ले खेलेको भूमिका खुबै उल्लेखनीय छ। त्यसबेला सपोर्ट अर्गनाइजेशन फर भुटनिज रिफ्युजी (सोबर) गठन गरेर गरिएका कार्यहरूका भिन्नै कथाहरू छन्। पछि समय मिले यसबारे पनि लेख्नेछु।

उता, गोर्खाल्याण्ड राज्यको मागलाई ड्रप गरेर बङ्गाल, केन्द्र अनि गोरामुमोबीच त्रिपक्षीय सम्झौतापछि दार्जीलिङ, कालेबुङ, खरसाङ मात्र लिएर गोर्खा पार्वत्य परिषद गठन भइसकेको थियो। हामी डुवर्सवासी जिल्ल पऱ्यौँ।

यसै अवधि बाग्राकोट उच्च माध्यमिक विद्यालय अब उच्चतर माध्यमिक विद्यालय बनिसकेको थियो। तर स्तर बढ़े पनि पूर्वाधारहरूको कमी थियो। पक्का बिल्डिङ बनाउनुपर्ने अभिभारा आइलागेको थियो। के गर्ने? हातमा पैसा छैन। दाइ सुखमन मोक्तानले धनराशि जोहो गर्नको निम्ति सिक्किमका तत्कालीन मुख्यमन्त्री श्री पवन चामलिङसँग भेट गर्ने निधो गर्दै यसको निम्ति मलाई तारिख निश्चित गरिदिन आग्रह गर्नुभयो। मैले तत्कालीन लोकसभा सांसद भीम दाहालमार्फत यो खबर मुख्यमन्त्रीसम्म पुऱ्याएँ। उहाँले भेट गर्ने तारिख दिनुभयो। दाइ सुखमन मोक्तान अवकाश लिइसकेका प्रधानाध्यापक श्री बद्रीनारायण प्रधानलाई लिएर गान्तोक आउनुभयो। मैले गान्तोक एमएलए होस्टेलमा उहाँहरूलाई बस्ने प्रबन्ध मिलाएको थिएँ। राति १० बजे मुख्यमन्त्री चामलिङसँग मिन्तोगाङमा भेट भयो। धेरै कुराकानी भएपछि मुख्यमन्त्री चामलिङले सहयोग राशि दिनुभयो। बाग्राकोट उच्चतर माध्यमिक विद्यालयको पहिलो दुइतल्ले भवन यसरी निर्माण भएको थियो। यो योगदानको कथा बिर्सिनु हुँदैन।

यसै अवधि सन् १९९२ सालमा नेपाली भाषाले लामो सङ्घर्षपछि तत्कालीन मुख्यमन्त्री श्री एनबी भण्डारीको नेतृत्वमा अनि भानेराप–को सफल सङ्ठनात्मक कार्यको फलस्वरूप संवैधानिक मान्यता पायो। त्यसताका सिलगढ़ीबाट धेरै साथीहरू गान्तोक आउँथे। बाग्राकोटबाट सीताराम धिताल आएका थिए। सर्वभारतीय स्तरको सम्मेलनमा हामीले धेरै खटेर कार्य गरेका हौँ। ‘सुनचरी’ प्रकाशित भइरहेको क्रममा नै ‘अब’ नेपाली दैनिक श्री सीके श्रेष्ठको सम्पादनमा प्रकाशित हुन लाग्यो। ‘अब’ नेपाली दैनिक समाचार पत्रमा पनि मैले संवाददाताको रूपमा कार्य गरेको हुँ। यसरी मेरो व्यावसायिक पत्रकारिताको जीवन अघि बढ़िरह्यो। नेपाली भाषामा व्यावसायिक पत्रकारिता गर्नु खेलाइँची कुरा होइन। अहिले त सूचना प्रौद्योगिकीको कारण धेरै सुविधाहरू छन्। इन्टरनेट छ। कम्प्युटर छ। एक क्लिकमा राष्ट्रिय, अन्तर्राष्ट्रिय खबरहरू पाइन्छन्। कुनै रेफरेन्स लिन परे गुगल छ। तर त्यसबेला हातले लेखेर बेलुकी ५ बजेसम्मको खबर सिलगढ़ी बसमा पठाउनु पर्थ्यो। यसपछिका खबर राति एसटीडी कल गरेर फोनबाट पठाउनु पर्थ्यो। धेरै दुःख थियो। तर पनि यी सबै कठिनाइहरू पार गर्दै पनि अहिले धेरै सुविधायुक्त समयमा आइपुगेका छौँ हामी। मेरो व्यावसायिक पत्रकारिता जीवन अहिले पनि जारी नै छ। ‘दैनिक मिरमिरे’ नेपाली दैनिक आफ्नै सम्पादन अनि स्वामित्वमा राजधानी गान्तोकबाट निरन्तर प्रकाशित गरेको पनि अब १७ वर्षको लग लागिसकेको छ।

बाग्राकोट उच्च विद्यालयमा शिक्षा आर्जन गरेर आत्मविश्वास मात्र साथमा लिएर आएको एक अल्लरे कमाने ठिटो, जसलाई परस्थितिले व्यावसायिक पत्रकार बनायो, उसले राजधानी गान्तोकबाट गत १७ वर्षदेखि निरन्तर नेपाली दैनिक प्रकाशनमा ल्याउँदै आइरहेको छ। डुवर्सको त्यो अल्लरे ठिटो जसले बाग्राकोट उच्च विद्यालयमा शिक्षा आर्जन गरेर देखेको एउटा सपनाको घर आज यस्तो अवस्थामा आइपुगेको छ। ●

*(बाउमावि–का पूर्व विद्यार्थी मोक्तान सुपरिचित पत्रकार हुन्। उनी गान्तोकबाट प्रकाशित* **दैनिक मिरमिरे**–*का सम्पादक /प्रकाशक हुन्। उनको एउटा कविता सङ्ग्रह* **युगको तीन फब्लेटा** *प्रकाशित छ।)*


**रोचक प्रसङ्ग**

# मेरो शिक्षा र ज्योति बसुलाई बद्री सरको पत्र



▣ **गणेश छेत्री,** कालेबुङ

अक्षरहरू राम्रोसँग छिचोल्ने भएपछि म बाग्राकोट उच्च माध्यमिक विद्यालयमा पाँचौँ श्रेणीमा भर्ना भएँ। बाग्राकोट हाई स्कूल उसबेलै नाम चलेको। बद्रीनारायण प्रधान जस्ता स्वनामधन्य हेडमास्टर भएको विद्यालय। भर्ना भएपछि आशाबारीबाट खोलाको बाटो स्कूल धाउने अनि दैनिक खोला तरेर स्कूल जाने–आउने क्रम निकै रोमाञ्चक थियो। सरकारले बनाएको पक्की बाटो छँदैथियो। अभिभावकले पनि खोलाको बाटो होइन, पक्की बाटो जाने व्यवस्था गरेकै थिए। तर खोलाको बाटो ओहोर–



Sri Badrinarayan Pradhan, M. A. B. T.
HEAD MASTER
BAGRAKOTE HIGH SCHOOL

P. O. BAGRAKOTE-734501
Dist. Darjeeling

Memo No...............

Date 5-9-1985.

To,
Shri Jyoti Basu,
Chief Minister,
Government of West Bengal,
Writers' Buildings,
CALCUTTA- 1.

Sub: Shri Ganesh Chhetri's Admission in B.Sc.(Agriculture) at Bidhan Chandra Krishi Viswavidyalaya or at Coochbehar College.

Dear Sir,

Shri Ganesh Chhetri is an ex-student of my school. He has passed his Higher Secondary taking Agriculture as vocational subject. He has passed both the Madhyamik and Higher Secondary examinations in Second Division and he is the only student from my school who has done his studies well. Now, he wants to get himself admitted in B. Sc.(Agri.) and has pinned his hope on you. I hope you will kindly do him the grace and forward the accompanying application with your recommendation to Bidhan Chandra Krishi Viswavidyalaya.

I hope you will do the needful and oblige.

Comradely youre,


B.N. Pradhan 5/9/85

(B.N. Pradhan )

दोहोर गर्नु एउटा रोमाञ्चक र साहसिक काम लाग्थ्यो र एकप्रकारको बहादुरी पनि। अनि, त्यसमा साथीभाइको हुल। वर्षाकालमा पनि लेसखोला तरेर स्कूल पुगिन्थ्यो आरामले। छ वर्षसम्म यसरी धाउदा कुनै दिन कुनै अप्रिय घटनाको सामना गर्न परेन।

हामी पढ्दा विद्यालयमा धेरै बुनियादी कुराहरूको कमी थियो। ती कमीहरूकै बीचबाट हामीले शिक्षार्जन गर्‍यौँ। सन् १९८३ मा म माध्यमिकमा दोस्रो श्रेणीमा उत्तीर्ण भएँ। त्यसबेला दोस्रो श्रेणीमा उत्तीर्ण हुनेहरूको पनि भेल्यू निक्कै थियो। प्रधानअध्यापक बद्री सर र अन्य गुरुबाहरूले बधाई र आशिर्वाद दिंदा स्वयम्लाई निकै भाग्यशाली ठानेको थिएँ। माध्यमिक उत्तीर्ण भएपछि कृषि विज्ञान (एग्रीकल्चर साइन्स) पढ्ने मन बनाएँ अनि भर्ना भए कालेबुङको एसयुएमआई स्कूलमा। दुई वर्ष मेहनत गरेर पढ्ेपछि उच्चतर माध्यमिकमा पनि दोस्रो श्रेणीमा उत्तीर्ण भएँ। अब कृषिसम्बन्धी अझ उच्च शिक्षा हासिल गर्नु मेरा लागि निकै ठूलो चुनौती थियो। सजिलैसँग भर्ना नपाइने। यसको निम्ति त्यसबेला राजनीतिमा पनि प्रभावशाली व्यक्तित्व बद्री सरको सहयोग लिनु मेरो मनमा सुझ्यो अनि पुगेँ गुरुबाको घर। यसको निम्ति सम्बन्धित निकायमा पत्र लेखिदिन मैले उनलाई अनुरोध गरेँ। बद्री सरले पनि तत्कालै तत्कालीन मुख्यमन्त्री ज्योति बसुलाई एउटा चिट्ठी लेखिदिए। ज्योति बसुसँग उनको व्यक्तिगत परिचय थियो। केही दिनपछि

राईटर्स बिल्डिङ, कलकत्ताबाट बद्री सरको पत्रको जवाब आयो। चिफ मिनिस्टर्स अफिस (सीएमओ)–को कार्यालयबाट मुख्यमन्त्रीका डेपुटी सेक्रेटेरीको हस्ताक्षर भएको पत्रले मेरो उत्साह दोब्बर भयो। मैले विधानचन्द्र कृषि विश्वविद्यालय, कल्याणीमा बी.एस्सी. (एग्री.)–मा दाखिलाका लागि बद्री सरसँग चिट्ठी लेखिमागेको


GOVERNMENT OF WEST BENGAL
DEPARTMENT OF AGRICULTURE
EDUCATION BRANCH

No.6428-Edn./9M(U)-75/83. Dated,Calcutta the 27th Sept.'85.

From : Shri N. K. Sarkar, Deputy Secretary.

To : The Registrar,
Bidhan Chandra Krishi Viswavidyalaya,
P.O.Mohanpur, Dist. Nadia.

Subject : Admission of Shri Ganesh Chhetri in B.Sc. (Agriculture) in Bidhan Chandra Krishi Viswavidyalaya.

Sir,

I am directed to forward herewith an application form and other connected papers submitted by Shri Ganesh Chhetri and received from the Chief Minister's Secretariat for disposal.

Yours faithfully,
Sd/- N.K.Sarkar,
Deputy Secretary.

PR/-

No.6428/1(2)/Edn. Dated,Calcutta the 27th Sept.'85.

Copy forwarded to :

1. The Chief Minister's Secretariat, West Bengal with reference to his letter No. P/2355/15456-CNS dt. 19.9.85 for information only.

2. Shri B. N. Pradhan, Headmaster, Bagrakote High School, P.O. Bagrakote-734501.
Dist. Darjeeling.

27/9/85

Deputy Secretary.

थिएँ। पत्रको रेस्पोन्स हुनु नै ठूलो कुरा थियो। मन हर्षले गदगद भयो। मुख्यमन्त्री ज्योति बसुको कार्यालयबाट आएको पत्र लिएर म कल्याणीतिर लागेँ। कृषि विश्वविद्यालयका उपकुलपतिको कार्यालयमा पुगेर मैले सबै वृतान्त कुरा बताएँ। त्यसपछि उपकुलपतिले मलाई सम्झाएँ– 'विधानचन्द्र कृषि विश्वविद्यालय एउटा स्वायत्त निकाय (अटोनोमस बडी) हो। यसमा हामी राजनीतिक हस्तक्षेप स्वीकार गर्दैनौँ। तपाईँको यो सिफारिश भन्दा अघि सन् १९८३ मा हामीले भारतका तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीको सिफारिश पत्र पनि खारेज गरेका हौँ। उपकुलपतिले नै यस्तो दृढ़ र बोल्ड प्रत्युत्तर दिएपछि म निराश भएँ। फर्केर कालेबुङ नै आएँ अनि कालेबुङ महाविद्यालयमा जीव–विज्ञान विषय लिएर भर्ना भए र आफ्नो अध्ययनलाई निरन्तरता दिए। यसरी बाग्राकोट उच्च विद्यालयसँग मेरो एउटा रोचक स्मृति जोड़िएको छ। बद्री सरले लेखेको पत्र र मुख्यमन्त्री कार्यालयबाट आएको पत्र दुवै यहाँ स्क्यान गरेर राखिएको छ। एकातिर बद्री सरको पहुँच; अर्कातिर कृषि विश्वविद्यालयका उपकुलपतिको निर्भीक अड़ान। दुवै घटना मेरो स्मृतिमा अमेट भएर रहेको छ।

जन्मथलो आशाबारी, डुवर्स भए पनि कालेबुङ मेरो बुद्धिविकास, अनुभव र आन्दोलनसँग जोड़िएको भूमि हो। अहिले म स्थायी रूपमा कालेबुङ नै बसोबासो गर्छु। छात्र–राजनीतिमा संलग्न भएर मैले अस्सीको दशकको आन्दोलनमा आफ्नो सक्रिय सहभागिता जनाए। त्यसबेलाको युवा चेतना र क्रान्तिकारी सङ्घर्षले एउटा साहसिक यात्रा पार गरेको छ, जो छुट्टै र विशेष अवसरमा साझा गर्नेछु। यही विद्यालयले दिएको शिक्षाले मलाई जातीय आत्मनिर्णयको अधिकारप्रति निर्भीक भएर बोल्न र लड्न सिकायो। अहिले सक्रिय राजनीतिमा छुइनँ, तर आफूले युवाकालमा साँचेको त्यो अमर सपनाले मलाई त्यो भावना र कार्यसँग जोड़िराखेको छ। युवाकालको त्यो राजनीतिक सङ्घर्ष सम्झिँदा अहिले आङ सिरिङ्ग भएर आउँछ। तर मन गर्वले पुलकित हुन्छ।

हाम्रो हाई स्कूलले ७५ वर्ष टेकेको यो समय मेरा लागि अविस्मरणीय पलहरू ताजा गर्ने अवसर बनेको छ। विद्यालय परिवारप्रति हार्दिक बधाई एवम् अशेष शुभकामना। ●

*( बाउमावि–का पूर्व विद्यार्थी छेत्री ८० को दशकको आन्दोलनका सुपरिचित विद्यार्थी नेता हुन्।)*

# हाम्रो मुद्धाको बौरी उठाई



▣ **एस.के.मोक्तान,** गोरुबथान

''...हामी बङ्गालका बाँकी जनताभन्दा बिल्कुलै भिन्न संसारमा छौँ। भौगोलिक हिसाबले हेऱ्यौँ भने पहाड़ी दार्जीलिङ र मैदाने बङ्गालको भन्दा अर्को ठूलो भिन्नता छ, हाम्रा अधिकांश जनसमूह किराँती भएकाले तिनीहरूलाई ऐतिहासिक रूपले हेऱ्यौँ भने पनि हालसम्म हामीले एउटा छुट्टै जीवन बाँचिरहेका थियौँ। गत शताब्दीमा मात्र कालेबुड छोड़ी दार्जीलिङ जिल्ला कालेबुङ र डुवर्स भोटाङको थियो, भाषिक तवरले पनि बङ्गालसित हाम्रो कुनै सम्बन्ध छैन। हाम्रो बोलचालको र स्कूलको भाषा पनि बङ्गाली छैन, हिन्दी छ। डुवर्सका चिया बगानहरूलाई दार्जीलिङ जिल्लाभित्र गाभ्नु भौगोलिक र ऐतिहासिक दलीलहरूभन्दा पनि बढ़ी प्राकृतिक र उचित छ। यसैकारण हाम्रो नम्र निवेदन छ, भविष्यको परिकल्पना गर्दा सरकारले भोटाङबाट सन् १८६५ मा जोड़ेको जलपाइगढ़ी जिल्लाको केही अंशसँग वर्तमान दार्जीलिङको एउटा अलग एकाईको सृजना गर्ने उदेश्य राख्नुपर्छ।''

यसरी 'हिलमेन्स'-को सन् १८१७ को स्मारक-पत्रद्वारा हाम्रो राजनैतिक समाधान गर्ने रूपनारायण सिन्हाको बेजोड़ प्रयास आकलन गर्न सकिन्छ तर, कालेबुङ सचिवको हैसियतले पारसमणि प्रधान समाधानको सुमार्गमा पहाड़झैँ खड़ा भएर विफल तुल्याउन सफल बन्छन्।

स्मारक-पत्र बुझाउन र नोकरशाहीहरूलाई हाम्रो समस्या अघि बढ़ाएर लानपर्ने आवश्यकतातर्फ ध्यानाकर्षण गराउन सिन्हा आफ्नो जीवनकालभरि डटे। हाम्रो राजनैतिक भविष्यप्रति तिनी कति दूरदर्शी थिए-पटक-पटक तिनले उठाएका मुद्धालाई विचार्दा बोध हुन्छ। बङ्गालदेखि छुट्टै तर डुवर्सको भू-भागलाई अँगालेर प्रशासनिक व्यवस्थाले त्यतिखेर नै कुनै व्यवस्था ल्याउन सकेको भए अहिलेकोलाई त्यही राग अलाप्नु पर्ने थिएन बरु अरू बढ़ी केही अधिकारको मागमा अघि बढ़िसकेका हुनेथियौँ। विकासको भऱ्याङ उक्लनु नसक्नु हाम्रो विशेषता भएर गएको छ। रूपनारायण सिन्हा बारम्बार आफूले उठाएको मुद्दामा सफल नभएर पनि तर मुद्दादेखि कहिल्यै पलायन भएनन्। सिन्हालाई थाहा थियो-प्रतिपक्षी हुनु भनेको सधैँ सत्ताको राजनीतिलाई उदाङ्गो पार्नु हो।

सन् १९२०, १९३० र ३४ मा लगातार यही मुद्धालाई उठान गर्दै उनले पछि आएर पार्टीको वर्चस्वमा बिराजमान गोर्खा लीग पार्टीका शीर्ष नेतृत्वहरूको निद्रालाई खल्बलाइ दिएका थिए। उनले अब फेरि हिलमेन्स

एसोसिएसन अध्यक्षको हैसियतमा आफ्नो चालिस वर्षे राजनैतिक सङ्घर्षको मुद्दा लिएर गोर्खा लीगको विपक्षमा जोड़दार हुङ्कार लिएर बङ्गालदेखि विलग हुने मन्त्र पहाड़वासीको हितमा जोरजुलुम बखान्न थाले। समय थियो भोटको। सत्ताको वर्चस्वमा उनले भूकम्प ल्याउने भए भन्ने सोचे सचेत जनताले। तर यस्तो जनआकाङ्क्षा पूर्ति हुने मुद्धामा पनि लीगको चुनाउ आधारित राजनैतिक षड्यन्त्रको शिकार बने सिन्हा।

लीगको शीर्ष नेतृत्ववर्ग डम्बरसिंह गुरुङ, अरिबहादुर गुरुङ अनि नरबहादुर गुरुङको रणनीतिले 'दार्जीलिङ अब भोटे– लाप्चेको किपट बनाउने भयो' भन्दै साधारण जनतालाई ढोल पिट्दै सिन्हाको जनआकाङ्क्षा अपेक्षित मुद्धालाई फतुर लाउन सफल बन्यो त्यसताकको नेतृत्व।

आफ्नो जीवनकालभरि हामीलाई साहित्यमार्फत अमूल्य रत्न स्वरूप रचनाहरू मात्र दिएर गएनन् उनले। हामी भारतीय गोर्खाहरूले पाउनु पर्ने हक र अधिकार समयमा नै निदान हुनुपर्छ भन्ने दृढ सङ्कल्प थियो उनमा। यी सबै अध्यायलाई मनन गरिदिएर हाम्रो मूल मुद्दालाई एक स्वरमा अघि बढ़ाउन सकेको भए अहिलेका टाउकेहरूले उही राग अलाप्दै प्रताड़ना खप्नु पर्ने थिएन होला। भनिन्छ–ज्ञानीहरू अरूका गल्तीहरूबाट ज्ञान प्राप्त गर्छन, मूर्खहरू आफ्ना गल्तीहरूबाट ज्ञान प्राप्त गर्छन्। बुद्धु भएर वीरताको तक्मा हत्याउने हामी। यसैले भूपीको 'बुद्धु नभइकन वीर हुन सक्तैनौं हामी' भन्ने अभिव्यक्ति सत्य ठहर्दछ।

पछिल्ला समयमा फेरि सिन्हा अझ अनुभवले खारिएर १० दिसम्बर, १९४९ मा दार्जीलिङवासीलाई विराट् जनसभामा उत्तरखण्ड अध्यक्षको हैसियतमा कलकत्ते अधिकारीवर्गको ध्यान आकर्षण गराउन अघि बढ़छन्; उनीहरूको षड़यन्त्रदेखि खबरदारी गराउँदै 'उत्तरखण्ड प्रदेश'–को भौगोलिक सिमानाको महत्त्वबारे यसरी बुझाएका थिए पहाड़वासीलाई–''कलकत्ताका अधिकारीवर्गले आफ्ना धोती खोलाखोल र च्याताच्यात गरून् तर त्यसले हामीलाई केही नाफा हुने होइन। जसरी दिनहुँ अत्याचार बढ़िरहेछ त्यसरी नै बढ्न दिए हाम्रो नातागोता हराउनेछ। बङ्गाल सरकारले तँ लाप्चे, तँ भोटे र तँ नेपाली भन्दै भागाभाग गर्ने चेष्टा गर्दैछ। यसदेखि सावधान बस्नुपर्छ। यसले हामी सबैको हानी गर्नेछ। शोषकहरू सधैँ एक ठाउँमा हुन्छ शोषण गर्नको लागि। उत्पीड़ितहरूलाई विभिन्न जात, भाषा र वर्गमा विभाजित गर्न।'' यसरी चेतनाको ढकनी उघार्न जनसमूहलाई आह्वान गर्छन्। कलकत्ते अधिकारीवर्गको षड्यन्त्रका कुराहरू आज हामी उस्तै रूपले अलाप्न चुक्दैनौं। अन्तसम्म सिन्हाले आफ्नो राजनैतिक अनुभवहरू छाड़ेर गएको यतिका कालखण्डपछि उनलाई एक आदर्शवादी, अग्रगामी, निष्ठावान, सचेत राजनीतिज्ञका रूपमा जनताले मूल्याङ्कन गरेका होलान्। जनताका मूल्य, मान्यता र विश्वासमा उनी दृढ़ रहेको निर्क्यौल निकालेका होलान्। पेशाले एक जण्डा वकिल, जातिप्रेमी सचेत नेतृत्वको अभाव पूरा गर्न हामीलाई अझैं कति समय लाग्ला!

हाम्रो मुद्धाको अर्को चरण सन् १९४७ सालमा अविभाजित कम्युनिस्ट पार्टीले उठाएको 'गोर्खास्थान'–को माग पानीको दहमा भुलुक्क उठेको फोकाझैँ भयो। यो मुद्दाले लामो यात्रा तय गर्न सकेन। त्यस समयका रापिला जनप्रिय नेता देवप्रकाश राईको विरोधमा उत्रे तरुण सङ्घका जल्दाबल्दा जातिवादी सचेतकर्मीहरू अगमसिंह गिरी, सुवास घिसिङ, दावा बम्जन अनि बुद्धिमान राई। उनीहरूले ढोल पिट्दै जनतालाई जाग्रत गर्दै भन्न थाले–'यसपालि हाम्रो योग्य उम्मेदवार गणेशलाल सुब्बालाई उठाउनै पर्छ भन्ने कुरामा जनताको पूर्ण समर्थन छ। एकपल्ट होइन, हजारपल्ट तपाईँ आफ्नो मन, विचार, बुद्धि र विवेकको तराजुमा श्री गणेशलाल सुब्बा, मदन थापा र देवप्रकाश राईलाई जोख्नुहोस्, जसमा धेरै योग्यता, नैतिक बल, नेतृत्व क्षमता, सिद्धान्तमा अड्नसक्ने प्रवृत्ति पाउनुहुन्छ

उसलाई भोट दिनोस्।' यता बङ्गालको तरुण सङ्घप्रति गिद्धेनजर दौड़न थाल्यो। दार्जीलिङवासीको सशक्त नेतृत्त्वको बागडोर हात लागे बङ्गाल सरकारको टाउको दुखाई हुने भयो भनेर सरकारले जाल बुन्न थाल्यो निश्चय। स्वतन्त्र उम्मेदवार गणेशलाल सुब्बालाई

**हाम्रा आत्मनिर्णयका मुद्धाहरू कति गर्भमा तुहेका छन् भने कति जन्म ग्रहणपछि टुकुटुकु हिँड्ने अवस्थामै कुँजे बनेका छन्। अटल उभिएर हिँड्ने, कुद्नेसम्मको सामर्थ्यवान हुनदेखि वञ्चित गर्नमा हामी क–कसको षड्यन्त्रको शिकार बन्यौँ, त्यसलाई सही विश्लेषण गरेर नयाँ गोरेटो देखाउने मार्गहरू कसले प्रशस्त गर्ला?**

उठाउन सहमति लिन सबैबाट सकारात्मक विचारको लागि लीग अफिस नपुग्दै एन.एल.गुरुङले बाटैबाट टक्टकाए अनि एक्कासि झोक्किएर 'जिल्ला कमिटीलाई लेख्नुपर्छ, यस विषयमा हामी केही भन्न सक्तैनौँ। यो सबै तपाईँको षड्यन्त्र हो' भन्न मात्रै सकेका थिए, दावा बम्जनमाथि मुक्कामुक्की गर्दै आक्रमण शुरु भयो। अगमसिंह गिरी र जगत छेत्रीमाथि पनि आइलाग्न खोज्दा छेउछाउमा उभिएका मानिसहरूले छुट्टाए।

यसरी सचेत एवम् नेतृत्व क्षमताले योग्य उम्मेदवार मानिएका व्यक्ति यसपल्ट पनि पहाड़वासीले गुमाइपठाए। कम्युनिस्ट सिद्धान्तलाई अँगालेर हिँड्ने सुब्बालाई तर जातिवादी भएको नातामा एक सशक्त नेतृत्वबाट पहाड़वासीलाई धेरै फाइदा हुनसक्ने तरुण सङ्घको सपना यसरी भताभुङ्ग भयो। विफलताको भऱ्याङ मात्र उत्रने अभ्यास भएका गोर्खालाई सफलताको सोपानमा चढ्ने प्रयासमा सपना नै रह्यो।

फेरि विभिन्न रंगमा विकासको रथमा चढ़ेर पहाड़वासीलाई बौराउँदै सन् १९६८ मा कङ्ग्रेसले मागेको स्वायत्तताको माग सन् १९७३ मा गोर्खा लीगले, १९८१ मा प्रान्त परिषद्ले अनि १९८५ मा आनन्द पाठकले उठाएका थिए। तर यी मागहरू गोर्खाहरूका चर्का राजनैतिक मुद्दाहरूमा मात्र सीमित रहे। यसरी हाम्रा आत्मनिर्णयका मुद्धाहरू कति गर्भमा तुहेका छन् भने कति जन्म ग्रहणपछि टुकुटुकु हिँड्ने अवस्थामै कुँजे बनेका छन्। अटल उभिएर हिँड्ने, कुद्नेसम्मको सामर्थ्यवान हुनदेखि वञ्चित गर्नमा हामी क–कसको षड्यन्त्रको शिकार बन्यौँ, त्यसलाई सही विश्लेषण गरेर नयाँ गोरेटो देखाउने मार्गहरू कसले प्रशस्त गर्ला?

प्रान्तीय राजनैतिक चेतले पोलिएका प्रायः भारतीय नेपाली लेखकहरूले नै नेतृत्वको भूमिका निर्वाह गर्नुपर्ने स्थितिबारे डा. गोकुल सिन्हा भन्छन्–''हामी हाम्रो दार्जीलिङ्गे साहित्यको इतिहासमा पनि राजनैतिक बेमेलको चेतले पोलिएका साहित्यकारहरू पहिलेदेखि पाउँदै आउँदैछौँ। सूर्यविक्रम ज्ञवाली, धरणीधर शर्मा जस्ता हाम्रा पहिलो साहित्यकारहरू सब राजनीतिक। आउँछन् रूपनारायण सिन्हा, शिवकुमार राई, रामकृष्ण शर्मा। फेरि आउँछन् आच्छा राई रसिक, अगमसिंह गिरी, प्रेम थापा, गुमानसिंह चामलिङ सबै नै साहित्यिक, सबै नै राजनीतिक। यिनीहरूका राजनैतिक चेत तर अन्तर्राष्ट्रिय थिएन, राष्ट्रिय नै थियो। उनीहरूको राजनीतिक यात्रा बङ्गालदेखि बङ्गालसम्मको थियो। यिनको क्षेत्र राज्य थियो, प्रान्तीय थियो। लेखकको लहरमा राजनीतिक यात्रामा लागेका सुवास, रत्न बान्तवा, बद्रीनारायण प्रधान आदिको भूमिकालाई पनि हामी भुल्न सक्दैनौँ।'' डा.इन्द्रबहादुर राईको क्रियाकलापलाई हेरेर राजनारायण प्रधान त्यसैले भन्थे–''दार्जीलिङमा एउटा लेखकले धेरै काम गर्नुपर्छ। उसले राजनीति पनि गर्नुपर्छ, सामाजिक काम पनि, लेख्ने काम पनि।''

अर्थहीन कोठेबारी–युद्धको हुङ्कारले हाम्रो भाग्यमा ग्रहण लागेर मुलुकै गुमाउनु ठूलो मुर्खता भएको यथार्थलाई थान्को लगाएर अब बौद्धिकताको मुद्धा बनाएर लैजानु ढिलो भइसकेको छ भनेर यसरी १५औँ लोकसभा चुनाव आरम्भ हुन्छ। फेरि डुवर्सलाई अँगालोमा अटाएर दार्जीलिङ डुवर्स डेभलभमेन्ट फाउण्डेशनका संस्थापक डा. महेन्द्र पी. लामा अघि बढ्छन्। दूरदर्शी रणकौशलको अभावले हामी मारमा परेको कुरा बुद्धिजीवीदेखि लिएर आम जनतामा पस्केर खुलस्त पार्छन्। पहाड़मा विद्यमान चिया, पर्यटन, टिम्बर, धरोहर ट्रेनलाई सही ढङ्गमा परिचालन गरे केन्द्रको योजनामा भर पर्नुपर्दैन। अस्सीवटा केन्द्रिय योजनामा केवल पाँच अथवा छ वटा मात्रै योजना सञ्चालन भइरहेछ पहाड़मा। केन्द्रिय नेताहरूसँग उठबस, धेरैवर्ष दिल्लीमा बसेको अनुभवमा आफ्ना सम्मानजनक पदहरूलाई विश्राम लाउँदै बाँकी जीवन आफ्नो जातिको सर्वाङ्गीण विकासमा संलग्न रहन संकल्पित हुन्छन् लामा। बुद्धिको आन्दोलन हुनुपर्ने 'मोटिफ' रहेको सबैको ठम्याइ छ। जबसम्म हाम्रो समाजमा बौद्धिक आन्दोलन हुँदैन तबसम्म हाम्रो आर्थिक धरातल कमजोर भइरहन्छ। हाम्रो समाजमा हामीले डाक्टर, इन्जिनियर, आई.ए.एस., आई.पी.एस.–हरू धेरै जन्माउन सक्नुपर्छ। यस्ता धेरै योग्यता, नैतिक बल, नेतृत्व क्षमता विद्यमान भएका अनि धेरै समयको लगानीमा जातिले पाएको एक बौद्धिक नेतृत्व स्वीकार गर्छन् उनलाई हाम्रा सचेतवर्ग। दीर्घकालीन हाम्रो मुद्धाको निवारणका लागि डा.लामालाई निर्विरोध रूपमा खड़ा गरेर हाम्रो चेतनाको परिचय दिन समयको माग ठान्दै हाम्रा समाजमा चिन्तक आर.बी.छेत्री कालेबुङको दैनिक पेपरमा आफ्नो भनाइलाई यसरी राख्छन्–''यो कुरा वर्तमान परिस्थितिमा सबै गोर्खाले बुझ्नु पर्ने समय आएको छ, डा. महेन्द्र पी.लामाको संसदीय स्वतन्त्र उम्मेद्वारिताको समर्थनमा विगतका (अहिलेसम्म पनि) हाम्रो सांसदहरूको चयन, मनोनयन र निर्वाचनका विफलता धोका र कुठाराघाती पहलहरू मैत्रेयी बोसदेखि लिएर जसवन्त सिंहसम्म यहाँ अघि राख्न सकिन्छ। यी सब दार्जीलिङका सांसदहरूले गोर्खा जातिको राष्ट्रिय चिन्हारी, राष्ट्रिय सुरक्षा र भारतीय नागरिकताको हितमा गोर्खा जातिको निम्ति के गरे भन्ने कुरामा भन्न सकिन्छ भने यी सबै संसद भवनमा 'ब्याक बेन्चर्स' बनी अनि केही बोल्न र बहस गर्न नसकी सुन्न मात्र पाँच वर्ष बिताए अनि एम.पी.फण्ड डकारे। बस यही लोभ र गोर्खा जातिलाई थाङ्नामा सुताएर आफू पुष्टिने काम गरे भन्नमा कुनै अत्युक्ति हुँदैन।''

विगतका यी सबै धोका र निराशालाई जान्दाजान्दै, बुझ्दाबुझ्दै पनि हामी नेतृत्वको सन्दर्भमा, एमपी, एमएलएको सन्दर्भमा र राष्ट्रिय नेतृत्व विकासको सन्दर्भमा आफ्ना खुट्टामा उभिन सकेनौँ भने हाम्रो राजनीतिक सङ्घर्ष र चेतनाको स्तर "आशे प्रवृत्ति'–मै रमाइरहने भएर जानेछ। हाम्रो आत्मनिर्भरता चिन्हारी, अस्मिता र भाग्यनिर्धारणको सवालमा मात्र होइन, नेतृत्वको पहिचान र विकासको सवालमा पनि अत्यावश्यक हुँदछ।

यतिका कालखण्डपछि पनि हाम्रो मुद्धाको बौरी उठ्ने प्रक्रियाले किन गोलचक्कर खाइबस्छ? हाम्रा सन्ततिले कहिले सही नेतृत्वको मार्गदर्शन पाउनेछन्? जवाबमा स्थिति निराशलाग्दो छ, तर हामी आशा र आकाङ्क्षा छोड्न सक्दैनौँ। ●

**सन्दर्भ**ः

१ **गोर्खा**, वर्ष ४२, किरण ३, गोकुल सिन्हाः *राजनीतिक रूपनायारण*

२. **अगमसिंह गिरी रचनावली।**

*(बाउमावि–का भूतपूर्व छात्र मोक्तान यस विद्यालयका पूर्व शिक्षक पनि हुन्। उनले २०१९ मा विद्यालयबाट अवकाशग्रहण गरेका थिए। सम्पादक/लेखकका रूपमा परिचित उनी विभिन्न सङ्घ–संस्थासँग आबद्ध रहिआएका छन्।)*


संस्मरण

# सम्झनामा केही पात्र

### पाचौँ श्रेणी अनि फुलजन उराउँ

म सन् १९८१ सालमा बाग्राकोट उच्च विद्यालयमा भर्ना भएँ। कक्षा बी प्राप्त भयो मलाई। सेकेण्ड लास्ट बेञ्चमा मित्रहरू थिए मोहित कुजुर, राजेन प्रधान र फुलजन उराउँ। म स्कूल जाँदा सधैँ मोहितको घर निस्कन्थेँ र सँगै स्कूल पुग्थ्यौँ। स्कूल पुगेपछि दोस्ती हुन्थ्यो राजेन प्रधानसँग। टिफिनमा हामी स्थानीय विद्यार्थीहरू घर आउँथ्यौँ। त्यसरी टिफिनमा घर आउँदा राजेन प्रधानको घर आउँथ्यौँ। उसले कोहीबेला 'हाम्रो घरमा खाऔँ' भनेर मलाई रोक्थ्यो। म पनि सजिलै रोकिन्थेँ। उसले आफ्नो भाग काटेर मलाई खुवाउँथ्यो। म भोक मनोविज्ञान नबुझ्ने केटोले कतिचोटि उसको भागको खाना खाइदिएको छु। एकदिन खाना खाइसकेपछि ऊ अघाएनछ। अनुहार अँध्यारो बनायो। त्यसपछि म त्यहाँ रोकिन छोडेँ। उसले पनि रोक्न छोड्यो। एकदिन छुट्टी भएर घर फर्कँदा बाटोमा कोनि के विषयमा हाम्रो विवाद चल्यो। त्यसपछि मसँग एकदमै बोल्न छोड्यो। ऊ नबोलेपछि हाम्रो बोलचाल स्कूल जीवन सकेर पनि भएन। उमेरको यो मध्यान्तर पुगेपछि केही साल भयो, मरौँ या बिहे घरमा भेट हुँदा म आफै बोल्छु। ऊ पनि अप्ठ्यारो मानेर बोल्छ। खासमा ऊ मेरो निनीको जेठाजुको छोरो भएकोले आफन्तको बिहे या मरौँ आदिमा भेट हुन्छ।

एउटै बेञ्चमा मेरो छेवैमा बस्थ्यो फुलजन उराउँ। बड़ालाइनमा मोहितको घरछेउ फुलजनको घर थियो। फुलजनको छालाको रङ गहिरो कालो थियो। खुबै लजाउँथ्यो। एकदमै कम बोल्थ्यो। सोधेको कुराको उत्तर मात्र मसिनो स्वरमा दिन्थ्यो। टिफिनमा वा छुट्टी भएर सँगै क्लासबाट निस्कँदा निस्कँदै ऊ हराउँथ्यो। खासमा ऊ



▣ **अनन्त श्रेष्ठ,** ओदलाबारी

लेस खोलाको बाँधको बाटो भएर ओहोरदोहोर गर्दोरहेछ। अन्तर्मुखी स्वभावको कारणले उसले कहिले उसको घर बोलाएन अनि मेरो घर आउने इच्छा गरेन।

पढ्नमा म कमजोर थिएँ। त्यो साल म फेल भएँ। मोहित र फुलजन पनि। अर्को साल मेरो कक्षा ए पऱ्यो। मोहित र फुलजनसँगको दोस्ती छुट्यो। त्यहाँ पनि मेरो बेञ्च थर्ड लास्टमा पऱ्यो। त्यो बेञ्चमा अरू को–को थिए भुलेछु। तर चन्द्र खेस र सहदेव उराउँलाई बिर्सेको छैन। त्यो क्लासमा क्लास टिचर हुनुहुन्थ्यो एल.बी.सर। क्लासको पहिलो दिन हामी दुइतीनजना केटाहरू केही ढिलो गरेर क्लास पुग्दा एल.बी. सरले रोलकल गर्नु हुँदैथ्यो। पहिलो र दोस्रो केटो सरको अनुमतिबिना क्लासमा स्वाट्ट पस्यो। त्यो देखेर म पनि पसेँ। सर छक्क पर्नुभयो। रोलकल गरिसकेर कसैलाई नऔल्याइँ भन्नुभयो– 'क्लासमा पस्दा 'मे आइ कम इन सर' भनेर पस्नुपर्छ।'

एकदिन एल.बी.सरले होमवर्क हेर्नुहुर्दा मेरो छेउको

चन्द्र खेसलाई सोध्नुभयो–'तेरो होमवर्क खोई?'

चन्द्र खेसको उत्तर थियो :'तैंले त भनिनस्।' सर छक्क पर्नुभयो तर केही भन्नुभएन। खासमा एउटै पनि नेपाली घर नभएको आदिवासी बहुल गाउँ र हिन्दी प्राथमिक पाठशाला पढेर पत्तीबारी चियाकमानबाट हुलका हुल विद्यार्थीहरू बाग्राकोट नेपाली स्कूल आउँथे। बाग्राकोट स्कूल आएरै तिनीहरूले नेपाली भाषा प्रथम सुन्थे। तब कसरी नेपाली बोल्न र पढ्न सकोस् बराहरू। हुलका हुल आएका विद्यार्थीहरूमा एकैजना विद्यार्थी चन्द्र उराउँ मात्रले माध्यमिक परीक्षा दिएका थिए। तर छिरे कि छिरेनन्, त्यो मैले थाहा पाउन सकिनँ। धेरै पछि ओदलाबारीमा हिन्दी जुनियर हाई स्कूल बनिएपछि पत्तीबारी र फुलबारीबाट आदिवासी विद्यार्थीहरू त्यहाँ जान थाले। खासमा हिन्दी स्कूल पनि तिनीहरूको मातृभाषाको स्कूल होइन रहेछ।

पछि माध्यमिक दिएपछि बिर्सु उराउँ, तिलक शर्मा र म ओदलाबारीको टाइपिङ स्कूल जान थाल्यौँ। त्यहीँ भेट भयो मोहित कुजुरसँग। पत्तीबारीबाट पुष्पा खेस र उसकी सहेली पनि आउँथी। फर्साइलो केटो मोहितको कालान्तरमा पुष्पा खेससँग बिहे भएर मोहित अहिले पत्तीबारीको वासिन्दा भएको छ। भेट हुँदा मन दिएर बोल्छ।

सन् २००९ –मा म इस्लामपुरबाट स्थानान्तर भएर मालबजार आइसकेको थिएँ। त्यसको केही दिनमै मेरो टेबलको केही पल्तिर चुपो लागेर फुलजन उभिरहेको रहेछ। बोलाएर टेबल अघिल्तिर बस्न लगाएँ। मानेको थिएन। कर गरेपछि बस्यो। चिया खान लगाएँ। खान मानेको थिएन। ढिपी गरेपछि खान थाल्यो।

''किन आइस्''–सोधेँ

''सेरेण्डर गर्नु''–भन्यो। आवश्यक कागजपत्र केही नलिई आएको रहेछ। लिएर भोलिपल्ट आउनू भनेँ। भोलिपल्ट त्यसले प्रथममै मलाई सलाम ठोक्यो।

''हैट। हामी साथी हौँ। साथीलाई सलाम गर्नुपर्दैन'',भनेँ। चुपो लागेर सुनिरह्यो। कागजपत्र मागेर सरेण्डरको फारम भरिदिएँ। अरू केही बात गरेन। निस्किहाल्यो।

आज पनि मेरो प्रिय गाउँ जान्छु तर फुलजनसँग भेट हुँदैन। आज पनि त्यस्तै लजालु स्वभावमै छ हरे फुलजन।

### बिर्सु उराउँ र भलिबल

एउटै गाउँ र एउटै लाइनको डड़ाक विद्यार्थी बिर्सुसँग मेरो पाँचौँ श्रेणीमा भेट भयो। चौथो श्रेणीमा एकपल्ट फेल भएर पाँचौँ श्रेणी पुगेको बिर्सु उमेरमा मभन्दा जेठो, बलियो, अग्लो र खाइलाग्दो थियो। पाँचौँ श्रेणी पुगेपछि केटोमा बुद्धि आएछ क्यार! मेहनती बन्यो, पढ़ाइमा मेधावी बन्यो। मञ्जु गुरुमा जातले बङ्गाली हुनुहुन्थ्यो तर हामीलाई इतिहास पढ़ाउनु हुँदा उच्चारणले पनि बङ्गाली बुझिँदैनथ्यो। इतिहासको लामो–लामो परिच्छेद मुखस्थ गरेर आउनु भन्नुहुन्थ्यो। भोलिपल्ट पहिला बिर्सुले फरर सुनाउँथ्यो। बिर्सुले नसुनाएको कुनै दिन हुँदैनथ्यो। करुणा प्रधानले अड्की–अड्की दोहोर्‍याउँदै सुनाउँथी।

बिर्सु क्लास मनिटर थियो अनि अनुशासनप्रिय। एमएएस–को बाबलु थापा अलिक चकचके प्रकारको थियो। एकदिन हल्ला गर्‍यो भनेर बिर्सुले टाउकोमा ट्वाकसिङ दिएछ। भोलिपल्ट बाबलुको बाबा राई सर (के.पी.राई सरलाई तत्कालीन खुबै स्ट्रीक्ट टिचर मानिन्थ्यो)–लाई नालिस गर्नु आउनुभएको थियो। तर राई सरले बाबलुको बाबाको कुरालाई कान दिनुभएनछ। अर्को दिन पनि बाबलुको बाबा नालिस गर्न स्कूलमा हाजिर। यो पालि नालिस श्रेणी शिक्षक आर.के.सरलाई गरेछन्। आर.के.सरले क्लासमा बिर्सुलाई बोलाएर सोधे। बिर्सुले आफ्नो कुरा सरसँग राख्यो तर बाबलुको बाबालाई खुशी राख्न बिर्सुलाई ढाड़मा एक ढ्याम कसे। बिर्सुलाई सरको यस्तो हर्कत मन परेनछ।

'म मनिटर बस्दिनँ सर'–बिर्सुले भन्यो। अनि अर्को मनिटर प्रदीप नेवार चुनियो।

समयले केही गति हिँड़ाएपछि बिर्सुको मन फुटबलतिर गयो। बिर्सु सातौँ श्रेणीमा थियो। एकदिन फुटबल खेल्न गणेश बस्नेतसँग ओदलाबारीतिर साइकलमा जाँदै गर्दा घिसपुल छेउछाउ दुर्घटनामा परेर खुट्टा भाँच्चियो। दुर्घटनामा

धेरै रगत बगेको कारण बिर्सु दुब्लायो।

बिर्सु, रविन, लोकप्रसाद र म एघारौँ श्रेणीमा पढ्दै गर्दा बाह्रौँ श्रेणीमा पढ्ने सहदेव घिमिरे, शङ्कर खड्का अनि विकास छेत्रीहरूले हामीलाई पनि बोलाए एकदिन भलिबल खेल्न। ग्याप क्लासमा हामी पनि उत्रियौँ। तर हामी साहित्यको चर्चा गर्नेहरू खेलकुदमा एकदमै काँचो थियौँ। गोली आउँदा दुई हात मुठ्ठी पारेर घोप्टे हान्थ्यो रविन। लोकप्रसाद, बिर्सु र म दुई हात मुठ्ठी पारेर उँभोतिर हानिपठाउथ्यौँ। आफ्नो टाउको माथि गएर आफ्नै टाउकोमा झर्थ्यो। अरू केटाहरू हाँसेर फीट। कसो–कसो गर्दा गोली मैदानको ओरालोतिर गुड्न थाल्यो। बिर्सु गोली ल्याउन गोलीको पछि कुद्न थाल्यो र गोलीमै टेकिपठाएर उत्तानो भएर पछारियो। हामी हाँसेर फीट। कतिबेला बल टिपेर आफै मरीमरी हाँस्दै आउँदै रहेछ बिर्सु।

एक समय रविन, कुमार छेत्री भाइ र मेरो चर्चाको केन्द्रमा रहन्थ्यो साहित्य। बिर्सु र पारस लामा पनि प्रभावमा थिएछन्। एकदिन एउटा मुक्तक लेखेर ल्याएछ बिर्सुले। मलाई देखायो। मैले जोरबङलोबाट निस्कने हास्य–व्यङ्ग्य पत्रिकामा पठाइदिएँ। छापिएछ। बिर्सुले मालबजारको लक्ष्मी पुस्तक भण्डारबाट किनेर ल्याएछ। मलाई पढ़ेर सुनायो–

एक सेकेण्ड आगोले पोल्दा
एक घण्टा जस्तो लाग्छ,
एक घण्टा प्रेमिकासँग बात गर्दा
एक सेकेण्ड जस्तो लाग्छ।

बिर्सुको गोजीमा बसेर यो पत्रिकाले गाउँ–गाउँ डुलेको आज पनि मलाई हिजो जस्तो लाग्छ।

पारस लामाले कविता त लेखेन तर कार्यक्रमतिर फोटोग्राफरको काम निःशुल्क खूब गऱ्यो।

उच्चतर माध्यमिक परीक्षा दिन बसको हुटमा चढ़ेर सिलगढ़ीको वाणी मन्दिर विद्यालय जान्थ्यौँ। बसमा हाम्रो समूहमा रविन, लोकप्रसाद, बिर्सु र म हुन्थ्यौं।

आशाबारीबाट एउटी सुन्दरी आदिवासी विद्यार्थी पनि उठ्थी। ऊ पनि परीक्षार्थी नै थिई। तर एकदमै अपरिचित। बिर्सुलाई त्यो केटीबारे मैले कुरा गरेँ। त्यसले पनि मन पराएको रहेछ। चिट्ठी लेख्ने कुरा भयो। हिन्दी माध्यममा उच्चतर माध्यमिक दिँदै गरेको विवेक लाकड़ाले हिन्दीमा चिट्ठी लेखिदिएछ। दिनुपर्ने अभिभारा मेरो भयो। म र मेरा मित्रजस्ता भाइ सविन प्रधान भएर एकदिन सोध्यौँ,''तैंले परीक्षा पनि दिँदैछस्। यता पनि ट्राई गर्दैछस्। दुइटामा एउटा कतातिर पास भएको राम्रो?''

त्यसले एकछिन गम्यो र भन्यो,''परीक्षा त आउने साल पनि दिन पाइन्छ तर यो मौका त घरिघरि आउने होइन।''

हामी दुई भाइ मरीमरी हाँसेका थियौँ। त्यो चिट्ठी मसँगै हप्ता दिन हिंड्यो तर गोजीबाट निस्कने आँट गर्न सकेन।

**लोकप्रसाद र उसको बिहे**

सातौँ कक्षादेखि नै लोकप्रसादसँग खै कसरी हो मित्रता बढ्यो र नवौँ कक्षामा पुगेपछि झ्याम्मियो। बेलाबेलामा ऊ भावुक हुन्थ्यो र भन्थ्यो, ''मेरो विवाहमा दौरासुरुवाल र ढाकाटोपी लगाउने मन छ मेरो।''

सायद हामी एघारौँ श्रेणीमा पढ्थ्यौँ होला। उसले एकदिन रविन पनि भएको बेलामा भन्यो,''यो पालि सरस्वती पूजामा हामी पुरा घुम्नुपर्छ। राति मेरो (सड़क छेउको घर)–मा तीनैजना सुत्नुपर्छ।''हामी अल्लारे केटाहरूलाई उसको प्रस्ताव मञ्जुर थियो। सरस्वती पूजामा हामी तीन भाइ त्यसरी नै अघाउञ्जेल घुम्यौँ अनि सुत्नलाई उसको कोठामा गयौँ। खाट रहेछ मात्र दुईजना आँट्ने। तर हामी तीनजना थियौँ। तेर्सो पाराले सुत्नु छोड़ेर अर्को उपाय थिएन। खुट्टा नतन्काई सुत्नु सजिलो कुरा थिएन। जसरी तसरी सुत्यौँ। बिहान निद्रा नपुगेको आभासमा लोकप्रसादले मुख यति नराम्रो प्रकारले बिगाऱ्यो कि उसको त्यो भङ्गिमाको मुख आज पनि मेरो आँखाअघि नाँचिरहन्छ।

ऊ प्रेममा थियो। प्रेमिका थिई नेपालकी। एकदिन मलाई उसको प्रेमपत्र देखायो। पत्र लामो थियो। लामो

पत्रमा धेरै कुरा लेखेकी थिई। के लेखेकी थिई? सबै थाहा छैन मलाई तर एकलाइन मात्र थाहा छ। जो यस्तो थियो–

''संसारमा सबै कुरो नश्वर छ तर प्रेम मात्र अमर छ। के हाम्रो प्रेम अमर हुन सक्ला?''

उसले टेबल क्लोथ, ताकको झुल, खाटको झुल पठाएकी थिइछ जो उसको कलाकृतिको प्रतिविम्ब थियो। तर उसको त्यो प्रेम सफल भएन। किन भएन? मलाई थाहा छैन। लोकप्रसादको हातमा नोकरी थिएन। नोकरी नहुनु अथवा धनाढ्य घरको छोरो हुन नसक्नु लोकप्रसादको वैयक्तिक कमजोरी थियो कि?

उसले कुनै दिन भनेको थियो कि उसलाई उसको बिहेमा दौरासुरुवाल, ढाकाटोपी लगाएर बेहुला हुने मन छ।

एकदिन उसको बिहेको दिन पनि आयो। उसले रविनको, बिर्सुको र मेरो नाम पनि जन्ती जाने सूचीमा हालेको छु भनेको थियो। जन्ती लाने गाड़ी स्वराज माजदाको केन्टर भनेको रहेछ। जन्ती जानलाई मान्छेको भीड़। जन्तीको सूचीमा भएका– नभएकाहरूले गाड़ी टम्म भरियो। हामी चढ्ने कुनै ठाउँ थिएन। लोकप्रसादको दाजुले हो क्यार, सबैलाई उतारे र सूचीको नाम पढ्दै एक–एक गर्दै केन्टरमा चढ़ाए। हाम्रो नाम आएपछि हामी पनि चढ्यौँ। तर गाड़ीको डाली र डालीबीचको फलामे रडबाहेक समात्ने अरू ठाउँ थिएन। बाटोमा हल्लँदै जाँदा समात्नेहरूले मेरो कमेज समात्दा मेरो कमेजको दुईवटा टाँक दुइवटा चुड़ियो, भित्रको सेण्डु गन्जी देखिने भयो। नेपालस्थित बेहुलीघर पुग्नभन्दाअघि हिलो बाटोमा जन्ती गाड़ी फस्यो। गाड़ी ठेलेर बाहिर निकाल्ने हुँदा चक्का हिलोमा घुम्दा फेरि मेरो पेण्ट हिलै। पऱ्यो दोहोरो फसाद।

छेवैको अपरिचित घरमा पसी पानीमा रुमाल भिजाएर पेन्ट पुछ्दा पुछ्दा बल्ल लगाउने लायकको भयो। रह्यो कमेजको टाँकको कुरा। छेउछाउको कुनै दोकानमा सेफ्टी पिन नभेटेपछि एकजना भद्र महिलाले आफ्नो चोलोबाट निकालेर दिइन्। त्यसपछि ढुक्कले बिहे खाएर त्यही दिन फर्कियौँ। सम्झँदा हिजोजस्तो लाग्छ, तर लोकप्रसादको तीनवटी छोरीमा दुइवटीको विवाह भइसकेछ।

**रविन खवास र उसको बङ्ला भाषा**

अहिले रविन डुवर्स नेपाली साहित्य विकास समितिको मूल सचिव छ। ऊ भएयता विकास समितिको दौड़को रफ्तार कुनै बैंशालु घोड़ाको रफ्तार जस्तै छ। रफ्तारमा जुनून पनि छ। यो जुनूनले निश्चय एकदिन समितिलाई नयाँ उचाइँमा पुऱ्याउनेछ। यो विश्वास उसको नेतृत्व क्षमताले दिएको हो। यो नेतृत्व क्रमविकासको परिणाम हो।

जब ऊ ठिटौले थियो बाग्राकोटको देवकोटा सङ्घ र बालकृष्ण सङ्घमा थियो। एसएफआइ, डीवाइएफआइ, अखिल भारत नेपाली एकता समाजको जिल्ला समिति हुँदै राज्य कमिटी र केन्द्रीय कमिटीमा थियो। थियो मात्र होइन नेतृत्वको लश्करमा थियो।

ऊ कवि थियो। कविता लेख्थ्यो। कथाकार थियो। कथा लेख्थ्यो। नाटककार थियो। नाटक लेख्थ्यो। मञ्चमा कविता/कथा र भाषण सुनाउने कला उसको विशिष्ट हुन्थ्यो। यही विशिष्टताले उसलाई लोकप्रिय र विशेष बनाएको थियो। यही विशिष्ट मान्छेले डुवर्स नेपाली साहित्य विकास समितिबारे २४ घण्टा सोच्छ। चौबीस घण्टा समितिबारे सोच्ने मान्छेले ग्रासमोड़ टी.जी.प्राइमेरी स्कूलको प्रधानअध्यापकको भार राम्ररी बहन गरिराखेको छ। कामचोर प्रवृत्तिसँग उसको नफरत छ।

तर रविनको बैंशालु उमेरको रङ अलिक भिन्न थियो।

ती उमेरमा हामी तीन–चार साथीहरू कुनै कामविशेषले सँगै हिँड़िरहेका हुन्थ्यौँ। हाम्रो झुण्डबाट हठात् रविन हराउँथ्यो। खासमा ऊ प्रेममा थिएछ। प्रेममा एकाकार हुन्थेछ।

एकदिन बालकृष्ण सङ्घको पिकनिक थियो। पिकनिकमा तिलक शर्मा, सविन प्रधान (हाल:थिम्पु) र मेरो अलग समूह थियो। हामीले अलग्गै मदपान गऱ्यौँ। तर मदको नाम अहिले थाहा छैन। 'मोहनी लाग्ला है' गीतमा खुब नाच्यौँ। भोजन गर्दा देख्यौँ–रविन रुँदैथ्यो।

उसको प्रेमिकाले दिएको हार हराएको थिएछ। मातेको पनि थियो। साथीहरूले सम्झाउँदैथ्यो। प्रेमिकाको नाम पुकार्दै अझ जोड़ले रुन थाल्यो। त्यसपछि सलादको थाल एकातिर घुइँकाइदियो। साथीहरूले खाना ल्याइदिएको थियो त्यो पनि घ्वाप्प घोप्टाइदियो। उसको यो बेहाल देखेर उसको भेनाले पनि आफूले खाँदै गरेको खाना घ्वाप्प घोप्टाएर अर्कोतिर लाग्नुभयो। पिकनिक छरपस्ट। भाँड़ा–वर्तन रिक्सामा हालेर साँझतिर बेस्वाद मन लिएर घर फर्कियौँ। त्यसपछि अर्को अर्को साल पिकनिक बन्द भएर गएको थियो। तर आज पिएपछि रविन झगड़ा गर्दैन। उसको त्यो बानी हरायो। आजकल पियो भने केटो अझ भावुक र संवेदनशील हुन्छ।

सन् १९९५–९६ तिर होला। हामी एकता समाज गर्थ्यौँ। तत्कालीन मालबजार ग्रामीण अस्पतालमा समाजकै कोही सदस्य हुनुपर्छ–रविनले भर्ना गरेको थिएछ। मालबजारकै वयोवृद्ध कार्यकर्ता हर्कबहादुर किराँतमार्फत अस्पतालका एक कर्मीसँग परिचय र खातिरदारी भएछ। रविनले बङ्लामा भनेछ–

''पेसेन्टके भालोकरे देखबेन नाहले आमी आपनाके देखबो।''

स्वास्थ्यकर्मी मज्जाले बिच्किएछ र भनेछ,''आपनी कि देखबेन?''

''आमीओ देखबो। शुधु आपनी पार्टी करेन? आमरा कोरिना?''

परेछ फसाद। छेउमा भएको नारायणविक्रम प्रधानलाई रविनले भनेछ,''तिमीलाई बङ्ला आउँछ भने एचपल्ट सम्झाइदेऊ न।''

नारायण पनि बङ्लामा जिरो भएकोले अवस्था त्यहीँ छोड़ेर दुइजना लुरुलुरु घर फर्केछन्।

खासमा भन्न चाहेको रहेछ–''डाक्टरलाई भनभान गरिदिनुभयो भने म तपाईँलाई केही विचार गर्नेछु।''

**अधीर रूपेश शर्मा**

यस समयका बलिया समाजचिन्तक तथा समालोचक रूपेश शर्मा आफ्नो ठिटौले उमेरमा बड़ो अधीर केटो थियो। विचारमा चञ्चलेपन। धेरै अधैर्य। कुनै कुरोको चुरो नबुझी बीचमा प्याच्च बोलिहाल्ने। प्रतिक्रिया गरिहाल्ने। बहस छेड़िहाल्ने। तर बोल्न नहिच्किचाउने। उसको यो बेमौसमी व्यवहारलाई अझ चिड्याउन उसको विचार विपरीत कुराहरू गरिदिन्थेँ म अनि पारिजात पुस्तक निकेतनमा लाग्थ्यो तर्कको भीड़। हाम्रो गर्मागर्मी तर्क सुन्न छेउछाउका दोकानेहरूको पनि बजार लाग्थ्यो। तर यस्तो तर्कले हाम्रो सम्बन्धलाई अझ बलियो बनाएर लगिरहेथ्यो।

तर यिनी पढ्नमा तेज थिए। सानै उमेरमा विश्वविद्यालय सिध्याए। हिसाब किताब र लेनदेनमा यति सफा र पारदर्शी कि ऐनामा आफ्नो रूप हेरेजस्तो। 'सगरमाथा' दैनिकमा काम गर्थे उनी। वेतन पाएकै दिन आफ्नो उधारो जति केही नराखी तिर्थे। यो गुण आज पनि त्यस्तै छ जति किशोर उमेरमा थियो तर किशोर उमेरको चञ्चलपन आज धीर, समाजोपयोगी र साहित्योपयोगी भएको छ। यी नुहेको वृक्षको सिँयाल समाजले हरदम तापिरहन सकोस्। समाजले यी हिराको सुरक्षा हरदम गरिरहन सकोस्। शुभकामना। ●

*(बाउमावि–का पूर्व विद्यार्थी श्रेष्ठ डुवर्समा मातृभाषा शिक्षा आन्दोलनका बिर्सन नसकिने नाम हो। विचार र कर्ममा समानान्तर निष्ठा राख्ने यिनी डुवर्सका स्थापित कवि हुन्। उनको एउटा कविता सङ्ग्रह* **सत्ता र समय** *प्रकाशित छ।)*

रोचक संस्मरण

# बाग्राकोट हाई स्कूल र अप्रेल फूल



▣ **भूमिका तिम्सिना पराजुली,** काठमाडौँ

हालै म काठमाडौँबाट बाग्राकोट गएको थिएँ। तीस वर्षपछि मैले बाग्राकोटलाई फेरि हेर्न पाएँ। आदरणीय बुवा गणेश तिम्सिनाले लेख्नुभएको किताब 'डुवर्सको पृष्ठहरूमा' त्यहाँ लोकार्पण हुँदैथियो।

त्यतिखेरै मैले थाहा पाएँ, म पढ़ेको बाग्राकोट हाई स्कूलको यो वर्ष कौस्तुभ जयन्ती हो। आफू पढ़ेको स्कूलको एक झलक हेर्ने उत्कट इच्छा थियो, तर कार्यक्रम सकेर फर्किहाल्ने चटारोले सम्भव भएन। आफूलाई पढ़ाएका गुरुबा-गुरुमाहरूलाई भेट्ने प्रबल इच्छा थियो। तर समयाभावले सकिएन। सहपाठीहरूमध्ये निशा छेत्री र अहिलेका विख्यात मूर्तिकार अमीर सुन्दाससित भेटवार्ता भयो। स्कुले जीवनका रमाइलो पलहरू सम्झेर भावुक भयौँ केहीबेर, रम्यौँ पनि केहीबेर।

व्यस्तताले गर्दा चाहेर पनि स्कूलको दर्शन गर्ने मौका पाइनँ। सहपाठी अजय खड्काले बाग्राकोट हाई स्कूलले कौस्तुभ जयन्तीको उपलक्ष्यमा छाप्ने भएको पत्रिका 'हिमालफेदी'-मा छाप्न मिल्ने केही संस्मरण छ भनेर सोद्धा रविन प्रधान सरलाई अप्रेल फूल मनाएर उल्लु बनाएको घटना याद आयो र सो उनलाई सुनाएँ। अप्रेल फूल पनि नजिकै थियो। उनले पनि यसै आधारित संस्मरण लेख्न सुझाए। उनले दिएको सुझाउ मलाई नठिक लागेन। तर, लेख्ने आदत नभएकोले उक्त सुझाउलाई सामान्य रूपमा लिई म काठमाडौँ फर्किएँ। काठमाडौँ पुग्दा पनि अजयको हुटहुटी जारी रह्यो। मलाई उनले लेख्न प्रेरित गरिरहे।

यसै त बग्रेल्दै छन् बाग्राकोट हाई स्कूलका सम्झनाहरू। डिपो लट्टामा बसेर साथीहरूसँग टिफिन खाएका झल्कोहरू, साथी-भाइहरू मिलेर गरेका काम-कारबाहीहरू सबै आलो छ मनमा। सर-गुरुमाहरूमा माइकल सर, रविन सर, विष्णु सर, सुकमार सर, दास सर, आरके सर, लकान्द्री सर, ब्रुनो सर, व्रतती गुरुमा, मण्डल बाजे, मुखिया सर, राई बाजे, लक्ष्मी गुरुमा, राई सर आदि सबै सम्झनामा सश्रद्धा विराजमान छन्। सहपाठीहरूमा निशा, सागरिका, डिन्की, विकास, अजय, अमीर, अनन्यालाई अझैँसम्म बिर्सेको छैन। गत २४ मार्च बाग्राकोटमा कार्यक्रममा जाँदा साथी अजय र अमीरसँग भेट भयो। कति वर्षपछि भेट्दा अमीरलाई झण्डै नचिनेको। उसले मलाई विज्ञानको खातामा थरीथरीका नक्सा बनाएर सघाउँथ्यो। म त्यै बुझाएर सर-गुरुमाबाट स्याबासी पाउँथे। अमीरको त्यो गुण अझ पनि बिर्सेको छैन। अहिले त उनी विख्यात मूर्तिकार भइसकेछन्। उनको उन्नति र ख्यातिको किस्सा सुनेर गर्व गर्दै उनलाई बधाई दिएँ।

अब आऊँ मूल विषयतिर। रविन प्रधान सरलाई अप्रेल फूलको बहानामा उल्लु बनाएको घटना। सन् १९९०–९१ तिरको कुरा हो। म सम्भवतः सातौँ कक्षामा

**सोच्दै अघि बढ्दै गर्दा गाईको गोबर बाटोमा लड़िरहेको देखेँ। मेरो पाला त्यसैलाई कागजमा मज्जाले पोको पारेर बोक्यौँ र लाग्यौँ रविन सरको घरतिर। सरकहाँ पुगेर त्यो गोबरको पोको सरलाई 'आमा–बाबाले तीर्थबाट ल्याएको प्रसाद' भन्दै थमायौँ। सरले पनि पत्याएर जतनसित ताकमा राखे। सरलाई छक्याउन सफल भएकोमा ठुलै युद्ध जितेजस्तो हामी दुई गजक्क भयौँ। भरे पो स्कूलमा माइकल सरले 'तिमारले आज अप्रेल फूल भन्दै रविन सरलाई के गऱ्यौ हँ!' भनेर सोद्धा पो अक्क न बक्क भयौँ।**

पढ्थेँ। त्यसबेला म र डिन्की राई रविन सरकोमा ट्युसन पढ्थ्यौँ। स्कूल लाग्नअघि ट्युसनको समय भएकोले हामी बिहानै रविन सरको घर कोइला कम्पनी पुग्थ्यौँ। रविन सर स्कूल छेवै किरायको घरमा बस्थे। यसैक्रममा पहिलो अप्रेलको दिन ट्युसन जाँदै गर्दा मलाई रविन सरलाई अप्रेल फूल बनाउने मनमा सुझ आयो। ''ओइ डिन्की! आज रविन सरलाई अप्रेल फूल मनाऊँ ल!'' उसले पनि सहमति जनाई। तर कसरी गर्ने? सोच्दै अघि बढ्दै गर्दा गाईको गोबर बाटोमा लड़िरहेको देखेँ। मेरो पाला त्यसैलाई कागजमा मज्जाले पोको पारेर बोक्यौँ र लाग्यौँ रविन सरको घरतिर। सरकहाँ पुगेर त्यो गोबरको पोको सरलाई 'आमा–बाबाले तीर्थबाट ल्याएको प्रसाद' भन्दै थमायौँ। सरले पनि पत्याएर जतनसित ताकमा राखे। सरलाई छक्याउन सफल भएकोमा ठुलै युद्ध जितेजस्तो हामी दुई गजक्क भयौँ। भरे पो स्कूलमा माइकल सरले 'तिमारले आज अप्रेल फूल भन्दै रविन सरलाई के गऱ्यौ हँ!' भनेर सोद्धा पो अक्क न बक्क भयौँ। सारा शिक्षकहरूमा यो कुरा फैलिएछ। रविन सरले त सबलाई सुनाउनु भएछ भन्ने लाग्यो। अब अफ्ठारोमा परिन्छ क्यारे भनेर जिल्ल पऱ्यौँ। धन्न सरले हामीलाई 'तिमारलाई चाहिँ पर्ख ल!' भन्दै मुस्कानसरि हप्काएपछि बल्ल ढुक्क भो। सरले हामीलाई औधी माया गर्थे। त्यै आड़ पाएर होला, हामीले त्यस्तो उट्पटाङ बर्ताव गरेको, मनले जितेर। सरले पनि नेगेटिभ नलिई हाँसेरै पचाए। हामी १२–१३ वर्षका थियौँ होला, तर कस्तो आँट! अहिले सम्झँदा आङ सिरिङ्ग हुन्छ।

रविन सरलाई कुनै दिन भेटे भने जम्ले हात गरेर म माफी माग्नेछु। प्रति वर्ष पहिलो अप्रेलमा मलाई उक्त घटना याद आउँछ। अरू पनि धेरै सुखद् घटना छन्, तर स्मृतिमा टड्कारो घटना यही नै हो। रविन सरलाई उल्लु बनाउनु पाएर स्कूलमा हाम्रो निकै सान बढ़ेको थियो। त्यो घटना भर्खरै भएजस्तो लाग्छ।

अहिले यही स्कूल र सर–गुरुमाको गुणिलो शिक्षाले गर्दा काठमाडौँमा मर्यादित जीवन व्यतित गरिरहेको छु। डुवर्स, ओदलाबारी, बाग्राकोट र बाग्राकोट स्कूलदेखि कौसौँ टाढ़ा रहे पनि नजिकै छु। स्कूलको हरेक गतिविधि र उपलब्धिको जानकारी पाइरहेको छु–सामाजिक सञ्जालमार्फत। गत वर्ष भूतपूर्व विद्यार्थीहरूलाई डाकेर 'ग्रान्ड एसेम्बली' आयोजित गरिएको थिएछ, सुनेँ तर आउन पाइनँ। विस्मात र थकथकी मनमै छ। यद्यपि यस वर्षको कौस्तुभ जयन्ती समारोहमा भने उपस्थित हुने इच्छा सँगालेकी छु। बाग्राकोट हाई स्कूलको सुनाम फैलियोस्। अशेष शुभकामना। ●

(भूमिका बाउमावि–की पूर्व छात्रा हुन्।)

# विकासकाल

# विषयसूची

१. **गङ्गादेवी शर्माः** उच्चबाट उच्चतर माध्यमिकमा आरोहणः एक टिपोट/८१
२. **सागर शर्माः** बाउमावि–मा पच्चिस वर्षः एडहक शिक्षकदेखि प्रधानाध्यापकसम्म/८७
३. **सोहन ठाकुरः** विद्यालयमा मध्यान्ह भोजन/९४
४. **Bivek Chhetri:** BHS School In The Era of Digitalization/१००

# उच्चबाट उच्चतर माध्यमिकमा आरोहण: एक टिपोट



▣ **गङ्गादेवी शर्मा,** सह-शिक्षिका

नब्बेको दशकमा समाज सचेतक, शिक्षानुरागी, तत्कालीन कार्यरत शिक्षक-शिक्षिकाहरूको जोड़मा हायर सेकेण्डेरीको अध्यापन शुरु भएको कसैको अनुभवबाट लुकेको छैन। स्वयम् विद्यार्थी बनिदिएर आफ्नो विद्यालयमा हायर क्लास शुरु भएको हेर्न चाहने सचेत विद्यार्थीहरूले आफ्ना यथार्थ कथा सुनाइरहने गर्दछन्। तत्कालीन प्रधानाध्यापक श्री बद्रीनारायण प्रधानले विद्यार्थीहरूलाई अध्यापन गरेर उच्च शिक्षा दिने कुरामा कम्मर कस्नुभएको थियो। सरकारी अनुदानमा चल्ने गरेका विद्यालयहरूमा शुरुमा नै हायर सेकेण्डेरीको निम्ति अध्यापन गराउने शिक्षक-शिक्षिका पाउन कठिन पर्छ भन्ने समस्या कसैबाट लुक्न सक्दैन। चियाकमानसँग निर्भर रहिआएका अभिभावकवर्गका नानीहरूलाई उच्च शिक्षा दिन थालिएको अभियानलाई सुचारु रूपमा चलाउन शिक्षक-शिक्षिकालाई पारिश्रमिक दिनलाई अभिभावकहरूको मासिक तनखाबाट खुजुरा पैसा काटेर दिइन्थ्यो भन्ने कुरो धेरैको मुखबाट सुनिन्छ। तर कालान्तरमा यो प्रथा केही वर्षपश्चात बन्द भयो।

जलपाइगढ़ी जिल्लाका धेरैवटा चियाकमानका नानीहरू लगायत दार्जीलिङ जिल्लाका विभिन्न स्थानका नानीहरू पढ्ने यस विद्यालयमा नब्बेको दशकदेखि नै विद्यार्थी सङ्ख्या वृद्धि भइरहेको थियो। त्यसताक उच्च शिक्षा अध्ययन गर्न अन्यत्र पठाउन चियाकमानका श्रमिक एवम् गाउँ-बस्तीका गरीब आमा-बाबाको वशको कुरा थिएन। कतिपय शिक्षानुरागी अभिभावकले यस विषयलाई गम्भीर रूपमा लिइरहेको कुरालाई नकार्न सकिन्न।

त्यसरी नै समय बित्दै गएपछि १९९९ सालमा विद्यालयको स्थापना दिवसको आयु ५० वर्ष पूर्ण भयो। यसरी विद्यालयको ५०औँ वर्षगाँठलाई 'स्वर्ण जयन्ती' (गोल्डेन जुबली)-को रूपमा मनाउन विद्यालय सञ्चालन समिति, प्रधानाध्यापक श्री ब्रुनो लेप्चा, शिक्षक-शिक्षिकावर्ग साथै समाजका तत्कालीन सचेत महानुभावहरूले कम्मर कसे। धेरै वर्ष सञ्चालन समितिमा रहेर विद्यालयको विकासमा योगदान दिनुहुने स्व. सुखमन मोक्तान, विद्यालय सञ्चालन समितिका सदस्य श्री जे.बी. छेत्री, अध्यक्ष श्री बद्रीनारायण शर्मा, श्री गङ्गाप्रसाद प्रधान,श्री सार्कीमान ब्लोन,

सदस्य श्री बद्रीसिंह बस्नेत एवम् सञ्चालन समितिका सदस्य-सदस्यवर्ग, स्थानीय सक्रिय र शिक्षित व्यक्तिहरू, साहित्यिक व्यक्तित्व, कलाकार, विभिन्न राजनैतिक दलका कर्मीहरूको पूर्ण सहयोगमा २१ देखि २३ फरवरी १९९९ मा तीन दिनव्यापी विभिन्न कार्यक्रमहरूको साथमा स्वर्ण जयन्ती पालन गरिएको थियो। उक्त समारोहमा धेरै गण्यमान्य व्यक्तिहरूको सल्लाह र सुझाउले हायर सेकेण्डेरी शुरु गर्ने विषयमा गहन चर्चा-परिचर्चा भएको थियो। प्रधानाध्यापक श्री ब्रुनो लेप्चा, शिक्षानुरागी व्यक्तित्व एवम् सबै अभिभावकवर्गले उच्च शिक्षा पुन: शुरु गर्ने विषयमा चिन्ता व्यक्त गरिरहनु भएको थियो।

कालेबुङ जिल्ला अन्तर्गत चुनाभट्टी, कोइला कम्पनीमा अवस्थित हामी सबैको प्यारो बाग्राकोट उच्चतर माध्यमिक विद्यालयले ७५ वर्षको आयु यसै वर्ष २०२४ मा पूरा गर्दैछ। जसलाई भव्य कार्यक्रमहरूको समावेशमा कौस्तुभ जयन्ती (प्लाटिनियम जुबली)-को रूपमा पालन गरिँदैछ। उक्त जयन्तीलाई मध्य नजर राख्दै विगत ३-४ वर्षदेखि विद्यालयले अभूतपूर्व कार्यक्रमहरू गर्दै आएको कुरो सर्वविदितै छ। यसै वर्ष २०२४ को शुरुआतदेखि नै रचनात्मक र अविस्मरणीय कार्यक्रम गर्ने तय र जमर्को भइरहेको छ। प्रधानाध्यापक श्री सागर शर्माको नेतृत्वमा विद्यालयले निकाल्दै आएको मुखपत्र 'हिमालफेदी' वर्षको शुरुआतमा अन्यान्य कार्यक्रमका साथमा निकाल्ने हुँदा १९८० को दशकदेखि शुरुआत गरिएको हायर सेकेण्डेरीको एक टिपोट राख्ने जमर्को गरेकी छु।

हायर सेकेण्डेरी अस्तित्वमा ल्याउँदा यसले दुई चरणको यात्रा तय गर्नु पर्‍यो। पहिलो चरण १९८० को दशक अनि दोस्रो चरण १९९० को दशकको अन्तिमतिर। आर्थिक व्यवस्था नमिल्नाले चियाकमानका श्रमिकहरूको खुजुरा पैसा सङ्ग्रह गरी अध्यापन गराउने शिक्षकहरूलाई पारिश्रमिक दिने गरिन्थ्यो। चियाकमानको अव्यवस्थित उतार-चढावको कारण मासिक रूपमा खुजुरा पैसा सङ्ग्रह गर्न सुविधा नहुँदा दिनभरि शिक्षादान दिएर खाली हात घर फर्कन पर्दथ्यो, जसको परिणाम अध्यापन गराउने शिक्षकहरूले दिगो सेवा पुर्‍याउन सकेनन्। यस सन्दर्भमा विद्यालयको स्वर्ण जयन्तीको अवसरमा अतिथिको रूपमा आमन्त्रित वरिष्ठ कवयित्री लक्खीदेवी सुन्दासले दिनुभएको सुझाव स्मरणीय छ-''नानी, तन-मनले सामाजिक, शैक्षिक सेवा पुर्‍याउन पनि पहिले आफ्नो आयस्रोतको मेरुदण्ड बलियो हुनुपर्छ तब पो मन दिएर सामाजिक, शैक्षिक एवम् अन्यान्य काम गर्न सकिन्छ।'' गुरुमाको उक्त सुझाव शतप्रतिशत नै सही थियो।

विद्यालयको स्वर्ण जयन्ती समारोहले धेरै साहित्यिक, सामाजिक, राजनैतिक, शिक्षाविद् एवम् विभिन्न क्षेत्रका व्यक्तित्वहरूको गरिमामय उपस्थितिले शैक्षिक स्तर बढ़ाउने सल्लाह र सुझाव प्राप्त गर्न सक्यो। यसै क्रममा दार्जीलिङ रामकृष्ण बी.टी.कलेजमा भेटिएका सचेत मित्रहरूको उचित एवम् रचनात्मक मार्गदर्शनमा दार्जीलिङ गोर्खा पार्वत्य परिषद्मा अस्थायी शिक्षक नियुक्ति गरेर विभिन्न विद्यालयहरूलाई शिक्षकको अभाव पूर्ति गरिदिएको विषय जान्नमा आयो। उहाँहरूको पूर्ण सहयोगले २७ नम्बर गोरुबथान समष्टिका कार्यकारी पार्षद श्री के.एन.सुब्बाको उचित निर्देशनमा विद्यालयबाट मास रेजुलेसन लिएर आउनु भन्ने सुझाव पायौँ। त्यसपश्चात भाइ सघन मोक्तान र म बाग्राकोट उच्च विद्यालयमा आई तत्कालीन प्रधानाध्यापक श्री ब्रुनो लेप्चासँग वृतान्त कुरा राख्यौँ। उहाँले पनि विद्यालय सञ्चालन समितिसँग सल्लाह गरी झट्टै खबर दिन्छु भन्नुभयो। यस कार्यमा भाइ सघन मोक्तानको सक्रिय सहयोगलाई सराहना गर्दछु। भाइ सघन र म सँगै बी.एड.गरेथ्यौँ। छुट्टीको समयमा हामी दुवै घरमा आई सभाको सूचना काटी गाउँका सचेत, बुद्धिजीवी, विद्यालयसँग मरिमेट्ने शिक्षानुरागी व्यक्तित्व, शिक्षकहरू, पाठशालाका कतिपय संस्थापक

एवम् पाठशाला सञ्चालन समितिका पदाधिकारीहरू सबैमा बाढ्यौँ। विद्यालयको पूर्वपट्टिको कार्यालय कोठामा सौहार्द्रपूर्ण रूपमा सभा बस्यो। सभामा उपस्थित सबैले आ–आफ्ना विचार सकारात्मक रूपमा राख्दै हायर सेकेण्डेरीको विषयलाई खुबै गम्भीरताका साथमा लिनुभयो। अध्यापन गराउने शिक्षक, शिक्षिकावर्गलाई अस्थायी शिक्षकको रूपमा नियुक्ति दिएर मासिक रूपमा पारिश्रमिक दिने व्यवस्था

**चियाकमानका निमुखा आमा–बाबाका छोरा–छोरीले गाउँदेखि टाढा गएर उच्च शिक्षा हासिल गर्नु एउटा सपनाकै कुरा भइरहेको बेला आफ्नै ठाउँमा हायर सेकेण्डेरी शुरु हुँदा उनीहरूका आङमा घाम लाग्यो।**

**तीन–चार वर्ष अघिदेखि नै माध्यमिक राम्रो अङ्कमा उत्तीर्ण गरेर बसेका धेरै सङ्ख्यामा नानीहरू भर्ना हुन आए। सरकारी नियममा कुनै मान्यताप्राप्त हायर सेकेण्डेरी स्कूलसँग सम्बद्ध (एफिलेटेड) भएर सञ्चालन गर्नपर्ने हुँदा प्रधानाध्यापकले आफ्नो कौशलताको साथमा राम्रो सम्बन्ध राखेर गैरीवास उच्चतर माध्यमिक विद्यालयसँग एफिलेशन मिलाउन सक्षम बन्नुभो।**

दार्जीलिङ गोर्खा पार्वत्य परिषद् शिक्षा विभागले चाँजो मिलाउने कुरालाई सबैले सहर्ष स्वीकार गरे। उक्त सभामा हायर सेकेण्डेरी शुरु गर्ने विषयलाई हृदयबाट नै भूतपूर्व सञ्चालन समितिका अध्यक्ष श्री बद्रीनारायण शर्मा एवम् श्री सार्कीमान ब्लोनले स्वागत गर्दै उत्साह र प्रेरणापरक विचार राखेर हौसला दिनुभयो। यसका साथै हाम्रा अति प्रिय विज्ञान विषयका भूतपूर्व वरिष्ठ शिक्षक श्री रामकृष्ण (आरके) सरले पनि आफ्नो सकारात्मक विचार राख्नुभयो। तत्कालीन विद्यालय सञ्चालन समितिका अभिभावक, प्रतिनिधि सदस्य श्री जे.बी.छेत्री, शिक्षक स्व. विष्णु शर्मा अधिकारी लगायत समितिका सम्पूर्ण सदस्यगणको हायर सेकेण्डेरी खोल्नमा सक्रिय भूमिका रहेको थियो। हाम्रा सामाजिक कार्यकर्ता, समितिका भूतपूर्व सचिव एवम् सदस्यको रूपमा रहेर विद्यालयको विकास गर्नुहुने हाम्रा बाग्राकोटका गौरवपुरुष, भारतभरिमै आफूसँगै बाग्राकोटको सुनाम फैलाउने भारतीय गोर्खा परिसङ्घका राष्ट्रिय अध्यक्ष स्व.सुखमन मोक्तानको हायर सेकेण्डेरी खोल्नमा ठूलो योगदान रहेको थियो। पूर्व सदस्य विष्णुनाथ शर्माको पनि विद्यालयको विकासमा सक्रिय भूमिका रहनाको साथै उच्च शिक्षाको बढोत्तरी विषयमा गम्भीर हुनुहुन्थ्यो।

विद्यालयका प्रधानाध्यापक स्व.ब्रूनो लेप्चाले हृदय खोलेर दागोपाप शिक्षा विभागको कार्यालयमा हायर सेकेण्डेरीको कक्षा सञ्चालन गर्नाका लागि आवश्यक कागजादि तयार गरी पठाउने काम गर्नुभयो, जसको फलस्वरूप चाँड़ै सम्बन्धित विभागबाट कला विभागलाई लिएर उच्च शिक्षाको पठनपाठन शुरु गर्ने अनुमतिसहित दुई विषयको शिक्षकको विज्ञापन गरेर अन्तर्वार्ता गरी प्यानल पठाउने पत्र विद्यालयलाई प्राप्त भयो। उक्त विषयहरूको अन्तर्वार्ता लिन सन्त जर्ज उच्चतर माध्यमिक विद्यालयका विषय शिक्षकहरूलाई बोलाइए पश्चात दुई विषयको अन्तरवार्ता भयो। प्यानल बनियो जसमा नेपाली र अङ्ग्रेजी विषयमा क्रमैले गङ्गादेवी शर्मा र श्री सागर शर्मालाई छनौट गरी सो सूची दागोपाप शिक्षा विभागलाई पठाइयो जसको फलस्वरूप केही समयपछि दागोपाप शिक्षा विभाग सचिवबाट दुईजना शिक्षक–

शिक्षिकाको अस्थायी (एडहक) शिक्षकको रूपमा नियुक्ति-पत्र आएको थियो। त्यसपश्चात विद्यालयले विद्यालय सञ्चालन समितिको सभा राखी गहन रूपमा छलफल भएपछि अगस्त १९९९ देखि एघारौँ श्रेणी सञ्चालनमा आएको थियो।

चियाकमानका निमुखा आमा-बाबाका छोरा-छोरीले गाउँदेखि टाढा गएर उच्च शिक्षा हासिल गर्नु एउटा सपनाकै कुरा भइरहेको बेला आफ्नै ठाउँमा हायर सेकेण्डेरी शुरु हुँदा उनीहरूका आङमा घाम लाग्यो। तीन-चार वर्ष अघिदेखि नै माध्यमिक राम्रो अङ्कमा उत्तीर्ण गरेर बसेका धेरै सङ्ख्यामा नानीहरू भर्ना हुन आए। सरकारी नियममा कुनै मान्यताप्राप्त हायर सेकेण्डेरी स्कूलसँग सम्बद्ध (एफिलेटेड) भएर सञ्चालन गर्नपर्ने हुँदा प्रधानाध्यापकले आफ्नो कौशलताको साथमा राम्रो सम्बन्ध राखेर गैरीवास उच्चतर माध्यमिक विद्यालयसँग एफिलेशन मिलाउन सक्षम बन्नुभो। दागोपाप अन्तर्गत रहेको शिक्षक सङ्गठनका पदाधिकारीहरूले एफिलेशन पाउनमा सहृदय सहयोग पुऱ्याए। सन् १९९९ को अगस्त महिनादेखि बाग्राकोट उच्च माध्यमिक विद्यालयमा कला विभागको एघारौँ श्रेणीको पठनपाठन शुरु भयो। पहिलो वर्ष नै विद्यालयले मेधावी र होनहार विद्यार्थीहरू पाउन सक्यो। बाग्राकोट संलग्न विभिन्न चियाकमान इलाकाका नानीहरू मात्रै नभएर सुदूर डुवर्सका विभिन्न ठाउँबाट पनि विद्यार्थीहरू भर्ना हुन आए। त्यसताक दार्जीलिङ जिल्ला अन्तर्गत नै विद्यालयको अवस्थान रहे तापनि डुवर्स, जलपाइगढ़ी जिल्लाका नानीहरू नै अधिक सङ्ख्यामा भर्ना भएका थिए। यस विद्यालयमा धेरैवटा चियाकमान र वर्तमान कालेबुङ जिल्लाका विभिन्न गाउँ-बस्तीबाट नानीहरू पढ्न आउँथे। यतिको बाक्लो गाउँमा स्थापित नेपाली र अङ्ग्रेजी माध्यममा पढ़ाइ हुने विद्यालय यही मात्र थियो।

केही वर्ष पश्चात डुवर्सको सामसिङ उच्च विद्यालयमा हायर सेकेण्डेरीको पढ़ाइ शुरु भयो जसको फलस्वरूप सामसिङ चियाकमान संलग्न क्षेत्रका नानीहरू सोही विद्यालयमा उच्च शिक्षाको निम्ति भर्ना हुनथाले। यसले गर्दा यहाँको विद्यार्थी सङ्ख्यामा केही मात्रामा ह्रास आयो। यही सिलसिलामा केही वर्षपछि वीरपाड़ा उच्च माध्यमिक विद्यालय पनि उच्चतर माध्यमिक विद्यालयको रूपमा बढ़ोत्तरी भएपछि पूर्व डुवर्सका नानीहरू सोही विद्यालयमा पठनपाठन गर्नथाले। तर पनि दैनन्दिन जनसङ्ख्या वृद्धिको कारण बाग्राकोट उच्चतर माध्यमिक विद्यालयमा वर्षैपिच्छे धेरै सङ्ख्यामा विद्यार्थीहरू बढ़्दै गए।

कला (आर्ट्‌स) विभागको पढ़ाइमा नेपाली, अङ्ग्रेजी, इतिहास, राजनीतिशास्त्र, भूगोल, अर्थशास्त्र आदि विषय पढाइन्थ्यो। शुरू-शुरुका दुईजना शिक्षकलगायत वरिष्ठ शिक्षकहरू क्रमैले श्री अस्विनीकुमार दास, श्री सन्तकुमार लकान्द्री, श्री विष्णु शर्मा अधिकारी एवम् प्रधानाध्यापक श्री ब्रूनो लेप्चाको सहयोगमा एघारौँ अनि बाह्रौँ श्रेणीको सञ्चालन हुन सकेको थियो। यसरी प्रत्येक शिक्षकले विभिन्न विषयको अभिभारा लिएर शिक्षादान दिनुभएको कुरो साँच्चै नै सराहनीय छ। हायर सेकेण्डेरीको कक्षा दु:ख-सुखले चल्दैजाँदा २००० सालमा श्री धनबहादुर छेत्रीले दागोपाप, शिक्षा विभागबाट इतिहास विषयमा अस्थायी (एडहक) शिक्षकको रूपमा नियुक्ति पाएपछि विद्यालयलाई धेरै सहयोग पुगेको थियो।

बाग्राकोट उच्च माध्यमिक विद्यालयमा १९९९-२००१ सत्रका हायर सेकेण्डेरी पहिलो व्याचका विद्यार्थीहरूमा ७८% प्रतिशत विद्यार्थीहरूले राम्रो फलाफल निकालेका थिए। प्रत्येक वर्ष नै विद्यार्थीहरूको सङ्ख्यामा वृद्धि भइरहेकोले शिक्षादान दिन धेरै नै असुविधा भएको कारण क र ख दुई विभागमा बाँढ़ेर कक्षा सञ्चालन गर्दै आइरहेका छौँ। कला (आर्ट्‌स) विभागलाई गुणस्तरीय बनाउन

२००३ मा सामसिङ फारी निवासी श्री अमित थापालाई भूगोल विषयमा विद्यालय सञ्चालन समितिद्वारा स्वयम्सेवक शिक्षकको रूपमा नियुक्ति दिइयो। त्यसताक दागोपाप शिक्षा विभागबाट एडहक शिक्षक नियुक्ति बन्द भएकोले विद्यालयले थोरै मात्रामा पारिश्रमिक दिने गर्थ्यो। त्यसरी नै भूगोलको अर्को शिक्षक श्री प्रभास थापाले पनि कम पारिश्रमिकमा विद्यालयलाई शिक्षादान दिनुभएको थियो। यसै क्रममा २००५ देखि राजनीतिशास्त्र विषयको शिक्षिकाको रूपमा श्रीमती भीमादेवी शर्मा पनि स्वयम्सेवी शिक्षिकाको रूपमा आउनुभयो। वर्तमान प्रधानाध्यापक श्री सागर शर्माले बाग्राकोटमा पहिलो व्यक्तिको रूपमा अङ्ग्रेजी विषय लिएर सम्मान (अनर्स) सहित एम.ए.,बी.एड.पूर्ण गरी विद्यालयलाई ठूलो योगदान दिनुभएको थियो। उहाँको अङ्ग्रेजी शिक्षणले विद्यार्थीहरूलाई प्रभावकारी ढङ्गमा लाभान्वित बनाएको थियो।

पहिलो भाषाको रूपमा हिन्दी भाषालाई पनि हायर सेकेण्डेरीमा समावेश गरिएको थियो। गैरीवास उच्चतर माध्यमिक विद्यालयले यो विषयको सुविधा हाम्रो विद्यालयलाई प्रदान गरेको थियो। आज पनि यो विषय विद्यालयमा यथावत् छ। यसको शिक्षण हिन्दी भाषामा सम्मानसहित स्नातक उत्तीर्ण शिक्षिका श्रीमती उर्मिला प्रधानले गरिरहनुभएको छ। यस घड़ीसम्म नेपाली, अङ्ग्रेजी, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्र अनि भूगोल विषयमा शिक्षादान दिनुहुने शिक्षक-शिक्षिका क्रमैले सञ्जय थापा, राजेन सुनार, रूपेश शर्मा, सागर शर्मा, अभय शर्मा, धनबहादुर छेत्री, सोहन ठाकुर, नासिर गुरुङ,पारस शर्मा, भीमादेवी शर्मा, अमित थापा, प्रभास थापा, रेबिका रोका, रचना शर्मा आदि हुन्। यी सबै शिक्षक-शिक्षिकाहरू उच्च शिक्षित एवम् अनुभवी भएको कारण प्रत्येक वर्ष नै हायर सेकेण्डेरीका विद्यार्थीहरूका उत्तीर्ण प्रतिशत दर अति नै राम्रो हुँदैआएको छ।

हायर सेकेण्डेरीको बढ़ोत्तरीको निम्ति त्यसताकका प्रधानाध्यापक श्री ब्रुनो लेप्चाले पार्वत्य माध्यमिक शिक्षक सङ्गठनका अध्यक्ष श्री बी.बी.प्रधानलाई अवगत गराउनाका साथै पत्राचार गर्नुभएको थियो। बी.बी.प्रधानले शिक्षा विभागका उच्चपदस्थ अधिकारीहरूसमक्ष समुचित सम्बन्ध बनाइराख्न र विद्यालयको बढ़ोत्तरीको निम्ति धेरै नै सहयोग गर्नुभएको थियो। उहाँलाई भेट्न प्रधानाध्यापकलगायत हामी चारजना दार्जीलिङ नगरपालिका हायर सेकेण्डेरी स्कूल गएर उहाँसँग सौहार्दपूर्ण वातावरणमा बातचित गर्‍यौँ। बाग्राकोट उच्चतर माध्यमिक विद्यालयमा एचएसटीओ-को सभा हुँदा श्री बी.बी.प्रधानलाई छुट्टै भेटेर हामीले ससम्मान बिन्ती गर्‍यौँ। दागोपाप शिक्षा विभागका पार्षद श्री एन.के.कुमाईलाई पनि प्रधानाध्यापकलगायत हामी सबैले उहाँको कार्यकालमा भेट गरेर पत्राचार गरेका थियौँ जसको फलस्वरूप विद्यालयको बढ़ोत्तरी भयो र त्यसमा उहाँको पनि ठूलो सहयोग रहेको थियो।

गैरीवास उच्चतर माध्यमिक विद्यालयसँग जोड़िएर धेरै विद्यार्थीहरूले बाह्रौँ श्रेणी उत्तीर्ण गरेर उच्च शिक्षा हासिल गरी विभिन्न क्षेत्रमा योग्यताअनुसार नोकरी गर्दै गए। विद्यार्थीहरूको सङ्ख्या अति नै धेरै भएको कारण विद्यालय बढ़ोत्तरी र यसको मान्यता विषय विद्यालय सञ्चालन समितिको समय-समयमा सभा बसी सम्बन्धित विभागमा पत्राचार भई नै रहेको थियो। एकदिन पार्वत्य माध्यमिक शिक्षक सङ्गठनका अध्यक्ष श्री बी.बी.प्रधानले प्रधानाध्यापकलाई हायर सेकेण्डेरी काउन्सिलका अध्यक्ष ज्योतिर्मय मुखोपाध्याय दार्जीलिङ आउने खबर दिनुभयो। उहाँले अध्यक्षलाई दार्जीलिङको जिमखाना क्लबमा भेट्ने सुयोग समेत मिलाइदिनु भयो। त्यसबेला ब्रुनो सरको अगुवाइमा वर्तमान प्रधानाध्यापक सागर शर्मा, धनबहादुर छेत्री, अमित थापा र म ज्योतिर्मय मुखोपाध्यायलाई भेट्न

जिमखाना क्लब पुग्यौं। उहाँलाई हामीले खादा–माला लगाएर सम्मान गऱ्यौं। बढ़ोत्तरी विषयमा गहन बातचित भयो। उहाँले त्यहाँ उपस्थित भएका शिक्षक–शिक्षिकालाई विषय शिक्षक एवम् पढाई सम्बन्धी कुराहरू सोध्नुभयो। उहाँ खुशी भएर 'भोलि म सिलगढ़ी आउँदा सुविधा भए आउनेछु'–भनी वचन दिनुभयो।

हायर सेकेण्डेरी काउन्सिलका अध्यक्षलाई लिन भोलिपल्ट श्रीमान सागर शर्मा, धनबहादुर छेत्री अनि अमित थापा सिलगढी प्रस्थान गर्नुभयो। उहाँहरूले अध्यक्षलाई लिएर आएपछि विद्यालयका सम्पूर्ण शिक्षक–शिक्षिकालगायत विद्यार्थीहरूले भव्य स्वागत गरे। उहाँले एघारौं अनि बाह्रौं श्रेणीका विद्यार्थीहरूको बाक्लो उपस्थिति एवम् खचाखच भीड़ भएको श्रेणीको निरीक्षण गर्नुका साथै बाह्रौं श्रेणीको पाँच वर्षको परीक्षाफल र विषय शिक्षक–शिक्षिकाको निरीक्षण गरी हर्षित हुनुभयो। विद्यार्थीहरूको उत्कृष्ट फलाफल एवम् श्रेणी कक्षाहरू व्यवस्थित रूपमा सञ्चालन गरिएको देखेर खुशी भई प्रधानाध्यापकलाई विद्यालय बढोत्तरी हुने कुराको वचन दिनुभयो। त्यसको केही दिनपछि जुलाई २१ तारिख २००४ मा कोलकाताबाट हायर सेकेण्डेरीमा बढ़ोत्तरी भएको अर्डर आयो। त्यसपश्चात विद्यालयका छात्र–छात्राहरूले आफ्नै विद्यालयमा नियमित रूपमा बाह्रौं श्रेणीको परीक्षा दिने सुअवसर पाए। धेरैवटा चियाकमानका श्रमिकका नानीहरू पढ्ने यस विद्यालयमा कला(आर्ट्स) विषयको पढ़ाई उत्साहको साथमा चल्नथाल्यो। वर्षेनी उच्च माध्यमिक परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीहरूको सङ्ख्या द्रुत गतिले बढ्न थाल्यो। उच्च अङ्कमा उत्तीर्ण हुने विद्यार्थीहरूले यस घड़ीसम्म योग्यताअनुसार विभिन्न विभागहरूमा कार्य गर्दै अघि बढ़िरहेका छन्। यसलाई बाग्राकोट उच्चतर माध्यमिक विद्यालयको ठूलो उपलब्धि मान्न सकिन्छ।

२०२२ को सत्रदेखि बाग्राकोट उच्चतर माध्यमिक विद्यालयमा कला विभाग सँगसँगै वाणिज्य विभाग (कमर्स) पनि सञ्चालनमा रहेको छ। वाणिज्य विभाग शुरु हुनमा प्रधानाध्यापक श्री सागर शर्मालाई सम्पूर्ण श्रेय जान्छ। उहाँकै कार्यकौशलताले यो काम सम्भव हुनसक्यो। शिक्षा विभागबाट अनुमति पाएर उहाँकै निर्देशनमा विद्यालय सञ्चालन समितिको देखरेखमा अन्तर्वार्ता गरी धेरै उम्मेद्वारबाट दुईजना विषयगत शिक्षक–शिक्षिकाको छनोट गर्ने काम भएको थियो। कालेबुङबाट सुश्री पूजा शर्मा अनि चुनाभट्टी कालेबुङबाट विवेक प्रधानलाई वाणिज्य विषयका शिक्षक–शिक्षिकाको रूपमा नियुक्ति गरियो। यस वर्ष २०२४ मा वाणिज्य विभागको पहिलो ब्याचको रूपमा विद्यार्थीहरूले परीक्षा दिए। आगामी दिनमा विद्यार्थीहरूको उत्कृष्ट फलाफलले विद्यालयको सुनाम हुनेछ भन्ने कुरामा हामी आशावादी छौँ।

बाग्राकोट उच्चतर माध्यमिक विद्यालयले भौतिक पूर्वाधारको निम्ति लामो समयदेखि अभाव झेल्दैआएको छ। विद्यार्थीहरूको सङ्ख्या अनि हायर सेकेण्डेरीमा कला र वाणिज्य विभागको पठनपाठनलाई सुव्यवस्थित तरिकामा सञ्चालन गर्नाको लागि विद्यालय भवनको अभाव रहिआएको यस समयमा कालेबुङका विधायक श्री रूदेन सादा लेप्चाको विशेष पहल र सहयोगबाट दुईतले भवनको निर्माण कार्य लगभग पूरा हुन लागेको छ। यसबाहेक यस विद्यालयको निम्ति अझ विशाल र भव्य भवन निर्माणको निम्ति पनि यथाशीघ्र पहल गरिने भरोसा विधायक महोदयबाट प्राप्त भएको छ। विधायकद्वारा भविष्यमा हुनसक्ने पहलबाट अवश्य नै विद्यालयको प्रगतिले थप गतिशीलता पाउनेछ। विद्यालयका सम्पूर्ण शिक्षक–शिक्षिकाहरूको सक्रिय सहयोगमा ऊर्जावान, दूरदर्शी एवम् योग्य प्रधानाध्यापक अहोरात्र लागिपर्दै आउनुभएकाले विद्यालयको चौतर्फी विकास भएर जाने कुरामा कुनै सन्देह छैन। ●

सम्बद्धता

# बाउमावि–मा पच्चिस वर्षः एडहक शिक्षकदेखि प्रधानाध्यापकसम्म



▣ **सागर शर्मा,** प्रधानाध्यापक

हिज–अस्ति जस्तो लाग्छ, बाग्राकोट हाई स्कूलमा शिक्षक भएर प्रवेश गरेको आज पच्चिस वर्ष पुगेछ। अनुभव र अनुभूति निक्कै बुढ़ो भएछ। त्यसताकको प्रशासनिक व्यवस्थाले दार्जीलिङ गोर्खा पार्वत्य परिषद् अन्तर्गत एडहक शिक्षकको रूपमा नियुक्ति पाएर सन् १९९९ सालको जुलाई महिनादेखि यहाँ आइयो।

विद्यार्थी छँदा अन्य विभागमा कार्य गर्ने सोच राखेको भए तापनि शिक्षण पेशा औधी मन पर्‍यो। बाबा–आमाले कठोर परिश्रम गरेर अङ्ग्रेजी माध्यमको स्कूलमा पढ़ाए सोही स्कूल, सेन्ट एण्ड्रयुज इङ्ग्लिस स्कूलका प्रोप्राइटर तथा व्यवस्थापक स्व. ब्रुनो लेप्चा सरको निर्देशनमा, छैटौँ श्रेणीसम्मको शिक्षार्जन गरियो। त्यसपछि उनैको मार्गदर्शनमा सन्त जर्ज उच्चतर माध्यमिक विद्यालयमा उच्चतर माध्यमिक तहसम्मको शिक्षाको निम्ति भर्ना भइयो। त्यहाँका शिक्षक–शिक्षिकाहरूबाट प्रभावित बनेर भविष्यमा शिक्षणलाई नै आफ्नो पेशा बनाउने सोच बढ्न थाल्यो। मेरो विद्यार्थी जीवनकालमा मेरा आदर्श शिक्षक स्व. प्रणय सिलाल सर थिए। उनले पढ़ाएका अङ्ग्रेजीका पाठहरू आँखाअघि सिनेमा हेरेझैँ हुन्थे। त्यस समय प्रणय सर जस्तै सर बनिने सुर चढ़ेको थियो मनमा।

हुन पनि शिक्षक विद्यार्थीहरूका आदर्श हुनपर्छ। विद्यार्थीहरूले शिक्षकलाई नै रोल मोडलको रूपमा अनुसरण गर्ने गर्छन्। सर अघिबाटै तयारी गरेर आउँथे अनि श्रेणी कोठामा हामीलाई पाठको वर्णन गर्दा चित्रजस्तै छ्याङ्ग देखाइदिन्थे। त्यस्ता आदर्श शिक्षकका विद्यार्थी हुन पाउँदा आफैलाई गर्वबोध हुन्थ्यो।

नयाँ जोश,उमङ्ग र आफूले पाएको शिक्षा बोकेर यहाँ आइपुग्दा त धेरै पार्थक्य पाएँ। एक अनुशासित व्यवस्थापनमा सञ्चालित विद्यालयमा शिक्षा हासिल गरेर आउँदा त साँचो संसार मेरोअघि चुनौती बनेर उभिएको महसुस भयो। मेरो शिक्षाको परीक्षण। एउटै श्रेणी कोठाभित्र एक सय पचास जति विद्यार्थीहरू खाँदिएको। विद्यार्थीको सङ्ख्याको तुलनामा शिक्षक–शिक्षिकाहरूको सङ्ख्या एकदमै थोरै भएको कारण एकजना शिक्षकले दिनमा ६–६ वटा पिरियड पढ़ाउनु पर्ने। विद्यार्थीहरूमा अनुशासनहीनता सबैभन्दा ठूलो चुनौती थियो। शिक्षाको गुणस्तर धेरै सङ्कोचजनक थियो। अङ्ग्रेजी शिक्षणको त झनै नाजुक अवस्था। आफूलाई यही परिस्थितिमा ढाल्नु थियो। काँचो–

कलिलो उमेरमै ठूलो चुनौती आइपरे तापनि म अडिग भएर आफ्नो कर्तव्यपथमा अघि बढ़े। आफैलाई परिस्थितिअनुसार ढाल्ने कोशिशमा जुटोएह्व। हुँदै जाँदा धेरै विद्यार्थीसँग अनबन पनि हुन पुग्यो। ठूला श्रेणीमा त्यस समय विद्यार्थीहरू पनि निक्कै ठूल्ठूला

**विद्यालयको भौतिक संरचनाकै कुरा गर्नु हो भने त्यसताक म आउँदा एकपट्टि काठको घर भएका श्रेणीहरू थिए जो २००० सालमा दावा नर्बुलाको सांसद कोषबाट पक्का घर भएको दुईकोठामा परिणत भयो। त्यसअघि विद्यालयको स्वर्ण जयन्तीको अवसरमा चारकोठाको दुईतल्ले भवन निर्माण भएको थियो। विद्यालयको बेसी भाग जीर्ण अवस्थामा थियो जो आजसम्म पनि यथावत् नै छ। स्कूलको कार्यालय भवन त झनै कहालीलाग्दो थियो। सोही भवनमा थियो शिक्षकहरू बस्ने कक्ष।...वर्षको केवल साँढ़े दश महिनामात्र तलब पाउने। त्यहीमाथि पनि केवल मासिक २५०० रुपियाँ।**

थिए। भनेका र अह्राएका कुराहरू झट्ट नटिप्ने। त्यसो हुँदा श्रेणी कोठाभित्र उत्तेजनाको परिवेश सृष्टि हुन्थ्यो। यी सबै दृष्टान्तहरूलाई मध्यनजरमा राख्दै ताल जस्तो बज्छ उस्तै नाँच्नु पर्छ भन्ने भनाइलाई आत्मसात गर्दै हिँड़े। तर मनले नमान्दो रहेछ। त्यसपश्चात् मेरो शिक्षण पद्धति र विद्यार्थीहरूसँग व्यवहार गर्ने तरिकामा परिवर्तन ल्याउँदै उनीहरूसँग भावनात्मक प्रकारले जोड़िन थालेँ। यसरी शिक्षण पेशा उत्साहवर्धक हुँदै गयो।

त्यो समयदेखि नै विद्यालयमा शिक्षण सँगसँगै अनुशासन र ढाँचागत सुधार हुनुपर्छ भन्ने विचार मेरो मनमा उत्पन्न हुने गर्थ्यो। पटक-पटकका प्रधानाध्यापक र शिक्षक प्रभारीहरूसँग नीतिगत रूपमा मेरा विचारहरू मेल नखाँदा 'छुच्चो'-को संज्ञाले समेत मलाई परिभाषित गरिन्थ्यो। सह-शिक्षक साथीहरूसँग पनि मित्रता प्रगाढ़ नबनिने।

विद्यालयको भौतिक संरचनाकै कुरा गर्नु हो भने त्यसताक म आउँदा एकपट्टि काठको घर भएका श्रेणीहरू थिए जो २००० सालमा दावा नर्बुलाको सांसद कोषबाट पक्का घर भएको दुईकोठामा परिणत भयो। त्यसअघि विद्यालयको स्वर्ण जयन्तीको अवसरमा चारकोठाको दुईतल्ले भवन निर्माण भएको थियो। विद्यालयको बेसी भाग जीर्ण अवस्थामा थियो जो आजसम्म पनि यथावत् नै छ। स्कूलको कार्यालय भवन त झनै कहालीलाग्दो थियो। सोही भवनमा थियो शिक्षकहरू बस्ने कक्ष। सन् १९९९ मा कुनै एक दिन हामी सोही कक्षमा बसिरहेको समय पूर्व प्रधानाध्यापक स्व. बद्रीनारायण प्रधानले हाम्रैअघि आएर 'एडहकहरू पनि शिक्षक हुन्छ र?' भन्दा मनको कुनामा चस्स घोचेको थियो। त्यसबेला आफैलाई पनि आत्मग्लानि भएको थियो कि किन म त्यो ट्यागमा शिक्षक भएँ भनेर। जे नै भए पनि प्रशासनिक व्यवस्थाले जन्माएको ट्याग थियो, त्यसैले मनलाई सम्झाएँ। वर्षको केवल साँढ़े दश महिनामात्र तलब पाउने। त्यहीमाथि पनि केवल मासिक २५०० रुपियाँ। धेरै सुन्नुपर्ने, धेरै खटिनुपर्ने बाध्यता थियो। १९९९ सालको अगस्त महिनादेखि एघारौँ श्रेणी सञ्चालनमा आएदेखि आफ्नो शिक्षकताको मूलधारामा प्रवेश गरियो। किनभने त्यस समय मलाई र गङ्गा गुरुआमालाई एघारौँ-बाह्रौँ पढ़ाउन भनेर नियुक्त गरिएको थियो। पहिलो

ब्याचका विद्यार्थीहरू कोही त आफू समान उमेर भएका पनि थिए। तर अनुशासनमा बस्ने। अध्यापनमा सहयोग गर्थे। हामीले जसो भन्थ्यौँ त्यसै गर्ने सोझा थिए। सायद अहिलेका नाना तरिकाका सोसियल मीडियाहरूले नभेटेको भएर पनि होला–साँचो 'गुरु' मान्थे हामीलाई। त्यसबेला ज्ञानको स्रोत नै पाठयपुस्तक र शिक्षक–शिक्षिका मात्र थिए भन्दा अत्युक्ति नहोला। किनभने चियाबारीका अधिकांश विद्यार्थीहरू आर्थिक संकटले पिरोलिएका थिए जसलाई अन्य पाठय–सामाग्री जुटाउन गाह्रो हुन्थ्यो। सोसियल मीडियाको त्यस समय हाम्रो समाजमा चलन नै थिएन।

ब्रुनो सरको कुशल नेतृत्वमा लगभग ५–६ वर्ष गैरीवास उच्चतर माध्यमिक विद्यालयसँग आबद्ध रहेर हायर सेकेण्डेरी सञ्चालन गरेपश्चात २००४ मा यसले सरकारी मान्यता प्राप्त गर्न सक्यो। अपग्रेडेशनको पत्र स्कूलले प्राप्त गरेको दिन त तिहार नै आए जस्तो लाग्यो। धेरै वर्षको सङ्घर्षपछिको प्रतिफल थियो त्यो। धेरै शिक्षक–शिक्षिकाहरू समेतले 'यो हायर सेकेण्डेरी पार लाग्दैन, तिमीहरूले आफ्नो उमेर नष्ट गऱ्यौँ, अन्यत्र गएर जीविकोपार्जन गर' भन्ने सुझाव समेत दिएका थिए। तर हामी भने ब्रुनो सरमाथि पूर्ण आशा र भरोसा गरेर बसेका थियौँ। उनले हाम्रो भरोसा टुट्न दिएनन्। हामी सफल भयौँ। स्व.ब्रुनो लेप्चा सरल र सोझा व्यक्ति थिए। ईश्वरमाथि विश्वास राख्ने एक असल शिक्षक तथा प्रशासक थिए। मैले व्यक्तिगत रूपमा चिनेको ब्रुनो सर मनको सफा,सबैसँग मिल्ने र ख्यालठट्टा गर्ने साधारण व्यक्ति थिए। उनले 'म प्रधानाध्यापक हुँ, म अन्यभन्दा अलग हुनुपर्छ' भन्ने सोच कहिल्यै राखेनन्।

२००० सालको कुरो हो। एक दिन म नवौँ श्रेणीको सेक्सन बी–मा पढ़ाइरहेको थिएँ। नजिकैको श्रेणी कोठाबाट नानीहरू कराएको, थप्पड़ी मारेको आवाज आएर मैले क्लास सञ्चालन गर्न सकिनँ। रिसको आवेगमा आएर ती नानीहरूलाई सजाय दिन भनी म हाँकिए। तर त्यहाँ पुगेर मैले उदेकलाग्दो दृश्य देखेँ। ब्रुनो सर ब्ल्याक बोर्ड अघिको टेबलमाथि उभिएर नाचिरहेका थिए भने नानीहरूले गीत गाउँदै, थप्पड़ी मार्दै सरलाई उत्साह दिइरहेको थिए। मेरो रिस त्यही झऱ्यो। मैले मनमनै सोचे–शिक्षक यस्तो पनि हुनुपर्ने रहेछ। नानीहरूलाई मनोरञ्जन दिनु तथा भयमुक्त माहौल तयार पार्नु एउटा शिक्षकले आफ्नो आचरण र व्यवहारमा पनि सम्झौता गर्नुपर्छ भन्ने सरको त्यसदिनको व्यवहारबाट सिकेँ मैले। सरकै दूरदर्शिताको कारण बाग्राकोट उच्च विद्यालयमा नेपाली र अङ्ग्रेजी दुवै माध्यमका पढ़ाई शुरु भए। उनले अङ्ग्रेजी शिक्षाको बढ्दो महत्त्व र क्रेज बुझे। उता चियाबारीका अभिभावकले अङ्ग्रेजी स्कूल पठाउन नसक्ने। यस्तो परिस्थितिबीच धेरै विरोधहरूको सामना गर्दै भए पनि ब्रुनो सरले गरीबका नानीहरूको निम्ति नेपाली सँगसँगै अङ्ग्रेजी माध्यमको पढ़ाई शुरु गरेर यहाँको अङ्ग्रेजी शिक्षाको धरातललाई बलियो बनाउने कोशिश गरे। अङ्ग्रेजी शिक्षकको कमी भएकोले आफू नेपाली विषयको विद्यार्थी भएता पनि उनले अङ्ग्रेजी विषयको अध्यापन गराउँथे। अङ्ग्रेजी नधकाइकन फररर बोल्नसक्ने एक असल शिक्षक थिए ब्रुनो सर। उनैको नेतृत्वमा पढ्न पनि पाइयो/पढ़ाउन पनि पाइयो। आज बाग्राकोट र वरपरका गाउँहरूमा धेरैले उच्च शिक्षा हासिल गर्न सकेको तथा उच्च ओहोदामा कर्मरत हुन पाएको पनि कहीं कतै यसै स्कूलको देन हो भन्दा दुई मत नहोला। ब्रुनो सरकै कुशल नेतृत्व यसको घड़ेरी बसेको हो। उनको सान्निध्यमा काम गर्दा धेरै सिक्न पाइयो। सरले भन्ने गर्थे–'तिमीहरू यस स्कूलका भविष्य हौ।' त्यसै कथनलाई मनमा उनेर काम गर्दा जाँगर चल्थ्यो। गङ्गा गुरुआमा, डीबी सर, अमित थापा सर–हामी एक टिम मिलेर एघारौँ–बाह्रौँ खुबै

असल प्रकारले सञ्चालन गर्थ्यौं जसको फलस्वरूप प्रत्येक वर्ष उत्कृष्ट पास प्रतिशत हुन्थ्यो अनि साथमा ८० प्रतिशतभन्दा धेर अङ्क ल्याएर नानीहरू उत्तीर्ण हुँदा हामी हर्षविभोर हुन्थ्यौँ। त्यस समय नानीहरूसँग वनभोज जान्थ्यौँ। खुब मजा गर्थ्यौं। नानीहरूसँगै नाच्थ्यौँ। स्कूलको वार्षिक खेलकुदमा डीबी सरसँग खुल्ला मैदानमा मन खोलेर नाचेको आँखामा अहिले पनि आलै छ। त्यस वर्ष हामीले नानीहरू र टिचरहरूलाई चारवटा हाउसमा विभक्त गरेर पहिलोचोटि विद्यालयको इतिहासमा अन्तर सदन खेलकुद गराएका थियौँ। साँच्चै राम्रो कार्यक्रम थियो। नानीहरूमा त प्रतिस्पर्धा थियो नै, टिचरहरूमा पनि प्रतिस्पर्धाको माहौल थियो। अन्तमा मेरो हाउस प्रथम भयो र डीबी सरको हाउस दोस्रो। त्यसै खुसियालीमा जुलुम नाचेका थियौँ।

स्व. ब्रुनो लेप्चा सरको अवकाशपछि ०१.०१. २०११ देखि माइकल तामाङ सरले शिक्षक-प्रभारीको रूपमा कार्यभार सम्हालेदेखि झनै स्कूलप्रति आफ्नो दायित्व बढ़ेर गएको थियो। सरले सबै विषयहरूमा मलाई सक्रिय बनाउँदथे। उनको कार्यकालमा धेरै अफिसियल कामहरू सिक्ने मौका पाइयो। माइकल सर धेरै सोझो र इमानदार व्यक्तिको रूपमा स्थापित छन्। उनको समयमा विद्यालयको स्कूल भवन निर्माणको निम्ति गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनलाई धेरै अपील गरियो। यहाँसम्म कि तत्कालीन जीटीए प्रशासकले स्थलगत भ्रमण पनि गरे तर अन्तमा शिक्षक प्रभारीको च्याम्बरमा बसेर यो स्कूललाई एक पैसा अनुदान नदिने भनेर स्पष्ट कुरा राखे। त्यसमा सायद उनको राजनीतिक हिसाब-किताब थियो होला। हामीले बुझेनौँ अनि अवहेलित भयौँ। हाम्रो समस्यालाई उजागर गर्नको निम्ति २०११ सालको स्थापना दिवस कार्यक्रम हामीले खुल्ला आकाशमुनि मैदानमा नानीहरू नचाउँदै मनाएका थियौँ। सन्देश त उचित ठाउँमा पुग्यो तर त्यस प्रकारको तिरस्कारपूर्ण मन्तव्य सुनेर हामी सबै विह्वल बन्यौँ। यसको कारणले यस स्कूलले यतिका वर्षहरूसम्म पनि भनेजस्तो भौतिक सुधार गर्न सकेको छैन।

यसरी समय बित्दै गयो र स्कूलको सञ्चालन पनि विभिन्न शिक्षक-प्रभारीहरूको हातमा गयो। माइकल सरपछि ०१.०७. २०१४ देखि अशोक नेवार सरले झण्डै दुई वर्ष प्रभारी बनेर विद्यालयलाई सञ्चालन गरे। उनको कार्यकालमा ममाथि अझ धेर जिम्मेवारी आयो। उनले अफिससँग तालमेल राख्न मलाई अघि बढ़ाउँथे। स्कूलका प्रत्येक गतिविधिमा प्रायः मलाई संलग्न गराउँथे। यसबाट मैले धेरैवटा काम सिक्ने अवसर पाएँ। उनको कार्यकालमा स्कूलमा सोलार प्लान्ट बसालियो भने स्कूललाई अनुदान प्राप्त स्कूलको दर्जाबाट 'स्पोन्सर्ड स्कूल'-को दर्जामा परिवर्तन गराउने कार्यको थालनी भयो जो पछि निर्मल सरको कार्यकालमा पूर्ण भयो। अशोक सरकै कुशल नेतृत्वमा स्कूलमा पिउने पानीको स्थायी समाधान गर्न सकियो।

अशोक सरको अवकाशपछि १ फरवरी, २०१६ देखि सन्तकुमार लकान्द्री सरले स्कूलको बागडोर आफ्नो हातमा लिए। उनी मृगौलाका रोगी भएको कारण स्कूलको भारले उनलाई अझ कमजोर बनायो। केवल पाँच महिनाको अन्तरालमा अचानक २१.७.२०१६ मा उनको मृत्यु भयो। लकान्द्री सर एक असल र अनुशासित शिक्षक थिए।

सन्तकुमार लकान्द्री सरको निधनपछि २२.०७.२०१६ देखि स्कूलको बागडोर निर्मलकुमार शर्मा सरको हातमा पुग्यो। माइकल सर र ब्रुनो सरको कार्यकालमा नियुक्त गरिएका स्वयंसेवक शिक्षक-शिक्षिकाहरूको स्थायी नियुक्ति निर्मल सरको कार्यकालमा भयो। सरको कार्यकालमै सितम मोक्तान सर, प्रभातसिंह तामाङ (बड़ा बाबु)-को अवकाश भयो। अशोक सरको कार्यकालमा स्कूलमा सह-

प्रधानाध्यापकको रिक्त पदमा नियुक्तिको निम्ति काम थालिएको थियो। तर अभाग्यवश पदको अनुमोदन-पत्र हराएको कारण पुनः त्यसताकको सञ्चालन समितिले नयाँ प्रकारले अनुमोदनको कार्य आरम्भ गरेको थियो।

**२८ मार्च, २०२० देखि हामीले स्कूलको अफिसियल फेसबुक पेज खोलेर उक्त पेजद्वारा नै नानीहरूलाई होमवर्कहरू दिन शुरु गऱ्यौँ। समस्या र अभावमा नै सृजनाका सम्भावनाहरू लुकेका हुन्छन् भनेजस्तै हाम्रो टिमले खुबै उत्कृष्ट ढङ्गमा उक्त चुनौतीको सामना गऱ्यो। हामी समूह बनाएर गाउँ-गाउँ पस्यौँ। घर-घर पुग्यौँ। खाद्य- सामग्री दिँदै नानीहरूको पढ़ाई र स्वास्थ्यबारे जानकारी लिँदै तथा जागरण गराउँदै हिँड्यौँ। त्यस समयको अनुभूति बेग्लै प्रकारको छ। हामीलाई नानीहरूको पढ़ाइभन्दा पनि बढ़ी चिन्ता उनीहरूको स्वास्थ्यको थियो। हामीले चाहेका थियौँ कि कुनै नानी कोभिडको शिकार नबनुन्।**

निर्मल सरको समय-कालमा नयाँ अनुमोदन-पत्र प्राप्त गरेपश्चात् नियुक्तिको प्रक्रिया अघि बढ्यो र मैले सह-प्रधानाध्यापकको रूपमा नियुक्ति पाएँ। स्कूलमा धेरै प्रशासनिक परिवर्तनको आवश्यकता बोध गरेको थिएँ मैले। कर्म-संस्कारमा सुधार ल्याउने इच्छा थियो। स्पोन्सर्ड स्कूलको सञ्चालन विधिअनुसार सह-प्रधानाध्यापक भएको स्कूलमा शिक्षक-प्रभारीको पद रहँदैन भन्ने नियम भएकोले गर्दा निर्मल सरले स्कूलको पूर्ण दायित्व मलाई सुम्पिए। केही समयसम्म हामी दुवैले सँगै बसेर आपसी सुझबुझमा काम गऱ्यौँ। तर पछि केही तकनिकी असुविधा भएकोले ममाथि पूर्ण अभिभारा आयो।

बिस्तारै स्कूल सञ्चालन गर्ने पद्धतिमा परिवर्तन ल्याउन भनेर हामीले अठोट गऱ्यौँ। त्यसताकका विद्यालय सञ्चालन समितिका सभापति सञ्चवीर सुब्बालगायत सम्पूर्ण सदस्य-सदस्याहरूले पूर्ण सहयोगिताको हात दिए। शिक्षक-शिक्षिकाको समूह बनाएर विभिन्न विभागहरू सुम्पिइयो। प्रत्येक विभागमै नोडल टिचरहरूको प्रशंसनीय कार्यहरू हुँदै गयो। विद्यार्थी नानीहरू उपकृत हुँदै गए। हामीले अबोप्रान्त स्कूलको 'सामाजिकीकरण' गर्नुपर्छ भन्ने मनसाय बनायौँ। एउटा ठूलो टीम तयार गरेर हामी उक्त काममा लाग्यौँ। सोच्दा सोच्दै हामीलाई कोभिडले आक्रमण गऱ्यो। हामी राम्रोसँग तयार नै भइसकेका थिएनौँ कि अचानक अनपेक्षित तथा नचाहिँदो आतङ्कले हामीलाई चुनौती दियो। हाम्रो कार्यकौशलताको परीक्षा थियो त्यो काल।

अन्यत्र कसैले सोच्नअघि नै हामीले विद्यार्थी नानीहरूको शिक्षा मात्र नभएर उनीहरूका स्वास्थ्य र भविष्यलाई ध्यानमा राखेर तत्कालै अनलाइन अध्यापनको काम शुरु गऱ्यौँ। २८ मार्च, २०२० देखि हामीले स्कूलको अफिसियल फेसबुक पेज खोलेर उक्त पेजद्वारा नै नानीहरूलाई होमवर्कहरू दिन शुरु गऱ्यौँ। समस्या र अभावमा नै सृजनाका सम्भावनाहरू लुकेका हुन्छन् भनेजस्तै हाम्रो टिमले खुबै उत्कृष्ट ढङ्गमा उक्त चुनौतीको सामना गऱ्यो। हामी समूह बनाएर गाउँ-गाउँ पस्यौँ। घर-घर पुग्यौँ। खाद्य-सामग्री दिँदै नानीहरूको पढ़ाई र स्वास्थ्यबारे जानकारी लिँदै तथा जागरण गराउँदै हिँड्यौँ। त्यस समयको अनुभूति बेग्लै प्रकारको छ। हामीलाई नानीहरूको

पढ़ाइभन्दा पनि बढ़ी चिन्ता उनीहरूको स्वास्थ्यको थियो। हामीले चाहेका थियौँ कि कुनै नानी कोभिडको शिकार नबनुन्। नभन्दै हाम्रो अभियान सफल पनि भयो। बरू हाम्रो टीमका सदस्य रूपेश सरलाई कोभिडले आक्रान्त बनायो। उनको उच्च मनोबलले कोभिडलाई परास्त गरेर आज उनी हामीसँग काँधमा काँध मिलाएर स्कूलको हरेक गतिविधिमा संलग्न छन्। यसरी हामीले हाम्रो शिक्षण तथा कर्तव्यलाई निरन्तरता दियौँ। हामी सबैले टेक्नोलोजीको प्रयोग गरेर नानीहरूको निम्ति पाठय सामग्रीहरू तयार गर्‍यौँ। कोभिडको समयमा प्रत्येक शिक्षक-शिक्षिकाले आफ्नो सत-प्रतिशत परिश्रम दिए।

त्यही कोभिड लकडाउन अवधिभित्र नै मैले २ अप्रेल, २०२० मा प्रधानाध्यापकको नियुक्ति पाएँ। अझ धेर दायित्व बढ़ेको अनुमान भयो। नयाँ उमङ्ग र जोशको साथ काम गर्न थालेँ। मलाई सम्पूर्ण विद्यालय परिवारले साथ र सहयोग दिइरहेको थियो। अब अझ एकढिका भएर काम गर्न थाल्यौँ। बाग्राकोट उच्च माध्यमिक विद्यालयको इतिहासमै पहिलोचोटि विद्यालयलाई अवार्ड प्राप्त भयो। मौलाना अब्दुल कलाम युनिभर्सिटी अफ् टेक्नोलोजी र दार्जीलिङ युनिभर्सल क्याम्पसको तत्वावधानमा 'द्रोणाचार्य अवार्ड'-द्वारा विद्यालयद्वारा पुरस्कृत गरियो। कोभिडको समय विद्यालयले दिएको शैक्षिक योगदानको निम्ति यसरी पुरस्कृत गरिएको थियो। उक्त पुरस्कारले हामी सबैलाई हर्षको साथसाथै नयाँ ऊर्जा प्राप्त भएको थियो।

स्कूलको विकासको निम्ति अब केही गर्नपर्छ भन्ने विचार मनमा उठ्न थाल्यो। प्रत्येक शिक्षण तथा अशिक्षण कर्मचारीहरूको अर्थ सहयोग र पूर्व विद्यार्थी प्रशान्त सुब्बा र उनका मित्रहरूको आर्थिक सहयोगमा हामीले 'स्मार्ट क्लास'-को निर्माण गर्न सफल बन्यौँ। ठूल्ठूला स्कूलका नानीहरू मात्रै किन यस्ता अत्याधुनिक सुविधाहरूबाट लाभान्वित हुनसक्छन्, हाम्रा गाउँका नानीहरू किन हुन सक्दैनन् भन्ने सकारात्मक सोच राखेर हामीले उक्त कार्य गर्‍यौँ। उसरी नै समाजसेवी आनन्द लखोटियाको परिवारले विद्यालयमा लाइब्रेरी हलको निर्माण गरिदिएर हामीलाई उपकृत तुल्याए। मैले परिकल्पना गरेको विषयहरू बिस्तारै स्कूलमा कार्यान्वयन हुन थाल्यो।

शिक्षक-शिक्षिकाहरूको पेशागत शिपलाई बढ़ाउनको निम्ति अहिलेसम्ममा तीनवटा कार्यशाला र सङ्गोष्ठीहरूको आयोजन गरिसकिएको छ। यी कार्यशालाहरूले अध्यापनमा केही हदसम्म परिवर्तन र सुधार आएको महसुस गरेको छु। पहिले पहिले मध्यान्हको अवकाशपछि स्कूलमा नानीहरू हुँदैन थिए। यहाँसम्म कि शिक्षक-शिक्षिकाहरूको उपस्थिति पनि न्यून हुने गर्थ्यो। तर अहिले हामीले भोजन अवकाशको निम्ति नानीहरूलाई घर जान बन्द गरेका छौँ। फलस्वरूप आज सबै विद्यार्थी र शिक्षकहरूको उपस्थिति रहन्छ। यसरी अहिले पठन-पाठनमा धेरै सुधार आएको मलाई लाग्दछ। विद्यार्थीहरूले पनि अन्य विद्यालयका नानीहरूसँग सफलतापूर्वक प्रतिस्पर्धा गरिरहेका छन्।

विद्यालयको कौस्तुभ जयन्ती पालन गर्ने दायित्व अब हाम्रो काँधमा आएको मैले अनुभव गरेँ। साथीहरूसँग बातचित गर्दा सबैले उत्साह दिए। हामी आज टीम भएर काम गर्छौँ। त्यसैकारण हाम्रो प्रत्येक काम राम्रो हुँदै जाँदैछ। हामीले कतिपय भौतिक विकासको निम्ति देउसी-भैली खेल्यौँ। स्कूलका सिनियरदेखि लिएर जुनियर सर-गुरुआमाहरू लगायत अशिक्षण कर्मचारीहरूले उक्त कार्यक्रममा खुबै उत्साहसँग साथ दिए। हामी पहिलो वर्ष चुनाभट्टीदेखि सामसिङ फारीसम्म देउसी-भैली खेल्न पुग्यौँ। हामी जहाँ-जहाँ पुग्यौँ त्यहाँ-त्यहाँ हामीलाई आत्मीयता

र हार्दिकता प्राप्त भयो। सबैको सहयोगले हामीले धेरै काम गर्न सक्यौँ।

कौस्तुभ जयन्तीको कार्यक्रम २०२२ देखि लगातार तीन वर्षसम्म गर्ने अठोट गर्‍यौँ। पहिलो वर्ष विद्यालयको पहिलो ब्याचका माध्यमिक उत्तीर्ण पूर्व विद्यार्थीहरूदेखि लिएर १९७५ सम्मका पूर्व विद्यार्थीहरूलाई अभिनन्दन गर्‍यौँ। उक्त कार्यक्रमले गर्दा हाम्रो सामाजिकीकरणको उद्देश्यमा हामी अझ एक कदम अघि बढ्यौँ। यसरी स्कूलको खातिर म र मेरा सहपाठीहरू तन मन र धन पनि लगानी गरेर आज स्कूललाई भिन्नै पायदानमा पुर्‍याउने चेष्टामा लागिपरेका छौँ। आज धेरै पूर्व विद्यार्थीहरू हामीसँग जुटेका छन्। समाजका कैयौँ व्यक्तिहरू स्कूलको सत्मार्गमा सहयात्री बनेर हामीलाई टेवा पुयाइरहेका छन्। यस्तो सुखद् अनुभव आज पाइरहे तापनि कतिपय अन्जानहरूले नचाहिँदो विरोधहरू गरेर हामीले निर्माण गरेको स्कूलको स्वच्छ छविलाई धमिल्याउने कुचेष्टाहरू गरिरहेको देख्दा दुःख लाग्छ। जति नै हुरी–बतास आए पनि हामी हाम्रो कर्तव्य पथमा दृढ़ छौँ।

यस स्कूलमा अध्ययन गर्ने अधिकांश नानीहरू दैनिक हाजिरामा खटिखाने मजदुरका छोराछोरीहरू हुन्। चियाबगान श्रमिकका नानीहरू हुन्। यी नानीहरूमा कतिपय नानीहरू तीक्ष्ण दिमागका पनि छन्। यिनीहरू विज्ञान, वाणिज्य र अन्य विधाहरू लिएर पढ्न सक्ने क्षमताका भए तापनि घरको आर्थिक अवस्थाको कारण बाहिर गएर पढ्न नसक्ने भएकाले हामीले स्कूलमै गत २०२२ देखि वाणिज्य विभाग खोलेका छौँ। यसले नानीहरूलाई उच्च शिक्षामा धेरै मद्दत मिल्दछ। विज्ञान विभाग खोल्नलाई पर्याप्त पूर्वाधार र सुविधाहरू नभएकोले हामीले उक्त कार्यलाई स्थगित राखेका छौँ। भविष्यमा सबै चाँजो मिलेको खण्डमा सञ्चालनमा ल्याउनेछौँ।

आफ्नो काँधमा ७५ वर्षको लामो गौरवशाली इतिहास बोकेको स्कूलको अभिभारा आइपरेको छ। यस अभिभारालाई सफलताका साथ अघि बढ़ाउनु मेरो परम कर्तव्य ठानेर आफ्नो पारिवारीक विषयहरूलाई पन्साएर पनि यस स्कूल र विद्यार्थीहरूको हितलाई नै प्राथमिकता दिँदै आइरहेको छु। हरेक क्षण नै स्कूलको निम्ति राम्रो के गर्न सक्छु, कसरी अघि बढ़ाउन सक्छु भन्ने सोचविचार गरिरहन्छु। गरीबका छोरा–छोरीहरूको पठन–पाठनमा कुनै प्रकारको रोक नलागोस्। कसैले बीचैमा पढ़ाई छोड़ेर भौँतारिनु नपरोस् भनेर पश्चिम बङ्ग रवीन्द्र मुक्त विद्यालय परिषद्को केन्द्र यसै स्कूलमा खोलेका छौँ। यसरी स्कूल र विद्यार्थीको उत्तरोत्तर प्रगतिको निम्ति कार्य गर्नु पाउँदा आनन्दित छु। जीवनमा अन्य केही हुन नसके पनि एक असल शिक्षक र प्रशासक हुने दिशामा प्रयासरत छु।

विगतमा आफूले पढ़ाएका धेरै विद्यार्थीहरूले सम्झना गर्छन्। कतै भेट हुँदा आत्मीयताका साथ सम्मान गर्छन्। त्यो देख्दा मैले पनि राम्रै कर्म गरेछु भन्ने बोध हुन्छ। तर केही समय आफूलाई बिध्न बाधाहरू आइपरेको खण्डमा आफूअघि कोही उभिएको नपाउँदा यतिका वर्ष अध्यापन गरेर मैले केही कमाउन सकिन रहेछु भन्ने पनि लाग्छ। तर यो पेशामा यस्तै हुँदोरहेछ। कहिले घाम त कहिले छायाँ सहेर नै हिँड़नु पर्दोरहेछ। यस्तै यात्रामा हिँड़ेको पनि आज पच्चिस वर्षको लग लागेछ। मेरा बाबा–आमाले कमानमा काम गरेर देखेको सपना पूर्ण भएको उनीहरूलाई महसुस हुँदो हो। आज म जे छु र जुन अवस्थामा छु, त्यसमा उनीहरूका देन र आशिर्वाद छ। मेरा समस्त गुरुजन, मित्र तथा मेरा शुभचिन्तकहरूको हौसला, सुझाउ र साथले म यहाँसम्मको यात्रा गर्न सकिरहेको छु।

भविष्यमा सबैको साथ र सहयोग मिल्यो भने यस स्कूलको अझ प्रगति गर्ने परिकल्पना मनभरि बोकेको छु। ●

सरकारी योजना

# विद्यालयमा मध्यान्ह भोजन



■ **सोहन ठाकुर,** नोडल शिक्षक

## पृष्ठभूमि

विद्यालयमा मध्यान्ह भोजन भारत सरकारद्वारा शुरु गरिएको योजना हो। यो योजनाले सरकारी विद्यालय, सरकारी सहायताप्राप्त विद्यालय र मदरसाहरूमा सबै विद्यार्थीलाई दिनमा एकपटक पकाएको स्वास्थ्य खाना उपलब्ध गराउने ग्यारेन्टि गर्दछ। भारत सरकारको स्कुली शिक्षा तथा साक्षरता विकास मन्त्रालयले आठौँ श्रेणीसम्मका विद्यार्थीहरूका लागि वर्षमा कम्तीमा २०० दिन दिनमा एकपटक पकाएको खाना दिने योजना लागू गरेको हो। तामिलनाडुबाट शुरु भएको यो योजना पछि केरला, गुजरात आदि राज्य र पण्डीचेरीमा पनि शुरु गरियो। बिस्तारै देशका १२ वटा राज्यले यसलाई आफ्नो प्राथमिक पाठशालाहरूमा लागू गरे। गुजरात, केरल, मध्य प्रदेश, महाराष्ट्र, मेघालय, मिजोरम, नागाल्याण्ड, सिक्किम, तामिलनाडु, त्रिपुरा, उत्तर प्रदेश, गोवा जस्ता राज्यहरूमा मध्यान्ह भोजनको व्यवस्था गरियो। माननीय सर्वोच्च न्यायालयको २८ नोभेम्बर, २००१ को आदेश सङ्ख्या १९६/2001 को निर्देश बमोजिम यो योजना देशका सबै राज्य र केन्द्रशासित प्रदेशहरूमा अनिवार्य रूपमा लागू गरियो।

पश्चिम बङ्गालमा मध्यान्ह भोजन योजना जनवरी, २००३ देखि शुरु गरिएको थियो। हाम्रो विद्यालयमा प्रधानअध्यापक स्व. ब्रुनो लेप्चाको कार्यकालमा अनि शिक्षक अशोककुमार नेवारको देखरेखमा २००४ देखि यो योजना शुरु भएको हो। निरन्तर चलिरहेको यो योजना सन् २०१९ मा सह-प्रधानाध्यापक सागर शर्मा प्रधानअध्यापक भएपछि उनकै अगुवाइ अनि मेरो (सोहन ठाकुरको) देखरेखमा मध्यान्ह भोजन योजना बाग्राकोट उच्चतर माध्यमिक विद्यालयमा कार्यकर भइरहेको छ।

मध्यान्ह भोजन शुरु हुँदा हाम्रो विद्यालयमा पानीको विकट समस्या थियो। त्यस समय स्कूल पक्षको निवेदनमा लिसरिभर, आशाबारी, बाग्राकोट आदि बगानहरूबाट वैकल्पिक दिवसमा ट्यांकीमा पानी ल्याएर भोजन पकाई विद्यार्थीहरूलाई मध्यान्ह भोजन खुवाउने व्यवस्था गरिन्थ्यो। विकट दिनमा हामीलाई सहयोग पुऱ्याएकोमा हामी सबै बगानका प्रबन्धन पक्षप्रति आभार प्रकट गर्दछौँ।

## मध्यान्ह भोजनको नयाँ नामः पीएम पोषण शक्ति निर्माण

मध्यान्ह भोजन योजनाको नामकरण धेरैपटक परिवर्तन गरिएको छ। यसलाई हाम्रो क्षेत्रमा २०२३ देखि 'पीएम पोषण शक्ति निर्माण योजना' भनिन्छ। यस योजनाको

मुख्य थिम छ–सुपोषित भारत, साक्षर भारत, सशक्त भारत। अन्य राज्यहरूमा यो योजनाको नामकरण १५ अगस्त, १९९५ देखि नै गरिएको थियो।

**उद्देश्य**

पीएम पोषण योजनाको मुख्य उद्देश्य छ–भारतवर्षमा भएका सबै बालबालिकाहरूमा देखा परेको समस्या 'भोक र शिक्षा'–लाई सम्बोधन गर्नु। यही सङ्कल्पमा यो योजना अझ सशक्त भएको छ। मध्यान्ह भोजनका केही महत्त्वपूर्ण उद्देश्यहरू निम्न छन्ः

**क) श्रेणी कक्षामा भोको पेट नबस्नुः** आथिक रूपले विपन्न रहेका धेरै गरीब विद्यार्थीहरू घरबाटै भोको पेट विद्यालय आउने गर्छन्। कतिपय दुर्गम ठाउँका विद्यार्थीहरू बिहानै घरबाट हिँड्छन् र उनीहरू केही घण्टा पढेपछि भोकाउँछन्। त्यसो हुँदा पढाइमा उनीहरूको रुचि रहँदैनी। यस्तो परिस्थितिलाई मध्यान्ह भोजन योजनाले हल गरिदिएको छ। नानीहरूलाई टिफिन दिएर स्कूल पठाउन नसक्ने अभिभावकहरूका समस्या पनि यो योजनाले समाधान गरिदिएको छ।

**ख) स्कूलमा सहभागितालाई प्रोत्साहनः** मध्यान्ह भोजनका कारण विद्यार्थीहरूमा स्कूल आउने उत्साह, जोश र उमङ्ग देखिन्छ। यसले विद्यार्थीहरूको दाखिला सङ्ख्या प्रति वर्ष बढ्दछ, जसबाट विद्यालयको विद्यार्थी सङ्ख्यामा पनि वृद्धि हुन्छ।

**ग) नानीहरूको स्वास्थ्य विकासमा सहयोगः** विद्यालयमा दिइएको मध्यान्ह भोजन विद्यार्थीहरूको पौष्टिक आहारको नियमित स्रोत हो, जसले गर्दा नानीहरूको स्वास्थ्यमा विकास हुन्छ।

**घ) आन्तरिक शैक्षिक मूल्यः** व्यवस्थित प्रकारले चलिआएको मध्यान्ह भोजन योजनाले नानीहरूमा धेरै प्रकारका असल व्यवहार र आचरणको विकास हुन्छ। जस्तै– खाना खानभन्दा अघि वा पछि राम्रो प्रकारले हात धुनु, सफा पानी पिउनु, स्वच्छता कायम राख्नु, आफूले खाने थाल, चम्ची र ग्लासहरूको सरसफाई गर्नु, लाइनमा बस्नु, समयमा खानु आदि।

**ङ) सामाजिक समानताको विकासः** मध्यान्ह भोजनले नानीहरूमा समानतामूलक भावनाको विकास हुन्छ। विभिन्न सम्प्रदाय र आर्थिक–सामाजिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरू जब एकै ठाउँमा बसेर खाना बाँड़ेर खान्छन्, त्यसले उनीहरूमा समानतामूलक सामाजिक भावनाको विकास हुन्छ। यस योजनाले विभिन्न जातिप्रथाका बाधाहरूबाट पार पाउनमा पनि मद्दत गर्दछ।

**च) विपन्नहरूलाई पनि पोषणः** आर्थिक रूपले विपन्न नानीहरूलाई पनि पौष्टिक आहारको व्यवस्थाले उनीहरूको पोषण स्तरको विकास हुन्छ। यसलाई बढ़ावा दिनु पनि मध्यान्ह भोजन योजनाको उद्देश्य हो।

**छ) भातृत्वको विकासः** विभिन्न जात, धर्म, रङ, सम्प्रदायका विद्यार्थीहरूलाई एउटै भाँड़ाको खाना एउटै छानामुनि सँगै बसेर खुवाउँदा उनीहरूबीच मित्रता, भातृत्व, साझापनका भावना विकास हुन्छन्। गरीब–धनीबीचको दूरत्व कम गर्नु अनि विद्यालयमा उनीहरूको प्रगाढ़ता बढ़ाउनु पनि मध्यान्ह भोजनको एउटा उद्देश्य हो।

**ज) सङ्कटमा सहयोगः** गर्मी तथा खड़ेरीग्रस्त क्षेत्रका प्रभावित प्राथमिक तहका बालबालिकाहरूलाई मध्यान्ह भोजन योजनाले कुपोषण हुनबाट जोगाउँदछ। यसले सङ्कटको बेला ठूलो सहयोगको काम गर्छ।

**झ) स्वयं सहायता समूहको सहभागिताः** स्वयं सहायता समूह (एसएचजी) र सामुदायिक सहभागिता–मार्फत खाना पकाउने प्रणालीले स्थानीय अर्थतन्त्र सँगसँगै स्थानीय महिलाहरूको नयाँ आर्थिक गतिविधिमा संलग्नता बढ़ाउँदछ।

**ञ) रोजगारीको स्रोतः** खाना पकाउने गरीब वर्गका महिलाहरूलाई यसले रोजगार प्रदान गर्दछ। मध्यान्ह भोजनले एसएचजी मार्फत स्थानीय महिलाहरूमा रोजगारको स्रोत उपलब्ध गराउँदछ।

**ट) जातप्रथाको पूर्वाग्रह हटाउनमा सहयोगीः** मध्यान्ह भोजनले समाजका सबै वर्ग अनुसूचित जाति,

जनजाति, ओबीसी, साधारण, अल्पसङ्ख्यक सबै तहका विद्यार्थीहरूलाई समेट्दछ। यसले नानीहरूमा जातगत पूर्वाग्रहको भावना हटाउनमा मद्दत गर्दछ। एकप्रकारले यो विद्यार्थीहरूको शिक्षणको एउटा पद्धति हो।

**ठ) अपाङ्गहरूमा आत्मविश्वासः** शारीरिक दुर्बलता र अपाङ्गताका कारण नानीहरूमा आत्मविश्वास, हीन भावना, सुरक्षाबोध, अवसाद र तनाउ बढ्दछ। मध्यान्ह भोजन यस्ता समस्यालाई सम्बोधन गर्न सहयोगी बनेको छ। मध्यान्ह भोजन योजनाले नानीहरूमा बौद्धिक, सामाजिक एवम् भावनात्मक विकासलाई बढ़ावा दिएको छ।

### कोभिड–१९, लकडाउन र मध्यान्ह भोजन

कोभिड–१९ ले विश्वमा नै आतङ्क मच्चाएको अवधि हाम्रो भारतलाई पनि छोड़ेन। २०२० को मार्च महिनादेखि देशभरि अनि हाम्रो स्थानीय क्षेत्रमा पनि लकडाउन भयो। यस्तो बेला नानीहरू स्कूल आउने कुरै थिएन। लकडाउनपछि विद्यालयसँग विद्यार्थीहरूको सम्पर्क नै टुट्यो।

यस्तो विकट परिस्थितिमा मध्यान्ह भोजन योजनाअन्तर्गत प्रत्येक महिना हाम्रो विद्यालयले विद्यार्थीहरूको निम्ति खाद्यान्न उपलब्ध गराउने आदेश सरकारबाट प्राप्त गऱ्यो। राशन लिन विद्यार्थीहरू नआएर उनीहरूका अभिभावक स्कूल आउँथे अनि सामाजिक दूरी पालन गरी लाइनमा उभिएर राशन लिएर जान्थे। कोरोनाको सङ्क्रमण हुने भय सँगसँगै विद्यालयका प्रधानअध्यापक सागर शर्माले सरकारी आदेशलाई पालन गर्दै राशन वितरणको व्यवस्थालाई चुस्त बनाए। २० अप्रेल, २०२४ को दिन कोभिडको समय हामीले पहिलोपटक सामाजिक दूरी कायम गरेर विद्यालयमा राशन वितरण गऱ्यौँ। यसपछि लगातार यो क्रम जारी रह्यो। चामल, दाल, आलु, चिनी, सोयाबिन, सेनिटाइजर, मास्क आदि विद्यालयबाट वितरण गरियो।

कोरोनाको उग्र प्रकोप चलेपछि गाड़ीहरू चल्न बन्द भयो। मानिसहरू घरबाट निस्कन बन्द भयो। हाम्रा गरीब नानीहरूका अभिभावकका रोजगारको बाटो बन्द भयो। यातायातको अभावले टाढ़ाका अभिभावकहरूले स्कूलसम्म आउने साधन पनि पाउन छाड़े। प्रधानअध्यापकसँग सल्लाह गरी एक नोडल शिक्षकको दायित्वको हिसाबले अन्य सहकर्मी सरहरूको सहयोगमा हामीले नानीहरूको मध्यान्ह भोजनको राशन गाउँ–घरमै पुगेर अभिभावकहरूलाई वितरण गऱ्यौँ। यस क्रममा हामीले आशाबारी, इलेनबारी, लिसरिभर, टोटगाउँ, सुन्दरी बस्ती, साउँगाउँ, पत्तीबारी, कालागैँती, पत्थरझोड़ा, मानाबारी आदि चिया बगानसँगै घिस बस्ती, चन्दाकम्पनी जस्ता गाउँहरूमा पुगेर राशन वितरण गरेका थियौँ। हाम्रो यो कार्यको जिल्लाशासक, डीआई आदि उच्च प्रशासनिक तहबाट पनि प्रशंसा गरिएको थियो भने सामाजिक सञ्जालमा पनि यो कार्यको सराहना भएको थियो। अभावको बेलामा यसरी घरमै राशन पाउँदा अभिभावकहरू धेरै खुशी भएका थिए। हामीले नानीहरूलाई पढ्नमा प्रोत्साहित गर्न अभिभावकलाई सरसल्लाह दिएका थियौँ।

### विशेष पोषण

मध्यान्ह भोजन योजनाअन्तर्गत शिक्षा विभागले दिएको निर्देशअनुसार, सन् २०२३ (फरवरी, मार्च, अप्रेल)–मा आठौँ श्रेणीसम्मका विद्यार्थीहरूलाई अतिरिक्त पोषणयुक्त आहार दिनुपर्ने आदेश भएको थियो। यस आदेशलाई शिरोपर गरी प्रति साता अण्डा, केरा, आइफल, अन्य मौसमी फलहरू विद्यार्थीवर्गलाई प्रदान गरियो। सरकारी आदेशअनुसार यसै समय नानीहरूलाई कोदो पनि खुवाइयो। यस्ता पौष्टिक आहार र फलफूल खान पाउँदा विद्यार्थीहरू साह्रै हर्षित हुन्थे। कोदोको ढेड़ो पकाएर खुवाउँदा नानीहरू साह्रै खुशी भएका थिए। यसरी पौष्टिक आहार पाउँदा विद्यार्थीहरू नागा नभई नियमित स्कूल आउने गर्दथे।

### अपाङ्गमैत्री व्यवस्था

शारीरिक रूपले अपाङ्ग नानीहरूका लागि मध्यान्ह भोजनमा विशेष व्यवस्था गरिएको छ। म आफै अघि

आएर नानीहरूका सुविधा–असुविधा हेर्ने गर्दछु अनि यस्ता भिन्न रूपले सक्षम नानीहरूलाई खाना खुवाउने व्यवस्था गर्दछु। आफैले खाना पस्केर उनीहरूलाई सुविधाजनक ठाउँमा लगेर राखी खाना खुवाउँछु। उनीहरूलाई भीड़देखि अलग्गै व्यवस्था गरेर विशेष प्राथमिकता दिइन्छ। यसरी प्राथमिकतामा भोजन गर्न पाउँदा नानीहरू धेरै खुशी हुन्छन्। यस्ता साना–साना खुशीका कारण भिन्न रूपले सक्षम नानीहरू पनि विद्यालयमा नियमित रूपले उपस्थित हुन्छन्।

**उँचाइ/ओजन मापनसहित चिकित्सा सुविधा**

विद्यालयको नोडल शिक्षकको हैसियतले म नियमित रूपमा नानीहरूको उँचाइ, ओजनहरू नापिरहन्छु। मध्यान्ह भोजनपछि नानीहरूको शारीरिक विकासमा के–कस्ता प्रगति भएका छन् भन्ने कुराको मूल्याङ्कनका लागि उनीहरूका शारीरिक विकास प्रक्रियामा ध्यान दिन आवश्यक हुन्छ। शारीरिक रूपले कमजोर नानीहरूका सूची बनाएर उनीहरूका समस्याबारे ब्लक मेडिकल अफिसर, रम्भीलाई सूचित गर्दछौँ अनि उहाँहरूका सहयोगमा नियमित अन्तरालमा नानीहरूको चिकित्सा जाँच गरिन्छ। कुपोषणका शिकार भएका नानीहरूलाई उचित औषधि र डाक्टरको सल्लाहअनुसार सहयोग पुऱ्याउन पाउँदा हामीलाई धेरै हर्ष लाग्छ।

**प्राकृतिक आपदामा सहयोग**

४ अक्टोबर, २०२३ मा सिक्किममा हिमताल पड्किएर आएको भलपैहोले सिक्किम मात्र होइन, हाम्रो समतल क्षेत्र पनि प्रभावित भयो। खासगरी, हाम्रा विद्यार्थीहरूको बाक्लो सङ्ख्या रहेको दुर्गम गाउँ टोटगाउँमा टिस्टा नदीको पानी पसेपछि पुरै गाउँ विस्थापित भयो। यो आपदामा हाम्रो सम्पूर्ण विद्यालय परिवार नानीहरूलाई सहयोग गर्न अघि आयो। त्यसबेला विद्यालयको मध्यान्ह भोजन शाखाले पनि सहयोगको हात अघि बढ़ायो। प्रधानअध्यापक सागर शर्माको नेतृत्वमा मसहित शिक्षकहरूको एउटा टोली घटनाको लगत्तै टोटगाउँ, इलेनबारी, आशाबारीसहित नानीहरूले आश्रय लिएर बसेका ठाउँहरूमा पुग्यौँ र तुरुन्तै खानपिनका केही व्यवस्था गऱ्यौँ। उनीहरूलाई बिस्तारै विद्यालयमा फर्काइल्याउन हामी सफल बन्यौँ। उनीहरूलाई खानाको व्यवस्था अनि खाताकिताब र अन्य आवश्यक सामग्रीहरू सहयोगस्वरूप प्रदान गऱ्यौँ। पछि, हामीले शिक्षकहरूबाट राशि उठाएर गाउँलाई नै एकमुष्ठ आर्थिक सहयोग पनि गऱ्यौँ।

**बाल संसद**

सन् २०२३ मा शिक्षा विभागद्वारा प्राप्त भएको निर्देशअनुसार, हाम्रो विद्यालयमा पनि बाल संसदको गठन गरियो। बाल संसदको विशेष पहलमा मध्यान्ह भोजन सुव्यवस्थित रूपमा सञ्चालन भइरहेको छ। खाद्य मन्त्री नवौँ श्रेणीकी छात्रा जमुना लिम्बूको नेतृत्वमा उनको टोलीले मध्यान्ह भोजनको जाँच तथा वितरणमा धेरै सहयोग पुऱ्याएको छ। बाल संसदको मेन्टरको दायित्वमा रहेकी शिक्षिका कविता शर्माले नानीहरूलाई यस विषयमा दिशानिर्देश गर्दै आएकी छन्। विद्यालयको तर्फबाट म बाल संसद टोलीलाई विशेष धन्यवाद दिन्छु। यो प्रक्रियाले नानीहरूमा धेरै उत्साह र अनुशासन थपेको छ।

**कोठेबारी (किचन गार्डेन)**

मध्यान्ह भोजन परियोजनाअन्तर्गत शिक्षा विभागले जारी गरेको आदेशअनुसार विद्यालय परिसरमा सागसब्जी रोप्न एउटा किचन गार्डेन हुन आवश्यक छ। विभागको यो आदेशलाई शिरोपर गर्दै हामीले विद्यालयमा किचन गार्डेनको शुरुआत गऱ्यौँ। मध्यान्ह भोजनमा काम गर्ने आमाहरू साथै विद्यार्थीहरूका सहयोगमा यो सानो कोठेबारीमा हामी केही साग–सब्जीहरू उत्पादन गर्न सफल भएका छौँ। यसबाट नानीहरूले परिश्रम गर्ने प्रेरणा पाएका छन् भने आफूले रोपेका सागसब्जीहरू फलेको देख्दा उनीहरूमा उत्साह पनि देख्न पाइएको छ। यसले

उनीहरूलाई उत्पादन प्रक्रिया र विधिबारे पनि अवगत गराएको छ।

### आर.ओ. वाटर प्युरिफायरको जड़ान

पौष्टिक मध्यान्ह भोजनसँगै हाम्रा नानीहरूले स्वच्छ जल पनि पिउन पाइरहेका छन्। लायन्स क्लब सिलगढ़ीको सहयोगमा बजाज सेवा ट्रस्टद्वारा ३१ मई, २०२३ मा मध्यान्ह भोजन परिसरमा आर.ओ. (रिभर्स ओसमोसिस) वाटर प्युरिफायर लगाइएको छ जसबाट नानीहरूले दैनिक फिल्टर गरिएको शुद्ध पानी पिउन सक्छन्। हाम्रा विद्यालयका भूतपूर्व छात्राले आफ्ना पिता स्व. जुगल किशोर अग्रवालको स्मृतिमा यो आर.ओ. वाटर प्युरिफायर प्रदान गरेकी हुन्। यस्तो उदार हृदय भएका सहयोगी परिवारलाई हामी विद्यालयको तर्फबाट आन्तरिक आभार प्रकट गर्दछौँ।

### दादुरा–रूबेला टीकाकरण शिविर

हाम्रो विद्यालयमा पढ्ने नानीहरूका लागि दादुरा–रूबेला टीकाकरण शिविर (मिजल्स–रूबेला भ्याकसिन क्याम्प)–को विद्यालय परिसरमै व्यवस्था गरिएको थियो। यसबाहेक अन्य आवश्यक खोपहरू पनि लगाएपछि विद्यार्थीहरूलाई खाना खुवाइयो। यसले विद्यार्थीहरूमा खोप लगाइसकेपछिको कमजोरीपन देखा परेन। टाढ़ाबाट भोकै विद्यालय आएका विद्यार्थीहरूले खोप लगाएपछि मध्यान्ह भोजन गर्दा उनीहरूमा खोपपछिको कुनै शारीरिक समस्याहरू देखा परेको थिएन।

**पौष्टिक आहारको मानक–प्रति विद्यार्थी प्रति दिन**

| क्रम सङ्ख्या | परिकार | प्राथमिक | आठौँ श्रेणीसम्म |
|---|---|---|---|
| **राष्ट्रिय खाद्य सुरक्षा ऐन (एनएफएसए) अनुसार पौष्टिक आहारको मानक** | | | |
| १. | क्यालोरी | ४५० ग्राम | ७०० ग्राम |
| २. | प्रोटिन | १२ ग्राम | २० ग्राम |
| **ख) खाद्य परिकार** | | | |
| १. | खाद्यान्न | १०० ग्राम | १५० ग्राम |
| २. | दालहरू | २० ग्राम | ३० ग्राम |
| ३. | सब्जीहरू | ५० ग्राम | ७५ ग्राम |
| ४. | तेल तथा चर्बी | ५ ग्राम | ७.५ ग्राम |
| ५. | नुन एवं मरमसला | आवश्यक | आवश्यक |

**मध्यान्ह भोजन मेन्यू**

| | |
|---|---|
| सोमवारः | भात, दाल, मिश्रित सागसब्जीहरू |
| मङ्गलवारः | भात, दाल, आलुदम/चाना |
| बुधवारः | भात, दाल, सोयाबिन |
| बिहीवारः | खिचड़ी |
| शुक्रवारः | भात, दाल कुखुराको मासु/पनिर |

मध्यान्ह भोजन खाने विद्यार्थीहरूमा ३० प्रतिशत नानीहरू साकाहारी छन्। मासु नखाने नानीहरूका निम्ति

प्रत्येक शुक्रवार भात, दाल, सब्जी अलग्गै बनाइन्छ अनि उनीहरूलाई लाटलुट नगरी दिइन्छ। साकाहारी नानीहरू पनि शुद्ध भोजन गर्न पाउँदा धेरै खुशी हुन्छन्। हाम्रो विद्यालयमा साकाहारी विद्यार्थी र मांसाहारी विद्यार्थीका निम्ति अलग–अलग खाना पाक्छ। मध्यान्ह भोजनको फलस्वरूप विद्यार्थीहरूको पठनपाठनको रुचिमा वृद्धि भएको छ। पोषणयुक्त भोजन र सन्तुलित आहारका कारण विद्यार्थीहरू कुपोषणको शिकार हुन पाउँदैनन्।

**निष्कर्ष**

मध्यान्ह भोजन योजनाले गरीब विद्यार्थीका अभिभावकमाथि प्रत्यक्ष सकारात्मक प्रभाव पारेको छ। अभाव र विपन्नताका कारण आफ्ना छोरा–छोरीलाई स्कूल पठाउन नसक्ने अभिभावकहरू अहिले नानीहरूले मध्यान्हको भोजनसमेत पाउन थालेपछि उत्साहपूर्वक नानीहरूलाई नियमित स्कूल पठाउँछन्। म सबै अभिभावकलाई आफ्ना नानीहरूलाई स्कूल जानका लागि सधैँ प्रोत्साहन गर्न अनि विद्यालयमा मध्यान्ह भोजन सधैँ ग्रहणका लागि प्रेरित गरिदिन आग्रह गर्दछु। विद्यालयको मध्यान्ह भोजन विषय कुनै सुझाउहरू रहे नोडल शिक्षकसँग सोझै सम्पर्क गर्न सकिन्छ। ●

**“Many adults who were unable to learn to write at school often go through a lot of pain and effort in order to learn to write at a later stage in their lives (see Ivanic and Roach 1990; Ivanic and Simpson 1992; Ivanic forthcoming). It seems that there are three interrelated explanations for their desire to learn to write: firstly, writing has an intrinsic value for exploration of ideas and record- making; secondly, society demands that certain functions should be fulfilled by writing, though other means are in principle possible; and thirdly, being able to write is seen as a sign of being 'educated'. Why should writing be so highly valued?**

**The medium of writing itself allows socially prestigious forms of knowledge, information and codes of social behaviour to be recorded, stored and handed on in permanent form, unchanged by inaccurate or mischievous memory. Writing travels through space and time and so we can read from the past as well as from the present. This is particularly important in our society where the past is revered as cultural heritage, as if it somehow confers glory on the nation as a whole.”**

Romy Clark & Roz Ivanic, **The Politics of writing,** Page. 39

# Bagrakote Higher Secondary School In The Era Of Digitalization



■ **Bivek Chhetri,** Asst. Teacher

**Bagrakote Higher Secondary School: Embracing Digitalization**

Bagrakote Higher Secondary School, established in the quaint hills of West Bengal in 1949, has embarked on a transformative journey in the era of digitalization. From the introduction of computer classes in 2005 to the establishment of smart classroom in 2021, the school has been at the forefront of integrating technology into education. Let's explore the impact of digitalization on the school, its students, and the surrounding community.

**Digitalization: Impacts and Evolution**

Digitalization has ushered in a wave of both opportunities and challenges. At Bagrakote Higher Secondary School, the adoption of digital technologies has facilitated access to educational resources, enhanced teaching methodologies, and streamlined administrative processes. Students now have the opportunity to develop essential digital literacy skills, preparing them for the demands of the modern workforce.

However, challenges such as poor network connectivity and a lack of digital literacy among staff and students persists, particularly in rural areas. Overcoming these obstacles requires concerted efforts to provide infrastructure, training, and support for embracing digitalization fully.

**Digitalization in India: A National Endeavor**

India's digitalization journey has seen remarkable progress, catalyzed by initiatives like the Digital India campaign. Under the Union government of 2014, significant strides have been made in various sectors. The introduction of a paperless economy, the inception of UPI (Unified Payments Interface), and the implementation of biometric concepts like Aadhaar have revolutionized governance and financial transactions.

Notably, rural India has not been left behind in this digital transformation. Initiatives like the Banglar Shiksha Portal, introduced by the State Education Department, have centralized student data and streamlined administrative processes in schools across West Bengal. This digital infrastructure extends to other government schemes, including scholarship programs and the mid-day meal scheme, ensuring efficient implementation and monitoring.

**Digitalization in Education and Beyond**

In the education sector, digitalization has brought about a paradigm shift in teaching and learning methodologies. Online exam patterns, electronic fee payments, and digital admissions processes have simplified administrative tasks and improved accessibility for students. The introduction of vocational streams and ICT projects have further bolstered digital literacy among students, equipping them with skills relevant to the digital age.

Beyond education, digitalization has permeated various sectors, including healthcare. Data science and artificial intelligence have played a crucial role in transforming the healthcare sector, facilitating diagnostic accuracy, personalized treatment plans, and predictive analytics. Similarly, in education, artificial intelligence holds promise in personalizing learning experiences and optimizing educational outcomes.

**Bagrakote H.S. School: Pioneering Digitalization in Rural Education**

Bagrakote Higher Secondary School has been a beacon of education in the region. However, it wasn't until 2005 that the school took its first digital step, marking the beginning of a transformative journey towards embracing technology in education. The vision of dynamic leaders, dedicated staff, and supportive community members has been instrumental in driving this transformation forward.

The inception of computer classes in 2005 marked a significant milestone in Bagrakote H.S. School's history. Spearheaded by the then Headmaster, Lt. Bruno Lepcha, in collaboration with Mrs. Arpana Pradhan and litterateur Lt. Nar Bahadur Dahal, this initiative aimed to equip students with essential digital literacy skills. As an ex-student of the school, I had the privilege of witnessing and contributing to this pivotal moment in our alma mater's evolution. Joining as a teacher for computer subject in 2009, I witnessed firsthand the impact of these computer classes. Not only did students gain basic computer knowledge, but teachers also became digitally literate, ushering in a new era of learning and teaching at Bagrakote H.S. School.

The generous donation of 10 PCs by NHPC further fueled the school's digitalization efforts, providing students with access to essential digital resources and tools. In 2018, the introduction of vocational streams in IT-ITES and Electronics bolstered the school's digital curriculum, preparing students for the demands of the modern workforce. The addition of two vocational teachers, Mr. Banamali Mondal and Mr. Raman Pradhan, played a pivotal role in enhancing digitalization efforts, bringing expertise and guidance to students eager to delve deeper into the digital realm.

The government's ICT project proved instrumental in enhancing digital literacy among students, with dedicated instructors like Mr. Niraj Ghimiray Sharma guiding them through their digital journey. However, it was the establishment of smart classrooms in

**Pandemic period of COVID - 19 days made the foundation of digitalisation of the society and also our school strong. As we all know that necessity is the mother of all inventions, there was a dire necessity of certain medium through which we could easily and safely reach to our students for their studies and also for their well being.**

2021 that truly revolutionized education at Bagrakote H.S. School.

Under the visionary leadership of Headmaster Mr. Sagar Sharma, a special committee, including myself, was formed to oversee the installation of smart classroom. Headed by Senior Teacher Mr. Rajen Sunar, this committee meticulously monitored the task, ensuring its success. The collective financial support of the teaching and non-teaching staff, along with the generous financial contributions of alumni like Mr. Prashant Subba his colleagues and Sunil Lama played a crucial role in making this vision a reality.

**COVID – 19 Days:**

Pandemic period of COVID - 19 days made the foundation of digitalisation of the society and also our school strong. As we all know that necessity is the mother of all inventions, there was a dire necessity of certain medium through which we could easily and safely reach to our students for their studies and also for their well being. Our teachers prepared WhatsApp groups and Facebook page was actively used to provide study materials to the students. Each and everyone started to prepare short video clips of the lessons for their students. Even personal YouTube channel was also started to make the works easy. This way, Bagrakote H.S. School became all the more stronger digitally in COVID-19 days.

The journey towards digital literacy has not been without challenges, but through collective efforts and perseverance, Bagrakote H.S. School is steadily becoming digitally literate. As students engage with digital tools and technologies, they are not only preparing for the future but also contributing to the socioeconomic development of their community.

Today, Bagrakote H.S. School stands as a shining example of digitalization in rural education. With students engaging in digital lessons and teachers utilizing smart boards to enhance learning, the school has become a hub of innovation and technology. Despite the challenges, Bagrakote H.S. School continues its journey towards full digital literacy, paving the way for a brighter future for generations to come. ●

**“ With our bad habits, the immediate outcome usually feels good, but the ultimate outcome feels bad. With good habits, it is the reverse: the immediate outcome is unenjoyable, but the ultimate outcome feels good. The French economist Frédéric Bastiat explained the problem clearly when he wrote, "It almost always happens that when the immediate consequence is favorable, the later consequences are disastrous, and vice versa.... Often, the sweeter the first fruit of a habit, the more bitter are its later fruits." ...With a fuller understanding of what causes our brain to repeat some behaviors and avoid others, let's update the Cardinal Rule of Behavior Change: What is immediately rewarded is repeated. What is immediately punished is avoided.”**

James Clear, **Atomic Habits,** Page No. 189

# कोरोनाकाल

# विषयसूची


१. **रूपेश शर्माः** कोरोनाकालःसङ्कटभित्र खोजिएको सम्भावना/१०५

२. **रूपेश शर्माः** छली–संवाद/फाइनल टेक/केटाकेटी आखिर.../१०९

३. **सौराज बुताङ राईः** कोभिड पछि विद्यार्थीहरूको शैक्षिक स्तर.../११९

४. **रूपेश शर्माः** विद्यालयको देउसी, उद्देश्य र सफलता/१२१

५. **उपलब्धि/गतिविधिः** १२४–१३६

# कोरोनाकालः सङ्कटभित्र खोजिएको सम्भावना

▣ **रूपेश शर्मा,** सह–शिक्षक

'कोराना'! नामै सुन्दा पनि पसिना छुट्छ। सन् २०२० देखि २०२२ सम्म संसारले कोरोना महामारीको जुन मार झेल्यो, त्यो हाम्रा भावी–पुस्ताले झेल्न नपरोस् भन्ने लाग्छ। कोरोनाकालमा संसारले भोगेको त्रासदी कहालीलाग्दो छ। नोभेम्बर,२०१९ देखि फैलिएको कोरोना (कोभिड–१९)–बाट हामी किन धेरै आत्तियौँ भने हामीले हाम्रा पूर्वज पुस्ताले गरेको सङ्घर्ष देखेनौँ, न मानव जातिको इतिहासतर्फ कुनै दृष्टि लगायौँ। मानव पुर्खाले कति विकट परिस्थिति झेलेर हामी यहाँसम्म आइपुगेका छौँ भन्ने विकासक्रमको इतिहासतर्फ हामी घोत्लिएनौँ। यस्तो डरलाग्दो महामारीमा पर्ने हाम्रो पुस्ता मात्र होला भन्ने हामीलाई लाग्यो। यसकारण हाम्रो आत्मविश्वास डगमगायो।

सन् २०१९ को अन्त्यतिर चीनको वुहानमा कोरोना भाइरसको उत्पत्ति भएको कुरा विश्वले केही महिनापछि मात्र थाहा पायो, जतिबेला उसका शहर, गाउँ–बस्तीतिर यो रोग फैलिन थाल्यो। यो भाइरसको रफ्तार यति गतिवान थियो कि थोरै महिनामै विश्वलाई चपेटमा लियो। जनवरी, २०२० बाट कोरोना सङ्क्रमणको तीव्रताको जानकारी आउन थाल्यो। मार्च, २०२२ आइनपुग्दै भारत पनि यसबाट आक्रान्त भयो। कति छिटो हामी लकडाउनको स्थितिमा पुग्यौँ, पत्तो पनि भएन। हामी घरबन्दी मात्र भएनौँ, देशको सम्पूर्ण जीवनयापन र अर्थव्यवस्था डाबाडोल भयो। शिक्षा व्यवस्था चौपट भयो। युएस, इटाली, युके, चीन, फ्रान्स जस्ता विश्वका धनी र शक्तिसम्पन्न मुलुकहरू कोरोनाको यस्तो चपेटमा परे, तिनले मानवीय जीवनको रक्षा गर्नका लागि आधारभूत आवश्यकतासमेत पूर्ति गर्न सकेनन्। शक्तिशाली भनिएका देशहरूको हबिगत पनि कोरोनाले 'एक्सपोज्ड' गरिदियो।

भारत सरकारले २५ मार्च,२०२० देखि

> **शुरु भयो कोरोनाको कहालीलाग्दो काल। हामी घरमा मात्र थुनिएनौँ, सासै थुनिनेगरी हाम्रो मगजमा पनि ताला लाग्यो। पढ़ाइ चौपट भयो। ज्यान जोगाउनु मुख्य कुरा; जोगिनु झन् ठूलो कुरा। किनभने यो अप्रत्यासित भाइरसको उपचारका लागि विश्व तयार थिएन। लाखौँ मान्छेको ज्यानको मूल्यमा करोड़ौँ मान्छेहरूको ज्यान जोगाउनु पर्ने दबाउ वैज्ञानिकहरूले पनि झेल्न पऱ्यो।**

लकडाउनको घोषणा गऱ्यो। यसरी शुरु भयो कोरोनाको कहालीलाग्दो काल। हामी घरमा मात्र थुनिएनौँ, सासै थुनिनेगरी हाम्रो मगजमा पनि ताला लाग्यो। पढ़ाइ चौपट भयो। ज्यान जोगाउनु मुख्य कुरा; जोगिनु झन् ठूलो कुरा। किनभने यो अप्रत्यासित भाइरसको उपचारका लागि विश्व तयार थिएन। लाखौँ मान्छेको ज्यानको मूल्यमा करोड़ौँ मान्छेहरूको ज्यान जोगाउनु पर्ने दबाउ वैज्ञानिकहरूले पनि झेल्न पऱ्यो। सरकारको नीति र घोषणाहरू नै त्यसबेला आधारभूत मार्गदर्शन र मापदण्ड बनेकोले २५ मार्च,२०२० लाई देशले भोगेको कोरोनाकालीन सङ्कटको प्रस्थानबिन्दु मान्न सकिन्छ।

१९ दिनको पहिलो लकडाउनले देशवासीको जीवनमा नराम्रो असर पाऱ्यो। लकडाउन पीड़ादायी र कहालीलाग्दो क्षण थियो। कुनै घरमा कोरोना रोगी फेला परे गाउँ नै 'कोरेन्टाइन' हुनुपर्ने स्थिति अत्यन्त दर्दनाक थियो। यतिबेला सर-गुरुमाहरूले घरमा बसेर आफ्ना विद्यार्थीहरू सम्झिए। नानीहरू स्वभावले नै चञ्चल हुन्छन्। उनीहरूका चाञ्चल्यता अस्वाभाविक नियन्त्रणको कठघरमा उभियो। साथी-भाइहरूसँग चल्दै, जिस्कँदै समूहमा अध्ययन गर्ने नानीहरूका मन एक्लोपनले कति पिरोलिएको होला? हाम्रा मनमा यस्ता प्रश्नहरू जागे। यही पीड़ाले हामीलाई कोरोनाकालमा पनि जोखिम लिन प्रेरित गऱ्यो।

बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि) -ले लकडाउनको समयमा अभिभावक र नानीहरूको असुविधालाई ध्यानमा राख्दै पहिले त नानीहरूले प्राप्त गर्ने मिड-डे मिलको राशन उनीहरूका गाउँ-घरमै पुऱ्याउने काम गऱ्यो। किनभने त्यसबेला खाद्यान्न अभाव व्यापक समस्या बनेको थियो। प्रधानाध्यापक सागर शर्माको नेतृत्वमा शिक्षण तथा गैर-शिक्षण कर्मचारीहरूको टोलीले विभिन्न गाउँमा पुगेर नानीहरूका भागको राशन वितरण गऱ्यो। आशाबारी, पत्तीबारी, फुलबारी, साउँगाउँ, ओदलाबारीमा पानी-झरीको वास्ता नगरी राशन वितरण गरियो। विद्यालयमा दैनिक नानीहरूलाई प्रदान गरिने मध्यान्ह-भोजनको राशिन नानीहरूलाई उनीहरूका गाउँ-घरमै पुगेर बाँड्दा अभिभावकहरू खुशी थिए। यही बेला शिक्षकहरूले उनीहरूका नानीहरूका पढ़ाइ र मनोवैज्ञानिक समस्याहरूबारे प्रत्यक्ष कुराकानी गर्ने अवसर पाए। आकस्मिक रूपमा आइपरेको यो सङ्कटको भेउ पाउन पनि केही समय लाग्यो। यसरी एक महिनासम्म हामीले कोरोनाको स्थितिमाथि निगरानी राख्यौँ। अन्ततः जोखिम मोलेर भए पनि २९ अप्रेल, २०२० देखि नियमित अनलाइन क्लास गर्ने निर्णय लियौँ।

**कोरोनाको जगजगी भएको बेला 'फिल्ड भिजिट'? यो कति जोखिमपूर्ण निर्णय! ज्यान सङ्कटमा पऱ्यो भने के गर्ने? त्यसको जिम्मा कसले लिने? यस्ता प्रश्नहरूले हामीलाई नसताएको होइन। सरकार घरमा बस्ने आदेश जारी गरिरहेको थियो; हामी गाउँ-घरको भ्रमणमा निस्कने निर्णय गरिरहेका थियौँ। कोभिड-प्रोटोकलको उल्लङ्घन कति दुस्साहसपूर्ण!**

यसअघि, हामीले गाउँ-गाउँको सर्वेक्षण गर्नु थियो। किनभने नानीहरूसँग मोबाइल छ कि छैन, नेटवर्क छ कि छैन, उनीहरूका फोन नम्बर कुन हो आदि कुराबारे हामीलाई थोरै मात्र जानकारी थियो। हाम्रो उद्देश्य थियो- सबै नानीहरूले अनलाइन माध्यम शिक्षा प्राप्त गर्न सकुन्। यसको निम्ति हामी गाउँ-गाउँ पुग्नैपर्थ्यो, नानीहरूसँग भेट गर्नैपर्थ्यो अनि अभिभावकहरूसँग पनि अन्तरक्रिया

गर्नैपर्थ्यो। कोरोनाको जगजगी भएको बेला 'फिल्ड भिजिट'? यो कति जोखिमपूर्ण निर्णय! ज्यान सङ्कटमा पऱ्यो भने के गर्ने? त्यसको जिम्मा कसले लिने? यस्ता प्रश्नहरूले हामीलाई नसताएको होइन। सरकार घरमा बस्ने आदेश जारी गरिरहेको थियो; हामी गाउँ–घरको भ्रमणमा निस्कने निर्णय गरिरहेका थियौँ। कोभिड–प्रोटोकलको उल्लङ्घन कति दुस्साहसपूर्ण! यो निर्णयबाट कुनै अप्रिय घटना निम्तिनसक्ने जोखिम पुरै थियो। तथापि हाम्रा प्रधानअध्यापक सागर शर्माले यो जोखिम मोल्ने साहस गरे। स्कूल अथरिटी भएकोले कुनै ठूलो समस्या आइपरे त्यसको जवाबदेहिता उनले नै लिनुपर्ने थियो। उनको आत्मविश्वासलाई हामीले डगमगाउन दिएनौँ। यद्यपि 'फिल्ड भिजिट'–का लागि हेडमास्टरले कसैलाई करकाप गरेनन्। परिवारमा बालबच्चाहरूको स्थिति र स्वास्थ्य जोखिमलाई हेरेर स्वतन्त्र प्रकारले शिक्षकहरू यस अभियानमा सहभागी हुनसक्ने स्वाधीनता हेडमास्टरले दिए। फलतः अभियानको शुरुमा थोरै शिक्षकहरू सहभागी बन्यौँ। बिस्तारै यो अभियानले भरोसा र आत्मविश्वास बटुल्दै गयो अनि बिस्तारै थपिँदै गए थप सरहरू पनि। अन्यत्र घर भएका शिक्षकहरूलाई बोलाउनु सम्भव थिएन। मूलतः स्थानीय शिक्षकहरूकै टाउकामा यो अभिभारा आइपऱ्यो।

हामीले केही दिनमै स्थानीय क्षेत्र एवम् वरपरका सबै चियाबगान र बनबस्ती क्षेत्रहरूको भ्रमण गऱ्यौँ। यो महत् पहललाई अघि बढ़ाउँदै ३१ मई, २०२० मा विद्यार्थी–अभिभावक सम्पर्क अभियानले गति पक्रियो। प्रधानअध्यापकको नेतृत्वमा शिक्षकहरूको एउटा टोलीले एकैदिनमा पाँचवटा ठाउँमा विद्यार्थी–अभिभावक भेला गराएर उनीहरूसँग पढ़ाइसम्बन्धी प्रत्यक्ष कुराकानी गर्न भ्यायो। बाउमावि–का एक दर्जनभन्दा अधिक शिक्षकहरूले यस अभियानमा सहभागिता जनाए। यस दिन बिहान शिक्षकहरूको टोली मङपङस्थित छ ऐकर पुगेको थियो, जहाँ ३२ नम्बर, चेकपोस्ट, छः ऐकर, भाङ्गा र रुङदुङ क्षेत्रका विद्यार्थी र अभिभावकहरू भेला भएका थिए। सामाजिक दूरी कायम राख्दै प्रधानअध्यापकले विद्यार्थीहरूलाई अनलाइन पठनपाठन सम्बन्धी जानकारी गराए अनि उनीहरूका सहभागिता र समझबारे सोधपुछ गरे। शिक्षा प्राप्त गर्ने आफ्नो मौलिक अधिकारबाट विद्यार्थीहरू वञ्चित हुन नपरोस् भनेर आफूहरू गाउँ–गाउँ आएको हामीले अभिभावकलाई बतायौँ। विद्यार्थीका सम्पूर्ण स्थितिबारे जानकारी लिएर उनीहरूका केही समस्या पनि हल गरियो। यसपछि शिक्षक टोली यस भेककै दुर्गम गाउँ मानिएको टोटगाउँ पुग्यो। त्यहाँ विद्यार्थी, प्राथमिक विद्यालयका शिक्षकगण, अभिभावक एवम् स्थानीय समाजसचेतकहरूसँग शिक्षकहरूले प्रत्यक्ष कुराकानी गरे। आफ्नो सम्बोधनको शुरुमै प्रधानअध्यापकले भने, 'सधैँ गाउँका नानीहरू स्कूल पुग्थे, आज स्कूल गाउँमै आएको छ।' शिक्षकहरूले विद्यार्थीका सबै समस्या संज्ञानमा लिए। एन्ड्रोइड फोन नहुनेहरूलाई अन्य विद्यार्थीसँग जोड़ेर उनीहरूका समस्या तत्काल समाधान गरियो। अन्तरक्रियामा सहभागी बन्दै टोटगाउँका अग्रणी समाजसचेतक धनबहादुर छेत्रीले भने, 'यस्तो दुर्गम गाउँमा सरहरू यसरी आइपुगेको खबर सुन्दा म छक्कै परेँ। गरीब–दुःखी परिवारका छोराछोरीहरूको पढ़ाइप्रति गम्भीर भएर यस्तो विकट गाउँमा आइपुग्नु भएकोमा म गाउँवासीकै तर्फबाट कृतज्ञता प्रकट गर्दछु।' बाउमावि–को यो प्रयासको उनले सराहना गरे। टोटगाउँका विद्यार्थीहरूले माध्यमिक र उच्च माध्यमिकमा राम्रो रेकर्ड बनाउँदै आएका छन्। शिक्षकहरूको टोली कच्चा सड़कको बाटो फर्किएर पुनः इलेनबारी पुग्यो जहाँ साना–साना विद्यार्थीहरूले पर्खिरहेका थिए। यहाँ पनि शिक्षकहरूले ग्रुपमा एड नभएका विद्यार्थीहरूका नम्बर लिए, फोन नभएका नानीहरूलाई साथीसँगै बसेर पढ़्ने व्यवस्था मिलाइदिए। शिक्षक टोली त्यसपछि आशाबारीको एउटा शाखा कालागैँती पुग्यो, जहाँबाट बाउमावि पढ़्ने

आदिवासी विद्यार्थीहरूको सङ्ख्या बढ़ी छ। यहाँ प्रायः विद्यार्थीहरूले नियमित क्लास लिइरहेको पाइयो। यस अन्तरक्रियामा स्थानीय शिक्षक तथा युवा समाजसेवीहरूको पनि उपस्थिति रहेको थियो। ठूलो मैदानमा विद्यार्थीहरूलाई दूरी कायम राखेर सम्झाइएको थियो। अन्त्यमा चन्दाकम्पनीमा विद्यार्थी–अभिभावक अन्तरक्रिया सम्पन्न भयो। यहाँ पनि अनलाइन वाट्सएप ग्रुपमा जोड़िन बाँकी रहेका विद्यार्थीहरूलाई प्रारम्भमै जोड्ने काम गरियो। फोन नभएका केही विद्यार्थीहरूलाई स्थानीय समाजसेवी युवाहरूको सहयोगमा पठनपाठनको व्यवस्था मिलाइयो।

३१ मईसम्म हामी लगभग ८०० विद्यार्थी र उनीहरूका अभिभावकसम्म प्रत्यक्ष कुराकानी गर्न पुगेका थियौँ। साँच्चै भन्ने हो भने कोरोनाको जगजगी भएको बेला हामीले ठुलै साहस बटुलेर यत्तिका मान्छेसँग भेट गरेछौँ। हामी घरमै बसेर अनलाइन क्लास मात्र पनि गर्न सक्थ्यौँ, तर फिल्ड भिजिट नगरी वास्तविक स्थितिसँग अवगत हुन सकिँदैनथ्यो। हामीले अधिकांश विद्यार्थीहरूले अनलाइन क्लास गरिरहेका पायौँ। नजोड़िएका विद्यार्थीहरूलाई जोड्यौँ। गाउँको दुःख र नानीहरूका समस्या पनि बुझ्यौँ। यसरी गाउँ–गाउँ जाँदा हामीले धेरै कुरा जान्न पायौँ। हामीलाई समाजका सचेत व्यक्तिहरूबाट अभूतपूर्व सहयोग प्राप्त भयो। कोरोनाको यस्तो महामारीमा पनि सरहरू गाउँ–घरमै आएर यसरी नानीहरूलाई सम्झाएकोमा अभिभावकहरू असाध्यै खुशी थिए।

यसको धेरै महिनापछि विभागले अनलाइन क्लास गर्ने आदेश निकाल्यो र शिक्षकहरूलाई तालिम दियो। बाग्राकोट जस्तो एउटा सानो गाउँको स्कूलले यो कुरा अघिबाटै सोचेर कार्यकर पनि गरिसकेको थियो। विद्यालय र विद्यार्थीप्रति प्रतिबद्ध युवा एवम् ऊर्जावान प्रधानाध्यापक सागर शर्मामा हामीले दूरदर्शी, नवोन्मेषी र सृजनात्मक कार्यपद्धति देखेका छौँ। हामी पनि अधिकांश सरकारी स्कूलले जस्तै विभागीय आदेश पर्खेर बस्न सक्थ्यौँ। घरबाट निस्केपछि कोरोना लिएरै फर्किनसक्ने सम्भावनाबीच हामी फिल्ड भिजिटमा गएका थियौँ। त्यो जोखिम लरतरो थिएन। म आफै पनि कोरोनाबाट आक्रान्त भएँ। तर, फिल्ड भिजिटको कारणले म कोरोना सङ्क्रमित भएको थिइनँ। हाम्रो यो आँट र प्रतिबद्धता देखेर अभिभावकहरू खुशी हुन्थे भने केहीले यसलाई 'दुस्साहस' पनि माने। उच्च सतर्कता र सामाजिक दूरी कायम राखेर हामीले यो अभियानलाई पूर्णता दिएकोले कुनै अप्रिय घटना हुन पाएन। हरेक दिन चुनौतीहरू हामीसँगै बाहिरिन्थे र हामीसँगै घरभित्र पस्थे। तर सङ्कल्प र साहस भयो भने जस्तै चुनौती पनि पार गर्न सकिँदो रहेछ भन्ने अनुभव पनि हामीलाई कोरोनाकालले नै दियो।

सङ्कटको यो बेलामा गरिएको कामले हाम्रो आत्मविश्वास बलियो बनाएको छ। हरेक गाउँ–बस्तीका सचेत व्यक्ति, समाजसेवी, बुद्धिजीवी एवम् अभिभावकहरूले यसअवधि गरेका सहयोग र सहकार्यले हामीलाई थप प्रेरित गरेको छ। भविष्यका कर्णधारहरूप्रति हाम्रो कर्तव्यनिष्ठा, प्रतिबद्धता र कर्मसंस्कृतिले सामाजिक मान्यता पाएको छ। जिल्ला प्रशासन, विभागीय अधिकारी, युनिभर्सिटीका प्राध्यापकगण एवम् पेशागत शैक्षिक संस्थाहरूबाट पाएको प्रत्यक्ष–परोक्ष स्याबासी, सराहना र सम्मान हामीले दुःखले अर्जेका सम्पत्ति हुन्। त्यसकारण ती हाम्रा लागि अमूल्य छन्। यो अभियानले अभिभावकहरूलाई उनीहरूका जिम्मेवारी र कर्तव्यबोधप्रति सचेत र प्रेरित गराएको छ। राम्रो कामका लागि महत् उद्देश्य र असल नियतमात्र भएर नपुग्दो रहेछ, आँट र दह्रो भरोसा पनि हुन पर्दो रहेछ भन्ने बोध पनि भएको छ।

कोरोना एक्काइसौँ शताब्दीमा विश्व मानव समाजले भोगेको ठूलो त्रासदी हो। तर विश्वसमाजले नै यो त्रासदीभित्र त्राण खोज्यो अर्थात् सङ्कटले नै हामीलाई यसबाट बाँच्न सकिने उपायहरूतिर धकेल्यो। भविष्यमा आइपर्नसक्ने यस्ता जोखिमबारे सचेत गरायो। सङ्कटभित्रै सम्भावना पनि निहीत हुन्छ भन्ने सकारात्मक सन्देश दिएर गएको छ कोरोना। ●

**कोरोनाकालीन संस्मरण-१**

# छली-संवाद

तारिख:२३ अप्रेल,२०२०, समय: १४.५९ बजे अर्थात् २ बजेर ५९ मिनट

मः ''हल्लो..., शम्भू छेत्रीज्यू बोल्दै हुनुहुन्छ?''

''हजुर। हजुर को बोल्नु हुँदैछ?''

मः ''तपाईँको नानी सौरभ छेत्री हाम्रो स्कूलमा पढ्छन्। म उनकै क्लास टिचर बोल्दैछु, रूपेश सर।''

मः ''तपाईँ कहाँ बस्नुहुन्छ?''

मः ''इलेनबारी?''

मः ''छेउमा नानी छ?''

''छैन त सर। उता, कोनि कता खेल्नु गा'को छ।''

मः ''ल ठीक छ। तपाईँ नानीको गार्जियन हुनुहुँदो रहेछ। मेरो कुरा राम्रोसँग सुन्नुहोस् है।''

''के होला कुरा सर?''

मः ''हामीले अनलाइन क्लास शुरु गर्ने भएका छौँ। अब नानीहरूको रेगुलर पढ़ाइ हुन्छ। २९ तारिखदेखि हामी वाट्सएपमा पढ़ाउन थाल्छौँ। तपाईँको छोराले हाम्रो फेसबुक पेज हेर्दैछ?''

''सर त्यो त म जान्दिन, त्यो फेसबुक भनेको के हो, कसरी चलाउँछ?''

फेसबुक कसरी चलाउँछ, गाउँ-बस्तीका केही मान्छेले नजान्न पनि सक्छन्। तर फेसबुक के हो भन्ने सोधनी अलिक अटपटा लाग्यो मलाई। मेरो मनमा चस्का पस्यो। सोझो प्रश्न-उत्तर प्रवाहमा बाधा दिन एउटा भ्याकुम बनियो। मेरो पाचन-ग्रन्थिमा अचानक अपच ग्यास भरियो।

मैले फेरि विनम्रतापूर्वक भने,''ठीकै छ, छोरा आएपछि मेरो यो नम्बरमा फोन गर्नु भनिदिनुहोस् न। म उसैसँग कुरा गर्छु। यो नम्बर सेभ गरिराख्नुहोस्।''

''सर, नम्बर कसरी सेभ गर्छ? मलाई आउँदैन।''



▣ **रूपेश शर्मा,** सह-शिक्षक

मः ''गाउँमा छिमेकीहरू होलान् नि, उनीहरूलाई टाइम बताएर यतिबेला आ'को फोन नम्बर सेभ गरिदेऊ भन्नुहोस् न अन्त।''

''सर, मेरो घर इलेनबारी निक्कै तल हो, खोलाको छेउमा। कसलाई भन्नु? छेउछाउमा त्यस्तो मान्छे नै छैन।''

मलाई अब हाँस उठ्न थालिसकेथ्यो। तथापि धैर्य शैलीमै भने,''त्यसो भए इलेनबारीको लभ-कुशका बाबा विकास छेत्री चिन्नुहुन्छ होला नि? भोलि बिहान उनको घरमा आएर वाट्सएप नम्बर मागेर मलाई दिनुहोस्। छोरा दिउँसो-दिउँसो त्यही आएर पढ्दा पनि हुन्छ। उनीहरू मेरै क्लासका हुन्।''

''म विकास छेत्री चिन्दिन न त सर। फेरि, बिहानै घाँसमा जानुपर्छ। घाँस-दाउरा गर्दै दिन बित्छ। कहीँ जान भ्याइँदैन। बरू हजुर नै हाम्रो घर आएर नानीलाई पढ़ाइदिनु भए राम्रो हुन्थ्यो।''

इलेनबारी कत्रो पो छ र? हन, आफ्नै गाउँको मान्छे चिन्दिन भन्छन् यी मान्छे। आश्चर्य!

''तीन दिनजति बसेर पढ़ाइदिनु भयो भने त भइगो नि!''

उनले फेरि मलाई अर्ग्यानिक हाँसो हँसाए। एक्साइटमेन्टमा हाँस्दा राम्रैसँग खित्का छुट्छ मेरो। फोनको गफमा यस्तो खित्का छुटिरहन्छ घरमा। घरकाहरू कि मुसुमुसु हाँस्दा हुन्, कि 'भेटेछ' भन्दा हुन्। अनुमानकै कुरा न भो!

यो अपत्यारिलो आग्रहले मलाई अनौठो अनुभूति दियो। कानमा टँसाएर बोलिरहेको फोनको स्क्रिनमा नम्बर हेरेँ, अनि फेरि बात गर्न थालेँ। हेडफोन एककाने भएर टेबलमै तननन तन्किरहेथ्यो। तर भाँतीपूर्ण भाका फेरिन। भने,''त्यस्तो कहाँ हुन्छ। एकदिनको कुरा हो र! त्यै पनि तपाईंको घरमा आउनु कहाँ मिल्छ? लकडाउनले गर्दा पुलिसले कसैलाई घरबाट बाहिर निक्लन दिएको छैन। फेरि, मैले तपाईंको नानीलाई मात्र पढ़ाएर हुन्छ, अरूलाई पढ़ाउन पर्दैन?''

''सर, एक-दुई दिनको त कुरा हो''-उनको बचकनाले मलाई फेरि फोहोरा छुटायो।

मैले उनलाई सम्झाएँ-''मेरो कुरा तपाईँले मोटामोटी बुझ्नुभयो होला। संसारमा हरेक समस्याको समाधान छ। केही न केही जुक्ति त होला नि! छोराको पढ़ाइ बिग्रिन्छ भन्ने लाग्दैन? लाग्छ भने, तपाईँले हामीलाई सहयोग गर्नुपर्छ। यो नम्बर सेभ गर्न लगाउनुहोस् अनि छोरा आएपछि मलाई फोन गर्न भन्दिनुहोस्। तपाईँ पनि आफ्नो पक्षबाट कोशिश गर्नुहोस् न।'' उनले अन्तमा सोधे-''हजुरको नाम के पो भन्नुभयो सर?''

मैले आफ्नो परिचय दोहोऱ्याए। त्यसपछि हाम्रो संवाद सकियो। दुवैतिर सिरियस गफ भएछ-८ मिनट ३६ सेकेण्ड। शुरुका छः मिनट साँच्चै म इलेनबारीकै गार्जियनसँग थिएँ। जतिबेला मैले मोबाइल आफ्नो तातिएको कानबाट अलिक तल झारेर हेरेँ, मेरो खित्कासँगै लोकेसन फेरियो।

तपाईँहरूलाई थाहा छ म कोसँग बोलिरहेथेँ?

ती व्यक्ति अरू कोही थिएनन्, हाम्रै अमित गुरुङ सर थिए। अर्थात् 'छली-संवाद'-का स्क्रिप्ट राइटर। अमित गुरुङका आधा दर्जन जति फोन नम्बर मसँग अघिबाटै सेभ छन् अनेक परसर्गहरूमा। मैले बात गरिरहेको नम्बर सेभ रहेछ 'अमित गुरुङ बीएचएस भोडा' नाममा। एकदिन अघि मात्र एकजना विद्यार्थीको नम्बरमा कल गर्दा अमितले नै उठाएका थिए। तर, त्यसबेला यस्तो छली-संवाद भएन। त्यो नम्बर पनि मेरोमा सेभ नै थियो। शम्भू नामको नम्बर भने डायल ठोक्नेबित्तिकै कानमा टसाइहाल्दा यो प्रहसन जन्मियो। बात गर्दा म आफ्नै फ्लोमा हुन्छु, जोसँग पनि। अमितलाई त्यही फ्लोले रोमाञ्चक बनायो; नाटककार र कलाकार बनायो।

नढाँटीकन भन्छु-अमित नै हो भन्ने अप्रत्यासित सत्य स्क्रिनले बकेपछि एकपल्ट त म रातोपिरो नै भएँ। तर तत्कालै सम्हालिएँ। अनि संवादलाई इन्जोयएबल बनाउनपट्टि लागे उही फ्लोमा, जसमा कि अमितलाई शङ्का नहोस्।

अमितले सम्झिरहेथे-आज रूपेश दाजुलाई खिल्ली बनाएँ; म सम्झिरहेथेँ-म खिल्ली भएको भ्रममा अमित आफै बिल्ला भए। खासमा, हामी आठ मिनटदेखि खिल्लाखिल्ली/बिल्लाबिल्ली खेलिरहेथ्यौँ। मैले देवकोटालाई पनि सम्झेँ-"राम्रो बनाउने भावले मान्छेको कला बिग्रन्छ।" शुरुमा अमित राम्रो कलाकार, अन्त्यमा म राम्रो कलाकार। तर दुवैका 'कला' एकअर्काका लागि भद्दा मजाक।

क्लास एट् ए मा क्लास टिचर हुँदा थुप्रै विद्यार्थीको नम्बर अमितकै नम्बर थिएछ। झण्डै ६ जना जति त्यस्ता विद्यार्थी त मैले नै भेटेँ। म नाइन ए-को क्लास टिचर। अमितको नम्बर बिरासतमै पाएँ। नाटकको पृष्ठाधार थियो डी.सी.एफ.(डाटा क्याप्चर फरम्याट) नम्बर।

संवाद सकिएको लगत्तैपछि मैले अमितलाई फोन गरेँ। उठाएनन्। नउठाउनु नियोजित मनोविज्ञानको हिस्सा थियो। त्यति बुझ्न मलाई कुनै आइतवार (फुर्सदको दिन) पर्खन पर्दैनथ्यो।

त्यसपछि मेसेज गरेँ, के ताल हो केटो?

केही क्षणपछि उनको फोन आयो। अमित अभिनय गर्न खोज्दैथिए, मेरो हाँसोले उनको नाटकको बेलुन प्वाट्टै फुटाइदियो अनि भयो, छली-प्रहसनको पर्दाफास (यो नाटक आकस्मिक भएकोले यहाँ पर्दा खोलिनु र बन्द हुनुको सट्टा 'पर्दाफास' भएको छ)।

दुवै गज्जबले हास्यौँ, लगभग तीस सेकेण्ड। मानौँ, दुवै सँगै बसेर कपिल शर्माको 'कमेडी नाइट्स' हेरिरहेका छौँ। जहाँ अर्काको खिल्ली उड़ाउँदा भुड़ी मिचीमिची हाँस उठ्छ। अनि, आफू स्वयं हाँसोको पात्र हुँदा पनि उस्तै इन्जोय गरिन्छ। कृत्रिमताले भरिएको आजको समयमा यस्तो अर्ग्यानिक हाँसो मुश्किलले निस्कन्छ। यहाँ न सुपरिटी थियो, न इनफेरिटी; न ग्लानि, न टीठता। तेस्रो पात्र छैन अनि दुवै पात्रले एकअर्कालाई हाँसोको पात्र बनाउँदैछ भने कम्ती मज्जा आउँछ!

मान्छे स्मार्ट 'एक्सपोज्ड' नभइञ्जेलसम्मका लागि मात्र हो; जसरी अधिकांश नेताहरू इमानदार हुन्छन् अवसर नपाउञ्जेलसम्मका लागि। कतिपय मान्छेको स्मार्टनेस यस्तो पनि हुन्छ-बलेको आगो ताप्दा-ताप्दा आफ्नो हात डढ़ेको पनि थाहा पाउँदैन। अरूले भन्दिनुपर्छ-तिम्रो हात त जलिसक्यो। संसारमा भ्रमभन्दा मीठो के पो होला र!?- भ्रम परम् सुखम्।

प्राय: मान्छेले आफूभित्र एउटा खिल्ली-ग्रन्थि आविष्कार गर्छ। त्यो ग्रन्थि परजीवी भए रोगात्मक बन्छ र तुष्टिकरणको झिँगेदाउमा बस्नुपर्छ; आत्मजीवी भए उपचारात्मक बन्छ र शक्तिमा फेरिन्छ। यसले स्व र समूह नामका दुई च्याम्बर बनाउँछ। अनि, अचेतनको त्यो शक्तिशाली ग्रन्थिसम्म पुगेर नैदानिकता खोज्छ। अघिल्लो ग्रन्थिका आविष्कारकहरू हामी घरैपिच्छे भेट्छौँ; पछिल्लो ग्रन्थिका आविष्कारकहरू हजारौँ घरमा एक। दुवै ग्रन्थि आ-आफ्नो क्षेत्रमा शक्तिशाली नै हुन्छ। तर, पहिलो ग्रन्थि असफलतामा झुलिबस्छ, दोस्रोले सफलताको इतिहास रच्छ। हरेक सफल मान्छेको सफलताको कहानी खिल्लीबाटै शुरु हुन्छ।

अमित भन्दैथिए, तपाईँको कन्भिन्स पावर चाहिँ खतरै रहेछ। स्टुडेन्ट्स पढ्छ कि पढ्दैन, थाहा छैन। गार्जेन चैँ पक्कै पट्टिने रहेछ।

मलाई पनि सोध्नु मन छ, यसमा चैँ कुन हाँस्य रस छ, अमित!?

अब अमित र म एकअर्कालाई हेर्दै इसारामा हाँस्ने भएका छौँ, जस्तो कि त्यसको चार दिनपछि स्कूलको मिटिङमा मास्क नखोली दुवै गललल हाँस्यौँ। हाँस्दा दाँतै देखिनुपर्छ भन्ने पनि नहुँदो रहेछ। आँखीभौँको डिलडिल हुँदै त्यो उज्यालो त निधारैसम्म पो पुग्दोरहेछ। मन खोलेर हाँस्न हामीले कत्ति पो सकेका रहेछौं र!?

मान्छे आत्मीय भन्दा बढ़ी औपचारिक सम्बन्ध मन पराउन थालेको छ; यथार्थ भन्दा भर्चुअल रियालिटीमा रमाउन थालेको छ। हाँस्न पनि कन्जुस गरियो भने आत्मा त मर्दै पो जाने रहेछ। बेलाबखत मान्छेले आफैलाई सुमसुम्याउनु पर्दो रहेछ; आत्मसम्बोधन गर्नु पर्ने रहेछ।

कोरोनाको कहरमा कमेडीको कम किम्मत छ र?

मनोविज्ञानीहरू भन्छन्-चित्त शुद्ध राख्न जैविक हाँसो हास्नुपर्छ। शरीरविज्ञानीहरू पनि उस्तै कुरा भन्दारान्- खुलेर हाँस्दा जीवनले ताजा प्राण पाउँछ; ज्यानमा अर्कै त्राण आउँछ।

यो अबेलामा कुनबेला अबोला हुनुपर्ने हो, कसलाई थाहा? आशाका दृष्टिले तर सधैँ देख्नुपर्छ महाविनाशपछिको महानिर्माण पनि:

जीवनले भर छोड़ेको बेला छ यो
सास अभरमा परेको कुबेला छ यो,
चैते आँधी-हुरीको विध्वंसपछि
वसन्ते आशको सुबेला छ यो।

आखिर, सोच्ने तरिका नै हुँदो रहेछ सङ्कटमा पनि मान्छेलाई आशावादी बनाइराख्ने कारक।

**(रचनाकाल: २७ अप्रेल, २०२०)** ◈◈

**कोरोनाकालीन संस्मरण-२**

# फाइनल टेक

**दृश्यः१**

''...सेक्सपियर एक लेडी पात्राको सुन्दरताको बखान आफ्नो सोनेटमा गरिराख्न चाहन्छन्, जसबाट ती पात्रा सधैँ जीवित रहन सकुन्। नेपालीमा पनि हामी देख्छौँ, 'काली केटी'-लाई जीवन्त बनाउन पारसमणि प्रधानले कति सुन्दर-सुन्दर रचना लेखेका छन्....''

युटूब च्यानलका लागि ह्वाइट बोर्डमा सेक्सपियरको सोनेट 'सेल आइ कम्पेयर दी (यू) टु अ समर्स डे' सुट गर्दागर्दै सागर सरको मुखबाट फुत्कियो। मोबाइलको क्यामेरा अन छ। भिडियो एडिटिङको व्यवस्था छैन। २४.१० मिनटको भिडियोमा १५.१४ मिनटमा सागर सरको जिब्रो चिप्लिएथ्यो। म सँगै थिएँ, मुख बिगारेँ। मेरो बडी ल्याङग्वेजमा उहाँको नजरै परेन। सुट सकिएपछि मैले भने,''पारसमणि प्रधान होइनन्, राजनारायण प्रधान हुन् सर।'' सागर सर विस्मातमा पर्नुभो। भन्नुभयो,''मलाई सङ्केत गरेको भए हुन्थ्यो त अन्त। बीचमा एडजस्ट गरिहाल्थेँ नि!'' ''बुझ्ने सङ्केत गरेको भा भिडियो बिग्रिन्थ्यो। अनि, फेरि रिटेकको दुःख''-मैले चित्त बुझाइदिन खोजेँ। विस्मातमै विसर्जन भयो पाठ विश्लेषण।

**दृश्यः २**

म बाह्रौँ श्रेणीको 'यात्री' कविता बोर्डमा पढ़ाउन कस्सिएँ। भिडियो ३४.२ सेकेण्डको भएछ। २५ मिनटतिर पुग्दा आर्मी क्याम्पमा पत्कर पोलेको धुँवा खिड्कीबाट हुसुसु पस्यो। हामीले दुःखले अर्जेको मायालाग्दो स्टुडियो कुइरीमण्डल भयो। दम बढ्न थालिगो। सास फेर्नु कि पढ़ाउनु!? खिड्कीपट्टि हेरेको मात्रै थिएँ, हातको इसाराले केही त भनिहालेछु। तीमाथि 'देवकोटा ४९ वर्ष, १० महिना १३ दिन बाँचे' भन्नु पर्नेमा ३९ वर्ष भनिपठाएछु। त्यो भिडियो एडिट नहोउञ्जेल मेरो सङ्कोच पनि के एडिट होला र!?

**दृश्यः ३**

छोटो-छोटो स्लटहरूमा भिडियो बनाउनु थियो। आठ मिनट म्याथ पढ़ाइसकेपछि अर्जुन सर मोबाइलको क्यामेरामा भिडियो सेभ गर्न पुग्नु'भो। ला, के भयो? साउण्ड नै गायब। दुइपटकको रिटेकमा पनि मोबाइल क्यामेराको दग्दी उस्तै। हरेश खाएर अर्जुन सरले भन्नुभयो,''आ..., म घरबाटै गर्छु।''

**दृश्यः ४**

पारस सर अलिक लज्जालु। चार मिनट त राम्रै फ्लो थियो। त्यसपछि अनुहारमा चमक हरायो। आठ मिनटपछि उनी क्यामेराबाट निस्किए। भरे बुझेको त, सागर सर र मलाई छेउमा देख्दा उनलाई असहज भएछ। हामी बाहिरियौँ, यतिबेलै केही सरहरू भित्रिए। पारसलाई अब सजिलो भयो। पछि थाहा पाइयो, उनले १७ मिनटको क्लास गरेछन्, तर ८ मिनट मात्रै रेकर्ड भएछ। फ्लो त राम्रो थियो, तर अघि एकजना सरले क्यामेरामा पोजिसन हेर्दा क्यामेरै अफ् गरिपठाएछन्-अञ्जानैमा। पारस बोलिरहे, क्यामेरा नबोली बस्यो। मज्जाले बोलिरहेका पारसलाई कस्तो बेमज्जा भयो होला?

**दृश्यः ५**

बुधवारदेखि वाट्सएपमा पढ़ाइ शुरु भयो। पहिलो क्लास त बाफरे! नानीहरूले पसिनै छुटाए। बिटिटी ग्रुपमा लेख्छन्, थामी नसक्नु। एकछिन ढिलो

भा'को, एकजना गार्जियन लेफ्ट भइहाले। केही सरहरूको वाट्सएप स्क्रिन मेसेन्जरमा रेकर्डिङ... मात्र देखाउँछ, मेसेज आउँदैन। यता नानीहरूले भनि त हाले, ''सर, पढ़ाइ नै भा'को छैन।'' साँच्चै, यो संसार धेरै अधैर्य भइसकेछ।

एउटा सब्जेक्टमा त नानीहरूले अन्तसम्म पाठै भेटेनछन्। भरे, पढ़ाउँदै गरेको किताब त अर्कै क्लासको पो परेछ। नम्बर (४/५) मात्र भएको किताबले पनि कम्ती अठ्याङ पार्छ?

**दृश्य ६ (श्रव्य):**

बिहीवार पढ़ाउँदा पढ़ाउँदै रचना मिसको फोन ह्याङ भएछ। मसँगै उनी पनि नाइन ए-को क्लास टिचर। उनको अत्तालिएको बोलीमा पसिना छुटेको थाहा हुन्थ्यो। दिनभरि कोशिश गरि'छन्। बल्लतल्ल खुल्दा पनि १७% भन्दा उकालो चार्ज नै चढ़ेनछ। हत्तु भएपछि बेलुकी ४ बजेतिर फोन गरेर भनिन्, ''सर, मैले छोटो भिडियोहरू बनाएको छु। मेरोबाट सेन्ड नै भएन। अहिले तपाईँकोमा पठाइ'राख्छु, भोलि बिहान १० बजेसम्म त आइपुग्छ होला नि! जोग्राफी पिरियडमा ग्रुपमा हालिदिनु होस् ल।'' मैले पनि ठट्टा गरेँ, ''राति १२ बजेतिर एकपल्ट म कन्फर्म गर्दिन्छु। आएन भने रिसेन्ट गर्दिनु, है!'' उनी पनि अम्बानीकै मारमा परि'छन् अर्थात् 'पोर कनेक्सन अफ् जियो'।

**दृश्यः ७ (श्रव्य):**

''विवेक सर बोल्नुहुँदैछ? सर म 'फलानो' नानीको गार्जियन बोल्दैछु। मेरो नानी क्लास फाइभमा पढ्छ। अनलाइन क्लास हुँदै रै'छ। नानीले मलाई अचानक भन्यो। म चेन्नईमा छु। मेरो नानीलाई तपाईँको दोकानबाट छः/सात हजारको एउटा एन्ड्रोयड मोबाइल दिनुहोस् न। मलाई तपाईँको एकाउण्ट नम्बर पठाइदिनुहोस्। म पैसा हाल्दिहाल्छु। अनलाइन क्लासमा नानी पढ्नबाट नछुटोस्, प्लीज सर।''

ओहो, अभिभावकको यो चासो कति लोभलाग्दो। जोहो गरूँ-गरूँ लाग्ने। हामीलाई कति उत्साहित बनाउने।

**रेण्डम अनुभवः ८**

अनलाइन क्लासको पहिलो दिन एउटा नानीको नम्बरबाट पर्सनल टेक्स आयो, ''सर, यो कसको नम्बर हो?''

मः ''रूपेश सर।''

नम्बर सेभ थिएन। दोस्रो दिन भन्छ-''फोटो पठाऊ त!'' के भा'को यस्तो? कन्सिरी तातियो, ब्लक ठोकिदिएँ।

'हु आर यू?'-एकजना सरलाई स्टुडेन्टले वाट्सएपमा सोधेछ। सरले छक्कै परेर मलाई सुनाउनुभयो। यस्ता किस्सा दुई दिनमै कति बने कति। गुरुमाहरूका अनुभव सुन्न बाँकी नै छन्।

केही विद्यार्थी लकडाउनको दाम्लोले कस्सिएरै बाँधिएछन्। अचानक दाम्लो खोलिँदा बाछा उफ्रेजस्तो, साइबर-हाइवेमा बुर्कुसी मार्दै कस्तरी उफ्रेका!?

**रिहर्सल-पीड़ा**

नयाँ काममा मात्र होइन, अभ्यस्त काममा पनि 'रिहर्सल-पीड़ा' चाहिँ खतरै हुँदो रहेछ। रिहर्सल गर्दा पनि पीड़ा, नगर्दा पनि पीड़ा।

दशकअधिको कुरो। भानु मैदानमा एउटा ठूलो जनसभा थियो। मानिएका ठूला नेता १० बजेको सट्टा १ बजे आइपुगे। अपार भिड़। यताका छानिएका नेताले स्वागत वक्तव्य राख्नु थियो। घागडन नेता ढिलो आएकाले कार्यक्रममा फेरबदल भयो। स्वागत वक्तव्य राख्ने व्यक्ति बीचमा बोल्न पर्ने भयो। वक्ता स्टेजपट्टिबाट बिच्किँदै निस्किए। भने, ''म बोल्दिन।'' मैले उनको समस्या बुझ्ने प्रयास गरेर सोधेँ। ''मैले स्वागत वक्तव्यकै स्क्रिप्टमा रिहर्सल गरेको छु, अन्त

बीचमा चैँ कसरी बोल्नु?'' रिसाउँदै उनले गाँठी कुरा खोले। यो रिहर्सल-पीड़ा मैले बुझेँ।

**'आज तक'-की एंकर अञ्जना ओम कश्यपले एकपटक आफ्नो परिचय दिँदै भनिन्,''अञ्जना मोदी कश्यप।'' चौबीस घण्टै एंकरिङ गर्ने चर्चित एंकरको जिब्रो यसरी चिप्लिन्छ भनेर कसले सोच्छ? सोसियल मीडियामा यो राम्रै भाइरल भयो। ट्रोल त कति हो कति। हिजोअस्ति हो,'आज तक'-ले फेरि भन्यो,''पश्चिम बंगाल में लकडाउन ४० अप्रेल तक बढ़ा।''**

**कस्ता-कस्ता सेलिब्रिटी, सुतीखेती त्यही भएका, दैनिक कामै त्यही गर्नेका त जिब्रो चिप्लिन्छन्, तपाईँ/हाम्रो चिप्लिनु कुन आश्चर्यको कुरा हो र?**

**हामीलाई थाहा छ, एक-दुईपटक जिब्रो चिप्लिँदैमा मान्छेले बोल्न छोड्दैन।**

एकजना ठूला नेता मध्य मार्चमा एउटा प्रोग्राममा बोल्दैथिए। शुरुमै छक्क पारे-''रेस्पेक्टेड युनियन मिनिस्टर फर...., अवर क्याबिनेट कलिग्स, डिग्निटरिज एण्ड....। हेप्पी न्यू इयर टु अल अफ् यु...।'' सबैले मुखामुखी गरे। तर पछि गुत्थी खोलियो, नेताले जनवरीको स्क्रिप्ट पढ़ेछन्। जनवरीमा आउने सेन्ट्रल मिनिस्टरको प्रोग्राम सरेर मार्चमा पुगेको थिएछ। तर, स्क्रिप्ट चाहिँ सेक्रेटेरीले जनवरीकै थमाइदिएछन्। बौद्धिक क्षितिजतिर जान रुचाउने पाइलटले त झन् इमरजेन्सी ल्याण्डिङका लागि जहिले-तहिले प्यारासुट भिरेर हिँड्नुपर्ने रहेछ। नेता थिए, सेफ ल्याण्डिङ नै भए। आम मान्छे भा'का भए दुर्घटनामा पर्ने पक्का थियो।

'आज तक'-की एंकर अञ्जना ओम कश्यपले एकपटक आफ्नो परिचय दिँदै भनिन्,''अञ्जना मोदी कश्यप।'' चौबीस घण्टै एंकरिङ गर्ने चर्चित एंकरको जिब्रो यसरी चिप्लिन्छ भनेर कसले सोच्छ? सोसियल मीडियामा यो राम्रै भाइरल भयो। ट्रोल त कति हो कति। हिजोअस्ति हो,'आज तक'-ले फेरि भन्यो,''पश्चिम बंगाल में लकडाउन ४० अप्रेल तक बढ़ा।''

कस्ता-कस्ता सेलिब्रिटी, सुतीखेती त्यही भएका, दैनिक कामै त्यही गर्नेका त जिब्रो चिप्लिन्छन्, तपाईँ/हाम्रो चिप्लिनु कुन आश्चर्यको कुरा हो र?

हामीलाई थाहा छ, एक-दुईपटक जिब्रो चिप्लिँदैमा मान्छेले बोल्न छोड्दैन। १००% परफेक्ट संसारमा कोही हुँदैन। अनि, नकारात्मकता व्याप्त छ भन्दैमा सकारात्मकताले आत्महत्या गरिहाल्दैन।

सर/गुरुमाहरू रातदिन खट्नुहुँदैछ। अधिकांश टिचरहरूको सुताइ भोलिपल्ट (१२ बजे उता) हुँदैछ। हामी सक्दो प्रयास गरिरहेछौँ।

हामी सिकाउनलाई सिक्दैछौँ;सिक्नलाई सिकाउँदैछौँ।

जोखिम मोल्ने फाइनल टेकहरूमा हाम्रो आँट, पूर्वाधार नहुँदा पनि आधार खोज्ने प्रयास अनि भिजुअलाइज्ड हुन नसकेका अनगन्ती 'स्पेस'-भित्रै बढ़्दैछ बाउमावि-को भावी रेभेन्यू। हाम्रो एक्साइटमेन्टले कोरोनाको कहर समेत भुलिपठाएको छ।

सङ्कटको यो बेलामा पनि म देखिरहेछु-कालो बादलभित्र सेतो चाँदीको घेरा।

**रचनाकाल: १ मई, २०२०** ◈◈

## कोरोनाकालीन संस्मरण-३

# केटाकेटी आखिर केटाकेटी नै हुन्

''नानी हो, तिमीहरूलाई अनलाइन क्लास कस्तो लागिरहेछ ?''

२१ मई, २०२० को २ बजे नेपाली व्याकरण पढ़ाउँदै गर्दा कविता मिसले सातौँ श्रेणीका नानीहरूलाई सोधिन्।

''मिस राम्रो लागिरहेछ..''

''मिस मलाई पनि राम्रो लागिरहेछ...''

''मिस मलाई नि राम्रै लागिरहेछ...''

मलाई लाग्यो, विद्यार्थीहरू छुट्टाछुट्टै कोरस गाउँदैछन् एउटै लयमा। म ल्यापटपमा सबै अनलाइन क्लास मनिटरिङ गरिरहेको छु।

अचानक समवेत स्वरको लय बिग्रे जस्तो भो- ''मिस, मलाई त राम्रो लाग्दैन। स्कूलमा सबै सँग बसेर पढ्थ्यो, अहिले घरमा एक्लै-एक्लै बसेर पढ्दैछु। त्यसकारण राम्रो लाग्दैन''-एउटी आदिवासी नानीले भनिन्। मलाई यिनी सिरियस लाग्यो।

दैनिक अनलाइन क्लास मनिटरिङले मलाई नानीहरूको मनोविज्ञान बुझ्न निक्कै सहयोग गरेको छ। नानीहरूले सुनाए,-'घरमा बस्दा अल्छी लाग्छ। पढ्न त पर्छ, तर खेल्न पाइँदैन' आदि-इत्यादि। तिनै आदिवासी नानीले फेरि भनिन्,''म सर-मिस हर्लाई पूरा 'मिस' गर्छु। मिस, तपाईँलाई अहिले भर्खर चिन्छु। पारस सरहरू अहिले चिन्दैछु। थुप्रै सरहरू चिन्छु कि, नाम जान्दिन। नेपाली-क-ख पढ्नु जान्दिन, तर मैले पढ्नुपर्छ भन्ने जान्छु (जान्दछु)।'' नानीको कुराले मलाई भावुक बनायो। यिनले धेरै कुरा खोलिन्। घरको दुःख उनले नभनेरै मैले थाहा पाएँ। कति नैसर्गिक बालापन। 'लेखकहरू साना-साना कुरामा भावुक हुन्छन्'-एकजना साथीले कुनै दिन मलाई भनेको सम्झेँ। तर यो 'सानो कुरा' लागेन मलाई। लिसरिभरकी लोहार नानी (मैले फोन नै गरेर स्याबासी दिए उनलाई; यहाँ नाम भन्दिन)-लाई मैले चिनेको छैन, तर सायदै अब म उनलाई भुल्छु।

नानीहरूसँग झ्याम्मिने कविता मिसको तरिका मन पऱ्यो मलाई। उनले बोलेको एउटा मीठो शब्द मैले जोहो गरेँ आफ्नो शब्दकोशमा। नेपाली पढ़ाउँदै गर्दा एक दिन उनले नानीहरूसँग भनिन्-''अर्को क्लासमा म सोध्छु, तिमीहरूले प्लाट्ट-प्लाट्ट भनिहाल्नुपर्छ आन्सर, बुझ्यौ ?'' डुवर्समा हामी धेरै कम्तीले भन्छौँ 'प्लाट्ट'। मलाई सानो छँदाको याद आयो, लाबर (रबर) तन्काएर प्लाट्टै प्लाट्टै झिँगा मारेको। साँच्चै, बोलीबिना भाषाको कल्पना पनि गर्न सकिँदैन। जनबोली भाषाबाट कटिंदा हामी समृद्ध भाषाको पहुँचबाट बाहिर हुन्छौँ।

१८ मई, २०२० को दिन १ बजे समीर सरको क्लास थियो। सातौँ श्रेणीमा पढ़ाउँदै थिए उनी। उनले नानीहरूलाई सोधे-''भारत स्वाधीन बनाउन योगदान दिने कुनै गोर्खा सपुतको नाम थाहा छ तिमीहरूलाई ?'' प्रश्न पूरा हुन नपाई भोयस मेसेज आयो,-''सर, विमल गुरुङ।'' त्यसपछि नानीहरू मौन। मेरो हाँसो थाम्मिन निक्कै समय लाग्यो।

### ग्रुपमा झगड़ा

क्लास सिक्समा स्वस्तिक सरले फर्स्ट पिरियडमा एटेन्डेन्स माग्न थाले। त्यसबेला नेट निक्कै स्लो थियो। अपलोड हुन बाँकी थ्यो उनको अडियो। केटाकेटी बाझाबाझ गर्न थालिहाले। ''यो क्लासमा

जहिल्यै ढिलो आउँछे''–एउटीले प्याँच्चै भनिन्। ढिलो आउनेलाई इगोमा लागिगो–''मलाई थाहा छ नि म ढिलो आए भनेर। तँ चैँ बाठ्ठी भएर ग्रुपमा किन बोल्नु?'' 'बाठ्ठी' झन् के कम?–''ओइ! को हो त्यो? तँलाई भेटुम्न, नचिनेको मान्छेसँग किन बोल्नु?'' वाट्सएप ग्रुप तँ–तँ म–म मा पुगिगयो।

बीचमा एउटा केटो पस्यो र भद्रता देखायो– ''सर, या' झगड़ा हुँदैछ।''

फेरि एउटी छात्रा शब्दमा नियन्त्रण राखेरै उग्र भई–''यिनीहरू के भा'को, प्यारारा गरिराख्छ–मकै भुटेको जस्तो। म या' मकै भुट्दैछु, आइज! तँहरूलाई पनि प्याटाटा भुटिदिन्छु।''

म सप्पै सुनिरहेथेँ। तीनैजनालाई फोन लगाएँ। मनिटरिङमा ल्यापटप र फोन दुवै चल्छ मेरो। फोनमा ल्यापटबाट उनीहरूकै आवाज उनीहरूलाई नै सुनाएँ। पहिले त अक्क न बक्क भए सबै।

मैले भनेँ, ''म रूपेश सर। तिमीहरूको क्लास टिचर हो?''

''नो सर।''

''सब्जेक्ट टिचर हो?''

''नो सर।''

'यस सर' र 'नो सर' भन्दा उता बोली नै फुट्दैन हाम्रा नानीहरूको। कहिले यिनीहरूलाई हक्की बनाउनु?

''मलाई कसरी थाहा भयो तिमीहरूको यो झगड़ा?'' मैले सबलाई थर्काएँ अनि हेड सरसँगै थप चारजना टिचरले सबै क्लास ल्यापटपमा मनिटरिङ गरिरहेको बताए। एकजना गार्डियनको ब्यागराउण्ड आवाज सुनेँ–''सरलाई सरी भन्!'' तीनैजना तीनछक परे। अहिले त्यो ग्रुपमा झगड़ा भा'को थाहा छैन।

केही पछि स्वस्तिक सर ग्रुपमा आएर भन्दैथिए,–''झगड़ा गर्नेलाई एक्सन लिन्छु।''

पछि सम्झिएँ, कति उकुसमुकुस हुँदो हो नानीहरूलाई। खेल्न, डुल्न, मनोरञ्जन गर्न अनि साथीहरूसँग मुख बजाउन–सबै त लकडाउन छ उनीहरूको पनि। मेरो चर्को बोली फेरियो मायालु भाषामा। सम्झाएँ सबैलाई।

उसो त बाझ्नु मात्र होइन, व्यग्रता पनि छ नानीहरूमा। साजन सरले ४ जूनमा सातौँ श्रेणीको दोस्रो पिरियड गर्न सकेनन्। मलाई खबर गरेका थिएँ। मैले ग्रुपमा जानी–जानी केही नलेखी बसिरहेँ, नानीहरूका रुचि जान्न। एक दर्जन जति नानीहरूले आधा घण्टासम्म सोधिरहे–''सर, क्लास कतिबेला शुरु हुन्छ, छिटो शुरु गर्नु न!'' दुर्गी मिसले थमथमाइन्। यी नानीहरू हाम्रो कल्कलाउँदो आशा। देवकोटाले अम्बाको दानामा सृष्टि देखे जस्तो मैले यिनीहरूका व्यग्रतामा भविष्य देखेँ।

### सर/गुरुमाहरूको धैर्य

स्कूलमा पढ़ाएजस्तो कहाँ छ अनलाइन क्लास? भोलि पढ़ाउन छ भने आज दिनभरि तयारी गर्नपर्छ। भिडियो, अडियो, स्लाइड, प्रेजेन्टेसन सबै–सबैको। तर केटाकेटी? आहा, मस्ती त उनीहरूको अधिकार नै हो जस्तो बेपर्वाह। सर/गुरुमाहरूले यति दुःख गरेपछि केटाकेटी क्लासमा नआए किन नदुख्नु मन? किन नचढ्नु पारा? तरै पनि कति धैर्यशील हाम्रा सर/गुरुमा। अनलाइनबाट नानीहरूलाई राम्रो शिक्षा दिन सर/गुरुमाहरू दिनरात एक गरिरहेछन्। म दाबीसँग भन्न सक्छु, यसप्रकारको दोहोरो अनलाइन क्लास हाम्रो क्षेत्रमा कतै भएको छैन।

रातभरि तयारी गरेर जब अनलाइन आइन्छ– एकाध ग्रुपमा नानीहरू नदेख्दा कस्तो लाग्छ?– निराशा, निरुत्साह, निरुपाय...। फेरि १५–२० मिनटमा टुप्लुक्क कोही देखा पर्छन्–हाम्रो अनुहार उज्यालो हुन्छ। यो कस्तो विचित्र अनुभूति!? करकाप छैन, अफिसियल अर्डर छैन–जसरी

अधिकांश स्कूलका लागि छैन। तरै पनि हाम्रो उत्साहमा कमी छैन। यो प्रतिबद्धता, जिम्मेवारी र विद्यार्थीप्रेमले हामीलाई छुट्टै आत्मसन्तुष्टि दिएको छ। मलाई लाग्छ, लकडाउन खुलेपछि हाम्रा मनका केही गाँठाहरू पनि खुल्नेछन् सललल, स्वत:स्फूर्त।

अहिले हामीसँग नेपाली माध्यमका दुइवटा क्लास

**हो, कोरोना कहरमा हामीले केही दुस्साहस नै गर्‍यौँ। यस्ता दुस्साहस आफ्नो आत्मबल पहिचान/विकासका लागि कोहीबेला अत्यावश्यक पनि हुन्छ। आफ्नो क्लाससँगै मनिटरिङ गर्दा मलाई आफ्नै आत्मविश्वास अभूतपूर्व रूपले बढ़ेको बोध भयो। मलाई के लाग्यो भने, हाम्रो कमजोरी भनेको हामीले एकले अर्कोलाई राम्रोसँग चिन्न नसक्नुमा थिएछ। आफ्नै नाभिमा कस्तुरी बोकेर हामी बाहिर सुगन्ध खोजिहिँड्ने गल्ती गरिरहेका थिएछौँ।**

बाँचेका छन्। नाइन-बी र टेन-बी। यिनै सेक्सनका नानीहरू बढ़ी अजीर छन्। आउने वर्ष माध्यमिक दिनेहरूको यो चालाले मलाई पनि निराश बनाउँछ। मैले पनि कोही बेला एकजना मात्र पढ़ाएको छु, तर उस्तै उत्साहमा। 'आदर्श' भन्ने कुरा आम जस्तै व्यापक हुँदैन। चाहे एउटै किन नहोस्, सकारात्मक रूझानलाई हामी नकारात्मक प्रवृत्तिले थिच्न/मिच्न सक्दैनौँ। सकारात्मक/नकारात्मक सधैँ सँगै हुन्छ। यसको अस्तित्वलाई अस्वीकार गरेर केही कुराको पनि विकास सम्भव छैन। आदर्शहरू ग्यालिलियो जस्तै एक्ला-एक्लै फुस्फुसाइरहन्छन्-'पृथ्वी गोलो छ।' आफ्ना कामहरूमा कम्ती सङ्ख्यामा हुनु असफलताको परिचायक होइन, आफ्नोपनको विशेषता हो। प्रतिकूल परिस्थितिमा गरिएको सकारात्मक कामले दीर्घकालसम्म छुट्टै छाप छोड्ने सामर्थ्य राख्दछ।

कोही बेला सोनी मिसको धैर्य टुट्छ। दुईजना मात्र नानी देख्दा उनलाई पनि हतास लाग्दो हो। ''मौन धारण गर्‍यौँ कि क्या हो सप्पैले? कोही बोल्दैनौँ त''-उनको पाराको क्लाइमेक्स तर यत्ति हो-''लाटा-लाटी हो तिमीहरू?'' हो नि अन्त, नानीहरू बोलेनन् भने त हामीले पढ़ाको खोलाकै गीत भएन र? नानीहरू कम उपस्थित हुँदा म हैरान भएको देख्छु-रोशन सर, अनामिका मिस, शङ्कर सर, सञ्जय सरहरूलाई। चर्को र मायालु बोलीको सम्मिश्रण यस्तो बेला आवश्यक नै हुन्छ।

एक दिन रोशन सरले पढ़ाउँदै गर्दा आधा घण्टापछि आधा दर्जन नानीहरूले पालैपालो भन्नथाले सल्लाह नै गरेजस्तो-''सर, मोबाइलको ब्याट्री बस्न आट्यो। मेरो ३०% मात्र छ, मेरो १०% मात्र छ, मेरो ४% मात्र छ, सर मेरोमा ६९% छ...।'' त्यस दिन हाम्रोतिर पनि करेन्ट डिस्टर्ब थियो। सरले मलाई सोधेपछि ४५ मिनटमा क्लास अफ गर्‍यौँ। ६९% वाला नानीले केही क्षणमै रोशन सरलाई भोयस मेसेज पठाइछन्-''सर, केटाहरू बिहान फूल चार्ज गरेर दिनभरि गेम खेल्छ कि, अन्त बेट्री सक्केको!'' अहो, घरमै बसेर कसरी बुझेको दौतरी-मनोविज्ञान? त्यो नानीको क्रस-चेक कन्सेप्ट मलाई धेरै मन पर्‍यो। आखिर सत्य पत्तो लगाउन तथ्यसम्म त पुग्नैपर्छ नि! कत्ति कुरा सिकाउँछन् साना-साना नानीहरू पनि। निकै मिस गर्दैछौँ नानीहरूलाई हामी। अभावमै सबै कुराको भाव हुनु प्रकृतिको नियम सायद।

नानीहरू सबै अनलाइन क्लासमा छैनन्। तर के हिजो स्कूल नै लाग्दा पनि हाम्रा नानीहरू सबै स्कूल आउँदैथिए? उनीहरू क्लास बंक गर्दैनथिए? सय प्रतिशत एटेन्डेन्स त स्कूल लाग्दै पनि थिएन। 'कमजोरी'-को डरले उपलब्धिको जोखिम नलिनु २१ औँ शताब्दीको नियति होइन भन्ने मलाई लाग्दछ।

**फिडब्याक**

हो, कोरोना कहरमा हामीले केही दुस्साहस नै गर्‍यौँ। यस्ता दुस्साहस आफ्नो आत्मबल पहिचान/विकासका लागि कोहीबेला अत्यावश्यक पनि हुन्छ। आफ्नो क्लाससँगै मनिटरिङ गर्दा मलाई आफ्नै आत्मविश्वास अभूतपूर्व रूपले बढ़ेको बोध भयो। मलाई के लाग्यो भने, हाम्रो कमजोरी भनेको हामीले एकले अर्कोलाई राम्रोसँग चिन्न नसक्नुमा थिएछ। आफ्नै नाभिमा कस्तुरी बोकेर हामी बाहिर सुगन्ध खोजिहिँड्ने गल्ती गरिरहेका थिएछौँ। हाम्रो स्कूलको यो सम्पदा त यति समृद्ध रहेछ कि त्यो पहिचान गर्नबाटै हामी चुकेका थिएछौँ।

हाम्रो सम्पूर्ण स्थितिमा प्रतिमान परिवर्तन (प्याराडाइम सिफ्ट) कुनै चमत्कारको विषय होइन। यो निरन्तर र क्रमिक कार्यको प्रतिफल हो। कोरोना सङ्कटमा हामीले ज्यानकै जोखिम मोलेर जुन साहस देखायौँ, त्यसले अभिभावक र विद्यार्थीहरूमा अपूर्व उत्साह थपेको छ। हिजो हामीलाई अनेकथरी भन्नेहरू आज हामीपट्टि फर्किएर हेर्न बाध्य छन्। बोलीले भन्दा कामले दिएको आलोचनाको जवाब चित्तपर्दो हुन्छ। बुद्धिजीवी, राजनीतिज्ञ, प्रशासनिक अधिकारी, एकाडेमिसियनहरूबाट दैनिक रूपमा प्राप्त फिडब्याक हामी सबैको दिनरातको मेहनतको परिणाम हो। हामीलाई यसप्रति गर्व छ। आफैले बनाएको बाटोमा हिँड़ेर पाएको थोरै उपलब्धि पनि हाम्रो ऊर्जालाई चौगुणा गर्ने अचुक औषधि बन्न सक्छ। अवश्यै यसको डकुमेन्टेसन हुनेछ। अनि,आजको बीस-तीस वर्षपछि कोरोनाभन्दा महासङ्कटहरू आइपरे हाम्रो भावी पुस्ताले हाम्रो दस्तावेज पढ़ेर प्रेरणा लिनेछ। हो नि, कामहरूमा बाँच्नुभन्दा ठूलो सन्तुष्टि जीवनमा अरू के होला र? तपाईँका आलोचकहरू तपाईँको एउटा गल्ती कुरेर बसिरहुन्, तपाईँका शुभचिन्तकहरू तपाईँमा नयाँ सम्भावना देखिरहुन् अनि तपाईँका परिवार,आफन्त र छर-छिमेकहरू तपाईँका कामबाट गौरवान्वित भइरहुन्। यसबाट प्राप्त हुने आत्मिक सुख करोड़ौँ रुपियाँमा किन्दा पनि पाइन्न।

शिव खेड़ाले भनेको सम्झन्छु-''सफलता कुनै रहस्य होइन। यो केवल बुनियादी नियमहरूलाई अमलमा ल्याउँदाको परिणाम हो। यसको ठीक उल्टो पनि उत्तिकै सही हो। असफलता केही होइन, केही गल्तीहरूलाई लगातार दोहोर्‍याउनुको परिणाम हो।'' मार्क मेन्सन पनि भन्छन्-"...the emotional pain of rejection or failure teaches us how to avoid making the same mistakes in the future."

केटाकेटीमा पटकपटक लड़ेर चिच्याउँदा आमाले फुर्काउनुहुन्थ्यो-'नानी लड़ेको होइन, बढ़ेको हो।' साँच्चै, हामी सबै नै लड़ी-लड़ी बढ्यौँ। नपढ़ेका हाम्रा आमाहरू पनि कति गहिरो कुरा गर्थे उसबेलै। यो कुरा त आज पनि उत्तिकै सत्य रहेछ।

हाम्रो स्कूल पनि हामीजस्तै लड़ी-लड़ी बढ्नेछ। मिस यु अल, माई डियर कलिग्स, डियर स्टुडेन्ट्स....!

**रचनाकाल: ६ जून, २०२०** ◈◈

*(कोरोनाकालले हामीलाई सिकाएका कुरा अनागत दिनहरूमा पनि सान्दर्भिक रहला भन्ने ठानेर त्यसबेलै यो लेख तयार पारेर स्कूलको अफिसियल वाट्सएप ग्रुप (बीएचएस फेमिली)-मा साझा गरेको थिएँ। तीनवटै लेख यहाँ साभार गरिएको हो।)*

विमर्श

# कोभिड पछि विद्यार्थीहरूको शैक्षिक स्तर: बाउमावि–को दूरदर्शी पहल



▣ **सौराज बुताङ राई,** गोरुबथान

वैश्विक महामारीको रूपमा प्रकट भएको कोभिड–१९ ले करिब दुई वर्षसम्म मानव जनजीवन अस्तव्यस्त बनायो। 'कसरी बाँच्ने' भन्ने उपायहरूको खोजीमा संसारकै मेडिकल साइन्स लागिपरेको समय शिक्षा, रोजगार सब गौण भएर गए। मनोरञ्जन त मानिसहरूको मेनुबाट नै गायब भयो।

तर बिस्तारै जीवन पुरानै ट्र्याकमा फर्किन थालेपछि मानिसहरूले कोभिड–१९ को कारण भएको क्षय–क्षतिबारे आकलन गर्न थाले। हिसाब निकाल्न थाले। यस महामारीबाट सबैभन्दा बढ़ी नोक्सानी शिक्षा जगतलाई भयो। शैक्षिक प्रतिष्ठान बन्द भएर विद्यार्थी–शिक्षकहरू सब घरमा थुनिएकाले अनलाइन पठनपाठन विकल्पको रूपमा देखा पर्‍यो। अनलाइन पठनपाठनको नयाँ अवधारणा एउटै विकल्प बनेकोले शारीरिक रूपमा अध्यापन गरिरहेका शिक्षक–शिक्षिका, पढ़िरहेका विद्यार्थी नानीहरूलाई शुरुमा निकै चटारो पर्‍यो। समयसितै यो सिस्टमसित सबै चिनारु हुँदै गए। घरमै बसेर भए पनि नानीहरूले शिक्षा पाए। तर अनलाइन पठनपाठनको नयाँ अवधारणाले विद्यार्थी नानीहरूको अनुशासन भने चौपट बनायो। उनीहरूले आत्मविश्वास गुमाए।

कोभिड–१९ पछि शैक्षिक प्रतिष्ठान खोलिए। दुई वर्षपछि विद्यालय आएका विद्यार्थीहरूको अनुशासन र मनोस्थितिमा चिन्ताजनक ह्रास आएको देखिएपछि यसको समाधान खोज्न बाग्राकोट उच्चत्तर माध्यमिक विद्यालय (बाउमावि)–ले पहल शुरु गर्‍यो। गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन (जीटीए) क्षेत्र, तराई अनि डुवर्सका विद्यालयहरूलाई लिएर 'कोभिड पछिका दिनमा विद्यार्थीहरूको शैक्षिक स्तर: एक अवलोकन तथा समाधान' शीर्षकमाथि एक सङ्गोष्ठी आयोजन गरियो। विद्यालयको निजी प्रयासमा आयोजित यस सङ्गोष्ठीको अध्यक्षता कालेबुङ जिल्लाका डीआई (एसई) रवीन्द्रनाथ मण्डलले गरेका थिए। कार्यक्रममा पहाड़, तराई र डुवर्स क्षेत्रका शिक्षक–शिक्षिकाहरूको उल्लेखनीय, प्रतिनिधिमूलक तथा प्रभावकारी उपस्थिति रहेको थियो।

जीटीएका शिक्षा विभागीय कार्यकारी सभासद् सञ्चवीर सुब्बा मुख्य अतिथिको रूपमा उपस्थित रहेको यस महत्त्वपूर्ण समारोहमा विभिन्न विषयसित सम्बन्धित सातजना स्रोतवक्तहरूले आ–आफ्नो कार्यपत्र प्रस्तुत गरे। जसमा सेन्ट जर्ज उच्चतर माध्यमिक विद्यालय, पेदोङका सह–शिक्षक (नेपाली) भानु अधिकारी, युद्धवीर उच्चतर माध्यमिक विद्यालय, गोरुबथानका सह–शिक्षक (अङ्ग्रेजी) प्रेमकुमार मुखिया, कुमुदिनी होम्स उच्चतर माध्यमिक विद्यालय, कालेबुङकी सह–

शिक्षिक श्रीमती इन्दु राई (इतिहास), बाग्राकोट उच्चतर माध्यमिक विद्यालयका सह–प्रधानाध्यापक अमित थापा

**कोभिड–१९ पछि शैक्षिक प्रतिष्ठान खोलिए। दुई वर्षपछि विद्यालय आएका विद्यार्थीहरूको अनुशासन र मनोस्थितिमा चिन्ताजनक ह्रास आएको देखिएपछि यसको समाधान खोज्न बाग्राकोट उच्चत्तर माध्यमिक विद्यालय (बाउमावि)–ले पहल शुरु गऱ्यो। गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन (जीटीए) क्षेत्र, तराई अनि डुवर्सका विद्यालयहरूलाई लिएर 'कोभिड पछिका दिनमा विद्यार्थीहरूको शैक्षिक स्तर: एक अवलोकन तथा समाधान' शीर्षकमाथि एक सङ्गोष्ठी आयोजन गरियो।**

(भूगोल), अलगढ़ा उच्चतर माध्यमिक विद्यालयका प्रधानाध्यापक विजय प्रधान (भौतिक विज्ञान), सेन्ट फिलोमिना उच्चतर माध्यमिक विद्यालय, कालेबुङका सह–शिक्षक हरि दाहाल (गणित), गान्धी स्मारक माध्यमिक विद्यालय, बाघडुग्राका प्रधानाध्यापक डा.सुमन निरौला (जीव–विज्ञान)–ले विषयविद्का रूपमा आ–आफ्नो विषयमा सुन्दर व्याख्यान, गहन अध्ययन र उत्कृष्ट प्रस्तुति दिएर उपस्थित शिक्षक–शिक्षिकागणलाई लाभान्वित तुल्याए।

आयोजक विद्यालयको पक्षबाट बाग्राकोट उमावि–का प्रधानाध्यापक सागर शर्माले नेपाली समुदायका विद्यार्थीलाई बजारमा सन्दर्भ पुस्तकका रूपमा गुणस्तरीय अध्ययन सामग्रीको पर्याप्त मात्रामा अभाव रहेको बताए। यो अभाव पूर्ति गर्न जीटीएको शिक्षा विभाग अघि आउनुपर्ने उनले आह्वान गरे। जीटीए–द्वारा व्यवस्थित प्रकारले कोष आवण्टन गरिएको प्राविधिक टोलीको समूहद्वारा सञ्चालित डिजिटल प्लेटफर्म शुरु गर्नुपर्ने उनले सुझाउ राखे। यस पहलले विद्यार्थीहरूलाई व्यवस्थित अध्ययनको लागि र राम्रो अङ्क प्राप्त गर्नको निम्ति धेरै सुविधा हुने उनको विचार थियो।

कोभिड–१९ पछिका दिनहरूमा नानीहरूमा संवेदनशीलता उच्च भएको छ। अनुशासनहीनता र निष्क्रियताले अहिले विद्यार्थीहरूको चरित्रले अर्कै मोड़ लिएको छ। यी सबै परिस्थितिहरूबीच शिक्षकहरूले कक्षामा नानीहरूलाई पढाउँदा नवीन दृष्टिकोण र विधिहरू अपनाउन आवश्यक छ। आजका शिक्षकहरूले आफ्ना विद्यार्थीहरूका बारेमा के सोच्ने होइन, तर कसरी सोच्ने भनेर सिकाउनुपर्छ। विद्यार्थीको हितका लागि शिक्षक–अभिभावक मिलेर काम गर्ने हो भने दुई वर्षको लकडाउनले सिर्जना गरेको शून्यता पक्कै पनि भरिनेछ। शिक्षण पद्धतिमा परिवर्तन गर्नु आजको आवश्यकता रहेको बताउँदै स्रोतवक्ताहरूले समय– समयमा शिक्षकहरूको अभिमुखीकरणको व्यवस्था गर्न सम्बन्धित विभागलाई आग्रह गरे।

बाउमावि–का प्रधानाध्यापक सागर शर्माले नेशनल एडुकेसन पोलिसी–२०२० को कार्यान्वयनपछि हाम्रा परम्परागत कक्षाकोठाहरूलाई बहुसांस्कृतिक कक्षाकोठामा रूपान्तरण गर्नुपर्ने अवधारणालाई स्पष्ट पार्दै पेशालाई न्याय दिनको लागि शिक्षकले आफूलाई अद्यतन (अपडेट) गर्न र आफ्नो परिधि बाहिर के भइरहेको छ भन्ने जानकारी राख्न आवश्यक रहेको कुरामा उनले विशेष जोड़ दिए। ●

*(लेखक अम्बियोक उच्चतर माध्यमिक विद्यालयका सह–शिक्षक हुन्।)*

# विद्यालयको देउसी, उद्देश्य र सफलता

▣ **रूपेश शर्मा,** सह–शिक्षक

बाग्राकोट हायर सेकेण्डरी स्कूल। सात दशकदेखि यस क्षेत्रको शिक्षाको धरोहर। समाजका अग्रपङ्क्तिका नेतृत्व र विद्वानहरू जन्माउने स्कूल। डेढ़ दर्जन चिया–बगान अनि गाउँबस्तीका गरीब–दु:खी परिवारले शिक्षार्जन गर्ने ठाउँ। कोइलाभित्र कोहीनूर खोज्नपर्ने जिम्मेवारी र चुनौतीसँगै अध्यापन गरिरहेका शिक्षकहरू। अनेकौं सम्भावनाले भरिएका दुई हजारभन्दा अधिक विद्यार्थी। पूर्वाधारले जीर्ण तर स्कूलको कायाकल्प फेरिनुपर्छ भन्ने भिजन र सपनाले सम्पन्न युवा हेडमास्टर। कालेबुङ–जलपाइगढ़ी जिल्लाका सिमानामा अवस्थित। भोट–ब्याङ्कको राजनीतिबाट आक्रान्त तर श्रमजीवीहरूका सपनाबाट सम्भ्रान्त। अभिभावक–विद्यार्थीका सपना साकार हुने ठाउँ; अभावग्रस्तहरूका वैकल्पिक नाउँ। शिक्षा मूलधारमा; व्यवस्था किनारामा। शिक्षित युवाहरूको अपेक्षा थुर्रिएको शिक्षाकेन्द्र। सकारात्मक–नकारात्मक सबै कमेन्टहरूको भारी बोक्दै आएको दीक्षाकेन्द्र।

हो, बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि)–को परिचयको आयाम यस्तै छ। एउटा सकारात्मक सोच र प्रतिमान परिवर्तन (प्याराडाइम सिफ्ट)–को स्वप्नाकाङ्क्षा बोकेर अघि बढ़िरहेको छ स्कूल। स्कूलसँग चुनौतीका चुचुरा छन्। ढल्न लागेका पुराना भवन, छोइपासो अवस्थाको टिचर्स कमन रूम अनि अनेकौं अभावहरूबीच पहाड़जस्तै अग्लो अपेक्षा धान्न कम चर्को छैन। पूर्वाधार विकासका लागि समय–समयका राजनीतिक नेतृत्वबाट आश्वासनका ठूल्ठूला पोका थापेर पनि प्राप्तिशून्य; कोलकातासम्म उच्च प्रशासनिक स्तरका ढोका ढकढकाउँदा पनि हात लाग्यो शून्य। थाकका थाक ज्ञापन छन्; अथक प्रयास जारी छन्। हामीलाई थाहा छ निराशाले जन्माउने नियति। यसैले विद्यालयले हात बाँधेर बसिरहन सकेन। शिक्षण तथा गैर–शिक्षण कर्मचारी आफैँले स्कूलमा केही गर्ने जमर्को चलिरहेछ। यस अभियानमा साथ दिइरहेका छन् विद्यालयका भूतपूर्व विद्यार्थीहरूले। हामी आफैँले बनाउँदै गरेको स्मार्ट क्लास दिसम्बर,२०२१ मा उद्घाटन हुँदैछ। देउसी खेलेर केही धनराशि जम्मा गरी प्राथमिकताको आधारमा स्कूलको आवश्यकता पूरा गर्ने हामीले निर्णय लियौँ। हामी सन् २०२४ मा विद्यालयको कौस्तुभ जयन्ती (७५औँ वर्षगाँठ)–को पनि तयारीमा छौँ। त्यसैले देउसीभैलो २०२१ हाम्रो अभियान नै बन्यो। सर/गुरुमाहरूले चाड़बाड़ नभनी रिहर्सल शुरु गरे; हाम्रा भावी सम्पदा विद्यार्थीहरू अत्यन्त उत्साहका साथ देउसीभैलोमा सहभागी भए।

'सरहरूलाई चैं कत्ति पैसाले पनि नपुगेको! देउसी किन खेल्न परेको!?'–देउसीको चिट्ठी बाँड्न थालेदेखि नै यस्ता कमेन्टहरू सुन्न पाइयो। पढ़ेलेखेका तर नकारात्मक सोचका आदती भइसकेका केहीले हतारो प्रतिक्रिया गरिहाले– 'स्कूलमा फण्ड त सरकारले दिन्छ। पैसा पूरा आउँछ (महिनैपिच्छे आउँछ भन्ने पनि लाग्दो हो)। सरकारी स्कूलको विकासको लागि देउसी खेलेको भन्ने कुरा हाँसैउठ्दो भयो।' योजनाप्रतिको प्रतिबद्धता र कार्यप्रतिको दृढ़ता छैन भने यस्ता नकारात्मक प्रतिक्रियाहरू काफी छन् सञ्चारण भइरहेको ऊर्जामा तातोपानी खन्याउन। हामी सकारात्मक समाचारका हेडिङ र न्यूज सधैँ पढ्न पाउँदैनौँ, जसमा लेखिएको हुन्छ– 'लामो समयदेखि आश्वासनले थाकेका गाउँलेहरूले सरकारबाट बजेट आवण्टन नभएपछि आफ्नो गाउँको बाटो

आफैंले बनाए'। हाम्रो प्रयास यस्तै निराशाहरूबीच आशावादी सोचको परिणाम हो। कुनै पनि कामको सकारात्मक/नकारात्मक प्रतिक्रिया सामान्य कुरा नै हो। अधिक आत्मप्रशंसा र बढ़ी निराशा दुवै हानिकारक हुन्छ। तर, सकारात्मक सोच र केही गर्ने हुटहुटीले भने प्रोत्साहन पाउनु समाजकै हितमा हुन्छ। यस्ता सोचले निराशाहरूबीच झुलिरहेका धेरै मानिसहरूलाई प्रेरित गर्ने सामर्थ्य राख्दछ। कुनै पनि योजना व्यवहारमा प्रयोग हुनअघि र पछि त्यसले ल्याउने प्रतिक्रिया, सफलता/असफलता नै विकासको कड़ी हो। विकास सधैं व्यवहार–सिद्धान्त–व्यवहारको चक्रीय प्रगतिमा घुमिरहन्छ; थेसिस–एन्टीथेसिस–सिन्थेसिस विकासको नियम हो।

गायकी, साज–बाज र तक्निकी कुराहरूको थोरै ज्ञान अनि केही सर/गुरुमाहरूका धेरथोर अनुभवकै बलमा हामीले कोरोनाकाल (२०२१)–मा देउसीभैलो खेल्ने आँट जुटायौं। एकाध नकारात्मक प्रतिक्रियाबाहेक हाम्रो अभियानले पछि फर्केर हेर्न परेन। आफ्नो रुचि, समयको व्यवस्थापन र स्कूलको अभियानलाई सामाजिक हितकै एउटा अङ्गको रूपमा स्वीकार गर्दै सर/गुरुमा र गैर–शिक्षण कर्मचारीहरू यस अभियानका हिस्सा बने। एक–दुई दिन मात्र खाली राखेर हामीले लगातार आठ दिन देउसीभैलो खेल्यौं स्कूलको भलोका लागि। विद्यालयका भूतपूर्व विद्यार्थी तथा हाम्रा शुभचिन्तकहरू हाम्रो एउटै फोनको भरमा टोलीमा सामेल भए; आ–आफ्नो क्षेत्रमा संयोजन गरिदिए। देउसीभैलो हेरेपछि र स्कूलको उद्देश्यबारे हरेक स्थलमा प्रधानाध्यापक सागर शर्मा सरले जानकारी दिएपछि 'सरहरू पैसा कमाउन देउसी खेल्न लागे' भन्ने बेमौसमी व्यङ्ग्यकारहरू आफैं लज्जित भए। हरेक देउसीस्थलमा स्थानीय मानिसहरूको उत्साहवर्धक उपस्थिति, हाम्रा गीत र नृत्यहरूमा उनीहरू पनि सँगसँगै नाँच्ने र रमाइलो गर्ने आनन्दिलो परिवेशले सर/गुरुमा र नानीहरूमा पनि आन्तरिक उत्साह भऱ्यो।

हली तिहार अर्थात् लक्ष्मीपूजाको भोलिपल्ट ५ नोभेम्बर, २०२१ बाट बाउमावि–को देउसीभैलो शुरु भयो हाम्रै स्कूलछेउको चुनाभट्टी खेलमैदानबाट। शुरुमै हामीले हाम्रा अभिभावक र शुभचिन्तकहरूबाट असाध्यै राम्रो रेस्पोन्स र माया पायौं। यसले हामीलाई बल मिल्यो। पहिलो दिन दुईवटा देउसीस्थल निर्धारित भए पनि अन्तिम समयमा टपलाइनको कार्यक्रम रद्द भयो। फलत: हामीले कोइलाकम्पनीमा मात्र देउसी खेल्न भ्यायौं। देउसी खेल्ने आँट त गरियो, तर प्रत्येक दिन दुईवटा देउसीस्थल भ्याउनुपर्ने, बस्ने व्यवस्था, साज–बाज र साउण्ड सिस्टम बोकी तोकिएको दोस्रो स्थलमा फेरि सबै कुरा सेट गर्नुपर्ने काम कम चुनौती र चटारोले भरिएको थिएन। हामी हरेक दिन प्रचण्ड चापमा हुन्थ्यौं। गाड़ीले एक घण्टा मात्र ढिलो गरिदिंदा पनि कार्यक्रम बिथोलिने पिर। तर, हरेक ठाउँका स्थानीय संयोजकहरूका सहयोग, हाम्रा सरहरू स्वयम् कार्यकर्ता जस्ता भएर साउण्ड सिस्टम,चेयर र बिजुलीको लाइन जड़ानमा खटेकाले हामीले समयमै सबैतिर देउसी खेल्न सक्यौं। सरहरूमा निहित विविध कामको अनुभव र ज्ञानबाट पनि देउसीभैलोमा स्कूल लाभान्वित बन्यो।

भाइटीकाको दिन बाग्राकोटको बरगाछ बजार र डाँडालाइनमा; ७ नोभेम्बर टोटगाउँ र मङपङमा; ८ नोभेम्बर चन्दाकम्पनीमा; ९ नोभेम्बर मानाबारीमा; १० नोभेम्बर पत्थरझोड़ा र तोरीबारीमा; ११ नोभेम्बर छ: ऐकर र आशाबारीमा अनि १३ नोभेम्बर सामसिङ फारीस्थित मण्डल गाउँमा हामीले देउसी खेल्यौं। बाग्राकोटको चुनाभट्टीबाट शुरु भएको देउसी हाम्रा विद्यालयका सहायक प्रधानअध्यापक अमित थापा सरको गाउँ फारीमा टुङ्गिएको थियो। यस अवधि हामीले हाम्रा शुभचिन्तकहरूबाट अपार सहयोग, आतिथ्य र सम्मान पायौं;अभिभावकहरूबाट अभूतपूर्व रेस्पोन्स पायौं अनि सर्वसाधारण मानिसहरूबाट सहयोगी भाव र स्कूलको अभियानप्रति सकारात्मक विचार पायौं। कतिपय ठाउँमा त गाउँ नै उर्लिएर देउसीमा

सहभागिता जनाएको देख्दा हाम्रो अभियानलाई ठूलो शक्ति मिलेको बोध भयो। यसले हामीलाई थप उत्साहित र ऊर्जाशील तुल्यायो।

यस देउसी अभियानको नेतृत्व प्रधानअध्यापक सागर शर्मा स्वयम्ले गरे। देउसीमा हामीले उनलाई नयाँ अवतारमा देख्न पायौँ। कार्यक्रमहरूको आयोजनमा गम्भीर तर देउसीमा झुम्मिँदा रौसे युवा। शङ्कर उच्चतर माध्यमिक विद्यालय, सिङ्जीका अर्थशास्त्रकी शिक्षिका प्रसन्ना शर्मा आफ्ना सबै घरासायी/पारिवारिक जिम्मेवारीलाई सेकेण्डेरी बनाएर देउसीभैलोमा सरिक भइन्। गीत–सङ्गीतप्रति उनको अभिरुचि र समर्पणले हामीलाई पनि उत्साहित बनायो। स्कूललाई दिएको साथको निम्ति हामी उनीप्रति आभारी छौँ। हाम्रा विद्यालयका पूर्व विद्यार्थी तथा शुभचिन्तकगण भूतपूर्व बीएसएफ अधिकारी एवम् क्यासियोका पारखी गौतम विश्वकर्मा,लोकगायक गोकुलसिंह थापा, डुवर्स नेपाली साहित्य विकास समितिका मूल सचिव एवम् वरिष्ठ शिक्षक रविन खवास, कवि/साहित्यकार तथा वरिष्ठ शिक्षक वसन्त थापा, कवि/गीतकार/शिक्षक गणेश गजमेर, उदीयमान हांस्य कलाकार तथा सुन्दर स्वरका धनी प्रणय सार्की, तबेलिस्ट विकास घले, पूर्व विद्यार्थीहरू युवा सङ्गीतकार ललित खाती र डुवर्स माइक सिंगिङ कम्पिटिसनमा ब्याटल राउण्डमा पुग्न सफल परिना गुरुङप्रति हामी आभारी छौँ। उनीहरू स्कूलको देउसीभैलो टोलीमा सरिक भएर हाम्रो उत्साहलाई दोब्बर गरिदिए। हाम्रा विद्यार्थीहरू,जसको उत्साह, सहयोग र स्कूलप्रतिको मायाको उल्लेख नगरी रहन सकिन्न। चारवटा टोलीका १८ जना छात्राहरूले यो अभियानलाई आफ्ना सुन्दर,मनमोहक र उत्साहपूर्ण सांस्कृतिक नृत्यहरूद्वारा सार्थक बनाइदिए। उनीहरू हुन्– लक्षीमाया राई र उनका साथीहरू अंशिका प्रधान, प्रतिमा राई र अंकिता छेत्री; रोहिणी शर्मा र उनका साथीहरू उपासना छेत्री, रक्षन्ता शर्मा, प्रिया छेत्री र मिली छेत्री; रिया शर्मा र साथीहरू एलिसा शर्मा,अनिषा भूजेल र आकृति छेत्री; बंशिका छेत्री र साथीहरू निलिशा शर्मा, सिमरनी छेत्री, अनिता छेत्री र नेहा लामा। विद्यार्थी योगेन्द्र छेत्री ढुक्कै हामीसँगै थिए;छात्र सिद्धार्थ शर्माले ठाउँ–ठाउँमा सुन्दर गीत प्रस्तुत गरे। देउसीभैलो अधिक मात्रामा हाम्रा नानीहरूले नै रमाइलो बनाए।

हाम्रा नानीहरू कत्ति पनि नथाकेका। उज्यालो अनुहार र अदम्य उत्साह लिएर नृत्य गर्न हरदम तयार। यो देउसीले उनीहरूको आत्मविश्वास बढाएको छ। सर/गुरुमाहरूसँग उनीहरू सहज हुनसके। यो मनोवैज्ञानिक उपलब्धिको दीर्घकालीन प्रभाव रहनेछ। सबै नानी र ती नानीहरूलाई सहजता र भरोसाका साथ देउसी खेल्न पठाउने उनीहरूका अभिभावकप्रति विद्यालय आभारी छ। तपाईँहरूको सहयोग विद्यालयले सधैँ यसरी नै प्राप्त गरोस् भन्ने हामी आशा साँच्दछौँ। सर/गुरुमाहरूका नयाँ अवतार देख्न पायो देउसीले; प्रतिभालाई चिन्न पायौँ सबैले। उनीहरूको जोशिलो र रमाइलो प्रस्तुतिले दर्शकहरू पनि झुम्मिएका थिए। यो अभियानले शिक्षकहरूलाई प्रत्यक्ष रूपले समाजसँग जोड़ेको बोध भएको छ। हामीले हाम्रा काम र देउसी खेल्ने उद्देश्यबारे सबैलाई बताउन सक्यौँ। दर्शकका रूपमा देउसीमा सहभागी हाम्रा शुभचिन्तक र सहयोगीहरूले हाम्रो उद्देश्यलाई हृदयमा राखेर उदार मनले आर्थिक सहयोग गरे। यसको निम्ति हामी सबै दाता र सहयोगीहरूप्रति हृदयबाटै कृतज्ञता प्रकट गर्दछौँ।

देउसीभैलो अभियानको समापनपछि हामीले एउटा बैठक गरेर प्राप्त कोषलाई विवेकपूर्ण उपयोग गर्ने निर्णय लिएका छौँ। सङ्कलित कुल राशिको ५० प्रतिशत अंश हामी स्मार्ट क्लास र लाइब्रेरीको निर्माण र विकासमा खर्च गर्नेछौँ अनि बाँकी ५० प्रतिशत विद्यालयको विकास कोषमा जम्मा गर्नेछौँ।

देउसीभैलो अभियान–२०२१ ले नयाँ अनुभव छोड़ेर गयो अनि आँटिपछि कुनै पनि कुरा गर्न सकिन्छ भन्ने दह्रो आत्मविश्वास पनि।

**रचनाकालः १८ नोभेम्बर, २०२१**

## शिक्षकहरूले घरमै पुऱ्याए विद्यार्थीहरूको राशन

बाउमावि–ले लकडाउनको समयमा अभिभावक र नानीहरूको असुविधालाई ध्यानमा राख्दै नानीहरूले प्राप्त गर्ने मिड–डे मिलको राशन घरमै पुऱ्याउने व्यवस्था गरेको छ। विद्यालय प्रमुख सागर शर्मा स्वयंको नेतृत्वमा शिक्षक तथा गैर–शिक्षण कर्मचारीहरूको एउटा टोलीले विभिन्न गाउँमा पुगेर नानीहरूका भागको राशन वितरण गरेको हो। आशाबारी, पत्तीबारी, फुलबारी, साउगाउँमा हिजो पानी–झरीको वास्ता नगरी राशन वितरण गरिएको छ भने २८ अप्रेल, २०२० पनि प्रभारी शिक्षककै नेतृत्वमा एउटा टोलीले ओदलाबारीमा राशन वितरण गरेको छ। विद्यालयमा दैनिक नानीहरूलाई प्रदान गरिने मध्यान्ह–भोजनको राशिन नानीहरूलाई उनीहरूका गाउँ–घरमै गएर वितरण गरिएकोले अभिभावकहरूले खुशी तथा आभार जताएका छन्। यसैक्रममा शिक्षकहरूले नानीहरू घरमा कसरी पढ़िरहेका छन् अनि अभिभावकहरूले कस्तो प्रकारका समस्याहरू झेल्न परिरहेको छ भन्ने विषयमा पनि सोधीखोजी गरे।

## अनलाइन पठनपाठन र यूटुब च्यानल शुरु

विद्यालयले २९ अप्रेल, २०२० देखि पठनपाठनको दुईवटा अनलाइन अभियान एकैचोटि सञ्चालन गरेको छ। दैनिक रूपमा वाट्सएपमा अनलाइन क्लास सञ्चालन शुरु भएको छ भने बाउमावि–का प्रधान शिक्षक सागर शर्माका बाहुलीबाट यूटुब च्यानलको पनि शुभारम्भ गरिएको छ।

२९ अप्रेलदेखि दैनिक रूपमा चारवटा क्लास सञ्चालन गरिँदैछ। बिहान १० बजेदेखि अपरान्ह ३ बजेसम्म विद्यार्थीहरूले प्रत्येक विषयमा अनलाइन क्लास लिँदैछन्। पहिलो दिनबाटै नानीहरूको उत्साहजनक सहभागिता रहेको थियो। उल्लेखनीय छ, लकडाउन घोषणा भएको एकदिन पछिबाट बाउमावि–ले आफ्नो फेसबुक पेजबाट नानीहरूलाई होमवर्क र एसाइनमेन्टहरू दिँदै आएको थियो भने २९ अप्रेलदेखि प्रत्यक्ष रूपमा अनलाइन क्लास थालिएको हो। सोमवारदेखि शुक्रवारसम्म दैनिक चारघण्टा अनलाइन क्लास सञ्चालन हुनेछ, जसमा विद्यार्थीहरू वाट्एसप टेक्स र भोइस मेसेजको माध्यमद्वारा प्रत्यक्ष रूपमा विषय शिक्षकसँग जोड़िन्छन् भने सब्जेक्ट टिचरले एक घण्टाको अवधिमा विद्यार्थीहरूलाई भिडियो र अडियो रेकर्डिङ अनि भोइस मेसेज पठाएर अध्यायगत रूपमा पढ़ाइ सञ्चालन गर्नेछन्। यसैबीच, विद्यालयका प्रधानअध्यापक सागर शर्माको विशेष पहलमा आजदेखि यूटुब च्यानल शुरु गरिएको छ। अब हाम्रा विद्यार्थीहरूले घरै बसेर यूटुब च्यानलमार्फत विषय शिक्षकबाट भिजुअल पठनपाठन गर्न सक्नेछन्। पठनपाठनको दुवै पद्धतिलाई परिणाममुखी र जीवन्त बनाउन बाउमावि–का सबै संकाय सदस्य सक्रियतापूर्वक लागिपरेका छन्।

# पुस्तकालयको उद्घाटन

शिक्षक दिवसको पुनित अवसरमा ५ सेप्टेम्बर, २०२० को दिन माउमावि-मा पुस्तकालय कक्षको उद्घाटन गरियो। जीर्ण पूर्वाधारको कठिन परिस्थितिसँग जुझिरहेको बाउमावि-लाई यो पुस्तकालय समाजसेवी आनन्द लखोटियाले आफ्ना भतिज अभिषेक लखोटियाको स्मृतिमा हस्तान्तरण गरेका हुन्। अभिषेक बाउमावि-का पूर्व छात्र हुन्। २७ अक्टोबर, २०१८ को दिन अल्पायुमै उनको निधन भएको थियो। पुस्तकालयमा विद्यार्थी तथा शिक्षकहरूका लागि पुस्तक अध्ययनको समुचित पूर्वाधार र परिवेशको व्यवस्था गरिएको छ। कलावती देवी लखोटिया र उनका सुपुत्र आनन्द लखोटियाको संयुक्त बाहुलीबाट पुस्तकालय भवनको विधिवत् उद्घाटन गरियो। अभिषेक लखोटियाको स्मृतिमा एक मिनटको मौन धारणबाट शुरु गरिएको उद्घाटन समारोहको औपचारिक कार्यक्रमलाई वरिष्ठ शिक्षक निर्मल शर्माले अध्यक्षता गरेका थिए भने प्रधानअध्यापक सागर शर्मासहित शिक्षक/शिक्षिकागणको बाक्लो उपस्थिति रहेको थियो।

यस अवसरमा बोल्दै विशिष्ट समाजसेवी आनन्द लखोटियाले आफ्ना पिताजी कृष्ण लखोटियाको स्मरण गरे अनि उनकै समाजसेवाको भावलाई आफूले पनि अघि बढ़ाउन सकेकोमा सन्तोष जताए। ''शिक्षा नै विद्यार्थीको लागि भविष्य निर्माणको बलियो आधार हो। यो लाइब्रेरीको निर्माणले ज्ञानधाराको प्रवाहसँग विद्यार्थीहरूलाई अझ बलियोगरी जोड्न सहयोग मिल्नेछ भन्ने मलाई विश्वास छ'',लखोटियाले भने। उनले शिक्षक दिवसको औचित्य र महत्वमाथि पनि संक्षेपमा प्रकाश पारे। प्रधानअध्यापक सागर शर्माले पुस्तकालय एक स्रोत केन्द्र बन्ने आशा व्यक्त गरे। पुस्तकालयको निर्माणको निम्ति उनले दाता परिवारप्रति कृतज्ञता जताए। ''विद्यालयको निम्ति यो ऐतिहासिक दिन हो। पुस्तकालयले विद्यालयको इतिहासमा एउटा नयाँ अध्याय थपेको छ। जीर्ण पूर्वाधारको जटिल समस्यासँग जुझिरहेको समयमा विद्यालयमा यसरी पुस्तकालय निर्माण गरिदिएर आनन्द लखोटियाले विद्यालय परिवारप्रति ठूलो गुण लगाएका छन्'',उनले भने। शिक्षक दिवसको गरिमा र शिक्षकको सामाजिक महत्वमाथि पनि उनले आफ्नो विचार राखे। आफ्नो अध्यक्षीय सम्बोधनमा वरिष्ठ शिक्षक निर्मल शर्माले पुस्तकालयको सोझो र प्रत्यक्ष सम्बन्ध व्यक्तिको चेतनासँग हुने जिकिर गर्दै आगामी दिनमा क्रमिक रूपमा लाइब्रेरीको विकास गरिँदै जाने जानकारी दिए। उल्लेखनीय छ, पुस्तकालयमा विद्यार्थीहरूका अध्ययन अभिरुचिलाई ध्यानमा राख्दै विभिन्न ज्ञानशाखाका पुस्तकहरूलाई प्राथमिकतामा राखिएको छ। यसैगरी, भविष्यमा नेपाली भाषा-साहित्यको अनुसन्धानका लागि पनि सामग्री सङ्कलन तथा अध्ययनको व्यवस्था गर्नेतर्फ विद्यालयले सोच बनाएको प्रधानअध्यापकले जानकारी गराए।

यस अवसरमा बाउमावि-का भूतपूर्व विद्यार्थी लीलाबहादुर छेत्रीले आफ्ना गुरु तथा अभिभावक रामचन्द्र छेत्री (शिक्षक)-का सुस्वास्थ्य र दीर्घायुको कामनामा राखिएको छात्रवृत्ति सम्मान बाउमावि-की टपर विद्यार्थी सिर्जना छेत्री (९६.६%, सातौँ श्रेणीमा)-लाई प्रदान गरे। विद्यालयको वार्षिक भर्नाको निम्ति प्रदान गरिएको १००० रुपियाँको यो सम्मान राशि उनले प्रधानअध्यापक सागर शर्मालाई हस्तान्तरण गरे।

यस अवसरमा शिक्षक (बाउमावि) रामचन्द्र शर्मा पनि उपस्थित थिए। यसरी नै जून महिनाको पहिलो साताबाट शुरु गरिएको अन्तर–विद्यालय अनलाइन प्रतियोगिताको परिणाम शिक्षक रूपेश शर्माले घोषणा गरे। विजेता विद्यार्थीहरूलाई पछि पुरस्कृत गरिनेछ।

अर्कोतिर, कार्यक्रमको दोस्रो चरणमा शिक्षक दिवसको अवसरमा विद्यालयकै कनिष्ठ शिक्षकहरूले यही विद्यालयका आफ्ना गुरु/गुरुमाहरूको सम्मानमा एउटा सानो समारोहको आयोजन गरे, जसमा केक काटेर वरिष्ठ शिक्षकगणप्रति सम्मान अर्पण गरिएको थियो। यस अवसरमा कनिष्ठ शिक्षकगणका तर्फबाट अमित गुरुङले सम्बोधन गर्दै आफ्ना गुरु/गुरुमाहरूप्रति आभार जताएका थिए भने वरिष्ठ शिक्षकगणका तर्फबाट गङ्गादेवी शर्मा, राजेन सुनार र प्रधानअध्यापक सागर शर्माले आशिर्वचन राखेका थिए। यो चरणको कार्यक्रमलाई शिक्षक विवेक छेत्रीले सञ्चालन गरेका थिए।

# शिक्षक–अभिभावक बैठक

कोभिड–१९ को कारण लामो समयदेखि विद्यालय बन्द रहे तापनि बाउमावि–ले अप्रेल, २०२० देखि नै अनलाइन क्लास सञ्चालन गर्दै आइरहेको छ र विद्यालय अहिले पाठ्यक्रम समाप्तितिरको स्थितिमा छ। वर्ष २०२१ मा माध्यमिक र उच्च माध्यमिक परीक्षाको निम्ति विद्यार्थीहरूले के–कस्तो प्रकारले अध्ययन गरिरहेका छन् अनि उनीहरूलाई कसरी तयार गर्ने भन्ने विषयमा विद्यालय परिसरमा दशौँ र बाह्रौँ श्रेणीका विद्यार्थीका अभिभावकलाई लिएर २८ नोभेम्बर, २०२० –मा एउटा बैठकको आयोजन गरियो। बिहान र अपरान्ह गरी दुई सत्रमा विभाजित बैठकमा अभिभावकगणको उत्साहवर्धक उपस्थिति रहेको थियो। दुवै सत्रलाई विद्यालयका प्रधानाचार्य सागर शर्माले अध्यक्षता गरे।

पहिलो सत्र बिहान १० बजेदेखि १२ बजेसम्म चलेको थियो, जसमा दशौँ श्रेणीमा अध्ययनरत् विद्यार्थीका अभिभावकहरू उपस्थित थिए। बैठक डाकिनुको उद्देश्यबारे प्रधानाचार्यले विस्तृत रूपमा जानकारी दिए। त्यसपछि अभिभावकगणका विचार र सुझाउहरूका लागि सत्र खुला गरियो। अनलाइन क्लासले ल्याएको सकारात्मक प्रभाव, कतिपय ठाउँमा नेटवर्कको समस्या, स्कूल बन्द हुँदा नानीहरूका मनोविज्ञानमा परेको असर, माध्यमिक दिने केही नानीहरूमा देखिएको कमजोर आत्मविश्वास जस्ता विविध पक्षहरूमाथि अभिभावकहरूले प्रकाश पारे। विद्यालयले अप्रिलदेखि नै नियमित रूपमा अनलाइन क्लास सञ्चालन गरेर नानीहरूलाई ८० प्रतिशतसम्म पाठ्यक्रमप्रति विश्वासी बनाउन सकेको जनाउँदै केही अभिभावकले शिक्षकगणका प्रयासको सराहना गरे। यसरी नै नानीहरूका कमजोर पक्ष, सबल पक्ष, अनलाइन क्लासका अनुभव र विद्यार्थीहरूको रेस्पोन्स कस्तो रहेको छ भन्ने विषयमा शिक्षिका श्रीमती गङ्गादेवी शर्माले अवगत गराइन्। अभिभावकका दायित्वलाई रेखाङ्कित गर्दै शिक्षक अमित थापाले अभिभावकले गम्भीर भएर आफ्ना नानीहरूका पढ़ाइमा चासो देखाउनुपर्ने आवश्यकतामाथि जोड़ दिए। बैठकको बीट मार्दै प्रधानाचार्य सागर शर्माले अभिभावकबाट सहयोगको अपील गरे। राज्यको शिक्षा विभागले ३०–३५ प्रतिशत पाठ्यक्रम घटाएको जानकारी दिँदै नानीहरूलाई राम्रो अङ्क ल्याएर उत्तीर्ण गराउने स्थितिमा पुऱ्याउन अभिभावकहरूको निगरानी आवश्यक भएको प्रधानाचार्यले बताए।

अपरान्हको दोस्रो सत्रमा बाह्रौँ श्रेणीका विद्यार्थीका अभिभावकहरूलाई डाकिएको थियो। बैठकमा सहभागी हुँदै केही अभिभावकले आफ्ना समस्याहरू अवगत गराए भने विद्यालयको प्रयासप्रति हर्ष प्रकट गरे। शिक्षिका

श्रीमती गङ्गादेवी शर्माले विद्यार्थीहरूप्रति अभिभावकको निरन्तर निगरानी नभए विद्यार्थीहरू लापरवाह हुनसक्ने कुराबारे सचेत गराइन्। अनलाइन क्लासको शिक्षण पद्धतिमा विद्यार्थीहरूले देखाएको तदारूकता र उदासीनता दुवैप्रति अभिभावकसँग उनले अनुभव साझा गरे। प्रधानाचार्य सागर शर्माले उच्च माध्यमिक परीक्षाको महत्व र विद्यार्थीहरूको भविष्य निर्माणमा अभिभावकहरूको भूमिकालाई प्रोत्साहित र प्रेरित गरे। राज्यको शिक्षा विभागका विभिन्न सूचना, विद्यालयले पठाएका सन्देश र जानकारीहरूप्रति सचेत बनेर आफ्ना नानीहरूलाई मार्गदर्शन गर्न उनले अभिभावकगणलाई सुझाए।

अभिभावकहरूको उत्साहजनक सहभागिता रहेको दुवै सत्रलाई सह-शिक्षक रूपेश शर्माले सञ्चालन गरेका थिए भने दशौँ र बाह्रौँ श्रेणीका श्रेणी शिक्षक एवम् विषय शिक्षकहरूको बैठकमा बाक्लो उपस्थिति रहेको थियो। कोभिड-१९ का प्रोटोकललाई ध्यान राखेर दशौँ र बाह्रौँ श्रेणीका विद्यार्थीका अभिभावकहरूलाई दुई चरणमा डाकेर बैठक सम्पन्न गरिएको थियो। बैठकमा अभिभावकहरूको सहभागितामूलक उपस्थितिप्रति शिक्षक/शिक्षिकागणले सन्तोष प्रकट गरे।

# दुई दिनमा ५०० विद्यार्थी र अभिभावकसँग प्रत्यक्ष अन्तरक्रिया

विद्यालयले दुई दिवसीय महत्वपूर्ण शैक्षिक अभियान परिचालन गरेको छ। विद्यालयका प्रधान अध्यापक सागर शर्माको नेतृत्वमा रहेको शिक्षकहरूको एउटा टोलीले २४ र २५ मई, २०२० मा आफ्ना विद्यालयका विद्यार्थी तथा अभिभावकहरूसँग उनीहरूका गाउँ र टोल-टोलमा पुगेर नानीहरूका अनलाइन क्लासबारे प्रत्यक्ष जाँच र जानकारी लिएको हो। दुई दिनमा पाँच सयभन्दा अधिक अभिभावक-विद्यार्थीसँग प्रत्यक्ष भेटघाट गरी अनलाइन क्लासको असर र समस्याबारे जानकारी हासिल गरिएको छ। अनलाइन क्लासमा सहयोग, सहकार्य र समझ जस्ता उद्देश्य लिएर यो अभियान सञ्चालन गरिएको हो।

यस अभियानमा विद्यार्थी र अभिभावकसँगै स्थानीय जनप्रतिनिधि, समाजसेवी, शिक्षक, भूतपूर्व विद्यार्थीहरूका साथ र सहयोगमा गाउँका खेल मैदान तथा फराकिला ठाउँहरूमा कम्ती-कम्ती सङ्ख्यामा भेला गराएर विद्यालयका शिक्षकहरू यसरी गाउँ-गाउँ पुग्नुको उद्देश्य बताइएको थियो। विद्यालयले २६ मईदेखि बाह्रौँ श्रेणीको पनि रूटिनगत अनलाइन क्लासहरू परिचालन गर्दैछ। यस दुई दिवसीय अभियानमा १३ जना शिक्षकहरूले सहभागिता जनाए। २४ मईको दिन सम्पूर्ण बाग्राकोट गाउँलाई यस अभियानमा समेटिएको थियो। कोइला कम्पनी, टपलाइन, डाँड़ागाउँ, बरगाछ, गोदाम लाइन, खड़िया लाइन, रामनगर जस्ता गाउँका विद्यार्थी र अभिभावकहरूसँग सहयोगी शिक्षकहरूका साथमा प्रधान अध्यापक सागर शर्मा स्वयंले अन्तरक्रिया गरे। आर्थिक सङ्कटमा परेका विद्यार्थीहरूलाई पढ़ाइमा बाधा नहोस् भनेर शिक्षकहरूले निजी तौरमा केही विद्यार्थीको मोबाइलमा नेट प्याक पनि हालिदिए भने आर्थिक अभावमा परेका विद्यार्थीहरूलाई प्रधान अध्यापकले सहयोगको आश्वासन दिए। २५ मई शिक्षकहरूको टोली बाग्राकोटदेखि बाहिरका गाउँमा प्रत्यक्ष जाँच-भ्रमणमा निस्किएको थियो। यसदिन पनि प्रधान अध्यापकले नै टोलीलाई नेतृत्व गरे। मानाबारी, तोरीबारी, पत्थरझोड़ा, ओदलाबारी, आशाबारी, लिसरिभर, सोनाली र पत्तीबारी जस्ता गाउँ र चियाबगानमा शिक्षकहरूले भ्रमण गरे।

यस अवसरमा विद्यार्थी र अभिभावकका थुप्रै समस्या एवम् गुनासोहरूको पनि सुनवाइ गरियो। कतिपय विद्यार्थीको

घरमा एन्ड्रोइड फोन नभएको, केही परिवारमा एउटै फोनबाट तीनजनासम्म विद्यार्थीले पढ्नुपर्ने अनि केही परिवारको आर्थिक सङ्कटले नेट प्याकसम्म लगाउन नसक्ने स्थितिबारे अवगत भएपछि प्रधान अध्यापकले त्यसको समाधानका लागि पहल गरे। खासगरी फोन नभएका नानीहरूलाई साथीहरूसँग सहकार्य गरेर पढ्न सुझाउँदै उनीहरूबीच तालमेल मिलाइएको छ। यसैगरी, केही ठाउँमा स्थानीय समाजसेवीहरू नै अघि आएर आफ्नो ल्यापटप र कम्प्युटर फराकिलो सार्वजनिक ठाउँमा राखिदिने अनि नानीहरूलाई अनलाइन क्लासको व्यवस्था मिलाइदिने आश्वासन दिए, जसका लागि विद्यालयले आभार प्रकट गरेको छ। भ्रमणको उद्देश्यबारे प्रकाश पार्दै प्रधान अध्यापक सागर शर्माले भने,''हामीले २९ अप्रेलदेखि नै दैनिक रूटिनवाइज अनलाइन क्लासहरू सञ्चालन गरिरहेका छौँ, तर हाम्रो प्रयास व्यावहारिक रूपमै कतिको फलदायी हुँदैछ भन्ने जान्नु जरुरी थियो। क्लास छुट्टीको दिन पारेर हामी भ्रमणमा निस्कियौँ। यस अवधि झण्डै ५०० विद्यार्थी र अभिभावकसँग प्रत्यक्ष कुराकानी गर्‍यौँ। यस्तो कठिन घड़ीमा विद्यार्थीहरू पढ़ाइबाट वञ्चित हुनु हुँदैन भन्ने हाम्रो उद्देश्य हो। केही नानीहरू अझैँ जोड़िएका थिएनन्, उनीहरूलाई हामीले यसै अभियानमार्फत क्लासका वाट्सएप ग्रुपहरूमा जोड़ेका छौँ। म विश्वस्त छु, हाम्रो यो प्रयासले भविष्यमा अवश्यै एउटा सार्थक परिणाम ल्याउनेछ।''

भ्रमण अवधि बाग्राकोट, तोरीबारी, पत्थरझोड़ा, सोनाली, लिसरिभर, आशाबारी आदि स्थानहरूमा स्थानीय जनप्रतिनिधि, प्राथमिक पाठशालाका शिक्षक, एसएसके शिक्षक, स्थानीय समाजेसवी, बुद्धिजीवी तथा भूतपूर्व विद्यार्थीहरूबाट उल्लेखनीय सहयोग प्राप्त भएको छ, जसका लागि प्रधान अध्यापकले विद्यालयको तर्फबाट आभार व्यक्त गरे। स्मरणीय छ, बाउमावि–को अनलाइन क्लास दोहोरो प्रकारले भइरहेछ, जहाँ विद्यार्थीहरूको पनि सक्रिय संवादमूलक सहभागिता हुन्छ। लकडाउन अवधि यस क्षेत्रका शैक्षिक संस्थानहरूमा बाग्राकोट उच्चतर माध्यमिक विद्यालयले नै पहिलोपटक यसप्रकारको महत् अभियान परिचालन गरेको छ।

## विद्यार्थीहरू सम्मानित

विद्यालयका दुई मेधावी छात्रालाई शिक्षकहरूले उनीहरूका घरमै गएर सम्मानित गरेका छन्। विद्यालयका प्रधानअध्यापक सागर शर्माको अगुवाइमा सह–शिक्षक रूपेश शर्मा र सोहन ठाकुरसहितको शिक्षक टोलीले २२ अक्टोबर,२०२० को दिन ओदलाबारी क्षेत्रका दुई मेधावी विद्यार्थीलाई उनीहरूका पुरस्कार हस्तान्तरण गरी सम्मान जनाएको हो।

विद्यालय टपर सिर्जना छेत्री (आठौँ श्रेणी)–लाई शिक्षक लीलाबहादुर छेत्रीद्वारा प्रायोजित 'शिक्षक रामचन्द्र छेत्री सुस्वास्थ्य तथा दीर्घायु कामना छात्रवृत्ति'–को राशि उनको निवास ओदलाबारी घिस बस्तीमा पुगेर प्रधानअध्यापकले अभिभावकसहितको उपस्थितिमा हस्तान्तरण गरे। उल्लेखनीय छ, यस परिवारका तीनजना छोरी बाउमावि–का विद्यार्थी हुन् र तीनैजना पढ़ाइमा अब्बल छन्। विद्यार्थी र अभिभावकलाई शिक्षकहरूले उत्साह र प्रेरणा प्रदान गरे। यसैगरी,९ अक्टोबर, २०२० को दिन 'विकल बाल प्रतिभा पुरस्कार', काठमाडौँबाट आयोजित 'आशु कविता लेखन प्रतियोगिता'–मा सान्त्वना पुरस्कार जित्न सफल कुमुद यादवलाई पनि उनको घरमै पुगेर शिक्षकहरूले सम्मान जनाउँदै पुरस्कारको नगद राशि हस्तान्तरण गरे। कुमुद दशौँ श्रेणीकी छात्रा हुन्। अनलाइन माध्यमद्वारा आयोजित 'आशु कविता लेखन तथा वाचन प्रतियोगिता'–मा कुमुदको प्रस्तुतिबाट काठमाडौँका जुरी सदस्यहरू प्रभावित बनेका थिए।।

उपलब्धि/गतिविधि

# भूतपूर्व विद्यार्थी प्रशान्त सुब्बाको अनुकरणीय पहल

भूतपूर्व विद्यार्थी प्रशान्त सुब्बाले एक अनुकरणीय उदाहरण प्रस्तुत गरेका छन्। स्मार्ट क्लास शुरु गर्ने विद्यालयको परिकल्पनालाई सहयोग पुऱ्याउन आर्थिक अभियान नै चलाएर उनले बाउमावि-लाई १ लाख ३० हजार रुपियाँ प्रदान गरेका छन्। १५ अगस्त, २०२१ को दिन विद्यालय परिसरमा आयोजित एक कार्यक्रममा उनले १,३०,१५१ रुपियाँको चेक विद्यालयका प्रधानअध्यापक सागर शर्मालाई हस्तान्तरण गरे।

प्रशान्त सुब्बा हाल स्टेट ब्याङ्क अफ् इण्डिया (एसबीआई), दार्जीलिङ शाखामा उप-प्रबन्धक पदमा कार्यरत् छन्। गत जुलाई महिनामा गठित बीएचएसएस एलुम्नाई एसोसिएशनको उद्देश्य र योजनाहरूबाट प्रभावित भएर उनले आफ्नो पक्षबाट केही न केही योगदान दिने अभिभारा उठाएका थिए। छोटो समयमा नै उनले विद्यालयलाई स्मार्ट क्लास परिचालनका लागि सहयोग पुऱ्याए। यसका साथै उनले अर्को एउटा घोषणा पनि गरेका छन्। आगामी वर्षदेखि बाउमावि-बाट माध्यमिक परीक्षामा ८० प्रतिशतभन्दा बढ़ी अङ्क ल्याएर स्कूल टपर हुने विद्यार्थीलाई १० हजार रुपियाँको प्रोत्साहन राशि प्रदान गर्ने भएका छन्। सुब्बा २००९ को माध्यमिक परीक्षामा प्रथम भएर बाउमावि-बाट पासआउट भएका थिए। उनी आशाबारी चिया बगान निवासी हुन्। उनकी माता बबिता सुब्बा एक आँगनबाड़ी शिक्षिका हुन्। लकडाउनको अवधि उनले धेरै निर्धन परिवारलाई राहत सामग्री एवम् सहयोगहरू प्रदान गरेकी छन्। विद्यालयका शिक्षक तथा प्रबन्धन समितिका सदस्यहरूलाई सम्बोधन गर्दै सुब्बाले आफ्नो जीवन-निर्माणमा विद्यालयको महत्वपूर्ण योगदान रहेको उल्लेख गरे। ''कोरोनाको यो सङ्कटमा पनि विद्यालयका प्रधानअध्यापक तथा शिक्षकगणले विद्यार्थीहरूलाई पढ़ाइबाट वञ्चित राखेका छैनन्। यस्तो महामारीमा पनि गाउँ-गाउँ पुगेर विद्यार्थी तथा अभिभावक भेटी अप्रेल महिनाबाटै अनलाइन क्लास शुरु गरिएको देखेर मलाई धेरै खुशी लागेको थियो। स्कूलको आवश्यकता बुझेर स्मार्ट क्लास थाल्न मैले सानो सहयोग पुऱ्याउने प्रयास गरेको छु'',उनले विद्यालयको पहलको सराहना गर्दै भने। प्रधानअध्यापक सागर शर्माले प्रशान्त सुब्बाले एउटा उदाहरणीय र प्रशंसायोग्य कार्य गरेको भन्दै उनीप्रति आभार प्रकट गरे। ''प्रशान्त आज हामी सबैका लागि उदाहरण बनेका छन्। उनको यो सहयोग र घोषणाले विद्यार्थीहरूलाई ठूलो प्रोत्साहन र सहायता मिल्नेछ'', प्रधानअध्यापक शर्माले भने।

यसअघि, विद्यालय सञ्चालन समितिका सदस्य एवम् सुपरिचित समाजसेवी आनन्द लखोटियाका बाहुलीबाट राष्ट्रिय झण्डा उत्तोलन गरिएको थियो। वरिष्ठ शिक्षक निर्मल शर्माले राष्ट्रिय गान गाउनमा नेतृत्व गरेका थिए। झण्डोत्तोलनपछि लखोटियाले स्वाधीनता दिवसको महत्व संक्षेपमा उल्लेख गरे। विद्यालयका गतिविधि, गम्भीरता र पहलहरूले भावी सम्भावनातर्फ सबैलाई उत्साहित तुल्याएको लखोटियाको भनाई थियो। उल्लेखनीय छ, बीएचएसएस एलुम्नी एसोसिएशनको गठनपछि बाउमावि-का भूतपूर्व विद्यार्थीहरूले विद्यालयलाई विभिन्न प्रकारले सहयोग पुऱ्याउने प्रतिश्रुति दिएका छन्।

# बीएचएसएस एलुम्नाई एसोसिएशनको गठन

बाउमावि–का भूतपूर्व विद्यार्थीहरूको विशेष पहलमा १८ जुलाई, २०२० को दिन बीएचएसएस एलुम्नाई एसोसिएशन गठन भएको छ। विद्यालय परिसरमा बसेको एउटा महत्वपूर्ण सभाले भूतपूर्व विद्यार्थीहरूलाई एक ठाउँमा जोड्न अनि विद्यालयको विकासमा योगदान दिन सङ्ठनको खाँचोबोध गर्दै भूतपूर्व विद्यार्थी सङ्ठन निर्माण गरेको हो। सभालाई वरिष्ठ समाजसचेतक तथा भारतीय गोर्खा परिसङ्घका राष्ट्रिय अध्यक्ष सुखमन मोक्तानले अध्यक्षता गरेका थिए। यो एउटा तदर्थ समिति मात्र हो, जसले २०२२ सम्म सबै भूपू विद्यार्थीलाई सङ्ठनसँग जोड्ने काम गर्नेछ। त्यसपछि वृहत्तर आयाममा पूर्णाङ्ग समिति गठन गरिनेछ।

कोरोनाको महामारी र सामाजिक दूरी कायम राख्नुपर्ने परिस्थितिबीच स्थानीय र बाहिरबाट आमन्त्रित सीमित भूपू विद्यार्थीहरूको संयोजन र सहकार्यमा सभाको आयोजन गरिएको थियो। तीन घण्टाभन्दा लामो समयसम्म चलेको बैठकमा विद्यालय र भूपू विद्यार्थीहरूबीचको आपसी सहकार्य, पूर्व विद्यार्थी र विद्यालयबीच गर्वबोधको परम्परा, विद्यालयलाई समृद्ध बनाउन भूपू विद्यार्थीहरूको सहयोग, २०२४ मा विद्यालयले पालन गर्ने कौस्तुभ जयन्ती (प्लाटिनियम जुबली) अनि विद्यालयको शैक्षिक गुणस्तरका विविध पक्षहरूमाथि गहन छलफल र अन्तरक्रिया भएको थियो। वक्ताहरूले विद्यालयको चौतर्फी विकासमा आफ्नो तर्फबाट सक्दो योगदान दिने प्रतिबद्धता जाहेर गरे। २०२४ सम्ममा बाउमावि–मा विज्ञान र वाणिज्य विभाग खोल्नुपर्ने, स्कूलमा एनसीसी शुरु गर्नुपर्ने, पूर्वाधार विकास, सामाजिक चेतना विकासमा शिक्षक/शिक्षिकागणको भूमिका, नयाँ संस्कारको प्रवृत्ति विकास गर्नुपर्ने आवश्यकता, व्यक्तिको भूमिकालाई न्यूनीकरण र हेयको दृष्टिले हेर्नु भन्दा रूपान्तरणको लागि प्रेरित गर्नुपर्ने आवश्यकता जस्ता सुझाउ वक्ताहरूले राखे। एलुम्नाई एसोसिएशनलाई भूपू विद्यार्थीहरूले एउटा स्वायत्त सङ्ठनको रूपमा विकास गर्नुपर्ने आवश्यकतामाथि वक्ताहरूले जोड़ दिए। लामो छलफलपछि एउटा तदर्थ समिति गठन गरियो, जसलाई उपस्थित सदस्यहरूले अनुमोदन गरे।

कमिटी यसप्रकार रहेको छः

**सल्लाहकारगणः** सर्वश्री सुखमन मोक्तान, कृष्ण छेत्री (काठमाडौँ), गोपालसिंह विश्व, सार्कीमान ब्लोन, निर्मल शर्मा,सितमकुमार मोक्तान, श्रीमती गङ्गादेवी शर्मा

**प्रमुख संरक्षकः** श्री सागर शर्मा, प्रधानअध्यापक, बाउमावि

**सभापतिः** श्री जे.बी. छेत्री

**कार्यकारी सभापतिः** श्री सघन मोक्तान

**सह–सभापतिः** श्री पवन प्रधान, श्री श्यामलाल गुप्त, श्री राजेश छेत्री (चन्दाकम्पनी)

**सचिवः** श्री रूपेश शर्मा

**सह–सचिवः**श्री अमीर सुन्दास, श्री अजय खड्का, श्री दिनेश शर्मा (तोरीबारी)

**कोषाध्यक्षः** श्रीमती रञ्जिता छेत्री

**च्याप्टर संयोजकः** सिक्किमः श्री किशोर मोक्तान

**कालेबुङः** श्री सीताराम काफ्ले, श्री गणेश छेत्री

**दार्जीलिङः** श्रीमती निलम प्रधान, श्रीमती

सुजाता शर्मा

**सिलगढ़ीः** श्री वसन्त थापा, श्री गणेश गजमेर

**डुवर्सः** श्री रविन खवास, श्री अनन्त श्रेष्ठ

**दिल्लीः** श्री कृष्ण प्रसाईं, श्री श्याम विष्ट

**नेपालः** श्री मोहन ठाकुर, श्री शिवजी घिमिरे, श्री उदय शर्मा, सुश्री अमिता घिमिरे

**मुम्बईः** श्री आशिक कुजुर, श्रीमती ऋतु लेप्चा (ट्रेसी)

**कोलकाताः** श्री कल्याण कुजुर

**ओभरसिजः** श्री रोशन अग्रवाल (निदरल्याण्ड)

**सदस्यगणः** सर्वश्री महेन्द्र बुढ़ाथोकी, अ.प्रा.कप्तान खगेन्द्र शर्मा, शीलाचन्द टोप्पो, नारायण विक्रम प्रधान, गोपाल गुप्त, विष्णु शर्मा घिमिरे, शङ्कर प्रधान,अशोक विश्व, केदार प्रसाद प्रसाईं, अजय राई, गोपाल विष्ट, प्रवीण लामा, गौतम विश्वकर्मा, हेमन्त प्रधान, लभ छेत्री, रविन थापा, सोहन ठाकुर, शङ्करसिंह कुमाई, अमित गुरुङ, मनजितसिंह कौर, सुश्री मनिषा छेत्री, सुश्री बबी लामा, सुश्री सरस्वती शमा, श्रीमती अञ्जु लखोटिया, सुश्री मुस्कान ठाकुर।

**२०२४ को प्लाटिनियम जुबलीलाई ध्यानमा राख्दै विशेष पहलहरूको नेतृत्वदायी भूमिकामाः**

**डिजाइनः** श्री अमीर सुन्दास

**सहयोग/अनुदानः** श्री विनोद घतानी, श्री रमेश राई, श्रीमती सलिना छेत्री

**प्रशासन/पूर्वाधारः** श्री शरण घिमिरे, श्री राजेश छेत्री (खत्री)

**साहित्य/दस्तावेजः**श्री रूपेश शर्मा, श्री छुदेन काविमो

**प्रचारः** श्री लीलाबहादुर छेत्री, श्री विवेक छेत्री

**सङ्गीतः** श्री गौतम विश्वकर्मा, श्री राज घतानी

# विद्यालयद्वारा शैक्षिक क्षेत्रमा नौलो पहल

बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि) –ले एउटा ऐतिहासिक शैक्षिक सङ्गोष्ठी आयोजित गरेर यस क्षेत्रको शैक्षिक परिवेशमा नयाँ तरङ्ग ल्याएको छ। 'कोभिड–१९ पछिका दिनहरूमा देखापरेका विद्यार्थीहरूको शैक्षिक स्तर: एक अववोकन र समाधान'–माथि एक महत्वपूर्ण शैक्षिक सेमिनार आयोजित गरेर बाउमावि–ले शिक्षा क्षेत्रमा विद्यार्थी मात्र होइन, शिक्षकहरू समेत संवेदनशील, अद्यतन र दक्षता विकास कार्यमा गतिशील भएर समाज र राष्ट्रको भविष्य निर्माणमा हस्तक्षेपकारी योगदान दिनुपर्ने आवश्यकता औंल्याएको छ। १४ दिसम्बर,२०२२ मा आयोजित सङ्गोष्ठीलाई कालेबुङका जिल्ला स्कूल निरीक्षक (डीआई) रवीन्द्रनाथ मण्डलले अध्यक्षता गरेका थिए भने गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए)–का उपप्रमुख कार्यपाल तथा शिक्षा विभाग प्रमुख सञ्चवीर सुब्बा प्रमुख अतिथिका रूपमा उपस्थित थिए। विभिन्न विद्यालयका सातजना अनुभवी तथा विषयविद् (सब्जेक्ट एक्सपर्ट) शिक्षकहरूले स्रोतवक्ताका रूपमा आ–आफ्नो कार्यपत्र पेश गरे। जीटीए, तराई र डुवर्स क्षेत्रका करिब तीन दर्जन स्कूलहरूले सङ्गोष्ठीमा सहभागिता जनाएका थिए भने दुई सयभन्दा अधिक शिक्षक–शिक्षिका एवम् विद्यालय प्रमुखहरू यो शिक्षा सङ्गोष्ठीमा सहभागी बनेका थिए। विभिन्न क्षेत्रका विद्यालयका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थितिले सङ्गोष्ठी आयोजनको आवश्यकता र महत्वलाई उजिल्याएको थियो। विद्यालयले यो सङ्गोष्ठी आफ्नो दुइ वर्षीय कौस्तुभ जयन्तीको महत्वपूर्ण कार्यसूचीकै योजनाअनुरूप आयोजन गरेको हो।

''सङ्गोष्ठीको परिकल्पनालाई पाइलट प्रोजेक्टकै रूपमा अघि बढ़ाएर लानेछौँ। बाग्राकोट उच्चतर माध्यमिक विद्यालयको यो योजनालाई जीटीएले साथ र सहयोग दिनेछ। जीटीएले पहाड़को शिक्षा व्यवस्थामा सुधारका लागि एउटा कमिटी बनाएको छ। हामी कमिटीको सुझाउलाई अघि बढ़ाउनेछौँ। यस विषयमा फेरि बसेर रणनीतिहरू बनाइनेछ'',जीटीएका उपप्रमुख कार्यपाल

सञ्चवीर सुब्बाले आफ्नो छोटो सम्बोधनमा भने। सङ्गोष्ठी अध्यक्ष तथा कालेबुङका डीआई रवीन्द्रनाथ मण्डलले सङ्गोष्ठीको आयोजन एउटा महत्वपूर्ण र दूरगामी प्रभाव ल्याउने कार्य भएको जिकिर गर्दै बाउमावि-का प्रधानाध्यापक सागर शर्माको मुग्धकण्ठले प्रशंसा गरे। शिक्षकहरूलाई महत्वपूर्ण सुझाउ दिँदै मण्डलले भने, ''डीआई र हेडमास्टरले ठेलेर मात्र शिक्षकहरू दक्ष हुन सक्दैनन्। यसका निम्ति तपाईँहरू स्वयम् संवेदनशील हुनुपर्छ, आफ्नो क्षमता विकास गर्नुपर्छ अनि नानीहरूका भविष्य राम्रो बनाउन सोच्नुपर्छ। तपाईँहरू समाज र राष्ट्रनिर्माता भएकोले आफ्नो जिम्मेवारीलाई गम्भीरतासँग लिएर अघि बढ्नुपर्छ।'' उनले शिक्षालाई 'मन्दिर' र शिक्षकलाई 'पुजारी'-को संज्ञा दिए। सङ्गोष्ठीका परिकल्पनाकार बाउमावि-का प्रधानाध्यापक सागर शर्माले सङ्गोष्ठीको उद्देश्य, महत्व र दीर्घकालीन लक्ष्यमाथि प्रकाश पार्दै प्राक्कथन तथा बीज वक्तव्य राखेका थिए। जीटीएलाई उनले महत्वपूर्ण सुझाउहरू पनि दिए। जीटीएका जम्मै स्कूल र अनुभवी शिक्षकहरूलाई संलग्न गराउँदै नानीहरूका लागि पर्याप्त अध्ययन सामग्री उपलब्ध हुनेगरी एउटा डिजिटल प्लेटफर्म बनाउनुपर्ने, जीटीएले शिक्षकहरूका लागि यस्ता अभिमुखी (ओरिएन्टेसन)-हरू ब्लक तथा युनिट स्तरसम्म नियमित रूपमा आयोजन गरी शिक्षकहरूलाई दक्षता प्रदान गर्नुपर्ने उनले सुझाउ राखे।

उनले कमिलाको उदाहरण दिँदै कमिलाले सधैँ टिम वर्कमा काम गर्ने अनि कसैको निर्देशन नपर्खिने दृष्टान्त प्रस्तुत गरे भने कर्मशील, प्रतिबद्ध र संवेदनशील भएर शिक्षकहरूले नानीहरूमा सही ज्ञान र आदर्श स्थापित गर्नसक्ने विश्वास प्रकट गरे। यस अवसरमा कालेबुङका विधायक रूदेन सादा लेप्चा र जीटीएका सभासद तथा पीडब्ल्यूडी एवम् उद्योग विभाग, जीटीएका प्रभारी कार्यकारी सदस्य रतन थापाले सङ्गोष्ठी सफलताका लागि दिएका शुभकामना सन्देश भिडियोहरू प्रोजेक्टरबाट प्रसारित गरिएको थियो। सङ्गोष्ठीमा सातजना स्रोतवक्ताले कार्यपत्र प्रस्तुत गरे। माध्यमिक स्तरका सातवटा विषयमा सातजना अनुभवी, वरिष्ठ एवम् विषयविद् स्रोतवक्ता शिक्षकहरूका प्रभावकारी प्रस्तुतिले सङ्गोष्ठीको माहौललाई गहन र प्रभावोत्पादक बनाएको थियो। सेन्ट जर्ज उच्चतर माध्यमिक विद्यालयका सह-शिक्षक भानु अधिकारी (नेपाली), कुमुदिनी होम्स उच्चतर माध्यमिक विद्यालयकी सह-शिक्षिका श्रीमती इन्दु राई (इतिहास), अलगड़ा उच्चतर माध्यमिक विद्यालयका प्रधानाध्यापक विजय प्रधान (भौतिक विज्ञान), युद्धवीर उच्चतर माध्यमिक विद्यालयका सह-शिक्षक प्रेमकुमार मुखिया (अङ्ग्रेजी), गान्धी मेमोरियल उच्चतर माध्यमिक विद्यालय, बागडुग्राका प्रधानाध्यापक डा.सुमन निरौला (जीव विज्ञान), सेन्ट फिलोमिना उच्चतर माध्यमिक विद्यालयका सह-शिक्षक हरि दाहाल (गणित) अनि बाग्राकोट उच्चतर माध्यमिक विद्यालयका सह-प्रधानाध्यापक अमित थापा (भूगोल)-ले आ-आफ्नो सब्जेक्टमा गहन वार्ता प्रस्तुत गरे। स्रोतवक्ताहरूले विद्यार्थीहरूभन्दा बढ़ी शिक्षकहरू ज्ञान, कर्म र संवेदनशीलताको क्षेत्रमा बढ़ी गम्भीर हुनुपर्ने आवश्यकतामाथि जोड़ दिएका थिए। वक्ताहरूले शिक्षक विरादरीकै पक्षमा एकप्रकारले आत्मविवेचना नै गरे। वार्ता तथा कार्यपत्रहरूमाथि तीनजना टिप्पणीकारहरूले आ-आफ्ना विचार र सुझाउ राखेका थिए। अम्बियोक उच्च माध्यमिक विद्यालयका सह-शिक्षक विजय ब्लोन, लोले साम्पु उच्चतर माध्यमिक विद्यालयका प्रधानाध्यापक रेकमणि प्रधान र गान्धी मेमोरियल उच्च माध्यमिक विद्यालय, बागडुग्राका सह-शिक्षक वसन्त थापाले सङ्गोष्ठीका कार्यपत्र अनि आयोजनमाथि महत्वपूर्ण मन्तव्य, टिप्पणी र सुझाउहरू दिए। यसैगरी, ग्रिफिथ्स उच्चतर माध्यमिक विद्यालयका प्रधानाध्यापक भीम प्रधानले संक्षिप्त मन्तव्य राख्दै विद्यालयको कामको सराहना गरे। स्रोतवक्ता र विभिन्न विद्यालयका प्रमुखहरूलाई आयोजक विद्यालयका प्रधानाध्यापकका बाहुलीबाट स्मृतिचिन्ह प्रदान गरेर सम्मान जनाइएको थियो।

कार्यक्रममा वरिष्ठ शिक्षिका गङ्गादेवी शर्माले स्वागत वक्तव्य राखेकी थिइन् भने शिक्षिकाहरूले सरस्वती बन्दना प्रस्तुत गरेका थिए। गैरीवास उच्चतर माध्यमिक विद्यालयका प्रधानाध्यापक पदम सुवेदीले कविता वाचन गरे अनि विद्यालयका सह–शिक्षकद्वय अमित गुरुङ र रोमन प्रधानले 'कौन बनेगा शिक्षक' शो–लाई 'कौन बनेगा करोड़पति'–कै शैलीमा नाटकीय रोचकता प्रदान गर्दै नौलो प्रस्तुति दिए। कार्यक्रममा बाउमावि–का छात्राहरू अंशिका अनि साथीहरू र महिमा अनि साथीहरूले सामूहिक नृत्य, छात्रा एलिना सुनारले एकल गीत अनि अम्बियोक उच्च माध्यमिक विद्यालयका सह–शिक्षक बिनम रनपहेंलीले एकल गीत प्रस्तुत गरे। कार्यक्रमलाई सह–शिक्षक रूपेश र प्रधानाध्यापक सागर शर्माले संयुक्त रूपमा सञ्चालन गरेका थिए।

## अनलाइन क्लासमा श्रेष्ठ प्रदर्शन सम्मान

बाउमावि–ले २०२० मा देशव्यापी लकडाउन शुरु भएको लगत्तै पछिबाट अनलाइन क्लास शुरु गरेको थियो। विद्यालयका शिक्षक–शिक्षिकाहरू गाउँ–गाउँ, बस्ती–बस्ती र चियाबगानतिर पुगेर विद्यार्थी/अभिभावकहरूलाई कोरोना सङ्कटबाट जोगिने उपाय र अनलाइन क्लासको महत्व बुझाउन थाले। यो अभियान चलाएको केही दिनमै हामीले व्यवस्थित रूपमा अनलाइन क्लास शुरु गर्‍यौँ स्कूलकै रूटिन प्रारूपमा। अनलाइन क्लासमा हेडमास्टरसँगै अन्य चार शिक्षकहरू दैनिक क्लासको मनिटरिङ गर्दथे। यसरी यस क्षेत्रमै बाउमावि–ले सरकारी विद्यालयहरूमा पहिलोपल्ट यसरी स्कूल लागेजस्तै गरी क्लासहरू सञ्चालन गरेको थियो। विद्यालयले त्यसबेला जोखिम पनि नलिएको होइन होइन, तर 'हायर द रिस्क, हायर द प्रफिट' भनेजस्तै हामीले लिएको जोखिमले हाम्रा विद्यार्थीहरूले अनलाइन क्लासको फाइदा पाए।

यसरी दुई वर्षपछि विद्यालयले गरेको पहल र प्रयासको मूल्याङ्कन भएको छ। दार्जीलिङ युनिभर्सल क्याम्पस (डीयुसी)–ले अनलाइन क्लासमा बाउमावि–को प्रदर्शनको उच्च कदर गर्दै विद्यालयलाई सम्मान जनाइएको छ। १६ जून, २०२२ मा दार्जीलिङमा एउटा कार्यक्रमबीच विद्यालयलाई सम्मानित गरिएको हो।

## बिदाई समारोह

बाउमावि–ले आफ्ना एक अशिक्षण कर्मचारीलाई ६ फरवरी, २०२१ को दिन एक भव्य कार्यक्रम आयोजन गरेर बिदाई दियो। श्रीमती शान्ति बराइली १८ मार्च, १९९१ मा बाग्राकोट उच्चतर माध्यमिक विद्यालयमा चतुर्थ श्रेणी कर्मचारीका रूपमा नियुक्त भएर बाउमावि आएकी थिइन् भने ३१ जुलाई,२०२० मा अवकाशग्रहण गरिन्। कोरोना सङ्कटका कारण थाँतीमा रहेको औपचारिक बिदाई समारोह विद्यालय परिवारले ६ फरवरीमा आयोजन गरेको थियो। बिदाई समारोहमा सञ्चालन समितिका अध्यक्ष तथा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) बोर्ड अफ् एडमिनिस्ट्रेशन (बीओए) सदस्य सञ्चवीर सुब्बा प्रमुख अतिथिका रूपमा उपस्थित थिए। समारोहमा विद्यालयका प्रधानअध्यापक सागर शर्मा,पूर्व प्रधानअध्यापक ब्रुनो लेप्चा, पूर्व शिक्षक प्रभारी माइकल तामाङ र शान्ति बराइली मञ्चासीन थिए।

कार्यक्रममा मुख्य अतिथिका बाहुलीबाट बिदायी कर्मचारी शान्ति बराइलीलाई सम्मान–पत्र प्रदान गरियो।

यसैगरी, प्रधानअध्यापक सागर शर्माले दोसल्ला ओढ़ाएर सम्मान जनाए। शिक्षिका गङ्गादेवी शर्मा र अर्पणा गुरुङ, शिक्षकगण डीबी छेत्री,राजेन सुनार,अमित थापा र बड़ाबाबु प्रभात तामाङले विद्यालयको पक्षबाट विभिन्न उपहारहरू प्रदान गरेर उनको प्रेरणादायी कार्यकालको निम्ति आभार जनाए। यसअघि, वरिष्ठ शिक्षक निर्मल शर्माले शान्ति बराइलीको परिचय प्रस्तुत गरेका थिए भने शिक्षक रूपेश शर्माले सम्मान-पत्र पठन गरे। आफूलाई यसप्रकारको सम्मान अर्पण गरेकोमा शान्ति बराइलीले विद्यालय परिवारप्रति कृतज्ञता प्रकट गरिन्। कार्यक्रमलाई सम्बोधन गर्दै सञ्चवीर सुब्बाले विद्यालयको यसप्रकारको संस्कृतिको प्रशंसा गरे। विद्यालयले सराहनीय संस्कार स्थापित गरेको उनले बताए। विद्यालयको जीर्ण भौतिक संरचनाको सन्दर्भमा उनले भने,''स्कूलको विकासको लागि हामीले काम गरिरहेका छौँ। हाम्रो समयमा स्कूलमा केही उल्लेखनीय काम गरौँ भन्ने प्रयास जारी छ। स्कूल भवन बनिनुपर्छ भन्ने कुरामा हामी सबै एकमत छौँ।'' सबै काम सोचेजस्तो नहुने कुराको जिकिर गर्दै उनले विद्यालयको पूर्वाधार निर्माणमा धैर्य राखिदिन विद्यालय परिवार,प्रबन्धन समितिका सदस्य एवम् अभिभावकगणमा आग्रह राखे। एक शुभचिन्तकका हैसियतमा आफू सधैँ विद्यालयको साथमा रहेको पनि उनले बताए। प्रधानअध्यापक सागर शर्माले शान्ति बराइलीको कर्मसंस्कृति र कर्तव्यनिष्ठाको प्रशंसा गर्दै उनीबाट विद्यालयले सधैँ प्रेरणा लिने बताए। विद्यालयको सामग्रिक विकासका लागि शिक्षण-अशिक्षण सबै कर्मचारीहरूबीच क्रमिक संवाद अनिवार्य भएको उनको आग्रह थियो। उनले सबैबाट निरन्तर साथ र सहयोगको आह्वान पनि गरे। यसैगरी, वरिष्ठ शिक्षिका गङ्गादेवी शर्माले शान्ति बराइलीले विद्यालयलाई पुऱ्याएको योगदानको मूल्याङ्कन भएको बताइन्। ''शान्ति दिदी निर्भीक र निष्पक्ष नारी हुन्। उनको कार्यसंस्कार हाम्रो निम्ति सधैँ प्रेरणाको स्रोत बनिरहनेछ'',उनले भनिन्। शिक्षक रूपेश शर्माले स्वागत सम्बोधन राखेको कार्यक्रममा विद्यार्थी आयूष छेत्रीले गीत,विद्यार्थी अल्का राई र उनका साथीहरूद्वारा नृत्य, शिक्षक अमित गुरुङ र नासिर गुरुङद्वारा क्रमैले कविता र गीत,शिक्षक बनमाली मण्डलद्वारा कविता, विद्यार्थी सुदेश्ना र उनका साथीहरूद्वारा नृत्य अनि विद्यालय सञ्चालन समितिका सदस्य देवनारायण सुनामद्वारा गीत प्रस्तुत गरिएको थियो। कार्यक्रमको अन्तमा शिक्षिकाहरूले एउटा सुन्दर गीत प्रस्तुत गरे। सम्पूर्ण कार्यक्रमलाई शिक्षक विवेक छेत्रीले सञ्चालन गरेका थिए भने वरिष्ठ शिक्षक राजेन सुनारले धन्यवाद ज्ञापन गरे।

# स्मार्ट क्लासको निर्माण

इच्छाशक्ति र प्रतिबद्धता छ भने प्रतिकूल अवस्थामा पनि उदाहरणीय कार्य गरेर देखाउन सकिन्छ भने टड्कारो उदाहरण बनेको छ बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि)। लामो समयदेखि जीर्ण भवन र पूर्वाधार सङ्कट झेलिरहेको बाउमावि-ले शहर-बजारमा अवस्थित अनि प्रशस्त सरकारी अनुदान प्राप्त गरेका स्कूलहरूले समेत गर्न नसकेको काम गरेर गरीब परिवारका विद्यार्थीहरूलाई समयसापेक्ष र युगीन शिक्षाको अवसर प्रदान गरेको छ। २० दिसम्बर, २०२१ को दिन विद्यालयले ३,९४,७५० रुपियाँको लागतमा एउटा स्मार्ट क्लास उद्घाटन गरेको छ, जसको निर्माणमा भूतपूर्व विद्यार्थी प्रशान्त सुब्बा (आशाबारी) र उमेश देवान (दार्जीलिङ) सहित शुभचिन्तकहरूले १,३२,२५० रुपियाँको आर्थिक अनुदान प्रदान गरेका छन्। यसैगरी, भूतपूर्व विद्यार्थी तथा विद्युत विभागका अभियान्तिकी

अधिकारी सुनिल लामाले स्मार्ट क्लासका लागि आवश्यक सामग्रीहरू प्रदान गरेर सहयोग पुऱ्याएका छन्। वन–बस्ती र चिया बगान क्षेत्रका गरीब परिवारका छोराछोरी पढ्ने यस विद्यालयमा अत्याधुनिक पद्धतिद्वारा शिक्षा प्रदान गर्नका लागि आर्थिक सहयोग जुटाउन यस वर्ष विद्यालयका शिक्षकगणले देउसीभैलो समेत खेलेका थिए, जसको केही अंश स्मार्ट क्लास निर्माणमा खर्च गरिएको छ भने बाँकी राशि शिक्षकहरूले आफ्नो वेतनबाट दिएका छन्।

२० दिसम्बर एक भव्य कार्यक्रमबिच विद्यालयका प्रधानाध्यापक सागर शर्माले स्मार्ट क्लासको विधिवत् उद्घाटन गरे। यस अवसरमा स्टेट ब्याङ्क अफ् इण्डिया, सिलगढ़ी क्षेत्रका महाप्रबन्धक सन्जीब कुमार रे मुख्य अतिथि र पेदोङ एसबीआईका क्षेत्रीय प्रबन्धक प्रशान्त सुब्बा विशिष्ट अतिथि अनि विद्यालयका सह–प्रधानअध्यापक अमित थापा अतिथिका रूपमा आसीन थिए। मुख्य अतिथि सन्जीब कुमार रे–ले देशका मुख्य शहरका स्कूलहरूमा समेत यस्तो सुविधा उपलब्ध नभएको तर ग्रामीण भेकको स्कूलले आफ्नै इच्छाशक्तिमा यस्तो महत् र उदाहरणीय कार्य गरेको भन्दै यसको सराहना गरे। स्टेट ब्याङ्कको कर्पोरेट सोसिएल रेस्पोन्सिबिलिटी (सीएसआर) कोषबाट विद्यालयलाई केही आर्थिक अनुदान र आवश्यक जिन्सी सहयोगका लागि आफूले पहल गर्ने पनि उनले आश्वासन दिए। प्रशान्त सुब्बाले आफ्नो विद्यालयबाट शिक्षा आर्जन गरी विद्यालयलाई केही सहयोग गर्न पाएकोमा हर्ष प्रकट गरे। उनले भने–''यो आइडिया छुट्टै र विशेष थियो। मलाई मेरा गुरुबाहरूले प्रेरित गरे, जसले गर्दा मैले ४०/५० जना साथीहरूबाट कोष सङ्ग्रह गरी स्कूललाई एकमुष्ठ आर्थिक सहयोग दिन सकैँ। पारम्परिक अध्ययन पद्धतिभन्दा स्मार्ट बोर्डबाट गरिने अध्ययनले विद्यार्थीहरूलाई अत्याधुनिक तक्निकसँग जोड़ेर अझ स्मार्ट बनाउँछ।'' विद्यालयका प्रधानाध्यापक सागर शर्माले आजको दिनलाई 'ऐतिहासिक घोषणा गरे। यस कार्यको सम्पूर्ण श्रेय उनले सम्पूर्ण शिक्षक–शिक्षिकागण र अशिक्षण कर्मचारीहरूलाई दिए। उनले भने–''फरवरी, २०२० देखि यसको योजना बुनेको हो। आगामी २०२४ मा हामी विद्यालयको कौस्तुभ जयन्तीलाई लिएर स्वप्नकांक्षी योजनाहरू बनाइरहेका छौँ। स्मार्ट क्लासको निर्माणले हामी एक धाप अघि बढ़ेका छौँ। टिम वर्क व्यक्तिगत महत्वाकाङ्क्षाभन्दा सधैँ उच्च हुन्छ। सबै मिलेर काम गरे सफलता अवश्यै प्राप्त हुनेछ।'' स्मार्ट क्लासको नियमित प्रयोग अत्यावश्यक बताउँदै शिक्षक–शिक्षिकाहरूले पेशागत दक्षता विकास गर्न जरुरी भएको कुरामा उनले जोड़ दिए। स्मार्ट बोर्डको उपयोगबारे सह–शिक्षक विवेक छेत्रीले छोटो प्रशिक्षण तथा प्रदर्शन गरे। यसका विभिन्न तक्निकी विशेषता र फाइदाहरूबारे उनले शिक्षकहरूलाई अवगत गराए। वरिष्ठ शिक्षक तथा स्मार्ट क्लास स्थापना उप–समितिका प्रमुख राजेन सुनारले यो परिकल्पनाले विद्यालयका 'स्मार्ट हेडमास्टर' सागर शर्माबाट मूर्त रूप पाएको जनाउँदै उनको प्रशंसा गरे। वरिष्ठ शिक्षिका गङ्गादेवी शर्माले उन्नत स्कूलहरूले गर्न नसकेको काम गाउँको एउटा साधारण स्कूलले गरेर देखाई इतिहास रचेको मन्तव्य गरिन्। सह–प्रधानअध्यापक अमित थापाको स्वागत वक्तव्यबाट शुरु भएको कार्यक्रम सह–शिक्षक अमित गुरुङको धन्यवाद ज्ञापनपछि समाप्त भएको थियो। सम्पूर्ण कार्यक्रमलाई सह–शिक्षक विवेक छेत्रीले सञ्चालन गरेका थिए। यस अवसरमा निर्माण समितिका सदस्य शिक्षकगण राजेन सुनार, रूपेश शर्मा, अमित गुरुङ, विवेक छेत्री, सुजन विश्वकर्मा र बनमाली मण्डलले प्रधानाध्यापक सागर शर्मालाई स्मार्ट क्लास कक्षको चाबी हस्तान्तरण गरे।

कार्यक्रममा विद्यालयको पक्षबाट सन्जीब कुमार रे र प्रशान्त सुब्बालाई सोभिनियर अनि स्मृति–चिन्ह प्रदान गरिएको थियो।

# लगातार तेस्रो वर्ष तीन विद्यार्थीले हत्याए राष्ट्रिय छात्रवृत्ति पुरस्कार

हाम्रा विद्यार्थीहरूले लगातार तेस्रो वर्ष (२०२१) पनि राष्ट्रिय छात्रवृत्ति पुरस्कार हत्याएका छन्। कमसल पूर्वाधारमा अध्ययन गर्न बाध्य भएर पनि यस विद्यालयका प्रतिभाशाली विद्यार्थीहरूले विद्यालयको नाम उज्ज्वल गरिरहेका छन्। पछिल्लो दुई वर्ष जस्तै यस क्रमिक वर्षमा पनि आठौँ श्रेणीका तीनजना विद्यार्थीले राष्ट्रिय छात्रवृत्ति पुरस्कार हत्याएकोले शिक्षक तथा अभिभावकगणमा खुशीको माहौल छाएको छ।

हाल नवौँ श्रेणीमा अध्ययनरत अनुरोध शर्मा, सिद्धार्थ शर्मा र सिर्जना छेत्रीले केन्द्र सरकारद्वारा प्रायोजित नेशनल मिन्स-कम-मेरिट स्कलरशिप इक्जामिनेसन (एनएमएमएसई)-बाट छात्रवृत्ति प्राप्त गरेका हुन्। उनीहरूले परवर्ती आन्तरिक परीक्षाहरूमा उत्कृष्ट अङ्क ल्याएको खण्डमा आगामी चार वर्षका लागि प्रत्येक वर्ष १२००० रुपियाँ गरेर राज्य सरकारले छात्रवृत्ति प्रदान गर्नेछ। २४ जनवरी, २०२१ को दिन कालेबुङको कुमुदिनी होम्स स्कूलमा यसको लागि मेन्टल एबिलिटी टेस्ट सम्पन्न गरिएको थियो। विद्यालयका तीन सहायक शिक्षक विवेक छेत्री, बनमाली मण्डल र पारस शर्माले यी विद्यार्थीहरूलाई परीक्षा तयारीका लागि आवश्यक मार्गदर्शन गरेका थिए। गत वर्ष पनि तीनजना छात्राले यो छात्रवृत्ति प्राप्त गरेका थिए।

आठौँ श्रेणीमा ५५ प्रतिशतभन्दा बढ़ी अङ्क ल्याएर उत्तीर्ण हुने विद्यार्थीले मात्र यो छात्रवृत्ति परीक्षामा बस्न पाउँछन्। भारत सरकारको मानव संसाधन विकास मन्त्रालय मातहत राज्य सरकारको स्कूली शिक्षा तथा साक्षरता विभागले यो योजना कार्यकर गर्दछ। प्रत्येक वर्ष देशभरिका कुल एक लाख विद्यार्थीलाई यो छात्रवृत्ति प्रदान गरिन्छ। यो प्रतिस्पर्धामा लाखौँका सङ्ख्यामा देशभरिबाट विद्यार्थीहरूले सहभागिता जनाउँछन्।

अहिले नवौँ श्रेणीमा अध्ययनरत् तीन विद्यार्थी अनुरोध शर्मा, सिद्धार्थ शर्मा र सिर्जना छेत्रीले चार वर्षसम्म वर्षेनि १२ हजार रुपियाँ छात्रवृत्ति पाउनेछन्। तर त्यसका निम्ति प्रत्येक वर्ष आन्तरिक परीक्षामा उनीहरूका मेरिट लेबल र अब्बलता कायम रहनुपर्नेछ। यसकै आधारमा यो छात्रवृत्तिको प्रत्येक वर्ष रिन्यूल हुनेछ। दशौँ श्रेणीको बोर्ड परीक्षामा ६० प्रतिशत र ११ औँ श्रेणीमा ५५ प्रतिशत अङ्क ल्याएमात्र यो छात्रवृत्तिले निरन्तरता पाउनेछ। बाह्रौँ श्रेणीसम्म विद्यार्थीले यो छात्रवृत्ति पाउँछन्। अनुसूचित जाति/जनजातिका विद्यार्थीका लागि अङ्कमा ५ प्रतिशत छुटको व्यवस्था छ। पञ्जीकरण प्रत्येक वर्ष जुलाई महिनामा हुन्छ। यसभन्दा अघि पनि वित्तीय वर्ष २०१८-१९ का लागि बाउमावि-का तीन विद्यार्थीलाई यो छात्रवृत्ति प्राप्त भएको थियो। रामचन्द्र गिरी, रितेश रोय र प्रतीज्ञा उराउँले यो छात्रवृत्ति प्राप्त गरेका थिए। लगातार तेस्रो वर्ष विद्यार्थीहरूको यसप्रकारको उपलब्धिप्रति विद्यालयका प्रधानाध्यापक सागर शर्माले हर्ष प्रकट गरेका छन्।

# वर्तमानकाल

# विषयसूची

१.**सञ्जय थापाः** शिक्षाको उद्देश्य र विशिष्ट शिक्षण पद्धति/१३९
२. **Sagar Sharma :** School Education: Burning issues and Modern Trends .../१४२
३. **Namrata Pradhan:**The New National Education Policy: An overview /१४५
४. **Parash Sharma:** Beyond The Books: The Role of School Education.../१४७
५. **Prabina Chhetri:** Navigating the Maze of School Life/१५०
६.**डी.बी.छेत्री**ः डायास्पोरिक दृष्टिकोणमा शरणार्थी उपन्यास/१५१
७.**अर्पणा गुरुङः** *भ्रमर*को भाषा-शैली/१५५
८. **Abhay Sharma:** A short comparative study of Keats and Shakespeare/१५७
९. **Mamta Pradhan:** Climate change - A greatest threat on Earth /१५९
१०. **राजेन सुनारः** म विद्यालय अनि कौस्तुभ जयन्ती/१६१
११. **अर्पणा गुरुङः** घर बनाउने रहर/१६२
१२. **अशोक रोकाः** म्यानरलेस/१६३
१३. **शङ्कर प्रधानः** सुन्दर-सुन्दरीको कथा/१६७
१४. **लीलाबहादुर छेत्रीः** डियर भट्टाचार्य सर/१७१
१५. **रविन खवासः** म र मेरो साथी/१७४
१६. **सुदर्शन तामाङः** दण्ड/१७५
१७. **नारायण काफ्लेः**बेवास्ता/१७६
१८. **दीपक बुढ़ाथोकीः** सम्झना साथीहरूको/१७७
१९. **पुनम धमलाः** सागर मन्थन/१७८
२०. **अजय राईः** जिन्दगी/१७९
२१. **अजय राईः** रहर/१८०
२२. **रूपनारायण प्रधानः** फूल फुलेपछिको.../**अभिजित कुमार गुप्ताः** म अपवित्र.../१८१
२३. **पुनम धमलाः** गजल/ **स्वर्णिम लिम्बूः** गजल/१८२
२४. **श्रेया देवानः** प्रकृति/**बबिता भट्टराई छेत्रीः** हरियाली फर्काऊँ /१८३
२५. **रोमिका विश्वकर्माः** किताब/**रिसिका सेवाः** आमा-बाबाप्रति/१८४
२६. **जे.बी. छेत्रीः** स्वर्ण जयन्तीले छोड़ेको नयाँ चुनौती/१८५
२७. **अमित गुरुङः** ब्यारिस्टर अरिबहादुर गुरुङ.../१८८
२८. **अबीर खालिङः**२६ जनवरी २०१२, तुर्साको बगर.../१९३
२९. **उर्मिला प्रधानः** मेरी अनुभूति में .../१९७
३०. **अजय खड्काः** हामीले यसकारण यसरी खेल्यौं देउसी/२००
३१. **श्यामल तामाङः** खेलकुद र शारीरिक स्वास्थ्यः हाम्रो विद्यालयको पहल/२०४
३२. **Sugan Biswakarma/Banamali Mandal:** School's journey in scientific... /२०९
३३. **उपलब्धि/गतिविधिः** २११-२२४

# शिक्षाको उद्देश्य र विशिष्ट शिक्षण पद्धति



▣ **सञ्जय थापा,** सह–शिक्षक

शिक्षाको मुख्य उद्देश्य चरित्र निर्माण हो। जीवनको प्रारम्भदेखि नै प्राणीहरूले जीवन हुनुको मूल उद्देश्यको खोजी गरेको हुनुपर्छ। चाहे कुनै पनि दृष्टिकोणले होस्, प्राणीले जीवनलाई बुझ्ने प्रयत्न गरेको हुनुपर्छ। ब्रह्माण्डमा मानव सोचले भ्याएसम्मको चिन्तनको फैलावट बिस्तार हुदै गयो अनि मान्छेले आफूलाई परिभाषित गर्दै गयो। युगौँदेखि विभिन्न परिस्थिति र वातावरणलाई बुझ्ने चेष्टा मानवले गर्दै आइरहेछ। प्रकृतिले पढाएको पाठ्यक्रमदेखि वर्तमानमा कृत्रिम बुद्धिमत्ता (एआई)–ले रचेको सबै विषयबस्तुले दिन खोजेको एउटै कुरा हो–शिक्षा। यसैले हामी बुझ्छौँ–शिक्षा दुई प्रकारले प्राप्त गर्न सकिन्छ। एउटा प्राकृतिक अनि अर्को कृत्रिम अथवा भौतिक अनि आध्यात्मिक। विश्वमा भौतिक शिक्षाले जति उन्नति गर्दै गयो त्यति नै आध्यात्मिक शिक्षाको खाँचो हुनगयो मानवलाई। स्याटलाइट र स्पेसको मार्गमा वैज्ञानिकहरू जति नै अग्रसर भए तापनि मौनता र वैराग्य जीवनले माग्दै गयो। मानवदेखि महामानव हुनुको होड्मा मानवले आफू दानव बनिरहेको सत्यलाई मूकदर्शक बनेर हेरिरह्यो। मानव यसरी आफूलाई भुलेर अन्य केही नै बनिरहेको आफ्नो संरचनालाई भौतिक जगतमै डुबाउनमा मस्त रह्यो। वास्तवमा दुवै माध्यमबाट प्राप्त शिक्षाको उद्देश्य र लक्ष्य जीवनलाई सुखमय, शान्तिमय, आनन्दित बनाउनु हो। तर आजको संसारले भौतिक शिक्षालाई नै अधिक प्राथमिकता दिएर अन्तर्ज्ञान अनि जीवनको लक्ष्यलाई नै बिर्सिँदै गइरहेको सत्यलाई नकार्न सकिन्न। यही अन्तर्ज्ञान र सकारात्मक चेतनाको अभावमा दुनियाँ स्वार्थी, लोभी, निर्दयी, पाखण्डी हुँदै नैतिकता,अनुशासन,भोलापन, मानवधर्म जस्ता मानवीय गुणहरू भुलिपठाएको छ। हामी शिक्षाको वास्तविक अर्थ बिर्सिरहेछौँ। यसैले विश्वका कतिपय शिक्षाविद्, वैज्ञानिक, आध्यात्मिक गुरु तथा सङ्घ–सस्थानहरूको गहिरो अध्ययनले विद्यार्थी एवम् मानव कल्याणकै निम्ति जीवनलाई सार्थक बनाउन हेतु निम्न पाँच सरल शिक्षण–तक्निक सुझाएको छ, जसबाट विद्यार्थीहरूले आफ्ना विचार, वचन र कर्ममा सुधार ल्याउन सकुन्।

**क). मौन बसाइ (साइलेन्स सिटिङ):** आन्तरिक चेतनालाई जागृत गराउने एउटा साधारण प्रणाली हो मौन बसाइ। मनको चञ्चलतालाई संयम बनाउनु हो भने आफ्नो विवेकको सहाराले दिव्यतातिर अन्तर्मुख हुनुपर्दछ। असल सोचबाट मनमा शुद्धता ल्याउन सकिन्छ। आफूलाई सकारात्मक बुद्धि र ज्ञानसित संलिप्त बनाउनु हो भने मनलाई तह लाउन पर्दछ। हामी शारीरिक रूपले जति नै चुपचाप रहे

तापनि मनभित्र उपद्रो भने चलिरहेकै हुन्छ। घोर निद्रामा पनि मनले काम गरिरहन्छ। परिणाम स्वरूप हामी थकित हुन्छौँ। मनमा विविध कुराहरू खेल्ने हुनाले सूक्ष्म रूपमा भए पनि हाम्रो शक्ति नष्ट भइरहेको हुन्छ। विचार गर्नुहोस्, आफ्नो कुनै अनुत्पादक सोचको कारण हामीभित्रको शक्ति व्यर्थमा नष्ट भइरहेको त छैन? यसैले हामीभित्र सुनिश्चित सोच हुन नितान्त आवश्यक छ। मनको स्थिरताबाट बुझाइको गहनतामा प्रभावकारिता बढाउन सकिन्छ। यसैले मौन बसाइले ध्यान केन्द्रित गर्न लगायत कुनै पनि विषयबस्तुलाई शीघ्र बुझ्ने क्षमता प्रदान गर्दछ। यसले सुन्दर परिणाम दिनमा ठूलो भूमिका निभाउँदछ। यसले स्मरण क्षमता अनौठो तरिकाले वृद्धि गर्दछ। काम गर्ने तरिकामा सकारात्मक प्रभाव पार्दछ। मौन बसाइले हामीलाई सांसारिक विषयबस्तुतर्फ भन्दा हाम्रो आन्तरिक संसारको यात्रातर्फ धकेल्दछ। जबसम्म हामी आफ्नो आन्दोलित र समस्याग्रस्त मनको कारण सांसारिक आवश्यकताको जञ्जालबाट अलग बस्न सक्दैनौँ हामीले आफूभित्रको दिव्यतालाई कहिले पनि प्राप्त गर्न सक्दैनौँ। वास्तवमा मौन बसाइ एउटा आत्मा पवित्रकरण पद्धति(सेल्फ प्युरिफिकेशन)हो जसले हामीभित्रका सत्य,धर्म, प्रेम, शान्ति जस्ता मूल्यहरूलाई महसुस गर्न सकोस्; व्यवहारमा उतार्न सकोस्। मूल्य आधारित कार्यक्रम अनुसार विद्यार्थी एवम् शिक्षकहरूका लागि मौन बसाइ एउटा अति नै महत्त्वपूर्ण पद्धति हो जसले अनुभवको आधिकारिकता बोकेको हुन्छ। मौन बसाइ पद्धतिमा विद्यार्थीहरूलाई ज्योति ध्यानम, सोहम मन्त्र उच्चारण जस्ता कुराहरू गर्न लगाउन सकिन्छ।

**ख).प्रार्थना (प्रेयर)ः** सदीयौँदेखि नै प्रार्थनालाई धार्मिक रीतिरिवाज तथा परम्पराको अभिन्न अङ्गको रूपमा मानिलिइन्छ। वर्तमान भौतिक तथा वैज्ञानिक युगमा पनि प्रार्थनाको गरिमालाई नकार्न सकिन्न। शब्द, रूप, ठाउँ र समय समेत भिन्न हुनसक्छ तर मानव समाजले आज पनि प्रार्थनालाई महत्त्व दिइरहेको पाइन्छ। महात्मा गान्धीअनुसार, प्रार्थना आत्माको निम्ति परम आवश्यकता हो। प्रार्थनाले ईश्वरीयता प्राप्त गर्नमा ठूलो सहायता पुऱ्याउँदछ। यसले सत्यको परिचय गराउँदछ भने मानवलाई आत्म-स्वतन्त्रता दिलाउनमा सहजता प्रदान गर्दछ। शरीरलाई खानेकुराको आवश्यकता परेजस्तो आत्मालाई प्रार्थनाको जरुरत पर्दछ। अर्धसचेत मनलाई प्रशिक्षित गर्नको निम्ति प्रार्थनाले धेरै सहायता पुऱ्याउने कुरा सिकाइका सिदान्तहरू (लर्निङ थ्योरिज)-मा यसको समावेशले स्पष्ट पार्दछ। यद्यपि प्रार्थनालाई केवल परम्परामा मात्र सीमित नराखेर यसलाई हृदय र मनलाई शुद्धिकरण गर्दै क्षमादान, आध्यात्मिकता र मानवता जस्ता विषयलाई व्यावहारिक रूप दिने बनाउनु पर्दछ। कोही असल छ कि छैन भन्ने कुराको महसुस गर्नलाई पहिले स्वयंभित्रको असलपनलाई परिमार्जन गर्न पर्दछ। प्रार्थनाको मुख्य उद्देश्य आत्मा-रूपान्तरण गर्नु हो। यसले सत्यको मूल्य अनि अन्तर्ज्ञानलाई जागृत गर्दै हामीभित्रको प्रेम-शक्तिलाई मुक्त गराउँदछ। अर्थपूर्ण प्रार्थनाले शान्ति अनि सदभावनाको विकास गराउँदछ। नियमित प्रार्थना गराइले कर्तव्यनिष्ठा र अनुशासनलाई प्रगाढ़ बनाउदँछ। यसैले भनिन्छ, कर्म दिव्यतातिर अग्रसर हुने शरीरको प्रार्थना हो। सबै प्रार्थना मानव मूल्यहरूका आकर्षण हुन्। प्रार्थनाले समस्याहरू निदान गर्नमा सहायता पुऱ्याउनका साथै प्रेरणा, आत्मनिर्भरता र कार्यको उद्देश्यलाई स्पष्ट पार्दछ। विद्यार्थीले मर्निङ एसेम्बली बाहेक श्रेणीमा कोहीबेला जीवनोपयोगी प्रार्थनाहरू गर्न सक्छन्।

**ग).भक्तिपूर्ण समूह गायन (डिभोशनल ग्रुप सिङगिङ)ः** भनिन्छ, ध्वनि नै जीवन उत्पतिको शुरुआत हो। हामी ध्वनियुक्त संसारमा बसोबासो गर्छौं। धेरै दार्शनिक एवम् आध्यात्मिक ज्ञानहरूमा संसारको उत्पति हुनुमा ध्वनिलाई मुख्य कारक मानिएको छ। विश्वको रहस्यमा ध्वनिको महत्त्वबारे भारतीय पवित्र ग्रन्थहरूमा वर्णन गरिएको पाइन्छ। विज्ञानले यसलाई 'बिग ब्याङ्ग'-को संज्ञा दिएको छ। यही ध्वनिलाई ताल, लयमा सजाएर सङ्गीतको उत्पति भएको पनि मानिन्छ। सङ्गीत ध्वनि हो अनि यो स्थानान्तरित

हुन्छ। सङ्गीतले मानवका भावना, शारीरिक, मानसिक, आध्यात्मिक तथा व्याहारिक विषयहरूमा प्रभाव पार्दछ। एउटा असल सङ्गीतले शारीरिक रूपमा स्फूर्ति दिनाका साथै ताजापनको पनि महसुस गराउँदछ। मानसिक स्तरमा यसले मनमा शान्ति प्रदान गर्दछ भने आध्यात्मिक स्तरमा यसले मानवलाई आन्तरिक रूपमा प्रेमको भावना सृजना गराउँदै अन्तर्ज्ञानको विकास गराउँदछ। जब हामी शब्दहरूको सटीक उच्चारणसितै ताल र लयमा कुनै गीत गाउछौँ भने स्वाभाविक रूपले नै विचार, भावना र शब्दहरूबीच समन्वय बनेको हुन्छ। यो समन्वयले विद्यार्थीहरूलाई साङ्गीतिक वाद्यवादनहरू जस्तै–भाइलिन, सितार, तबला, बाँसुरी, मादल आदि बजाउनमा उत्साह प्रदान पर्दछ जसले उनीहरूको मोटर कोअर्डिनेशनमा वृद्धि हुन सकोस्। हरेक विद्यालयको मर्निङ एसेम्बलीमा कतिपय असल भक्ति समूह गायनको समावेशले विद्यार्थीहरूमा आत्मविश्वास तथा इच्छाशक्तिको प्रादुर्भाव गराउँदछ भने असल नागरिक अनि राष्ट्रिय एकताको भावना जागृत हुनेछ।

**घ).कथा वाचन (स्टोरी टेलिङ):** असल कथा वाचनद्वारा कसैको पनि हृदय स्पर्श गर्न सकिन्छ। यसको प्रभाव गहिरो हुँदछ। मूल्य आधारित कथा वाचनले मानवलाई सकारात्मक कर्मसँगै उच्च सचेततातिर अग्रसर गराउँदछ। प्राचीन भारतमा विद्यार्थीहरूलाई कथा वाचनको माध्यमद्वारा ज्ञान प्रदान गरिन्थ्यो। रामायण, महाभारत,वेद जस्ता अन्य धेरै ग्रन्थहरू वाचनद्वारा नै अस्तित्वमा आएका हुन्। पञ्चतन्त्र जस्ता शास्त्रीय ग्रन्थ पनि पशु–पक्षीहरूका सामान्य कथा हुन्। राज्य प्रशासनसम्बन्धी प्रशासनिक ज्ञान शिक्षकद्वारा राजकुमारहरूलाई दिइएको मौखिक (पछि लिपिबद्ध) कथा हो। रामकृष्ण परमहंस,सत्य साइबाबा,जिजस क्राइस्ट जस्ता महान पुरुषहरूका कथा वाचनबाट विद्यार्थीहरूमा मानव मूल्यहरूको सञ्चारण भएको सत्य नकार्न सकिन्न। विद्यार्थीहरूलाई संक्षिप्त, सरल र ज्ञानवर्धक कथाहरू बताएर जीवनको महत्त्वमाथि प्रकाश पार्न सकिन्छ। साधारण भाषा, स्वरको तीव्रता अनि कथा भन्ने तरिकामा विशेष ध्यान दिन पर्दछ। कथा वाचनमा आइ कन्ट्याक्टलाई ध्यान दिन पर्दछ। विद्यार्थीहरूका स्तर हेरेर सोहीअनुरूप कथा वाचन गर्नाले वातावरण प्रभावोत्पादक बनाउन सकिन्छ।

**ङ).समूहगत क्रियाकलाप (ग्रुप एक्टिभिटिज):** समूहगत क्रियाकलाप एउटा भिन्नै अन्तरक्रिया हो जसले एकअर्कामा भावनात्मक आदान–प्रदानसँगै सन्तुष्टिको महत्त्वलाई रेखाङ्कित गर्दछ। यस तक्निकले शिक्षामा विद्यार्थीहरूको क्षमता वृद्धि, एकअर्काका चाहनाप्रति महत्त्व, अन्तरनिर्भरशीलता, आत्माभिव्यक्ति एवम् अन्तर्ज्ञान जस्ता विषयहरूको विकास गराउँदछ। आजको दुनियाँमा एउटा राम्रो विद्यालयमा पनि शिक्षा जबरजस्ती थोपिने काम भइरहेको छ। यसले समाजमा नकारात्मक परिस्थितिको सृजना गर्दछ। विद्यार्जनमा जबरजस्तीपनले विद्यार्थीहरूलाई आत्मकेन्द्रित र अहंकारी बनाउँदै लगिरहेको छ। नानीहरू समूहमा घुलमिल हुने चाहना राख्छन्। परिवार, दल, संस्था र सङ्गठनहरूसँग मिलेर समूहगत कार्य गर्न रुचाउँदछन्। यसले उनीहरूमा आफ्ना विचार तथा अभिव्यक्तिलाई स्वतःस्फूर्त रूपमा प्रस्फुटनका लागि सहजता प्रदान गर्दछ। यसैले समुचित व्यवस्थाद्वारा गरिएको समूहगत क्रियाकलापले विद्यार्थीहरूलाई समूहमा बस्ने रुचि जगाउँदछ। एकअर्कामा प्रतिस्पर्धाको भावनाले स्वको विकास भइरहेको हुन्छ। स्वस्थ प्रतिस्पर्धाले विद्यार्थीहरूमा आफ्नो क्षमता महसुस गर्ने अवसर प्राप्त हुन्छ। शिक्षण तक्निकीमा समूहगत क्रियाकलापलाई बहुमुखी माध्यमको रूपमा लिन सकिन्छ। यस विषयमा शिक्षकहरूले विविध तक्निक अप्नाएर विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्न सक्छन्। जस्तै–सामूहिक परिचर्चा, खेलकुद, चित्रकला, तर्क प्रतियोगिता आदि।

अतः भौतिक होस् या आध्यात्मिक अथवा प्राकृतिक होस् वा कृत्रिम शिक्षा–सबैको मूल उद्देश्य नै जीवनलाई सजिलो, सरल,अनुशासित, नैतिक बनाउँदै आफू हुनुको सत्यलाई बुझ्नु र सांसारिक विषयवस्तुलाई उपभोग गर्दै दिव्यतातिर अग्रसर बनिरहनु हो। मानव समाजको उच्चतम प्रगतिमा नै शैक्षिक जीवनको महत्त्व र गरिमा झल्कन्छ। ●

# School Education: Burning issues and Modern Trends in the light of NEP 2020 & SEP 2023

**Sagar Sharma,** Headmaster

Oxford dictionary defines Education as a process of teaching, training and learning, especially in schools, colleges or universities, to improve knowledge and develop skills.

Generally, it is also said as the act or process of imparting or acquiring general knowledge, developing the powers of reasoning and judgement, and generally of preparing oneself or others intellectually for mature life, the act or process of imparting or acquiring particular knowledge or skills, as for a profession.

School education plays a pivotal role to shape the future of a child. It's being said that the future of a country is shaped in its classrooms. Simply by framing and implementing curriculum doesn't fetch the targeted goal. What we mostly see is that the government, without providing basic infrastructures and relevant requirements, gets hurry to impose the policies. It is just like to expect the rose to blossom in a desert.

Though education is the cornerstone of societal progress, serving as the bedrock upon which individual builds their future, it has many burning issues today.

After COVID-19 pandemic, there has been a deep-rooted crisis in our school education. The most importantly felt is the learning crisis. Even the world is facing learning crisis today. While countries have significantly increased access to education, being in school isn't the same thing as learning. Worldwide, hundreds of millions of children reach young adulthood even without the basic skills to fill up forms, or understanding simple calculation formula. One main reason behind the learning crisis is that we have little or no information on who is learning and who is not. As a result, it will become hard for us to do anything about it. The schools and the teachers must prepare the students with more than the basic reading and writing skills, considering the kinds os skills that the jobs of the future will require. Students need to be able to interpret information well, collaborate and be resilient.

A growing body of evidence suggests the learning crisis is, at its core, a teaching crisis. For students to learn, they need good teachers. But many education systems pay little attention to what teachers know and what they do in the classroom. The teachers should be made accountable to his performances or duties. If they don't have any fear of evaluation or accountability, teaching crisis persists, and results in learning crisis. However, there are many dedicated and enthusiastic teachers, in our society and the country, who despite all the odds make learning happen with passion, creativity and determination.

Another burning issue in education is accessibility. Despite efforts to promote universal education, disparities persist, with marginalized communities often lacking adequate access to quality schooling. Economic barriers, geographical remoteness, and societal inequities exacerbate

the challenge, hindering the realization of education as a fundamental human right. Recently, it has been witnessed that the governmental initiatives to address this issue through certain policies promoting inclusivity, such as scholarships, infrastructure development, and outreach programs designed to underprivileged areas.

Furthermore, the quality of education is another pressing concern. Despite several promises and policies being adopted for maintaining the quality of education, implementation or realization of the concept is in the state of oblivion. Even today rote memorization, outdated curricula, and teacher-centered approaches are in vogue and seems rigid to get separated from the tradition. This has failed to nurture critical thinking, creativity, and practical skills essential for navigating the complexities of the modern world. Even teachers have become too rigid to accept the innovations in their strategies. Teachers, though they accept it or not, of 20th century are dealing with the students of 21st century in their classrooms. They should update themselves and their stoics. To address this, a paradigm shift towards students-centered learning, interdisciplinary approaches, and the integration of technology is essential.

Moreover, in the era of embracing innovative pedagogies to thrive in an ever-changing global landscape, school teachers are found to have been engaged continuously in several non-academic activities, depriving them to get hooked up their maximum in planning and executing lessons and related strategies.

**Despite efforts to promote universal education, disparities persist, with marginalized communities often lacking adequate access to quality schooling. Economic barriers, geographical remoteness, and societal inequities exacerbate the challenge, hindering the realization of education as a fundamental human right.**

In the meantime, the COVID-19 pandemic has underscored the importance of resilience and innovation in education. But if any of the stakeholders fail to comprehend and adapt to the changing scenario would jeopardize the flow of change and also would adversely affect the learning process of the students. What is desirous in the hour is that the teachers have to make themselves suitable to fit in the changing trend of education system. Parents, too, need to encourage their wards to adapt in the process. We have seen that the school closures and the shift to remote learning have highlighted the need for flexible, adaptable educational models capable of delivering quality instructions in diverse contexts.

In recent years, education has witnessed transformations driven by technological advancements, changing societal needs, and evolving pedagogical approaches. Several trends are shaping the landscape of education in modern times. Some of which are stated below:

1. Technology Integration: the proliferation of digital tools and platforms has revolutionized teaching and learning. From online courses and virtual classrooms to educational apps and immersive technologies like Augmented Reality (AR) and Virtual Reality (VR), technology is increasingly integrated into educational settings to enhance engagement, personalization and accessibility.

2. Blended Learning (Hybrid Learning): Blending traditional face-to-face instruction with

online learning experiences has been becoming a popular approach. This hybrid model offers flexibility, allowing students to access content anytime, anywhere, while still benefitting from in-person interactions with teachers and peers.

3. STEM Education: With the increasing

**Basic provisions of National Education Policy (NEP) 2020 and certain principles of West Bengal State Education Policy (WBSEP) 2023:The above mentioned Policies have incorporated many of the matters that have talked of earlier. The five pillars of NEP 2020 are:**
**1. Access, 2. Equity, 3. Quality, 4. Affordability, and 5. Accountability.**

importance of Science, Technology, Engineering, and Mathematics in the global economy, there is a growing emphasis on STEM education. Schools are implementing specialized programs, extracurricular activities, and partnerships with industry to cultivate students' interest and proficiency in STEM education.

4. Project Based Learning: Project Based Learning emphasis hands-on, collaborative projects that enable students to apply knowledge and skills to real-world challenges. This approach promotes critical thinking, problem-solving and team work, preparing students for success in the workforce and beyond.

The above state are some of the various trends evolving in education today. These trends reflect a shift towards more student-centered, flexible and inclusive approaches to education, with a focus on preparing learners for success in the 21st Century workforce and society. Embracing these trends can help educators and institutions better meet the needs of diverse learners in the modern age.

Basic provisions of National Education Policy (NEP) 2020 and certain principles of West Bengal State Education Policy (WBSEP) 2023:
The above mentioned Policies have incorporated many of the matters that have talked of earlier. The five pillars of NEP 2020 are:

1. Access, 2. Equity, 3. Quality, 4. Affordability, and 5. Accountability. Furthermore, the fundamental principles of NEP 2020 are:

- Recognizing, Identifying, and fostering the unique capabilities of each student.
- Achieving Foundational Literacy and Numeracy.
- Flexibility
- No hard separation
- Multidisciplinary and a holistic education
- Emphasis on conceptual understanding
- Creativity and critical thinking
- Ethics and human, and Constitutional values
- Promoting multilingualism and the power of language
- Life Skills
- Focus on regular formative assessment for learning
- Extensive use of technology

Both the above mentioned Policies have many features common in them. Both the policies have given emphasis on the vocational education, professional development of the teachers, change in assessment systems, health and nutrition, and others.

Over all, it can be said that the said policies if implemented literally, after fulfilling all the basic infrastructures at the school level, will surely be going to garner good result. Otherwise, the policies remain the books and the students and the school will remain there where they were being tried to lift from. ●

NEP-Discourse

# The New National Education Policy: An overview



Namrata Pradhan,
Looksan Bazar

The new education policy which was approved by the Union Cabinet, is expected to bring a flurry of reforms, ranging from school curriculum reductions to the abolition of MPhil programs. The NEP aspires to develop an education system that directly contributes to the country's transformation by delivering high-quality education to all citizens and developing India into a global knowledge superpower.

**New System of Education 2023**

The new education policy was adopted by the Modi government. The 10 + 2 structure has been fully eliminated in the new education policy. Our country's educational curriculum has been based on 10 + 2, but it will soon be based on  This means that one-half is from primary to second grade, the second portion is from third to fifth grade, the third part is from sixth to eighth grade, and the last part is from ninth to 12th grade.

We'll provide you with a quick overview of the New Education Policy 2021-2023, including the Scheme Benefits and key Features.

**What is the New Education Policy 2023 (NEP)?**

The Indian government's New Education Policy is referred to as NEP. It was last modified in 1992 after being drafted in 1986. The Modi-led BJP government vowed in its election manifesto to create a new education policy, or NEP, to bring about changes in the education sector. In July 2020, the Union Cabinet of India approved the New National Education Policy (NEP) with the aim to bring modern reforms in the Indian education system from the school to the college level. This policy stands on the ideology to make India a 'global knowledge superpower.' In addition to this, it was with the introduction of NEP in 2020 that the Ministry of Human Resource Development was renamed to the Ministry of Education.

The new National Education Policy is based on the pillars of Access, Equity, Quality, Affordability, and Accountability. It aims to make both school and college education more holistic, multidisciplinary, and flexible, which aligns with the 2020 agenda for sustainable development.

**The Need for New National Education Policy (NEP)**

Up until the introduction of the New National Education Policy in 2020, there were many pitfalls in the Indian education system. Memorisation

was prioritised more over the understanding of concepts. In addition to this, the presence of multiple boards was a big issue. Each board had different learning methods for different skills, and then every student had to take the same standardised board exam.

Furthermore, in the past years, more emphasis was laid on learning or mastering traditional subjects and less on developing vocational skills. In the new education policy, all the pitfalls and limitations of the Indian education system are taken care of. Moreover, the policy intends to bridge the gap between vocational and formal education.

**Who Created NEP?**

A panel of specialists, led by former ISRO chief K Kasturirangan, discussed the difficulties and adjustments that need to be made in the Indian education system, which included everything from school to college to recruitment. These proposals were gathered, and the Ministry then approved them.

**Important Highlights of New Education Policy 2023**

1. Schooling starts at the age of 3 years now.
2. Mother tongue as medium of instruction.
3. NO UGC, AICTE, NCTE.
4. Science, Arts, and Commerce gets blurred
5. FYUP Programme Returns & No More Dropouts
6. Common access at all school-level education
7. Attaining Foundational Literacy and Numeracy (FLN) starting from grade 3 by 2025
8. Experiential learning in the school curriculum
9. Increase the graduate enrollment ratio
10. Enhancing the Standards of Open and Distance Learning
11. Technological innovation in education
12. Internationalisation of education
13. Increase in public investment in education .

**Challenges of NEP**

The framework designed by NEP 2020 will bring a revolutionary change in the entire higher education ecosystem of India, but it has a few limitations, as studied by a few researchers. These are: As the policy aims to double the gross enrollment ratio by 2035, this requires the creation of a new university every week for the next 15 years, which is a huge challenge.

To deliver the upgraded curriculum effectively, India needs a sizable pool of competent teachers who are familiar with the new pedagogical approach.

Adequate funding and resources are required for proper implementation.

As teachers generally share a disciplinary anchoring culture, it is difficult to have educators with exceptional skills who are experts in one area and lean in other subjects as well.

**Bottom Line**

At this point, India's education system is at a critical juncture, with the path not completely clear.

The Indian education system must meet the needs of the progressive society with a population of over 1.4 billion. In the past years, India has surely made several changes in its academic structure;

**some challenges are yet to pass.**

The new National Educational Policy offers a comprehensive strategy to enhance the quality of education and bridge the gap in socioeconomic disparities in Indian society. Its success calls for a robust collaboration between private and government entities. Therefore, if properly executed, NEP 2020 has the potential to shape India's education system. ●

*(Writer is an asst. teacher of Looksan Bazar R R Primary School.)*

# Beyond The Books: The Role of School Education In Shaping Human Capital



▣ **Parash Sharma**
Assistant Teacher

"An investment in knowledge pays the best interest" – Benjamin Franklin

The advancement of modern civilisation was based on the fundamental aspect of human life, the quest for knowledge. Knowledge about our surroundings and finding ways to utilise the resources that surrounds us for the upliftment of human kind from hunter gatherer to more advance beings. The very quest for knowledge about the efficient use of scarce resources forms the bedrock upon which the market dominated economic system stands.The modern economic system thus evolved with the premises that efficient use of resources is the goal we should pursue to achieve economic development.It isin this very context of efficient utilisation of resources that this article aims to elaborate vis–a–vis school education.Land, Labour, Capital and Organisation/Entrepreneur are the four major categories in which the resources are organised where Labour and Organisation/Entrepreneur directly involve humans and associated human skills. It is nonetheless the humans who possess the unique ability to transform the surrounding resources and keep the cycle of economic activities running.Thus, there evolved the concept of Human Capital and Human Development with the emphasis that each human should strive to maximise his potential to the fullest.

Human capital refers to the productive capacities of human beings and acquired assets such as education, training, intelligence, skills, and health among others that enhances productivity. Examples of human capital include communication skills, education, technical skills, creativity, experience, problem-solving skills, mental health, and personal resilience.It was William Petty who for the first time undertook the serious application of the concept of human capital in 1676 when he compared about the loss of arms and ammunitions, machineries of warfare with the loss of human life.

Adam Smith in his famous book *The Wealth of Nations* in the year 1776 acknowledged the improvement of worker's skill as a fundamental source of economic growth. However, it was the economist of Chicago School in particular Gary Becker, Jacob Mincer and Theodore Schultz who popularised it in modern economic discourse.It is in this background that we will elaborate our discussion in the following paragraphs where we

will briefly look into the aspects of human capital formation and its impact on socio-economic development and human development.

**Human Capital Formation and Economic Growth:**

There is a strong relationship between human capital and economic growth of a country[1]. By improving their skill, people can be more productive, flexible, and innovative. Investments in human capital have become more and more important as the nature of work has evolved in response to rapid technological change.As highlighted in the 2019 *World Development Report (WDR): The Changing Nature of Work,* markets are increasingly demanding workers with higher levels of human capital, especially advanced cognitive and socio-behavioural skills.In the context of India, the much hyped demographic dividend theory will benefit the economy only if it is matched with an equal investment in human capital formation. A large percentage of unskilled labour will not translate into significant push in the growth figures. To reap the benefits of demographic dividends timely investment in skill development is necessary. Else the angel of Demographic Dividend may soon turn out to be a Demographic Demon with large section of unskilled low paid workers and missed opportunities.

**Human Capital Formation and Tea Garden Workers:**

Tea industry is the single largest employer in the North Bengal region. The world renowned Darjeeling Tea with its geographical indication commands very high price in both the national and international market. Likewise, the CTC variety of tea produced in the districts of Jalpaiguri and Alipurduar are targeted for domestic consumption.The high demand for tea consumption in India makes tea industry a profitable venture without any equivalent substitute to compete. However, from the labour point of view, this industry is plagued with myriad of problems. The colonial practice of segregation of workers in the labour lines, little to no scope of quality education and most importantlythe low wage rate are some of the persistent problems of tea garden workers.This anti – labour practices has manifested in the vicious cycle of poverty and inequality. And it is only through the investment in human capital formation that this cycle of poverty and inequality can be escaped.

**Human Capital Formation and Capability Approach:**

Nobel laureate Indian economist Amartya Sen led the groundbreaking work on the capability approach[2]. Capabilities may be defined as the set of options from which an individual can choose his/her way of beings and doings. This approach gives emphasis to three requirements of beings and doings: "freedom, human development and the realization of rights". Functionings refers to what people actually do, their achievements, lifestyle and identity; 'Capabilities' refers to what they could become and do. Both the functionings and capabilities directly/indirectly depend on the level of human capital of an individual. The notion of capability takes a radical view of career development which is concerned not just with what people take up as a profession, but also the set of potential lives that are within their capabilities but have not yet been realised. Capability approach emphasize on maximising the control an individual has over the different possibilities within his reach. Central to this idea of maximising one's capability is the investment in human capital formation.

**1**. *Knowledge, Capabilities and Human Capital Formation in Economic Growth -New Zealand Treasury Working Paper*, No. 01/13.

**2**. *Bringing Sen's capability approach to work and human resource practices* - Dilip Subramanian, Joan Miquel Verd, Josiane Vero and Be´ne´dicte Zimmermann.

**Human capital formation and women empowerment:**

The initial days of economic boom was exclusive of women workforce as they were relegated to the household chores while their male counterparts actively participated in the industrial and economic boom of the 19th century. Post Great– Depression the severe economic hardship changed the scenario and women were

> **The initial days of economic boom was exclusive of women workforce as they were relegated to the household chores while their male counterparts actively participated in the industrial and economic boom of the 19th century. Post Great– Depression the severe economic hardship changed the scenario and women were compelled to work to make ends meet.**

compelled to work to make ends meet. It must however be noted that there was a significant pay disparity among the male and female workers at that time. If we look at the empirical studies, today, the pay disparity has decreased in the last decades. In most of the profession both the male and female workers get equal pay. This is due to the investment in human capital formation of women over time. This in turn led to the upliftment and empowerment of women in the modern society. Many limiting social factors that still persist have hindered full empowerment of women but it is only through education, human capital formation and subsequent participation of women in economic activities that there can be real progress in their socio – economic status.

**Formal education – the major way to Human capital formation:**

Formal education especially higher education is the first step in the formation of human capital. Education, training, communication skills, creativity, problem – solving and health are some of the aspects that one learns during their schooling years. Empirical studies suggest a positive correlation between years of schooling and average wage. This correlation becomes stronger for education in STEM course, Computer Science and Business Studies. Indeed there may be limitations in the signalling effect of education in securing higher wages but the fact that an educated person with right skill set has higher probability of better pay cannot be ignored outright. Thus, the quality of education that a school provides plays an important role in providing necessary base upon which a student can undertake his/her higher education. Schools can also play an enabling role in the personality development of students by fostering a conducive learning environment for improving communication skill, peer learning, group discussions and creativity.

Education provides necessary qualification and skill that one requires for a decent work. At the school level, education provides base upon which an individual will improve his/her higher learning abilities. Failure in the formative schooling years will lead tounder-investment in human capital. If the participant cannot acquire the market desired skill set then it lowers the employment opportunities and earning potential.

*"If your plan is for one year, plant rice. If your plan is for ten years, plant trees.If your plan is for one hundred years, educate children."*
KUAN CHUNG (7TH CENTURY BC) ●

# Navigating the Maze of School Life



▣ **Prabina Chhetri**, Class: XII Com

**Introduction:** School life is a pivotal period in every individual's journey. It's a time of growth, learning, and discovery. In this article, we delve into various aspects of school life, offering insights, tips, and advice to help students make the most of their educational experience.

**The Importance of Balance:** School life can be hectic, with academic demands, extracurricular activities, and social engagements vying for attention. It's essential for students to strike a balance between academics and personal well-being. Tips for achieving balance include prioritizing tasks, managing time effectively, and making time for relaxation and self-care.

**Nurturing Relationships:** Friendships formed during school years often last a lifetime. Cultivating positive relationships with peers, teachers, and mentors can enrich the school experience and provide invaluable support. Strategies for building strong relationships include communication, empathy, and mutual respect.

**Facing Challenges:** School life is not without its challenges, whether it's academic difficulties, social pressures, or personal setbacks. Learning to navigate these challenges with resilience and determination is key to personal growth. Encouraging students to seek help when needed, develop problem-solving skills, and maintain a positive mindset can empower them to overcome obstacles.

**Embracing Diversity:** Schools are microcosms of society, comprising individuals from diverse backgrounds, cultures, and perspectives. Embracing diversity fosters inclusivity, tolerance, and mutual understanding. Encouraging students to celebrate differences, challenge stereotypes, and engage in respectful dialogue promotes a culture of acceptance and appreciation.

**Pursuing Passions:** Extracurricular activities offer students opportunities to explore their interests, develop talents, and pursue passions outside the classroom. Whether it's sports, arts, clubs, or community service, getting involved in extracurriculars enhances the school experience and fosters personal growth. Encouraging students to step out of their comfort zones, try new activities, and pursue their passions can lead to fulfilling experiences and lifelong interests.

**Planning for the Future:** School life is a stepping stone to the future, whether it's further education, career aspirations, or personal goals. Setting goals, exploring career options, and developing essential skills are essential aspects of preparing for the future. Providing students with guidance, resources, and opportunities for exploration empowers them to make informed decisions and pursue their aspirations with confidence.

**Conclusion:** School life is a transformative journey filled with challenges, opportunities, and experiences that shape who we are and who we become. By navigating the maze of school life with balance, resilience, and a sense of purpose, students can make the most of their educational experience and lay the foundation for a bright future ahead. ●

आलोचना–दृष्टि

# डायास्पोरिक दृष्टिकोणमा *शरणार्थी* उपन्यास



▣ **डी.बी.छेत्री,** सह–शिक्षक

साहित्य लेखन बदलिँदो परिवेशमा बेग्ला बेग्लै किसिमले लेखिँदो रहेछ। मानव सभ्यता जति विवेकशील हुँदै जान्छ साहित्य लेखन पनि त्यति नै जटिल हुँदै जाने गर्छ। सोझै भन्नु हो भने साहित्य विवेकशील समाजको उपज हो। दोस्रो विश्वयुद्धको सङ्क्रमणकालले जन्माएको विसङ्गति पछि साहित्यमा थुप्रै नयाँ–नयाँ विचारसँगै शैलीले प्रवेश गर्‍यो। साठी अनि सत्तरको दशकमा उत्तरआधुनिकतावाद आयो। त्यसपछि वातावरणीय साहित्य वा इकोराइटिङ अनि इकोक्रिटिसिज्म आयो। फेरि साहित्यमा नारीवादी लेखन उत्तरआधुनिक साहित्यकै उपज भएर आएको छ भने अहिले घरी अर्को लेखनकला आरम्भ भएको छ जसलाई हामी 'डायास्पोरा' वा 'आप्रवासी' साहित्य भनेर जान्ने गर्छौं। डायास्पोरा वा आप्रवासी साहित्य भन्दा हामी त्यो साहित्यिक गतिविधिलाई बुझ्दछौँ जसमा आफ्नो देश छाड़ी परदेशमा रहने शिक्षित साहित्यानुरागीहरूमा देशीय छटपटी पाइन्छ। मानसिक रूपले परदेशीय राजनैतिक अथवा आर्थिक यातना खपिरहेका उनीहरूका भोगाइमा भय, त्रास, स्वदेशको माया, अपरिचयका भावना र असुरक्षा बोध हुन्छ, जो उनीहरूले आफ्ना कृतिमा व्यक्त गरिरहेका हुन्छन्। अर्थात् डाया–स्पोरिक राइटिङ भन्दा हामी ती लेखक–कवि आदिका सिर्जनालाई पनि बुझ्दछौँ जो स्वदेशमै रहेर पनि पराइदेशमा रहेका स्वजातीय समूहको दुःख–पीड़ा, गर्व–अपमान सबैको बखान साहित्यलेखनद्वारा गरिरहेका हुन्छन्। डायास्पोरा सम्बन्धी केही चर्चा गर्नुभन्दा अघि यसको सोपत्तिक अर्थ सम्बन्धी केही चर्चा गर्न आवश्यक देखिन्छ।

'डायास्पोरा' शब्दको उत्पत्ति ग्रीक भाषाबाट भएको हो भने यसको प्रयोगचाहिँ बेबिलोनसँग गासिएको छ। प्राचीन टाइग्रीस र युफ्रेटस नदीको किनारमा अवस्थित बेबिलोनसँग त्यस समय प्यालेस्टाइन पनि गाँसिएको थियो। त्यही भूमिमा ईसापूर्व ५८६ मा यहुदीहरूलाई बन्दी बनाइ कठोर यातना दिइएको थियो। ती यहुदीहरूले चालिस वर्षसम्म कठोर यातना भोगेपछि उनीहरू मुक्त भए। यसरी मुक्ति पाएका यहुदीमध्ये धेरैजसो आफ्नो जन्मभूमि छाड़ेर अन्यत्र गए। यसरी छरिएर गएका यहुदीहरूलाई 'डायास्पोरा' भन्ने चलन आएको हो। स्वदेश छाड़ेर अन्यत्र जानेलाई नै 'डायास्पोरा' वा 'आप्रवासी' भन्ने गरिन्छ।

हिजआज डायास्पोरिक समस्या वैश्विक समस्या भइरहेको छ। डायास्पोरा वा आप्रवासी हुनुको पनि धेरै बाध्यता हुन्छन्। यस्ता आप्रवासी कोही युद्धको कारणले, कोही राजनैतिक कारणले, कोही शरणार्थीको कारणले

भएका छन् भने कोही चाहिँ आर्थिक सम्पन्नताको चाहना वा खोजीका कारणले पनि हुन्छन्। यस्ता डायास्पोराको सम्बन्ध अभिघातसँग हुन्छ–भयचिन्ता, अपरिचितता र असुरक्षासँग हुन्छ।

डायास्पोराको पूर्वाधार सम्बन्धी कुरा गर्दा यो उपनिवेशवादसँग पनि गाँसिएको हामी पाउँछौँ। उपनिवेशवादीहरूले आफ्नो मुनाफाको निम्ति एक मुलुकका नागरिकलाई अन्य मुलुकमा लिएर जान्छन् तर त्यस भूमिका मूलवासी उपनिवेशवादीहरूका विरुद्ध स्वतन्त्रताको पक्षमा युद्ध गर्छन् अनि विजय पनि हुन्छन्। त्यसपछि त्यही मुलुकमा धेरै वर्षदेखि बसिआएका अन्य मुलुकका नागरिकहरू 'आप्रवासी' कहलाइन्छन्। भारतीय मूलका धेरै नागरिक अन्य मुलुकमा आप्रवासी जीवन बिताइरहेका छन् चाहे ऊ त्रिनिदादको भी.एस.नयपाल होस् या त बेलायतको सलमान रुस्दी।

यो थियो डायास्पोरा सम्बन्धी छोटा परिचय। अब साहित्य अनि डायास्पोरातर्फ लागौँ। साहित्यमा डायास्पोरा भन्नाले पराइदेशमा रहने नागरिकले भय, चिन्ता, अपरिचय, असुरक्षा, स्वदेशको माया अथवा स्वदेशबाहिर भाषा, संस्कृतिको संरक्षणको चेतना बोकेर लेखिएको कृति बुझिन्छ।

यसपछि अब म यस्तै चक्रीय आप्रवासी (रोटरी डायास्पोरा) र शरणार्थी समस्या सम्बन्धी लेखिएका नेपाली साहित्यिक कृतिहरूको छोटो चर्चा गर्न गइरहेछु। नेपाली साहित्यमा विशेषगरी नेपाल छाडी पराइदेशमा नोकरी गर्न गएका साहित्यका स्रष्टाहरूले धेरै लेखहरू विदेशबाट छपाउने गरेका छन्। उनीहरूद्वारा लेखिएका कृतिहरूमा स्वदेशप्रतिको प्रेम भने धेरै पाइन्छ तर स्वदेशी भावना पाइँदैन। युद्ध सम्बन्धी कथा–संस्मरण आदि लेखिएको पाइन्छ।

यो थियो डायास्पोरासँगै नेपाली साहित्यमा यसको प्रवेश सम्बन्धी सानो परिचय। यहाँ चक्रीय आप्रवासी साहित्य सम्बन्धी चर्चा गर्दा नेपाली साहित्यमा डायास्पोरिक राइटिङ अन्तर्गत कृष्ण धरावासीद्वारा लिखित बहुचर्चित एवम् उत्कृष्ट उपन्यास 'शरणार्थी' सम्बन्धी केही मन्तव्य राख्न चाहन्छु। यो उपन्यास आजभन्दा लगभग दुई सय वर्ष अघिदेखि विश्वका विभिन्न देशमा बस्दै आएका गोर्खाहरूको दुःखपूर्ण अनि करुणामय अवस्थाको कथा हो। विश्वका जुनै भागमा रहे पनि अन्तमा भाग्यलाई दोष दिँदै जीवनभर पसिना बहाएर कमाएका सम्पत्ति त्यहाँ छाड़ेर केवल ढाक्रो मात्रै आफ्नो भन्नु लिएर शरणार्थी भइ हिड्न पर्ने अवस्था हाम्रा सन्ततिहरूको छ चाहे त्यो बर्मामा होस् या भूटानमा; असममा होस् या अन्य देशमा। जही रहे पनि हाम्रो दुर्दशा एकै छ। यही विषयवस्तु लिएर धरावासीको उपन्यास आरम्भ भएको छ। यो उपन्यासलाई दुई दृष्टिकोणले हेर्न सकिन्छ। इन्द्रबहादुर राईको लीलालेखन सिद्धान्त अन्तर्गत लेखिएको हुनाले यो कृतिलाई लीला–दृष्टिकोणले पनि छलफल गर्न सकिन्छ। तर यहाँ यस कृतिलाई डायास्पोरा वा आप्रवासी साहित्य अन्तगर्त व्याख्या गर्ने प्रयास गरिएको छ।

यस उपन्यासमा पात्र–पात्राहरूको चयन अनौठो

**विश्वका जुनै भागमा रहे पनि अन्तमा भाग्यलाई दोष दिँदै जीवनभर पसिना बहाएर कमाएका सम्पत्ति त्यहाँ छाड़ेर केवल ढाक्रो मात्रै आफ्नो भन्नु लिएर शरणार्थी भइ हिड्न पर्ने अवस्था हाम्रा सन्ततिहरूको छ चाहे त्यो बर्मामा होस् या भूटानमा; असममा होस् या अन्य देशमा। जही रहे पनि हाम्रो दुर्दशा एकै छ। यही विषयवस्तु लिएर धरावासीको उपन्यास आरम्भ भएको छ।**

छ। यहाँ उपन्यासकारकै निजी पात्र–पात्राहरू कोही छैनन्। पात्र–पात्राहरू यहाँ विभिन्न पूर्वकृतिहरूबाट झिकाइएका छन्। जस्तैः जयमाया र जयबहादुर–प्रतिष्ठित कथाकार इन्द्रबहादुर राईको कथा 'जयमाया आफू मात्र लिखापानी आइपुगी'–बाट। नोयो–प्रकाश कोविदको उपन्यास 'नोयो'–बाट। चन्द्रप्रकाश र बर्था–शिवकुमार राईको उपन्यास 'डाक बंगला'–बाट अनि सुवेदार सुयोगवीर–पारिजातको 'शिरीषको फूल' उपन्यासबाट। अन्य पात्र–पात्राहरू अन्य कृतिबाट पनि छन् तर यी मूल पात्र–पात्राहरू भएकाले यिनीहरूबारे मात्र यहाँ चर्चा गरिन्छ। कति पात्र–पात्राहरू उपन्यासकारका आफ्नै पनि छन्। उपन्यासकार धरावासीले पात्र–पात्रा, विषयवस्तु र घटनाक्रमहरू विभिन्न उपन्यासकारका पूर्वप्रकाशित उपन्यासहरूबाट लिइएको कुरालाई स्पष्टताका साथ स्वीकार गरेका छन्।

यो 'शरणार्थी' उपन्यासको निमार्ण विषय चर्चा गर्दा यो विभिन्न कृतिहरू जस्तै कथा, उपन्यास आदिको विनिर्माण, समिश्रण र विधाभञ्जन भएर निर्मित भएको एउटा सिङ्गो उपन्यास हो। उपन्यासकारको शिल्पकारिता यसैमा झल्किन्छ कि उनले कहिल्यै नभएको साथै अपरम्परित ढङ्गमा यसको पुनर्लेखन गरेका छन्। यो नै उपन्यासको विशेषता हो। यसको मूल विषय आप्रवासी, चक्रीय आप्रवासी र शरणार्थी समस्या रहेको छ। शरणार्थी समस्या केवल गोर्खा जातिको मात्र नभएर यो वैश्विक समस्या हो भन्ने देखाइएको छ। गोर्खादेखि लिएर तिब्बती समुदाय पनि यो समस्याले ग्रस्त छन् भन्ने पनि यहाँ दर्शाइएको छ।

दोस्रो विश्वयुद्ध अवधिमा बर्माबाट लखेटिएको गोर्खे परिवार रामप्रसाद खनालबाट उपन्यासको प्रारम्भ हुन्छ। रामप्रसाद र उनका परिवार भारतको नक्सलबाड़ी हुँदै मेची नदी तरी नेपालको नकलबन्दा भन्ने ठाउँमा पुग्छन्। उनी बर्मादेखि आफ्ना पिता–पूर्खाको जन्मथलो नेपाल पुग्दा अत्यन्तै खुशी साथै सुरक्षित भएको अनुभव गर्छन्। उनी यत्ति साह्रो खुशी हुन्छन् कि त्यहाँको माटोमा लड़िबड़ी खेल्छन्। माटो सुघ्दा पुर्खौली गनाएको अनुभव गर्छन् अनि अलिकति माटो जिब्रोले चाट्छन्, स्वदेशको स्वाद पाउँछन्। तर अफसोच! नेपालमै बस्न लागेपछि पनि 'नेपाली' नाम भने उनले पाउँदैनन्। उनलाई त्यहाँका सबै मानिसले 'बर्मेली' भनि पुकार्ने गर्छन्। रामप्रसाद खनाल नेपालकै भूमिमा रहँदा–बस्दा एकजना भारतीय मूलका नेपाली नागरिक परमानन्दको षड़यन्त्रमा परेर जेल जानपर्छ। उनी जेलबाट मुक्त हुन्छन्। तर स्वदेशमै पनि अपमानित हुन पर्दा आफ्नो छोरो हरि खनालको हात समात्दै अनेक विलौना कहन्छन्। उनको यो विरहमा चक्रीय डायास्पोरा (रोटरी डायास्पोरा)–को उच्चकोटीको बखान पाइन्छ भने यहाँ एउटा कस्मोपोलिटन विचार पनि पाइन्छ।

यस उपन्यासको अर्का द्वय पात्र हुन् जयमाया र जयबहादुर जसलाई इन्द्रबहादुर राईको कथाबाट झिकिएको हो। यी दुवै पात्रहरू युद्धको समय बर्मा छाड़ी भारत पस्न चाहने शरणार्थीहरू हुन्। दुवैबीच भेट र परिचय भारत पस्ने क्रममा नै हुन्छ। जयमायाका बाबु बाटोमा औधी बिरामी हुन्छन् जसलाई औषधि जुटाउने अनि जाति बनाउने काम जयबहादुरले गर्छ। यस्तै क्रममा जयमाया र जयबहादुर माझ धेरै आत्मीयता हुन्छ अनि थाहै नपाइ यी दुईमाझ प्रेमको सम्बन्ध गाँसिन्छ। तर जयमायाले थाहा नपाइ जयबहादुरको सम्बन्ध अर्को पात्रा बर्थासँग बढ्दै जान्छ। यसैक्रममा बाटोमा बर्थाका बाबु खँड्का बाजे सिकिस्त बिरामी पर्छन् र यात्रा गर्न असमर्थ हुन्छन्। उता टकाव नदीको वेग धेरै घटिसकेको हुन्छ। सबै शरणार्थी लामा लस्कर लागेर नदी पार गर्दै भारत पस्ने क्रममा छन्। जयबहादुर जयमायालाई नदी पार गराइ कसैसँग अघि लाग्दै गर्ने अनि कुनै स्थानमा उनको प्रतीक्षामा बस्ने सल्लाह दिन्छन्। यसरी जयमाया अलपत्र पर्दै गुवाहाटी आइपुग्छे। दुई वर्षपछि ऊ फेरि सिक्किम आइपुग्छे। जीवनमा कहिल्यै दुःख नगरेकी सिक्किमको पाखामा बाटो खन्ने

काममा लाग्छे ऊ। यही काम गर्दा गर्दै उसको भेट तिब्बतबाट भागेकी नारी नोयोसँग हुन्छ। ऊ पनि जयमायाझैँ दुःख पाएकी छे। तिब्बतबाट भाग्दाभाग्दै बाटोमा उसको पति सोनामसँग विच्छेद् हुन्छ अनि बाटामै जन्म दिएकी छोरीसँग हुन्छे। यी दुवै पीड़ा एकै छ। पछि यी दुवै नारी आ-

**उपन्यासको निष्कर्ष पनि प्रत्येक प्रवासी पाठककै हातमा छाड़ी राखेका छन् उपन्यासकारले। के यसरी पुस्तौँ पुस्ता विभिन्न जग्गाबाट उच्छेद् हुँदै भाग्नु हाम्रो समस्याको समाधान हो त? त्यसो त हाम्रो गन्तव्य पनि त नेपाल होइन नि। हाम्रो उदेश्य त हामी जहाँ छौँ त्यहीँ जरा गाड़ेर अडिग भएर बस्नु हो भने यस उपन्यासको सन्देश पनि विश्वभरि छरिएर बसेका गोर्खाहरूको सङ्कल्प हो। तपाईँ-हाम्रो सङ्कल्प हो।**

आफ्नो प्रेमीको खोजीमा सिक्किम छोड़ेर जयमाया भोटाङ लाग्छे अनि नोयो दार्जीलिङ। भोटाङमा पनि जयमायाले नपाउने दुःख पाउँछे। पछि भोटाङबाट नेपालीहरू देश निकाला हुन्छन्। यसमा जयमाया पनि पर्छे र अहिले ऊ एउटी शरणार्थी भएर नेपालको माइखोलाको बगरमा रिफ्यूजी क्याम्पमा छे। उसले अब रोज्नपर्ने र खोज्नपर्ने केही छैन सिवाय मृत्यु। ६०/६५ वसन्त पार गरेकी जयमाया प्रारम्भदेखि नै भाग्दाभाग्दै थकित छे। आप्रवासी जीवन बिताइरहेकी जयमायाले कहिल्यै आफ्नो देश पाइन। स्वदेशको उसको सपना कहिल्यै विपना भएन।

उपन्यासमा अन्य पात्रहरू पनि छन्। उनीहरूका पनि समस्या त्यस्तै छ। सबै चक्रीय डायास्पोराको पीड़ामा परेका छन्। भाग्दाभाग्दै भाग्ने ठाउँहरू पनि टुंगिएको छ। उनीहरू यसर्थ 'संलग्नताको संकट'-ले अझै ग्रस्त छन्। यी शरणार्थीहरूको आप्रवासी, उत्प्रवासी, डायास्पोरिक समस्या तबसम्म आलै रहन्छ जबसम्म यो परायपनका भावना प्रत्येक विश्ववासीका हृदयबाट हट्दैन। कृष्ण धरावासी कथाको अन्त पात्रहरूको विजयमा गर्न सक्तैनन् किनभने कथामा पात्रहरूको विजय गराए पनि वास्तविक जीवनमा क्लान्त र थकित भएका पात्रहरूको विजय सम्भव छैन।

उपन्यासको अन्त-अन्तमा पात्र जयबहादुरले यस्तो संवाद बोलेका छन्-''तर जयमाया,सुतारहरू, जयबहादुरहरू, जयमायाहरू हामी सबै फर्कीआए पनि हाम्रो कथाको अन्त विषयका साथ हुन सम्भव छैन। कथाकारले हामीलाई विजय गराउन सक्तैनन् जयमाया। हामीले जित्न त विश्वबाट परायपनको हार हुनपर्छ। जातीयताका काला दागहरू मेटिनुपर्छ। सारा संसार एउटै मानव जातिको घर नभएसम्म हामी पात्रहरूको जीत असम्भव छ।''

उद्धृतांशमा 'जयमायाहरू, जयबहादुरहरू' भन्ने संज्ञाको प्रयोग गरिएको छ। यहाँ व्यक्तिवाचक संज्ञामा 'हरू' शब्द थपेर ती पात्रहरूलाई जातिवाचक बनाइएको छ। यसो गर्नुको मूल उद्देश्य हो-यो आप्रवासी समस्या केवल ती पात्रहरूको मात्रै समस्या होइन, यो त हाम्रो जातीय समस्या भइसकेको छ जसको मूल पात्र प्रत्येक प्रवासी सन्ततिहरू हुन्। यस उपन्यासको अन्त पनि त्यही माई नदीको बगरमै भएको छ भने यहाँ कुनै विजयोत्सवको कुरै छैन। बगरका पत्थरझैँ समस्याहरू पनि अनगन्ती छन्। यस उपन्यासको निष्कर्ष पनि प्रत्येक प्रवासी पाठककै हातमा छाड़ी राखेका छन् उपन्यासकारले। के यसरी पुस्तौँ पुस्ता विभिन्न जग्गाबाट उच्छेद् हुँदै भाग्नु हाम्रो समस्याको समाधान हो त? त्यसो त हाम्रो गन्तव्य पनि त नेपाल होइन नि। हाम्रो उदेश्य त हामी जहाँ छौँ त्यहीँ जरा गाड़ेर अडिग भएर बस्नु हो भने यस उपन्यासको सन्देश पनि विश्वभरि छरिएर बसेका गोर्खाहरूको सङ्कल्प हो। तपाईँ-हाम्रो सङ्कल्प हो। ●

# *भ्रमर*को भाषा-शैली



**अर्पणा गुरुङ,** सह-शिक्षिका

आधुनिक नेपाली उपन्यासको शुरुआत विष्णुचरण श्रेष्ठको 'सुमति' (सं १९९१), रुद्रराज पाण्डेको 'रूपमति' (सं १९९२) र रूपनारायण सिंहको 'भ्रमर' (सन् १९३६)-बाट भएको थियो। भनिन्छ,आधुनिक उपन्यास विधाको निम्ति 'सुमति'-ले गोरेटो बनाउने काम गरेको थियो भने 'रूपमति'-ले त्यस गोरेटोमा ढुङ्गा ओछ्याउने काम गऱ्यो अनि 'भ्रमर'-ले त्यसलाई चौड़ादार सुन्दर सड़कको रूप दिएको थियो। आधुनिक उपन्यासको क्षेत्रमा पनि एउटा छुट्टै स्थान ओगट्न सफल भएको छ 'भ्रमर'। आधुनिक उपन्यास हुनाका साथै यो सबैभन्दा पहिलो स्वच्छन्दतावादी उपन्यास हो। नेपाली उपन्यास विधामा सर्वप्रथम पाश्चात्य साहित्यमा चलिसकेको रोमाटिसिज्म (स्वच्छन्दतावाद)-लाई भित्र्याउने श्रेय उपन्यासकार रूपनारायण सिंहलाई जान्छ। प्रथम स्वच्छन्दतावादी भएर मात्र होइन तर 'भ्रमर' विभिन्न पक्षहरूले गर्दा आाजसम्मकै नेपाली उपन्यासहरूमा अद्वितीय छ। ती विभिन्न पक्षहरूमध्ये यस उपन्यासको एकदमै महत्त्वपूर्ण पक्ष हो भाषा-शैली।

**आधुनिक उपन्यासको क्षेत्रमा पनि एउटा छुट्टै स्थान ओगट्न सफल भएको छ 'भ्रमर'। आधुनिक उपन्यास हुनाका साथै यो सबैभन्दा पहिलो स्वच्छन्दतावादी उपन्यास हो। नेपाली उपन्यास विधामा सर्वप्रथम पाश्चात्य साहित्यमा चलिसकेको रोमाटिसिज्म (स्वच्छन्दतावाद)-लाई भित्र्याउने श्रेय उपन्यासकार रूपनारायण सिंहलाई जान्छ।**

उपन्यासकार रूपनारायण सिंहको जन्म २५ फरवरी,१९०५ मा खरसाङमा भएको थियो। ब्रिटिशकालीन समयमा जन्मेका सिंह पढ़ाइमा एकदमै तीक्ष्ण थिए। त्यसताक दार्जीलिङमा शिक्षित नेपालीहरूका सङ्ख्या एकदमै कम्ती थियो। त्यस्तो समयमा पनि बी.ए.,बी.एल.पास गरेर दार्जीलिङको कचहरीमा वकालती गरेका थिए, जुन पेशामा उनी मृत्युपर्यन्त रहे। बहुभाषाका ज्ञाता सिंहले नेपाली उपन्यास विधामा स्वच्छन्दवादको प्रवर्तन गरेर उपन्यासको इतिहासमा महत्त्वपूर्ण योगदान दिएका छन्।

'भ्रमर' उपन्यासका विभिन्न विशेषताहरू छन्। तथापि भाषा–शैली यसको मुख्य विशेषता हो। यस उपन्यासमा पात्र– पात्रा सुहाउँदा भाषाको प्रयोग गरिएको छ भने बीच–बीचमा प्रकृतिको वर्णन गर्दा अथवा पात्र–पात्राहरूका रूपको वर्णन गर्दा सिंहले काव्यात्मक भाषाको प्रयोग गरि भाषिक विशेषताको परिचय दिएका छन्। जस्तैः–

**'भ्रमर–को भाषा–शैलीलाई नियाल्दा यस्तो लाग्छ–एउटा खप्पिस कारिगरले आफ्नो कलालाई एकदमै सुन्दर ढङ्गले सजाएको छ। उपन्यासकार सिंहले विभिन्न प्रकारका भाषा–शैली प्रयोग कुन–कुन ठाउँ वा प्रसङ्गमा गर्नुपर्छ सोही प्रकारले प्रयोग गरी आफ्नो रचनालाई बेजोड़ बनाएका छन्।**

''उषाको आगमन! पूर्व दिशा व्याप्त गरेर अन्धकारका गर्भबाट क्षीण रक्तवर्णले जन्म ग्रहण गऱ्यो। अहो! कस्तो विस्मयकर हृदय–कस्तो रंगलीला पूर्व दिशाका गाथमा। कहिले नीलो, कहिले गुलाफी, कहिले बैजनी, कहिले सुनौला–यस्तो रंगको परिवर्तन, कहाँ कुन शिल्पीले गर्न सक्छ?''

यस्तै प्रकारले वीणाको रूपको वर्णनमा पनि काव्यात्मक भाषाको प्रयोग पाइन्छ।

पात्र–पात्रा सुहाउँदो भाषाको प्रयोग गर्न पर्दा कहिलेकाहीँ झर्रो वा ठेट भाषाको पनि उनले प्रयोग गरेका छन्। जस्तै– सूर्योदय हेर्न टाइगर हिल जाने प्रसङ्गमा बुढ़ी फुपूको मुखबाट निस्केका वाक्यः''लौ, त्यस्तो उदेक देखिने हो भने जाऊ। रमिता पनि देखिने पुन्ने पनि हुने।'' यहाँ 'पुण्य'–को ठाउँमा 'पुन्ने' लेखिएको छ। यसरी नै उनले झर्रा शब्दहरूको पनि प्रयोग गरेका छन्।

बङ्गला भाषाको पनि राम्रो ज्ञान भएकाले बङ्गला भाषाको प्रभाव उनका रचनाहरूमा प्रशस्तै देख्न पाइन्छ। उनले यस उपन्यासमा बङ्गला भाषामा चलाइने क्रियाविहीन वाक्यहरू प्रशस्तै प्रयोग गरेका छन्। केही उदाहरणः''हावामा कस्तो कमलो स्पर्श। सानो कोठा–सफा सुरम्य। पूर्व कुनामा एउटा सानो टेबल तीनवटा कुर्सी। त्यसपछि फेरि एकदिन दशैँताक बेलुकी पश्चिमतिर ढल्केका दिवाकर।''

उपन्यासकार सिंहले 'भ्रमर'–मा अलङ्कारको पनि प्रयोग गरि भाषा श्रृङ्गार्ने काम गरेका छन्। जस्तैः–

आनन्द आभाको अनुभव (अनुप्रास अलङ्कार)।

वर्षा कालमा छाँगाबाट कलकल झरझर गर्दै

द्रुत वेगले झरेको पानक धारा।

शेखरको मानस छाँगामा अतीतका घटनाहरू एकएक गरी ओइरिन थाले (उपमा अलंकार)।

यस उपन्यासमा तत्सम र तत्भव शब्दहरूको प्रयोग पनि प्रशस्तै मात्रामा पाइन्छ। जस्तैः–

प्वल्वित, महानिशा, विस्मरण, जगन्य, कम्पयमान, संकटापन्न, आत्माप्रसाद आदि।

स्त्रीलिङ्गी शब्दहरूमा विशेषण लगाएर निर्माण गरेका शब्दहरूका प्रयोगले पनि उनको भाषाशैलीलाई सुन्दर र स्तरीय बनाउने काम गरेको छ। जस्तैः– परलोकगामिनी, मिष्टभाषिनी, निष्पापा, धर्मप्राणा, कटुभाषिनी, ध्यानमग्ना आदि।

'भ्रमर–को भाषा–शैलीलाई नियाल्दा यस्तो लाग्छ–एउटा खप्पिस कारिगरले आफ्नो कलालाई एकदमै सुन्दर ढङ्गले सजाएको छ। उपन्यासकार सिंहले विभिन्न प्रकारका भाषा–शैली प्रयोग कुन–कुन ठाउँ वा प्रसङ्गमा गर्नुपर्छ सोही प्रकारले प्रयोग गरी आफ्नो रचनालाई बेजोड़ बनाएका छन्। ●

# A short comparative study of Keats and Shakespeare

John Keats and William Shakespeare are two of the most revered figures in English Literature, separated by times over a century. Despite the gap in time, their works share a deep wellspring of inspiration and a profound influence on the English Language.

John Keats, titan of Romantic poetry, left an indelible mark on the literary world despite his tragically short life. Though William Shakespeare, the Bard of Avon, enjoyed a lengthy and prolific career, Keats achieved something unique in his mere 25 years; the creation of a distinct poetic voice that captured the essence of beauty, truth and mortality with unmatched intensity.

**Keats awareness of his limited time fuelled a creative urgency that permeates his poetry. He poured his heart and a soul into his verses, infusing them with a poignant beauty that resonates with readers across generations. His focus on mortality lends a unique power to his exploration of timeless themes.**



▣ **Abhay Sharma,**
Assistant Teacher

Keats genius resided in his ability to transform fleeting moments into profound experiences. His odes, bursting with sensuous imagery and rich emotions, explored themes of nature, love and the transience of life. Poems like " Ode on a Grecian Urn" and " Ode to a nightingale " grapple with the yearning for permanence in a world defined by change.

His odes" Ode on a Grecian Urn still echoes in our heart.

Thou still unravish'd bride of quietness,
Thou foster- child of silence and slow time,
Sylvan historian , who canst thus express
A flowery tale more sweetly than our rhyme;
What leaf - fring'd legend haunts about thy shape
Of deities or mortals, or of both,
In Temple or the Dale's of Arcandy?
What men or gods are these? What maidens loth?

What mad pursuit? What struggle to escape?
What pipes and timbrels? What wild ecstasy?
Heard melodies are sweet ,but those unheard
Are sweeter; therefore, ye soft pipes,play on ;
Not to the sensual ear, but, more endear'd,
Pipe to the sprit dities of no tone;
Fair Youth, beneath the trees,though canst not leave
Thy song , nor ever can those trees be bare;
Bold lover, never, never canst thou kiss,
Though winning near the goal yet, do not grieve;
She cannot fade , though thou hast not thy bliss,
Forever ever wilt thou love, and she be fare!
Ah, happy, happy boughs! that cannot shed
Your leaves, nor ever bid the Spring adieu;
And , happy melodist, unwearied,
For ever piping songs for ever new;
More happy love! More happy, happy love!
For ever warm and still to be enjoy'd
Forever panting, and forever young;
All breathing human passion passion far above,
That leaves a heart high- sorrowful and cloy'd,
A burning forehead, and a parching tongue.
Who are these coming to the sacrifice?
To what green altar, O mysterious Priest,
Lead'st thou that heifer lowing at the skies, And
all her silken flanks with garlands drest?
What little town by river or sea shore,
Or mountain- built with peaceful citadel,
Is emptied of this folk, this pious morn?
And, little town, thy streets for ever more
Will silent be; and not a soul to tell
Why thou art desolate, can e'er return.
`O Attic shape! Fair attitude! With brede
Of marble men and maidens overwrought,
With forest branches and trodden weed;
Thou, silent form, dost tease us out of thought
As doth eternity; cold Pastoral!
When old age shall this generation waste,
Thou shalt remain, in midst of other woe
Then ours, a friend to man, to whom thou say'st,
"Beauty is truth, truth beauty- that is all
Ye know on earth, and all ye need to know.

Shakespeare, the master of story teller, excelled at portraying the complexities of human nature and the vastness of the human experience. His plays encompass a wider range of themes , emotions and characters. However, keat's condensed body of work possesses a depth of feeling and a startling clarity of expression that arguably surpasses even Shakespeare in certain aspects.

Keats awareness of his limited time fuelled a creative urgency that permeates his poetry. He poured his heart and a soul into his verses, infusing them with a poignant beauty that resonates with readers across generations. His focus on mortality lends a unique power to his exploration of timeless themes.

In conclusion; while Shakespeare's vast literary landscape continues to inspire awe, Keats concentrated brillance burns with an intensity unmatched by even the Bard. The emotional depth and thematic richness he achieved in his short life span solidify his position as one of the greatest English poets. ●

**Shakespeare, the master of story teller, excelled at portraying the complexities of human nature and the vastness of the human experience. His plays encompass a wider range of themes , emotions and characters. However, keat's condensed body of work possesses a depth of feeling and a startling clarity of expression that arguably surpasses even Shakespeare in certain aspects.**

# Climate change - A greatest threat on Earth



▣ **Mamta Pradhan,** Looksan Bazar

Climate Change is the defining issue of our time and we are at a defining moment. The news that keeps making round these days is of drastic changes in climate. From shifting weather patterns that threaten food production, to rising sea levels that increase the risk of catastrophic flooding, the impacts of climate change are global in scope and unprecedented in scale. Without drastic action today, adapting to these impacts in the future will be more difficult and costly.

The global variation of the Earth's climate, due to natural causes but aggravated by mankind's own destructiveness, affects the progressive rise in temperature, extreme weather phenomena, unstoppable desertification, the deterioration of the quality of the air we breathe, the food we eat and alters both our physical and mental health.

> **From shifting weather patterns that threaten food production, to rising sea levels that increase the risk of catastrophic flooding, the impacts of climate change are global in scope and unprecedented in scale. Without drastic action today, adapting to these impacts in the future will be more difficult and costly.**

Climate change affects us all. The potential impact is enormous, with predictions of a lack of clean water, major changes in conditions for food production, and increased mortality rates due to floods, storms, droughts and heat waves.

**The health of the planet is our health**

A report by ISGlobal, with sources from the Lancet Commission on Planetary Health, the WHO and Eco Health Alliance, states unequivocally that the health of humanity is entirely conditioned by the health of the planet itself.

- Three out of four new infectious diseases, such as Covid, are of animal origin.
- Nearly a third of emerging infectious disease outbreaks are linked to deforestation.
- Fighting climate change can prevent 250,000 deaths a year.
- Air pollution kills seven million people worldwide.
- Contaminated water sickens 1 billion people every year.

Climate change presents a fundamental

threat to human health. It affects the physical environment as well as all aspects of both natural and human systems – including social and economic conditions and the functioning of health systems. It is therefore a threat multiplier, undermining and potentially reversing decades of health progress. As climatic conditions change, more frequent and intensifying weather and climate events are observed, including storms, extreme heat, floods, droughts and wildfires. These weather and climate hazards affect health both directly and indirectly, increasing the risk of deaths, noncommunicable diseases, the emergence and spread of infectious diseases, and health emergencies.

**Climate change impacts on health**

The Intergovernmental Panel on Climate Change's (IPCC) Sixth Assessment Report (AR6) concluded that climate risks are appearing faster and will become more severe sooner than previously expected, and it will be harder to adapt to increased global heating. It further reveals that 3.6 billion people already live in areas highly susceptible to climate change. Despite contributing minimally to global emissions, low-income countries and small island developing states (SIDS) endure the harshest health impacts.

**So Let’s get to work**

If the terrible pandemic puts the world in a state of emergency and the pharmaceutical, medical, social and institutional response has managed to bring it under control. Why we can’t make an effort to bring climate change in good shape?

The answer lies in wind farms, solar plants, water and tidal power, the production of electric vehicles and the necessary technological and telecommunications support.

There are other major ways to stop climate change. Some of them are to -

- Keep fossil fuels in the ground
- Invest in renewable energy
- Switch to sustainable transport such as switching to electric transport
- Improve farming and encouraging vegan diets
- Restore nature to absorb more carbon
- Protect forests and plant more trees
- Protect the ocean
- Reduce Plastic

Needles to say, the stability and security of our country and other countries too, i.e. our health, prosperity and safety are under constant threat. So, the time has come when we as responsible global citizens must put in collective efforts in reversing the tide. And yes, I do believe that we can turn around the situation. Our goal is to create a thriving environment for children and the future generations to come, by restoring the natural environment and working for climate justice.

It’s high time now to recognize that there will be no security of water, food and energy unless we have climate security. The government will do its part, such as encouraging energy renewable projects, constructing solar panels, wind turbines, etc but we as responsible individuals and being a part of this civil society must get the wheel of efforts moving to make our planet a safer and better place to live in. And how that can be done? By using public transport and less of our personal vehicles in order to control carbon emission in our environment, by controlling energy consumption at our places, etc. It is not difficult to do, we just have to remain vigilant all the time and make sure around ourselves that no resources are going waste. ●

*(Writer is an assistant teacher of Nagrakata Primary School.)*

कविता

# म विद्यालय अनि कौस्तुभ जयन्ती



■ **राजेन सुनार,** सह–शिक्षक

१० मई १९४९ मा स्थापित भई
गाउँ, समाज र देशको उन्नति हेतु
हजारौँ विद्यार्थीहरूका भविष्य निर्माण गर्दै
हिउँदोको न्यानो घामको आनन्द लिँदै
साउने झरी–बादल र भेलबाट जोगिँदै
चैतको खड़ेरीमा छट्पटिँदै
शिक्षाको अटुट यात्रामा छु।

जुनियर हाई स्कूलदेखि बामे सर्दै
तत्कालीन समयको आवश्यकतालाई हृदयलाई राख्दै
चौतर्फी शिक्षाको ज्योति फिँजाउँदै
माध्यमिक तहको मान्यता पाएर
सैकड़ौँ विद्यार्थीहरूलाई शिक्षाको साँघु तारेर
राष्ट्र निर्माणका कर्णधार बनाउन सकेँ।

मलाई माया गर्ने मेरा शिक्षक–शिक्षिका
भूतपूर्व विद्यार्थी र शुभचिन्तकहरूले
स्वर्ण जयन्ती पालन गरेर
मेरो अस्तित्वलाई कायम राखेर
आर्थिक अनुदान सङ्ग्रह गरेर
चार कमराको कक्षा भवन बनिएँ
बोल्ने ओठहरूभन्दा कर्म गर्ने हातहरूलाई
भुल्न सक्दिन उनीहरूका अथक परिश्रमलाई।

समयको निरन्तरतालाई पार गर्दै
उच्च माध्यमिकको खुड्किलोमा पुगेर
हुरी–बतास र उतार–चढ़ाउको सामना गर्दै
शिक्षा, कला, साहित्य र संस्कृतिको जगेर्ना गर्दै
उच्चतर माध्यमिकको दर्जा पाएपछि
गाउँ–समाजकै मूल्यवान सम्पत्ति बनेको छु।
पहाड़ र समतलको मनोरम सङ्गममा रहेर
बाग्राकोट उच्चतर माध्यमिक विद्यालय भएर
पचहत्तर वसन्तको सञ्चारमा पुगिसकेछु,
कौस्तुभ जयन्ती मनाउन सफल बनेछु।

कविता

# घर बनाउने रहर

▣ **अर्पणा गुरुङ,** सह–शिक्षिका

वर्षौंदेखिको मेरो आकाङ्क्षा आफ्नो घर बनाउने
युगौँदेखिको मेरो सपना आफ्नो वासभूमि बनाउने
शताब्दीयौँदेखिको आवश्यकता मेरो आवास बनाउने।
यो सपनाको घरलाई म आफ्नै पाराले सजाउन सकुँ
मेरो घरलाई म आफ्नै इच्छाले श्रृंगार्न सकुँ
मेरो घरलाई मनपरेको रङ्गले रङ्ग्याउन सकुँ
यसैले मलाई रहर छ आफ्नो घर आफै सजाउने।

भित्तामा गान्धी–नेहरूको लहरमा
रामसिंह ठकुरी र दुर्गा मल्लको तस्विर होस्
लक्ष्मी बाई र सरोजिनी नाइडुसँग
इन्द्रेणी र साबित्रीको पनि फ्रेम होस्
ताकि म मेरो घरमा आउने
पाहुनाहरूलाई जातीय गौरवहरू चिनाउन सकुँ।
रहर छ मलाई मेरो घर–आँगनमा
एउटा सुन्दर फुलबारी बनाउने
सयपत्री र मखमलीको झुप्पा–झुप्पा फुलाउने
जसमा कि दशैं–तिहारमा मेरो फूलबारीबाट
संस्कृतिको महक आओस्
भाइटीकामा माइतीराजाको गलामा चढोस्
मेरै फूलबारीको सयपत्रीमाला
ताकि मधेशको केत्तुके र कृत्रिम सयपत्रीले
संस्कृतिको गर्जो टार्न नपरोस्।
मेरो घर–आँगनले दिन सकोस्
जातीय चिन्हारीको मौलिक परिचय
ताकि भोलि मेरो सन्ततिले प्रश्न नगरोस्–
मेरा पिता–पुर्खा शिक्षित थिएछन्
तर पनि हामी आफ्नै घरमा परायजस्तो किन बाँचेको?
बिना वास बिना निवास,
निरर्थक छ मेरो विकास।

चाहिएन मलाई इँटा, सिमेन्ट र रडहरूको थुप्रो
चाहिएन मलाई कंक्रिटको ठूलो महल।
मेरो घरले मेरो स्वतन्त्रता बोकोस्
मेरो घरले मेरो अस्मिता बोकोस्
मेरो घरले मेरो आत्मनिर्णय बोकोस्
मेरो घरले मेरै पहिचान बोकोस्।
हो, मलाई यस्तै घर बनाउने रहर छ।

**कथा**

# म्यानरलेस



▣ **अशोक रोका,** बाग्राकोट

''सर! सात रुपैयाँ खुजरा छैन। आजको यो नेपाली पेपर लानोस् न!''–पसले सज्जनले किनेका चुरोट, रजनीगन्ध (गुटका) र तुलसी जर्दा दिँदै सात रुपियाँको खबरकागज किनिदिएमा हिसाब मिल्ने थियो भन्ने आशालु नजरले सज्जनलाई आग्रह गर्दछ।

''पेपर त होस्'', सज्जन सोझै खारेज गर्छन्।

''सर! तपाईँहरूकै नेपाली पेपर हो। लानोस्न, खुजरा छैन र पो भनेको नि। हिन्दी–अङ्ग्रेजी पेपर ब्याानै सकियो'',पसले तपाईँहरूकै नेपाली पेपर भन्ने वाक्यलाई विशेष जोड़ दिन्छ। मधेशबाट आएको बिहारी भैयाले रैथाने नेपालीको 'व्यवसाय लाइसेन्स'–मा पहाड़मा दोकान गरेको धेरै वर्ष भयो। उता देशमा धर्मपत्नी राखेर भैयाले यहाँ पनि धर्म छोड़ेर पत्नीमात्रै भित्र्याएको छ। जसको नामको 'लाइसेन्स' भाड़ामा लिएर दोकान गर्थ्यो उसैको ज्वाइँ भएको छ। मधेशको धर्मपत्नीलाई पहाड़ चढ्न दिँदैन। पहाड़को पत्नीलाई मधेश झर्न दिदैन भैया। ऊ नै मधेश र पहाड़ गरिबस्छ। यता नेपालीको ज्वाइँ भएपछि त झन् भैया शुद्ध नेपाली बोल्ने भएको छ। पसलेसँग मेरो परिचय पुरानै हो।

''अस्ति भएको बलात्कार र हत्याकाण्डको डिटेल आजको पेपरमा दिएको छ। लानोस्, हिसाब पनि मिल्छ''–पसले अझैं हिसाब मिलाउन खोज्छ।

''ए त्यो कुरा त मैले ब्यानै सुनेँ। बलात्कारी र हत्यारा तिमारकै देशको मान्छे त रै छ। त्यसलाई त फाँसी हुनुपर्ने''–आफूले सुनेको जानकारी दिन्छन्।

''तेसो भए सात रुपैयाँ कुनै दिन मिलाउँला'', अब भने पसले पेपर किनिदिने कर गर्दैन। उसको बोल्ती बन्द हुन्छ।

''के को कुनै दिन मिलाउँछौ। अइले मिलाउ। बरु पैसा थप्छु मिठा पत्तामा एक खिली एक सौ बीस जर्दा पान देऊ त।'' सज्जन जर्दा पान मुखमा कोचरेर पानको पत्ताको भेट्नोमा चुना चोबेर जिब्रोले चाट्दै म बसेको काठको लामो बेञ्चमा टाँसिएर बस्छन्। प्रथमतः 'सीजन' लागेको बजारको परिदृश्यमा दृष्टि दौड़ाउँछन्।

शहरको यो मूल बजारमा वाहनहरूकोनिम्ति ङ्नो इन्ट्रीफ छ। सफाई कर्मचारीहरूको चौकसीमा बजारमा ओछ्याइएका टाइल्सको भुई सफा छ। बजारलाई रोमाञ्चक यौवनले छोएको छ। बजारको बीचबीचमा राखिएका लामा–लामा बेन्चहरूमा बसेर कोही घाम तापिरहेछन्। कोही गफ हाँकी रहेछन्। बुजुर्गहरू यही शहरमा बिताएका अतितका क्षणहरूमा रुमली रहेछन्। कोही कोही नडुलाउनु

पर्ने ठाउँहरूमा आफ्ना उन्मादी आँखा डुलाइरहेछन्।

सम्पन्नहरूलाई बजारको 'सीजन'–ले छुदैन। पुगीसरी आएकाहरूलाई सधैँको बजार। पर्यटकहरूको भीड़मा हाम्राहरूलाई सधैँ 'सीजन' लाग्छ। ठुटुलो मुडुलो भएर कोतरिएको हाफ प्यान्ट लाएर तिघ्रा देखाउनेहरूको होड़ छ। प्यान्ट लाउनेहरूको प्यान्टले निर्धारित ठाउँ छोड़िसकेको छ। ड्रेस कोडमा आधुनिकताको रंग पोतिएको छ। मधेशका पर्यटकहरूको भीड़ले सिंगड़ा र मिठाई दोकानहरूमा खुट्टो हाल्ने ठाउँ छैन। उता देशमा पर्दा र घुम्टोभित्र उकुस–मुकुसिएकाहरूको भुड़ी यता जिन्स प्यान्टहरूले थाम्न सकिरहेको छैन। चतुर व्यापारीहरूले 'बिग साइज'–को लेडिस जीन्स प्यान्टहरू स्टक गरेर राख्न थालेका छन्। यता आउँदा लगाएका 'स्पोर्ट्स' जुत्ता महिलाहरूलाई देश फर्किंदा घाँड़ो हुन्छ। देश गुणाको भेष त गर्नै पऱ्यो। भोलि त फेरि उता पर्दा–घुम्टोभित्र निस्सासिनु नै छ।

जागीर खोज्दा खोज्दै उमेरले डाँड़ा काटिसकेका आँखाहरू थकित भई निस्तेज छन्। बजारको रौनकताले पोल्छ यी रोजगारहीनहरूलाई। जागीर नपाए अरू पनि जीविकोपार्जनका विकल्पहरूमा आत्मविश्वास नभएकाहरू 'माथिबाट तानिदिने, तलबाट ठेलीदिने' कोही थिएन भनी गन्गनाउनेहरू पनि छन्। पर्यटन व्यवसाय र लघुउद्योगका प्रशस्त सम्भावना भएको हाम्रो ठाउँमा युवापुस्ता सचेत छैनन्। सत्तर प्रतिशत जनसङ्ख्या कृषि र जैविक उद्योगमा आश्रित भएको हाम्रो देशमा सबैले जागीर पाउनु सम्भव छैन।

लाउँदा लाउँदा टोपीको घेरोमात्र थाप्लोमा भएको बाहुनको छोरो वाञ्छनीय योग्यता भएर पनि 'उच्चवर्ग समुदाय' अन्तर्गत पर्ने हुँदा ऊ बेकारी हुनु परेको मूलकारण नै 'रिजर्भेसन रोस्टर सिस्टम'–लाई ठान्छ। अर्को थरी पनि छ जो अनुसूचित जनजाति त हो, संविधानले दिएको विशेष छुटको प्रवाधानभित्र परेर पनि हात लागिसकेको जागीर पनि उम्कियो। उसको परिवर्तित धर्म नै बाधक भइदियो। धर्म परिवर्तन गरे पश्चात साधारण (जेनेरल) समुदायमा परिन्छ भनी उसले पहिले नै जानेको भए रक्स्याह–जँड्या बाबुलाई धर्म परिवर्तन गरेर क्रिस्तान हुन दिने थिएन। रक्सी–जाँड त यस्सै पनि छोड्न सकिन्थ्यो।

धर्मको जड़ नै मानवता हो। धर्म त जिउने आर्दश हो। दर्शन हो। धर्म जुनै भए पनि जीवनको भाषा हो। भाषाको व्याकरण नै धर्म हो। जिउने आधार र दर्शन आ–आफ्नै रोजाइ हो। स्याम्पेनका बोतलहरू लड़ाएर पनि धेरैले आफ्नो मानवीय धर्म र आस्थालाई बचाएर राखेकै छन्। विज्ञानले पनि धर्मको अस्तित्वलाई नकार्न सकेको छैन।

'देशको पैँतीस प्रतिशत युवा जमात सबैले रोजगार होइन जागीर सृजना गर्न सक्नु पर्छ। बेकारीलाई जागीर दिन सक्नु पर्छ। युवाहरू उपभोक्ता होइन उत्पादक हुनुपर्दछ' भन्ने कुरो नेताहरूको भाषणमा सीमित छ। घोड़ालाई खुट्टे लगाएर गधालाई चाबुक लगाउँदै, पुच्छर बटार्दै दौड़मा कुदाएर जिताउने संविधानको विशेष प्रावधान अघि प्रश्नचिन्ह खड़ा भएको छ। संरक्षित अल्पसङ्ख्यकले जसो गरे पनि हुन्छ, जे गरे पनि हुन्छ। संरक्षणहीन बहुसङ्ख्यकले विरोध गरे साम्प्रदायिक दङ्गा हुन्छ यो देशमा। यो बजारले यहाँ धेरै विडम्बनाहरू देखिसकेको छ। बजारलाई सञ्चो छ ऊ मूकदर्शक हो। इतिहासको साक्षी हो।

सोचमग्न भएर व्यर्थै यस्ता कुराहरूमा समय खर्चेछु जस्तो लाग्यो। म यस्ता सोचाइको भेकबाट उन्मुक्त हुनलाई भर्खरै किनेको नेपाली खबरकागजमा दृष्टि फेराउँछु। मैले पढ्दै गरेको पेपर घरिघरि टाउको तन्काउँदै उनै सज्जनले छड्के हेरेको म थाहा पाउँछु। सज्जनलाई पेपर हेर्न सजिलो होस् भनेर म खबरकागज अलिक माथि उठाएर पढ्न थाल्छु। यसरी माथि उठाएर पढ्दा मेरो चश्माको पावरको सन्तुलन नमिले पनि सज्जन महोदयको पेपरप्रतिको आसक्तिलाई सम्मान गरिदिन्छु।

''खै खै! यो आजको पेपरमा के रै'छ? एकछिन हेरुम्त'' भन्दै सज्जन आफैले किनेझैँ गरी मैले हेर्दै गरेको खबरकागजको भित्री पातो थुत्त थुतेर हेर्न ओल्टाइ पल्टाइ हेर्न थाल्छन्। अवाक म केही बोल्नै पाउँदिनँ। यसो छड्के आँखाले हेर्छु, जर्दा पानले रन्थनाएछ क्या हो, सज्जनको निधारमा चिट्चिट् पसिना आएछ। बजार आएपछि पान त खानै पर्‍यो। तर सज्जनलाई जर्दा पान खाने बानी नभएर होला जर्दाले कोक्याएछ क्या हो मुख बटार्दै चपाउँदै यताउति हेर्दै आफ्नो गोड़ा जोगाउँदै भुइँमा ओछयाएको टाइल्समा थुक्छन्। जर्दा पान निल्न नसकेर अन्तमा रालसरिको पान भुइँमै फाल्छन्। त्यो ओकलेको पानबाट म मेरो गोड़ा जोगाउँछु। जर्दाले गला लागेछ हिक्क-हिक्क गर्दै अघि थुतेको खबरकागजको भित्री पातोमा केही विशेष खोजेझैँ गर्छन्। म बबुरो भने हातमा भएको पहिलो पाता पढ़िसकेर विशेष 'कलम'-को अन्तसम्म पुगेर रहल पृष्ठ ४ मा पुगी सज्जनले थुतेको पाता पढ़िसके कि भनेर आशलाग्दो दृष्टिले उनलाई हेरिबस्छु।

**पोलिटिक्स इज डर्टी गेम, राजनीति मन पर्दैन भनेर पानीमाथि ओभानो हुन खोज्नेहरूको प्रत्येक पलको भोगाइ र भविष्यको आधार-विकल्पहरू राजनीतिबाट अछुत हुनै सक्दैनन्। देशका प्रत्येक नागरिकले खाएको एक छाक गाँसमा राजनीति मिसिएको छ। बेखबर छन् धेरै। जीवनको प्रत्येक दिनको शुरुआत नै राजनीतिबाट ग्रसित छ।**

'खै त्यो पनि हेरुम्त' भन्दै मेरो हातमा भएको पातो पनि थुतेर लगी हेर्न थाल्छन्। म खाली हात चुपचाप रहल पृष्ठ ४ मै अड़िएको हुन्छु।

''कस्तो पेपर हऊ! याँ पनि छैन रै छ''-सज्जन गनगन गर्छन्।

के छैन रै'छ मलाई जान्न करै लाग्यो।

'आजको राशिफल हऊ' भन्दै खबरकागज काखी चेपेर सज्जन बजारको रमझमको विशेष परिदृश्यमा नजर दौड़ाउन थाल्छन्। म पर्खिरहन्छु। खबरकागज फ्यात्त बेन्चमा फ्याँकेझैँ गरि उठ्छन्। रजनीगन्ध गुटकाको आधा जति मुखमा हाल्दै सज्जन हातमा गोजीबाट सिगरेट र माचिस निकाल्दै सार्वजनिक शौचालयभित्र छिर्छन्। पान खाएर जताततै थुके पनि सार्वजनिक स्थानमा धुम्रपान गर्न हुँदैन भन्ने ज्ञान चैँ भएकै हो। म पृष्ठ ४ को रहल विशेष कलम पढ्न थाल्छु।

यहाँ होशियारी के गराउन चाहन्छु भने-

'पढ़िसक्नु भो?' भनेर यस्ता महाशयहरूलाई थुतिएको खबरकागजको पातो मागीहाल्नु हुँदैन। नत्र तपाईंहरूले पनि मैले जस्तै-'कस्तो म्यानरलेस्!' भनिमाग्नु हुनेछ। मैले अगावै यस्ता महाशयहरूबाट दुइ-तीनपटक यस्ता कटुवचनहरूको अनुभव पाइसकेको छु। त्यही अनुभवको आधारमा जोखिम नउठाई म जस्तै धैर्यधारण गरेर प्रतीरक्षामा बस्नु होला। मेरो सुझाउ।

खबरकागजले बोकेका सबै विषयवस्तु पढ़िसकेर म सोचमग्न छु,अन्योलमा छु। शोषण, दोहन, अत्यचार-भ्रष्टाचारका पुजारीहरू शङ्ख-घण्टी फुक्दै ईश्वरको आराधनामा लिप्त छन्।

'गधाले पनि ईश्वरमा आस्था राख्न जान्दथ्यो भने उसले आफूजस्तै ईश्वर स्थापना गर्ने थियो' भनेझैँ भ्रष्टाचारीका ईश्वर पनि भ्रष्ट नै हुँदा हुन्।

कुकुरले मान्छे टोक्नु र मान्छेले कुकुर टोक्नु कुनलाई सही समाचार मान्नु!? बलत्कारीहरूको नारी सशक्तिकरण र अस्मिताको गर्विलो भाषणहरू समाचारका 'हेडलाइन' भएर तेर्सिएका छन्। देशद्रोहीरूपी धमिराले देश खोक्रिँदैछ।

खबरकागजहरू, आञ्चलिकदेखि लिएर राष्ट्रिय स्तरका सञ्चार माध्यमहरू आ–आफ्नो खेमाको भजनमण्डलीमा सामेल भएका छन्।

पोलिटिक्स इज डर्टी गेम, राजनीति मन पर्दैन भनेर पानीमाथि ओभानो हुन खोज्नेहरूको प्रत्येक पलको भोगाइ र भविष्यको आधार–विकल्पहरू राजनीतिबाट अछुत हुनै सक्दैनन्। देशका प्रत्येक नागरिकले खाएको एक छाक गाँसमा राजनीति मिसिएको छ। बेखबर छन् धेरै। जीवनको प्रत्येक दिनको शुरुआत नै राजनीतिबाट ग्रसित छ। तर बेखबर छन् धेरै। खबरकागज पढिसकेपछि म आत्मचिन्तनको सागरमा डुबुल्की मार्न थालेँ। मानवीय जहाज राजनीतिको अथाह सागरमाझ ढलपल ढलपल गरिरहन्छ।

'महाशय, तपाईँ बुद्धिजीवी जस्तो देखिने(?) भएर पान खाएर जताभावी थुक्नु र यसरी पान टाइल्सको भुइँमा फ्याँक्नु हुँदैन। डस्टबिनको प्रयोग गर्नोस्'–चल्ती वर्षको साप्ताहिक स्वच्छता अभियानका चार–पाँच कर्मीहरू भुइँमा थुकेको रातो थुक र पान देखाउँदै मलाई सुझाव दिन्छन्।

''विचरा गाउँबाट आएको होला। पान त खानै पऱ्यो नि, तर यसरी थुक्नु काँ हुन्छ हऊ!'' एकजनाले मेरो सोझोपनमाथि कटाक्ष गरिहाल्यो। 'एक कदम स्वच्छता की और' लेखिएको प्लाकार्ड बोकेका युवतीहरू मलाई हेर्दै आपस्तमा खसाकखुसुक गरिरहेथे। मैले केही बुझ्नै सकिनँ उनीहरूका खसाकखुसुक।

''मान्छे त पढ़न्ते जस्तो छ। महात्मा गान्धीको स्वच्छ भारत विषय पनि पढ्नु नि बरू। पान खान जान्नेले सबै निल्नु नि। किन जाँ पायो त्याँ थुक्नु, फ्याँक्नु''–महात्मा गान्धीको ठूलो पोस्टर बोकेकी एक सुन्दरीले मलाई स्वच्छताको पाठ पढ़ाई। उसले बोकेको गान्धीले गोलो चश्मा लगाएर मलाई खबरदारी गरेजस्तो लाग्यो। गान्धीले लगाएका गोलो चश्मामा एकापट्टि भारतको नक्सा (सायद अस्वच्छ भारत) अर्कोपट्टि 'स्वच्छ भारत' लेखिएको थियो। अस्ति आठ/दश दिनअघि पनि यस्तै एक हुल पर्यावरण प्रेमीहरूले हात–हातमा प्लाकार्ड बोकेर शहरको मौन परिक्रमा गरेका थिए। प्लाकार्डमा लेखिएको थियो–'नदीमा फोहोर नहाल, नदी आफै सफा हुन्छ। वृक्षहरू नकाट जंगल आफै विस्तार हुनेछ।' कुरा त ठीकै हो। तर यो स्वच्छ अभियानमा पो म फसादमा परेँ।

''मैले हैन....'' –म वृतान्त जनाउन खोज्छु।

''के मैले हैन? जताभावी मैला गर्ने आफै, अझैं मैले हैन भन्ने? पुलिस बोलाउँ? फाइन तिराउँ?'' स्वच्छ अभियानको एकजनाले मलाई धम्कायो।

''लेट इट बी। यस्तो म्यानरलेससँग किन डिस्कस् गर्नु हुन्छ?'' अभियानको नाइकेले धम्क्याउनेलाई थमथमायो अनि सबैलाई अघि बढ्ने इसारा गऱ्यो। धम्क्याउने महाशायले पछि फर्किँदै मलाई चोर औँली देखाएर लाखेस् गरे। मैले केही भन्नै पाइनँ। मेरो स्पष्टीकरणको उनीहरूलाई खाँचो परेन। वर्षभरिको तीनसय पैसट्ठी दिनहरूमा यस्ता जन चेतना/अधिकारका सप्ताहव्यापी अभियान चलाएर सामाजिक कार्यकर्ताको पगरी गुँथ्नेहरूको यो देशमा कमी छैन।


अहिले म भुइँको थुक र पानको अवशेषलाई हेर्छु। सेतो टाइल्सको भुइँमा रातो टाटा भैसकेछ।

'म्यानरलेस!' अहिले भने मेरो मुखबाट पनि स्वतः निस्कियो तर त्यहाँ सुन्ने कोही थिएन। ●

*(बाउमावि–का भूतपूर्व विद्यार्थी रोका भारतीय नेपाली साहित्यमा एक सिद्धहस्त कथाकारका रूपमा स्थापित छन्। उनका एउटा कविता सङ्ग्रह र तीनवटा कथा सङ्ग्रह प्रकाशित छन्। उनको* ***सुनयना*** *कथा सङ्ग्रह चर्चित छ।)*

कथा

# सुन्दर–सुन्दरीको कथा



▣ **शङ्कर प्रधान,** बाग्राकोट

धेरै दिन बित्यो, धेरै महिना बित्यो अनि वर्ष पनि बितिसक्यो। तर सुन्दरीको आफ्नो दुःखको जीवन बितेर सुखको नयाँ दिन आएन। गाउँ–समाज, खेतीबारी, संस्कार–संस्कृति, घर–गृहस्थी, आउना–पाहुना अनि सत्कारका काम सबै जान्दछिन्, कसैले सिकाउन पर्दैन। मधेशमा बस्तीको ठाउँ खेतीबारी सिवाय अरू केही साधन छैन, न सरकारी नोकरीको प्रावधान र सुयोग नै छ। घरको छेउमा चियाबगान छ। त्यसमा पनि कसैको निज काम छैन। घरमा दुई छोरा, दुई छोरी साथै आमा–बाबा गरि मोठ ६ जनाका परिवार छन्। जीवन धान्ने खेतीपाती र आयका स्रोतमा कुखुरा–हाँस, दुध, समय–समयमा खसी–बाख्रा बिक्री गरेका पैसा हुन्छन्। त्यसैले घर–संसार चल्छ। धनी पनि होइन, गरिब पनि होइन। आफ्नो गाउँमा दुई समुदाय छन्–नेपाली र आदिवासी। सबै एक भई बसेका छन्। नङ–मासु जस्तै मिलेका छन्। एकअर्काका भाषा बोल्नमा दुवै समुदाय सराबरी छन्। सुन्दरी बस्तीमा एउटी सुन्दरी युवती छिन्। अल्पशिक्षित, माध्यमिक परीक्षामा उत्तीर्ण हुन नसकेर त्यतिकै बसेकी, फेल भएपछि फेरि पढ्न मन गरिनन्। घर गृहस्थीमै उनको मन बस्यो। उनी छिन् बुझकी र शीलस्वभावकी धनी। पैसा पनि राम्ररी चिनेकी छन्। बिहे गर्ने उमेर त भयो। बिहे गर्ने इच्छा र चाहना भए पनि आफ्ना परम मित्र सुन्दरको आगमनलाई पर्खिबसेकी छन्। सुन्दर र उनी एउटै स्कूलका छात्र–छात्रा। तर उनले भने फेल भएपछि पढ्न छाड़िन। सुन्दर पास भएर अहिले माल कलेजमा नाउँ दर्ता गराएको छ। उमेर पनि दुवैको मिल्दोजुल्दो छ। दुवै जनाका घर सुन्दरी बस्ती। इलेनबारी चियाबगान छेउमा पर्छ। दुवै जनाका घर केही दूरीमा मात्र छ। चर्को बोले एकअर्काका घरमा सुनिन्छ। आज धान रोपाइँको अवसरमा भेट भएर एकार्कामा मनका कुरा गरिरहेका छन्।

''औ सुन्दरी, आज तिमी धान रोपाइँमा जादैनौ?''–सुन्दरले सोध्यो।

''तपाईँ कसको धान रोपाइँमा जानुहुँदैछ?''–सुन्दरीले प्रतिप्रश्न गरी।

''उही त हो पर चन्द्रे काकाको तल टिस्टाको बगर छेउको खेतमा, अरू कसकोमा जानु र। हुन त त्यसैका छेउछाउमा अरू जमिनदारका जमिनमा पनि धानरोपाइँ छ''–सुन्दरले विवरण दियो।

''मलाई त्यहाँ बोलाएको छैन। बरू त्यसै खेतको छेउमा धने काकाको खेतमा धान रोप्न बोलाउनु भएको छ। त्यहाँ चाहिँ केही क्षणमा आउँछु''–सुन्दरीले भनिन्।

''त्यसो भए एकै जग्गा नपरे पनि नजिक–नजिकै हुनेरहेछौँ''–सुन्दरीसँग निकटताको लोभ गर्दै सुन्दरले भन्यो।

कुवाबाट पानी उघाउँदै सुन्दरीले सुन्दरको पुष्ट शरीर, लाल वर्णको अनुहार, भर्खर यौवनको रङ्ग चढ्दै गरेको जवानी, मोतीका दाना जस्तै चम्किला दाँत

नियालिन् र मक्ख परिन्।

सानो गाउँकै स्वच्छ वातावरणले सौन्दर्य बोकेको शरीरलाई देखे अन्य तृषित आँखाहरू लुकीछुपी हेर्छन्। मन लोभ्याउने केटीहरू 'गोरे कृष्णवाले' भनेर व्यङ्ग्य कस्छन् सुन्दरलाई। कसैको भनाई छ– रूप पाउनु श्राप हो। सुन्दरको रूप र शरीरमा त्यसकारण सबैको आँखा गढ्छ। यसकारण यस्तो उपनाम राखिएको होला।

आफू सम्हालिँदै सुन्दरीले सुन्दरलाई प्रश्न गरी– ''तपाईँ कतिबेला खेतमा जानु हुन्छ?''

''अब केही क्षणमै निस्किहालुँ भनेर यो फरुवा सँगै बोकेर आएको छु''–जवाबमा सुन्दरमा भन्छ।

''अनि तिमी चाहिँ जादैनौ र?''

मनको कुरालाई सन्तुलनमा राख्दै सुन्दरी भन्छिन्– ''यो पानीको घैला घरमा पुऱ्याएर सीधै खेतमा आउँछु।''

''त्यसो भए म पर्खिबसौँ?''

''होइन, तपाईँ र मेरो खेतका मालिक अर्काअर्कै हुन्। त्यसैले सँगै जान मिल्दैन। हामी खेतमा एकार्कामा देखादेख भइहाल्छौ बात गर्न नपाए पनि''– सुन्दरीले होशियारी देखाइन्।

''अहिले छिटो गएर काममा लाग्यौँ भने भरे छिट्टै मेलो सकिन्छ अनि घरमा आएर नुहाइ–धुवाइ गर्न सुविधा हुन्छ। जति छिट्टो गऱ्यो आफैलाई फाइदा''– सुन्दरले फाइदाकै कुरा गऱ्यो।

''तपाईँको सोच अति उत्तम। अरू मानिसले आफ्नो भलाइ सोच्छन्। तपाईँ चाहिँ अर्काको भलाई सोच्नु हुन्छ। हुन त गाउँ–समाजमा बसेपछि सबैजनाकै भलो सोच्न पर्छ। तब सबैका शुभचिन्तक र भद्र मानिस बनिन्छौँ। आफू भलो त जगत भलो भनेको यही हो''– सुन्दरीको जवाबमा मक्ख पर्‍यो सुन्दर।

''ठीक भन्यौ सुन्दरी। समाज छ र हामी छौँ, हामी छौँ र समाज बाँचेको छ। समाजसँग नजोड़िएको मान्छे एकलकाँटे हुन्छ। यसैकारण समाजलाई मान्छे चाहिन्छ, मान्छेलाई समाज। दुवै एकार्काका सम्पूरक हुन्''– सुन्दरले दार्शनिक जस्तो कुरा गऱ्यो।

सुन्दरीले थपिन्–''तपाईँको यस भनाइलाई पूर्ण समर्थन गर्छु। मानिसको व्यवहार र विचारले उसको परिचय दिन्छ। मानिसले आफूलाई नचिनाएर आफूले अरु चिनेको राम्रो। आफै मपाई हुनु राम्रो होइन।''

''हुन त हो, मानिस भएर धर्तीको बोझ अन्नको नाश भएर बाँच्न हुँदैन। केहीमा पनि काम नलाग्ने हुनु त मान्छेको गुणै होइन''–दुवैबीच वार्ता चलिरहेको छ।

''आजको यस मानव संसारमा धेरै किसिमका मानिसहरू छन्। कसलाई के भन्नु। भनेर पनि सम्भव छैन। कमबेस सबै नै पढ़े–लेखेका छन्। सायद भविष्यको निम्ति केही न केही सोचेका होलान्'',सुन्दरीले आफ्नो विचार पोखिन्।

''तिमीले भनेको कुरा पनि ठिकै हो। विभिन्न विचार अनेकन् मतका मान्छे पाईन्छ'',सुन्दरले थप्यो।

सुन्दरीले अचानक प्रसङ्ग बदलेर सुन्दरलाई सोधिन्– ''अस्ति तपाईँले भन्नुभएको कुरा के भयो?''

''के कुरा भनेको थिएँ र मलाई थाहा भएन। सायदा मैले बिर्सिए होला।''

''ए तो क्या त, फौजी भर्तीको दौड़मा जान्छु भन्नुहुन्थ्यो।''

''अस्ति गएको थिएँ, तर दौड़ मात्र गरायो।''

''अनि तपाईँ चाहिँ के हुनु भयो?''

''दौड़ त राम्रै भयो। उनीहरूले एउटा कागजमा लेखेर दिएका छन्। अर्को महिना पन्द्रह तारिख आउनु भनेको छ। अब फेरि जानुपर्छ बोलाएको तारिखमा।'' दुवैबीच निरन्तर वार्ताको क्रम चलिरहेको छ।

सुन्दरको कुरा सुनेर सुन्दरीको मन एकप्रकारले खुशी भयो। तर लगत्तै मनमा चिसो पनि पस्यो। उसले सोची–फौजी भर्ती भएर गइहाल्नु भए हाम्रो यो माया प्रीति के होला? हाम्रो प्रेम बालुवाको घर जस्तो हुँदैन? कसको सहारामा जिउनु? प्रेमको गुड्डीले धागो चुड़िएर गएपछि म एक्लो लट्टैमात्र यहाँ रहन्छु। आफ्नो मनलाई शान्त पारेर गम्भीर भई सुन्दरी बोलिन्–''तपाईँ यदि

फौजीमा जानुभयो भने म एक्लै पर्नेछु अनि कसको सहारामा बस्नु? हामी बीचमा भेट भएर बिताएका पलहरू यसै फगतमा जानेछ। तपाईँको सम्झनामा यो मन रोइरहनेछ। यो आँखाले तपाईँलाई खोजिरहनेछ'',सुन्दरीले अँध्यारो अनुहार पारेर सुन्दरको आँखामा आफ्नो जुझाइन् र आँसुसरी बानइन्।

''होइन सुन्दरी। हाम्रो यो पवित्र प्रेम त्यसै खेरो जानेछैन अनि खेरो जान दिने पनि छैन। यदि फौजमा गइहाले भने तिमीलाई माया मार्ने छुइन। माया अझ दरिलो भएर बस्नेछ। हाम्रो शरीर टाढ़ा रहे पनि यो प्रेम सदैव छातीमा आलो नै भएर रहनेछ'', सुन्दरले सम्झाउन थाल्यो।

''प्रेम र माया नजिक भएर के गर्नु, तपाईँ साथमा भएको जस्तो हुँदैन। हामी बिछोड़ हुनलाई प्रेम गरेका होइनौँ। आपसमा मेलमिलाप भइरहोस् भन्नाखातिर प्रेममा बाँधिएका हौ। पिञ्जड़ाबाट पक्षी निस्किएर उड़ेपछि त्यो पिञ्जड़ाको के महत्त्व?''

''ठिक भन्यो सुन्दरी। बिछोड़ हुनालाई हामी दुवैले प्रेम गरेका होइनौँ तर बाध्यता पनि त छ। भविष्यमा हामी दाम्पत्य जीवनमा बाँधियौँ भने के यस्तै कुल्ली काम गरेरै जीवन बिताउने? हामी त कुल्ली काम गरेर जीवन बिताउँछौ अरे अनि के नानीहरूलाई कुल्ली काम नै गर्न लाउने? मुख्य समस्या यही हो।''

''हुन त तपाईँलाई नोकरीको आवश्यकता छ अनि यस क्षेत्रमा अलिक बेसी पढ्दै गरेका युवा तपाईँ नै हुनुहुन्छ। शान्त स्वभाव, बुझकी, बुद्धिजीवी, सबैलाई सम्झाउन सक्ने क्षमता भएकोले गाउँका इष्ट-मित्रले तपाईँको धेरै सराहना गर्छन्। 'भविष्यको कर्णधार' भनेर पनि भन्छन्।''

''वास्तवमा गाउँलेहरूले दिएको इज्जत मेरो परिश्रमको फल हो। आफू भलो त जगतै भलो भएकोले पनि हुनसक्छ। मान्छेले परिश्रम गरेर, इमानदार भएर नलजाई निर्धक्क जे काम पनि गर्नपर्छ। कसैको कमाई लुटेर खान हुँदैन। चोर्न ढाँट्न हुँदैन। ठूला-सानालाई दर्जाअनुसार सम्मान गर्न सिक्नपर्छ। तब आफू ठूलो होइन्छ।''

सुन्दरको सुन्दर वाणी सुनेर सुन्दरी मक्ख परिन्। आफूलाई संयममा राख्दै बोलिन्-''तपाईँले भनेको कुरा सही हो। आफू शिष्ट भएर अरूलाई इमानदार बन्न प्रेरित गर्नुपर्छ। यस गाउँको विकास गर्न र राम्रो बनाउन गाउँले सायद तपाईँलाई नै पर्खिरहेको छ। खोइ, अरूमा कुनै चासो देखिँदैन।''

''त्यो सब भविष्यको कुरो हो। पहिला आफू आफ्नो खुट्टामा उभिनुपर्छ। त्यसपछि समाजको काम हेर्नुपर्छ। अब यी सब कुरालाई यहीं थाँतीमा राखौँ। अच्छा, तपाईँ फौजी भर्नाको कार्यालयमा कहिले जानु हुन्छ?''

''अर्को महिनाको पाँच तारिख बोलाएको छ। त्यति बेलासम्म यो कुल्ली काम गरेको पैसाले गाड़ी भाड़ा भइहाल्छ।''

''त्यसो भए म गाड़ी भाड़ा र चिया-खाजाको पैसा दिइहाल्छु। तपाईँ चिन्ता नगर्नुहोस्।''

''होइन सुन्दरी, मेरोमा गाड़ी भाड़ाको पैसा भइहाल्छ। तिमीले दिन पर्दैन। तिम्रोमा पनि कहाँबाट आउँछ र पैसा। तिमीलाई दुःख दिदिन।''

''अरे, त्यो तपाईँले सोधिरहन पर्दैन। के-को दुःख? तपाईँ र ममा केको फरक? हामी एउटै हौँ। तपाईँसँग भएको सामान मेरो, मेरोमा भएको सामान तपाईँको। तपाईँको इच्छा र लक्ष्य पूरा गराउने मेरो परम कर्तव्य रहन्छ'' भन्दै आफ्नो गोजीमा राखेको रुपियाँ गन्ती नगरिकन जम्मै सुन्दरको हात समातेर राखिदिइन्।

सुन्दरले लिन चाहेन। सुन्दरीको हातबाट आफ्नो हात खुस्काउन खोज्यो तर सुन्दरीले बलियोगरी समाएको हुनाले सुन्दरले हात छोड़ाउन सकेन।

सुन्दरी फेरि बोलिन्-''निश्चय, ग्रहण गर्नुहोस् अनि यो रुपियाँ फर्काउने आवश्यकता छैन। मैले

स्वेच्छाले दिएको हुँ। तपाईँको दुःख मेरो दुःख, तपाईँको सुख मेरो सुख। हामी एउटै घरको परिवार हौँ। तपाईँलाई कहिले मुर्झाउन दिने छुइनँ। तपाईँको अनुहार सधैँ खुशी, शान्त र हसिलो भएको हेर्न चाहन्छु। ईश्वरसित यही प्रार्थना छ। तपाईँ उत्तरोत्तर कार्य गर्दै जानुहोस्, म साथ दिइरहनेछु।''

''मेरोमा परिश्रम गरेर कमाउने इच्छा शक्ति हुँदाहुँदै तिम्रो भरोसामा परे भने अन्याय हुनेछ। यो उमेर र समय होइन तिम्रो भरोसामा पर्ने। आफ्नो खुट्टाको भरमा उभिने कोशिश गर्नुपर्छ अनि सक्नु पनि पर्छ। तब आफूले चिताएको कुरा पुग्छ।''

''तपाईँ यो सब व्यर्थको कुरा नसोच्नु होस्। सोच्ने समय पनि होइन। आफूले आफैलाई कमजोर नबनाउनु होस्। बितेका कुरालाई छोड़िदिनुहोस्। नयाँ विचार लिएर हिँड्नुहोस्। तब लक्ष्यमा पुग्न सकिन्छ। त्यो समय पर्खिनुपर्छ। जब आफ्नो खुट्टाको भरमा उभिए पश्चात मात्र तपाईँको इच्छा साकार हुन्छ।''

''तिमीले ठिकै भन्यौँ। सुन्दरी अहिले नै हामीले त्यो पक्ष सोच्यौ भने भविष्यमा गएर हामीले केही उन्नति गर्न सक्दैनौँ। निम्न स्तरमा नै रहनेछौँ। कहिले उच्च स्तरमा पुग्न सक्दैनौँ।''

''मलाई पनि तपाईँले भन्नुभएको कुरा मन पऱ्यो। तर त्यस बेलासम्म समयले साथ देला?''

''सबै कुरो मनै हो सुन्दरी। आफूले प्रतीक्षा साँच्न पर्छ। अवश्य सफल हुनेछौँ। आफ्नो निधारमा लेखेर ल्याएको भाग्यलाई कसैले टार्न सक्दैन। भगवानको पनि क्षमता छैन मेटाउने। तर आफू सत्य, साँचो र इमानदारीमा बस्न पर्छ। सत्यको सदैव जीत हुन्छ। हुन त समय–समयमा अनेकौँ आँधी–हुरी–बतास अनि समस्याहरू आइबस्छ। त्यसलाई समाधान गर्दै गए अवश्य साकार हुनेछौँ।''

''गाउँदेखि केही पर अलिक एकान्त कुइनेटो परेको ठाउँमा कुवा भएकोले यी दुइजनाको प्रेमको गफ भइरहेको समय परबाट प्रेमिलाले हातमा सिल्बरको गाग्री बोकेर आउदै गरेकी देखेर सुन्दरले आफूलाई अप्ठ्यारो महसुस गर्दै भन्यो–''लौ त सुन्दरी, आजलाई यहीसम्म कुरो गरौँ। पछि फेरि कहीं आपसमा भेट भए कुरा गरौँला''– सुन्दरीबाट बिदा लिएर सुन्दर आफ्नो कामतिर लाग्यो।

सुन्दर आफूबाट बिदा लिएर गएपछि आफूले भरेर राखेको गाग्रो लिई सुन्दरी आफ्नो घरतिर लागिन्। ●

*(लेखक बाउमावि–का पूर्व विद्यार्थी अनि परिचित साहित्यकार हुन्। उनका डेढ़ दर्जन जति पुस्तक प्रकाशित छन्।)*

**"A world of possibility for the creation of DNA has opened up, one in which cycles of designing, building, testing, and iterating happen at a radically accelerated pace. At-home versions of DNA synthesizers currently have some technical limitations but are still enormously powerful, and you can bet those limitations will be overcome in the near future.**
**Where nature takes a long and winding path to reach extraordinarily effective results, this bio-revolution puts the power of concentrated design at the heart of these self-replicating, self-healing, and evolving processes."**

Mustafa Suleyman, **The Coming Wave**, Page 83

**संस्मरण**

# डियर भट्टाचार्य सर



▣ **लीलाबहादुर छेत्री,** बरबोट

“ह्वाट ह्यापन?”, भट्टाचार्य सरले पल्लो रूमको दैलोबाट टाउको मात्रै निकालेर सोध्नुभो।

लटरपटर अङ्ग्रेजी र हिन्दी मिसाएर परीक्षा नलेख्ने तर, शौचालय जाने कुरा बिस्तार गरेँ। हताश र हतारमा थिएँ र धेरै लाचारी पनि देखाएँ। आफूसँग अरू विकल्प थिएन।

अहिलेसम्मको शिक्षकतामा मैले सञ्चय गर्नसकेको निधि हो विद्यार्थीहरूसँगको सामीप्य र आत्मीयता। सदैव उनीहरू बढ़ी नजिकिन्छन्। त्यसमा पनि सानाहरू अझ झ्याम्मिएर आउँछन्। बेधड़क मनका कुराहरू सुनाउँछन्। हार्दिकता देखाउँछन्। कतिले ‘इन्टरवल’ र ‘लन्चब्रेक’ हुनपूर्व पनि ‘टोइलेट’ जाने अनुमति माग्छन्।

“एकक्षण पर्खन सक्छौ?”

“अहँ सर।”

तब मलाई कसैलाई रोक्न पटक्क मन लाग्दैन। कलेज छँदाका भट्टाचार्य सरको अनुहार झलझली आउँछ।

**त्यतिखेर मेरो अवस्था कस्तो भएको थियो होला? कल्पना गर्न पनि सक्दिनँ म। आँखा तिर्मिराएका थिए। मेरा लागि शौचालयभन्दा अर्को धरती थिएन जहाँ सन्चोले अड़िन सक्छु। र,त्यही धरती थर्थराइरहेको थियो। शौचालय सिवाय अर्को आकाश थिएन। र, त्यो मेरो टाउकोमा बजारिएर तहसनहस हुन लागेको थियो।**

“ल छिट्टो आउनू...।”अनायास मुखबाट फुत्किन्छ।

त्यतिखेर मेरो अवस्था कस्तो भएको थियो होला? कल्पना गर्न पनि सक्दिनँ म। आँखा तिर्मिराएका थिए। मेरा लागि शौचालयभन्दा अर्को धरती थिएन जहाँ सन्चोले अड़िन सक्छु। र,त्यही धरती थर्थराइरहेको थियो। शौचालय सिवाय अर्को आकाश थिएन। र, त्यो मेरो टाउकोमा बजारिएर तहसनहस हुन लागेको थियो।

त्यतिखेर मैले एकतमासले परीक्षा कक्षा र शौचालयलाई स्वर्ग र नर्कको मिथकसित तुलना गरिरहेको थिएँ। परीक्षा कक्षा र शौचालयलाई मैले जीवन र मरणसित जोखिरहेको थिएँ। साँच्चै, म जीवन–मरणको दोसाँधमा थिएँ। अललिएको शिशु देख्नुभा’छ नि? हो, त्यस्तै भएको थिएँ।

परीक्षापछिको परिणामले भन्दा पनि आङमा पिसाब चुहुन नपाइ कसरी शौचालय जानु भन्ने कुराले आतेसमा थिएँ त्यस दिन। कोठाका सबै परीक्षार्थी साथीहरू लेख्नमा

व्यस्त थिए। राम्रो परिणामको सपनामा उड़िरहेका थिए उनीहरू। आफू भने यति गज्जबले बजारिएको थिएँ कि लागिरहेको थियो–यहाँबाट उठिन भने हिंड्नलाई मेरो भोलि सहज रहने छैन। भोलिको लागि जोगाउनपर्ने 'अहिले' सिवाय केही बचेको छैन मसँग।

''म सुगर पेसेन्ट हुँ।''भट्टाचार्य सरलाई पीड़ा पोखेँ।

''आई नो दृ्याट।'' उहाँको टाउको हल्लियो। अनि, मेरो स्याँसाफ्याँफा अलि कम भो।

मेरो मनपर्दो विषय हो–इतिहास। केही दिन अघिदेखि नै त्यसको पूर्व तयारीमा लागेको थिएँ। त्यही तयारीमा ढुक्क भएर परीक्षा कक्षा कलेज पुगेको छु। घण्टी बज्यो परीक्षाको। परीक्षा कक्षामा पसेपछि भने मभित्र आशङ्काको अर्को घण्टी बज्नथाल्यो। रूममा उत्तर पुस्तिका र प्रश्न–पत्र आयो। उत्तर पुस्तिकामा शुरुमा लेख्नपर्ने कुराहरू लेखेँ। मार्जिन कोरेँ र शुरु गरेँ उत्तर लेख्न। तर संक्षिप्त प्रश्नका एक–दुईवटा उत्तर लेखेउता अरू लेख्नै सकिनँ। मनपर्दो विषय इतिहासको सामान्य उत्तर त के आफ्नै वर्तमान पनि भुलिसकेको अवस्थामा पुगेको थिएँ। सपना हो या विपना खुट्याउनै मुस्किल। दिमाग खाली–खाली हुँदै आयो। जति नै कोसिस गरे पनि दिमाग भने रित्तो बन्दै नै गइरहेको थियो। परीक्षा कक्षामा पस्ने बित्तिकै पिसाबले चाप्न थालेकोले हैरान हुँदैथेँ। घण्टी बज्नअघि मात्रै शौचालय गएर आएको। परीक्षाको पहिलो घण्टी बजाउनु कसरी? पहिलो एक घण्टा कसरी बिताउनु? सकसमा थिएँ। पिसाबले जतिजति चाप्दै गयो उतिउति म अललिँदै गइरहेको छु। आङमै पिसाब हुने अवस्थामा आइपुगेपछि अतालिएँ। साँच्चै म पागल बनेँ। कति ठूलो दुर्दशा! कुनै पनि विपत्तिमा तपाईँ के गर्नुहुन्छ? भन्नोस् त। मूर्च्छित भएर घुप्लुक्क लढ़िदिन सिवाय अरू उपाय थिएन।

परीक्षा कक्षामा नेपाली अनर्सका केही केटी साथीहरू थिए, जो लेख्नमा व्यस्त थिए। उनीहरूकै अगाड़ि आङमा पिसाब भयो भने? म त्रस्त बन्दै गइरहेको थिएँ। भोलिका उनीहरूसँगै बसेर क्लास गर्नपर्ने चिसा दिनहरूले बेस्मारी चिमोटिरहेका थिए।

आफूलाई अनियन्त्रित र निरुपाय पाएपछि चिच्याएँ– ''मे आई गो आउट साइड म्याम?''

ड्युटीमा तल्लीन म्यामले मतिर हेर्नुभएन। म्यामद्वारा मतिर नहेरिनु कुनै आश्चर्य थिएन। तर,म भने आश्चर्यचकित र आतङ्कित बन्नथालेँ।

''मे आई गो आउट साइड सर?''

ल्या....सरले पनि पो वास्तै गर्नुभएन। अझ अर्कोतिर कुनाका सरले त ध्यानै दिनुभएन। सरले नसुन्नु असामान्य कुरो थिएन। म भने सामान्य देखिने अवस्थामा छैन।

म निरुपाय बनेँ। लाचार बनेँ। मेरो हातमा केही रहेन। नाड़ीको घड़ी हेरेँ। लेख्न बसेको बल्ल पच्चीस मिनट भएको किरिङमिरिङ देखेँ। भनन भएर आयो। टाउकोमा संसार बजारियो। अब आफूलाई सम्हाल्न नसक्ने गरी बेचैन बन्नथालेँ। भयाक्रान्त बनेँ। अब पिसाब रोक्न मेरोमा सामर्थ्य रहेन। एक घण्टा बिताउने मेरो हबिगत थिएन।

अलि जोड़ले कराएँ,''मे आई गो आउट साइड...।''

त्यसपछि कक्षाका सर र म्यामले मतर्फ हेर्नुभो। र, एकै साथमा भन्नुभो,''यु ह्विल नट एलाउ टु गो आउट साइड। दिस इज इक्जामिनेशन, नट एनी अदर क्लास।''

लौ अब झनै फसादमा परिएन त!

सम्भावित दुर्घटना लिएर पुरै बेचैन नै बनिसकेको थिएँ। यति चाँड़ै बाहिर जानलाई तर्खर गरेको देखेर रूमका केही चिनारु साथीहरूले मतर्फ छड्के हेरे। जोहरू लेख्नमा व्यस्त थिए र उस्तो ध्यान दिएनन्। आङमा पिसाब चुहुन लागेकोले म भने भयभित थिएँ। पिसाबले भिजेको मेरो आङ...मेरा साथीहरू अघि हुने सम्भावित बेइज्जती। उफ्... मेरो सास फुल्यो।

''मे आई गो आउट...''–म फेरि कराएँ।

''यु मे गो आउट, बट यु सुड नट अलाउ टु राइट अगेन।'' म्याम र सरले बल्ल बाहिर जाने अनुमति दिनुभो। तब मेरो केही होस फर्कियो।

बोर्ड परीक्षामा एक घण्टा नभइ बाहिर जान नपाइने।

यदि गइहाले पुन: लेख्न नपाउने सर म्यामले बताउँदै अनुमति दिन चाहनु भएन।

‘‘लेख्दिनँ’’–मैले ढिप्पी गरेँ,‘‘तर बाहिर जान्छु। अब लेख्न सक्दिनँ।’’

अति हड़बड़ीमा मरितरी लेखेको उत्तर पुस्तिका सर म्यामको अघि टेबलमा राखिदिएँ। प्रश्न–पत्र पनि राखिदिएँ,अनि बाहिरिएँ। र, त्यही तेज रफ्तारमा दैलोबाट झटारिरहेको अवस्थामा भट्टाचार्य सरले देख्नुभो। र, सोध्नुभो–‘‘ह्वाट ह्यापन?’’

‘‘आइ नो द्याट।’’

त्यसपछि अति स्नेहका साथ अङ्ग्रेजीमै भन्नुभो, ‘‘तिमी शौचालय पनि जान्छौ, परीक्षा पनि लेख्छौ।’’

सरले मैले बुझाएको उत्तर–पुस्तिका र प्रश्न–पत्र बोकेर अघि लाग्नुभो।

सिक रूममा पुगेपछि टोइलेट गएँ। त्यसपछि उताको परीक्षा त्यही रूममा बसेर लेखिसिध्याएँ। प्रश्न–पत्र र उत्तर–पुस्तिका त्यहीँ आउने। पिसाब रोकेर बसिरहन नपर्ने। परीक्षा अवधि त्योभन्दा निरापद ठाउँ कुन हुनसक्थ्यो र मेरा लागि!

भट्टाचार्य सरले राजनीतिशास्त्र पढाउनु हुन्थ्यो। कड़ा मिजाजका। त्यतिका कड़ा मिजाजका शिक्षक–शिक्षिका मेरो विद्यार्थी जीवनमा अरू भेट्न सकिनँ। उहाँ क्लासमा पस्ने बित्तिकै विद्यार्थीहरूको मुखमा ताल्चा लाग्थ्यो। क्लासमा मात्रै होइन उहाँलाई बाहिर कतै देखेपछि विद्यार्थीहरू छुलछुल हुन्थे। बाटो छोड़िदिएर बस्थे सरलाई। ‘‘सुड्डो प्रिन्सिपलभन्दा पनि स्ट्रिक्ट छ’’–नेपाली अनर्सका केटाहरू भन्थे।

**भट्टाचार्य सरले राजनीतिशास्त्र पढ़ाउनु हुन्थ्यो। कड़ा मिजाजका। उहाँ क्लासमा पस्ने बित्तिकै विद्यार्थीहरूको मुखमा ताल्चा लाग्थ्यो। क्लासमा मात्रै होइन उहाँलाई बाहिर कतै देखेपछि विद्यार्थीहरू छुलछुल हुन्थे। बाटो छोड़िदिएर बस्थे सरलाई।‘‘सुड्डो प्रिन्सिपलभन्दा पनि स्ट्रिक्ट छ’’– नेपाली अनर्सका केटाहरू भन्थे।**

सरको त्यो क्लास सम्झन्छु– जुन दिन सर सरासर आएर ब्ल्याक बोर्डमा पिरामिड बनाउनुभो। पिरामिडको टुप्पामा किङ्ग लेख्नुभो। किङ्गमुनि मिनिस्टर अनि पिरामिडको फेदमा चाहिँ कमन पिपल।

‘‘अहिले हाम्रो देशको शासन यही पिरामिडमा छ। चेन्ज जस्तो देखिन्छ तर, चेन्ज छैन। कमन पिपल उप्परवालातिर हेरिरहनपर्छ।’’सरले औंलाले किङ्ग लेखिएकोतिर सङ्केत गर्नुभो। व्याख्यानकै क्रममा किङ्गसँग टँसाएर ‘गड’ शब्द पनि थपिदिनुभो र लेक्चर पनि जारी राख्नुभो–‘‘उप्परवाला उप्परवाला नै हो उसलाई उँधो हेर्ने फुर्सत हुँदैन। उहिल्यैदेखि उस्तै चल्दै आएको छ।’’

त्यसरी सरले त्यस दिन अति सामान्य अङ्ग्रेजीमा क्लास सक्नुभो र खिस्स हाँस्नुभो। हाँसो हास्यकारी भन्दा धेरै व्यङ्ग्यात्मक थियो।

अचेल स्कूलको परीक्षाको समय होस् या अरू समय, जब विद्यार्थीहरू कुटाइममा शौचालय जाने अनुमति माग्न मकहाँ आउँछन्, तब भट्टाचार्य सरसँग एउटा फुच्चे र रुग्न केटो ‘सिक रूम’–तिर गइरहेको दृश्य झलझली सम्झन्छु ।●

*(बाउमावि–का भूतपूर्व विद्यार्थी छेत्री सुपरिचित गजलगो, कवि, लेखक हुन्। उनले केही पत्रिकाको सम्पादन गरेका छन् भने उनको संयुक्त गजल सङ्ग्रह पनि प्रकाशित छ। उनी बरबोट उच्चतर माध्यमिक विद्यालयमा सह–शिक्षकका रूपमा कार्यरत छन्।)*

कविता

# म र मेरो साथी



▣ **रविन खवास,** लुकसान

मेरो आँगनमा
फुलेका विभिन्न फूलहरू
मनै रमाउने गरी
हावासँग इत्रिरहन्छन्।
म गर्व र धाकसँग
साथीलाई फूलहरूका नाम सुनाइरहन्छु–
ब्लु बेल, लेबेन्डर र पोबी
अर्किड, बालसन र मर्निङ ग्लोरी
यी फूलहरू
आफ्ना वरिपरि, आँखाभरि राखेर
छाती फुलाएर बोलिरहन्छु।
मेरो साथी नि बड़ो फूलप्रेमी छ।
ऊ पनि बोल्न थाल्यो आत्मविश्वाससँग–
'मोके तो चा फुल ही अच्छा लगेल।'
होटलहरूमा अनि घरमा पाहुना आएका बेला
नाना परिकार खाएर
जिब्रोले स्वाद पाएका कुरा उसलाई सुनाइरहन्छु।
सुनाइरहन्छु–
पिज्जा, बर्गर, स्यान्डविच, मटन बिर्यानी
चिल्लिचिकनका चटकदार स्वादका मजेदार गफहरू।
ऊ पनि मक्ख परेर भन्छ–
'मोके तो चा भात अच्छा लगेल।'
म अलि माटो बिर्सेर
आकाश मन पराउने मान्छे।
अमेरिका अनि बेलायत
जापान र हङकङ
सिङ्गापुर र मलेसिया
अरू देशहरू/विकसित मुलुकहरू
अर्काको थोक नै राम्रो लाग्छ मलाई,
'हामी उनीहरू जस्तो कहिल्यै हुन सक्दैनौँ' भन्छु।
मेरो साथी पनि बड़ो अदपसँग भन्छ–
'हमरी कर डुवर्स भी के कर से कम नहीं।
मोर हरिहर चा बगान।'
मलाई
विदेशी महापुरुषहरूका जीवनी,
विदेशमा भएका इतिहासका घटनाहरू
बब मार्ले र मार्टिन लुथर
चे र होची मिन्ह
पेरु र भियतनामका कथाहरू
दोहोऱ्याइरहुँ लाग्छ,
थाहा छैन आफ्नै बाजेको नाम।
मेरो साथी भन्छ–'मोर बिरसा भगवान्।'
म गर्वसँग भन्छु–
हामीसँग राई समाज छ
नेवार समाज छ
भूजेल समाज छ
खस समाज छ
लिम्बू छ, मगर छ
संसारको सबैभन्दा उच्च संस्कृति छ।
ऊ बड़ो संयमसँग भन्छ–
'हमरी कर आदिवासी समाज आहें।
मैं उराँव होवाल से भी
आदिवासी हेको सेकर मो के गर्व आहें।
मोय गरीब आहो
तब भी मोय आदिवासी हेको
सेकर मो के गर्व आहें।'

*(लेखक डुवर्सको माउ संस्था डुवर्स नेपाली साहित्य विकास समितिका मूलसचिव हुन्। पेशाले शिक्षक उनी ग्रासमोड़ प्राथमिक पाठशालाका प्रधान शिक्षक हुन्।)*

**कविता**

# दण्ड



▣ **सुदर्शन तामाङ,** वीरपाड़ा

म थिएँ
मसँग मेरो कथा पनि थियो
सब थोक थियो
तर
अकथित रह्यो मेरो कथा
अलिखित रह्यो मेरो इतिहास
कारण
अन्जान थिए अक्षरहरू।

अक्षरहरूमा नफुलेपछि मेरो कथा
म आफ्नै कथाको सुगन्धबाट यसरी टाढ़िएँ
जसरी टाढ़िन्छ
हाँगाबाट चुँड़िएपछि पात
आकाशबाट खसेपछि तारा
ध्वनिबाट छुटेपछि प्रतिध्वनि।

आफ्नै कथाबाट उच्छेद् भएर
कथाहीन बाँचेको म
सोचिरहेछु
कुनै समय घटित भएको मेरो सत्ताप्रति
कसरी यति अनुदार भइदिए
अक्षरहरू?


सोध्छु
अक्षरहरूले किन कोर्नु बिर्सिए
मेरो अनुहारको आकृति रच्ने
माटोको मानचित्र
अक्षरहरू किन हिँड़ेनन्
म हिँडिआएको बाटोमा
मैले छाड़ेका पाइलाका डोबहरू
पछ्याउँदै?

कुनै अपराधीलाई भनेर तय गरिएको
दण्ड जस्तो
अक्षरहरूमा झुल्कन नसकेको
मेरो अकथित कथा
मेरो अलिखित इतिहास।

*(पेशाले प्राथमिक विद्यालयका शिक्षक तामाङ डुवर्सका प्रतिभाशाली कवि हुन्।)*

कविता

# बेवास्ता



▣ **नारायण काफ्ले,** बाग्राकोट

चौड़ादार सड़कमा
बजिरहेको साइरन
कुनै भिआइपीको हुनसक्छ
या हुनसक्छ
अस्पताल ताकेर हिँड़ेको कुनै एम्बुलेन्सको
म बेवास्ता गर्छु।

उही सड़क किनारको
फुटपाथको ठेला अघि उभिएर
चियाको चुस्कीसँगै
फुकिरहेको छु सिगरेटको धुवाँ
मुखबाट छुटेको धुवाँको मुस्लोले
बनिन्छ बादलको ढिको
जसमा खप्टिखप्टी आउँछन्
अनगन्ती विचारका अस्पष्ट झट्काहरू
ती प्रस्टिन नपाउँदै मिसिन्छन्
प्रकृतिका अनन्तमा
म बेवास्ता गर्छु।
फेरि धुवाँको अर्को सर्को...
विरक्ति र विद्रोहका समानान्तर भावना
आत्मसमर्पण र क्रान्तिका समानान्तर चाहना
लड़ाइँ गर्दै पस्न खोज्छन्
मन र मस्तिष्कका भित्री तहमा
म बेवास्ता गर्छु।
अब त
हरेक चिजलाई नै बेवास्ता गर्नु
दैनिकी बनिसकेको छ
सोँच्छु
फ्याकिदिउँ मेरो मस्तिष्क पातालमा
यान्त्रिक बन्दैगएको यो शरीरले
सक्दैन थेग्न अब
मष्तिस्कको अथाह बोझलाई
म बेवास्ता गर्छु।

*(बाउमावि–का भूतपूर्व विद्यार्थी काफ्ले अहिले विश्वविद्यालय स्तरको अध्ययन गरिरहेका छन्। उनी युवा पुस्ताका एक सम्भावनाशील कवि हुन्। उनको एउटा अनुवाद कृति प्रकाशित छ।)*

कविता

# सम्झना साथीहरूको



▣ **दीपक बुढ़ाथोकी,** बाग्राकोट

बाग्राकोट उच्च माध्यमिक विद्यालयले
राखेको थियो पत्रु मित्र मिलाप कार्यक्रम,
कार्यक्रम थियो रङ्गारङ्ग मञ्चले
उत्कृष्ट कलाकृतिको कलाकारहको आगमन ।

थिए म आफूसँगै पढ्ने मित्रगणको तलाशमा
भेट नभएका मित्र कोही भेट्ने आशमा,
यता हेरेँ उता हेरेँ भेटिएनन् कोही आसपासका
आएनन् कोही भेट्न अभिलाषा थियो खासमा।

प्रथम भेट बद्रीनारायण शर्मा
जोसँग भेट भइरहन्थ्यो गाउँ–घरमा,
दोस्रो भेट सोल्टी टेकबहादुर गिरी
घरीघरी भेट हुन्थ्यो घुमिफिरी।

तीनैजना बसेर गफ गर्न थाल्यौँ
मित्रगणको हिसाब गर्दै औंला चाल्यौँ,
जीवन साथी बनेका जगदीश–समला
स्वर्ग सुधारे भेट कसरी हुन्थ्यो होला!

कुन कुनामा सुशिला राई
बेपत्ता भएछन् गोपाल चन्द राई,
सपना फुपू अनि आन्टी निलम प्रधान
कर्मरत् छन् लिएर मान–सम्मान।

किशोर मुखिया साथी अनि किरण दाजु
दुवै छैनन् हामी माझ आजु,
खोज–खबर छैन कता साथी बिहारी राजु
धरतीहीन भएछन् मणिकुमार दाजु।

कमला दिदी गाउँमै भेट हुने गर्दछ
प्रदीप पनि आकलझुलक आँखामा पर्दछ,
कहिलेकाही दिलकुमार भेट हुने गर्दछ
अलक फौजदार 'यस अर नो'–मा पर्दछ।

धनकुमार छन् भन्ने सुनिन्छ
श्याम दास सालुगड़ामा देखिन्छ,
गणेश दास छैनन् भन्ने सुनिन्छ
भाइ श्यामले यस्तै वर्णन दिन्छ।
भेट भएकै छैन दिन डिके दियाली
माध्यमिक गाउँबाटै भए खाली,
आधा जति भइसके स्वर्गको माली
मिल्थ्यो भने गर्थे यमराजलाई गाली।

उच्च माध्यमिक विद्यालयले स्मरण गरायो
नयाँ विद्यार्थी भएको भान पनि गरायो,
त्यस माहौलले वृद्धापनको अवस्था भुलायो
नयाँ ताजगी र फूर्तिपनको जोश जगायो।

धन्यवाद छ व्यवस्थापक र प्रधान अध्यापकलाई
नि:स्वार्थ र सुविचारित परिचालनलाई,

खुशी तुल्याउन सफल बने अभिभावकलाई
अनि छात्र–छात्रामा कला वृद्धि गराउनलाई।

*(बाग्राकोट उमा विद्यालयले ९ नोभेम्बर, २०२३ मा आयोजन गरेको 'ग्रान्ड एसेम्ब्ली'–मा सहभागी भएका बुढ़ाथोकीले त्यसै विषयमा यो कविता लेखेका थिए। विद्यालयका भूतपूर्व विद्यार्थी बुढ़ाथोकीले 'हिमालफेदी'–का लागि भनेर यो कविता दिएका थिए। तर, ८ मार्च, २०२४ को दिन हृदयघातका कारण उनको असामयिक निधन भयो, जसले विद्यालय परिवारलाई अत्यन्त शोकित तुल्यायो। हांस्य–व्यङ्ग्य कविका रूपमा राम्रो परिचय बनाइसकेका बुढ़ाथोकी सेन्ट एन्ड्रुज अङ्ग्रेजी विद्यालय, बाग्राकोटका प्राचार्य तथा स्वामी पनि थिए। उनीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यहाँ कविता प्रस्तुत गरिएको छ।)*

---

# सागर मन्थन



▣ **पुनम धमला,** बाग्राकोट

ज्यान भन्छ–
असिम जलको कुण्ड विशाल
डराउँछ किनारै बस्नु सुरक्षित,
टाढ़ैबाट महासागरमा
नयन डुलाएको उचित।

नयन भन्छ–
महासागर, आँसुहरू जमेर
बनेको वेदनाहरूको ताल,
जसरी म जमेको छु, बगेको छु
देखी आफू र आफ्नाहरूका हाल।

सागर भन्छ–
ओ पाहाड ! मेरो उद्‌गमबाट आयौ
मैले तिम्रो आँसु, खुन, पसिना
सृष्टिबाटै बगाउँदै ल्याँए,
तिमी पनि तिम्रो पीड़ित
चोटिल मन डुबाउन ल्यायौ।

मन भन्छ–
सागरको गहिराइमा पुग्न सकिएला
म अझ गहिरो,
मेरो गर्भलाई कसले भेद्‌ला ?
महासागरझैं मेरो असीमता,
लहरहरू अविरल उर्लिएर आउँछ,
तिरस्कार वञ्चनाका छालहरू
मैले पनि पोखेको
कसको चेतनामा पलाउँछ ? ?

*(बाउमावि–का भूतपूर्व विद्यार्थी धमला एक जागरूक युवा हुन्।)*

(लघु कथा)

# जिन्दगी जिन्दाबाद!



▣ **अजय राई,** भूतपूर्व विद्यार्थी

अस्पतालको वेटिङ हलमा मुस्कुराउँदै बसिरहेको छ वीरमान। निकै हलुङ्गो महसुस भइरहेको छ आज उसलाई। धेरै दिनदेखि एउटा बन्द कोठामा उपचार चलेपछि आज घर जान दिइने भएको छ उसलाई। जम्मै सुविधाहरू भए तापनि आफ्नाहरूसित घण्टौँसम्म भेटघाट हुन नपाउँदा त्यो आई.सी.यु कक्ष उसलाई सेन्ट्रल जेलभन्दा कम लागेको थिएन। अस्पतालको नियम धेरै कड़ा छ। उसको मोबाइल फोन समेत अझैँसम्म जमा गरिएको छ रिसेप्सनमा।

लगभग दुई हप्तादेखि उसलाई हृदय अनि फोक्सोको गम्भीर समस्याले सताउँदै आएको थियो। सास फेर्न समेत गाह्रो हुने गर्थ्यो उसलाई। तर बिमार निको भएपछि ढुक्क परेको छ ऊ। उसलाई धेरै उत्साहित देखिन्छ आज।

यतिकै बसिरहेको बेला, आफू बिमारी परेको औ आफ्नो शारीरिक अवस्था अझैँ खराब हुँदा अस्पतालमा बिताउन परेका क्षणहरू सम्झन थाल्यो उसले। एकपटकलाई जीवनदेखि हार मानिसकेको थियो उसले। सानो-तिनो बिमारी त त्यसै पचाइन्छ भन्ने वीरमानलाई एकाबिहानै उसको शरीरमा अक्सिजनको कमी भएको अनि रक्तचाप धेरै बढेकोले गर्दा हतार गरी गाउँ नजिकैको अस्पताल पुऱ्याउन परेको थियो। अस्पतालको नाउँमा 'सुपरस्पेसिलिटी' जोड़िएको भए तापनि डाक्टरद्वारा निर्धारण गरिएको आईसीयु कक्षमा ठाउँ थिएन भर्ना हुनलाई। त्यहाँ उसलाई सामान्य वार्डको एक कुनामा अक्सिजन पाइपको सहारामा राखिएको थियो। उसको अवस्था देखेर घरकाहरू एकदमै चिन्तित थिए। एउटै बेडमा दुईजना बिरामीको उपचार गरिइने अस्पतालमा पर्याप्त मात्रामा डाक्टर-नर्सहरू छैनन्। आईसीयु-मा जाबो एउटा बेड पाउने कुनै उपाय नहुँदा उसलाई शहरको अस्पताल पुऱ्याउन परेको थियो। शहरको अस्पतालमा भर्ना गरिएपछि धमाधम जाँच र उपचार चलेको हो। भनिन्छ, पैसा बोल्छ! तर साँच्चै भन्ने हो भने पैसा गर्जिन्छ।

हो, मौका पाएपछि पैसा जोड़-जोड़ले गर्जिन्छ अनि समस्यालाई गिज्याउँछ, धम्काउँछ। समस्या पैसाअघि लाचार बन्छ औ हार मानेर आत्मसमर्पण गर्न बाध्य हुन्छ।

यता अस्पतालमा उसलाई घर लैजाने तरखर चल्दैछ। घड़ीमा दिनको एक बजेको छ। भोक लागेको छ सायद उसलाई। उसले झ्यालदेखि बाहिर देखिएको होटलतिर हेऱ्यो। होटल नजिकैको पान दोकानअघि दुई ठिटाहरू चुरोट पिउँदै गरेको उसले देख्यो। यतिबेला उसले निकै लामो सुस्केरा हाल्यो। उसले आफ्नो जवानीका दिनहरू सम्झ्यो। अनियन्त्रित रूपमा जाँड़-रक्सीको सेवन गर्दै बितेको हो उसको जवानी। अल्लरे बैँसमा सिग्रेटको धुवाँ खुबै उड़ाएको हो उसले। प्राय: सबै नशाहरूको अनुभव छ उसलाई। जवानीमा आफूले गरेका कतिपय कुराहरू सम्झेर खुशी छैन ऊ। यतिखेर उसलाई बेस्सरी पछुतो भएको छ। चिया बगानको माहौल उस्तै छ। दिनहुँ मेहनत गरेर कमाउँदा पनि जिन्दगी भनेजस्तो नहुँदा चियाबारीका वीरमान, पासाङ अनि सोमराहरू हरेक साँझ रक्सी र चुरोटको सहारामा बिताउने गर्छन्। जाबो २५० रुपियाँ हाजिरामा के हुन्थ्यो भनेजस्तो जिन्दगी!

'दादा, आप्नार डिस्चार्ज सर्टिफिकेट तोयार होएगेछे', ऊ झस्किएर यताउता हेर्छ। यतिबेला अस्पतालका एक कर्मचारी हातमा एउटा कागज लिएर उभिरहेको छ।

'डिस्चार्ज' शब्द सुन्नसाथ वीरमान खुशीले रमाउँछ। मानौँ यो क्षण उसले कैयौँ दिनदेखि पर्खिरहेको थियो। ऊ अस्पतालको आँगनतिर दौड़िएर जान्छ अनि जोड़ले कराउँछ-'जिन्दगी जिन्दाबाद!' ●

कविता

# रहर

**▣ अजय राई**

सानो छँदा बाको काखमा बसेर
सुनेका फिल्मी कथाहरू
अजम्बरी ज्यान भएका
गठिला फुर्तिला पात्रहरू
कल्पना गर्दा गर्दै ऊभित्र
पलायो 'हिरो' बन्ने रहर।
केही साल बितेपछि
ऊ अलि ठूलो हुँदा
बाले भने, देब्रे रैछस्
फुटबल सिक्, तँ खेलाड़ी बन्छस्
भुटेको मकै खाँदै बाले
म्याराडोनाको कथा सुनाए
जोशहरू बढ्दै गए
जाग्यो खेलाड़ी बन्ने रहर।
केही वर्ष जोशहरू जागै बसे
ऊ बच्चादेखि किशोर बन्यो
उमेरसँगै उसको स्वर पनि फेरियो
घोर्ले स्वरमा ऊ खुबै गुन्गुनाउँथ्यो
साथीहरू भन्न थाले–
मीठो गाउँछस्, गायक जस्तै
फुरुक्कै भयो, ऊ शिखरमै पुग्यो
उम्रिए कलाकार बन्ने रहर।
गाउँ–घर, वन–पाखा केही नभनी
बेस्सरी ऊ चिच्याइ रहन्थ्यो
रुचाउने होस् या नरुचाउने
सबलाई गीत सुनाइ हिँड्थ्यो
यतिकैमा उसले एकदिन
कप्तान बुढ़ाको तक्मा देख्यो
तक्मा पुछ्दै बुढ़ाले उसलाई
लड़ाइँका रोचक कथाहरू सुनाए
शिरमा राख्दै हात, भने–
मेहनत गर् , पक्कै लाहुरे बन्छस्
कप्तान साहबको तस्बिर हेर्दै
सलबलाए पल्टन जाने रहर।
रहरहरू थपिन्दै गए
समय आफ्नै वेगमा थियो
पढ़ी–लेखी केही बन्छु भन्ने
जाग्यो फेरि अर्को रहर।
अर्कोतिर विरक्तिन्थ्यो मन
बर्खा झरीमा छानो चुहुँदा
चिन्तित उस्तै थियो ऊ
घरको एक्लो छोरो हुँदा
यतिकैमा उमाऱ्यो मनमा
धन कमाउने रहरहरू।
समयको चक्र चल्यो
कप्तान बुढ़ाको आशिष लाग्यो
गाउँ–घर परिवार सबै छोड़ी
देश सेवामा अघि बढ्यो
गाउँ छोड़ेको केही सालमा
उसले घरको छानो टाल्यो
अधमरो ती रहरहरू
उखेलेर अन्तै फाल्यो।
जीवनलाई अघि लैजाने क्रममा
जति–जति ऊ बढ्दै गयो
उति–उति जिन्दगीलाई
नजिकबाट पढ्दै गयो
जब देख्यो उसले कैयौं
मानवताहीन मान्छेको शहर
अन्ततः एक असल मान्छे बन्ने
पलायो एउटा नयाँ रहर।

*(राई पेशाले भारतीय सेनाका जवान हुन्। साहित्यप्रति उनको विशेष अनुराग छ।)*

कविता

## फूल फुलेपछिको सपना



▣ **रूपनारायण प्रधान,** शिक्षक

फूल फुलेपछि त हो
यहाँ निद्रा पर्खेर बसेका
आँखाहरूले सपना देख्न थालेको।
पुराना/च्यातिएका
बाकसको अन्धकारभित्र
आफैलाई गुमाइसकेका
विचारा
ब्याङ्कका खाताहरू
कटुवा रक्सीले मातेझैँ
लुरुलुरु घर फर्किएको।
फूल फुलेपछि त हो
यहाँ निद्रा पर्खेर बसेका
आँखाहरूले सपना देख्न थालेको।
हे सरकार,
तिम्रो विकासको
कालो सड़क टेक्नलाई त हो
नयाँ–पुराना खुट्टाहरूले
हजारौँ पटक
जुत्ताभित्रै नङको बली चढ़ाएको
लाखौँ पटक
तिम्रो अघि इज्जत लुटाएको।
फूल फुलेपछि त हो
निद्रा पर्खेर बसेका
आँखाहरूले सपना देख्न थालेको।

## म अपवित्र कसरी भएँ?



▣ **अभिजित कुमार गुप्ता,**
पूर्व छात्र, आशाबारी

म अपवित्र कसरी भएँ?
दुष्कर्म जब ममाथि छ भएको
अञ्जान हातहरूले मेरो शरीर छ छोएको।
मैले रुँदारुँदै अस्वीकार गरेको थिएँ
तर पनि म अपवित्र कसरी भएँ?
अपराध जब मसित छ भएको
मन–तन आत्मा सबै छ रोएको
मानसिक र शारीरिक चोट मैले पाएँ
तर पनि म अपवित्र कसरी भए?
अबला ठानी मलाई शोषण छ गरिएको
शरीर सबै मेरो दागले छ कोरिएको
दानवहरूले मेरो शरीर खाए
तर पनि म अपवित्र कसरी भएँ?
तर पनि म अपवित्र कसरी भएँ?

# गजल

▣ पुनम धमला

भाग्य सम्झी निधारको तिम्रो, धर्कै दुख्दो होला,
चिया बोक्ने पिँठ्यु, हिउँद-बर्खै दुख्दो होला।

पूर्वजको विधि हैन, कायदा नीतिमा तिमी हेला,
व्यर्थै आशा बोक्ने हृदयमा, चर्कै दुख्दो होला।

मिरमिरे हुँदा, चियाका पात शीतले भिजेका बेला,
पानी है पिउन कर्कलाको, कण्ठै दुख्दो होला।

जहिले रुन्छौ अभावमा हुन्छौ, चाँड़बाड़को बेला,
दशैँ त्यौहार रमाइलो भेला, कर्मै दुख्दो होला।

मलजल छर्दा, कलम काट्दा, जखम काट्यो होला,
दुःखै दुःखमा हुर्काए जननीको, धर्मै दुख्दो होला।

थाप्लोमा नाम्लो, ढाड़मा डोको, ठेलाका हत्केला,
पिण्ड जमेका वंशका खुन, स्वर्गै दुख्दो होला।

# गजल



▣ **स्वर्णिम लिम्बू,** पार्बिङटार, कालेबुङ

म त फूल हुँ सधैँ यसै गाउँ, शहरमा फुली रहुँ
म त मन हुँ सधैँ यसै सबै माझमा खुली रहुँ।

राखे हुन्छ दिलको एउटा सानो ठाउँमा मलाई
म त वेग हुँ सधैँ यसै हर लहरमा झुली रहुँ।

मोज, भोज र मरौ, बिहे, पूजा सम्झे हुन्छ
म त पन हुँ सधैँ यसै रीत, रिवाजमा भुली रहुँ।

परिश्रमी र पौरखीलाई साथ दिन्छु एकाग्र भई
म त धन हुँ सधैँ यसै हरेक घरमा चुली रहुँ।

हे मानव प्राणी हो! रुख भनि नकाट मलाई
म त सास हुँ सधैँ यसै प्रति सासमा सुली रहुँ।

*(साहित्यका अनुरागी लिम्बू युवा गजलगो हुन्।)*

## विद्यार्थी कलम

# प्रकृति



▣ **श्रेया देवान,**
दशौँ श्रेणी, सेक्सन–सी

प्रकृति तीन अक्षरले बनेको शब्द
जहाँ समस्त ब्राह्मण्ड अटाउँछ।
विशाल आकारमा अनन्त अन्तरिक्ष
यसको एक धड्कन पृथ्वीको वृक्ष।
यसको प्रत्येक तत्वले बनेको छ
यो संसार सारा
चाहे त्यो अविरल परिरहने वर्षा होस्
या शीतल सहारा।
हामी मनुष्यको आयु मुश्किलले सय वर्ष
प्रकृति आफैमा अमर छ, काल यसको अनन्त।
स्वर्ग एउटा मिथ्या हो,
पृथ्वी परम सत्य
नीलो सागर झैँ गहिरो छ
यसको रहस्य।
मानव प्रगतिले सुस्त भएछ क्यारे प्रकृति
मन लागे वर्षा गरिदिन्छ नत्र पारिदिन्छ खड़ेरी।
हेरफेर र अदलबदल भो प्रकृति
ऋतुहरू पालो कुर्छन् अलमल्ल पर्छन् बेस्सरी।
तर होइन,
सायद यसको बग्ने नशा–नशामा प्रदूषण मिसियो होला
यसले लिने प्रत्येक सास कठिन भयो होला।
अमानवहरूले चिथोर्न थाले होला यसको मासु
यसैले धरती रोयजस्तो असमयमा बहन्छ वर्षारूपी आँसु।
म प्रकृतिको स्वास्थ्यको कामना गर्छु
अनि प्रकृतिको दीर्घायुका लागि अलिकति योगदान पनि गर्छु।
हजार बिरुवा रोपी हरियाली उपहार दिन्छु तिमीलाई
छाया जस्तै बनेर सधैँ तिम्रो समीप रहन्छु।
प्रकृति, म तिम्रो सुस्वास्थ्यको कामना गर्दछु।

---

# हरियाली फर्काऊँ



▣ **बबिता भट्टराई छेत्री,**
दशौँ श्रेणी, सेक्सन–डी

आकासतिर हेर साथी दुईटा घाम लाग्यो कि
उखरमाउलो गर्मीले लखतरान पाऱ्यो कि।
रूख–पात मासिएर धुँवाले ढाक्यो पृथ्वी
मान्छेको कुकृतिले रियासो क्यारे प्रकृति।
प्रकृतिको ताण्डवले अबर पऱ्यो मान्छेलाई
दिनौंदिन आपत पऱ्यो खतरा भयो दुनियाँलाई।
आजै जागौँ रूखपात रोपौँ हरियाली फर्काऊँ
बोट–बिरुवालाई माया गरी पृथ्वी बचाऔँ।

## किताब



**रोमिका विश्वकर्मा,**
आठौँ श्रेणी, सेक्सन–डी

किताब हाम्रो लक्ष्य हो
किताब हाम्रो भविष्य हो,
किताब हाम्रो माध्यम हो
किताब हाम्रो सामर्थ्य हो।

किताबको शरीर हो कागज
आत्मा यसको अक्षर,
कितापको मूल्य सामान्य
तर मोल यसको अनमोल।

किताब हो हाम्रो साथी
राखौँ यसलाई सधैँ शिरमाथि,
किताब हाम्रो ज्ञान, किताब हाम्रो भर
साथ नछोड़ौँ शिक्षाको जीवनभर।

## आमा–बाबाप्रति



**रिसिका सेवा**
आठौँ श्रेणी, सेक्सन–डी


पिएर अमिलो पसिनाको धारा
बनिरह्यौ सधैँ परिवारको सहारा,
पूरा गर्‍यौ परिवारको इच्छा
मनमा राखेर अटल सदिच्छा।

गरेर धेरै माया हामीलाई
आफ्नो खुट्टामा उभिने बनायौँ,
आफ्नो मुटुभित्र हाम्रो निम्ति
ठूला–ठूला सपना सजायौ।

केही गलत काम गर्दा
मुख–हातले सम्झायौ,
सङ्कट–कठिनाइँ आइपर्दा
हामीलाई सधैँ बचायौ।

दिनरात मेहनत गरेर हामीलाई
सफल मानिस बनायौ,
हामी सफल भएको देखेर
अझ धेरै रमायौ।
लुकाई आफ्ना दुःख सारा
हामीलाई सधैँ खुशी दियौ,
गरेर यत्ति माया हामीलाई
सधैँ सुमार्गमा हिँड़ायौ।

# स्वर्ण जयन्तीले छोड़ेको नयाँ चुनौती



▣ **जे.बी.छेत्री,** बाग्राकोट

म बाग्राकोट हाई स्कूलको भूतपूर्व छात्र। माध्यमिकको तेस्रो ब्याच। १९७० मा बाग्राकोट हाई स्कूलबाट स्कूल फाइनल दिएको। फाइनल पास गर्नु भनेको निकै ठूलो कुरा थियो। त्यसकारण सान पनि थियो, मान पनि थियो। हाम्रो ब्याचमा एउटै केटी पनि थिएनन्। पहिलो ब्याचमा माइचाङ दिदी, दोस्रो ब्याचमा बिन्दु दिदीले नारी शिक्षाको प्रतिनिधिकता धानेका थिए। तर, हाम्रो ब्याच नारीशून्य। त्यसैले हामीलाई प्रायले भन्थे–'भाले ब्याच'। हाम्रो स्कूल को–एडुकेसन। त्यसबेला केटीबिनाको क्लास कस्तो फिका–फिका लाग्ने। टिन एजमा केटा–केटी मिलेर पढ्नुको मज्जा अर्कै हुन्थ्यो। अहिले सम्झन्छु–शिक्षामा हाम्रो समाजको पहिलो प्रतिनिधित्व नै माइचाङ दिदी र बिन्दु दिदीहरूले गरेका थिएछन्। बुझ्न सकिन्छ, त्यो समाज कतिको पछौटे थियो। अहिले त स्कूलमा केटाहरूभन्दा केटीहरू धेरै देख्दा मन आनन्दले भरिन्छ। पढ्नमा पनि छोरीहरू नै अब्बल छन् अहिले।

**हाम्रो ब्याच नारीशून्य। त्यसैले हामीलाई प्रायले भन्थे–'भाले ब्याच'। हाम्रो स्कूल को–एडुकेसन। त्यसबेला केटीबिनाको क्लास कस्तो फिका–फिका लाग्ने। टिन एजमा केटा–केटी मिलेर पढ्नुको मज्जा अर्कै हुन्थ्यो। अहिले सम्झन्छु–शिक्षामा हाम्रो समाजको पहिलो प्रतिनिधित्व नै माइचाङ दिदी र बिन्दु दिदीहरूले गरेका थिएछन्। बुझ्न सकिन्छ, त्यो समाज कतिको पछौटे थियो।**

सन् १९६८–६९ तिर स्कूलमा कार्यरत् स्वयम्सेवी शिक्षकहरूलाई वेतन दिन नाटक र साङ्गीतिक कार्यक्रम गरेको सम्झना आलै छ। सरकारबाट त्यसताक स्कूललाई राम्रो सहयोग नहुँदा विभिन्न ठाउँमा गएर यसरी कार्यक्रम गर्नु चुनौतीपूर्ण कार्य थियो। उक्त अभियानमा सी.बी.घले,स्व. सुखमन मोक्तान, सार्कीमान ब्लोन, केशर खवास, श्रीमती बिन्दु राई, शिवकुमार प्रधान,नारायण दास, भक्तिमाया राई आदि

साथीहरूको विशेष योगदानलाई पनि हामी भुल्न सक्दैनौँ। शिक्षकहरूमा हामीलाई डोहोर्‍याउने छिरिङ सर थिए। त्यसताकका शिक्षकहरू सम्झन पर्दा वीरेन सर, संस्कृत पढ़ाउने फ्याक्रे सर (जुन सरको वास्तविक नाम नजानीकनै हामी स्कूलबाट पासआउट भयौँ), डी.एस. सर,एस.एन. झा, छिरिङ सर, गङ्गासिंह राई (जसले 'मुनामदन' अङ्ग्रेजीमा अनुवाद गरेका थिए)-को याद आउँछ। कतिपय शिक्षकहरूका अनुहार याद भए पनि नाम बिर्सें। अभिभावकहरू उबेला नानीहरूलाई स्कूल पठाउन चाहँदैनथे। झन् छोरीहरूलाई त पटक्कै पठाउँदैनथे। तर आज पाँच-छ दशकपछि स्थिति पूर्ण रूपले फेरिएको छ। हरेक अभिभावक आफ्ना नानीहरूलाई 'छोराछोरी सराबरी' मान्दै स्कूल पठाइरहेछन्, जसको प्रमाण हो २००० भन्दा अधिक विद्यार्थीहरूको स्कूलमा उपस्थिति। त्यहीमाथि सुनेअनुसार, छोराभन्दा छोरीहरू धेरै सङ्ख्यामा छन्। यो सुन्दा आनन्द र सन्तोषले छाती भरिन्छ।

हामीले स्कूलको बारेमा चर्चा गर्दा हमेसा संस्थापकहरूलाई सम्झनुपर्ने हुन्छ। किनभने उनीहरूकै दूरदर्शी कार्य र योगदानले गर्दा नै आज हामीले यति समृद्ध र क्षेत्रकै धरोहर बनिसकेको स्कूलमा कौस्तुभ जयन्ती मनाउन लागेका छौँ। मेरो सम्झनामा रहे अनुसार, संस्थापकहरूमा पी.के.रोय, बनवरीलाल गुप्ता, पातु सर, बद्रीनारायण प्रधान, जेठा छेत्री, हजुरमान पुरी, भीमबहादुर लामा, चन्द्र खेस, शिलबानुस लाकड़ा, धनपति शर्मा, विष्णुप्रसाद शर्मा आदिको नाम श्रद्धापूर्वक लिनैपर्ने हुन्छ। उहाँहरूको स्मृतिमा केही उल्लेखनीय स्मारक बनोस् भन्ने आन्तरिक चाहना छ।

मैले गर्व गर्नुपर्ने कुरा के हो भने, म विद्यालयले पचासौँ स्वर्ण जयन्ती मनाउँदा पनि आयोजक समितिमा थिएँ, आज पच्चतरौँ कौस्तुभ जयन्ती मनाइरहँदा पनि आयोजक समितिमै छु। यो मेरो लागि अहोभाग्य हो। विशेष जलपाइगढ़ी जिल्लाका ९५ प्रतिशत नानीहरू पढ्ने यो विद्यालय कालेबुङ जिल्लमा पर्ने भएकोले यहाँ ठूल्ठूलो समारोहहरू गर्न निकै चटारो पर्नजान्छ। स्वर्ण जयन्तीअघि स्कूलको भौतिक ढाँचा, संरचना अत्यन्तै सोचनीय रहेकोले स्वर्ण जयन्तीको निहुँमा कायाकल्प फेर्ने मतो गरियो। बद्रीनारायण प्रधान सर र सुखमन मोक्तानको नेतृत्वमा स्वर्ण जयन्ती आयोजक समिति गठन भयो। यही आयोजक समितिले भूतपूर्व विद्यार्थीहरूलाई गुहारेर, तत्कालीन सांसद दावा लामा र पूर्व सांसद आरबी राईलाई स्थितिबारे अवगत गराएर सहयोग माग्यो। जसअनुसार अहिलेको नवौँ र दशौँ श्रेणी पढ़ाइ हुने भवन र एघारौँ र बाह्रौँ श्रेणीको पढ़ाइ हुने भवन बनेको यहाँ विशेष उल्लेख गर्न चाहन्छु।

यसरी नै भूतपूर्व विद्यार्थीहरूमा लब्ध-प्रतिष्ठित व्यक्तित्व कृष्ण छेत्री (काठमाडौँ), रोशनलाल अग्रवाल (सिलगढ़ी), तपन मुखर्जी (सिलगढ़ी) आदिको अर्थदानले अहिलेको नवौँ र दशौँ कक्षा पढ़ाइने भवन निर्माण गरिएको थियो। यसबाहेक, सिक्किमका तत्कालीन मुख्यमन्त्री पवन चामलिङ, काठमाडौँबाट भूतपूर्व विद्यार्थी उदय शर्मा आदिको सहयोग पनि विशेष स्मरणीय छ। यस्तै सहयोगी महानुभावहरूको अनुग्रहले भवन निर्माण सँगसँगै तीनदिने विराट् स्वर्ण जयन्ती समारोह पनि सम्पन्न गर्न सम्भव भयो। उक्त तीन दिवसीय स्वर्ण जयन्ती महोत्सवमा बाग्राकोट नागरिक समाजको पनि खुबै उत्साहवर्धक सहभागिता रहेको थियो। स्व. सुखमन मोक्तानको नेतृत्वमा उनको कार्यकौशलले यो महोत्सवमा आफ्नो क्षमता देखाउने अवसर पनि पाएको थियो। उनीबाहेक हाम्रो समाजका गण्यमान्य व्यक्तिहरू सी.बी.घले, सार्कीमान ब्लोन, बलाराम पुरी, स्व. कृष्ण बस्नेत, बद्रीसिंह छेत्री, नेत्र खड्का, शिवकुमार प्रधान, नारायणदास प्रधान, कुलबहादुर महत, के.पी. धिताल, प्रेमबल तामाङ, पेमा लामा, रमेश राई, बालमुकुन्द गुप्त, बिन्दु तामाङ राई, अशोक राई, गङ्गाप्रसाद प्रधान, बद्रीनारायण

शर्मा, विष्णुनाथ शर्मा, किशोर मोक्तान, किशोर मुखिया, दीपक बुढ़ाथोकी आदिको सहयोगलाई बिर्सन सकिँदैन। अर्को स्मरणीय कुरा, त्यतिबेला हाम्रो डुवर्स भेकमा जल्दोबल्दो सङ्गठन एकता समाजको पनि स्वर्ण जयन्ती महोत्सव महत्त्वपूर्ण सहयोग र सहभागिता रहेको थियो। तीनै दिनको कार्यक्रममा सङ्गठनका नेतृत्व तथा हर्ताकर्ताहरूले आयोजनामा सहयोगिता मात्र नगरेर मञ्चमा पनि प्रभावशाली प्रस्तुतिद्वारा अमिट छाप छोड्न सफल बनेका थिए। बाग्राकोट जस्तो ठाउँमा तीनदिने विराट् कार्यक्रम गर्नु बेहद् चटारो हुँदाहुँदै पनि समग्र बाग्राकोटवासीको सहयोगी भूमिकाले गर्दा स्वर्ण जयन्ती समारोह भव्य रूपमा सफल हुन सक्यो। नेपाली साहित्यका दिग्गजहरू, सङ्गीत जगतका स्वनामधन्य व्यक्तित्वहरू र शिक्षा जगतका अधिकारी र शिक्षाविद्हरूको जमघटले बाग्राकोट स्वर्ण जयन्तीमय बनेको थियो। बाग्राकोट जस्तो कमसल पूर्वाधार र सुविधाहरू भएको ठाउँमा यत्तिका अतिथिहरूलाई खानपिन र आवासीय सुविधा प्रदान गर्न कुनै असुविधा भएन। आवासीय सुविधा उपलब्ध गराउनमा बाग्राकोट चुनाभट्टीस्थित वन विभाग र तत्कालीन वन अधिकारी प्रेम शर्माको भूमिकालाई पनि विशेष सम्झना गर्नुपर्ने हुन्छ। यस अवसरमा बाग्राकोट चिया बगानका प्रबन्धन पक्ष र ट्रेड युनियनका नेतृत्वहरूको सहयोग पनि उत्तिकै महत्त्वपूर्ण रहेको थियो। त्यो स्वर्ण जयन्ती गरिमामय र अभूतपूर्व भएकोले गर्दा नै अहिले कौस्तुभ जयन्ती त्यो भन्दा भव्य र सानदार रूपमा आयोजन गर्नुपर्ने चुनौती विद्यालय कतृपक्ष, प्रबन्धन समिति र बाग्राकोटका नागरिक समाजअघि खड़ा छ किनभने स्कूलमा बढ़ेको छात्र सङ्ख्या र वर्तमान आवश्यकताअनुसार पूर्वाधारहरूको अनुपलब्धतालाई सुलभतामा फेर्नुपर्ने चुनौती पनि सँगसँगै उभिएको छ।

**अहिले कौस्तुभ जयन्ती त्यो भन्दा भव्य र सानदार रूपमा आयोजन गर्नुपर्ने चुनौती विद्यालय कतृपक्ष, प्रबन्धन समिति र बाग्राकोटका नागरिक समाजअघि खड़ा छ किनभने स्कूलमा बढ़ेको छात्र सङ्ख्या र वर्तमान आवश्यकताअनुसार पूर्वाधारहरूको अनुपलब्धतालाई सुलभतामा फेर्नुपर्ने चुनौती पनि सँगसँगै उभिएको छ। ...कौस्तुभ महोत्सवलाई पनि सबैले त्यही उत्साह र जोशसँग साथ र सहयोग दिनसके बाग्राकोट उच्चतर माध्यमिक विद्यालय र हाम्रो गाउँले एउटा छिट्टै र विशिष्ट इतिहास कोर्न सक्षम हुनेछ भन्ने मलाई लाग्दछ।**

विद्यालयमा विज्ञान विभाग खोलिनुपर्ने आवश्यकता यही कौस्तुभ जयन्तीको उपलक्ष्यमा पूरा हुनसके मेरो धोको पूरा हुनेछ। स्वर्ण जयन्तीमा भूतपूर्व विद्यार्थी, गाउँ–समाज, नागरिक समाजले जसरी जीउज्यान होम्मिइ सफल तुल्याएका थिए, त्यसरी यो कौस्तुभ महोत्सवलाई पनि सबैले त्यही उत्साह र जोशसँग साथ र सहयोग दिनसके बाग्राकोट उच्चतर माध्यमिक विद्यालय र हाम्रो गाउँले एउटा छिट्टै र विशिष्ट इतिहास कोर्न सक्षम हुनेछ भन्ने मलाई लाग्दछ।●

*(बाउमावि–का भूतपूर्व विद्यार्थी छेत्री वरिष्ठ समाजसेवी, भाषासङ्ग्रामी, बुद्धिजीवी तथा बाग्राकोट टीजी प्राथमिक पाठशालाका पूर्व प्रभारी हुन्। हाल उनी बाउमावि सञ्चालन समितिका सदस्य पनि हुन्।)*

# ब्यारिस्टर अरिबहादुर गुरुङ अनि अरिबहादुर गुरुङ फाउण्डेसन



▣ **अमित गुरुङ,** सह–शिक्षक

ब्यारिस्टर अरिबहादुर गुरुङको जन्म १४ अक्टोबर, १९११ का दिन पिता सत्तलसिंह गुरुङ र माता वसन्तमाया गुरुङका कोखमा कालेबुङमा भएको थियो। उनको प्रारम्भिक शिक्षा कालेबुङमै भएको थियो। पछि उनले कलकत्ताको स्कटिस चर्च कलेजबाट २ मार्च, १९३५ मा कलामा स्नातक गरे। त्यस समय स्नातक गर्ने थोरै गोर्खाहरूमध्ये उनी एक थिए। उनले २७ जनवरी,१९४१ मा इन्स अफ् कोर्ट, मिडल टेम्पल लण्डनबाट प्रतिष्ठित ‘बार एट ल’ डिग्री हासिल गरे। त्यस समय भारतमा स्वतन्त्रता आन्दोलन चरम सीमामा चलिरहेको थियो।

५ जुलाई, १९२९ मा अरिबहादुर गुरुङ कलकत्ताको स्कटिस चर्च कलेजमा पहिलो पाइला टेक्न पुग्छन्। त्यस बेला भारतमा विदेशी वस्तुको बहिष्कार आन्दोलन चलिरहेको थियो। गान्धीजीको नेतृत्वमा सन् १९३० को अप्रेल महिनादेखि ‘सविनय अवज्ञा आन्दोलन’ (सिभिल डिसओबिडेन्ट मुभमेन्ट) आरम्भ हुन्छ। विभिन्न स्थानमा साम्यवादी र किसानहरूले आन्दोलन गरिरहेका थिए। नून ऐन (सल्ट एक्ट) तोड्न गान्धीजी ऐतिहासिक ‘डाण्डी यात्रा’ गर्छन्। यस समय ब्रिटिस सरकार शक्तिको बलमा मत्त भएर आन्दोलनकारीहरूलाई दमन गर्न पुग्छ। ब्रिटिसहरूका सुट, टाईलाई घृणाको दृष्टिले हेरिन्छ; ब्रिटिसहरूले बनाएका सामान, लुगाफाटा, जुत्ता बहिष्कार गर्छन् स्वतन्त्रता सङ्ग्रामीहरू। यस बेला जतातत‍ै सभा र जुलुस गर्न व्यस्त छ कलकत्ता शहर। यसरी आन्दोलन भइरहेको छ स्वतन्त्रताको निम्ति। सन् १९३१ साल शुरु हुन्छ। अरिबहादुरको आईएस्सी परीक्षाको परिणाम निस्कन्छ। उनी उत्तीर्ण हुन्छन्। यता कालेबुङमा धेरै परिवर्तन आइसकेको छ। अरिबहादुरका पिता सत्तलसिंह धेरै कमजोर भइसकेका छन्। उनका ठूला दाजु कृष्णबहादुर गुरुङ १३ दिसम्बर, १९३० मा दार्जीलिङका स्कूल इन्सपेक्टर भइसकेका छन्। अरिबहादुरको घरमा कामकाज हेर्ने अब कोही छैनन्। दाजु स्कूलका काममा व्यस्त छन् भने पिता बिरामी अवस्थामा छन्। अरिबहादुरलाई डाक्टर पढ्ने इच्छा छ, तर डाक्टर पढ्न ६ वर्ष लाग्छ। अब के गर्ने ? कुनै उपाय नभएपछि आखिर घरको भार सम्हाल्न बाध्य हुन्छन् उनी। आफ्ना पिताका ठिकाबिगा, बाटो बनाउने कामहरू सबै हेर्ने जिम्मा अरिबहादुरलाई आइपर्छ। केही समयपछि पिताको अवस्थामा सुधार आउँछ। उनी आफ्नो मनको कुरो आमालाई भन्छन्– ‘म डाक्टर पढ्न नपाए पनि बी.ए. चाहिँ पढ्छु।’ आमा–बाबाले छोराको कुरा सुनेपछि सत्तलसिंह

भन्छन्–'त्यसो भए पढ् तर मेरो लाशमात्र भेट्छस तैंले।' त्यो भावनालाई बेवास्ता गरेर उनी पढ्न कलकत्ता प्रस्थान गर्छन्। १९३२ को जुलाई महिनामा उनको पाइला फेरि टेकिन्छ स्कटिस कलेजमा।

अरिबहादुर गुरुङका बड़ा जुद्धवीर गुरुङका जेठा छोरा डम्बरसिंह गुरुङले गोरुबथानका मानिसहरूको सेवा गरिरहेको बेला एकजना नेपाली बाहुनी आफ्नो समस्या सुनाउन आइपुग्छिन्–'मेरो विवाह एकजना बङ्गालीसित भएको छ तर बङ्गाली समाजले यो स्वीकार्दैन। मेरो सम्बन्धविच्छेद् भएको छ। मलाई बचाइदिनुहोस्।' यो कुरा सुनेर डम्बरसिंह बङ्गालीको घरमा पुग्छन् र टुटेको सम्बन्ध पुनः स्थापित गर्ने कोशिश गर्छन् तर कुरा मिल्दैन। मुद्दा जलपाइगढ़ी कोर्टमा पुग्छ। डम्बरसँगै पद्मप्रसाद प्रधान पनि कोर्ट पुग्छन् तर कोर्टमा पद्मप्रसाद प्रधानले राम्रो दलील पेश गर्न नसक्दा उनको सट्टामा डम्बरसिंह बोल्छन् तब न्यायाधीशले सोध्छन्–'तिमी को हौ? तिमीलाई बोल्ने अधिकार छैन।' यो मुद्दामा उनीहरूको पराजय हुन्छ। बाहुनीले न्याय पाउँदिनन्। कोर्टमा बङ्गाली समुदायका मानिसहरूको बाहुल्य हुन्छ। डम्बरसिंहले त्यहाँ एक्लो पाउँछन् आफूलाई। यो घटनाले डम्बरसिंह खिन्न बन्छन् र वकील पढ्न कलकत्ता पुग्छन्। त्यहाँ भाइ अरिबहादुरसित भेट हुन्छ।

अरिबहादुर गुरुङले १६३४ मा बी.ए.परीक्षा समाप्त गरेलगत्तै घरबाट पिता बिरामी भएको खबर पाउँछन्। उनी कालेबुङ फर्कन्छन्। पितासित अन्तिम भेट भएपछि २५ अप्रैल, १६३४ मा सदाका निम्ति आँखा चिम्लन्छन् सत्तलसिंह। केही समयपछि परीक्षाफल आउँछ। अरिबहादुर उत्तीर्ण हुन्छन्। बी.ए.पास गरेका प्रथम नेपाली मण्डल र कालेबुङका प्रथम ग्रेजुएटका रूपमा उनको परिचय बन्छ। २२ अप्रेल, १९३६ मा मधु गुरुङनीसित उनको विवाह हुन्छ। त्यही वर्ष आमाको पनि मृत्यु हुन्छ। दार्जीलिङ जिल्लालाई ब्रिटिसहरूले बङ्गाल प्रान्तको जिल्ला बनाएर राख्नुको कारण ब्रिटिस सरकारका उच्च अधिकारीवर्गको सुविस्ता मात्र थियो। सारा बङ्गालका अरू जिल्लाहरूमा बङ्गाली भाषा व्यापक छँदाछँदै पनि दार्जीलिङ जिल्लामा हिन्दी भाषा सरकारी भाषा र स्कूलहरूमा पनि शिक्षाको माध्यम हिन्दी थियो। त्यति बेला अशिक्षित नेपाली समाजले पनि बुझेको थियो कि दार्जीलिङ भाषाकै भिन्नताको कारण बङ्गालको अंश हुन सक्तैन।

दार्जीलिङ जिल्ला बङ्गालको जिल्ला भएर पनि प्रशासन व्यवस्था अलग्गै ढङ्गमा थियो। यस जिल्लालाई 'एक्सक्लुडेड एरिया'–को रूपमा राखिएको थियो। त्यहाँको ऐन–कानुन र प्रशासनिक व्यवस्था पहाड़वासीलाई ध्यानमा राखेर नै गरिएको थियो। सन् १९२० सालको मार्च महिनामा दार्जीलिङ प्लान्टर्स एसोसिएशन, युरोपियन एसोसिएशन र हिलमेन एसोसिएशनका सदस्यहरूको संयुक्त सभामा निर्णय गरियो–दार्जीलिङ जिल्ला सन् १८६५ मा भूटानबाट चुँड़ेर जलपाइगढ़ीमा गाभेको डुवर्स खण्ड बङ्गालदेखि अलग 'एक्सक्लुडेड एरिया' गरिनुपर्छ, जब भारतमा सुधार परियोजना समावेश गरिन्छ। पछि सन् १९३५ मा दार्जीलिङ जिल्लालाई एक खुड्किलो तल बङ्गालको खाड़ीतिर धकेलेर लगियो एक्सक्लुडेड एरियाबाट पार्सियल्ली एक्सक्लुडेड एरिया बनाएर।

सन् १९३६ मा कालेबुङका महकुमा शासक इङ्ग्ल्याण्डका एम.एन. डुकरका छोरा ब्यारिस्टर सेथ डुकर (आइ.सी.एस.)–थिए। अरिबहादुर आफ्नो परिचय दिँदै बन्दुकको लाइसेन्स रिन्यू गराउन महकुमा शासक सेथ डुकर सामु उभिन पुग्छन्। ती दुई माझ अङ्ग्रेजीमा वार्तालाप हुन्छ। अरिबहादुरको अङ्ग्रेजी सुनेर डुकर खुशी हुन्छन्। चियाको निमन्त्रण दिन्छन् अरिलाई। अरि जान्छन् अनि दुवै चिया पिउँदै गफ्फिन्छन्। एस.डी.ओ.बोल्छन्–'ओ साहेब,मलाई तिम्रो सहयोग चाहियो। मलाई नेपाली भाषा सिकाइदिन

पऱ्यो।’ यति ठूलो अफिसरको कुरा काट्ने कसरी। एस.डी.ओ.लाई हप्तामा तीन दिन नेपाली भाषा सिकाउन पुग्छन् अरिबहादुर। यसरी यी दुई माझ खुबै राम्रो सम्बन्ध बन्छ। यति बेला डम्बरसिंह गुरुङ कानून पास गरिसक्छन्। अरिबहादुर केही निहुँ पारेर पहाड़ छोड़ी कलकत्तातिर घुम्न मन पराउँछन्। कोही बेला सोच्छन्–डाक्टर पढ्न नपाए पनि वकील पढ्न पाए हुन्थ्यो। कुरै कुरामा एकदिन अरिबहादुर डुकरलाई त्यो कुरा राख्छन् अनि डुकर भन्छन्–‘वकील किन, अझ ठूलो वकील ब्यारिस्टर पढ्न जाऊ इङ्ग्ल्याण्ड। ब्यारिस्टरको ठूलो मूल्य हुन्छ।’ यसरी इङ्ग्ल्याण्ड जाने सपना देख्न थाल्छन् अरि तर घरको कामकाज सम्हाल्ने कोही छैन। त्यसैले उनी फेरि दुःखी बन्छन्। उनमा पढ्ने इच्छा भने प्रचुर छ। डुकर सम्झाउँछन्–‘ब्यारिस्टर तीन वर्षको कोर्स हो। तिमी कसैको घरमा भाँड़ा लिएर पढ्न सक्छौँ। म तिमीलाई सहयोग गर्छु।’अरिबहादुरको उत्साह फेरि दोब्बर हुन्छ। आँट बढ्छ। आफ्नी स्वास्नी र सासुलाई ब्यारिस्टरको महत्त्व र मूल्य बुझाएर अरिबहादुर इङ्ग्ल्याण्ड हानिन तत्पर हुन्छन्।

इङ्ग्ल्याण्ड जानअघि डुकर अरिलाई त्यहाँको रहनसहन सिकाउँछन्। समय अघि बढ्छ अनि आफ्नी स्त्रीलाई उनको माइत छोड़ेर पढ़ाइ गर्न २१ सेप्टेम्बर, १९३७ मा उनी इङ्ग्ल्याण्डको यात्रा शुरु गर्छन्। दार्जीलिङ अर्थात् पहाड़बाट पहिलो व्यक्ति ब्यारिस्टर पढ्न इङ्ग्ल्याण्ड गइरहेका थिए। अरिलाई छोड्न मित्र एस.डी.ओ. डुकर कलकत्तासम्म जान्छन् अनि अरिलाई केही अनुभव गराउन त्यससमय अङ्ग्रेजहरू बस्ने ग्राण्ड होटल जो अहिले एक्सप्लानेड मेट्रो स्टेशन नजिक छ, त्यहाँ दुई दिनसम्म बस्छन्। यसरी उनलाई बिदाई दिनेहरूको घुइँचो लाग्छ हाउड़ा स्टेशनमा। सन् १९३२ मा स्थापित भएको गोर्खा दुःख निवारक सम्मेलनका सदस्यहरूले उनलाई फूल–माला लगाइदिन्छन्। यो बेला अरिबहादुरको आँखा रसाउँछ। हाउड़ाबाट मुम्बई पुग्दा डुकरका मित्र पर्सियन ब्यारिस्टर स्टेशनमा लिन आउँछन् अनि मुम्बईबाट इङ्ग्ल्याण्डको निम्ति जहाजयात्रा शुरु हुन्छ।

**यदि भारतमा गोर्खा जातिलाई ‘विदेशी’ भन्छौ भने संविधानमा हस्ताक्षर गर्ने अरिबहादुर पनि विदेशी हुन्? संविधानमै हस्ताक्षर गर्ने जातिलाई ‘विदेशी’ भन्नु पूर्णतः संविधानविरोधी र देशविरोधी कार्य हो। यो देशको माटोले भारतमा गोर्खा जातिलाई सधैँ न्याय दियो। गोर्खाले वीरगति प्राप्त गऱ्यो। मातृभूमि रक्षाका लागि आफ्नो प्राणको आहुति दियो। तर देशका शासकहरूले संवैधानिक न्याय भने दिएनन्। भारतको संविधानको अनुमोदित प्रतिलिपिमा १९५० मा हस्ताक्षर गर्ने अरिबहादुर गुरुङबारे हामीले देशलाई बुझाउन सक्नुपर्छ।**

इङ्ग्ल्याण्ड पुगेपछि अरिबहादुरको खुशीको सीमा रहँदैन तर उनी एक्लोपन पनि महसुस गर्छन्। १६ अक्टोबर, १९३७ को बिहान थकित भए तापनि अज्ञात उत्साहहरू बटुल्दै उल्लाससँग इङ्ग्ल्याण्डको माटोमा पहिलो पाइला टेक्छन् उनी। ‘इन्स अफ् कोर्ट, मिडल टेम्पल’–को विशाल भवनमा अध्ययन गर्न पुग्छन् गुरुङ। २७ जनवरी, १९४१ मा सोही कलेजबाट प्रतिष्ठित ‘बार एट ल’ डिग्री प्राप्त गर्छन्। भारत स्वतन्त्रताको निम्ति आन्दोलनरत छ। यता दार्जीलिङ र कालेबुङमा डम्बरसिंह गुरुङ एडहक कमिटी बनाउँछन्–नेपाली–भोटे–लेप्चा सबैलाई लिएर। तर भोटे दाजु–भाइहरू

यस संस्थामा बस्न रुचाउँदैनन्।

यो घटनाले डम्बरसिंह दुःखी बन्छन् र एक सभा गरि 'अखिल भारतीय गोर्खा लीग'–को स्थापना गर्छन्। यस संस्थाले भारतभरि छरिएर बसेका गोर्खाहरूको सुरक्षाको आवाज उठाउँदै देशव्यापी रूपमा सङ्गठन विस्तार गर्छ। यो जातीय संस्था दार्जीलिङ, कालेबुङ, खरसाङ, सिलगढ़ी, डुवर्सदेखि लिएर असम, उत्तराञ्चलसम्म खुबै दरिलो बनेर गएको थियो। सन् १९४६ को जनवरी महिनामा बङ्गाल एसेम्ब्लीको चुनाउमा पहिलोपल्ट डम्बरसिंह गुरुङ जनप्रतिनिधि निर्वाचित हुन्छन्। सन् १९४६ मा दिल्लीमा विधान परिषद्को काउन्सिल हाउसमा सभा बस्छ। पण्डित जवाहरलाल नेहरूले हिन्दुस्तानमा साना–ठूला सबै जाति, हरएक व्यक्तिहरूको पूरा हक हुनेछ अनि अल्पसङ्ख्यक जाति र पछि परेका जातिहरूको विशेष रक्षा गरिनेछ भन्ने आशयको प्रस्ताव राख्छन्।

गोर्खा लीगले पण्डित नेहरूलाई गोर्खा जातिको पनि अल्पसङ्ख्यक जातिमा गणना होस् भनी डेपुटेशन दिएको थियो। विधान परिषद्को दोस्रो बैठक १६४७ मा भएको थियो। यस बेला डम्बरसिंह सिकिस्त बिरामी पर्छन्। उनको निधन हुन्छ। ६ सेप्टेम्बर,१९४८ को दिन बङ्गालका एम.एल.ए.हरूले स्व.डम्बरसिंह गुरुङप्रति शोक प्रकट गर्छन्। सम्पूर्ण गोर्खा जाति शोकित बन्छ। हाम्रो जातिले एक कर्मठ जातीय प्रतिनिधि गुमाउँछ।

समय अघि बढ्छ। अरिबहादुर अखिल भारतीय गोर्खा लीगको अध्यक्षको कार्यभार सम्हाल्न पुग्छन्। भारतीय संविधान सभा शुरु भएदेखि नै डम्बरसिंह गुरुङ सदस्य थिए। तर डम्बरसिंहको निधन भएपछि कङ्ग्रेस बोर्डले अरिबहादुर गुरुङलाई भारतीय संविधान समितिमा सदस्य (मेम्बर) चयन गऱ्यो। उनी स्वतन्त्र भारतको दार्जीलिङ निर्वाचन क्षेत्रबाट मनोनित पहिलो लोकसभा सांसद बनेका थिए।

सांसद अवधि उनले संसदमा राखेको सम्बोधनमा प्रत्येक प्रान्तबाट चुनाउ आयोगका सदस्य छानियोस् भनी निर्देशन दिन स्पीकर महोदयलाई आग्रह गरेका थिए। पश्चिम बङ्गालबाट सातजना सदस्य चयनित भए, जसमा अरिबहादुर गुरुङ पनि एक थिए। भारतको 'डोमिनियन सदन'–मा ब्यारिस्टर अरिबहादुर गुरुङले पहिलो भाषण दिएका थिए। उनले आफ्नो भाषणमा भारतवर्षको बाहिरी सुरक्षा व्यवस्थाबारे खुबै रोचक र अर्थपूर्ण वक्तव्य दिएका थिए। उनले आफ्ना कुरा राख्दै भने,''महोदय, यदि हामी स्वतन्त्र राष्ट्रको योग्य नागरिक हौँ भने हामी इतिहास बनाउने उद्देश्य लिएर विश्वका उन्नत शक्तिहरूसँग कदम–कदम मिलाएर देशलाई अघि लान हामीले सर्वप्रथम देशको रक्षा गर्नुपर्छ।'' यो वक्तव्य सुनेपछि सबैले ताली बजाएर समर्थन गरेका थिए। उनी साँच्चै देशभक्त, इमानदार र कर्तव्यनिष्ठ थिए। भारतीय संविधान समितिका अध्यक्ष बी.आर. अम्बेडकरद्वारा गठित ड्राफ्टिङ कमिटीका एक सदस्य थिए पहिलो गोर्खा ब्यारिस्टर अरिबहादुर गुरुङ। २६ नोभेम्बर, १९४९ मा यो संविधान पूर्ण तयार भयो। संविधान बनाउन दुई वर्ष एघार महिना अठार दिन लागेको थियो। २६ जनवरी, १९५० मा भारतले पूर्ण स्वराज पायो अनि सम्पूर्ण भारतभरि आफ्नै देशको संविधान लागू भयो। उक्त संविधानमा देशभरिका जम्मा २८४ जना प्रतिनिधिहरूले हस्ताक्षर गरेका थिए भने सम्पूर्ण भारतवर्षभित्र गोर्खा जातिबाट एकमात्र ब्यारिस्टर अरिबहादुर गुरुङले हस्ताक्षर गरेका छन्। भारतीय संविधानमा हस्ताक्षर गर्नेका सन्तान हौँ हामी। भारतवर्षभरि छरिएर बसेका गोर्खाहरू यस्ता महान् गोर्खा शिखर पुरुषका सन्तान हौँ भन्न पाउँदा आफैलाई गर्व लाग्छ। भारतमा स्व. मणिकुमार सुब्बा, पवन चामलिङ, पी.एस.गोले, डा. महेन्द्र पी. लामा आदिलाई विदेशीको लाञ्छना लाग्दा हामी भारतमा अवहेलित भइरहन्छौँ भन्ने बोध गराउँदछ। यदि भारतमा गोर्खा जातिलाई 'विदेशी' भन्छौ भने संविधानमा हस्ताक्षर गर्ने अरिबहादुर पनि विदेशी हुन्? संविधानमै हस्ताक्षर गर्ने जातिलाई 'विदेशी' भन्नु पूर्णतः संविधानविरोधी र

देशविरोधी कार्य हो।

यो देशको माटोले भारतमा गोर्खा जातिलाई सधैँ न्याय दियो। गोर्खाले वीरगति प्राप्त गर्‍यो। मातृभूमि रक्षाका लागि आफ्नो प्राणको आहुति दियो। तर देशका शासकहरूले संवैधानिक न्याय भने दिएनन्। भारतको संविधानको अनुमोदित प्रतिलिपिमा १९५० मा हस्ताक्षर गर्ने अरिबहादुर गुरुङबारे हामीले देशलाई बुझाउन सक्नुपर्छ। केही महिनाअघि नागाल्याण्डमा उत्तरपूर्वी भारत गोर्खा सांस्कृतिक उत्सवको आयोजन गरिएको थियो। उक्त कार्यक्रममा नागाल्याण्डका राज्यपाल श्री ला गणेसानसित यो पंक्तिकारको भेटघाट हुँदा अरिबहादुर गुरुङको क्यालेण्डर भेटस्वरूप प्रदान गरियो। उनले प्रश्न राखे–''को हुन् ब्यारिस्टर अरिबहादुर गुरुङ?'' राज्यपाल जस्तो गरिमामयी पदमा बस्ने व्यक्तिले संविधानमा हस्ताक्षर गर्ने अरिबहादुर गुरुङबारे जानकारी नराख्नु दुःखलाग्दो विषय हो। त्यसैले पहिला हामी हाम्रा महान् गोर्खा शिखर पुरुषहरूलाई चिनौँ, सम्मान गरौँ, उनीबारे देशलाई अवगत गराऔँ अनि मात्र देशले हामीलाई चिन्नेछ। भारत देशमा गोर्खाहरूको अस्तित्व र चिन्हारीको संकटमा ब्यारिस्टर अरिबहादुर गुरुङ हाम्रो राष्ट्रिय परिचयका एक स्तम्भ हुन्। जबसम्म हामीले आफ्नो इतिहास लेख्दैनौँ अनि त्यसलाई देशवासीसमक्ष ठीकसँग पुर्‍याउँदैनौँ, तबसम्म अतीतमा झैँ वर्तमान र भविष्यमा पनि हामीलाई 'विदेशी'–को लाञ्छना लगाउने तत्त्वहरू सक्रिय भइरहन्छ। यिनै लाञ्छना–निवारणको प्रत्युत्तरमा जन्मिएको हो अरिबहादुर गुरुङ फाउण्डेसन।

## अरिबहादुर गुरुङ फाउण्डेसनको उद्देश्य

अरिबहादुर गुरुङ फाउण्डेसन एक अराजनैतिक पञ्जीकृत संस्था हो। यस संस्थाले शिक्षा, कला, साहित्य, संस्कृति, विज्ञान र तकनिकीका विविध क्षेत्रमा सोध र खोज अनि संरक्षण र संवर्धनका अतिरिक्त नेपाली (गोर्खा) जातिको गौरव ब्यारिस्टर अरिबहादुर गुरुङको सालिक निर्माण अनि भारतको स्वतन्त्रता अघि र पछि देशका निम्ति समर्पित महान् गोर्खा सपुतहरूको सम्मानार्थ सालिक एवम् सङ्ग्राहलय स्थापना गर्ने दिशामा महत्त्वपूर्ण कार्य गर्नेछ। यसका प्रमुख उद्देश्यहरू छन्ः

* ऐतिहासिक महत्त्वका सम्पदास्थल र सम्बन्धित प्रकृतिको संरक्षण गर्ने र दुर्लभ पाण्डुलिपिहरूका सङ्कलन, संरक्षण तथा शोधकार्य गर्नेछ।

* देशका मूर्त–अमूर्त सम्पतिको सङ्ग्रह र संरक्षणका लागि कला–शिल्प केन्द्रहरू स्थापित गर्नेछ। महान् राष्ट्र निर्माताहरूका सम्मानमा सालिक निर्माण तथा त्यसको व्यवस्थापन गर्नेछ।

* गोष्ठी, कार्यशाला, सम्मेलन, प्रदर्शन, व्याख्यान सञ्चालन गर्नेछ अनि मेधावी विद्यार्थीहरूका निम्ति अध्ययन र शोधका लागि विभिन्न अवसरहरू प्रदान गर्नेछ।

* भारत अनि देशबाहिरका शोधकर्ता र अनुसन्धानविद्हरूमाझ सांस्कृतिक विनिमय कार्यक्रम आयोजन गर्नेछ। कारिगरहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउनेछ। यस संस्थानसँग मिल्दाजुल्दा उद्देश्य भएका देश–विदेशका अन्य परोपकारी संस्थानहरूसँग सुदृढ सम्बन्ध स्थापित गर्नेछ साथै समाजका लागि ज्ञानवर्धक र विकासमूलक कार्य गर्नेछ।

* यस संस्थाको पहिलो कार्य ब्यारिस्टर अरिबहादुर गुरुङको एक विशाल सालिक निर्माण गर्ने रहेको छ। ब्यारिस्टर अरिबहादुर गुरुङ गोर्खाका मात्र निधि होइनन्, उनी सम्पूर्ण भारतका निधि हुन्। त्यसैले यस महत् कार्यलाई विश्वभरि छरिएर बसेका हरेक गोर्खाले यथासम्भव सहयोग गर्न आवश्यक हुन्छ। तबमात्र अरिबहादुर गुरुङ फाउण्डेसनले थालेको कार्य सम्भव बन्दछ।

* हाम्रो अनेकताका कारण हामी हारेको हारेकै छौँ। अब यो जाति जागौँ, उठौँ अनि एक बनौँ। आफ्नो इतिहास आफै लेखौँ। ●

*(सह–शिक्षक गुरुङ अरिबहादुर गुरुङ फाउण्डेसनका अध्यक्ष हुन्।)*

# २६ जनवरी २०१२, तुर्साको बगर र उन्मादी क्षणहरू



▣ **अबीर खालिङ,** कालचिनी

हामी पुग्दा बगर प्रायः भरिइसकेको थियो। मिलेको, सम्म परेको ठाउँ खोज्दै केही क्षण बिताएपछि हामी बगरकै डिलमा बस्यौँ। हाम्रो वरिपरि हामीजस्ता थुप्रै देशप्रेमीहरू थिए। अर्थात् २६ जनवरी मनाउनेहरू कसै मासु काटिरहेका, कोही रक्सी पिइरहेका भने कोही रम्मी खेलिरहेका औ भर्खर बैँसले ढोका उघार्दै गरेकाहरू नाचेजस्तो गरिरहेका थिए। ग्यासचुल्हा र सिलिन्डरले घर छोड़ेर तुर्सा नदीको बगर रुँगेको थियो। कहीँ चुल्हाले चाहिएभन्दा ज्यादा भार बोकेर आगोमाथि उभिएका थिए। २६ जनवरीको अनौठो देशप्रेमले सबै मुग्ध र मस्त थिए।

हाम्रो पकाउनु र काट्नुको लन्ठा थिएन। झोलामा थियो 'ब्ल्याकडग' र ढाबाबाट बोकेको 'चिकनचिल्ली', प्रन पकौड़ा। उनीहरू एकाएक हतारिँदै बाहिर आए र वृत्ताकारमा बसेका हाम्रासामु सजिँदै गए। त्यही बगरमा 'स्वनिर्भर समूह' (सेल्फ हेल्प ग्रुप)–का बहिनीहरूको पसलमा किनेको चाना, आलुदमले थर्माकोलको प्लेटको छेउको स्थान ओगटेको थियो। तात्तातो प्याजीले सितन र आलुचपले बगरे ब्रेकफास्टको भूमिका निभाउनलाई तयार भई हाम्रो हात र आँखालाई पालैपिलो निहारिरहेका थिए।

हाम्रो आँखाअघि लमतन्न सुतेकी छ हिउँदले रुखिएकी सिकुटी खिनाउटे तुर्सा र हामीलाई आङमा थप्थपाइरहेको छ हिउँदे मायालु घामले। हावामा बगरको चिसोपन छँदैछ तर हिउँदको ठिहीले हाम्रो यो रमाइलो बिथोलेको छैन।

जयगाउँदेखि अलि तल आदिवासी बस्तीदेखि भित्र तुर्साको बगरमा हाम्रो आजको दिन समर्पित छ। म सोच्दैछु–खोलाको गीत सुनेर हुर्किएको यो बगर हिजोसम्म कति एक्लो थियो। अहिले यसले सुनिरहेछ हिन्दी, सन्थाली, नेपाली,बङ्गाली र अङ्ग्रेजी गीतहरू। हेङ्गओभरमा यो राति एक्लै हुनेछ। भोलि यसको साथी कोही हुनेछैन। बगरले पर्खनुपर्छ कतिलाई यसरी, विभिन्न पर्व र उत्सवमा। बगेर जाने पानी कहाँ पुग्छ, बगरको तपस्या कहिले समाप्त हुँदैन।

बिरामीले गर्दा सात्विक भोजनहारी बनाए पनि मलाई साथको लोभ भने सधैँ लागिरहन्छ। रक्सी र मासुको स्वाद थाहा छ मलाई र त्यसको मातको आनन्द पनि। त्यसैले पनि म उपवासे पिकनिकको मोहमा हिँड्छु साथीहरूसँग। पिएका साथीहरूका साथ पिउन जान्छु। अनौठो आनन्दको यो लहर र यो रहर म बाँचुञ्जेल बाँचिरहोस्, लाग्छ। बेहोशीमा सत्य बाँचेका मानिसहरूका सक्कली अनुहारको लोभ मलाई छ।

म केहीक्षण घोरिँदा साथीहरूको गालामा

आंशिक लाली चढ़िसकेको रहेछ। कुराहरू भँगालिन थाल्दैछन् सुस्तरी।

'अब यस्तै हो भने नेपाली माध्यमका विद्यालय डुवर्सबाट मासिने रहेछ। सबै नेपाली माध्यमका प्राइमेरी स्कूलहरूलाई बङ्गला र हिन्दी माध्यममा रूपान्तरित गर्ने काम भइरहेछ',अनिल सरले चिन्तित भएर भने।

'जहाँ बहुसङ्ख्यक जनसङ्ख्या नेपाली छन्, जहाँ विद्यार्थी नेपाली छन्, त्यहाँ अन्य माध्यममा पठनपाठन गराउनु लिंगुइस्टिक डिस्क्रीमिनेसन होइन र? खोई सविधानको आर्टिकल २९ र ३० ले प्रदान गरेको संवैधानिक अधिकार?' सुबन सरको आपत्ति भरिएको आवाज पोखिन्छ।

'हाम्राहरू सुतेका छन्, अरूको निद्रा छैन। यो सत्रमा क्लास फाइभमा मात्रै अस्सी/पच्चासी विद्यार्थीले भर्ना लिए होलान्। पोहोर सालसम्म तीनचार सौ छात्र-छात्रा आउँथे'-मैले भनें।

कुरा भाटपाड़ा चियाबारी, राइमटाङ चियाबारी, गाङ्गुटिया चियाबारी आदि स्थानका नेपाली माध्यमका प्राइमेरी स्कूलको माध्यम परिवर्तनको चल्दै थियो। डुवर्सका विभिन्न स्थानका नेपाली प्राइमेरी स्कूलहरू षड्यन्त्रको चक्रमा परेर अब बिलुप्तिको संघारमा पुगेका छन्। पोहोरसम्म नेपाली माध्यममा पढ़ाइँदै गरेका स्कूलहरू सबै हिन्दी माध्यमका बनाइँदैछन्। माध्यम परिवर्तन मात्र होइन जहाँ नब्बे प्रतिशत नेपाली छात्र-छात्रा छन्, त्यहाँ हिन्दी, बङ्गला माध्यमका प्राथमिक पाठशालालाई मान्यता दिने कुचक्र चलिरहेको छ। बक्साद्वार, राइमटांग फरेस्ट बस्ती, पाना फरेस्ट बस्ती, बुथुरी बस्ती, राजाभातखावा आदि नेपाली गाउँ र ठाउँमा हिन्दी माध्यमका प्राथमिक पाठशालाहरू निर्माण गरिएका छन्। मातृभाषामा शिक्षा हासिल गर्न नपाउनुको पीड़ा कति चर्को छ। उद्धार गर्ने कसले? भाषा बाँचे नै जाति बाँच्छ कसले भन्ने?

'अब हामीले इनिसिएटिभ लिनु पर्छ सर। गाउँ-गाउँ घुम्नुपर्छ। मान्छेहरूलाई आफ्नो मातृभाषाको महत्त्व र मूल्य बुझाउनु पर्छ',आदर्शवादी शिक्षक भएर जानेको बोले पर्बत सरले।

समवयस्क दीपले जिस्कायो,-'अब तँ नै त छस् धरणीधर,'जाग जाग' भन्दै घुम।'

'एउटा प्रथम भाषा नेपाली राखेर अङ्ग्रेजी माध्यम बनाएको भए पनि त हुन्थ्यो नि, अँ...अबको समयमा अङ्ग्रेजीलाई महत्त्व दिनुपर्छ भनेर चित्त बुझाइन्थ्यो। त्यो पनि होइन। हाम्रो नेपाली भाषाको त नामनिशान नै पो मेटाइदिनु खोज्दैछ त हँ?'- विक्रम सरको आक्रोश पोखियो।

'हाम्रो भाषालाई मार्ने षड्यन्त्र हुँदैछ नि विक्रम सर! कस्तो त्यति पनि बुझ्नु नभाको?' अलि रिसाएर अनिल सर बोले।

एउटा हाहाकारमय स्थितिले जन्म लिँदैछ डुवर्समा। आफ्नो मातृभाषामा शिक्षा लिनदेखि वञ्चित हुँदैछन् हाम्रा गोर्खे सन्तानहरू आफ्नै ठाउँमा। शिक्षाविद, राजनीतिज्ञ, भाषाप्रेमी, जातिप्रेमी जमातलाई बौराउने समय आएको छ। भाषाबिनाको जाति भएर बाँच्नु पर्ने बाध्यता आउला कि कुनै दिन।

मैले व्यङ्ग्य छर्दै भने,-'हाम्रो चेतनाको बिर्को यसरी बोतलको बिर्को नखोली खोलिँदैन र बोतलको नशासँगै चेतना हराएर घरको कुलेँसोतिर, बाटाको डिलतिर, नभए नालीमा निदाउँछ।'

ब्ल्याकडगले बिस्तारै समात्दै थियो र बहसको विषयले घरिघरि बाटो बिराउँथ्यो। केही क्षण अलग्गिनुको इच्छाले म उठें र बाँसले बनिएको सानो फड्के तरेर पारि पुगें। नदीको मध्यमा सानो नौका चलिरहेथ्यो। आनन्द खोज्दै मानिस कहाँ-कहाँ पुगेका छैनन् र, के-के गरेका छैनन् र? वन, जङ्गल, नदी, मरुभूमि, पाहाड-पर्वत, समुद्र सब चहारिसक्यो मान्छेले। समुद्रको गहिराइ र अनन्त अन्तरिक्षको त्यो फैलावट मान्छेलाई कम भएको छ। आनन्दको सन्धानमा मानव सभ्यता

लागिपरेको समय छ। मान्छेलाई जाबो यो संसार सानो भो। जून र मङ्गलमा बस्ती बसाउने चाहनामा मान्छेको गिदी लागिपरेको छ।

हिउँदो डुवर्स क्षेत्रमा दुई महिनालाई आउँछ तर कुनै दिन चिसोको मात्रा दार्जीलिङलाई जिताउने खालको हुन्छ। भुइँकुहिरो आँखामा पट्टी बाँधिदिन आउँछ र हावामा आर्द्रता बढ़ी भएकोले मुटु कमाउँछ। आजको दिन वर्षकै चिसो दिन हो। चिसो दिनलाई तताउने र २६ जनवरी राष्ट्रिय पर्व मनाउने जोखिम उठाउनेहरूको भीड़ यहाँ जमेको छ। यही चिसो दिनमा तुर्साको चिसो पानीमा अलि पर रुमानी कल्पना लिएर दुवै पाउ पानीमा भिजाउँदै अञ्जुलीले पानी उघाउँदै छाड्दै गरेकी एउटी तरुण बालाको मनलाई पढ्न खोजेँ। आनन्दभोगमा लीन उसका मानसपटलमा कोही सुन्दर राजकुमार होला, अञ्जुलीबाट छोड़िएका पानीमा कति उसका सम्झना बगेर गए होलान्। सोलह–सत्र वर्षको तरुण वयमा सिनेमाको स्वप्निल संसारले कति प्रभाव पारेको हुँदोरहेछ, केही क्षण सोचेपछि फेरि हुलमा मिसिन म फर्केर आएँ।

अगिभन्दा बात गर्ने आवाज चर्को भएछ अनि कुराले अर्कै विषय टिपिसकेको रहेछ।

'हेर्नुस्, त्यसमा आइमाईहरूको पनि त्यतिकै दोष छ, पुरुषलाई मात्र दोष दिएर हुँदैन',विक्रम सर बोले।

'हो... कि, तर हाम्रो त्यसलाई हेर्ने नजरिया बदल्नु पर्छ भनेको',–अनिल सरले कुरालाई अलिक जोड़ दिएर भने–'खोई त वेष्टर्न कन्ट्रीमा रेप भाको, न्यूडीटी त उनीहरूको कल्चर भइसक्यो। हाम्रो त सेलिब्रेटीले छोटो कपड़ा लाएर कुनै फङ्क्सन एटेन्ड गर्‍यो भने मिडियाले दशपल्ट त्यही छोटो कपड़ा देखाउँछ। उसको सोच र सभ्यता देखाउँदैन।'

'हामी कहाँ त्यहाँ पुगेका छौँ र? कपड़ा किन्न नसकेर झोपड़पट्टिकाहरू आफै नाङ्गिन परेको सत्यता छ। स्वेच्छाले सम्पन्नहरू नाङ्गिँदा भल्गारिटीको कुरो आउँछ नै। जहाँ नाङ्गिनुको अर्थ गरिबी हुन्छ, स्वेच्छाको नङ्गाई यौन प्रदर्शन नै हो'–नहार्नु रक्सीको नशामा छ र विक्रम सरको तार्किकतामा छ।

कुरा दिल्लीको बलात्कार र हत्याकाण्डको चल्दै थियो।

नपिउँदा झैँ शान्त भएर सुबन सर थपिए,–'हाम्रो छोरी–चेलीको पनि अचाहिँदो फेसन र अङ्ग प्रदर्शनलाई दोष दिनुपर्छ र त्यो अङ्ग प्रदर्शन होइन, एउटा कपड़ा लगाउने विधि मात्र हो भनेर स्वीकार गर्न नसक्ने हाम्रो पुरुष मानसिकतालाई पनि दोष दिनुपर्छ।'

मैले थपिदिएँ–'वैश्वीकरणले हाम्रो संस्कृति, परम्परा, हाम्रो सभ्यता, संस्कार, शिक्षा, सोच सबैमाथि धावा बोलेको यो समय हो। विकसित जाति र मुलुकहरूले विकासशील देशको सबै क्षेत्रमा हस्तक्षेप गरेको कहालीलाग्दो सङ्कटमय अवस्थामा छौँ। हाम्रो अज्ञानता र अशिक्षा हो नि यो अन्धाधुन्ध अनुकरण त। उनीहरूको व्यापारको उपभोक्ता छौँ, व्यवहारको छैनौँ।'

मातको मात्रा बढ्दै जाँदैछ, कुरा भन्ने आवाज ठूलो हुँदैछ। वरिपरि बजेका छन् ठुल्ठुला साउण्ड बक्समा गीतहरू। वातावरण कुनै मधेशको मेलाको जस्तो कोलाहलमय र मादक छ। झुन्डझुन्ड भएर नाचिरहेछन्। अब नाच्नेहरूको हुल नै ज्यादा देखिँदैछ। हामी तर्क र सुरापानमा छौँ। न त हाम्रो नाच्ने साधन नै छ, न त नाच्ने साथ नै छ। चारवटा मोटर साइकलमा चढ़ेर बरालिन निस्केको समूहलाई के को नाचको शौक?

तर्क गर्दै, श्लील–अश्लील कुरा बढ़ाउँदै झोलाको ब्ल्याकडग बलात्कार गर्न उद्यत् थिए साथीहरू। एकेक गर्दै नाङ्गिँदै थिए सोडा ब्ल्याकडग। एउटी क्षत–विक्षत भएकी, निर्वस्त्र ब्ल्याकडग तुर्साको किनारमा फालिएकी थिई। त्यसैको यौन पिपाशुहरू भने दिल्ली रेपमाथि आ–आफ्नो विचार पोखिरहेका थिए ।

उठेर, अलिक वर बसेर, तुर्साको पानीलाई हेरिरहेँ।

मानिसहरूको अत्याचार र शोषण सहँदै विचरा बगिरहेकी तुर्सा। अब कति दिन बाँच्न सक्ली? बालुवा, गिटी, ढुङ्गाले मात्र सन्तुष्ट भएन मान्छे। उज्यालो चाहियो

उसलाई। उज्यालोको भोकले तुर्सा जस्तै तिस्ता, रङ्गीत, बालासन पिइसक्यो मान्छेले। जीवनामृतको नाश मानिसले कहिलेसम्म गर्ने? हजारौँ वर्षअघिदेखि मानव सभ्यतालाई वरदान साबित हुँदै आएको नद-नदी अहिले मरनासन्न अवस्थामा पुगेका छन्। खोलाको पीड़ा कसले अनुभूत गर्ने?

फर्केर आउँदा पनि कुरो सकिएको थिएन। दीपले फेसबुकमा निर्भया/दामिनीको फोटो देखाउँदै रहेछ।

'कति राम्री थिइछ नि?'-फोटो हेर्दै पर्बत बोल्दै थियो।

'हो के?' रमेशको शङ्काले सबै झुत्तिएर फेसबुकमा कोनि कसले अपलोड गरेको फोटो हेर्नमा तल्लीन थिए।

नमातेको म बोल्न कर लाग्यो,-'कहाँ हो यो दामिनीको फोटो? उसको आइडेन्टिटी हाइड गरेर राखेको छ।'

'त्यसो भए यो कुन चोरले फेक फोटो लगायो?' दीपले भन्यो र फेसबुक बन्द गर्दै मोबाइल खल्तीमा लगायो।

'आजको जेनेरेसनलाई बिगार्ने एउटा कुरो हो मोबाइल अनि फेसबुक। हग्ने-पाद्ने मोबाइल खेलाउने, शिक्षित-अशिक्षित फेसबुक हेर्ने? कहाँको केटासँग कहाँको केटी भेट्यो/कस्को पतिको कस्को पत्नीसँग अफेयर चल्यो, फेसबुकको करामत होइन?'-विक्रम सरको ध्यान फेसबुकतिर मोडियो।

'मार्क जुकरबर्गले यस्तो हुन्छ भनेर कहाँ सोचेको थियो त? मान्छेको हातमा आएपछि खुकुरी पनि त दश प्रकारले चलाइन्छ। कसाईले मासु काट्छन्, दाउरेले दाउरा काट्छ, जारले जार र आत्मरक्षाको शस्त्रको रूपमा पनि व्यवहार गरिन्छ। फेसबुक चलाउनेले पो राम्रोसँग चलाउनु पर्छ त'-फेसबुकका पक्षधर अनिल सरले भने।

अब कुरा जता लग्यो त्यतै बग्ने भइसकेको थियो। हाम्रो छेवमा भएका दुवै झुण्ड अब होशहीन नाच्न थालेका थिए। नेपाली युवतीहरू बङ्गाली युवाहरूसँग नाचिरहेका थिए। वियर पिउँदै थिए अगि। अहिले त्यही वियरले नचाउँदैछ उनीहरूलाई।

कानमा, मात्दाको सतर्कता थपेर मलाई सुबन सरले भने,-'हाम्रा छोरी-चेली कति चीप हगि? बङ्गाली ड्राइभरहरूसँग यी हेर्नुस् त....।'

सरले औँल्याएतिर दृष्टि पुऱ्याएँ, हो त हाम्री नेपाली बालाहरू बङ्गाली बन्धुहरूको अँगालोमा बाँधिएर नाच्नमा मस्त देखिन्थे। कम्मरमा जोडले पकडिएर उनीहरूको जीन्स प्यान्टले उनीहरूको नग्नताको रक्षा गर्ने कोशिश गरिरहेको थियो।

मैले सहजतासाथ दिल्लगी गर्दै भनें,-'यही हो त कम्युनल हार्मोनी। यसले जातीय उदारवादको आइडोलोजीलाई समर्थन गर्छ। यसरी बाँच्नुपर्छ, हाँस्नुपर्छ,नाच्नुपर्छ। नेपाली जाति बनेकै गीतबिना पनि नाच्नुलाई हो।'

'के-को जातीय उदारता? कहाँको कम्युनल हार्मोनी? याँ कहीँ बङ्गालीकी छोरी आदिवासी केटासँग, नेपाली केटाहरूसँग नाच्दै गरेको देख्नु भाको छ?'-सुबन सर एक्कासि उत्तेजित भए।

फेरि सहजतासाथ भनें,-'त्यो हो उनीहरूको जातीय चेतना र जातीय भावना। जातीय संस्कार नपाएका हाम्राहरू जो कोईसँग भन नाच्छन्, नाचिन्छन्, नचाइन्छन्।'

'हाम्रोमा त्यो जातीय चेतना कहिले आउने हैँ सर?'-सुबन सरको प्रश्न।

मैले हाँस्दै भनें-'यी,यस्तै बेलामा। तुर्साको बगरतिर/ तिस्ताको गडतीरतिर, बोतलको बिर्को खोलिँदा।' ●

*(खालिङ वरिष्ठ कवि तथा आख्यानकार हुन्। डुवर्सका सक्रिय एवम् उर्वरशील सर्जक खालिङका आधा दर्जन कृति प्रकाशित छन्। उनको कथा सङ्ग्रह* **दार्जीलिङ मेटामर्फोसिस** *पाठकहरूबीच लोकप्रिय छ। यसै वर्ष उनका दुईवटा कृति* **विस्थापन** *कथा सङ्ग्रह र* **डुवर्स clippings** *कविता सङ्ग्रह प्रकाशित भएका छन्।)*

# मेरी अनुभूति में : बाग्राकोट उच्चतर माध्यमिक विद्यालय



▣ **उर्मिला प्रधान,** सह–शिक्षिका

बाग्राकोट उच्चतर माध्यमिक विद्यालय की स्थापना सन् १९४९ के १० मई मे हुई।

बाग्राकोट उच्चतर माध्यमिक विद्यालय यह मात्र एक शिक्षा संस्थाका नाम नहीं। यह एक ऐतिहासिक धरोहर है। इस क्षेत्र की आन, बान और शान है।

बहुतों ने इस विद्यालय में शिक्षा अर्जन कर उचें से उचें पदों को भी हासिल कर कोई देश–विदेश में छाए हुए है तो कोई देश की सुरक्षा में तो कोई समाज सेवा में खुद को समर्पित कर रहे हैं। अभी हमलोग इस विद्यालय में कौस्तुभ जयन्ती मनाने जा रहे है। स्कूल का ७५ वाँ वर्षगाँठ हैं। मैं इस स्कूल में २००५ से सम्बद्ध हूँ। हिंदी और इतिहास के शिक्षिका के तौर में। इस तरह विद्यालय में मेरी शिक्षण काल २० वर्ष होने को है। इस बीस साल में मैने पढ़ाने के साथ साथ बहुत कुछ सीखी भी हूँ। खास कर विद्यालय के हाल शिक्षण मित्रगण और प्यारे बच्चों ने मुझे हमेशा प्रेरित किया और दी मुझे अपार खुशी। खासकर मैं जिन्दगी में एक समय भारी तनाव में थी। कलह और अन्तरकलहों की चपेट में थी। उस समय इसी स्कूल के प्रेरणामयी परिवेश ने मुझे जीने की हौसला दी। इसीलिए ये विद्यालय मेरी जीविका अर्जन की श्रोत साधन से बढ़कर मेरी जीवन की नींव हैं। मेरे लिए ये सम्पदा भी हैं और सर्वस्स भी हैं। ये विद्यालय मेरे लिए ईंट–पत्थर का भवन नहीं अपितु एक मंदिर है।

आज मैं स्मरण करती हूँ उन संस्थापक शिक्षासेवी–शिक्षानुरागियों को जिन्होने इस गरिमामय विद्यालय की स्थापना में युगान्तकारी भूमिका निर्वाह की। आज हम उन्ही के उपकार के कारण, उनके जलाए हुए दीपक के प्रकाश के तले ज्ञान के ज्योति को प्रज्वलित कर रहे है। शिक्षा–दान सम्पूर्ण दान से सर्वश्रेष्ठ हैं। अज्ञानी को ज्ञान से शिक्षित करना सबसे आनन्ददायी कर्म है। जिस कर्म से हमें परम संतोष मिलती हैं।

दो हजार से अधिक छात्राएँ है यहाँ। उनको ज्ञान गुण कला से दीक्षित करना बहुत बढ़ी जिम्मेदारी है हमारी। हमारे यहाँ बच्चे चाय बगान और बनबस्ती से आते हैं जिसकी अर्थ–सामाजिक हालात बहुत ही चिंताजनक हैं। यहाँ पढ़ने वाले अधिकांश विपन्न परिवार से आते है। इन्हीं अभाव के तले पढ़ रहे विद्यार्थीओं को अपने आर्थिक स्तर को सुधार के प्रति जागरुक करना और ज्ञान–गुणसें युक्त बनाना हमारी कर्तव्य है। ये बदकिस्मती से जुझ रहे वर्ग के बच्चो को उम्मीद भरने वाला एक आस्था का केन्द्र भी है।

इसीलिए यह शिक्षणवृत्ति मेरे लिए बेहद अहम् है।

मैं गर्व महसुस करती हूँ की जब मैं विद्यालय भवन में प्रवेश करते वक्त ज्ञानमूर्ति बद्रीनारायण प्रधान की सालिकका दर्शन करती हुँ। वह इस विद्यालय की इतिहास में सबसे बढ़े शख्स है। पूर्व प्रधानाध्यापक के साथ वे बहुत बढ़े साहित्यकार भी है। बाङला भाषा से नेपाली भाषा में इस स्कूल को तब्दील करने में उनका बड़ा योगदान हैं। वह नेपाली माध्यम के संस्थापक प्रधानाध्यापक रह चुके है। मुझे बड़ी नाज है कि में उनकी छोटी बहु हूँ। उन के नक्से कदम पे खुद को पाना मेरे लिए सर्वोच्च उपलब्धि है। आज वह जीवित नहीं है। श्रद्धासुमन प्रकट करना हमारी परम कर्तव्य है।

बाग्राकोट उच्च माध्यमिक विद्यालय ने शिक्षक के अलावा विद्यार्थी के सर्वाङ्गीण विकास हेतु विभिन्न

**आज के जमाने में शिक्षा के बगैर कोई टिक नहीं पाएगा। शिक्षा के सहारे ही विद्यार्थी अपने जीवन को सँवार कर अपने सपनों को हकीकत में तब्दील कर सकेगें। आज विज्ञान व प्रविधि के चरमोत्कर्ष में बेहतर व गुणस्तरीय शिक्षा अनिवार्य है। इसके बिना वर्तमान के रफ्तार में पीछे रह जाएगें। इसीलिए आज के विद्यार्थीओं का सम्पूर्ण शिक्षा से रुबरू कर कामयाबी के लिए काबिल बनाना शिक्षकों का दायित्व होना चाहिए।**

क्रियाकलाप करके एक अलग पहिचान बनाई है। शिक्षण के प्रति समर्पित ऊर्जावान प्रधानाध्यापक सागर शर्मा के नेतृत्व में कार्यकुशल शिक्षण–अशिक्षणकर्मीओं के मदद से कई प्रशंसनीय काम हुए है। वह उल्लेख करना बहुत ही जरुरी है। स्कूल में छात्रों को कला–प्रतिभाओं को प्रोत्साहन हेतु खेलकूद व अन्य रचनात्मक क्रियाकलाप मे संलग्न करने के लिए लगातार कार्यक्रम की आयोजन हो रही है। सन् २०२१ और २०२३ में दस दिवसीय 'देउसी–भैलो' साँस्कृतिक अभियानअन्तर्गत छात्रों को गावँ–गावँ कस्बे–कस्बे जाकर विद्यालय के प्रति जनगणको आकर्षित कराया गया। कौस्तुभ जयंती के महत्व को दर्शाया गया। शिक्षक व विद्यार्थीओं के कलाकार समूह नें सभी को बहुत ही प्रभावित किया। सभी अभिभावक वर्ग ने भरपूर सहयोग भी की। नेपाली जाति का महान पर्व तिहार के अवसर में खेली जाने वाली 'देउसी–भैलो' को हमनें विद्यालय के उत्थान के लिए उपयोग की। यह बड़ा शानदार अनुभव रहा। संकलित रकम को स्कूल में लाइब्रेरी–आल्मारी, स्मार्ट क्लास को पूर्णता देने हेतु प्रयोग किया गया।

नेपाली लोकगीत व लोकसंगीत को इस पर्व के उपलक्ष्य को सदुपयोग कर 'देउसी–भैलो' के माध्यम से बाग्राकोट उच्चतर माध्यमिक विद्यालय ने विद्यार्थी एवं अभिभावक को अपने से जोड़ने का महत्त्वपूर्ण भूमिका निभाई।

किसी भी विद्यालय कि प्रगति के लिए अभिभावक, विद्यार्थी और शिक्षकों के बीच मेलबंध बेहद जरुरी है। इन तीन तत्वको जोड़ने का 'देउसी–भैलो' एक अच्छा जरिया रहा। आज इसी के बदौलत बाग्राकोट उच्चतर माध्यमिक विद्यालय में अध्ययन माहौल बहुत ही सराहनीय है। छात्रों के अभिभावक भी विद्यालय से नियमित सम्पर्क में है। यह एक अच्छा संकेत है।

ये हमारे विद्यालय के लिए बहुत ही विशेष है। कौस्तुभ जयंती को यादगार कार्यक्रम और अमेट निर्माण कार्य से सुशोभित करने के मकसद से

प्रधानाध्यापक श्री सागर शर्मा ने कार्ययोजना तैयार कर अभी अमल में लाने के लिए सक्रियतापूर्वक लगे हुए है। इस कार्य सिद्दी के लिए पूर्व विद्यार्थीओं का उल्लेखनीय साथ–सहयोग बहुत ही प्रशंसनीय है।

आज के जमाने में शिक्षा के बगैर कोई टिक नहीं पाएगा। शिक्षा के सहारे ही विद्यार्थी अपने जीवन को सँवार कर अपने सपनों को हकीकत में तब्दील कर सकेगें। आज विज्ञान व प्रविधि के चरमोत्कर्ष में बेहतर व गुणस्तरीय शिक्षा अनिवार्य है। इसके बिना वर्तमान के रफ्तार में पीछे रह जाएगें। इसीलिए आज के विद्यार्थीओं का सम्पूर्ण शिक्षा से रुबरू कर कामयाबी के लिए काबिल बनाना शिक्षकों का दायित्व होना चाहिए।

बाग्राकोट उच्चतर माध्यमिक विद्यालय में सम्पूर्ण शिक्षा के लिए सम्पूर्ण व्यवस्था कौस्तुभ जयंती के अवसर में मुहैया करने के लिए हाल जोरतोड़ से प्रयास हो रही है। पाठ्यक्रम के साथसाथ अन्य विधा में छात्रों का रूचिओं को मध्यनजर कर नियमित कार्यक्रम से प्रोत्साहित करने के लिए विद्यालय तत्पर व अग्रसर है। एक विद्यालय की उन्नति छात्रों के उन्नति में निहीत है। साधारण को बेहतर बनाने के मकसद से शिक्षकवर्ग चेष्टारत है।

अभी तो कौस्तुभ जयंती का पर्व शुरूआत हो चुकी हैं। हाल ही में कौस्तुभ जयंती की आगाज में १५ कि. मी. रोड रेस आयोजित हुई। मङपुङ चेक पोस्ट से लेकर बाग्राकोट उच्चतर माध्यमिक विद्यालय तक दौड़ आयोजित हुई। इस रेस में ५० से अधिक धावकों ने हिस्सा लिया था। विद्यालय के शिक्षकों–छात्राएँ, अभिभावकों प्रशासन के अधिकारी वर्ग, भारतीय सेना के उच्च अधिकारीगण तथा जनप्रतिनिधिओं आदि विभिन्न संगठन के सदस्यों का सम्मिलन में ये कौस्तुभ जयंती का शुभारम्भ शानदार रहा। इससे ये संकेत मिला की आगामी कौस्तुभ जयंती के हरेक कार्यक्रम ऐतिहासिक होगी। जिससे इस विद्यालय के उत्तरोत्तर प्रगति की माँग को प्रशस्त करेगी। यही हमारी कामना है। यही उद्देश्य हैं। ●

**''इंसान का स्वभाव आम तौर पर बदलाव–विरोधी होता है। हमें बदलाव तकलीफदेह लगता है। बदलाव का नतीजा अच्छा हो, या बुरा, पर अकसर इससे तनाव बढ़ता है। कई बार हम अपनी बुराईयों (negativity) के साथ जीने में इतना आराम महसूस करते हैं कि बेहतरी के लिए होने वाले बदलावों को भी क़बूल नहीं करना चाहते। हम बुरे ही बने रहना चाहते हैं। ...कुछ लोग कभी कोशिश नहीं करते क्योंकि उन्हें हारने का डर होता है। वे जहाँ हैं, वहाँ पर रुकना भी नहीं चाहते, क्योंकि उन्हें पिछड़ जाने का डर होता है। ख़तरा दोनों तरफ रहता है। समुद्र में चलने वाले जहाज़ों पर तूफान में फँसने का ख़तरा मंडराता है। लेकिन वे बंदरगाह पर ही खड़े रहे, तो उनमें जंग लग जाएगा, और उन्हें इसलिए तो बनाया नहीं जाता कि खड़े–खड़े उनमें जंग लग जाए।**

**...अगर कोई इंसान यह समझता है कि उसे सब कुछ मालूम है, तो उसे सीखने की सबसे ज़्यादा ज़रूरत है। अज्ञानी लोग नहीं जानते कि वे अज्ञानी हैं। उन्हें अपने अज्ञान का अहसास ही नहीं होता। दरअसल अज्ञान से भी बड़ी समस्या ज्ञानी होने का भ्रम है।''**

– शिव खेड़ा, **जीत आपकी**

# हामीले यसकारण यसरी खेल्यौँ देउसी



▣ **अजय खड्का,** शिक्षक

विश्वभर आतङ्क मच्चाइराखेर कोरोना भर्खर बाटो लागेको थियो। स्कूलसित सम्बन्ध टुटेका विद्यार्थीहरूलाई फेरि स्कूलसित जोड्नु थियो। नानीहरू पढ़ाउने शिक्षक र अभिभावकहरूबीच सुसम्बन्ध गाँस्न एउटा भरपर्दो बहाना खोजिँदै थियो। विद्यालयले ७५ वर्ष टेक्न लाग्दा कौस्तुभ जयन्तीबारे अभिभावक समाजलाई अवगत गर्दै सहभागी बन्न अभिप्रेरित गर्नु थियो। नानीहरूको उल्लेखनीय कार्य र उपलब्धिका सुखद् खबरको प्रत्यक्ष प्रसारण गर्नु थियो। खासै भन्नुपर्दा शिक्षक, विद्यार्थी अनि अभिभावकमाझको अप्रस्ट मिलनबिन्दुलाई पुनः प्रस्ट्याउनु थियो। स्कूललाई सचल राख्न गाउँ–कमान गएर डाक दिनैपर्ने थियो।

यिनै आवश्यकताहरूले हौसाएर अभिभावक समाजमा जाने वातावरण बन्यो। जाने त हो तर के गरी जाने, के भन्दै जाने भन्ने प्रश्नले घेऱ्यो। यसै प्रश्नमा मन्थन गरिरहँदा उपाय सुझ्यो–देउसीभैलो। पित्तल खोज्दा सुनको बुद्धि सुझेजस्तो भयो। सामूहिक देउसीभैलो खेल्ने निर्णयमा पुग्यौँ।

देउसी खेलेर जम्मा राशिले स्मार्ट क्लासलाई पूर्णता दिइयो। स्कूलको लाइब्रेरीमा देउसीकै पैसाले कोठाभरिको आलमारी बनाइयो। देउसीभैलोले कौस्तुभ जयन्ती धुमधामले मनाउने हामीलाई मनग्गे मनोबल दियो।

स्थापनाको ७५औँ वर्षगाँठ मनाइरहेको बाग्राकोट उच्चतर माध्यमिक विद्यालयले आफ्नो आवश्यकता र कौस्तुभ जयन्तीको आयोजनालाई केही भरथेग गर्न शिक्षक–विद्यार्थीको टोली बनाएर सामूहिक देउसी खेल्यौँ। शिक्षकहरूको सहयोगमा निर्माणाधीन 'स्मार्ट क्लास' शतप्रतिशत पूर्ण गर्ने चुनौती थियो। पुस्तकालय भवन र कक्ष मात्र भएको आलमारी र किताबशून्य स्थितिले विद्यालयलाई नराम्रोघतले चिमोटिरहेथ्यो। नजिक आइरहेको कौस्तुभ जयन्तीको छेक पारेर प्रस्तावित बहुआयामिक कार्ययोजना कार्यरूपमा फेर्नुपर्ने चुनौती पनि थियो। यी सबै उद्देश्य सफलतापूर्वक क्रियान्वित हुनालाई मोटो रकमको खाँचो थियो। सर्वविदितै छ, बाग्राकोट उच्चतर माध्यमिक विद्यालयमा अध्ययनरत छात्रहरूका अभिभावक धनधान्य छैनन्। अधिकांश अभिभावक चिया श्रमिक छन्। अभिभावकहरूलाई निवेदन गर्ने कुरै आएन। अर्कोतिर उल्लिखित उद्देश्य र कार्यका लागि सरकारबाट वित्तीय सहयोग पाउने सम्भावना पनि थिएन। हामी विकल्प खोज्न बाध्य थियौँ। दशैँ नजिकै थियो। प्रधानाध्यापक सागर शर्मालाई देउसी खेल्दा कसो होला भनी सुझाए। उनले 'सम्भव छ'(?) भन्दै प्रतिप्रश्न तेर्साए। पछिल्ला दशकहरूमा 'एकता समाज' र अन्य सङ्घ–सङ्गठनका तर्फबाट सामूहिक देउसी खेल्दा बटुलेको अनुभव पोख्दै 'सम्भव हुने' अभिमत पोखेँ। उनले विश्वस्त भई तम्तयारी गर्ने आह्वानसँगै समिति बनाई जिम्मेवारी पनि बाँड़िदिए।

बाग्राकोट उच्च माध्यमिक विद्यालयले देउसीभैली खेल्ने निश्चित भयो। सन् २०२१ को कुरो हो यो।

### टोली गठन

सामूहिक देउसीभैली खेल्ने भएपछि बलियो टोली हुनैपर्‍यो। साजबाज हुनैपर्‍यो। गायक–गायिका र नृत्यकलाकार हुनैपर्‍यो। लरतरोले प्रभाव जमाउन नसकिने भएपछि निपुण टोली गठनको प्रक्रियामा लाग्न प्रधान शिक्षकले अभिप्रेरित गरे। स्कूलमा भएका शिक्षक–शिक्षिकाहरूसँग सरसल्लाह गर्‍यौँ। शिक्षकहरूमा विवेक छेत्री, साजन राई, राजेन सुनार, अजय खड्का अनि शिक्षिकाहरूमा अर्पणा गुरुङ, योजना शर्मा, रिविका रोका, सुजाता छेत्री, दुर्गी गुरुङ, उर्मिला प्रधान, गङ्गादेवी शर्मासहितको टोलीलाई समीक्षक रूपेश शर्माले आफ्नो अनुभव र अभिज्ञताले सुसज्जित गर्ने कार्य गरे। यसरी नै वाद्यवादनमा रोशन रोका सर र रूपेश विश्व (अशिक्षण कर्मचारी)–ले मादल घन्काउने अभिभारा लिए। गिटारका लागि निश्चित भए अर्पण राई सर अनि गौतम विश्व (बाग्राकोट हाई स्कूलका पूर्व छात्र, पूर्व अर्धसैनिक अधिकारी/संगीतज्ञ)। स्कूलको देउसीमा निःशर्त र सहर्ष सरिक हुने उनको सहृदयता हाम्रो लागि ठूलो टेवा बन्यो। यसैगरी विद्यालयका पूर्व छात्र ललित खाती (लिसरिभर)–ले पियानोमा केही दिन उल्लेखनीय साथ दिए। हाल उनी पुष्पण प्रधानको ब्याण्ड 'पुष्पण सारथी'–का प्रमुख वाद्यवादक किबोर्ड प्लेयर हुन्।

### गीत छनौट र रिहर्सल

देउसी–भैली भन्दै गाउँघर जाने भएपछि यस्तै उस्तै तैयारीमा जाने कुरै आएन। कमसेकम एक ठाउँ तीन घण्टा जमाउने स्तरको प्रस्तुति त हुनैपर्‍यो। भट्याउनेमा म, रूपेश शर्मा सर, रोशन रोका सर र अभय शर्माले अभिभारा लिएका थियौँ। तसर्थ देउसी र आशिष गीतसँगसँगै लोक–आधुनिक गीत र लोक–नृत्यहरूको खाँचोमा प्रधानाध्यापक सागर शर्मा महोदयकै कार्यालयमा विशद् छलफल भयो। नृत्यका लागि छात्राहरूबाट उत्कृष्ट नृत्यकारहरूलाई छान्यौँ। गाउन सामर्थ्यशील शिक्षक–शिक्षिकाहरूमा विवेक छेत्री, साजन राई, योजना शर्मा, अर्पणा गुरुङ, रिविका रोका, राजेन सुनार, सुजाता छेत्री, पारश शर्मा तत्पर भए। प्रधानाध्यापक सागर शर्माकी धर्मपत्नी श्रीमती प्रसन्ना शर्मा (शिक्षिका, शङ्कर हायर सेकेण्डेरी स्कूल, सिञ्जी)–ले गायनले हामीलाई शुरुदेखि अन्तसम्म प्रभावशाली साथ दिने अनि लोकप्रिय र सुमधुर आशिष गीतद्वारा सहयोग पुर्‍याउने वचन दिएपछि  हाम्रो शक्ति र ऊर्जा बढ्यो। वाद्यवादनमा अर्पण राई, रोशन रोका अनि रूपेश विश्व र राजकुमार प्रधान विद्यालयबाटै भएपछि गाह्रो भएन। यद्यपि पियानो बजाउन दक्ष गौतम विश्वलाई यसका लागि गुहार्‍यौँ। उनी बीएसएफ म्युजिकल ब्याण्डका मूल स्तम्भ एवम् यसै विद्यालयका पूर्व छात्र भएकाले हाम्रो बिन्तीलाई उनले सहर्ष स्वीकार गरे। सबै ठीकठाक भएपछि दशैं सकिनसाथ रिहर्सल गर्ने मतो भयो। दैउसीभैलीका लागि गीतहरूमा चाहिँ 'आकासैमा चिल हो कि बेसारा, मोहनी लाग्ला है, जनम जनम जिउँला सँगै, हे कान्छा, रेशम फिरिरी, सिरसिरे हावामा, रेशम, टुङ्नाको धुनमा, मिरमिरे साँझमा, आकासैको कालो बादल, वर्षमा दिनमा लैलै,चलेछ बतास सुस्तरी, जुनी काट्छु भन्थ्यौ नि मसित, मोहनी लाग्ला है' आदि–इत्यादि छनौट गरी अफिसको बार्दलीमा धमाधम रिहर्सल गर्न थाल्यौँ। यति भएपछि त फाँड्निछ भन्ने भयो। रिहर्सलमा यसै स्कूलका पूर्व छात्र प्रणय सार्कीले पनि गायन र वाद्यवादनमा योगदान पुयाएर जोश र उत्साह भरे। गायिकाको रूपमा चर्चामा आएकी पारिना गुरुङको सक्रिय साथ पाइयो। उनले एकल र समूह गीतमा प्रशंसनीय योगदान दिइन्।

### चुनाभट्टीमा शुभारम्भः सामसिङ फारीमा समापन

दुईदर्जन अधिकको देउसीभैलो टोली बनेपछि कहाँ–कहाँ खेल्ने, कुन स्थलमा कसलाई अभिभार दिने भन्नेबारे निधो गर्ने दायित्व दिइयो सोहन ठाकुर सर र रोशन रोका सरलाई। उनीहरूले स्थलगत दौड़ाहा गरेर बनाएको सूचीअनुसार चुनाभट्टी, बरगाछ, डाँड़ालाइन, आशाबारी, टपलाइन,मडपङ चोकपोस्ट, टोटगाउँ, मानाबारी, तोरीबारी, पत्थरझोड़ा, सामसिङ फारी ठिक गरियो। २०२१ को

तिहारमा लक्ष्मीपूजाकै दिन चुनाभट्टी खेलमैदानबाट हाम्रो अभियानको सुखद थालनी भयो। चुनाभट्टी जनकल्याण सङ्घ, सीयुएससी र कोइला कम्पनीका नागरिक समाजका गण्यमान्य हस्तीहरूको सहयोगिता र सहभागितामा शानदार शुरुआत भयो। यहाँ देउसी सफलता भयो। दह्रो दक्षिणा उठेकोले देउसी टोली थप उत्साहित बन्यो। त्यसपछि बरगाछ बजारमा केबी महत, प्रेम बल तामाङ, शिवकुमार शर्माहरूको विशेष तारतम्यमा बाक्लो जनउपस्थितिबीच धुमधामले देउसी खेलियो। स्मरण गराइन्छ, दोस्रो वर्षको देउसीभैलो–२०२३ लाई शिक्षक समीर मुखियाको निर्देशनमा 'बाग्राकोट दर्पण' च्यानलले प्रत्यक्ष प्रसारण गरेर जनजनमा पुऱ्याउने कार्य गरेको थियो। टोलीको अभिन्न सदस्य एवम् कलाकार बनेर देउसीभैलो कार्यक्रममा जाने शिक्षकहरू–डीबी छेत्री, बनमाली मण्डल, प्रवेश घिमिरे,देवकुमार राई, रचना शर्मा,अनामिका दर्जी, रमण प्रधान, रूपनारायण प्रधान, दुर्गी गुरुङ,अमित गुरुङ, उपप्रधानाध्यापक अमित थापा,आरती पाख्रीन, सोहन ठाकुर,सुगन विश्वकर्मा, पुनम घिमिरे, निरज शर्मा, कविता शर्मा आदिको नाम पनि ससम्मान लिन मनासिब ठान्दछु। कविता गुरुमाका सानो छोरा विश्वंस राईले बालकलाकारको रूपमा खुबै मनमोहक प्रस्तुति दिएको अनि स्कूलको गुरुत्वपूर्ण कार्यक्रम भनेर कालेबुङबाट लामो यात्रा गरेर भए पनि फारी सामसिङमा सहभागी बनेकी दिना सादा लेप्चाको योगदानलाई पनि सम्झिन जरुरी ठान्दछु। यसबहेक डुवर्स नेपाली साहित्य विकास समितिका मूलसचिव रविन खवासले पनि गाएर–मादल बजाएर भरपूर साथ र सहयोग पुऱ्याएको पनि सम्झनामा ताजा छ।

'मिलेर काम गर्नाले हुन्छ अत्यन्तै फाइदा' भन्ने कवितांशअनुरूप सफलतापूर्वक अभियान अघि बढ्दै सामसिङ फारीमा एकादशीको दिन ऐतिहासिक जमघट र अमित थापा सरहरूको अत्युत्तम चाँजोपाँजोमा कार्यक्रम सम्पन्न भयो। समापनपछि अमित सर एवम् परिवारको सौजन्यमा ठूलो भोजभतेरको समेत आयोजना गरिएको थियो।

## २२ मा शोकः २३ मा पुनः देउसीभैलीको सांस्कृतिक रमाहट

सन् २०२१ मा खेलिएको देउसीभैलो अपार सफल भएपछि परवर्ती साल पनि खेल्ने सोचाइ थियो। तर पूर्व प्रधानाध्यापक ब्रुनो लेप्चाको आकस्मिक निधनले हामीलाई सबै शोकमा पऱ्यौँ। त्यस वर्ष देउसी स्थगित गऱ्यौँ। ब्रुनो सर बद्री सरपछि लामो अवधिसम्म एक प्रभावशाली प्रधानाध्यापकका रूपमा सेवारत रहेकाले उनीप्रति श्रद्धाञ्जली चढाउँदै देउसीभैलो नखेल्ने निधो गऱ्यौँ। यसरी एक साल बिराएर सन् २०२२ मा फेरि कस्सिएर देउसीभैलो खेल्ने जमर्कोमा लाग्यौँ। प्रथमचोटिको सफलताले आत्मविश्वास उच्च थियो। 'बाग्राकोट सांस्कृतिक मञ्च'–ले पनि स्कूललाई साथ दिएर देउसीभैलो खेल्ने भएपछि टोली सशक्त बन्यो। हामीले अझ टोलीको विशेष आकर्षणका रूपमा ख्यातिप्राप्त गायक विक्रम कालीकोटेको प्रशंसनीय साथ पायौँ। विक्रम कालिकोटे भारतीय अर्धसैनिक बलका एक होनहार जवान हुन्। विदाको अनमोल समय दिएर उनले हाम्रो देउसीभैलोमा चार चाँद लगाइदिए। उनलाई मध्यमा राखेर हामीले बाग्राकोटसहित ओदलाबारी–मानाबारी,आशाबारी,टोटगाउँ, मङपङ चेकपेस्ट र चन्दाकोलोनीमा सफलतापूर्वक देउसी खेल्यौँ। मानाबारीमा दिनेश शर्मा;टोटगाउँमा पूर्व होनहार विद्यार्थीहरू; आशाबारीमा आशा शर्मा, अर्जुन शर्मा अनि वसन्त थापा सरहरू; मङपङमा–एसआई महोदय, देवनारायण सुनाम सर,सुषमा दिदीहरू; तोरीबारीका शेखर प्रधानहरूले उल्लेखनीय सहयोग पुऱ्याएर हाम्रो देउसीको आयोजन सँगसँगै आर्थिक सहयोग पनि पुऱ्याए। चन्दाकोलोनीमा दुवैचोटि देउसीभैली भव्य रूपमा आयोजन भएको कुरा बिर्सन सकिन्न। यहाँ राजेश छेत्री, पवन प्रधान, सुमन प्रधान, समीर बुढ़ाथोकी एवम् भानुभक्त सङ्घको विशेष योगदान र आत्मीय सहयोग भुल्न नसकिने थियो। पत्थरझोड़ा सिरूबारीका महानुभाव; ओदलाबारी सयपत्री सङ्घ; बाग्राकोट टपलाइनका सहृदयी पूर्व विद्यार्थीहरू; लिसरिभर, ६ ऐकरका देवन थापा/विमल कुजुरहरू; बाग्राकोट

बरगाछका केब्री महत,प्रेम बल तामाङ, शिवकुमार शर्माहरू; डाँड़ागाउँका अजित खड्का, सुबोध खड्का, वीरबल महतलगायतका सचेतवर्गको भूमिका पनि बिर्सन सकिन्न। उनीहरूले गाउँघरमा सबैलाई एकत्रित गरी बाउमावि–ले खेलेको देउसीभैलोको उद्देश्य र महत्त्वलाई गाउँले जनमानससम्म पुऱ्याउन महत्त्वपूर्ण योगदान दिएका थिए।

**टोलीका सदस्य/सहयोगीहरूलाई संवर्धना**

देउसीभैलो सकिएलगत्तै स्कूल लागेपछि सहभागी सदस्यहरू जम्मैलाई दुई हजार नानीहरू उपस्थित रहेको एसेम्ब्लीमा भव्य सम्मान गरिएको थियो। विद्यालयका प्रधानाध्यापक सागर शर्मा, वरिष्ठ शिक्षक गोपालसिंह छेत्री, राजेन सुनार आदिका बाहुलीबाट सबैलाई पालैपालो सम्मान जनाइयो। सत्कर्मको कदर गरिँदा त्यसबाट सबैलाई प्रेरणा मिल्छ। यस अवसरमा केही गीत र नृत्यहरू समेत प्रस्तुत गरेर सम्मान कार्यक्रमलाई रोचक र रोमाञ्चक बनाइएको थियो। विद्यार्थीहरूसँगै शिक्षकहरू पनि उत्साहमा पुनः झुमेका थिए। यो सम्मानले टोलीमा सहभागी विद्यार्थीहरूमा छुट्टै आनन्द र गर्वबोध भएको देखिएको थियो। उनीहरू अत्यन्त खुशी थिए।

**नाँच्दै–गाउँदै देउसी र भैलोमा...**

अझैं पनि यो गीत स्मृतिभरि गुञ्जयमान छ। यही बोलको देउसी गीत गाएर सर्वत्र कार्यक्रमको थालनी गरिएको थियो। बीचमा ताल बदल्ने र ताल काटेर पद भन्ने लोकभाकाको देउसी गीत रहेकोले शुरुआत नै रौनकले छोप्थ्यो। म आफैले यो गीतको शब्द थैथाप र अदलबदल गरेर गाएको थिएँ। वाद्यवादन अनि सहगायनमा रहेका सबैले खुबै राम्रो साथ दिएका थिए। यहाँ टोलीको आकर्षण बन्ने छात्राहरू–सिद्धार्थ शर्मा, अंशिका प्रधान,प्रतिमा राई, वंशिका छेत्री, सिमरणी छेत्री,अंकिता खड्का,रोहिनी शर्मा, उपासना खड्का, सरस्वती छेत्री,नम्रता छेत्री,आकृति राई, रिया शर्मा, एलिशा शर्मा,एलिना सुनार,प्रिया छेत्री, आयशा प्रधान आदिलाई धन्यवादसहित सम्झन चाहन्छु। स्कूलको खातिर यी छात्राहरूले आफ्नो सर्वश्रेष्ठ प्रतिभा प्रदर्शन गरेका थिए। यसरी नै विद्यालयमा अध्ययनरत् प्रत्येक ठाउँका विद्यार्थीहरूले एकल र सामूहिक लोकनृत्य प्रस्तुत गरी अभियानमा अहम् भूमिका निर्वाह गरेका थिए। यसबाहेक बाग्राकोट सांस्कृतिक मञ्च–का उमेश रोका,गौतम विश्व र लोकगायक गोकुलसिंह थापाप्रति आभार नजनाए अन्याय हुनेछ। किनभने उनीहरूको सहभागिताले सुनमा सुगन्ध थपिएको थियो।

**सम्झना रहला रमाइला ती साँझहरू**

जिन्दगीमा मान्छेले सुखद् क्षण घरिघरि यादमा बल्झाइरहन चाहन्छ। दुःखद् क्षणचाहिँ भरसक बिर्सनै खोज्दछ। किनभने ओबानो घाउ कोट्याए दुख्छ अनि बल्झिन्छ पनि। तर रमाइलो क्षणको स्मरणले मान्छेलाई सदैव उमङ्गित तुल्याएर मन र शरीरभरि नौलो ऊर्जा सञ्चार गर्दछ। दुईदर्जन अधिक सदस्यको टोली जातीय पोशाकमा सज्जिएर मादल र अन्य साजबाज बोकी चुड्के ताल र लोकभाकामा गाउँघर गुन्जाउनुको आनन्द अभूतपूर्व थियो। आफ्नै मानेर–सम्झेर हातेमालो गर्दै अन्यलाई पनि उत्साहित तुल्याउने एउटा उदाहरणीय अभियान थियो देउसीभैलो। यसले हामीसित निहीत प्रतिभा, अभिज्ञता र सद्गुणलाई उजागर गर्ने कार्य गऱ्यो। नानीहरूका सुषुप्त कलाप्रतिभा चिन्न सघाउ पुऱ्यायो। अभिभावकहरूको मनोभाव बुझ्न सुयोग मिल्यो। थोत्रिएको ठानी अफालिएका लोकगीत–सङ्गीतले पुनः गुन्जिने–घन्किने मौका पायो। एक स्वर्णिम उद्देश्यमा उनिएर हामीले समवेत गाएको सुमधुर गीत थियो देउसीभैलो। शिक्षक–शिक्षिकाहरू पढ़ाउने मामिलामा मात्रै नभएर जनमैत्री कार्यमा पनि निपुण छन् भन्ने प्रमाण छोड्न सफल भयो देउसीभैलो। विद्यालय र शिक्षकप्रति जनमानसमा विश्वासको जगेर्ना हुनु अत्यन्तै ठूलो उपलब्धि हो। रमाहटको उत्कर्षमा पुग्दा पनि मर्यादाभङ्गको निमेषभर समस्या देखिएन। सबैले दिल खोलेर सहभागिता जनाए। सबैतिरबाट प्रशंसा र सराहनाको कोसेली सँगालियो, जुन सदा हामी देउसीभैलो टोली, स्कूल परिवार र विद्यार्थीवर्गको मनमगजमा मिठो याद बनेर आलो रहनेछ। ●

# खेलकुद र शारीरिक स्वास्थ्यः हाम्रो विद्यालयको पहल



▣ **श्यामल तामाङ,**
सह–शिक्षक (शारीरिक शिक्षा)

विद्यार्थीहरू समाज र देशका कर्णधार हुन्। हाम्रो देशको भविष्य भोलि कस्तो हुन्छ, त्यो आजका विद्यार्थी र युवा पुस्ता हेरेर आकनल गर्न सकिन्छ। त्यसकारण युवाहरूको शारीरिक स्वास्थ्यसँगै मानसिक स्वास्थ्यको विकास पनि आवश्यक हुँदछ। विद्यालयका गतिविधि शारीरिक, सांस्कृतिक, साङ्गीतिक, नृत्य, कला अनि चित्रकारिता जस्ता विविध आयामले भरिएको हुन्छ। यस्ता गतिविधिले विद्यार्थीहरूका बहुआयामिक प्रतिभालाई मात्र प्रोत्साहन गर्दैन, तर उनीहरूका शारीरिक–मानसिक स्वास्थ्यको विकासमा पनि महत्त्वपूर्ण योगदान दिँदछ। यसकारण शारीरिक शिक्षा विद्यालयको एक अभिन्न अङ्ग बनेको हो।

> **बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि)–ले खेलकुद, एथलेटिक, अन्य शारीरिक व्यायाम र स्वास्थ्यसँग सम्बन्धित विभिन्न गतिविधिहरूलाई समय–समयमा प्रेरित र प्रोत्साहन गर्दै आएको छ। यो गतिविधिले पछिल्लो समयदेखि निकै महत्त्व, प्राथमिकता र गतिशीलता हासिल गरेको कुरा कसैको आँखाबाट लुक्न सकेको छैन।**

बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि)–ले खेलकुद, एथलेटिक, अन्य शारीरिक व्यायाम र स्वास्थ्यसँग सम्बन्धित विभिन्न गतिविधिहरूलाई समय–समयमा प्रेरित र प्रोत्साहन गर्दै आएको छ। यो गतिविधिले पछिल्लो समयदेखि निकै महत्त्व, प्राथमिकता र गतिशीलता हासिल गरेको कुरा कसैको आँखाबाट लुक्न सकेको छैन। हाम्रो विद्यालयमा विभिन्न अवसर र छेक पारेर आयोजन गरेका विभिन्न खेलकुदका गतिविधिहरूलाई बुँदागत रूपमा निम्नप्रकारले रेखाङ्कित गरिन्छः

**वार्षिक खेलकुद (एनिवल स्पोर्ट्स, २०१९):** लामो समयदेखि कमसल पूर्वाधारमै विद्यार्थीहरूलाई अध्यापन गर्नुपर्ने कठिनाइ झेल्दै आए तापनि बाउमावि–ले विद्यार्थीहरूका बहुमुखी प्रतिभालाई प्रोत्साहन र

प्रवर्धन गर्ने प्रयास जारी राखेको छ। विद्यालयले सन् २०१९ मा वार्षिक खेलकुदको भव्य रूपमा आयोजन गऱ्यो। यसै क्रममा २२ दिसम्बर, २०१९ को दिन चुनाभट्टी खेल मैदानमा भव्य रूपमा खेलकुद उत्सवको आयोजन गरियो, जसमा मुख्य अतिथिका रूपमा क्याप्टन (अ.प्रा.) श्री जी.बी. तामाङ मुख्य अतिथिका रूपमा उपस्थित थिए। यसैगरी, खेल सचेतक तथा प्रतिभा, विद्यालय प्रबन्धन समिति सदस्यगण एवम् स्थानीय समाजसेवी र विद्यालयका पूर्व शिक्षकगण पनि अतिथिका रूपमा उपस्थित थिए। झण्डै ४० वटा विभिन्न खेल प्रतियोगितामा विद्यार्थीहरूले उत्साहवर्धक सहभागिता जनाए। नानीहरूका नेपाली, साद्री नृत्यले मैदानको शोभा बढ़ाएको थियो। बिहानै शुरु भएको खेलकुद साँझ झमक्क परेपछि मात्र समापन भयो। विद्यार्थीहरूले पूर्ण खेल स्परिटका साथ प्रतियोगितामा अंशग्रहण गरे अनि विजेता बने।

विद्यार्थीहरूलाई खेलकुदमा प्रोत्साहित गरिनाले उनीहरूलाई अनेक प्रकारका नकारात्मक परिवेशबाट विलग गर्न सकिन्छ अनि प्रतियोगितात्मक भावना विकास गर्न सकिन्छ। विद्यालयकै ग्राउण्डमा खालीखुट्टा खेल्ने नानीहरू भोलिका दिनमा कहाँ पुग्छन्, कसलाई थाहा? युवा प्रतिभाहरूका दृढ़तालाई हामीले थोरै थपथपाउनु छ, केही भरोसा गर्नु छ अनि उनीहरूलाई उकेरा लगाउनु छ। यति भए नयाँ सम्भावना सधैँ हामीसँगै हुनेछ।

**खेलकुदमा कोभिडको प्रकोप (२०२०–२०२२)**: सन् २०२० को शुरुदेखि नै विश्व कोभिड महामारीको चपेटमा पऱ्यो। मान्छेलाई ज्यान बचाउनु नै ठूलो कुरा भयो। हामी एकप्रकारले घरबन्दी भयौँ। स्कूलमा दिनभरि उफ्रीपाफ्री गर्ने, साथीभाइसँग चलाचल गर्ने अनि आत्मीयता र भावनात्मक सम्बन्धको त्यो स्कूली माहौल एकाएक गायब भएपछि विद्यार्थीहरू एकप्रकारले अलगावको स्थितिमा परे। त्यसबेला विद्यार्थीहरू सबै गतिविधिबाट अलग–थलग भए। यस्तो स्थितिमा उनीहरूको शारीरिक स्वास्थ्य सँगसँगै मानसिक स्वास्थ्य पनि बिग्रिएर गयो। उनीहरूका जीवन एक्लो–एक्लो, शून्य–शून्य जस्तो भयो। यतिबेला हामीले कुनै खेलकुदका गतिविधि गर्न सकेनौँ। हामी दुई वर्ष खेलकुदशून्य स्थितिमा थियौँ।

**भारत स्काउट्स एण्ड गाइड्समा शिक्षकहरूको तालिम (२०२३)**: बाउमावि–मा शिक्षकहरूले ९ मार्च, २०२३ को दिन भारत स्काउट्स एण्ड गाइड्सको मास्टर ट्रेनरहरूको निम्ति ७ दिनको आवासीय तालिममा अंश ग्रहण गरे। बाउमावि परिसरमा आयोजित यस आवासीय तालिममा अलिपुरद्वार, कोचबिहार, दार्जीलिङ र कालेबुङ जिल्लाका जम्मा १७ जना स्काउट्स मास्टरहरूलाई लिएर बुनियादी तालिम अमर प्रधान एलटी (एस), एलओसी, मटेली दीपङ्कर सरकार एचडब्ल्युबी (सी) दार्जीलिङ, घनश्याम उराउँ, एयर स्काउट लिडर र महेश ठाकुर (क्युएम)–को नेतृत्वमा यो आवासीय तालिम प्रदान गरिएको थियो। उक्त तालिममा विद्यालयको तर्फबाट म श्यामल तामाङ र सह–शिक्षक समीर मुखिया तालिममा सहभागी बनेका थियौँ। उक्त तालिमको समापनसँगै बाउमाविलगायत प्रशिक्षणार्थी शिक्षकहरूले आ–आफ्ना विद्यालयमा स्काउट्स एण्ड गाइड्सको शाखा स्थापना गर्ने कुराको विश्वास दिलाए। उक्त कार्यक्रमको आयोजनामा खरसाङ आदर्श विद्यालयका शिक्षक प्रभारी निमा लेप्चाले अभूतपूर्व योगदान दिएका थिए। उनलाई विद्यालयको तर्फबाट हार्दिक आभार प्रकट गर्दछौँ।

**सुब्रत कप (२०२३)–मा बाउमावि**: फुटबलबारे साधारण जानकारी राख्ने जोकोहीले 'सुब्रत कप' भन्नेबित्तिकै त्यसको महत्त्वलाई बुझ्न गाह्रो पर्दैन। सुब्रत कपमा मौका पाउने नानीहरूको भाग्य कतिबेला 'क्लिक' हुन्छ, हामी भन्न सक्दैनौँ। हाम्रा विद्यार्थीहरूले पनि सुब्रत कपको अण्डर–१७ (बोयज) अन्तर–विद्यालय प्रतियोगितामा अंशग्रहण गरे। नवौँ श्रेणीका

विद्यार्थी अनुराग मगरको कप्तानीमा हाम्रो विद्यालयको फुटबल टोलीले युद्धवीर खेल मैदानमा क्वार्टर फाइनलमा जलढाका उच्चतर माध्यमिक विद्यालयविरुद्ध जीत हासिल गऱ्यो। त्यसपछि सेमी–फाइनलमा युद्धवीर उच्चतर माध्यमिक विद्यालयको भिड़न्त भयो, जसमा हाम्रो विद्यालयले पराजयको सामना गर्न पऱ्यो। अन्तर–विद्यालय सुब्रत कप (अन्डर–१७) प्रतियोगिताबाट बाहिरिनु परे पनि बाउमावि–का विद्यार्थी टोलीले उत्कृष्ट प्रदर्शन गरेर दर्शक र अन्य विद्यालयहरूको समेत मन जितेको थियो। यसैगरी, अण्डर–१७ (गर्ल्स) सुब्रत कपमा पनि विद्यालयका छात्राहरूले कड़ा प्रतिद्वन्द्वीहरूसँग मैदानमा भिड़न्त गरे। बाउमावि छात्राहरूको फुटबल ब्रिगेडले पनि जलढाका र युद्धवीर उच्चतर माध्यमिक विद्यालयहरूसँग मैदानमा सामना गरे। उच्च खेल स्पिरिटका साथ खेलेका छात्राहरूले होम ग्राउन्डको लाभ पाउन सकेनन्। कड़ा प्रतिद्वन्द्वीता दिएर छात्राहरू सुब्रत कपबाट बाहिरिए। तर, सुब्रत कपमा अंशग्रहण गरेका विद्यार्थीहरूका खेल स्पिरिट त्यसपछि निक्कै बढ़ेर गएको बोध गर्न सकिन्छ। यसै क्रममा गीतडाब्लिङ उच्चतर माध्यमिक विद्यालयले आयोजन गरेको फुटबल प्रतियोगितामा पनि हाम्रो विद्यालय टोली (बोयज)–ले अंशग्रहण गरेर उत्कृष्ट खेलको प्रदर्शन गरेको थियो।

**फर्स्ट कालिम्पोङ डिस्ट्रिक्ट इन्टर–स्कूल एथलिथिट मिट्–२०२३ः** बाउमावि–ले जिल्ला स्तरीय प्रतियोगितामा लामो समयदेखि भाग लिँदै आएको छ अनि उल्लेखनीय उपलब्धि र पुरस्कारहरू पनि हत्याउँदै आएको छ। यस्तै एउटा प्रतियोगिता हो कालेबुङमा आयोजित जिल्ला स्तरीय अन्तर–विद्यालय खेलकुद प्रतियोगिता, जसमा हाम्रो विद्यालयलाई पनि सहभागिताको लागि जिल्ला प्रशासनले आमन्त्रण गरेको थियो। १०० मिटर दौड़, २०० मिटर दौड़, ४०० मिटर दौड़, ८०० मिटर दौड़, १५०० मिटर दौड़, ३००० मिटर दौड़, हाई जम्प, लम्प, सर्टपुट आदि प्रतियोगितामा हाम्रा विद्यार्थीहरूले पूर्ण ऊर्जाका साथ सहभागिता जनाए। १४ वर्षदेखि माथिका विद्यार्थीहरूका लागि आयोजित यो खेलकुदमा हाम्रा विद्यार्थीहरूले धेरै विधामा उल्लेखनीय सफलता हासिल गरे। छैटौँ श्रेणीका विद्यार्थी आदित्य नायकले विद्यालयको नाममा सुनाम थपे। उनले १०० मिटर दौड़मा दोस्रो स्थान, हाई जम्पमा पहिलो स्थान, लङ्ग जम्पमा दोस्रो स्थान र १५०० मिटर दौड़मा प्रथम स्थान ओगटेर जिल्ला प्रशासनिक अधिकारीहरूलाई समेत चकित् तुल्याए। उनको खेल स्पिरिटलाई सबैले प्रशंसा गरेका थिए। १७ वर्षदेखि माथिका विद्यार्थीहरूमा नवौँ श्रेणीका विद्यार्थी आयूष मिञ्जले हाई जम्पमा दोस्रो स्थान हासिल गरे। यसैगरी, एघारौँ श्रेणीका छात्र प्रतीकउराउँले ३००० किलोमिटर दौड़मा दोस्रो स्थान हासिल गरेर हाम्रो विद्यालयको नामलाई गौरवान्वित तुल्याए।

**जलढाका उच्चतर माध्यमिक विद्यालयमा अन्तर विद्यालय (अन्डर–१९) नक आउट फुटबल टुर्नामेन्ट–२०२३ः** हाम्रो विद्यालयले बोयज र गर्ल्स दुवै श्रेणीमा यो प्रतियोगितामा सहभागिता जनाएको थियो। बोयज फुटबलको कप्तानी अनुराग मगरले गरेका थिए भने टोलीका सबै खेलाड़ीहरू ऊर्जाशील भएर मैदानमा डटे। दुईवटा स्कूललाई जितेर फाइनलमा पुगेको हाम्रो विद्यालय कड़ा प्रतिस्पर्धाबीच पराजित बन्न पर्दा विद्यार्थीसँगै शिक्षकहरूको पनि मन खल्लो भएको थियो। साँझ झमक्क परेपछि हाम्रा विद्यार्थीहरूले मैदानमा त्यो आत्मविश्वास निर्माण गर्न सकेनन्। फलतः युद्धवीर उच्चतर माध्यमिक विद्यालयसँग पराजित हुन पऱ्यो। यो खेल अत्यन्त रोमाञ्चक थियो। यसैगरी, यो गोल्डेन जुब्ली कपमा हाम्रो स्कूलको गर्ल्स फुटबल टोलीले पनि भाग लिएको थियो। क्वार्टर फाइनलमा जलढाका उच्चतर माध्यमिक विद्यालयसँग अत्यन्त रोमाञ्चक भिड़न्त भएको थियो। मुटु नै च्युच्चु हुने यो खेलको अन्तिम क्षण थप रोमाञ्चक बन्यो। पेनाल्टीमा

समेत बराबरी जाँदै गर्दा एउटा गोल नै निर्णायक थियो– हाम्रो टोलीले पोस्टभित्र गोल छिराउँदा जित्ने; बाहिर हान्दा हार्ने स्थिति बन्यो। गोलपोस्ट बाहिर बल गएपछि बाउमावि पराजित बन्यो। गर्ल्स फुटबल टोलीको कप्तानी बाह्रौँ श्रेणीकी छात्रा सनमाया सुब्बाले गरेकी थिइन्।

**प्लाटिनियम जुब्ली सेलिब्रेसनः रन फर एडुकेसन (२०२४)ः** बाउमावि–ले ११ फरवरी, २०२४ (आइतवार)–को दिन एकाबिहानै मङपङ चेकपोस्टदेखि विद्यालय परिसरसम्म १५ किलोमिटर 'रोड रेस'–को आयोजन गऱ्यो। सबैका लागि खुल्ला राखिएको यो म्याराथनमा कोचबिहार,सिलगढ़ी, दार्जीलिङ, कालेबुङ, डुवर्स आदि क्षेत्रका युवाहरूले अंशग्रहण गरेका थिए। सबैभन्दा कम उमेरका युवा साहिल कुजुर (१४ वर्ष) अनि सबैभन्दा पाको उमेरका सहभागी भूतपूर्व सैनिक सन्तोष शर्मा घिमिरे (५० वर्ष)–सहित ५० जना सहभागीले १५ किलोमिटरको दौड़ पूरा गरे। बिहानको चिसो हावामा हाफप्यान्ट र टि–सर्ट मात्र लगाएर मङपङ चेकपोस्ट पुगेका सहभागीहरूमा छुट्टै उत्साह थियो। मङ्पङ पुलिस चेकपोस्ट, वन विभागका कर्मचारी, विभिन्न विद्यालयका शारीरिक तथा खेलकुद शिक्षक, पञ्चायत प्रतिनिधि, क्षेत्रका समाजसेवी, शिक्षाविद् एवम् विद्यालयका सम्पूर्ण शिक्षकहरूको सहयोगमा आयोजित म्याराथन दौड़ भव्य रूपमा सफल भएको थियो। यो दौड़ले एउटा प्रभावशाली सन्देश छोड्न सफल भएको महसुस गरिएको थियो। यस दौड़मा याङमाकुमका विकास भूजेल प्रथम भए। उनले १५ किलोमिटर दौड़ ४१.३१ मिनटमा पूरा गरे। उनी मङपङबाट एउटै लयमा कुदेर बाउमावि विद्यालय परिसर आइपुगेका थिए। दोस्रो स्थान ओगट्न सफल भए कोचबिहारका रञ्जन अली। उनले ४१.५८ मिनटमा यो दौड़ पूरा गरे। तेस्रो स्थान ओगटे अम्बियोकका विवेक छेत्रीले। उनले ४२.२९ मिनटमा आफ्नो दौड़ पूरा गरे। यसरी नै चौथो स्थानमा पुरण राई (४४.१२ मिनट), पाँचौँ स्थान सचिन छेत्री (४४.४७ मिनट), छैटौँ स्थान अरुण तामाङ (४४.५५ मिनट), सातौँ स्थान अजय भूजेल (४५.५२), आठौँ स्थानमा कुशल थापा (४६.१९ मिनट), नवौँ स्थान दीपेन छेत्री (४७.४९ मिनट) र दशौँ स्थान विशाल कुजुर (४८.०५ मिनट)–ले प्राप्त गरे। पहिलो, दोस्रो र तेस्रो स्थान ओगट्न सफल विजेताहरूलाई क्रमैले दश हजार, आठ हजार र पाँच हजार रुपियाँको नगद पुरस्कारसहित प्रमाण–पत्र र मेडल अनि श्रेष्ठ दशमा आउन सफल अन्य सात सहभागीहरूलाई जनही एक हजार रुपियाँ नगद राशि, प्रमाण–पत्र र मेडल प्रदान गरियो। दौड़ पूरा गर्ने सबै ५० सहभागीहरूलाई प्रमाण–पत्र र मेडल प्रदान गरिएको थियो।

मङपङ चेकपोस्टबाट बिहान ठीक ७ बजे उक्त दौड़लाई रवाना गरिएको थियो भने बाउमावि परिसरमा यसको समापन गरियो। विद्यालयको यस कार्यक्रमलाई अपार रूपमा सफल तुल्याउन विभिन्न सङ्घ–संस्था, विद्यालय तथा व्यक्ति विशेषहरूले विभिन्न प्रकारले साथ र सहयोग पुऱ्याएकोमा विद्यालयका प्रधानाध्यापक सागर शर्माले आभार प्रकट गरेका छन्। कौस्तुभ जयन्तीको शुभारम्भ कार्यक्रमको रूपमा आयोजित यो म्याराथनलाई सफल बनाउन माउन्ट जायन स्कूल (मङपङ), मङपङ–एडीपीसीका ओसीलगायत उनका सहयोगीहरू, रम्बी ओसी,मङपङ युवा एकता सङ्घका प्रतिनिधिगण, मङपङका स्थानीय सचेतक,पञ्चायत समिति सदस्य छविलाल छेत्री, मङपङका पञ्चायत सदस्य, भीम राईको नेतृत्वमा इलनबारीका युवाहरू, आशाबारीका कर्मठ युवाहरू,चन्दाकम्पनीको भानुभक्त समितिका प्रतिनिधिवर्ग, चन्दाकम्पनीका समाजसेवी सुमन प्रधान र उनका परिवार,डुवर्स होपका प्रतिनिधिगण, इण्डियन एक्स सर्भिसमेन लीगका प्रतिनिधिवर्ग, बीडीआर जनकल्याण समाज, डुवर्स एक्सप्रेस मेल,

बाग्राकोट जीवन ज्योति क्लब,चुनाभट्टी जनकल्याण समाज, साई समिति (बाग्राकोट),चुनाभट्टी युनाइटेड स्पोर्टिङ क्लबलगायत मालबजार पुलिस–प्रशासन, कालेबुङ पुलिस–प्रशासन, रम्बी हेल्थ विभाग,

**यस क्षेत्रकै शैक्षिक धरोहर बनिसकेको हाम्रो विद्यालयले यसप्रकारको सहयोग सबैतिरबाट प्राप्त गर्दा हाम्रो आँट,भरोसा र ऊर्जा दोब्बर भएको छ। विद्यालयले कौस्तुभ जयन्ती भव्यताका साथ पालन गरिरहेको यो बेला सबै शुभचिन्तक र सहयोगीहरूको यसप्रकारको हात र साथले हामीलाई उत्साहित तुल्याएको छ अनि भविष्यमा विद्यालय र विद्यार्थीहरूका चौतर्फी विकासका लागि चालिनपर्ने आवश्यक कदमका निम्ति प्रेरित गरेको छ।**

बाग्राकोट प्राथमिक शिक्षक सङ्गठन, बाग्राकोट सांस्कृतिक मञ्च, कालेबुङ जिल्ला एथलिट् एसोसिएशन, गोरुबथान रनर्स, बाग्राकोट दर्पण, गोरुबथान वेभसहित अन्य विविध मिडिया, माउन्ट ओलिभ स्कूल, टेण्डर बड्स स्कूल, बाउमावि सञ्चालन समितिका सभापति देवनारायण सुनाम एवम् उनका विद्यालयका प्रतिनिधिगण तथा हाम्रो विद्यालयलाई सधैँ माया गर्ने मङपङ फरेस्ट भिलेज प्राथमिक पाठशालाकी शिक्षिका श्रीमती सुष्मा सुब्बालाई विद्यालयको पक्षबाट हार्दिक आभार प्रकट गर्दछौँ। कार्यक्रममा गाड़ी (क्यान्टर) र एम्बुलेन्स प्रदान गर्ने सहयोगी शुभचिन्तकगण क्रमैले मुकेश दर्जी र आशाबारी चिया बगानका प्रबन्धकप्रति पनि विद्यालय परिवार हार्दिक आभार व्यक्त गर्दछ। माउन्ट ओलिभ एकाडेमीका वरिष्ठ शिक्षक अजीत छेत्री, पुलिसकर्मी शङ्कर खड्का छेत्री लगायत विद्यालयका तमाम पूर्व विद्यार्थीहरू अनि डुवर्स एक्सप्रेस मेलका राजु नेपालीले आ–आफ्नो बहुमूल्य उपस्थिति साथै रिकोभरि भ्यानको प्रबन्धन गरिदिएर विद्यालयलाई ठूलो सहयोग पुऱ्याएकोमा उहाँहरूप्रति हामी हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ।

कार्यक्रमका प्रमुख अतिथिका रूपमा २२१ मिड रेजिमेन्टका कर्णल उपस्थित थिए भने पाब्रिङटार ग्राम पञ्चायत प्रधान रविन सुब्बा, जलपाइगढ़ी जिल्ला परिषद कर्माध्यक्ष श्रीमती सलिना छेत्री,समाजसेवी तथा सञ्चालन समिति सदस्य आनन्द लखोटिया, युद्धवीर उच्चतर माध्यमिक विद्यालयका सह–शिक्षकगण विशाल परियार, प्रकाश विप्लव, विष्णु लावर, वसन्त गुरुङ,श्रीमती बीडी लेप्चालगायत गोरुबथान रनर्सका संस्थापकप्रति आभार प्रकट गर्दछौँ। एउटा महत् र उच्च उद्देश्य लिएर आयोजन गरिएको यस म्याराथन दौड़मा प्रत्यक्ष–अप्रत्यक्ष सहयोग गर्ने सबै सहयोगी एवम् शुभचिन्तकहरूप्रति विद्यालय परिवार आन्तरिक हृदयबाट कृतज्ञता प्रकट गर्दछ।

यस क्षेत्रकै शैक्षिक धरोहर बनिसकेको हाम्रो विद्यालयले यसप्रकारको सहयोग सबैतिरबाट प्राप्त गर्दा हाम्रो आँट,भरोसा र ऊर्जा दोब्बर भएको छ। विद्यालयले कौस्तुभ जयन्ती भव्यताका साथ पालन गरिरहेको यो बेला सबै शुभचिन्तक र सहयोगीहरूको यसप्रकारको हात र साथले हामीलाई उत्साहित तुल्याएको छ अनि भविष्यमा विद्यालय र विद्यार्थीहरूका चौतर्फी विकासका लागि चालिनपर्ने आवश्यक कदमका निम्ति प्रेरित गरेको छ। कोरोनाकालका कठिन दिनहरू हामीले झेल्यौँ; अब भविष्यमुखी दिशातर्फ हाम्रा कदमहरू अघि बढ्दै जानेछन्। बाउमावि–ले भविष्यमा खेलकुदमा निश्चयै प्रगति गरेर जानेछ भन्ने कुरामा हामी आशावादी हुनसक्छौँ। ●

# School's journey in scientific exploration

Bagrakot Higher Secondary School is nestled in the lap of Dooars in the northern part of West Bengal. Describing the beauty of the surroundings of this school in words is challenging; however, if I were to try my best, the only word that comes to mind is "mesmerising." It's surrounded by hills, riverbanks, tea gardens, and abundant greenery, creating a breathtaking scene. The socio-economic conditions in this area are very poor, with most people earning their livelihood by working as labourers in the tea gardens.

Consequently, our students face various obstacles in their daily lives. Since this school is the only government institution providing school education in the area, the enrollment is also very high. Despite the odds, the school overcomes challenges with ambition and dedication to reach great heights. The ultimate goal is to develop society through intellectual growth. Embracing a scientific mindset is one way to achieve that goal in this era of rapid advancements in science and technology.The school has been fostering scientific curiosity and nurturing young minds through its annual science exhibitions and by participating in different science competitions organized by the district, state, and nation.

Under the visionary leadership of Mr. Sugan Biswakarma Sir, the school embarked on its journey of scientific exploration in the year 2015, aiming to install a passion for science among its students.Inspired by this vision, he initiated a science exhibition competition within the school, providing students with a platform to showcase their talents and innovations.



**Sugan Biswakarma**
Assistant teacher



**Banamali Mandal**
Vocational teacher

Year after year, the school's science exhibitions evolved into highly anticipated events, drawing participants from all grades. Students enthusiastically embarked on their projects, exploring diverse scientific disciplines, including physics, chemistry, biology, and environmental science, under the guidance of Sugan Biswakarma and a team of dedicated teachers. In 2018, Bagrakote Higher Secondary School excelled in the Block Level Students Youth Science Fair Exhibition held in Kalimpong. Their projects on Li-Fi technology and waste management secured them the 1st position. Led by students Krishnakant Prasad, Md Akit, Sourav Thakur, and others, and guided by teachers like Sugan Sir, Udai Sir, and Banamali Sir, the projects showcased creativity and dedication. Despite challenges, the students persevered, emphasizing the importance of hands-on learning in science education. This victory marked the beginning of an inspiring journey, igniting a passion for science among students and teachers alike.

Later after a month we were called for "District level Students youth science fair exhibition 2018 " where our projects were highly appreciated, our project was on the working model of - Li fi , rain water harvesting cum save energy and save life concept project. The participants were Saurav Thakur, Aditya chhetri, Sonu Prasad, Ayush chhetri, Krishnakant Prasad. Teachers group - Sugan Biswakarma ( myself), Shankar singh kumai.

In 2019, Bagrakote Higher Secondary School achieved a significant milestone as its students participated in the Kalimpong District Science fair exhibition Held in Kumdini Homes, Kalimpong. Under the guidance of dedicated teachers like Mr. Sugan, Mr. Banamali, and Mr. Udai, students including Sonu Prasad, Akriti Chhetri, and Sahil Thapa showcased their projects with remarkable enthusiasm and confidence. At the block level, Sahil and Akriti secured 2nd place, while Sonu and Rohan clinched 1st place, demonstrating not only their talent but also the school's commitment to fostering scientific innovation.

In the same year, another notable science event took place: the "National Children Science Congress - 2019" held in Kalimpong. The project focused on Nettle (Sishno) (scientific name Urtica dioica ) Students Kumud and Rohan participated in this endeavor, guided by teachers Sugan Biswaskarma, Amit Thapa, and Parash Sharma. Similarly, in 2020, we participated in the "Kalimpong District Students Youth Science Exhibition - 2020" held at Kalimpong Girls H.S. School hall. Our project focused on Durga Puja crowd management. Students Rohan Prasad, Kumud, Sidharth Sharma, Anirudh Sharma, and Abhisan Thapa participated, guided by teachers Sugan Biswaskarma (myself), Banamali Mandal, and Raman Pradhan.

Bagrakote Higher Secondary School's state-level participation in the National Children Science Congress (NCSC) in 2022 marked a significant achievement following their success at the district level. Focused on addressing the sudden outbreak of dengue in Bagrakote, the project led by students Saraswati Singh and Sabina Oroan, under the guidance of teachers Sugan Biswaskarma, Raman Pradhan, Banmali Mandal, and Parash Sharma, aimed to find innovative solutions to this pressing issue.

The project emphasized a multifaceted approach, combining scientific research, community engagement, and innovative thinking. Through extensive study of the epidemiology of dengue and analysis of local environmental factors, the students identified key contributors to the outbreak. They then leveraged their findings to propose practical interventions aimed at prevention and control.

Participation in the state-level NCSC provided a platform for the students to showcase their project to a wider audience and engage with peers from across the state. It offered not only recognition for their efforts but also an opportunity for learning and growth. The experience instilled a sense of pride and accomplishment in the students, reinforcing their commitment to making a positive impact in their community through science and innovation.

In 2023, Bagrakote Higher Secondary School participated in the NCSC with a project focusing on malnutrition in Bagrakote tea garden. The project received high appreciation. Students Mercy Murmu and Anisha Ghatani took part, guided by teachers Sujan Biswakarma, Banamali Mandal, and Raman Pradhan.

Since 2015, our goal with the school science exhibitions has been to cultivate students' comfort and interest in science. Through hands-on activities, we aim to make learning enjoyable and free from fear or hesitation, encouraging students to embrace science with enthusiasm. ●

# सकारात्मक सोचः विकासको माध्यम

विद्यालय भनेको नै सकारात्मक सोच निर्माण गर्ने आधार संस्थान हो। विद्यालयसँग जोड़िएर नानीहरूले भावी विकासको सम्भावनालाई आकार दिन्छन्। यसको मात्रामा मात्र धेरथोर भन्ने कुरा हुन्छ। जहाँ सकारात्मक सोच छ त्यहाँ थोरै भए पनि प्रगति भएकै हुन्छ।

वर्तमान समयमा कुनै पनि विद्यालयमा नानीहरूलाई शिक्षामात्र दिएर पुग्दैन। उनीहरूलाई समयसापेक्ष खुराक पनि दिनुपर्दछ। ती खुराक पाउन सकेनन् भने नानीहरूले कतिपय ठाउँमा असहज र अशोभनीय स्थितिको सामना गर्न पर्दछ। यही कुराहरूलाई ध्यानमा राखेर वर्तमान समयमा प्रत्येक विद्यालयले शिशु छात्र संसद गठन गरेका छन्, जसको मूल उद्देश्य हो जीवन मूल्यको विकास, व्यक्तित्व विकास, नेतृत्व क्षमताको विकास, सही–गलत स्पर्श–तत्वको ज्ञान अनि विद्यालयलाई सफा र सुचारू परिवेशमा चलाउनु आदि। विद्यालयमा बाल संसद केवल एक वर्षको निम्ति गठन गरिन्छ। यसरी नै प्रति वर्ष मन्त्रीमण्डल पुनर्गठन गरिन्छ। विद्यालमा विद्यार्थीहरूलाई अझ राम्रो र सुदृढ बनाउने हो भने छ महिनामा पनि फेरि मन्त्रीमण्डल पुनर्गठन गर्न सकिन्छ। यसो गर्नाले विद्यालयका धेरै भन्दा धेरै विद्यार्थीहरूले यसमा अंशग्रहण गर्न सक्छन् अनि असल कुराहरू सिक्ने मौका पाउँछन्।

यस्तै सोच राखेर बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि)–मा ४ अप्रेल,२०२३ देखि विद्यार्थीहरूलाई लिएर सहयोगी गुरु–गुरुमा अघि आई बाल संसद गठन गरियो। यस संसदमा मन्त्रीमण्डल चयन गरिएको छ। प्रधानमन्त्रीका रूपमा नेहा छेत्री, उप –प्रधानमन्त्री खुशी खाती, गृहमन्त्री अदिती दर्जी, खाद्य मन्त्री जमुना लिम्बू, स्वास्थ्य एवम् स्वच्छता मन्त्री छेवाङ लामा, नारी कल्याण मन्त्री रिया छेत्री, वित्त मन्त्री शुभम खड्का, संस्कृति एवम् खेल मन्त्री विश्वास विश्वकर्मा, शिक्षा मन्त्री अंशिका छेत्री, सूचना एवम् सञ्चार मन्त्री अनुकम्पा विश्वकर्मा रहेका छन्। यी विद्यार्थीहरूसँगै कार्यकारी सदस्यका रूपमा अरू छात्र–छात्राहरू पनि जोड़िएका छन्। यसप्रकारले मन्त्रीमण्डल तयार भइसकेपछि ७ अप्रेल, २०२३ मा पहिलो सभा सम्पन्न भयो। उक्त सभामा आगामी दिनहरूमा सबै पदाधिकारीहरूले आ–आफ्ना कार्य कसरी गर्नुपर्ने भन्ने बारे विशद् छलफल गरियो। सभामा विद्यालय परिसर स्वच्छ बनाउनका निम्ति विद्यार्थीहरूबाट पैसा सङ्कलन गरेर बालटिन, मग, फिनेल, झाँडु, डस्टबिन इत्यादि ल्याउनुपर्ने सुझाउ राखियो। यसको निम्ति विद्यालयका प्रधानाध्यापक अनि सम्बन्धित शिक्षक–शिक्षिकासँग विचार–विमर्श गरेर सो प्रस्तावलाई सही ढङ्गले कार्यान्वयन गर्ने पदक्षेप लिइयो। सबै मन्त्रीहरूले आ–आफ्ना कार्यभार राम्रोसँग सम्हाल्दै आफ्नो दायित्व निर्वाह गर्दैछन्। त्यहाँदेखि विद्यालयमा बाल संसदको तर्फबाट थुप्रै कार्यहरू भएको देखिन थालियो। खाद्य मन्त्रीले आफ्नो कार्यभारलाई असल ढङ्गमा गरिरहेको देख्न पाइएको छ। उनी सधैँ मध्यान्ह भोजनमा गएर नानीहरूलाई कस्तो खाना दिइँदैछ भन्ने कुराको निरीक्षण र जानकारी लिन्छन्। त्यसरी नै वित्तमन्त्रीले हरहिसाबको जानकारी राख्ने गर्छन्। कुन कार्यमा कति रुपियाँ खर्च भयो भन्ने कुराको

एक–एक हिसाब उनीसँग सुरक्षित छ। स्वच्छताको निम्ति शौचालय सफा गर्ने रूटिन बनाइएको छ। मन्त्रीहरूसँगै सबै विद्यार्थीले नियमित अन्तरालमा विद्यालय वरिपरी साफसफाई गर्दै आएका छन्।

यसप्रकारले २०२३ मा गठित बाल संसदले यतिञ्जेल आ–आफ्ना कार्यभारलाई असल ढङ्गले निर्वाह गरिआएको छ। यसरी मिलेर काम गर्दा दायित्वमा रहेका नानीहरूले थुप्रै चुनौतीहरूको सामना पनि गर्न पर्‍यो। तर यी नानीहरूले सबै चुनौती कुसलतापूर्वक सामना गरे। जस्तै परीक्षाको चुनौती, अरू साथीहरूले साथ नदिँदाको नैराश्यपन, बनाएको रूटिन हावा–पानीले भिँजेर सधैँ नयाँ रूटिन बनाउनुपर्ने बाध्यता, काम गरेर पनि जस नपाएको गुनासो जस्ता सबै कुराहरूलाई झेलेर पनि प्रति बिहान नयाँ ऊर्जाका साथ काम गर्ने उत्साह बाल संसदमा मरेको छैन। उनीहरूका उत्साह र ऊर्जाले शिक्षक–शिक्षिकागणलाई पनि प्रभावित तुल्याउँदछ। अनुशासन, उत्प्रेरणा र शिक्षा जस्ता त्रिआयामलाई बाल संसदले बड़ो सुन्दर ढङ्गमा निर्वाह गरिरहेको छ।

– **रिपोर्टिङः कविता शर्मा,** सह–शिक्षिका

**“ Now science is finally able to speak with authority to these urgent and perplexing questions of the psyche at its most irrational, to map with some precision the human heart. This mapping offers a challenge to those who subscribe to a narrow view of intelligence, arguing that IQ is a genetic given that cannot be changed by life experience, and that our destiny in life is largely fixed by these aptitudes. That argument ignores the more challenging question: What *can* we change that will help our children fare better in life? What factors are at play, for example, when people of high IQ flounder and those of modest IQ do surprisingly well? I would argue that the difference quite often lies in the abilities called here *emotional intelligence*, which include self-control, zeal and persistence, and the ability to motivate oneself. And these skills, as we shall see, can be taught to children, giving them a better chance to use whatever intellectual potential the genetic lottery may have given them.”**

**-** Daniel Goleman**, EMOTIONAL INTELLIGENCE**, Page xix

**“Artificial intelligence will change our world dramatically. The world in 2062 will be very different from the one we live in today. We need, therefore, to think big about the changes we should make to society today if we are to ensure that the world of 2062 is the one we want.”**

-Toby Walsh, **2062 THE WORLD THAT AI MADE**, Page 267

# कन्याश्री प्रकल्प

▣ **राजेन सुनार,** नोडल शिक्षक

१४ अगस्त, २०२३ देखि सम्पूर्ण राज्यभरिकै निम्न माध्यमिक, माध्यमिक र उच्चतर माध्यमिक विद्यालयहरूमा कन्याश्री प्रकल्प शुरु भयो। वर्तमान माननीय मुख्यमन्त्रीको पहलमा आठौँदेखि बाह्रौं श्रेणीसम्मका कन्या विद्यार्थीहरूका लागि कन्याश्री प्रकल्प शुरु गरिएको हो। यो प्रकल्पलाई दुई श्रेणीमा विभाजित गरिएको छ–१३ वर्षदेखि १७ वर्षसम्मका लागि K१ अनि १८ वर्षका छात्राहरूका निम्ति K२।

कन्या छात्राहरूका पठनपाठनका निम्ति आर्थिक सहयोग प्रदान गर्नुका साथै स्वास्थ्य, ब्याङ्क,पोस्ट अफिस आदिको जानकारी अनि जागरूकता अभियानले गर्दा छोरी नानीहरूको आत्मबल निक्कै बढ़ेको छ। कन्याश्री प्रकल्पकै माध्यमद्वारा नानीहरूले विभिन्न कला, साहित्य, संस्कृति, वाकपटुता,हाजिरी जवाब आदि जस्ता कार्यक्रमहरूमा सहभागी बनेर आफूभित्र लुकेको क्षमतालाई प्रदर्शन गर्ने सुनौलो अवसर प्राप्त गरेका छन्।

यसै परिप्रेक्ष्यमा बाग्राकोट उच्चतर माध्यमिक विद्यालयका प्रधानाध्यापक सागर शर्मा, नोडल शिक्षक राजेन सुनार,सहयोगी नोडल शिक्षक साजन राई,मेन्टर शिक्षिका सुजाता छेत्री र रिबिका रोकाको तत्वावधानमा राज्य (जिल्लापाल, कालेबुङ) सरकारको निर्देशनलाई पालन गर्दै कन्याश्री क्लबद्वारा निम्न कार्यक्रमहरू आयोजन गरिएको छः

१. **१४ अगस्त, २०१९**ः कन्याश्री दिवसमा हाम्रा कन्या विद्यार्थीहरू क्रमैले प्रसन्न खवास (लोकगीत), कुमुद यादव, नम्रता छेत्री र सेजल बैठा (वाकपटुता) अनि पूजा लामा र साथीहरू (नृत्य)–द्वारा उत्कृष्ट कार्यक्रम प्रस्तुत गरी विद्यालयले दोस्रो पुरस्कार हत्यायो।

२. **२२ दिसम्बर,२०२१**ःकन्या नानीहरूलाई ब्याङ्कको सेभिङ्ग्स अनि एकाउन्टबारे जानकारी गराउँदै बाग्राकोट सेन्ट्रल ब्याङ्कका अधिकारीहरूसँग अन्तरक्रिया गरियो।

**३. २८ जुलाई, २०२२ः** कन्याश्री क्लब, नोडल शिक्षक, मेन्टर शिक्षक तथा सहयोगी शिक्षक–शिक्षिकाद्वारा डेङ्गु जागरूकता अभियान पालन गरियो। विद्यालय परिसरदेखि गाउँ–समाजलाई डेङ्गुको रोकथामबारे जागरूक गराउँदै स्थानीय क्षेत्रको परिक्रमा गरियो।

**४. ४ अगस्त, २०२३ः** प्रकृतिको संरक्षण, बिरुवा रोपनको फाइदा अनि पृथ्वीको सुरक्षाबारे कन्याश्री विद्यार्थीहरूले हस्तकला परियोजना प्रदर्शन गरे।

**५. १४ अगस्त,२०२३ः**'परिश्रमको फलको मिठो हुन्छ। बोटबिरुवा रोपे एक दिन फल्छ' भन्ने कथन सत्य प्रमाणित हुँदै आएको छ। युवा प्रधानाध्यापकको कुशल नेतृत्वमा विद्यालयले शैक्षिक, सांस्कृतिक, नैतिक, बौद्धिक तथा सामाजिक क्षेत्रमा विभिन्न गतिविधिलाई तीव्रता दिएको छ। यसै परिप्रेक्ष्यमा १४ अगस्त,२०२३ को दिन दशौँ कन्याश्री दिवसको अवसरमा हाम्रो विद्यालयले दोस्रो श्रेष्ठ कन्याश्री पुरस्कार हत्याउन सफल बनेको छ। यस अवसरमा कालेबुङ जिल्लापालका बाहुलीबाट विद्यालयलाई पुरस्कृत गरियो। विद्यालयको इतिहासमै प्रथमपल्ट यसरी कन्याश्री प्रकल्पमा पुरस्कृत बन्दा प्रधानाध्यापक महोदयले यस उपलब्धिको निम्ति सम्पूर्ण नोडल शिक्षक,मेन्टर तथा सम्पूर्ण शिक्षक–शिक्षिकाहरूलाई बधाई दिए।

**२८ नोभेम्बर,२०२३ः**कन्याश्री क्लबका सदस्यहरूद्वारा बाग्राकोट सेन्ट्रल ब्याङ्क र पोस्ट अफिसको भ्रमण गरियो।

**१५ मार्च,२०२४ः** वित्तीय साक्षरता कार्यक्रम आयोजित गरियो।

**२८ मार्च,२०२४ः** जीविका सचेतना कार्यक्रम आयोजन गरियो। ●

# भव्य 'ग्रान्ड एसेम्बली'-को आयोजन

कालेबुङ अनि डुवर्स क्षेत्रकै शैक्षिक धरोहर बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि)-ले १० नोभेम्बर, २०२३ मा पूर्व विद्यार्थीहरूको भव्य पुनर्मिलन 'ग्रान्ड एसेम्बली' आयोजन गरेर यस क्षेत्रकै शैक्षिक गतिविधिमा नयाँ रौनक र उत्साह थपेको छ। ग्रान्ड एसेम्बली-ले भूतपूर्व विद्यार्थीहरूलाई विद्यालयसँग भावनात्मक रूपले जोड्ने काम गऱ्यो, जहाँ वयोवृद्धदेखि लिएर युवा विद्यार्थीहरूसमेत चार-पाँच पुस्ताका विद्यार्थीहरू स्कूल आए, एसेम्बलीमा लाइन लागे, राष्ट्रगान गाए, स्कूल गीत गाए, प्रार्थना सभामा भाग लिए अनि दिनभरि खुशीले झुम्मिए। सबै ओहोदा, पद र प्रतिष्ठाहरू भुलेर उनीहरू सामान्य विद्यार्थीसरह आफ्नो विद्यालयमा भेला भए। आफ्ना पुराना स्मृतिले उनीहरू विह्वल भए, भावुक बने। पुराना साथीहरू भेट्दा, आफूलाई पढाएका गुरुहरूको दर्शन हुँदा उनीहरू मनबाटै रमाए। सयौँ भूतपूर्व विद्यार्थीहरूको एउटै भनाइ थियो- हाम्रो लागि ऐतिहासिक र अविस्मरणीय क्षण हो यो।

सन् १९४९ मा स्थापित यो विद्यालयबाट सन् १९६७ मा पहिलोपल्ट स्कूल फाइनल दिएका एकमात्र जीवित विद्यार्थी पदमसिंह लामाका बाहुलीबाट ग्रान्ड एसेम्बली कार्यक्रमको उद्घाटन गरियो। एसेम्बलीमा वयोवृद्ध विद्यार्थीदेखि लिएर कलिला विद्यार्थीहरूसम्मले लाइन लागेर राष्ट्रिय गीत गाए। यस अवसरमा भूतपूर्व विद्यार्थीहरू धेरै नोस्टाल्जिक भए। उनीहरू सहपाठीहरूसँग निकै गफिए। आ-आफ्ना श्रेणीमा गएर आफू बस्ने बेञ्चमा बसेर फोटो खिँचाए। कसैले अनुभव सुनाए, कसैले गीत गाए, कसैले नृत्य देखाए। यो विद्यालय पढेका पूर्व विद्यार्थीहरू निकै खुशी देखिन्थे। यस कार्यक्रमलाई भव्य रूपमा सफल बनाउन विद्यालयका शिक्षक-शिक्षिकागण, अशिक्षण कर्मचारीगण, विद्यार्थीगण एवम् प्रबन्धन समितिका सदस्यहरूले धेरै मेहनत गरेका थिए।

बिहानीको पहिलो घण्टी बजेपछि सबै उपस्थित पूर्व विद्यार्थीहरू आ-आफ्नो पूर्व निर्धारित पङ्क्तिमा लाम लागेर उभिएर राष्ट्र गान र प्रार्थना गरेपछि जब स्कूल गीत गाइयो तब सबै भावुक बनेको देखियो। स्कूल परिसरलाई खुबै सुन्दर ढङ्गमा सजाइएको थियो। सबैले आफ्नो अनुभव ताजा गराए।

सबै संस्थापक, दिवङ्गत प्रधानाध्यापकगण, दिवङ्गत शिक्षक/शिक्षिकाहरूको सम्झनामा पूर्व शिक्षक/शिक्षिकाहरूको बाहुलीबाट द्वीप प्रज्वलन गरेर मञ्चको कार्यक्रमको औपचारिक शुभारम्भ गरिएको थियो। कार्यक्रममा स्वागत सम्बोधन राख्दै बाउमावि-का प्रधानाध्यापक सागर शर्माले 'ग्रान्ड एसेम्बली'-को औचित्य र महत्त्वबारे प्रकाश पारे। उनले भने- ''विद्यालयसँग भावनात्मक रूपले तपाईँहरूलाई जोड्नु यो कार्यक्रमको मुख्य उद्देश्य हो। तपाईँहरू हाम्रा वर्तमान विद्यार्थीहरूका लागि पनि प्रेरणा हुनुहुन्छ। हाम्रो यो शैक्षिक धरोहरलाई संवर्धन र थप समृद्ध बनाउन तपाईँहरू सबैबाट हामी सहयोगको आशा साँच्दछौँ।''

यस भव्य एसेम्बली र पुनर्मिलन कार्यक्रममा सबै तह र तप्का, पद र प्रतिष्ठा अनि ख्याति कमाएका सबै पूर्व विद्यार्थीहरू आफ्ना सबै स्थान भूलेर केवल पूर्व विद्यार्थीका रूपमा उपस्थित भएर स्वयंलाई भावनात्मक रूपमा विद्यालयप्रति समर्पित गराएका थिए। यस अवसरमा वर्तमान विद्यार्थीहरूले नृत्य र गीतहरू प्रस्तुत गरेका थिए भने व्याचगत हिसाबमा पनि विद्यार्थीहरू मञ्चमा ऩाँचगान गरिरहेका थिए।

# विद्यालयले पायो नयाँ दुईतले भवन

धेरै लामो सङ्घर्षपछि बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि)–ले आठवटा कोठाको दुइतले विद्यालय भवन प्राप्त गरेको छ। १८ दिसम्बर, २०२३ को अपरान्ह कालेबुङ क्षेत्रका विधायक रूदेन सादा लेप्चाले भवनको भूमिपूजा गरेर आधारशिला राखे। यससँगै त्यसै दिनबाट भवन निर्माणको कार्य पनि आरम्भ भयो। विद्यालयका प्रधानाध्यापक सागर शर्माको नेतृत्वमा विद्यालयले लगातार गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए)–का नेतृत्व तथा अधिकारीहरूसमक्ष विद्यालयमा पूर्वाधारको कमी र भवनहरूको जीर्ण अवस्थाबारे जानकारी गराउँदै नयाँ भवन निर्माणका लागि शीघ्र पहल गरिदिने माग राख्दै आएको थियो। ६५ लाख ६९ हजार ४७८ रुपियाँको लागतमा पश्चिम बङ्ग समग्र शिक्षा मिशन, कालेबुङ ब्लक–१ मातहातमा आठकोठे भवन निर्माण कार्य शुरु भएको हो।

यस दिन विद्यालय परिसरमा एक संक्षिप्त कार्यक्रम आयोजन गरेर विधायक रूदेन सादा लेप्चाका बाहुलीबाट भवनको शिलान्यास गरियो। कार्यक्रमलाई जीटीएका उपप्रमुख तथा शिक्षा प्रभारी एवम् क्षेत्र सभासद सञ्चवीर सुब्बाले अध्यक्षता गरेका थिए। स्थानीय ठेकदारगण, गण्यमान्य व्यक्तिहरू, शिक्षक–शिक्षिकागण तथा चुनाभट्टी क्षेत्रका समाजसेवीहरूको बाक्लो उपस्थितिलाई सम्बोधन गर्दै विधायक रूदेन सादा लेप्चाले विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूको धैर्य र लगातारको प्रयासको सराहना गरे। ठूलो बजेटमा मुख्य पूर्वाधारको निर्माण पनि जीटीएको प्रमुखताको सूचीमा रहेको उनले बताए। निकै ठट्यौली र रौसे मिजाजबाट आफ्नो सम्बोधन शुरु गरेका लेप्चाले विद्यालयमा लामो समयदेखिको पूर्वाधारको कमीबारे आफू अवगत र चिन्तित रहेको जानकारी गराए। उनले भने, ''विद्यार्थीहरूको यतिको सङ्ख्या (२००० भन्दा बेसी) भएर पनि यो जीर्ण अवस्था ठिक नहुनुमा हामीमाथि पनि प्रश्न उठ्छ। यो अदेखा गर्नु जस्तो भएथ्यो। यो सानो भवन कम्तीमा शुरु गर्न सक्दा आफूलाई केही सन्तोक मिलेको छ। मुख्य भवन अघिबाटै जीटीएको प्राथमिकताको सूचीमा छ।''

उल्लेखनीय छ, विधायक रूदेन सादा लेप्चाकै विशेष तत्परता र सहयोगमा केही महिनाअघि मात्र विद्यालयले कमर्सका लागि दुईवटा कोठा भएको एउटा भवन पनि प्राप्त गरेको थियो। नयाँ भवनसँगै विद्यालयको नयाँ इतिहास कोरिने जिकिर गर्दै लेप्चाले अझ भने, ''नानीहरूले बिल्डिङ हेरेर अध्ययनमा रुचि राख्छन्। स्कूल बिल्डिङ भएन भने विद्यार्थीको सङ्ख्या घट्दै जान्छ। राम्रो शिक्षा दिनका लागि राम्रो पूर्वाधार आवश्यक हुन्छ। आजकल प्रत्येक वर्ष सरकारी विद्यालयमा ५/१० प्रतिशतले विद्यार्थी सङ्ख्या घट्दैछ।'' बाउमावि–का प्रधानाध्यापक सागर शर्माले यो भवन निर्माणले विद्यालय परिवारमा एउटा नयाँ उमङ्ग र उत्साह जागेको बताए। यसको पहल गरिदिएकोमा उनले विशेष रूपले विधायक रूदेन सादा लेप्चा, क्षेत्र सभासद तथा जीटीए उपप्रमुख सञ्चवीर सुब्बा, कालेबुङका डीआई रवीन्द्रनाथ मण्डल, वरिष्ठ अधिकारी स्मिता सुब्बा, विभागीय इञ्जिनियर, जीटीएका नेतृत्वगण अनि आफूसँग सहयोग र सहकार्य गर्ने सबै शिक्षक–शिक्षिकागणप्रति पनि आभार प्रकट गरे। आफ्नो अध्यक्षीय सम्बोधनमा सञ्चवीर सुब्बाले विद्यालयको प्रगतिप्रति सन्तोष प्रकट गर्दै २०२४ मा हुने कौस्तुभ जयन्तीलाई सफल बनाउन सबैले सहयोग गरिदिन अपील गरे। सम्पूर्ण कार्यक्रमलाई शिक्षक अजय खड्काले सुन्दर ढङ्गमा परिचालन गरेका थिए।

# बाउमावि–लाई रवीन्द्र मुक्त विद्यालय केन्द्रको मान्यता

बाउमावि–ले रवीन्द्र मुक्त विद्यालयको स्टडी सेन्टर (अध्ययन केन्द्र)–को रूपमा मान्यता प्राप्त गरेको छ। मेमो सङ्ख्या ३४०/डब्ल्युबीसीआरओएस/बीबी/एपी/२०२०अन्तर्गत १० मई,२०२२ को मितिमा बाउमावि–का लागि स्टडी सेन्टर अनुमोदित गरिएको छ। यो स्टडी सेन्टरबाट अब ड्रपआउट विद्यार्थीहरूले घरमै बसेर माध्यमिक परीक्षा लेख्न सक्नेछन् जसको शैक्षिक मूल्य पश्चिम बङ्गाल माध्यमिक परीक्षाको समतुल्य (इक्विभेलेन्ट) हुनेछ। विद्यालयमा फारम भरेको एक वर्षपछि विद्यार्थीहरूले परीक्षा दिन सक्नेछन्। शैक्षिक क्षेत्रको विकासमा नयाँ–नयाँ पहल र प्राप्तिहरू गरिरहेको बाउमावि–ले रवीन्द्र मुक्त विद्यालयको स्टडी सेन्टरको रूपमा मान्यता पाएपछि चिया बगान क्षेत्रका ड्रपआउट विद्यार्थीहरूले सुनौलो अवसर पाउनेछन् भने उनीहरूका भविष्यमा नयाँ सम्भावना देखा पर्नेछ। क्षेत्रकै निम्ति यो ठूलो प्राप्ति हुने आशा गरिएको छ।

प्रधानाध्यापक सागर शर्माका अनुसार, पश्चिम बङ्गाल रवीन्द्र मुक्त विद्यालय (डब्ल्युबीसीआरओएस) स्टडी सेन्टरको लागि पर्षदलाई आग्रह गर्नअघि विद्यालयले दश सदस्यीय टोली बनाएर बाग्राकोट ग्राम पञ्चायत क्षेत्र, पश्चिम डुवर्सका विभिन्न वनवस्ती र चियाकमान अनि हिमालफेदीका वस्तीहरूमा एउटा सर्वे गरेको थियो। सर्वेमा धेरै विद्यार्थीहरू ड्रपआउट भएर घरमै बसेको र अध्ययनको कुनै मेलो–मेसो नपाएको टोलीले थाहा पायो। यसको मुख्य कारण आर्थिक समस्या रहेको देखियो। विद्यालयले नि:शुल्क शिक्षाको प्रस्ताव गर्दा पनि ती ड्रपआउट विद्यार्थीहरू स्कूल आउन सकेनन्। उनीहरू आफै काम नगरी जीवन धान्न नसक्ने भएकोले नियमित स्कूल आउन नसक्ने देखियो। विद्यालय कतृपक्षले यो सम्पूर्ण स्थितिको विवरणसहित सर्वे रिपोर्ट डब्ल्युबीसीआरओएस–लाई पठाएपछि पर्षद्ले बाउमावि–लाई एउटा स्टडी सेन्टरको रूपमा मान्यता दिने निर्णय हो। यस विद्यालयको पाठ्यक्रम माध्यमिकको समतुल्य हुनेछ अर्थात् विद्यार्थीहरूले नेपाली,अङ्ग्रेजी, गणित,जीव विज्ञान, भौतिक विज्ञान, भूगोल, इतिहास आदि विषयको परीक्षा लेख्न पाउनेछन्, जहाँ एडिसनल सब्जेक्ट हुनेछैन।

कुनै विद्यालयबाट लगातार माध्यमिक दिएका तर एउटा/दुईवटा विषय फेल भएका विद्यार्थीले उक्त निर्दिष्ट विषयको मात्र पनि परीक्षा लेख्न सक्नेछन्, जहाँ पास भएका अन्य विषयहरूलाई क्रेडिट ट्रान्सफर माध्यम अङ्कहरू समायोजन गरी पूर्ण परिणाम प्रदान गरिनेछ। यस केन्द्रबाट परीक्षा दिन ड्रपआउट विद्यार्थीहरूका लागि अनेकौँ सुविधा र सहजता उपलब्ध गराइएको छ। परीक्षा अङ्ग्रेजी माध्यमबाट लेख्न पर्नेछ। बाउमावि–ले यसको निम्ति हप्तामा दुइ दिन र छुट्टीका दिनहरू पारेर क्लास सञ्चालन गर्नेछ। इच्छुक विद्यार्थीहरूले स्कूलमा गएर क्लास लिन सक्नेछन्, तर यो अनिवार्य भने छैन। विद्यार्थीहरू घरै बसेर परीक्षा लेखेर पनि माध्यमिक इक्विभेलेन्ट र समान भेल्यूको सर्टिफिकेट पाउन सक्नेछन्।

# तीनजना बिदाई शिक्षक र बड़ाबाबु सम्मानित

विद्यालयले आफ्ना तीनजना शिक्षक र एकजना अशिक्षण कर्मचारीहरूलाई अवकाशपछि बिदाई समारोह आयोजन गरी सम्मान जनाएको छ। ९ मई, २०२२ को दिन एक कार्यक्रमबीच अवकाशप्राप्त शिक्षकहरू सितमकुमार मोक्तान, निर्मलकुमार शर्मा र देवराज राई अनि अशिक्षण कर्मचारी (बड़ाबाबु) प्रभातसिंह तामाङलाई विद्यालयले बिदाई दिएको हो। यस सम्मान समारोहलाई विद्यालयका प्रधानाध्यापक सागर शर्माले अध्यक्षता गरेका भने विद्यालयका पूर्व प्रधानाध्यापक ब्रुनो लेप्चा मुख्य अतिथिका रूपमा उपस्थित थिए। यस अवसरमा विद्यालयका सह-प्रधानाध्यापक अमित थापा, पूर्व शिक्षक प्रभारीहरू अशोक नेवार र माइकल तामाङ पनि मञ्चासीन थिए।

विश्वकवि रवीन्द्रनाथ टेगोरको प्रतिकृतिमा द्वीप प्रज्ज्वलन तथा माल्यार्पणबाट शुरु भएको कार्यक्रममा वरिष्ठ शिक्षक डीबी छेत्रीले स्वागत वक्तव्य राखे। यस अवसरमा कवि गुरु रवीन्द्रनाथ टेगोरको जीवनीमाथि प्रकाश पार्दै शिक्षक बनमाली मण्डलले कविता वाचन गरे। त्यसपछि विद्यालयको तर्फबाट क्रमैले सितमकुमार मोक्तान, निर्मलकुमार शर्मा, देवराज राई र प्रभातसिंह तामाङलाई सम्मानित गरियो। सहकर्मी शिक्षक, शिक्षिका, अशिक्षण कर्मचारीहरूले बिदाई सहकर्मीहरूलाई सम्मान-पत्र, खादा, दोसल्ला, टोपी र उपहारहरूद्वारा सम्मानित गरे। बिदाई शिक्षकहरू अनि बड़ाबाबुले आफ्ना अनुभव साझा गरे अनि विद्यालयमा काम गर्दाका विशेष पलहरूको सम्झना गरे। विद्यालयको पक्षबाट वरिष्ठ शिक्षक शङ्करसिंह कुमाई र वरिष्ठ शिक्षिका अर्पणा गुरुङले आफ्ना सहकर्मीहरूसँग कार्य गर्दाका अनुभवहरू बताए। मुख्य अतिथि ब्रुनो लेप्चाले विद्यालयले गरिरहेको प्रगतिप्रति हर्ष प्रकट गरे। उनले सबै शिक्षकहरूलाई भविष्यको निम्ति शुभकामना दिए। आफ्नो अध्यक्षीय सम्बोधनमा प्रधानाध्यापक सागर शर्माले यो कार्यक्रम बिदाई शिक्षकहरूको 'होमकमिङ' जस्तो आफूलाई लागेको भाव पोखे। बिदाई सहकर्मीहरूले स्कूलप्रति दिएको योगदानको स्मरण गर्दै उनीहरूका कार्य सधैँ सम्झनामा रहने शर्माले मन्तव्य गरे।

वरिष्ठ शिक्षिका गङ्गादेवी शर्मा र शिक्षक सञ्जय थापाद्वारा सञ्चालित सम्मान समारोहमा वरिष्ठ शिक्षक राजेन सुनारले एउटा गीत गाए भने शिक्षक अमित गुरुङले गुरुबाहरूको समर्पणमा कविता वाचन गरे। यस अवसरमा गुरूमाहरूले बिदाई गीत प्रस्तुत गरेका थिए। विद्यार्थीहरूले स्वागत गीत, समूह नृत्य, एकल गीतसहित विविध सांस्कृतिक एवम् साङ्गीतिक प्रस्तुतिहरूद्वारा कार्यक्रममा रोचकता प्रदान गरे।

# दुई दर्जन भूतपूर्व विद्यार्थी सम्मानित

''बाग्राकोट उच्चतर माध्यमिक विद्यालयको कमसल पूर्वाधार मेरो पनि चिन्ताको विषय हो। यो विद्यालयले २०२४ मा नयाँ विद्यालय भवनमा कौस्तुभ जयन्ती मनाउन पाउनेछ भन्ने कुरामा म विश्वस्त छु'', १० मई, २०२२ को दिन विद्यालयको ७३औँ स्थापना दिवसको अवसरमा कालेबुङका विधायक रूदेन सादा लेप्चाले विद्यालका कतृपक्ष र स्थानीय गण्यमान्य व्यक्तिहरूका माझ भने। स्थापना दिवसको अवसर पारेर विद्यालयले कौस्तुभ उत्सवको शुभारम्भ पनि गरेको थियो, जहाँ विधायक लेप्चा मुख्य अतिथिका रूपमा उपस्थित थिए। यो भव्य समारोहलाई विद्यालय सञ्चालन समितिका अध्यक्ष सञ्चवीर सुब्बाले अध्यक्षता गरेका थिए भने विद्यालयका प्रधानाध्यापक सागर शर्मा, वरिष्ठ समाजसेवी क्याप्टेन जीबी तामाङ मञ्चासीन थिए।

पहाड़को स्कूलका समस्याहरूलाई लिएर चिन्ता र चासो देखाउने भन्दा पनि स्कूलले कहिले गल्ती गर्छ र लाञ्छना लगाउँ भनेर पर्खिरहने प्रवृत्ति हुर्कँदै गएको विधायक रूदेन सादा लेप्चाले टिप्पणी गरे। ''म भूललाई मात्र देखाउँदिन। समस्याको समाधानतिर पनि कटिबद्ध छु'',उनले भने। विद्यालयको झण्डा उत्तोलनपछि मञ्चमा आफ्नो मन्तव्य राख्ने क्रममा लेप्चाले शैक्षिक क्षेत्रलाई लाञ्छना लगाउने काम ठिक नभएको टिप्पणी गरे। यसअघि बाउमावि–का प्रधानाध्यापक सागर शर्माले कार्यक्रमको औचित्य र उद्देश्यमाथि प्रकाश पारे। विद्यालयले एघारौँ र बाह्रौँ श्रेणीमा कमर्स पढ़ाउने अनुमति पाएको अनि भर्खरै एचएसमा गणित पनि पढ़ाउने अनुमति प्राप्त गरेको समारोहमा प्रधानाध्यापकले अवगत गराए। यसदिन विद्यालयले १९६७ देखि १९७५ सम्मका माध्यमिक ब्याचलाई सम्मान पनि जनायो, जसमा दुई दर्जनभन्दा बढ़ी भूतपूर्व विद्यार्थीहरूलाई स्मृति–चिन्ह अर्पण गर्दै सम्मानित गरियो। कार्यक्रममा विभिन्न क्षेत्रमा स्थापित भएका भूतपूर्व विद्यार्थी अनि समाजसेवी, बुद्धिजीवी र गण्यमान्य व्यक्तिहरूको बाक्लो उपस्थिति थियो। विद्यालयबाट सम्मान ग्रहण गरेपछि भूतपूर्व विद्यार्थीहरू रोशनलाल अगरवाल (प्रतिष्ठित उद्योगपति), काजीराम छेत्री (बौद्धिक व्यक्तित्व) अनि नीलम प्रधान (सफल व्यवसायी)–ले विद्यालयका आफ्ना पुराना दिनहरू सम्झँदै केही उद्‌गारहरू पोखे। आफ्नो अध्यक्षीय सम्बोधनमा सञ्चवीर सुब्बाले विद्यालयले गरिरहेको प्रगतिप्रति सन्तोष जताए। उनले भने, ''बाउमावि–ले अहिलेसम्म गरेको कामले जाति, समाज र देशलाई ठूलो टेवा पुगेको छ। विद्यालयको भविष्य उज्ज्वल छ। वाणिज्य विभागको सञ्चालनले अब विद्यालयमा नयाँ अध्याय शुरु भएको छ।'' सबै मिलेर विद्यालयलाई अझ राम्रो बनाउनुपर्ने पनि सुब्बाले आह्वान गरे।

यस अवसरमा विद्यालयको तर्फबाट विधायक रूदेन सादा लेप्चालाई अभिनन्दित गरियो। विद्यालयले अहिले गरिरहेका कार्य र प्रगतिको सराहना गर्दै संयुक्त माध्यमिक कल्याण सङ्गठन, जीटीए हेडमास्टर एसोसिएसन, बीएम हाई स्कूल, सामाब्योङ; माउन्ट जियोन स्कूल, मङपङले प्रधानाध्यापक सागर शर्मालाई अभिनन्दन–पत्र र स्मृति चिन्हसहित सम्मान जनाए।

कार्यक्रमलाई शिक्षकद्वय रूपेश शर्मा र अजय खड्काले सञ्चालन गरेका थिए भने विद्यार्थीहरूले गीत, कविता र नृत्यहरूद्वारा कार्यक्रमलाई रोचक र मनोरञ्जनात्मक बनाएका थिए।

# विज्ञानप्रति विद्यार्थीहरूको बढ्दो अभिरुचि

विद्यालयका विज्ञान शिक्षक/शिक्षिकाहरूको विशेष उद्योग र विद्यार्थीहरूको सक्रिय सहभागितामा सन् २०१३ देखि बाउमावि-मा विज्ञान विषयक विभिन्न परियोजनाहरूमा विद्यार्थीहरूले वर्षेनि उत्साहजनक सहभागिता जनाउँदै आएका छन्। विज्ञानप्रति बढ्दो अभिरुचिकै कारण विद्यार्थीहरूले कालेबुङ जिल्ला स्तरका अनेकौँ प्रतियोगितामा सहभागिता जनाउनुका साथै पुरस्कारसमेत हत्याएका छन्।

विज्ञान परियोजनाका क्रमिक विकासक्रममा २२ अक्टोबर, २०१९ मा विद्यालयको हलमा दशौँ श्रेणीका विद्यार्थीहरूले आ-आफ्ना परियोजनाअन्तर्गत निर्मित मोडलको प्रदर्शनी गरे। वरिष्ठ विज्ञान शिक्षक सुजन विश्वको विशेष मार्गदर्शनमा ३६ वटा श्रेष्ठ मोडललाई चयन गरी प्रदर्शनीमा सहभागी गराइएको थियो। यस प्रदर्शनीको श्रेष्ठ दश डिजाइनलाई विद्यालयका विज्ञान शिक्षकहरूका एउटा निर्णायकमण्डलीले छनौट गरेको थियो। निर्णायकमण्डलीमा विज्ञान विषयका शिक्षकगण अर्जुन छेत्री, गोपाल छेत्री, रमन प्रधान, उदय राई र स्मृति गजमेर रहेका थिए भने वरिष्ठ शिक्षकगण गङ्गादेवी शर्मा, राजेन लामगादे र अमित थापा अतिथिका रूपमा उपस्थित थिए। कड़ा प्रतिस्पर्धाबीच निर्णायकमण्डलीले १० श्रेष्ठ मोडल छनौट गरेको थियो, जसमा आरती कुमारी राम (मोडल-होलोग्राफिक) प्रथम, सुमन छेत्री (मोडल-जेनेरेटर) दोस्रो र दीपम खड्का (मोडल- रेन वाटर अलार्म) तेस्रो भए। उपस्थित शिक्षक/शिक्षिकागणका बाहुलीबाट प्रथम तीन विद्यार्थीलाई भव्य सम्मानका साथ पुरस्कृत गरियो भने अन्य सात उत्कृष्ट विद्यार्थीहरूलाई पनि पारितोषिक प्रदान गरियो। यस अवसरमा शिक्षक सुजन विश्वले विद्यार्थीहरूलाई जीवनमा विज्ञानको महत्वबारे अवगत गराए। सम्पूर्ण कार्यक्रमलाई शिक्षक समीर मुखियाले रोचक ढङ्गमा सञ्चालन गरेका थिए।

नवौँ श्रेणीका विद्यार्थीहरूले पनि आफ्ना सिनियर दाजु-दिदीहरूका प्रदर्शनीको अवलोकनमा उत्साहवर्धक सहभागिता जनाउँदै त्यसबाट आनन्द र प्रेरणा लिएका थिए। दशौँ श्रेणीको यो विज्ञान प्रदर्शनीमा श्रेणीका सी सेक्शनका विद्यार्थीहरूको विशेष सहयोग रहेको थियो।

# दुई टपर विद्यार्थी विभिन्न स्मृति पुरस्कारले पुरस्कृत

विद्यालय (बाउमावि)–ले १४ अगस्त, २०२२ को दिन आफ्ना दुई टपर विद्यार्थीलाई विभिन्न पुरस्कारद्वारा पुरस्कृत गरेको छ। विद्यालय परिसरमा एउटा छोटो कार्यक्रम आयोजन गरेर विद्यालयबाट माध्यमिक टपर प्रयाग शर्मा (६८ प्रतिशत) र उच्चतर माध्यमिक टपर नेहा प्रधान (८५.२ प्रतिशत)–लाई नगद राशिसहितका विभिन्न पुरस्कारद्वारा सम्मानित गरिएको हो। यस अवसरमा विद्यालयका प्रधानअध्यापक सागर शर्मा, शिक्षकगण, विद्यार्थीगण अनि दातागणको उपस्थिति रहेको थियो।

विद्यालयबाट माध्यमिक टपर भएका प्रयाग शर्मालाई मनमाया प्रधान स्मृति पुरस्कार प्रदान गरियो। वरिष्ठ साहित्यकार भानुप्रकाश मार्मिकका बाहुलीबाट उनलाई प्रोत्साहन राशि ३,००० रुपियाँसहित खादा लगाएर सम्मान गरियो। बाउमावि–बाट माध्यमिक टपर भएका विद्यार्थीलाई आफ्नी आमाको स्मृतिमा मार्मिकले सन् १९९९ देखि लगातार यो पुरस्कार प्रोत्साहनस्वरूप प्रदान गर्दै आएका छन्।

यसैगरी, विद्यालयका दिवङ्गत शिक्षक एसके लकान्द्रीको स्मृतिमा उनकी छोरीद्वारा स्थापित पुरस्कार प्रयाग शर्मालाई प्रदान गरियो। परिवारको पक्षबाट बाउमावि–का शिक्षक उदय सुनारले शर्मालाई प्रोत्साहन राशि २,००० रुपियाँ प्रदान गर्दै सम्मान जनाए। विद्यालयका वरिष्ठ शिक्षक निर्मल शर्माद्वारा आफ्ना माता–पिताको नाममा स्थापित स्व. रामलाल शर्मा तथा स्व. चन्द्रलीला शर्मा स्मृति पुरस्कार विद्यार्थी प्रयाग शर्मालाई प्रदान गरियो। प्रोत्साहन राशि २,००० रुपियाँ उनलाई शिक्षक शर्माले प्रदान गरे। यसैगरी, विद्यालयका शिक्षक शङ्करसिंह कुमाईद्वारा आफ्ना माता–पिताका नाममा स्थापित स्व.कपिलदेव सिंह कुमाई तथा स्व. सावित्रीदेवी कुमाई स्मृति पुरस्कार माध्यमिक टपर विद्यार्थीलाई प्रदान गरियो। प्रोत्साहन राशि २,००० रुपियाँ कुमाईले विद्यार्थी शर्मालाई प्रदान गरे। बाउमावि–की अवकाशप्राप्त शिक्षिका सुश्री लक्ष्मी राईद्वारा स्थापित नगद राशि ३,००० रुपियाँसहितको प्रोत्साहन पुरस्कार प्रधानअध्यापक सागर शर्माले माध्यमिक टपर विद्यार्थी प्रयाग शर्मालाई हस्तान्तरण गरे। माध्यमिकमा विद्यालयबाट टपर हुने विद्यार्थीका लागि स्थापित यो पाँचवटा प्रोत्साहन राशिका विजेता तथा हकदार विद्यार्थी प्रयाग शर्मा बनेका छन्। यसैगरी, बाउमावि–बाट उच्चतर माध्यमिकमा टपर बनेकी नेहा प्रधानलाई स्व. साइँला बस्नेत स्मृति पुरस्कार प्रदान गरियो। स्व. साइँला बस्नेतका नाति पंकज बस्नेतले यो पुरस्कार आफ्ना हजुरबाका नाममा प्रायोजन गरेका हुन्। प्रधानअध्यापकका बाहुलीबाट नेहा प्रधानलाई नगद राशि ३१०० रुपियाँसहितको प्रोत्साहन पुरस्कार हस्तान्तरण गरियो।

विद्यालयमा खाता बुझाउन तथा डीसीएफ फारम भर्न आएका विद्यार्थी तथा शिक्षकगणको उपस्थितिलाई सम्बोधन गर्दै प्रधानअध्यापक सागर शर्माले विद्यार्थीहरूलाई पढ़ाइमा प्रोत्साहन गर्न विद्यालयका शिक्षक तथा अन्य दाताहरूले यी पुरस्कारहरू प्रायोजन गरेको बताए। पछिल्लो २१ वर्षदेखि लगातार विद्यार्थीहरूलाई प्रोत्साहित गर्दै पुरस्कारलाई निरन्तरता दिएकोमा उनले साहित्यकार भानुप्रकाश मार्मिकप्रति आभार प्रकट गरे भने सबै पुरस्कार दाताहरूप्रति कृतज्ञता जनाए।

# विद्यालयलाई अर्को सफलता

कालेबुङ जिल्ला स्तरीय कला उत्सवमा बाग्राकोट उच्चतर माध्यमिक विद्यालयलाई सफलता प्राप्त भएको छ। दशौँ श्रेणीकी छात्रा सङ्गीता रोयले तत्काल उत्कृष्ट चित्र बनाएर कला उत्सवमा कालेबुङ जिल्लामा तेस्रो स्थान हासिल गरेकी छन्।

यस उत्सवमा बाउमावि-ले तीनवटा श्रेणीमा सहभागिता जनाएको थियो, जसमध्ये पेन्टिङमा सङ्गीता रोयले तेस्रो स्थान हासिल गरेकी हुन्। अन्य दुई श्रेणी गायनमा दिनेश खड्का (बाह्रौँ श्रेणी) र नृत्यमा ईशा छेत्री (एघारौँ श्रेणी)-ले विद्यालयलाई प्रतिनिधित्व गरेका थिए। २४ अक्टोबर, २०१९ मा कालेबुङको जुबली स्कूलमा आयोजित कला उत्सव- २०१९ मा कालेबुङ जिल्लाका प्रतिष्ठित विभिन्न विद्यालयका विद्यार्थी प्रतिनिधिहरूले विभिन्न श्रेणीमा भाग लिएका थिए। पेन्टिङमा कड़ा प्रतिस्पर्धाबीच बाउमावि-की छात्रा सङ्गीता रोयले तेस्रो स्थान हासिल गरेर विद्यालयलाई गौरवान्वित तुल्याएकी छन्। ओदलाबारी निवासी सङ्गीता एक प्रतिभाशाली छात्रा हुन्। चित्रकलामा उनको विशेष रुचि र अभिज्ञता रहेको छ। भारत सरकारको पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालय मातहत ओयल इण्डियाद्वारा पेट्रोलियम पदार्थको संरक्षण विषयमाथि हालै आयोजित क्षेत्रीय स्तरको चित्रकला प्रतियोगितामा पनि सङ्गीता रोयले प्रथम स्थान प्राप्त गरेकी थिइन्।

यता, गायन श्रेणीमा तीव्र प्रतिस्पर्धाबीच विद्यार्थी दिनेश खड्काको प्रदर्शनीले पुरस्कार हत्याउन नसके पनि दर्शकका मन भने जितेको थियो। उनको गीतमा विभिन्न विद्यालयका प्रतिभागी तथा दर्शक दीर्घामा रहेका युवाहरू झुम्मिएर उल्लासित भई रमाएका थिए। यसैगरी, ईशा छेत्रीले उत्कृष्ट नृत्य प्रदर्शन गरेकी थिइन्। उनले पनि दर्शकबाट उत्साहवर्धक ताली र रोमाञ्चक समर्थन प्राप्त गरिन्,तर अन्तिम केही सेकेण्डमा बिजुली बत्ती गएकोले उनले आफ्नो नृत्य पूरा गर्न सकिनन्। यसरी एक विद्यार्थीले जिल्लामै तेस्रो स्थान हासिल गरिन् भने दुई विद्यार्थीले पुरस्कार नजिते पनि दर्शकहरूका मन भने जितेर आए। तीनै प्रतिभाशाली विद्यार्थी अनि गाइड शिक्षक समीर मुखियासहित विद्यालय परिवारप्रति प्रधानाध्यापकले बधाई प्रकट गरेका छन्।

# एआई–का लागि डेटा दिए नानीहरूले

'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई)–ले नेपाली भाषामा पनि काम गर्नेछ। च्याट जीपीटी र अरू टुलहरूमा हाम्रा जिज्ञासाहरूका जवाब बिस्तारै आउन थाल्दैछ। आफ्नो भाषामा अरू भाषाले जस्तै एआई–ले काम गर्दा कत्ति खुशी हुन्छ हाम्रो मन। भारत सरकारले देशका २२ मान्यताप्राप्त भाषामा एआई विकासका लागि काम जिम्मा दिएको छ आइआइटी मद्रासलाई, जो देशकै अग्रणी आईटी संस्था हो। यो परियोजनामा नेपाली भाषाका लागि एउटा ठूलो टिमले नै काम गरिरहेको छ। २० र २१ जनवरी, २०२४ मा (दुई दिन) हाम्रो विद्यालयका एघारौँ श्रेणीका ३६ जना नानीहरूले डेटा दिए अर्थात् एआईले माग गर्ने आवश्यक सामग्री दिए–बोली, भाषा, पठन, रुचि, नौला शब्द, बोलीको स्थानीय लवज आदिका रूपमा। एकजनाबाट कुल २९ मिनटको रेकर्डका लागि तर धेरै मेहनत गर्नपर्ने। हाम्रा नानीहरूले धैर्यशील भएर यसमा सघाए। यसका लागि विशेष रूपले सह–शिक्षक (नेपाली) रूपेश शर्माले विद्यार्थीहरूलाई लगातार उत्प्रेरित गरे। नयाँ काम गर्नअघि हुने स्वाभाविक उत्सुकता, हिच्किचाहट, डर र लाजमिश्रित भाव हाम्रा नानीहरूमा पनि थियो, तर केही मिनट खर्चिएपछि उनीहरूले कामको भेउ पाए। कुरा बुझेपछि रुचि र चासो बढ्यो। एपमा अटो जेनेरेटेड अनेकौँ प्रश्नहरूको जवाब दिए। प्रश्न एपमै आउने। नानीहरूले काम फत्ते गरे। दिनेश खड्का, तुलसी राई, सृजना ओझा, पुकार राई, प्रणय राईसहितको टोलीको धैर्य पनि मान्नुपर्ने। दुई दिन बिहानदेखि बेलुकीसम्म, खानपिनसमेत भुलेर एकाग्रचित्त र धैर्यशील भएर काम गरे उनीहरूले र आवश्यक डेटा नानीहरूबाट सङ्कलन गरे। डेटा दिएबापत नानीहरूका एकाउन्टमा केही रुपियाँ पनि पस्यो। उनीहरूका अनुहार थप उजेलियो।

अबको पाँच–सात वर्षपछि फेसबुकजस्तै एआई पनि सामान्य (कमन) हुन्छ। हाम्रा नानीहरूले त्यसबेला आफ्ना यी कार्य सम्झेलान् र थप खुशी होलान्।

# स्टुडेन्ट्स मिटः सान्दर्भिक विषयमा विद्यार्थीहरूको रोमाञ्चक प्रस्तुति

बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि)–ले २७ मार्च, २०२४ को दिन स्थानीय क्षेत्रका पाँचवटा विद्यालयहरूलाई लिएर 'स्टुडेन्ट्स मिट'–को आयोजन गऱ्यो। समयसापेक्ष पाँच महत्वपूर्ण विषयहरूमा वक्तृत्वकला, लघु नाटक तथा पावर पोइन्ट प्रस्तुतिहरूद्वारा विद्यार्थीहरूले सबै शिक्षक र दर्शकहरूका मन जिते। कार्यक्रममा बाउमावि–ले फोहोर प्रबन्धन, माउन्ट ओलिभ एकाडेमीले जलवायु परिवर्तन, टेन्डर बर्ड्स इङ्ग्लिस स्कूलले स्वास्थ्य एवम् स्वच्छता, माउन्ट जायोन बोर्डिङ स्कूल, मङपङले इन्टरनेटको प्रयोग र दुरुपयोग अनि आर्मी पब्लिक स्कूल, बाग्राकोटले सामाजिक विसङ्गति अनि विद्यार्थीहरूको भूमिका जस्ता वैश्विक महत्वका सान्दर्भिक विषयहरूमा आ–आफ्ना विद्यालयबाट विद्यार्थीहरूले सुन्दर प्रस्तुति दिए। विद्यार्थीहरूको प्रस्तुतिले शिक्षकहरू समेतलाई भावुक बनाएको थियो।

स्थानीय विभिन्न विद्यालयका विद्यार्थीहरूबीच आत्मविश्वास, क्षमता विकास तथा प्रस्तुति वक्तृत्वकलामा पारङ्गतता विकास गर्ने उद्देश्यले आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै आयोजक विद्यालय बाउमावि–का प्रधानअध्यापक सागर शर्माले अबको पढ़ाइ हाइब्रिड एडुकेसनतर्फ अघि बढ़ेको उल्लेख गर्दै भने,''राष्ट्रिय शिक्षा नीति र राज्य शिक्षा नीतिमा धेरै नयाँ कुराहरू आएका छन्। अबको शिक्षा अनलाइन र अफलाइनबीचको समन्वयबाट अघि बढ्नेछ।'' स्थानीय विद्यार्थीहरूबीच आपसी सहकार्य, आत्मविश्वास र प्रस्तुति कलाद्वारा विद्यार्थीहरूका क्षमता प्रकाशमा ल्याउनु कार्यक्रमको उद्देश्य रहेको प्रधानअध्यापक शर्माले बताए। सह–प्रधानाध्यापक अमित थापाले सबै विद्यालयका प्रस्तुतिहरूको समीक्षा गर्दै कमजोरी र शक्ति दुवैको मूल्याङ्कन गरे। यस अवसरमा माउन्ट ओलिभ एकाडेमीबाट प्रणय राई, आर्मी पब्लिक स्कूलबाट निगम छेत्री र आयोजक बाउमावि–बाट सहायक शिक्षक रूपेश शर्माले कार्यक्रमबारे आ–आफ्ना अनुभव साझा गरे। यस कार्यक्रमलाई शिक्षक अजय खड्काले परिचालन गरेका थिए भने सम्पूर्ण कार्यक्रमलाई आयोजक विद्यालय बाउमावि–का विद्यार्थीहरू यासा परियार र कृष दर्जीले सञ्चालन गरेका थिए। कार्यक्रममा विद्यार्थी बबिता भट्टराई छेत्रीले धन्यवाद ज्ञापन गरिन्। यस अवसरमा सबै सहभागी विद्यालय र विद्यार्थीहरूलाई स्मृति चिन्ह र प्रमाण–पत्र प्रदान गरिएको थियो। बाउमावि–को प्रेक्षागृहमा आयोजित यो कार्यक्रमलाई विद्यार्थीहरूको प्रस्तुतिले अत्यन्त रोचक, मनमोहक र उत्साहप्रद बनाएको थियो।

# जिल्लापालले विद्यालयमै आएर सम्मान जनाए टपर विद्यार्थीहरूलाई

बाग्राकोट उच्चतर माध्यमिक विद्यालय (बाउमावि)-का एचएसका टपर विद्यार्थीहरूलाई संवर्धना जनाउन कालेबुङका जिल्ला प्रशासक (डीएम) आफ्नो टोलीसहित १६ मई २०२४ को दिन बाउमावि-मा बिहान एसेम्बली भ्याउनेगरी आइपुगे। विद्यालय परिसरमा उनको आगमन हुँदा एसेम्बलीमा लामबद्ध विद्यार्थीहरूले करतल ध्वनिले उनलाई स्वागत जनाए। डीएमसँग कालेबुङ-१ का बीडीओ समीरूल इस्लाम पनि उपस्थित थिए। उल्लेखनीय छ, बाउमावि कालेबुङ जिल्लामै श्रेष्ठ दशमा आउन सफल भएको छ।

जिल्लापालले उच्चतर माध्यमिक (एचएस)-मा जीटीएमै छैटौँ स्थान हासिल गर्न सफल अनि बाउमावि-का टपर विद्यार्थी (कमर्स स्ट्रिम) करणकुमार शर्मालाई सम्मान जनाए। यसैगरी, विद्यालयका अन्य तीन श्रेष्ठ विद्यार्थी देव ठाकुर (८५%), प्रिया छेत्री (८४%) र अनिषा घतानी (८२%)-लाई पनि सम्मानित गरे। चारैजना श्रेष्ठ विद्यार्थीलाई जिल्लापालले खादा लाएर पुस्तक पनि उपहार दिए। जिल्लापालले चार विद्यार्थीलाई विश्वप्रसिद्ध पुस्तक मएटोमिक हेभिटफउपहारस्वरूप प्रदान गरे। यसैगरी, उनले श्रेष्ठ दशमा आएका अन्य छ जना विद्यार्थी क्रमैले सबिना उराउँ (७८.८%), मर्सी मुर्मी (७३.२%), उष्णता छेत्री (७३%), प्रणिका मंगर (७३%), मुस्कान खातुन (७१%) र विशाल शाह (७०%)-लाई पनि जिल्लापालले खादा लगाएर सम्मान जनाए। आफ्नो सम्बोधनमा जिल्लापालले विद्यार्थीहरूलाई प्रेरित गर्न आफू बिहानै कालेबुङबाट बाग्राकोट आइपुगेको बताए। उनले भने, तपाईंहरू आफ्ना सिनियर दाजु-दिदीहरूका पथ अनुसरण गर्नुहोस्। सिक्ने कामको कहिल्यै अन्त्य हुँदैन। कठोर मेहनतद्वारा नै कुनै पनि उपलब्धि हासिल गर्न सकिन्छ। यस वर्ष कालेबुङ जिल्ला पास प्रतिशतमा बंगालमै टपर (९६.२%) भएको छ। तपाईंहरूको स्कूलको प्रदर्शन पनि उत्कृष्ट (९९%) भएको छ्। एचएसमा पनि कालेबुङको पास प्रतिशत बंगालमै चौथो स्थानमा आएको छ। यसको निम्ति तपाईंहरूलाई धेरै-धेरै बधाई। जिल्लापाल सुब्रमन्यम टी.ले आफू सधैँ विद्यार्थीहरूलाई सहयोग गर्न तत्पर रहेको भरोसा दिलाए। बाउमावि-का प्रधानाध्यापक सागर शर्माले जिल्लापाल र कालेबुङका बीडीओलाई औपचारिक स्वागत जनाउँदै यसरी विद्यालयलाई महत्त्व दिएर भ्रमण गरिदिएकोमा आभार प्रकट गरे। जिल्लापालले आफ्नो टोलीका साथ विद्यालयका विभिन्न पूर्वाधारको निरीक्षण गरे अनि कमसल र जीर्ण पूर्वाधार देखेर चिन्ता प्रकट गरे। पछि प्रधानाध्यापकको कक्षमा पत्रकारहरूसँग छोटो कुराकानी गर्दै उनले विद्यालयमा भ्रमणको उद्देश्यबारे प्रकाश पारे। विद्यार्थीहरूमा उत्साह र मनोबल बढाउन आफू यहाँ आएको जिल्लापालले बताए।

विद्यालमका जीर्ण पूर्वाधारहरू देखेर खिन्न भएका जिल्लापालले उनीसँगै आएका कालेबुङ ब्लक-१ का बीडीओ समीरूल इस्लामलाई विभिन्न हेडबाट कोष आवण्टित गरेर प्राथमिकताका आधारका केही काम तत्काल गर्न निर्देशन दिएका छन्। विद्यालममा मजबुत पूर्वाधार र दीर्घम्मादी भवन निर्माणका लागि ठूलो बजेटको आवश्मकता डीएमले पनि महसुस गरे। यद्यपि केही समस्मा बर्खा लाग्नअघि नै निब्ट्याउन आवश्मक रहेको कुरामा जोड़ दिँदै भवनहरूको मरम्मति, कतिपम पुराना छानाहरू तत्कालै फेर्न अनि केही मरम्मति कार्म अहिले नै गरिहाल्न उनले बीडीओलाई निर्देश दिए।